# शिक्षक निर्देशिका

## माध्यमिक तह, कक्षा ९
## विषय : नेपाली

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

प्रथम संस्करण : वि.सं. २०८०

(यो शिक्षक निर्देशिका पाठ्यक्रमले तोकेका विषयगत सिकाइ उपलब्धि पूरा गर्न तथा पाठ्यपुस्तकका क्रियाकलापको सहजीकरणमा शिक्षकलाई मदत पुगोस् भन्ने हेतुले विकास गरिएको हो । यसलाई अझ राम्रो बनाउन प्रयोगकर्ताका सुझाव भए केन्द्रको समन्वय तथा सम्पादन शाखामा उपलब्ध गराउनुहुन अनुरोध छ । )

## हाम्रो भनाइ

शिक्षण एउटा कला हो । पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यही पाठ्यपुस्तकको सफल र अर्थपूर्ण कार्यान्वयनका लागि शिक्षकलाई सहजीकरण गर्ने सामग्री शिक्षक निर्देशिका हो । यस पक्षलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय बनाउने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिँदै आएको छ । आधारभूत शिक्षाले बालबालिकामा आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । आधारभूत शिक्षाका माध्यमबाट बालबालिकाहरूले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । यसले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । शारीरिक तन्दुरुस्ती, स्वास्थ्यकर बानी एवम् सिर्जनात्मकताको विकास तथा जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यी सबै पक्षको सहज प्राप्तिका लागि शिक्षण गर्न शिक्षकलाई उचित निर्देशन दिने कार्य शिक्षक निर्देशिकाले गर्ने भएकाल सोको प्रभावकारी कार्यान्वयनका लागि यस निर्देशिकाको विकास गरिएको हो ।

यस शिक्षक निर्देशिकाको लेखन तथा सम्पादन श्री विष्णु घिमिरे रिमाल, श्री देवीदत्त पौडेल, श्री हरिशरण ढुङ्गाना, श्री चिनाकुमारी निरौला र श्री इन्दु खनालबाट भएको हो । निर्देशिकालाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री वैकुण्ठप्रसाद अर्याल र विषय समितिका पदाधिकारी प्रा.डा. गोपीन्द्रकुमार पौडेल, डा. धनप्रसाद सुवेदी, डा. केशव भुसाल, डा. जानुका नेपाल, डा. सीता सुवेदी पन्थी, श्री बुद्धिसागर अधिकारी र टुकराज अधिकारीको योगदान रहेको छ । यस निर्देशिकाको कला सम्पादन श्री श्रीहरि श्रेष्ठबाट भएको हो । यस निर्देशिकाको विकास तथा सम्पादन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

शिक्षक निर्देशिका शिक्षकलाई कार्यगत प्रशिक्षण दिने र सिकाइ सहजीकरण प्रक्रियामा नवीन प्रविधिसँग सधैँ सक्रिय राख्ने पूरक सामग्री हो । यसमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा निर्देश गरिएका सिकाइ सक्षकता, सिकाइ उपलब्धि, विषयवस्तुको विश्लेषण तथा सिकाइ सहजीकरणका क्रममा शिक्षकले अपनाउनुपर्ने विधि र तरिका उल्लेख गरिएको छ । यसबाट सिकाइ बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र क्रियाकलापमा आधारित हुने अपेक्षा गरिएको छ । यसमा दिइएका क्रियाकलापलाई शिक्षकले आधारका रूपमा उपयोग गरी उत्पादनमूलक क्रियाकलापका माध्यमबाट विद्यार्थीको ज्ञान, सिप र धारणको विकास गराई सिकेका विषयवस्तुलाई प्रयोगिक बनाउन सक्ने छन् भन्ने अपेक्षा गरिएको छ ।

सिकाइ सहजीकरणका क्रममा शिक्षकलाई निरन्तर सहयोग पुऱ्याओस् भन्ने हेतुले यस निर्देशिकाको विकास गरिएको छ । कक्षामा सबै प्रकारका क्षमता भएका विद्यार्थीको सिकाइ उपलब्धिलाई वैयक्तिक रूपमै आकलन गर्न सहज होस भन्ने ध्येय यस निर्देशिकाको रहेको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकले सहजकर्ता,

उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिकाको अपेक्षा यस निर्देशिकाले गरेको छ । यस निर्देशिकालाई अझ परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

# विषयसूची


| पाठ | शीर्षक | पृष्ठ |
|---|---|---|
| शिक्षक निर्देशिका प्रयोग गर्दा ध्यान पुऱ्याउनुपर्ने पक्ष | | १ |
| पाठ : १ | मेघ बिजुली विवाह | ४ |
| पाठ : २ | स्वाद | २० |
| पाठ : ३ | करेसाबारी | ५५ |
| पाठ : ४ | निवेदन | ८३ |
| पाठ : ५ | सत्यमोहन जोशी | १०४ |
| पाठ : ६ | पर्यावरण सन्तुलन | १२८ |
| पाठ : ७ | कालजित र अजङ्गको राक्षसको कथा | १४६ |
| पाठ : ८ | सारङ्गीमा देश | १६९ |
| पाठ : ९ | कञ्चनजङ्घालाई नियाल्दा | १८९ |
| पाठ : १० | व्यक्तित्व विकासमा विद्यालयको भूमिका | २१३ |
| पाठ : ११ | समय पीडा | २३८ |
| पाठ : १२ | माइकल फेराडे | २६३ |
| पाठ : १३ | कार्यालयीय चिठी | २८५ |
| पाठ : १४ | नेपाली लोकबाजा | ३०६ |
| पाठ : १५ | आमाको तस्बिर | ३२९ |
| पाठ : १६ | भविष्य निर्माण | ३४३ |

# शिक्षक निर्देशिका प्रयोग गर्दा ध्यान पुऱ्याउनुपर्ने पक्ष

## पृष्ठभूमि

नेपाली विषय कक्षा ९ को यस शिक्षक निर्देशिका शिक्षकलाई नेपाली विषयको पाठ्यक्रम तथा पाठ्यसामग्रीको सिकाइ सहजीकरणका लागि मार्गदर्शन गर्ने सामग्री हो । यसको प्रयोगले शिक्षकमा पाठ्यक्रम तथा पाठ्यसामग्रीमा रहेका विषयवस्तुको सहजीकरण गर्ने नवीन पद्धति उजागर हुन्छ । यसमा पाठ्यसामग्रीका प्रत्येक पाठका क्रियाकलाप सहजीकरण गराउनका लागि पाठगत परिचय, सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्रगत योजना, सुरुआती क्रियाकलाप, विषयवस्तुसम्बद्ध क्रियाकलाप र मूल्याङ्कन खण्डका क्रियाकलाप दिइएको छ । नेपाली विषयको कक्षा ९ को यस शिक्षक निर्देशिका प्रयोग गर्नुपूर्व पृष्ठभूमि खण्डमा दिइएका सबै पक्ष अध्ययन गर्नुहोस् ।

१. नेपाली विषय कक्षा ९ को पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्दा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिप विकासमा केन्द्रित शब्दभण्डार, भाषिक संरचना र वर्णविन्यास, भाषिक प्रकार्यलाई समेत ध्यान दिइएको छ र शिक्षक निर्देशिकाले यिनै क्रियाकलापमा आधारित भएर सहजीकरण क्रियाकलाप योजना तथा सिकाइ विधिका विभिन्न क्रियाकलाप प्रस्ताव गरेको छ । यो एउट नमुना मात्र हो । शिक्षक वर्ग लामो समयदेखि कक्षाकोठामा शिक्षण अनुभव गरिरहनुभएको हुँदा यसमा मात्र सीमित नभई विभिन्न विधि र रणनीति अवलम्बन गरेर सिकाइलाई प्रभावकारी भूमिका निर्वाहमा अग्रसर हुनुहोस् ।

२. यहाँ प्रस्तुत गरिएका क्रियाकलाप सामान्यतः औसत विद्यार्थीलाई आधार मानी तयार गरिएको छ । यद्यपि हाम्रा कक्षाकोठाको स्वरूप फरक फरक हुन सक्छ । जस्तै, मातृभाषा नेपाली हुने, दोस्रो भाषाका रूपमा नेपाली सिक्ने, विभिन्न प्रकृतिका अपाङ्गता भएका, फरक फरक सामाजिक पृष्ठभूमिबाट आएका आदि । त्यसैले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन आफ्नो कक्षाकोठाको विशेषतालाई पहिचान गरी शिक्षण तथा मूल्याङ्कन विधिमा समेत विविधता ल्याई सहजीकरण गर्नुहोस् ।

३. हाल विद्यमान पाठ्यक्रम सक्षमतामा आधारित रहेको र यो व्यक्तिको व्यवहार पक्षसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले शिक्षणका विषयवस्तुका साथै सिकाइ विधि व्यवहारकुशल सिप विकासका लागि बढी महŒवपूर्ण मानिन्छ । कक्षाकोठमा हुने सिकाइ विधिमा विविधता र सान्दर्भिकता व्यक्तिको सक्षमता विकासको आधार मानिएको छ । तसर्थ प्रस्तावित क्रियाकलापमा मात्र सीमित नभई विषयवस्तुअनुसार विधिको चयन र प्रयोग पक्षमा विशेष रूपमा शिक्षकको थप भूमिकाको अपेक्षा गरिएको छ ।

४. दैनिक सिकाइ क्रियाकलापले अनुभवलाई अझ निखार्दै लैजान सहयोग पुऱ्याउने र सिकाइका नयाँ नयाँ विधि पहिचान र प्रयोग गर्न सहयोग पुऱ्याँउने हुँदा दैनिक सिकाइको प्रतिविम्बन लेखन गर्ने र यसलाई निरन्तरता दिने प्रयास गर्नुहोस् ।

५. पाठ्यक्रममा समावेश गरिएका प्रत्येक क्रियाकलाप गराउँदा सिकारुको सिकाइ सहभागितामा विशेष ख्याल गर्नुहोस् । यसका लागि सिकाइमा जिज्ञासा राखे नराखेको, समूह छलफल र

अन्तर्क्रियामा सक्रियतापूर्वक भाग लिए नलिएको, आफ्ना विचार सहज तरिकाले प्रस्तुत गरे नगरेको तथा दिइएका सम्पूर्ण कार्यमा स्वयम्को अग्रसरता रहे नरहेको समेतलाई ख्याल गरी सिकाइ प्रक्रियामा सहभागी गराउनुहोस्

६. कक्षाकोठाको बसाइ व्यवस्थापन, सिकारुको सिकाइको अवस्थाअनुरूप सिकाइ रणनीतिको उपयोग र सुधारात्मक सिकाइ सहजीकरण अवलम्बन गर्न सहज हुने गरी गर्नुहोस् ।

७. विद्यार्थीलाई सिकाइमा सक्रिय बनाइराख्न कक्षामा सिकाइ स्तर समूह पहिचान गरी यस्ता समूहलाई समूहगत सिकाइका लागि परिचालन गर्नुहोस् साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको सिकाइ स्तरलगायत आधारमा क्रमिक सिकाइ रणनीति (म गर्छु, हामी गर्छौं, तपाईं गर्नुहोस् ) लाई उपयोग गर्नुहोस् ।

८. विषयवस्तुको प्रकृतिअनुसार विषयवस्तु सहजीकरणको आरम्भ, विस्तार र समापन योजना तय गर्नुहोस् । यसका लागि तत्परता विकाससम्बन्धी क्रियाकलाप, ज्ञान आर्जनसम्बन्धी क्रियाकलाप, सिप विकाससम्बन्धी क्रियाकलाप, अभिवृत्ति विकाससम्बन्धी क्रियाकलाप, मूल्य मान्यता विकाससम्बन्धी क्रियाकलाप, (छलफल, समूह कार्य, सिर्जनात्मक कार्य, परियोजना कार्य, प्रश्नोत्तर आदि) गराउनुहोस् ।

९. पाठ्यपुस्तकमा आएका चित्रात्मक तथा सन्दर्भगत क्रियाकलाप पाठ सुरु गर्नुपूर्व विद्यार्थीको मस्तिष्क मन्थनका लागि आएकाले विद्यार्थीको सोविषयस्तुसँग सम्बन्धित पूर्वज्ञान, अनुमान गर्न सक्ने क्षमतालाई मूल पाठमा आएका विषयवस्तुसँग जोड्ने क्षमता विकासका लागि आएकाले सोही मर्मअनुसार क्रियाकलाप गराउनुहोस् ।

१०. भाषिक प्रकार्यका अभ्यास गराउँदा विद्यार्थीमा सन्दर्भपरक स्वभाषिक प्रस्तुतिमा जोड दिनुहोस् । यसमा विद्यार्थीको व्यक्तिगत भाषिक पक्ष महŒवपूर्ण हुने भएकाले प्रथम पुरुष एकवचनमा आफ्ना विषयसम्बद्ध विचार प्रस्तुत गर्ने अवसर दिनुहोस् । भाषिक प्रकार्यको अभ्यास संवादात्मक रूपमा समूहमा गराउँदा पनि व्यक्ति केन्द्रित प्रथम पुरुष र एकवचनमा प्रस्तुत गर्न लगाउनुहोस् ।

११. सिर्जनात्मक कार्य गराउँदा भाषिक उत्पादन र पुनरुत्पादनमा जोड दिनुहोस् । यसका लागि एक सन्दर्भ वा परिवेशमा सिकिएका विषयवस्तु उस्तै मिल्दो सन्दर्भ वा परिवेशमा प्रयोग गर्न प्रवृत्त गराउनुहोस् । यसका लागि मौलिक प्रस्तुतिलाई प्राथमिकता दिनुहोस् ।

**१२.** परियोजना कार्य भाषिक सिप विकासका लागि खोज तथा अनुसन्धानमूलक विषयवस्तु भएकाले विषयवस्तुको प्रकृति र आवश्यकताअनुसार एकल, युगल वा समूहमा सिकाइ गर्ने अवसर प्रदान गर्नुहोस् । परियोजना कार्यका लागि विद्यालय पुस्तकालय, साझा सञ्जाल र परिवार वा समुदायलाई सिकाइ थलाका रूपमा उपयोग गर्नुहोस् ।

१३. पाठ्यक्रम तथा पाठ्यसामग्रीमा गहन पठन र विषयवस्तुको बुझाइका लागि प्रश्न निर्माण, पाठगत संरचनाको ज्ञान जस्तै, पाठभित्रका अनुच्छेद संरचना, वाक्य संरचनाका पहिचानका लागि दिइएको सन्दर्भमा जोड दिएर प्रस्तुत अंशले भन्न खोजेका कुरा आदि, मध्य र अन्त्यको संरचनामा व्यक्त गर्ने प्रयोजनका लागि व्याख्या खण्ड राखिएकाले सोही मर्मअनुसार क्रियाकलाप गराउनुहोस् ।

१४. सुनाइ तथा बोलाइ सिपको विकासका लागि मूल पाठका साथै सुनाइ पाठ राखिएकाले केन्द्रको वेबसाइट

www.moecdc.gov.np मा राखिएका सुनाइ पाठ सुनाएर पाठगत प्रश्नोत्तर अनिवार्य रूपमा गराउनुहोस् ।

१५. क्रियाकलापका क्रममा कुनै विद्यार्थीमा भाषिक तथा अभिव्यक्तिगत समस्या पाइएमा थप सिकाइको अवसर दिएर पुनर्बल प्रदान गर्नुहोस् ।

१६. आन्तरिक मूल्याङ्कनका लागि विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्यालाई सिकाइ सहजीकरणकै क्रममा उपयोग गर्नुहोस् । सिकाइसँगै गरिने मूल्याङ्कनमा निम्न, सामान्य, राम्रो र उत्कृष्ट यी चार स्तरलाई मनन गरी चौथो वा तेस्रो स्तर प्राप्त गर्न नसकेका विद्यार्थीलाई सन्दर्भ सामग्रीको समेत उपयोग गर्दै थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस अवस्थामा विद्यार्थीको रुचिलाई ख्याल गर्दै जानेका विद्यार्थीलाई थप अभ्यास वा सहपाठी शिक्षणको अवसर दिई सिकाइ सबलीकरण एवम् सुधार आवश्यक भएका विद्यार्थीलाई सुधारात्मक सिकाइको अवसर प्रदान गर्नुहोस् ।

## पाठ : १ मेघ बिजुली विवाह

**विधा : कविता** **कार्यघण्टा : ११**

## परिचय

कवि भरतराज पन्त (वि.सं. १९८६-२०६५) द्वारा रचित **'मेघ बिजुली विवाह'** प्रकृतिपरक कविता हो । यस कवितालाई सहजीकरण गराउँदा प्रकृतिपरक चित्र, फुटकर कविता तथा गीत आदिका नमुना सङ्कलन गर्नुपर्छ । विषयवस्तुको अनुमान, कल्पना, कविताको संरचना, शैली, छन्दोबद्ध तथा मुक्त कवितामा हुने गति, यति, लय, मात्रा र गणको सामान्य परिचय दिनुपर्छ । प्रकृतिपरक कविताका केही नमुना प्रस्तुतिबाट उत्प्रेरणा जगाउन सकिन्छ ।

पाठको सहजीकरण तथा सबलीकरणका क्रममा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइका सिप विकासमा केन्द्रित हुनुपर्छ । शिक्षकले सहजकर्ता, उत्प्रेरक, खोजकर्ता एवम् रचनाकारका रूपमा भूमिका खेल्दै कविता सहजीकरणलाई क्रियाकलापमुखी, उद्देश्यमूलक तथा रुचिकर बनाउनुपर्छ । वाचनको गेयात्मक सिपसमेतको विकास गराउनुपर्छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । प्रकृतिसम्बद्ध चित्र वा प्रसङ्गको वर्णन, कविताको संरचना पहिचान, लयबद्ध पठनपश्चात् शब्दभण्डारअन्तर्गत सार शब्द, विपरीतार्थक शब्द, समान ध्वनियुक्त शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, अनुप्रासको पहिचान, शब्दोच्चारण, शब्दार्थ र प्रयोग, समानध्वनियुक्त शब्द, बोधात्मक प्रश्नोत्तर, कविता पूरण, गद्यमा रूपान्तरण, भावबोध, व्याख्या, लामा तथा छोटा प्रश्नोत्तर, पाठगत बोध आदिका अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र नै विनम्रतासम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । शब्दकोशीय प्रयोगका माध्यमबाट वर्णमाला, वर्णको क्रम पहिचान र प्रयोग, भाषिक संरचना र वर्णविन्यासअन्तर्गत नाम, सर्वनाम, विशेषण, शब्दको सुरु, मध्य र अन्त्यमा ह्रस्व इकार लागेका शब्दको पहिचान र प्रयोगलाई कार्यमूलक बनाइएको छ । सुनाइ बोलाइका लागि पाठ्यपुस्तककै परिशिष्टको सुनाइ पाठ १ मा आधारित भई वा पाठसँग सन्दर्भ मिल्ने अन्य कविता सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पहिलो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| प्रकृतिपरक विषयवस्तुमा आधारित छलफल | चित्र र सन्दर्भका आधारमा विषयवस्तुको अनुमान र कल्पना गर्न | • ६ ओटै ऋतुबोधक चित्र<br>• वैवाहिक समारोहका चित्र<br>• कविताका संरचनाका नमुना<br>• श्लोकपत्ती<br>• कविता वाचनको अडियो/भिडियो |
| संरचना पहिचान | कविताको संरचना पहिचान गर्न | |
| लयबद्ध पठन | कवितालाई लयबद्ध वाचन गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. सिकाइ सहजीकरणको पहिलो दिन भएकाले शिक्षकले कक्षाका सम्पूर्ण विद्यार्थीलाई स्वागत गर्नुहोस् र विद्यार्थीलाई पनि आफ्ना साथीलाई स्वागत गर्न लगाउनुहोस् ।

२. कक्षा ८ मा हुँदा विद्यार्थीले हासिल गरेका अनुभव र धारणा प्रतिनिधिमूलक रूपमा सुनाउने अवसर दिनुहोस् ।

३. बादल लागेको, बिजुली चम्केको, झरी लागेको, वनपाखा, चउरमा हरियाली छाएको आदि प्राकृतिक दृश्यहरू तथा विवाह संस्कारसँग सम्बन्धित तयारीसँग सम्बन्धित चित्र भएका स्लाइड वा चार्ट प्रदर्शन गरी आजको विषयवस्तुबारे अनुमान गर्न लगाएर मस्तिष्क मन्थन गराउनुहोस् र पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## प्रकृतिपरक विषयवस्तुमा आधारित छलफल

१. विद्यार्थीको लिङ्ग, भाषा, जातजाति, क्षेत्रमा विविधता हुने गरी विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । स्लाइड वा चार्टमा आफूले तयार पारेको प्रकृतिसम्बद्ध चित्र तथा विषयवस्तु प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् र विद्यार्थीले बुझेका कुरा समूहगत रूपमा प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण गर्नुहोस् ।

२. सबै ऋतुका अलग अलग चित्र प्रदर्शन गरी विषयवस्तुको अनुमान र कल्पना गर्न लगाउनुहोस् ।

३. विद्यार्थीलाई पाठमा दिइएको चित्रका बारेमा पालैपालो वर्णन गर्न लगाउनुहोस् । वर्णनका क्रममा छुटाएका कुरा अन्य विद्यार्थीबाट नै जानकारी दिन लगाउनुहोस् ।

## कविताको संरचना पहिचान

१. फरक फरक छन्दका एक एकओटा श्लोकको स्लाइड वा चार्ट प्रदर्शन गरी संरचनाका बारेमा मस्तिष्क मन्थन गराउनुहोस् ।

२. पाठ्य कवितामा रहेका पङ्क्ति तथा श्लोक सङ्ख्या पहिचान गर्न लगाउनुहोस् । शास्त्रीय छन्दका गण तथा सङ्केतसम्बन्धी जानकारी दिन आफूले तयार पारेको स्लाइड वा चार्टको प्रदर्शन गरी छलफल गराउनुहोस् ।

३. ह्रस्व तथा दीर्घ वर्णबारे जानकारी गराई ह्रस्व वर्णलाई ‘लघु’ र ‘दीर्घ’ वर्णलाई गुरु भनिने कुरा स्पष्ट पारिदिनुहोस् ।

| सूत्र | सङ्केत | गण | उदाहरण |
|---|---|---|---|
| यमाता | ISS | ‘य’ गण | सहारा |
| मातारा | SSS | ‘म’ गण | नेपाली |
| ताराज | SSI | ‘त’ गण | विकास |
| राजभा | SIS | ‘र’ गण | कामना |
| जभान | ISI | ‘ज’ गण | बजार |
| भानस | SII | ‘भ’ गण | जाँगर |
| नसल | III | ‘न’ गण | सगर |
| सलगा | IIS | ‘स’ गण | जमरा |
| लघु | I | (लघु) | म |

| | | | |
|---|---|---|---|
| गुरु | S | (गुरु) | यो |

३. समूहमा पाठ्य कविता शिखरिणी छन्दमा रचना गरिएको स्पष्ट पारिदिनुहोस् ।

४. पाठ्य कविताको संरचनासम्बन्धी प्रश्न सोधी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

जस्तै : (क) 'मेघ बिजुली विवाह' कवितामा कतिओटा श्लोक छन् ?

(ख) कविताका हरेक श्लोकमा कतिओटा पङ्क्ति छन् ?

## लयबद्ध पठन

१. विद्यार्थीलाई गीत वा कविता प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । कविता वा गीतमा हुने गति, यति, लयका बारेमा जानकारी दिनुहोस् ।

२. पाठ्य कवितालाई स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा शिखरिणी छन्दको नियमानुसार लय मिलाई कविता वाचन गर्न सके नसकेको पहिचान गर्नुहोस् ।

३. पाठ्य कविताको श्लोकलाई आदर्श वाचन गरी वा मोबाइलमा रेकर्ड गरेको वा पाविके/दूर शिक्षाद्वारा उत्पादित सामग्री सुनाउनुहोस् । भिडियो उपलब्ध भएमा देखाउनुहोस् । शिखरिणी छन्दको प्रत्येक पाउमा सत्र अक्षर हुने र छैटौँ अक्षरमा छोटो विश्राम गरी लयबद्ध वाचन गर्न सकिने कुरा बताइदिनुहोस् ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गण | : | य | म | न | स | भ | लघु | गुरु |
| | | ISS | SSS | III | ISS | SII | I | S |

लक्षण : छ पुग्दैमा रोक्ने 'यमनसभलगा' शिखरिणी

/बिहा हो यो पक्का/ /जलद बिजुलीको गगनमा/

/जुरेको यो राम्रो/ /ग्रहगति असारे लगनमा/

/बजेका हुन् झ्याली/ /झिमझिम गरी बाँसहरू मा/

/हरीयो दोसल्ला/ /भिरि नग पुरेतै छ विधिमा/

३. सुरुमा आफूसँगसँगै सबै विद्यार्थीलाई वाचन अभ्यास गराउनुहोस् र समूहगत, बेन्चगत तथा युगल रूपमा पालैपालो गति, यति, लय तथा हाउभाउसहित कविता वाचन अभ्यास गराई आवश्यक पृष्ठपोषण दिनुहोस् । समूहगत प्रतिस्पर्धा गराई मौखिक उत्प्रेरणा वा स्याबासी कार्ड प्रदान गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

दिइएको श्लोक गति, यति, लय तथा हाउभाउसहित वाचन गर्न लगाउनुहोस् :

सितारे घुम्टी हुन् चमचम निशाका जुनकिरी
भए ती इन्द्रेनी वसन बहुरङ्गी फिरिफिरी
भयो रातो खास्टो रवि किरणले पश्चिम गिरि
निशाको त्यो कालो तम पटल भो नील कवरी ।

## दोस्रो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| लयबद्ध पठन<br>(पुनरावृत्ति) | कविता लयबद्ध वाचन गर्न | • श्लोकपत्ती<br>• कविता वाचनको अडियो/भिडियो<br>• शब्द र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• शब्दकोश<br>• प्रश्नोत्तर चार्ट |
| अनुप्रासको पहिचान र संरचना अनुकरण | अनुप्रासको पहिचान गरी संरचना अनुकरण गर्न | |
| शब्दोच्चारण, शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको उच्चारण गरी अर्थसहित प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कक्षाका विद्यार्थीलाई चुट्किला, कविता वा उत्प्रेरक भनाइ सुनाउन उत्प्रेरित गर्नुहोस् र प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गरी पाठ्यवस्तुमा प्रवेश गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### लयबद्ध पठन (पुनरावृत्ति)

१. शिक्षकले पाठ्य कवितालाई स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् ।

२. शिक्षकले शिखरिणी छन्दको लय विधानअनुसार लयबद्ध वाचन गरेर सुनाउनुहोस् वा कविता वाचनको नमुना श्रव्य वा श्रव्यदृश्य साधनका माध्यमबाट प्रस्तुत गर्नुहोस् ।

३. शिक्षकले पाठ्य कवितालाई आफूसहित कक्षाका सबै विद्यार्थीलाई सामूहिक रूपमा वाचन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले कविता वाचन गर्ने, शिक्षक र विद्यार्थीले सँगसँगै वाचन गर्ने, विद्यार्थी आफैँले वाचन गर्ने गरी क्रमिक सिकाइ रणनीति उपयोग गर्नुहोस् ।

### अनुप्रासको पहिचान र संरचनाको अनुकरण

१. शिक्षकले पाठ्य कविताको पहिलो श्लोक स्लाइड वा चार्टमा तयार पारी प्रदर्शन गर्नुहोस् । 'गगन/लगन' जस्ता शब्दमा 'ग' र 'ल' वर्णको भिन्नताले उच्चारण र अर्थमा आउने भिन्नताबारे छलफल गराउनुहोस् ।

२. पाठ्य कवितामा अनुप्रासयुक्त शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । विद्यार्थीले रेखाङ्कन गरेका शब्द मिले नमिलेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. एकल वा समूह बनाएर विद्यार्थीलाई आफूले रेखाङ्कित गरेका शब्द जोडी कुनै चार्ट वा कापीको पानामा लेख्न लगाई शैक्षणिक पाटीमा प्रदर्शन गर्न लगाउनुहोस् र एकल वा समूहिक रूपमा उच्चारण अभ्यास गराउनुहोस् ।

४. शिक्षकले खाली ठाउँ भरी कविताको श्लोक पूरा गर्न मिल्ने अभ्यास सामग्री स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई शब्द पूरण गरी कविताको श्लोक पूरा गर्न लगाउनुहोस् । आवश्यकतानुसार सहजीकरण गरिदिनुहोस् ।

जस्तै : म ............ मै लाऊँ सुखसयल वा मोज म गरूँ (खाऊँ, बसूँ, नाचूँ)

म बाँचूँ मै नाचूँ अरू सब ............ दुर्बलहरू । (झरून्, गरून्, मरून्)

५. शिखरिणी छन्दको संरचना बोध गराई एक वा दुई पङ्क्ति कविता रचना गर्न लगाउनुहोस् । रचना गरिएको कविता पालैपालो सुनाउने अवसर प्रदान गरी स्याबासी कार्ड प्रदान गर्नुहोस् ।

## शब्दोच्चारण, शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई उच्चारणका लागि नयाँ शब्द पाठबाट खोजी टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्द शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

२. शैक्षणिक पाटीका शब्दलाई पालैपालो उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

जस्तै : पद्धति /पद्.ध.ति/, बहुरङ्गी /ब.हु.रङ्.गि/

३. बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा भएका र उच्चारणमा बढी त्रुटि गर्ने विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

४. विद्यार्थीलाई अर्थबोध हुन नसकेका शब्द पाठबाट खोजी टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्द शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

५. ती शब्दको अर्थ विद्यार्थीमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले तयार पारेका अर्थपत्ती प्रदर्शन गरी शब्दको अर्थ थप स्पष्ट पार्नुहोस् । शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् । बृहत् नेपाली शब्दकोश वा यसको एपबाट शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् ।

६. आफूले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् । अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् ।

७. विद्यार्थीलाई प्रत्येक बेन्च वा आवश्यकतानुसार समूहमा विभाजन गर्नुहोस् । त्यसपछि कम्तीमा १० ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न आवश्यक समय दिनुहोस् ।

८. विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा मौखिक उत्प्रेरणा वा स्याबासी कार्ड प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

१. पाठ्य कविताको कुनै एउटा श्लोक स्लाइड वा चार्टमा तयार पारी प्रदर्शन गर्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर दिनुपर्ने जानकारी दिनुहोस् ।

२. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नहरूको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् । पाठ्य कवितांशका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

**प्रश्नहरू**

(क) ककसका बिच बिहे हुँदै छ ?

(ख) बिहेको झ्याली कहाँ बजेका छन् ?

३. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

### (ग) मूल्याङ्कन

१. दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

ग्रहगति, शैलश्रेणी, चँदुवा, ताँती, गलैँचा

२. दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

बिजुली, झिमझिम, हिमचुली, लगन, बकुल्ला

## तेस्रो दिन

१. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| शब्दभण्डार : पाठगत शब्दार्थ | अर्थका आधारमा पाठबाट अर्थ आउने शब्द पहिचान गर्न | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• शब्दकोश |
| शब्दभण्डार : विपरीतार्थी शब्द | विपरीतार्थी शब्द पहिचान गरी प्रयोग गर्न | |
| शब्दभण्डार : समान ध्वनियुक्त शब्द | समान ध्वनियुक्त शब्द पहिचान गरी प्रयोग गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कुनै प्रेरक प्रसङ्ग सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु केही विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाउनुहोस् । विषयवस्तुको सार पुनः सुनाउनुहोस् र आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### पाठगत शब्दार्थ

१. पाठबाट विद्यार्थीलाई अर्थबोध हुन नसकेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । ती शब्द भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

२. शैक्षणिक पाटीमा टिपिएका शब्दको अर्थ विद्यार्थीलाई नै भन्न प्रोत्साहित गर्नुहोस् । एउटाले नजाने अर्कालाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । अन्त्यमा आफूले लगेका शब्दपत्ती प्रदर्शन गरी थप स्पष्ट पारिदिनुहोस् ।

३. अर्थ दिई शब्द खोज्ने तरिकाका बारेमा छलफल गराउनुहोस् । पदावलीको नमुना प्रदर्शन गरी पाठबाट अर्थ दिने शब्द पहिचान गर्न सिकाउनुहोस् । विद्यार्थी वा विद्यार्थीको समूहलाई शब्द खोज्न समस्या भएमा आवश्यकतानुसार सहजीकरण गर्नुहोस् । शब्दकोशको सहायता लिई थप शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् ।

४. प्रत्येक बेन्च वा आवश्यकतानुसार विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । शब्दभण्डार खण्डको पहिलो क्रियाकलाप गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले गर्ने कार्यको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

५. समूह कार्य गरिसकेपछि पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## विपरीतार्थी शब्दको पहिचान र प्रयोग

१. विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । पाठमा प्रयोग भएका 'राम्रो, दुलाहा, वर, कालो' जस्ता शब्दको शब्दपत्ती प्रदर्शन गरी विपरीतार्थी शब्द लेख्न लगाउनुहोस् ।

२. समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थी समूहलाई शब्दभण्डार खण्डको अभ्यास २ का आधारमा विपरीत अर्थ दिने शब्द जोडा मिलाउन लगाउनुहोस् ।

४. विद्यार्थी समूहले अभ्यास गरिसकेपछि साथी साथीबिच साटेर कापी परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् र मिले नमिलेको हेर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. शिक्षकले तयार पारेको अनुच्छेद स्लाइड वा चार्टमार्फत प्रदर्शन गरी कुनै तीनओटा शब्दलाई रेखाङ्कन गरिदिनुहोस् । समूहमा ती शब्दको विपरीत अर्थ लेखी वाक्यमा प्रयोग गर्न समूहलाई लगाउनुहोस् । समूह कार्य सकिएपछि विद्यार्थीलाई पालैपालो प्रस्तुतिकरण गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## समान ध्वनियुक्त शब्दको पहिचान र प्रयोग

१. शिक्षकले समान ध्वनियुक्त शब्दको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उच्चारणका क्रममा आवश्यकतानुसार सहजीकरण गर्नुहोस् । जस्तै : देश - द्वैष, दर - डर, कृति - कीर्ति

२. समान ध्वनियुक्त शब्द प्रयोग भएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई समान ध्वनियुक्त शब्द पहिचान गर्न लगाउनुहोस् र शैक्षणिक पाटीमा ती शब्द टिपोट गर्दै जानुहोस् । शैक्षणिक पाटीमा टिपिएका शब्द मिले नमिलेको सुनिश्चित गरी उच्चारण अभ्यास गराउनुहोस् ।

जस्तै : सपनाले घर<u>देखि</u> परको चौतारामा सुमनलाई बसेको <u>देखी</u> । त्यस <u>दिन</u> चौताराको बाटो हुँदै <u>दीन</u>दुःखी हिँड्दै थिए । उनीहरू बाँसको भ्याङ नजिकैबाट हिँड्दै गाउँतिर बास बस्न पुगे । उनीहरूले <u>सीता</u>को घर पुगेर एक <u>सिता</u> भात नपोखी खाना खाए ।

३. आवश्यकताअनुसार समूह निर्माण गरी शब्दभण्डार खण्डको अभ्यास ३ मा दिइएका शब्दको अर्थ पहिचान गर्न लगाउनुहोस् । ती शब्दको अर्थ समूहलाई पालैपालो प्रस्तुति गर्ने अवसर प्रदान गर्नुहोस् । समूहबाट आएका शब्द शैक्षणिक पाटीमा लेख्दै जानुहोस् । अर्थ मिले नमिलेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

४. अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । शब्दभण्डार खण्डको अभ्यास ३ मा दिइएका शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. समूह कार्य सकिएपछि विद्यार्थीलाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### (ग) मूल्याङ्कन

१. दिइएका शब्दको विपरीतार्थी अर्थ लेख्न लगाउनुहोस् :

तरल, सबल, राम्रो, माथि, आय

२. दिइएका समान ध्वनियुक्त शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

दिन दीन, पाली पालि, कृति कीर्ति, यस यश

## चौथो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| कविता पूरण | उपयुक्त शब्द राखी कविता पूरा गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• श्लोकपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न | |
| गद्यमा रूपान्तरण | पद्य कवितालाई गद्यमा रूपान्तरण गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई नै चुट्किला वा कुनै प्रेरक प्रसङ्ग सुनाउने अवसर प्रदान गरेर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

३. वर्षा ऋतुका बारेमा छलफल गराई पाठ्यवस्तुमा प्रवेश गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### कविता पूरण

१. पाठ्य कविताको कुनै एउटा श्लोक स्लाइड वा चार्टमार्फत् प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई सामूहिक रूपमा लयबद्ध वाचन गर्न लगाउनुहोस् । वाचनका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

२. वाचन गरिएको श्लोकबाट शब्द हटाइने र खाली ठाउँमा हटाइएका शब्द राखेर श्लोक पूरा गर्नुपर्ने जानकारी गराउनुहोस् ।

३. स्लाइड वा चार्टमार्फत प्रदर्शित श्लोकलाई खाली ठाउँ भर्ने अभ्यास बनाई कविता पूरण गर्न लगाउनुहोस् । छुटेका शब्द राखी कविता सुनाउन उत्प्रेरित गर्नुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

जस्तै : भइन् पृथ्वी तन्ना, चउर छ गलैँचा मखमली
दुलाहाको रातो झलल पगरी भो हिमचुली
बकुल्लाका ताँती तरल गतिले आज नभमा

उडे जन्ती जस्तै रसबस बढाएर मनमा ।

४. पाठ्य कविताको थप कुनै श्लोकलाई खाली ठाउँ भर्ने अभ्यास बनाई कविता पूरण गर्न लगाउनुहोस् ।

५. श्लोक पूरण गरेपछि पालैपालो सुनाउने अवसर दिनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

१. मौन पठनका लागि उपयुक्त वातावरण निर्माण गर्नुहोस् । मौन पठनपश्चात् सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

२. मौन पठनका लागि तयार पारेको पाठ्य कविताको चौथो श्लोकको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीले मौन पठन गर्दै गरेको अवधिको अवलोकन गर्दै जानुहोस् ।

३. शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ फलाटिन पाटी, स्लाइड वा चार्टमार्फत प्रदर्शन गरी छलफल गराउनुहोस् ।

४. बोध प्रश्नको उत्तर लेखन ढाँचा, शैलीका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

५. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीबाट नै प्रश्नको संरचनाअनुसार उत्तरको पहिचान भए नभएको बारे छलफल चलाउनुहोस् र आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

जस्तै :

(क) रातका जुनकिरी भन्नाले विवाहका सन्दर्भमा कुन कुरा बुझिन्छ ?

उत्तर : रातका जुनकिरी भन्नाले विवाहका सन्दर्भमा सितारे घुम्टी बुझिन्छ ।

६. कविताका अन्य श्लोकका आधारमा पाठगत बोध प्रश्नोत्तरका थप अभ्यास गराउनुहोस् ।

७. सङ्क्षिप्त उत्तरको संरचनाका बारेमा छलफल गर्नुहोस् । छलफलका क्रममा साथी साथीबिच प्रश्नोत्तर अभ्यास गर्न लगाई सहपाठी सिकाइको वातावरण बनाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

जस्तै :

**सङ्क्षिप्त उत्तर लेखनका क्रममा ध्यान दिनुपर्ने विषयवस्तु**

- प्रश्नलाई ध्यानपूर्वक पढेर प्रश्नले मागेको उत्तर पहिचान गर्नुपर्छ ।
- कम्तीमा ५/६ वाक्यमा उत्तर पूरा गर्नुपर्छ ।
- उत्तरमा विषयवस्तुको ज्ञान, प्रस्तुति, मौलिकता र भाषिक शुद्धता हुनुपर्छ ।
- प्रश्नमा आधारित भई उत्तरको निष्कर्ष वाक्य लेख्नुपर्छ ।

**प्रश्न : मेघ बिजुली विवाहको मण्डप र चँदुवाको काम के केले गरेका छन् ?**

उत्तर : 'मेघ बिजुली विवाह' कविताका वर र वधू भनेका मेघ र बिजुली हुन् । उनीहरूको विवाह हिन्दु संस्कार र संस्कृतिअनुसार सम्पन्न भएको छ । कवितामा वनजङ्गललाई पूजाघर र पर्वतमालालाई केराका थामसँग तुलना गरिएको छ । कवितामा विवाह मण्डप र चँदुवाको परिकल्पना गरिएको छ । मण्डपको काम हावासँगै नाचिरहेका वनले गरेका छन् । चँदुवाको काम केराका थाम बनेका शैलश्रेणीले गरेका छन् ।

## गद्यमा रूपान्तरण

१. विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । शिक्षकले कविताको पङ्क्ति र त्यसको गद्य रूपान्तरणको नमुना अभ्यास स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्रीलाई पालैपालो पढ्न उत्प्रेरित गर्नुहोस् ।

२. कवितांश र गद्य रूपान्तरणबिचको भिन्नताबारे समूहमा छलफल चलाउनुहोस् र छलफलको निष्कर्ष सुनाउन लगाउनुहोस् । यस क्रममा कर्ता, कर्म, क्रिया आदिको सङ्गति र भूमिकाका बारेमा स्पष्ट पारिदिनुहोस् ।

जस्तै :

कवितांश : भयो बज्ने कल्ली गजब दुलहीको पयरमा

गद्य रूपान्तरण : दुलहीको पयरमा गजबको कल्ली बज्ने भयो ।

३. विद्यार्थीलाई सामूहिक छलफलसहित अभ्यास ७ का आधारमा कविताका पङ्क्तिलाई गद्यमा लेख्न लगाउनुहोस् ।

४. विद्यार्थीले समूहमा अभ्यास गरिसकेपछि एउटा समूहको कापी अर्को समूहले मिले नमिलेको हेर्न र आवश्यक सुझाव दिन उत्प्रेरित गर्नुहोस् । प्रत्येक समूहका कापी परीक्षण गरेको हेरेर आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

**१. सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर भन्न लगाउनुहोस् :**

(क) कवितामा इन्द्रेनीलाई कुन रूपमा चिनाइएको छ ?

(ख) विवाहमा दुलहीको रातो पछ्यौरीको काम केले गरेको छ ?

# पाँचौँ दिन

## १. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| कविताको भावबोध<br>(पहिलो, दोस्रो, तेस्रो श्लोक) | निर्दिष्ट कवितांशको भावबोध गर्न | • श्लोकपत्ती<br>• भावपत्ती<br>• बुँदापत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| पाठगत बोध प्रश्नोत्तर | निर्दिष्ट श्लोकभित्रका विषयवस्तु बोध गरी प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले कविता वा चुट्किला सुनाएर उत्प्रेरणा जगाउनुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## कविताको भावबोध

१. शिक्षकले पाठ्य कविताको पहिलो श्लोकको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई सामूहिक रूपमा लयबद्ध वाचन गर्न लगाउनुहोस् । वाचनका क्रममा आवश्यक सहजीकरण पनि गर्नुहोस् ।

२. कविताको पहिलो श्लोकको आशय वा भावार्थ विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका कुराहरू बुँदागत रूपमा शैक्षिणिक पाटीमा टिपोट गर्नुहोस् र छलफल गराउनुहोस् ।

३. कविताको पहिलो श्लोकको भावार्थका बुँदा स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् ।

जस्तै :

- मेघलाई वर र बिजुलीलाई वधूका रूपमा चित्रण गरिएको
- हिन्दु संस्कार र संस्कृतिअनुसार विवाह सम्पन्न भएको सुन्दर परिकल्पना गरिएको
- मानिस जस्तै प्रकृति असारे दिनमा विवाहको लगनमा जुटेको प्रसङ्गको उल्लेख गरिएको
- असार महिनामा हुन लागेको उक्त विवाहमा प्रकृति जगत् नै एकजुट भएको परिकल्पना गरिएको
- विवाह उत्सवमा बाँसका झ्याउले झ्याली बजाएका
- हरियो दोसल्ला भिरेर पहाडले पुरेतको काम गरेको

४. विद्यार्थीलाई कविताको पहिलो श्लोक हेरी बुँदाका आधारमा भावार्थ भन्न उत्प्रेरित गर्नुहोस् । विद्यार्थीले भावार्थ भन्ने क्रममा भावको शृङ्खला र वाक्य सङ्गति मिले नमिलेको ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. शिक्षकले पाठ्य कविताको दोस्रो श्लोकको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । पाठ्य कविताको दोस्रो श्लोकको भावार्थका बुँदा लेख्न लगाउनुहोस् । पालैपालो बुँदा भन्ने अवसर प्रदान गर्नुहोस् । ती बुँदालाई समेटी भावार्थ भन्न अभिप्रेरित गर्नुहोस् ।

६. कविताको दोस्रो श्लोकको भावार्थका बुँदा स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । ती बुँदा हेरी भावार्थ भन्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

७. पाठ्य कविताको तेस्रो श्लोकसम्बद्ध बुँदा प्रदर्शन गरी सम्बन्धित श्लोकको पहिचान गर्न सिकाउनुहोस् ।

८. बुँदाहरू विस्तार गरी भावार्थ लेखन अभ्यास गराउनुहोस् । यस क्रममा विद्यार्थीको लेखन स्तर पहिचान गरी थप सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## पाठगत बोध प्रश्नोत्तर

१. शिक्षकले पाठ्य कविताको पहिलो, दोस्रो र तेस्रो श्लोकभित्र रहेर बनाएको ठिक र बेठिक छुट्याउने प्रश्न स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई प्रत्येक वाक्य पालैपालो भन्न लगाउनुहोस् । ठिक र बेठिक छुट्याउन प्रोत्साहित गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

जस्तै : (क) हावासँगै नाचिरहेका वजजङ्गल पूजाघर हुन् ।

(ख) पर्वतमालालाई आँपको बोटसँग तुलना गरिएको छ ।

(ग) हिमालय शृङ्खलालाई दुलाहाले लगाउने पगरी मानिएको छ ।

(घ) जन्ती हर्ष र उल्लासमय वातावरणमा प्रस्थान गरेका छन् ।

३. शिक्षकले पाठ्य कविताको पहिलो, दोस्रो र तेस्रो श्लोकभित्र रहेर बनाइएका प्रश्नहरू प्रदर्शन गर्नुहोस् । ती प्रश्नको उत्तर लेख्न प्रेरित गर्नुहोस् ।

४. उत्तर लेखनपश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ग) मूल्याङ्कन**

१. दिइएको कवितांशको भावार्थ भन्न लगाउनुहोस् :

बकुल्लाका ताँती तरल गतिले आज नभमा

उडे जन्ती जस्तै रसबस बढाएर मनमा ।

## छैटौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| कविताको भावबोध<br>(चौथो, पाँचौँ र छैटौँ श्लोक) | निर्दिष्ट कवितांशको भावबोध गर्न | • श्लोकपत्ती<br>• भावपत्ती<br>• बुँदापत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| पाठगत बोध प्रश्नोत्तर | निर्दिष्ट श्लोकभित्रका विषयवस्तु बोध गरी प्रश्नोत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले गीत वा कविता सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न निर्देशन दिनुहोस् ।

३. आजका पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### कविताको भावबोध

१. विद्यार्थीलाई तीन (आवश्यकतानुसार) समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । एउटा समूहलाई कम्तीमा एउटा श्लोक पर्ने गरी कविताको चौथोदेखि छैटौँ श्लोकसम्मको भावार्थसँग सम्बन्धित बुँदा लेख्न प्रोत्साहन गर्नुहोस् ।

२. विद्यार्थीले समूहमा बसी भावार्थ टिपोट गर्दै गर्दा समूह समूहमा पुगी अवलोकन गर्नुहोस् ।

३. कविताको निर्दिष्ट श्लोकको आशय वा भावार्थ समूह नेतालाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् ।

४. विद्यार्थीले भनेका विषयवस्तु बुँदागत रूपमा शैक्षिणिक पाटीमा टिपोट गर्नुहोस् । प्रस्तुतिपछि सुधार गर्नुपर्ने पक्षमाथि विद्यार्थीबाटै छलफल गराई शिक्षकले समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

५. शिक्षकले तयार पार्नुभएको प्रत्येक श्लोकका भावार्थका बुँदा स्लाइड वा चार्टमा क्रमशः प्रदर्शन गर्नुहोस् । बुँदामाथि समूहमा छलफल चलाउनुहोस् ।

६. भावार्थ टिपोट गर्दा छुटाएका विषयवस्तुका बारेमा समूह नेतालाई भन्ने अवसर दिनुहोस् । विद्यार्थीले भावार्थ भन्ने क्रममा भावको शृङ्खला र वाक्य सङ्गति मिले नमिलेको ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. ती बुँदाहरू विस्तार गरी भावार्थ लेखन अभ्यास गराउनुहोस् । यस क्रममा विद्यार्थीको लेखन स्तर पहिचान गरी थप सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् । जस्तै :

कवितांश

सितारे घुम्टी हुन् चमचम निशाका जुनकिरी

भए ती इन्द्रेनी वसन बहुरङ्गी फिरिफिरी

भयो रातो खास्टो रवि किरणले पश्चिम गिरि

निशाको त्यो कालो तम पटल भो नील कवरी ।

भावार्थ : यस कवितांशमा सितारे घुम्टीलाई चमचम चम्किने रातका जुनकिरीसँग तुलना गरिएको छ । बेहुलीले लगाएका बहुरङ्गी कपडा इन्द्रेनी जस्ता देखिएका छन् । पश्चिमतिरको पहाडमा परेको सूर्यको किरणले विवाहमा दुलहीको रातो पछ्यौरीको काम गरेको छ । निशाको अन्धकार रात पनि आकासे रङको कपालको चुल्ठो जस्तो देखिएको छ ।

## पाठगत बोध प्रश्नोत्तर

१. शिक्षकले पाठ्य कविताको चौथो श्लोकभित्र रहेर तयार पारेका प्रश्न स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई प्रश्नोत्तर खेल खेलाउनुहोस् ।

जस्तै : (क) खास्टो किन रातो भयो ?

(ख) सितारे घुम्टीलाई केसँग तुलना गरिएको छ ?

२. शिक्षकले पाठ्य कविताको पाँचौं र छैटौं श्लोकसँग सम्बन्धित अति सङ्क्षिप्त उत्तरात्मक प्रश्न स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो प्रश्नोत्तर भन्न लगाउनुहोस् ।

३. प्रश्न सोध्ने र उत्तर दिने तरिका उपयुक्त भए नभएको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. स्लाइड वा चार्टमा प्रदर्शन गरिएका प्रश्नको उत्तर लेख्न उत्प्रेरित गर्नुहोस् । उत्तर लेखनपश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

**१. दिइएको कवितांशको भावार्थ भन्न लगाउनुहोस् :**

बज्यो छं छं गर्दै सकल रुखमा त्यो समयमा

भयो बज्ने कल्ली गजब दुलहीको पयरमा

अहो ! झल्की झल्कीकन नव बधू आज बिजुली

लुकेकी पर्दामा पलकभरमा क्यै सरम ली ।

## सातौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बोध प्रश्नोत्तर | बोध प्रश्नोत्तर गर्न | • श्लोकपत्ती<br>• बुँदापत्ती<br>• प्रश्नोत्तरको नमुना |
| व्याख्या लेखन | निर्दिष्ट कवितांश व्याख्या गर्न | |
| मूल भाव लेखन | कविताको मूल भाव लेख्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले गाउँखाने कथा वा कविता सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सार कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न निर्देशन दिनुहोस् ।

३. आजका सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## बोध प्रश्नोत्तर

१. बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गराउनुहोस् :

- दिइएको लिखित अभिव्यक्ति ध्यान दिएर राम्ररी पढ्नुपर्छ ।
- बोधका अन्त्यमा दिइएका प्रश्नलाई राम्ररी पढी तिनले खोजेको उत्तर पहिल्याउनुपर्छ ।
- प्रश्नअनुसारको उत्तरको वाक्य गठन र शैली मिलेको हुनुपर्छ ।
- शब्दको अर्थ लेख्नु परेमा दिइएको लिखित अभिव्यक्तिकै आधारमा लेख्नुपर्छ ।
- बोधको उत्तर एक वा दुई वाक्यमा लेख्नुपर्छ ।
- प्रश्नको उत्तर सरल, छोटो र स्पष्ट हुनुपर्छ ।

२. विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

३. विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् ।

४. समूहले उत्तर लेखिसकेपछि समूह समूहलाई उत्तर भन्न लगाउनुहोस् र अन्य समूहलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

**नमुना उत्तर**

(क) आशीर्वादका अनन्त फूल कहाँ फक्रिन्छन् ?

उत्तर : आशीर्वादका अनन्त फूल आमाका काखमा फक्रिन्छन् ।

५. भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्व ज्ञानका आधारमा गराउनुहोस् । भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप दसौं दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

## व्याख्या लेखन

१. शिक्षकले व्याख्यासम्बन्धी नमुना शैक्षिक सामग्रीको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । व्याख्या गर्ने तरिका र सोको संरचनासम्बन्धी प्रश्नोत्तर क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

**व्याख्या गर्ने तरिका**

- सम्बन्धित अंशले दिने अर्थको विविधताको खोजी
- विभिन्न तर्क र उदाहरण प्रस्तुत गर्दै उक्त अंशको व्याख्या र विश्लेषण
- उक्त अंशसँग सम्बिन्धित व्यङ्ग्य वा प्रतीकात्मक अर्थप्रति सङ्केत
- सारतŒवको पहिचान र पुष्टि

**व्याख्याको नमुना**

कविताांश : बिहा हो यो पक्का जलद बिजुलीको गगनमा
जुरेको यो राम्रो ग्रहगति असारे लगनमा
बजेका हुन् भ्याली झिमझिम गरी बाँसहरूमा
हरीयो दोसल्ला भिरि नग पुरेतै छ विधिमा ।

व्याख्या :

प्रकृति र पूर्वीय संस्कृतिको अनुपम संयोजन गरिएको उत्कृष्ट कविता 'मेघ बिजुली विवाह' का प्रस्तुत कविताांशमा प्रकृतिलाई मानवीकरण गरिएको छ । यस कविताांशले प्राकृतिक दृश्य वा वस्तुलाई मानवीय भावमा प्रस्तुत गरेको छ ।

विवाह सांस्कृतिक उत्सव हो । निश्चित उमेर पूरा भएपछि विवाह गरिन्छ । कविताांशका सन्दर्भमा चाहिँ मनुसन प्रारम्भ हुने समयलाई नै विवाह गर्ने उमेरका रूपमा सङ्केत गरिएको छ । विवाह उत्सवका माध्यमबाट वर र वधू वैवाहिक सम्बन्धमा गाँसिन्छन् । विवाह पश्चात् नयाँ जीवनको सुरुआत हुन्छ । यस कवितामा वर र वधू क्रमश: मेघ र बिजुली बनेका छन् । मेघ र बिजुलीको विवाह हिन्दु संस्कार र संस्कृतिअनुसार आयोजना गरिएको छ । विवाहले दुई परिवारबिच नयाँ नातासम्बन्ध जोड्ने काम गर्छ । प्रकृतिमा पनि मेघ र बिजुलीको विवाहबाट धरती र आकाशको सुखद मिलन हुन्छ । आकाशले धरतीलाई अमृतरूपी वर्षा उपहार दिन्छ । धरतीले उक्त वर्षाबाट हरियाली वातावरण कायम गर्छ । प्राणीका लागि खाद्यान्न उब्जाउँछ । तसर्थ कविले मेघ र बिजुलीको विवाहलाई जीवन र जगत्का लागि महŒवपूर्ण भएको ठानेका छन् । असार महिनामा ग्रहगति अर्थात् शुभ साइत मिलाएर विवाहको लगन जुराइएको छ । असार महिनामा हुन लागेको उक्त विवाहमा प्रकृति जगत् नै एकजुट भएका छन् । बाँसका झ्याङले झ्याली बजाएका छन् । सिङ्गो प्रकृति जगत् पञ्चेबाजा बजाउन क्रियाशील छ । कविताांशमा उल्लिखित यस सन्दर्भले नेपाली वैवाहिक परम्पराको हर्षोल्लासलाई सङ्केत गरेको छ । पहाडले हरियो दोसल्ला ओडेको छ । वरिपरिका अग्ला डाँडा पुरेत बनेर विवाह मण्डपमा बसेका छन् । यस श्लोकमा मेघलाई वर, बिजुलीलाई वधू र अग्ला पहाडलाई पुरेतका रूपमा चित्रण गर्दै प्रकृतिलाई मानवीकरण गरिएको छ ।

अतः शिखरिणी छन्दमा रचित उपर्युक्त कवितांशले वैदिक विधिद्वारा मेघ र बिजुलीको विवाह सम्पन्न गराउने क्रममा प्रकृतिका विभिन्न वस्तुलाई अलग अलग भूमिकामा प्रस्तुत गरेको छ। विवाह उत्सवको सांस्कृतिक र परम्परित महŒवको जीवन्त चित्रण गरिएको छ। यसका साथै कवि मनमा निहीत अगाध प्रकृति र संस्कृतिप्रेम प्रस्तुत भएको छ।

२. कक्षालाई विद्यार्थी सङ्ख्याको अनुपात हेरी समूहमा विभाजन गर्नुहोस् । व्याख्याको संरचना, दिइएको निर्दिष्ट कवितांशको भाव आदिका बारेमा छलफल गराउनुहोस् ।

३. छलफलपश्चात् प्रत्येक विद्यार्थीलाई पाठ्य कविताका कुनै श्लोक व्याख्या गर्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।

४. लेखनपश्चात् केही विद्यार्थीलाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् । बाँकी विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

५. विद्यार्थीले लेख्न छुटाएका विषयवस्तु तथा संरचनाबारे आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## मूल भाव लेखन

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गर्नुहोस् । अगिल्ला कक्षामा सिकेका श्लोकका भावार्थलाई छलफलसहित पुनरावृत्ति गराउनुहोस् ।

२. यस क्रममा भावार्थ लेखनमा कविताको श्लोकमा केन्द्रित हुनुपर्ने र मूल भाव लेखनमा पूरै कविता वा पाठमा केन्द्रित हुनुपर्ने बताइदिनुहोस् ।

३. विद्यार्थी समूहलाई कविताको प्रत्येक श्लोकका मुख्य मुख्य विषयवस्तु समेटेर मूल भाव लेख्न उत्प्रेरित गर्नुहोस् ।

४. समूह कार्यका क्रममा अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

५. समूहका कुनै एक जना विद्यार्थीलाई कविताको मूल भाव प्रस्तुतिकरणको अवसर दिनुहोस् । थपघट गर्नुपर्ने विषयवस्तुका बारेमा छलफल गर्न लगाउनुहोस् र त्यसपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६. शिक्षकले पाठ्य कविताको मूल भाव लेखनको नमुना स्लाइड वा चार्ट प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई पालैपालो वाचन गर्न लगाउनुहोस् । सोही क्रममा कविताको श्लोक, भावार्थ र मूल भावबिचको सम्बन्धका बारेमा छलफल गराई धारणा स्पष्ट पार्नुहोस् ।

## (ग) मूल्याङ्कन

**१. दिइएको श्लोकको व्याख्या गर्न लगाउनुहोस् :**

भइन् पृथ्वी तन्ना चउर छ गलैँचा मखमली

दुलहाको रातो झलल पगरी भो हिमचुली

## आठौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| विषयवस्तुको बोध र धारणा | विषयवस्तु बोध गरी धारणा व्यक्त गर्न | • वर्णपत्ती<br>• शब्दपत्ती<br>• अनुच्छेदपत्ती<br>• शब्दकोश |
| वर्ण र शब्दकोशीय क्रम पहिचान | • लेख्य र कथ्य वर्ण पहिचान गर्न<br>• नेपाली शब्दकोशमा राखिएको वर्णको क्रम पहिचान गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले गीत वा चुट्किला सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### विषयवस्तुको बोध र धारणा

१. पाठ्य कवितामा मेघ र बिजुलीलाई दुलहा र दुलहीका रूपमा चित्रण गरिएको सन्दर्भबारे छलफल गराउनुहोस् ।

२. अन्य कुन कुन विषयवस्तुसँग तुलना गरिएको छ भनेर विद्यार्थीलाई प्रश्न सोध्नुहोस् । विद्यार्थीले भनेका कुरा शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । टिपिएका विषयवस्तुका बारेमा विद्यार्थी विद्यार्थीबिच छलफल चलाउनुहोस् ।

३. तुलना गरिएका विषयवस्तुको चार्ट वा स्लाइड प्रदर्शन गर्नुहोस् र शिक्षकले प्रदर्शन गरेका विषयवस्तु र विद्यार्थीले भनेका विषयवस्तुका बारेमा छलफल चलाई धारणा स्पष्ट पार्नुहोस् ।

जस्तै :

| **विषयवस्तु** | **तुलना** | **विषयवस्तु** | **तुलना** |
|---|---|---|---|
| पुरेत | नग | मण्डप | वन |
| केराका थाम | शैलश्रेणी | तन्ना | पृथ्वी |
| दुलहाको पगरी | हिमचुली | जन्ती | बकुल्ला |

३. विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । आधा समूहमा आकाश गर्जी बिजुली चम्किँदा मनमा एक्कासि कस्तो भावना आउँछ भन्नेबारे समूहमा छलफल चलाउनुहोस् । अर्को आधा समूहमा झमझम पानी परेका समयमा हुने अनुभूतिका बारेमा छलफल चलाउनुहोस् ।

४. दुवै समूहको निष्कर्ष विद्यार्थीलाई भन्ने अवसर प्रदान गर्नुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

### वर्ण पहिचान, शब्दकोशीय क्रम र प्रयोग

१. विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । प्रत्येक समूहलाई नेपाली वर्णमाला (क, ख, .. अ, आ ..) कापीमा लेख्न लगाउनुहोस् । त्यसपछि समूह समूहबिच कापी साटेर कापी परीक्षण गर्न लगाउनुहोस् ।

२. शिक्षकले नेपाली वर्णमालाको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई वर्ण उच्चारण गर्न उत्प्रेरित गर्नुहोस् । लेख्य वर्णमध्ये उच्चारण नहुने वर्ण कुन कुन हुन् छलफल गराई टिपोट गर्न लगाउनुहोस् । टिपिएका वर्णहरू विद्यार्थीलाई भन्ने अवसर दिई आवश्यक सहजीकरण गर्नुहोस् ।

३. उच्चार्य वर्णको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । कुन कुन वर्ण छुटेका छन्, टिप्न लगाउनुहोस् । ती वर्णहरू लेख्य हुन भन्ने अवधारण स्पष्ट पारिदिनुहोस् । सिकाइका क्रममा आवश्यक सहजीकरण गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. शिक्षकले स्वर वर्णको शब्दकोशीय क्रम स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई प्रदर्शन गरिएका वर्ण उच्चारण गर्न अभिप्रेरित गर्नुहोस् ।

५. समूहमा कुन वर्णपछि कुन वर्ण आउँछ भनी प्रश्नोत्तर शैलीमा छलफल चलाउनुहोस् । यस क्रममा स्वर वर्ण र यससँग जोडिएका मात्रा सङ्केत टिपोट गर्ने लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

६. शिक्षकले व्यञ्जन वर्णको शब्दकोशीय क्रम स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई प्रदर्शन गरिएका वर्ण उच्चारण गर्न अभिप्रेरित गर्नुहोस् । अभ्यास १३ मा दिइएका प्रश्नका बारेमा छलफल गराउनुहोस् । छलफलको निष्कर्ष टोली नेतालाई प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।

प्रश्न : (क) शब्दकोशको क्रममा क्ष, त्र, ज्ञ कुन कुन वर्णपछि आउँछ ?

(ख) शब्दकोशको क्रममा क्, ख्, ग् कुन कुन वर्णपछि आउँछ ?

७. शिक्षकले शब्दचार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीको समूहलाई शब्दकोशीय क्रमअनुसार शब्दको क्रम मिलाउन लगाउनुहोस् ।

८. सामूहिक कार्यका क्रममा आवलोकन र आवश्यक सहजीकरण गर्दै जानुहोस् । त्यसपछि समूह समूहबिच कापी साटेर कापी परीक्षण गर्न लगाउनुहोस् । त्रुटि क्षेत्र हेरी सिकाइ सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

९. निर्दिष्ट शब्दको अर्थ शब्दकोशबाट खोजी कापीमा लेख्न लगाउनुहोस् । साथी साथीबिच छलफल गरी टोली नेतामार्फत शब्दको अर्थ भन्ने अवसर दिनुहोस् । यस क्रममा सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

१. 'मेघ बिजुली विवाह' कवितामा मेघ र बिजुलीलाई दुलहा दुलहीका रूपमा चित्रण गरिए जस्तै अन्य कुन कुन विषयवस्तुलाई के केसँग तुलना गरिएको छ, भन्न लगाउनुहोस् ।

# नवौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | विनम्रतामा आधारित भाषिक सञ्चार गर्न | • अडियो/भिडियो |

| | | |
|---|---|---|
| श्रुतिबोध | सुनाइ पाठ १ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न | ● प्रश्नोत्तर चार्ट<br>● अनुच्छेदपत्ती |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले गाउँखाने कथा वा उत्प्रेरक भनाइ सुनाएर ध्यान आकर्षित गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गर्नुहोस् ।

३. सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## भाषिक प्रकार्य

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभयास १४ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

२. चार्ट वा स्लाइडमा प्रदर्शन गरिएको सामग्रीको भाषाशैली, सन्दर्भ, परिवेशका बारेमा समूहको धारणा बनाउन उत्प्रेरित गर्नुहोस् ।

३. शिक्षकले विनम्रताका विषयवस्तुमा केन्द्रित रही भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस् र संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस् । जस्तै :

| | |
|---|---|
| गीता | : नमस्कार गुरुआमा ! |
| गुरुआमा | : नमस्कार गीता, सन्चै हुनुहुन्छ ? |
| गीता | : सन्चै छु गुरुआमा । |
| गुरुआमा | : तपाईंको बोली मिठो छ । आफूभन्दा ठुलालाई शिर झुकाएर सम्मान गर्ने बानी छ । |
| गीता | : तपाईंले सिकाउनुभएको त हो नि गुरुआमा । |
| गुरुआमा | : तपाईंलाई आमाबुबाले पनि सिकाउनुभएको हो । छरछिमेक, इष्टमित्र, साथीभाइसँग बोल्दा पनि आदर र सम्मान गरेर बोल्ने बानी छ । हिजो तपाईंले पसलेसँग कलम माग्नुभएको रहेछ । म पसलमा जाँदा तपाईंको प्रसंशाा गर्दै थिए । |
| गीता | : गुरुआमा, मलाई मेघ बिजुली विवाहका बारेमा केही बताइदिनुहोस् न । हिजो म विद्यालय आउन पनि सकिनँ । |
| गुरुआमा | : यस कविताका मेघ वा बादललाई बेहुला र बिजुलीलाई बेहुली बनाइएको छ । |
| गीता | : वास्तविक जीवनमा मेघ र बिजुलीको विवाह हुन सक्छ र गुरुआमा ? |
| गुरुआमा | : कवितामा मेघ र बिजुलीको विवाह गराएर वर्ष ऋतुको सुन्दर वर्णन गर्न खोजेका हुन् । यस कवितामा प्रकृतिलाई मानवीकरण पनि गरिएको छ । |
| गीता | : बल्ल बुझेँ गुरुआमा । हजुरलाई धेरै धेरै धन्यवाद । |

४. बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ मा दिइएको सन्दर्भ बुझेर हाउभाउसहित पालैपालो आफ्ना विचार प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

५. विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

६. विद्यार्थीको बोली, हाउभाउ र व्यवहारमा विनम्रताको भाव झल्किएको छ छैन त्यसको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## श्रुतिबोध

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । विद्यार्थीलाई सुनाइ र बोलाइका बारेमा छलफल गराई टोली नेतामार्फत धारणा राख्ने अवसर दिनुहोस् ।

२. टोली नेताले राखेका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै :

- सुनाइ  र बोलाइ खण्डमा दिइएका प्रश्नहरू ध्यानपूर्वक पढ्नुहोस् ।
- सुनाइ पाठका विषयवस्तु ध्यानपूर्वक सुन्नुहोस् ।
- सुनाइ पाठमा आधारित भएर प्रश्नको संरचनाअनुसार उत्तर भन्नुहोस् ।

३. सुनाइ पाठ १ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकताका आधारमा (दुई वा दुईभन्दा बढी) सुनाउनुहोस् ।

४. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको अभ्यास १ को अभ्यास मौखिक रूपमा गराउनुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

५. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको अभ्यास २ समूहमा छलफल गराउनुहोस् । टोली नेतालाई पालैपालो कवितामा नेपाल र नेपालीको पहिचानबारे भन्न उत्प्रेरित गर्नुहोस् ।

६. विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. सुनाइ पाठ १ का आधारमा दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(क) म देशको को हुँ ?

(ख) म केको बगैँचा हुँ ?

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| नाम, सर्वनाम र विशेषण | नाम, सर्वनाम र विशेषण शब्द पहिचान गरी प्रयोग गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• शब्द तालिका<br>• अनुच्छेदपत्ती |
| पदसङ्गति | नाम र सर्वनाम, विशेषण र विशेष्य, भेदक र भेद्यबिच पदसङ्गति मिलाई वाक्य रचना गर्न | |
| वर्णविन्यास | शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकार (ि) को पहिचान र प्रयोग गर्न | |
| सिर्जना र परियोजना कार्य | निर्दिष्ट विषयवस्तुमा छलफल गरी प्रस्तुति दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले गाउँखाने कथा वा कविता सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## नाम, सर्वनाम र विशेषण

१. विद्यार्थी सङ्ख्याको अनुपात मिलाई समूह बनाउनुहोस् । पूर्व ज्ञानका आधारमा विद्यार्थीलाई समूहमा छलफल गर्न लगाई नाम, सर्वनाम र विशेषण शब्द भन्न उत्प्रेरित गर्नुहोस् ।

२. समूहबाट आएका शब्द शैक्षणिक पाटीमा तालिका बनाई टिप्नुहोस् । पाँच पाँचओटा उदाहरण आइसकेपछि तालिकामा टिपोट गरिएका शब्द मिलेका छन् किन छैनन्, पत्ता लगाउन भन्नुहोस् । शिक्षकले आवश्यकतानुसार सहजीकरण गरिदिनुहोस् ।

३. अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । त्यस अनुच्छेदबाट पाँच पाँचओटा नाम शब्द टिपोट गर्न लगाउनुहोस् । जस्तै :

> नेपालमा विभिन्न पर्व मनाइन्छ । तिनै महŒवपूर्ण पर्वमध्ये सुदूरपश्चिममा नारीले विशेष रूपमा मनाउने पर्व हो गौरा । यस पर्वमा महिला व्रत बस्छन्, भगवान् शिवपार्वतीको पूजा गर्छन् । यो पर्व पारिवारिक सद्भाव र सुख समृद्धिको कामना गरेर मनाइने पर्व हो । यस पर्वमा पोखरी, नदी आदिमा नुहाएर घरको सरसफाइ तथा पूजासामग्री तयार गरिन्छ ।

४. टिपिएका नाम शब्द विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् । के, को प्रश्न गर्दा उत्तर आउने पद नाम हुन् भन्ने जानकारी गराउँदै पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. शिक्षकले सर्वनामको अधिक प्रयोग भएको कुनै अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । त्यस अनुच्छेदबाट पाँच पाँचओटा सर्वनाम शब्द टिपोट गर्न लगाउनुहोस् ।

> म, भाइ र बुबाआमा मामाघर गयौँ । हामीचाहिँ मज्जाले हिँड्यौँ तर भाइ हिँड्न सकेन । ऊ बिहानैदेखि म हिँड्न सक्दिनँ भनेर कचकच गर्दै थियो । बुबाआमाले पालैपालो भाइलाई बोक्नुभयो । आफू भने उहाँहरूको अगि अगि हिँडियो । बाटामा को को भेटिए, के के कुराकानी गरे हामीले ध्यान दिएनौँ । सबै जना मामाघर पुग्दा झमक्क साँझ पर्‍यो । त्यहाँ धेरै नै नयाँ घर बनिसकेका रहेछन् । त्यो देखेर मलाई

पुरानै घरको याद आयो ।

६. टिपिएका सर्वनाम शब्द विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् । सर्वनाम शब्द नामको सट्टामा प्रयोग भई काम गर्ने अवधारणा स्पष्ट पारी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. शिक्षकले कुनै अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । त्यस अनुच्छेदबाट पाँच पाँचओटा विशेषण शब्द टिपोट गर्न लगाउनुहोस् ।

मेरो नेपालमा सेता हिमाल, हरिया पहाड र उर्वरशील तराई छ । यहाँ विविध जातजाति, अनेक संस्कृति र सयौँ भाषा छन् । मिहिनेती मानिस बसोबास गर्ने यस देशमा आफू मरेर अरूलाई बचाउने वीर पुर्खा जन्मेका थिए । स्वच्छ हावापानी र प्राकृतिक सभ्यतालाई जोगाइराख्न सक्ने वातावरण नेपालको पहिचान हो ।

८. टिपिएका विशेषण शब्द विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् । नामको अगिल्तिर आएर नामको विशेषता जनाउने तथा कस्तो, कत्रो, कुन प्रश्नको उत्तरमा आउने पद विशेषण हुन्छन् भन्ने जानकारी गराउँदै पृष्ठपोषण प्रदान गर्नुहोस् ।

९. शिक्षकले तलका वाक्यलाई स्लाइड वा चार्ट प्रदर्शन गरी रेखाङ्कित शब्दका बारेमा छलफल गर्नुहोस् र छलफलको निष्कर्ष विद्यार्थीलाई भन्न लगाई आवश्यक सहजीकरण गरिदिनुहोस् ।

तपाईँ धेरै पढ्नुहुन्छ ।

तपाईँ धेरै राम्ररी पढ्नुहुन्छ ।

तपाईँ धेरै राम्रो पढ्नुहुन्छ ।

तपाईँ धेरै किताब पढ्नुहुन्छ ।

१०. शिक्षकले भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास १ को अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई छलफल गराउँदै प्रश्नको निर्देशानुसार तालिकामा शब्द टिपोट गर्न लगाउनुहोस् ।

११. विद्यार्थी समूहको क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।विद्यार्थीका उत्तरलाई समूहमा छलफल गराई निष्कर्ष दिनुहोस् । यसैगरी प्रश्न २ को अभ्यास गराई पृष्ठपोषण दिनुहोस् ।

१२. समूहलाई नाम, सर्वनाम र विशेषण शब्द प्रयोग गरी छोटो अनुच्छेद तयार गर्न लगाउनुहोस् । विद्यार्थीलाई अनुच्छेद प्रस्तुतिको अवसर दिई पृष्ठपोषण दिनुहोस् ।

## पदसङ्गति

१. विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । नाम र सर्वनाम, विशेषण र विशेष्य, भेदक र भेद्यको सङ्गति मिलेका र नमिलेका वाक्य स्लाइड वा चार्टमार्फत प्रदर्शन गरी छलफल गराउनुहोस् ।

२. नाम र सर्वनामको सङ्गति नमिलेका वाक्य प्रदर्शन गरी समूहलाई सङ्गति मिलाउन लगाउनुहोस् । समूह कार्यपश्चात् समूह समूहबिच कापी परीक्षण गर्न लगाई आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

३. विशेषण र विशेष्यको सङ्गति नमिलेका वाक्य प्रदर्शन गरी समूहलाई सङ्गति मिलाउन लगाउनुहोस् । समूह कार्यपश्चात् विद्यार्थीलाई प्रस्तुति गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

४. भेदक र भेद्यको सङ्गति नमिलेका वाक्य प्रदर्शन गरी समूहलाई सङ्गति मिलाउन लगाउनुहोस् । समूहको क्रियाकलापका क्रममा कोकोकी, रोरारी, नोनानी विभक्ति लागेर भेदक विशेषण बन्ने र सङ्गति मिलाउने क्रममा लिङ्ग, वचन र आदरसमेतलाई ख्याल गर्नुपर्ने कुरा स्पष्ट पार्नुहोस् ।

५. समूह कार्यलाई विद्यार्थीमार्फत प्रस्तुतिकरण गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

## वर्णविन्यास

१. ह्रस्व र दीर्घ मात्राका बारेमा छलफल गराई विद्यार्थीको पूर्व ज्ञान पहिचान गरी विषयवस्तु प्रारम्भ गर्नुहोस् ।

२. शिक्षकले अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरी ह्रस्व इकार प्रयोग भएका शब्द टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्द विद्यार्थीलाई भन्न लगाउनुहोस् र शिक्षकले शैक्षिणिक पाटीमा टिप्दै जानुहोस् ।

> प्रकृति मानिसको उन्नति एवम् वैज्ञानिक उपलब्धिभन्दा कयौँ गुणा बढी शक्तिशाली छ । दिन र रात हुनु एउटा प्रकृतिको नियम हो । मान्छेले चाहेर पनि पुरै दिनलाई रात र रातलाई दिन बनाउन सक्दैन ।

३. शैक्षणिक पाटीमा टिपोट गरिएका शब्दका बारेमा छलफल गर्नुहोस् । शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकार लागेका शब्दलाई अलग अलग तालिका राख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

४. ह्रस्व 'इ' र इकार पहिचानका क्रममा भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ५ गराई थप धारणा स्पष्ट पार्नुहोस् ।

५. पाठ्य कविताबाट ह्रस्व इकार लागेर बनेका शब्द पहिचान गर्न लगाउनुहोस् । पाठ्य कवितामा सुरु, बिच र अन्तिममा ह्रस्व इकार प्रयोग भएका शब्दको तालिका बनाई विद्यार्थीलाई प्रस्तुतिकरणको अवसर दिनुहोस् । अन्य समूहलाई सहजीकरण गर्न लगाउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

६. शिक्षकले ह्रस्व इकारमा अशुद्ध भएका वाक्यहरू प्रदर्शन गरी वर्णविन्यास मिलाउने क्रियाकलाप गराउनुहोस् । छलफलसहित शिक्षकले शैक्षिणिक पाटीमा नमुना देखाई वर्णविन्यास मिलाउने तरिका स्पष्ट पार्नुहोस् ।

७. शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकार प्रयोग भएका शब्द प्रयोग गरी अनुच्छेद लेख्न लगाउनुहोस् । कतिओटा ह्रस्व इकार प्रयोग भएका शब्द प्रयोग भएका छन्, छलफल गराई आवश्यक सहजीकरण गर्नुहोस् र पृष्ठपोषण दिनुहोस् ।

### शिक्षकका लागि सन्दर्भ सामग्री

**ह्रस्व इकारको प्रयोग**

**(अ) शब्दको सुरुमा ह्रस्व**

- **तद्भव र आगन्तुक नाम** : किताब, इज्जत सिक्किम आदि ।
- **दुई अक्षरका सर्वनामहरू** : तिनी, यिनी, तिमी आदि ।
- **परम्परागत रूपमा दीर्घ लेखिँदै आएका तद्भव शब्द** : तितो, मिठो, तिखो, बिच, ठिक आदि ।
- **सङ्ख्यात्मक शब्द** : बिस, तिस, त्रिचालिस आदि ।
- **सबै अव्ययहरू** : हिजो, भित्र, सित, कि आदि ।
- **सबै धातु/क्रियापद** : दि, किन्, लिन्छ आदि ।

- **सबै अनुकरणात्मक शब्द** : किटिक्क, झिलिमिली आदि ।

**(आ) शब्दको बिचमा ह्रस्व :**

- **तद्भव र आगन्तुक नाम** : भानिज, सिलिङ आदि ।
- **सङ्ख्यात्मक शब्द** : चौबिस, एकतिस, चवालिस आदि ।
- **अव्यय शब्द :** अहिले, बाहिर, कहिले, दिउँसो आदि ।
- **विशेषण शब्द** : अमिलो, बलियो, मौखिक आदि ।
- **सबै क्रियापद** : पिटियो, बसिन्छ, खाइयो आदि ।
- **सबै अनुकराणात्मक शब्द** : झिमिक्क सिर्सिर आदि ।
- **अति, अधि, अभि, परि, प्रति, उपसर्ग लागेका शब्द :** अतिरिक्त, अधिकार, अभिनय, परिवर्तन, प्रतिनिधि आदि ।
- **इया, इयाँ, इयार, इलो, इक, इका, इत, इम, ता, त्व प्रत्यय लागेका शब्द** : घटिया, चिनियाँ, अंशियार, दरिलो, भाषिक, लेखिका, रचित, अग्रिम, सहकारिता, स्वामित्व आदि ।
- **पुलिङ्गबाट स्त्रीलिङ्ग बनाइएका शब्द** : कर्किनी, थपिनी आदि ।

**(इ) शब्दको अन्त्यमा ह्रस्व :**

- **पुलिङ्गी नाम र नाता बुझाउने शब्द :** दाइ, भाइ, हरि आदि । (अपवाद : सम्धी, हात्ती, स्वामी)
- **अव्यय शब्द :** अगाडि, पछाडि, भोलि, वरिपरि आदि ।
- **'आइ, याइँ' प्रत्यय लागेका शब्द** : पढाइ, मुर्ख्याइँ आदि ।
- **चि, टि, णि, ति, थि, धि, षि, मि, रि, लि आउने तत्सम शब्द :** रुचि, त्रुटि, मणि, कृति, निधि, विधि, कृषि, रश्मि, गिरि, कलि आदि ।

## सिर्जना र परियोजना कार्य

१. सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

२. विद्यार्थीलाई कक्षामा सुनाउने गरी देशप्रेमको भाव भएको कविता सङ्कलन गरेर ल्याउन लगाउनुहोस् ।

## (ग) मूल्याङ्कन

१. दिइएका अनुच्छेदबाट नाम, सर्वनाम र विशेषण शब्द पहिचान गरी भन्न लगाउनुहोस् :

सन्तलाई भन्यो, "बिच्छी स्वभावैले रिसाहा र दुष्ट हुन्छ । तपाइँ यसलाई बचाउन किन यस्तो कष्ट गर्नुहुन्छ ?" सन्तले माझीलाई भने, "बिच्छी स्वभावैले जति रिसाहा र दुष्ट हुन्छ, मानिसले पनि त्यति नै क्षमाशील र सज्जन हुन प्रयास गर्नुपर्छ । यो बिच्छी आफ्नो स्वभाव छोड्दैन भने म पनि आफ्नो धर्मलाई कसरी छोडौँ" ?" यति भनी सन्तले तेस्रो पटक पनि प्रयास गरे । यस पटक भने बिच्छीलाई पानीबाट बाहिर निकाल्न उनी सफल भए ।

२. चार चारओटा सर्वनाम र विशेषण शब्द पर्ने गरी मामाघर जाँदाको अनुभव सुनाउन लगाउनुहोस् ।

३. दिइएको वाक्यलाई शुद्धीकरण गर्न लगाउनुहोस् :

कर्णकान्त अब लमकलमक आफ्नो वासस्थानतीर आफ्ना मीत नेत्रलाललाई टाउकामा चढाएर फर्केछ । दुई मीतहरू त्यसपछी धेरै धेरै वर्षसम्म सँगसँगै दुःख सुख बाँडेर बसेछन् ।

## एघारौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
| --- | --- | --- |
| कविता सङ्कलन र प्रस्तुति | देशभक्ति भाव व्यक्त गर्ने कविता सङ्कलन गरी लयबद्ध वाचन गर्न | • अडियो / भिडियो<br>• कविता चार्ट |
| कविता रचना | कविता रचना गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले कविता वा मुक्तक सुनाएर ध्यान आकर्षित गर्नुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### कविता सङ्कलन र प्रस्तुति

१. कविता लयवद्ध वाचन गर्दा ध्यान दिनुपर्ने विषयमा विद्यार्थी समूहबिच छलफल गराउनुहोस् ।

२. सिर्जना र परियोजना खण्ड अभ्यास २ मा दिइएको निर्देशनअनुसार विद्यार्थीले सङ्कलन गरेर ल्याएको देशप्रेमको भाव भएको कविता पालैपालो प्रस्तुतिकरण गर्ने अवसर दिनुहोस् ।

३. सङ्कलित कविता र वाचनका बारेमा विद्यार्थीलाई स्वतः स्फूर्त सुझाव दिन लगाउनुहोस् । कविता प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

### कविता रचना

१. कविता रचना गर्ने तरिकाका बारेमा विद्यार्थीबिच छलफल गराउनुहोस् । छलफलको निष्कर्ष विद्यार्थीलाई भन्न उत्प्रेरित गर्नुहोस् । आवश्यक सहजीकरणसहित कविता रचना गर्ने तरिका सिकाउनुहोस् ।

२. खाली ठाउँमा उपयुक्त शब्द राखी कविताको श्लोक पूरा गर्ने कविता स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । प्रत्येक समूहलाई खाली ठाउँमा उपयुक्त पद वा पदावली राखेर कविता पूरा गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

३. कविताको श्लोक तयार भएपछि लय, गति, यति मिलाई वाचन गर्न उत्प्रेरित गर्नुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला दिनुहोस् ।

४. सिर्जना र परियोजना कार्य अभ्यास १ (ख) को खाली ठाउँमा उपयुक्त पद वा पदावली राखेर कविताको श्लोक पूरा गर्न उत्प्रेरित गर्नुहोस् । यसका लागि आवश्यक समय दिनुहोस् ।

५. कविताको श्लोक तयार भएपछि विद्यार्थीलाई पालैपालो कविता वाचन गर्ने अवसर प्रदान गर्नुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

६. शिक्षकले तयार पारेको कविताको नमुना प्रस्तुत गर्नुहोस् । शिक्षक र विद्यार्थीले सामूहिक रूपमा कविता वाचन गरी कक्षा समापन गर्नुहोस् । जस्तै :

फुलेका छन् सयपत्री फूल बारीभरि

छरेका छन् मगमग बास्ना वरिपरि ।

पुतलीका हुल आई बस्छन् फूलमाथि

माहुरीका हुल हेर आहा कति जाती ।

**(ग) मूल्याङ्कन**

१. **उपयुक्त शब्द राखी दिइएको कवितांश पूरा गर्न लगाउनुहोस् :**

ढकमक्क फूल फुल्ने हाम्रो फूलबारी

सयपत्री फूल फुल्ने .....................

मखमली .................. फूलबारी

रङ्गीचङ्गी ................ फूल ..... ।

२. **'हिमाल' वा अन्य कुनै शीर्षकमा कविता रचना गर्न लगाउनुहोस् ।**

# पाठ : २ स्वाद

**विधा : कथा** **कार्यघण्टा : ११**

## परिचय

**'स्वाद'** कथा आख्यानकार ध्रुवचन्द्र गौतम (वि.सं. २००१) द्वारा रचित सामाजिक कथा हो । यस कथामा दैनिक जीवनका क्रियाकलापसँग सम्बन्धित विषयवस्तुलाई समेटिएको पाइन्छ । त्यसैले शिक्षकले यस कथालाई सहजीकरण गराउँदा सामाजिक विषयवस्तुमा आधारित भएर दैनिक जीवनसँग सम्बन्धित भई क्रियाकलाप सञ्चालन गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ ।

कथावस्तु, उद्देश्य, पात्र, संवाद, परिवेश आदिको संयोजन गरेर विद्यार्थीलाई पाठ्यक्रमको उद्देश्यबमोजिम क्रियाकलाप गराउँदा शिक्षकबाट सहजकर्ता, उत्प्रेरक, खोजकर्ता एवम् रचनाकारका रूपमा भूमिका खेलिने छ । कथा सहजीकरणलाई क्रियाकलापमुखी, उद्देश्यमूलक, रुचिकर एवम् प्रभावकारी बनाउने प्रयास गरिएको छ । कथनात्मक अभिव्यक्ति सिपको विकास गराउन सुनाइ, बोलाइ, पढाइ र लेखाइका माध्यमबाट सिकाइसम्बद्ध क्रियाकलाप प्रस्तुत गरिएको छ । कथा सहजीकरण गराउन कथाकथन, कथाश्रवण, सस्वर तथा मौन पठन, शब्दोच्चारण, अर्थ बोध र प्रयोग, संरचना पहिचान, अनुलेखन, श्रुतिलेखन, बोध प्रश्नोत्तर, चरित्रको चित्रण तथा तुलना, बुँदा टिपोट, सारांश, व्याख्या, घटना टिपोट तथा घटनाक्रम मिलान, कथासार, कथा निर्माण, तुलनामा आधारित भाषिक प्रकार्य तथा श्रुतिबोध प्रस्तुत गरिएको छ । समावेशित सिर्जनात्मक एवम् परियोजना कार्यसम्बद्ध क्रियाकलाप सकेसम्म मौलिक होउन् भन्ने अपेक्षा गरिएको छ । विद्यार्थीमा कथयिताको भावोत्सुकता जगाउन क्रमशः ज्ञानार्जन तथा मूल्याङ्कन गर्ने क्रियाकलाप प्रस्तुत गरिएको छ ।

भाषिक संरचना र वर्णविन्यासअन्तर्गत धातु, कृदन्त शब्द पहिचान र प्रयोग तथा शब्दको सुरु, मध्य र अन्त्यमा दीर्घ ईकार लागेका शब्दको पहिचान र प्रयोग गर्ने विषयलाई कार्यमूलक बनाइएको छ । विद्यार्थीको रुचि, स्तर अनि पाठ्यक्रमको उद्देश्यलाई ख्याल गरी निर्धारित कार्यघण्टाभित्र पाठाभ्यासमा सान्दर्भिक अभ्यास समेटेर प्राथमिकता क्रममा राखिएको छ । यसका साथै सुनाइ पाठ २ वा कुनै उपयुक्त सामाजिक कथा सुनाएर श्रुतिबोधको प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पहिलो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सामाजिक विषयवस्तुमा आधारित छलफल | चित्र र सन्दर्भका आधारमा दैनिक जीवनसँग सम्बन्धित विषय वस्तुमा छलफल गर्न | • दैनिक जीवनसँग सम्बन्धित घटनाबोधक चित्रहरू<br>• अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• शब्दकोश |
| सस्वर पठन तथा शब्दोच्चारण | कथा सस्वर पठन तथा शब्दोच्चारण गर्न | |
| पाठगत शब्दार्थ र वाक्यमा प्रयोग | पाठगत शब्दार्थ र वाक्यमा प्रयोग गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. कुनै रोचक कथा सुनाउँदै आजको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

२. समाजमा घट्ने गरेका घटना, पेसा वा व्यवसाय, संस्कृति वा दैनिक जीवनसँग सम्बन्धित व्यवहारगत घटना आदिको रोचक सन्दर्भबारे विद्यार्थीलाई भन्ने अवसर दिनुहोस् वा वा आफू स्वयम्को प्रस्तुतिका साथ विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### सामाजिक विषयवस्तुमा आधारित छलफल

१. सामाजिक विषयवस्तुअन्तर्गत दैनिक जीवनसँग सम्बन्धित विषयका सान्दर्भिक चित्र प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई पनि देखेका, सुनेका वा भोगेका घटना सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. शिक्षकले समाजमा घट्न सक्ने घटना, घरेलु बाल श्रम, महिला हिंसा, गरिबी आदिसँग सम्बन्धित समस्या, आर्थिक समस्या, गरिबी, लैङ्गिक विभेद आदि घटनाबारे छलफल गर्न लगाउनुहोस् र अवलोकन गर्दै आवश्यक पृष्ठपोषण दिनुहोस् ।

३. पाठ्य विषयबारे विद्यार्थीको समूह विभाजन गरी सामूहिक छलफल चलाउनुहोस् । विद्यार्थीले बुझेका कुरा समूह प्रतिनिधिलाई प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. विद्यार्थीलाई पाठ २ मा दिइएको चित्रका बारेमा वर्णन गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### सस्वर पठन तथा शब्दोच्चारण

१. विद्यार्थीलाई कथा वाचनका लागि उत्प्रेरणा जगाउनुहोस् । उनीहरूलाई पालैपालो कथा अनुच्छेद १ देखि ३० सम्म पठन गर्नका लागि अवसर प्रदान गर्नुहोस् ।

**सस्वरवाचन गर्दा ध्यान दिनुपर्ने पक्ष स्मरण गराउनुहोस्**

- गति (पठन वेग), यति (पद पदका बिचको विश्राम) मिलाई पढ्नुपर्ने
- विराम चिह्नको ख्याल गरी पढ्नुपर्ने
- हिज्जे (वर्णको लेख्य विन्यास) को ख्याल गर्नुपर्ने, संवादअनुकूल अभिनयमूलक तरिकाले वाचन गर्नुपर्ने

२ विद्यार्थीले निर्दिष्ट अनुच्छेद सस्वर पठन गर्न सके नसकेको, उच्चारणगत त्रुटि भए नभएको आदि विषयमा अवलोकन गरी छलफल चलाउनुहोस् ।

३. शिक्षकले सस्वरवाचन गरेर वा रेकर्ड गरेको सामग्री सुनाउनुहोस् । शुद्ध, प्रस्ट उच्चारण गरी वाचन गर्नुपर्ने कुरा बताइदिनुहोस् र विद्यार्थीको पनि प्रतिक्रिया लिई शब्दोच्चारणमा सहजीकरण गरिदिनुहोस् । आवश्यक हौसलाका साथ प्रतिस्पर्धा गराई सक्रियताका लागि स्याबासी प्रदान गर्नुहोस् ।

**उच्चारण अभ्यास नमुना तालिका**

| शब्द | उच्चारण | शब्द | उच्चारण |
|---|---|---|---|
| कारिन्दा | /का.रिन्.दा/ | गर्व | /गर्.ब/ |
| आसीन | /आ.सिन्/ | स्वाभाविक | /स्वा.भा.बिक्/ |
| टोकरी | /टो.क.रि/ | सान्त्वना | /सान्. त्व.ना/ |

४. गति, यति तथा हाउभाउसहित कथा सस्वरवाचन गर्नेलाई प्रोत्साहनस्वरूप प्रशंसा गर्नुहोस् वा स्याबासी दिनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई मौन पठन गर्न लगाउनुहोस् र अर्थ बोधका लागि आवश्यक ठानेका शब्द टिप्न लगाउनुहोस् ।

२. विद्यार्थीले सङ्कलन गरेका शब्द र शिक्षक स्वयम्ले टिपेका पाठ्य कथामा प्रयुक्त शब्दको शब्दपत्तीका सहायताले अर्थ बोध गराउनुहोस् ।

पाठ्य कथामा प्रयुक्त केही शब्द

चिजबिज, नुहाउँदैनथ्यो, घृणा, अड्डा, कारिन्दा, बहाली, आसीन, भाषण, फाल्टु, व्यग्रता, गर्व, दोष, सिँगारपटार, स्वाभाविक, सान्त्वना आदि ।

**पाठगत केही शब्द र तिनका अर्थ :**

| शब्द | अर्थ |
|---|---|
| घृणा | घिन, हेला, अपमान |
| अड्डा | कार्यालय, जागिरेहरूको काम गर्ने संस्था |
| कारिन्दा | निम्न तहको कर्मचारी, क्लर्क, नौसिन्दा |
| व्यग्रता | चिन्तित हुँदाको अवस्था, व्याकुलता |
| गर्व | घमन्ड, अभिमान, अहम् भावना |
| सान्त्वना | आश्वासन, ढाडस, सम्झाउने बुझाउने काम |

**वाक्यमा प्रयोग**

घृणा : मानवले मानवलाई **घृणा** गर्नु भनेको मानवीय मूल्य नबुझ्नु हो ।

अड्डा : **अड्डा**मा काम गर्ने कर्मचारी देश र जनताको सेवा गर्न कटिबद्ध हुन्छन् ।

३ विद्यार्थीलाई पाठ्य कथाका फाल्टु, व्यग्रता, गर्व, दोष, सिँगारपटार, स्वाभाविक, सान्त्वना आदि शब्दको सान्दर्भिक प्रयोग गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

१ विद्यार्थीलाई कारिन्दा, बहाली, आसीन, भाषण, फाल्टु, व्यग्रता, सान्त्वना शब्दलाई उच्चारण गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अड्डा, कारिन्दा, बहाली, आसीन, भाषण, फाल्टु, व्यग्रता शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

## दोस्रो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन तथा शब्दोच्चारण | सस्वर पठन तथा शब्दोच्चारण गर्न | • अनुच्छेदपत्ती<br>• अडियो वा भिडियो<br>• शब्दपत्ती<br>• शब्दकोश<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• कथा संरचना तालिका |
| पाठगत शब्दार्थ र प्रयोग | पाठगत शब्दार्थ र प्रयोग गर्न | |
| अक्षर संरचनाको पहिचान र प्रयोग | अक्षर संरचनाको पहिचान र प्रयोग गर्न | |
| कथा संरचना | कथा संरचनाको पहिचान गर्न | |
| बोध प्रश्नोत्तर | पाठगत बोध प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई पूर्वपठनको स्मरण गराउँदै रोचक घटना वा कथा सुनाउन लगाउनुहोस् वा शिक्षक स्वयम्ले सुनाउनुहोस् ।

२. 'स्वाद' कथालाई प्रतिस्पर्धात्मक रूपमा अनुच्छेद पठन गर्न उत्प्रेरित गर्नुहोस् र पाठ्यवस्तुमा प्रवेश गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### सस्वर पठन तथा शब्दोच्चारण

१. विद्यार्थीलाई पालैपालो कथा (अनुच्छेद ३१ देखि ७६ सम्म) सस्वर पठन गर्न लगाउनुहोस् । उनीहरूलाई वाचन गर्दा अभिनयमूलक तरिकाले विराम चिह्न, गति, यति आदिको ख्याल गर्न लगाउनुहोस् । आवश्यक परे पृष्ठपोषण प्रदान गर्नुहोस् ।

२ कथा पठन गर्न सके नसकेको, उच्चारणगत त्रुटि भए नभएको आदि विषयमा छलफल चलाउनुहोस् । पठन तरिकामा आफूले पनि सहजीकरण गरिदिनुहोस् ।

३. शिक्षकले कथा वाचन गरेर सुनाउनुहोस् । शुद्ध र प्रस्ट उच्चारण गरी वाचन गर्नुपर्ने कुरा बताइदिनुहोस् । विद्यार्थीले वाचन गर्दा त्रुटि भए नभएको अन्य विद्यार्थीबाट पनि प्रतिक्रिया लिई शब्दोच्चारणमा असहज महसुस गरेको अवस्थामा सहजीकरण गरिदिनुहोस् । आवश्यक हौसला दिई सक्रिय सहभागिताका लागि स्याबासी दिनुहोस् ।

**उच्चारण अभ्यास नमुना तालिका :**

| शब्द | उच्चारण | शब्द | उच्चारण |
|---|---|---|---|
| तृप्त | /त्रिप्. त/ | नोक्सानी | /नोक्.सा.नि/ |

| | | | |
|---|---|---|---|
| वास्तविक<br>अविस्मरणीय | /बास्. त. बिक्/<br>/अ.बिस्.म.र नि.य/ | फारो<br>ज्यास्ती | फा.रो/<br>/ज्यास्.ति/ |

४. विद्यार्थीलाई सक्रिय सहभागिताका लागि स्याबासी दिनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठ्य कथा मौन वाचन गर्न लगाउनुहोस् । त्यहाँ प्रयुक्त नयाँ लागेका शब्द टिपोट गर्न लगाउनुहोस् र तिनको अर्थ बोधका लागि छलफल गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

२. विद्यार्थीले टिपोट गरेका शब्द अनिश्चिन्तता, स्पष्ट, संशोधन, बम्केरै, फर्माइस, चीत्कार, कोलाहल, वैष्णव, माछावाल, पोजिसन, अनकनायो, तृप्त, छरछिमेक, वास्तविक, बयान, अविस्मरणीय, पैँचो, ओखती, नोक्सानी, फारो, भाउ, ज्यास्ती, अड्डी, तोड, टोकरी, स्वास्थ्य, गह्रौँ, महँगो, विक्रेता, मात, आदि शब्दको अर्थ भन्न तथा वाक्य निर्माण गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरी पृष्ठपोषण दिनुहोस् ।

**पाठगत केही शब्द र अर्थ**

| शब्द | अर्थ |
|---|---|
| कोलाहल | होहल्ला, कोहोलो, अत्तालिँदो हल्ला |
| चीत्कार | पीडाले अत्तालिएको आवाज, चिच्याहट |
| ज्यास्ती | ज्यादै, ज्यादा |
| फारो | मितव्ययी, फारु, कम खर्च |
| तृप्त | सन्तुष्ट, प्रसन्न, अघाएको |

**वाक्यमा प्रयोग :**

तृप्त : तिर्खाएको वेला पानी पिएपछि तृप्त भइन्छ ।

फारो : जति पैसा भए पनि फारो गरेर खर्च गर्ने बानी बसाल्नु राम्रो हो ।

३. विद्यार्थीलाई नयाँ लागेका शब्द सङ्कलन गर्न लगाउनुहोस् । शैक्षणिक पाटीमा टिपोट गरिएका शब्दलाई उच्चारण गर्न लगाउनुहोस् र आवश्यकतानुसार छलफल गराई सन्दर्भपरक प्रयोग गराउनुहोस् ।

४. शब्दपत्ती, अर्थपत्ती र वाक्यपत्तीको सहायताले एक आपसमा शब्दार्थ रर तिनको प्रयोगबारे छलफल गराउनुहोस् र आवश्यक परेमा सहजीकरण गर्नुहोस् ।

५ शब्दको अर्थ, स्रोत आदि पत्ता लगाउन शब्दकोशको प्रयोगाभ्यासमा जोड दिनुहोस् ।

## अक्षर संरचनाको पहिचान र प्रयोग

१. फरक फरक अक्षर सङ्ख्या भएका केही शब्द पाठ्य कथांशबाट टिपोट गर्न दिनुहोस् । अक्षर संरचनासम्बन्धमा विद्यार्थीलाई उच्चारण गर्न लगाई एक झोक्कामा उच्चारण भयो कि भएन पहिचान गर्न लगाउनुहोस् ।

२ पाठ्य कथामा प्रयुक्त शब्दको टिपोट गरी तिनको संरचना र अक्षर सङ्ख्या पहिचान गर्न लगाउनुहोस् । शिक्षकले आफूले तयार पारेको स्लाइड वा चार्टको प्रदर्शन गरी छलफल गराउनुहोस् । एक झोक्कामा उच्चारण हुने अक्षर नै एक अक्षर हुने कुराबारे सचेतीकरण गर्दै उच्चारणगत अक्षर संरचनाबारे उदाहरणसहित छलफल गराउनुहोस् ।

| शब्द | अक्षर संरचना | अक्षर सङ्ख्या |
|---|---|---|
| स्वाद् | /स्वाद्/ | एक |
| टोकरी | /टो.क.रि/ | तीन |
| पत्तो | /पत्.तो / | दुई |
| कोलाहल | /को.ला.हल्/ | तीन |

३ समूहगत रूपमा पाठ्यकथामा प्रयुक्त अक्षर सङ्ख्या फरक फरक भएका शब्द पहिचान गर्न लगाउनुहोस् । ती शब्द कसरी बनेका, उच्चारण गर्दा कसरी गर्ने र अक्षर संरचना र अक्षर सङ्ख्या कति छन् भन्ने कुरा स्पष्ट पारिदिनुहोस् ।

## संरचना पहिचान

१ पाठ्यपुस्तकको कथा र त्यसबाहेक बाह्य कथाका स्लाइड वा चार्ट प्रदर्शन गरी संरचनाका बारेमा छोटकरीमा छलफल चलाउनुहोस् । एउटा कथा र अर्को कथाका बिच तुलना गर्न लगाई कुन कथाको कस्तो ढाँचा रहेछ, आदि, मध्य र अन्त्यको संरचना कसरी बुनिएको रहेछ भनी जिज्ञासा उत्पन्न गराइदिनुहोस् ।

२. पाठ्यकथामा रहेका अनुच्छेद सङ्ख्या पहिचान गर्न लगाउनुहोस् । आदि भाग, विकास वा मध्य भाग र उपसंहार वा निष्कर्षको सङ्केतसम्बन्धी छलफल गरी जानकारी दिनुहोस् ।

३. कथावस्तु, पात्र, संवाद, परिवेश, कथा लेख्नाको उद्देश्य, लेखकीय सम्बन्धबारे दृष्टिविन्दु तथा भाषाशैली र कथाको संरचना स्पष्ट पार्नका लागि सङ्क्षिप्तकृत रूपमा प्रश्नसमेत सोधी संरचना पहिचान गर्न लगाउनुहोस् ।

४. कथा हुनका लागि विषय, पात्र, भाषा शैली आदि के के चाहिन्छ भन्ने कुरा समूहगत रूपमा छलफल गर्न लगाई पृष्ठपोषण दिनुहोस् ।

**संरचना बोधका लागि केही प्रश्न**

(क) कथाको प्रारम्भमा के घटना रहेको छ ?

(ख) कथाको बिचमा के के घटना छन् ?

(ग) कथाको अन्त्य कसरी भएको छ ?

(घ) कथा घटना कुन समयतिर घटेको होला ?

(ङ) कथामा के कस्ता पात्रहरू छन् ?

(च) कथा कति अनुच्छेदमा संरचित छ ?

## पाठगत बोध प्रश्नोत्तर

१. पाठ्यकथाका केही अनुच्छेद उद्धृत गरी प्रश्न निर्माण तथा उत्तरको खोजी गर्ने सिपबारे छलफल गराउनुहोस् । प्रश्न निर्माण गर्न र उत्तर पहिचान गर्न समय दिनुहोस् ।

२ दिइएका अनुच्छेदबाट विद्यार्थीले के कस्ता प्रश्न निर्माण गरे र त्यसबाट कस्तो उत्तरको खोजी गरे सान्दर्भिक छलफल चलाउनुहोस् । अपेक्षित प्रश्न निर्माण र उत्तर सन्तोषजनक नभएमा सबलीकरण गरिदिनुहोस् । बोध प्रश्नको उत्तर छोटो र स्पष्ट हुनुपर्छ भने जानकारी दिँदै नमुना ढाँचा प्रस्तुत गर्नुहोस् ।

३. पाठ्य कथामा रहेको बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ को बोध प्रश्नको अनुच्छेद र त्यसमा दिइएका प्रश्नलाई मौन पठन गर्न लगाई प्रश्न निर्माण सिप मनन गर्न तथा बोध प्रश्नोत्तरका लागि छलफल गर्न लगाउनुहोस् ।

**पाँचौँ अनुच्छेदबाट बोधको अति सङ्क्षिप्त नमुना प्रश्न र उत्तर**

प्रश्न : 'ऊ' पात्रले आफूलाई भाग्यमानी ठान्नुको कारण के हो ?

उत्तर : 'ऊ' पात्रले अरू मानिसले काम नपाएर फाल्टु हुँदा पनि अड्डामा आजीवन कारिन्दा पद पाएकाले आफूलाई भाग्यमानी ठानेको हो ।

प्रश्न : अनुच्छेदमा रहेको 'एउटा पद आजीवन पाउनु' भन्नुको आशय के हो ?

उत्तर : अनुच्छेदमा रहेको 'एउटा पद आजीवन पाउनु' भन्नुको आशय जुन पदमा बहाली भएको हो त्यही पदमा जीवनभर रहिरहनु अर्थात् कहिल्यै पदोन्नति नहुनु भन्ने हो ।

## (ग) मूल्याङ्कन

१ विद्यार्थीलाई ज्यास्ती, बहाली, भाषण, अड्डी, घृणा, विक्रेता आदि शब्दको शब्दोच्चारण गर्न, अर्थ भन्न र वाक्य निर्माण गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई कथाको 'ऊ' पात्रले आफूलाई भाग्यमानी ठान्नुको कारण के हो, भनी प्रश्न सोध्नुहोस् ।

## २. तेस्रो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| उखानको पहिचान र प्रयोग | उखानको पहिचान र प्रयोग गर्न | • उखानपत्ती<br>• टुक्कापत्ती<br>• अनुकरणात्मक शब्दपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट<br>• शब्दपत्ती |
| टुक्काको पहिचान र प्रयोग | टुक्काको पहिचान र प्रयोग गर्न | |
| अनुकरणात्मक शब्दको पहिचान र प्रयोग | अनुकरणात्मक शब्दको पहिचान र प्रयोग गर्न | |
| कथ्य शब्दको पहिचान र प्रयोग | कथ्य शब्दको पहिचान र प्रयोग गर्न | |

### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई उखान, टुक्का, अनुकरणात्मक शब्द र कथ्य शब्द प्रयोग भएको कुनै विषयमा वर्णन गरिएको रोचक प्रसङ्ग सुनाएर वा सुनाउन लगाई कक्षारम्भ गर्नुहोस् ।

२ कुनै वस्तुको आवाज आउँदा कसरी आउँछ, कार्य हुँदा कसरी भएको छ, आदि प्रश्न सोधी अनुकरण गर्न सकिने आवाज, कार्य, विषय आदिबारे छलफल गराई पाठ्यवस्तुप्रति आकर्षित गर्नुहोस् । आफ्नो घरमा यस्ता शब्द प्रयोग भए नभएको छलफल चलाई विषयवस्तुको समेत जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### उखानको पहिचान र प्रयोग

१. शिक्षकबाट सङ्कलित उखानप्रयुक्त अनुच्छेदको स्लाइड वा चार्टलाई कक्षामा प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई उखान पहिचान गर्न प्रोत्साहित गर्नुहोस् । यस क्रममा उखान पहिचान गर्न सके नसकेको निर्क्योल गर्नुहोस् । लोकजीवनमा प्रचलित लोकोक्ति वा आहान नै उखान भएकाले विद्यार्थीले उखान सुनेका वा बुझेका हुन सक्छन्, छलफल गराउनुहोस् ।

२. शिक्षकले केही प्रचलित उखान वा उखानप्रयुक्त अनुच्छेद प्रस्तुत गर्नुहोस् र विद्यार्थीबाट पनि सङ्कलन गर्नुहोस् । प्रत्येक विद्यार्थीलाई भिन्न भिन्न उखानका अर्थ भन्न तथा वाक्यमा प्रयोग गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् । समूहगत प्रतिस्पर्धा गराई थप उत्प्रेरणा प्रदान गर्नुहोस् ।

सूत्रात्मक कथन वा आहान वा लोकोक्ति नै उखान हो भन्दै केही उखान र तिनको अर्थ बताइदिनुहोस् :

उखान : खाने मुखलाई जुँगाले छेक्दैन अर्थ : काम गर्ने मान्छेलाई कुनै कुराले रोक्दैन ।

वाक्य : खाने मुखलाई जुँगाले छेक्दैन भने झैँ घाम लागे पनि पानी परे पनि ऊ आफ्नो काम सकेर मात्रै घर जाने गर्छ ।

| उखान | अर्थ |
|---|---|
| • अचानाको पिर खुकुरीले जान्दैन | भोग्नेलाई मात्र दुःख थाहा हुन्छ । |
| • जसले मह काढ्छ, उसले हात चाट्छ | परिश्रम गर्नेले फलको भोग गर्छ । |
| • मुखमा राम राम बगलीमा छुरा | मुखले ठिक पार्ने तर कपटपूर्ण व्यवहार गर्ने |
| • एक हातले ताली बज्दैन | सहयोग दुईतर्फी हुनुपर्छ |

- जुन गोरुको सिङ छैन उसको नाउँ तिखे — नामअनुसारको काम नहुनु
- नजिकको तीर्थ हेला — सजिलै पाइने वस्तुको महत्त्व कम हुनु
- बाँदरको पुच्छर लौरो न हतियार — काम नलाग्ने वस्तु

३. विद्यार्थीले सङ्कलन गरेका उखान कक्षामा सुनाउन लगाउनुहोस् । सान्दर्भिक प्रयोगाभ्यासका लागि छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## टुक्काको पहिचान र प्रयोग

१ विद्यार्थीलाई पाठ्यकथाबाट मौन पठन गर्दा टिपेका टुक्काबारे छलफल गर्न लगाउनुहोस् । एउटा विद्यार्थीले नजानेको टुक्काको अर्थ अर्को विद्यार्थीलाई आउन सक्ने भएकाले अर्थ बोधका लागि छलफल गराई सार्थक वाक्य निर्माण गर्न लगाउनुहोस् ।

२. शब्दपत्तीका सहायताले पाठ्य कथामा रहेका शब्दभण्डारको अभ्यास ३ मा भएका टुक्काको अर्थ पहिचान गर्न र तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

घुमाउरो अर्थ दिने वाक्यांश नै टुक्का हो । जस्तै; 'नाक जानु' भन्नाले इज्जत जानु भन्ने बुझिन्छ । यस्तै सेखी झिक्नु भन्नाले घमन्ड देखाउनु भन्ने हुन्छ ।

३. यसै गरी टुक्काको सङ्कलन गरी दृष्टान्त पेस गर्नुहोस् र पाठ्यकथामा प्रयुक्त केही टुक्काको चार्ट वा स्लाइड प्रस्तुत गरी अर्थ बोध गर्न र वाक्य निर्माण गर्न सहज गरिदिनुहोस् ।

४. शिक्षकले आफूले तयार पारेको टुक्काको स्लाइड, चार्ट वा अडियो वा भिडियो सामग्री प्रस्तुत गरी प्रस्ट पारिदिनुहोस् ।

**केही टुक्का र तिनको अर्थ :**

| टुक्का | अर्थ | टुक्का | अर्थ |
|---|---|---|---|
| खोटो हुनु | दाग लाग्नु | घुँडा टेक्नु | आत्मसमर्पण गर्नु |
| अड्डी कस्नु | जिद्दी गर्नु | सुइँकुच्चा ठोक्नु | भाग्नु |
| नाक काट्नु | इज्जत जानु | कुरा खानु | भनेको मान्नु |
| मन चोर्नु | मनको कुरा बुझ्नु | कान ठाडो पार्नु | ध्यान दिएर सुन्नु |
| आलु खानु | असफल हुनु | आगो हुनु | रिसले चुर हुनु |
| जिब्रो टेक्नु | मर्नु | चन्द्रमा दाहिने हुनु | पक्षमा हुनु |

**टुक्का प्रयुक्त वाक्यको नमुना**

समाजसेवीले मैले मागेकै पद चाहिन्छ भनेर अड्डी कस्नु राम्रो होइन ।

केही टुक्काको सन्दर्भपरक प्रयोग : परीक्षामा आलु खाएको सुनेर अभिभावक चिन्तित थिए ।

५ विद्यार्थीले पहिचान गरेका टुक्का र तिनको अर्थबारेमा छलफल गरी आवश्यक सहजीकरण तथा पृष्ठपोषण दिनुहोस् ।

## अनुकरणात्मक शब्दको पहिचान र तिनको प्रयोग

१. शिक्षक निर्मित अनुकरणात्मक शब्दप्रयुक्त स्लाइड वा चार्ट वा अडियो सामग्री प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई अनुकरणात्मक शब्द पहिचान गर्न लगाउनुहोस् ।

२ उनीहरूलाई अनुकरणात्मक शब्द सूची निर्माण गर्न, तिनले जनाउने कार्यबिचको सम्बन्ध प्रस्ट्याउन र वाक्य निर्माण गर्न लगाउनुहोस् र आवश्यक परे सहजीकरण गरिदिनुहोस् ।

३. अनुकरणात्मक शब्दप्रयुक्त सामग्रीबाट कसरी अनुकरणात्मक शब्दको सान्दर्भिक प्रयोग गर्न सकिने रहेछ भन्ने कुरा जानकारी दिनुहोस् ।

**केही अनुकरणात्मक शब्द र तिनको कार्य बुझाउने क्रिया –**

| | | | |
|---|---|---|---|
| फतक्क : गल्नु | हनहनी : ज्वरो आउनु | भतभती : पोल्नु | तपतप : चुहिनु |
| ध्वार्र : च्यात्नु | पल्याकपुलुक : हेर्नु | टनक्क : कस्नु | झमझम : पानी पर्नु |
| टिनिन्न : बज्नु | झमक्क : साँझ पर्नु | टहटह : जून लाग्नु | |
| फटाफट : हिँड्नु | हलल्ल : हाँस्नु | हुरुरु : हावा चल्नु, आगो बल्नु, मान्छे दौडनु | |

कुनै पनि आवाज वा दृश्य वा क्रिया वा कुनै विषयको नक्कल गरेको बुझाउने शब्द नै अनुकरणात्मक शब्द हो । यी सुनेर वा हेरेर अनुकरण नक्कल कसरी गर्न भन्ने अनुमान गर्न सकिन्छ ।

जस्तै : अनुकरणात्मक शब्द : ढकमक्क कार्य बुझाउने क्रिया – फूल फुल्नु

वाक्य : बगैँचामा फूल ढकमक्क फुलेको देख्ता कसको मन रमाउँदैन र !

४. सुरुमा आफूले केही अनुकरणात्मक शब्द सुनाउनुहोस् । समूहगत, बेन्चगत अथवा पालैपालो विद्यार्थीबाट तिनको अर्थ बोध गराई वाक्य निर्माण गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

उदाहरण : पानी कसरी चुहिन्छ ? उत्तर : तपतप

५. अनुकरणात्मक शब्दको अर्थ खुल्ने गरी वाक्य बनाउन लगाउनुहोस् । आफूले पनि केही वाक्य बनाएर देखाउनुहोस् । शिक्षकले सङ्कलन गरेर ल्याएका अनुकरणात्मक शब्दको अर्थ पहिचान गर्न लगाई सबै विद्यार्थीलाई सान्दर्भिक प्रयोगाभ्यास गराउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## कथ्य शब्दको पहिचान र तिनको प्रयोग

१. शिक्षक निर्मित समाज वा संस्कृतिसम्बद्ध विभिन्न चित्रको स्लाइड वा चार्टलाई प्रदर्शन गरी कथ्य शब्द जस्तै : काँ, आको, गर्नुस्को प्रयोगका लागि छलफल गर्न लगाउनुहोस् । यस्तै विद्यार्थीलाई बोलीचालीका शब्दको कथनात्मक प्रस्तुति गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

२. विद्यार्थीबाट उनीहरूले सुनेका कथ्य (बोलीचालीका) शब्द याँ, त्याँ, आको, खानुस्, भन्नुस्, सुन्नुभाको जस्ता सामाजिक विषयवस्तुका घटनाबारेमा पाठ्य कथाका शब्द भन्न रुचि जगाई कुनै विषयबारे रोचक वर्णन गर्न लगाउनुहोस् ।

३ विद्यार्थीलाई पालैपालो पाठ्य कथाका कथ्य शब्द, तिनको अर्थ तथा शुद्ध लेख्य रूप पहिचान गराई तथा लेख्य र कथ्य रूपमा वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । शिक्षक स्वयम्ले ल्याएका सामाजिक विषयसम्बन्धी शब्द तथा तिनको शुद्ध रूपको शब्दपत्ती र अर्थपत्तीको सहायताले छलफल गराई सन्दर्भपरक प्रयोगमा आवश्यक सबलीकरण गर्नुहोस् र पृष्ठपोषण पनि दिनुहोस् ।

**केही कथ्य शब्द**

पख्नुस्न : पर्खनुहोस् न　　लाइसक्या : लगाइसकेको　　काट्या : काटेको　　याँ : यहाँ　　काँ : कहाँ
खानुस् : खानुहोस्　पढ्या : पढेको　　खाको : खाएको　　पढ्या छ : पढेको छ

४. विद्यार्थीलाई बोलीचालीका शब्दको प्रयोग पाठ्यकथामा कसरी गरिएको रहेछ, कतिओटा त्यस्ता शब्द छन्, तिनको प्रयोग सन्दर्भ ख्याल गरी अनुकरण गर्न लगाउनुहोस् र उनीहरूलाई पनि त्यस्ता शब्दको प्रयोग गरी छलफल गर्न अवसर दिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. तलका उखानको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

एक हातले ताली बज्दैन, अड्डी कस्नु, नाक काट्नु, मन चोर्नु, आलु खानु, मुखमा राम राम बगलीमा छुरा

२ तल दिइएका अनुकरणात्मक शब्दलाई सन्दर्भपरक प्रयोग गर्न लगाउनुहोस् :

टिनिन्न, झमक्क, टहटह, फटाफट, हलल्ल

## चौथो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| घटना टिपोट तथा मिलान | घटना टिपोट तथा मिलान गर्न | • अनुच्छेदपत्ती<br>• घटना सूची<br>• बुँदाहरूको चार्ट |
| कथा सार | कथा सार तयार गर्न | |
| कथा सन्देश | कथाको सन्देश दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. दैनिक जीवनमा घट्ने प्रेरक घटना सुनाई पाठ्यवस्तुप्रति उत्प्रेरणा जगाउनुहोस् ।

२ विद्यार्थीको जीवनमा घटेका वा घट्न सक्ने घटनाको अनुमान तथा छलफल गराई विषयवस्तुको जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### घटना टिपोट तथा मिलान

१. विद्यार्थी सङ्ख्याका आधारमा समूह बनाई पाठ्य कथाका निर्दिष्ट अनुच्छेद बाँडिदिनुहोस् । छलफलपश्चात् मुख्य मुख्य घटना के के हुन सक्छन्, टिपोट गर्न लगाउनुहोस् । उत्कृष्ट बुँदा टिपोट गर्नका लागि हुबहु सार्ने वा अनुलेखन गर्ने कार्य नगर्न नगराउन उत्प्रेरित गर्नुहोस् ।

२. टिपेका घटनालाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् कुनै बुँदा दोहोरिएको वा अस्पष्ट छन् भने आवश्यक सहजीकरण गरिदिनुहोस् ।

३. विद्यार्थीले तयार पारेका बुँदा समूह प्रतिनिधिलाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् । कुनै बुँदा दोहारियो वा मिलेन भने आवश्यक सहजीकरण गरिदिनुहोस् । तीमध्ये कुन घटना पहिले भएको हो, पहिलो घटना पर्ने समूहको विद्यार्थीलाई पहिला भन्न लगाउनुहोस् । त्यसपछि दोस्रो अनि तेस्रो क्रमशः सबैलाई पालैपालो आआफ्नो घटना बुँदा भन्न लगाउनुहोस् । घटना बुँदा टिप्दै घटनाक्रम मिलान गर्न लगाउनुहोस् ।

४. शिक्षकले आफूले तयार पारेको पाठ्यकथाको घटना बुँदाहरूको सूची प्रस्तुत गरी घटनाक्रमको टिपोट तथा मिलानको नमुनासमेत प्रस्तुत गर्न सबलीकरण गर्नुहोस् ।

घटनाक्रम टिपोटको नमुना :

- नुहाउने साबुन तथा अन्य किनमेलका लागि लोग्नेले तलब आउने दिन कुरेर बसेको घरायसी प्रसङ्ग उठेको
- तलब हात परेपछि लोग्ने, स्वास्नी र छोरा किनमेल गर्न बजारतिर गएका
- तलब नबढेको तर महँगी बढेर आधारभूत आवश्यकताका वस्तु तरकारी किनेका तर माछा किन्न भने लोग्ने स्वास्नीबिच सामान्य विवाद भएको
- सापटी लिएर भए पनि उत्साहित बनी माछा किनेर घर फर्केका
- माछा पकाएर स्वादले खाएकाले तृप्त भएका
- लोग्ने स्वास्नीले माछा खाँदा स्वाद अविस्मरणीय लागेको
- शोभासँग लिएको सापटी लोग्नेले स्वास्नीलाई सापट गरेर वा औषधी किन्न छुट्याएको रकमबाटै भए पनि फिर्ता दिन लगाएको

## कथासार

१. शिक्षकले पाठ्य कथाबाट टिपिएका बुँदाका आधारमा कथाको सारका बारेमा छलफल गराउनुहोस् । कथाको सार खिच्न लगाउनुहोस् र आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

२. पाठ्य कथाको सार खिच्नका लागि विद्यार्थीलाई आदि, मध्य र अन्त्यका केही प्रश्न सोध्नुहोस् :

**(क) लोग्ने कुन पदमा के काम गर्थ्यो ?** **(ख) स्वास्नीले लोग्नेलाई नुहाउन जोड दिनाको कारण के हो ?**

**(ग) किनमेलका लागि को को गए ?** **(घ) लोग्ने र स्वास्नीले के के समस्या भोगे ?**

**(घ) कथाको शीर्षक किन उपयुक्त छ ?**

**३.** माथि उल्लिखित प्रश्न र घटनाक्रम टिपोटका आधारमा कथा सारका लागि छलफल गर्नुहोस् र छोटकरीमा कथा सार लेख्न दिनुहोस् । विद्यार्थीले कथासार लेखेपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## कथा सन्देश

१. स्वाद कथाले प्रस्तुत गर्न खोजेको विषय, पठन गरेपछि यस कथाले दिएको सन्देश आदि बारेमा मस्तिष्क मन्थन गराउनुहोस् ।

२. कथा सन्देशलाई बुँदागत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् ।

३. विद्यार्थीबाट प्राप्त सन्देशका बुँदा शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

४. शिक्षकले ल्याएका सामग्री प्रस्तुत गरी छलफल गराउनुहोस् ।

**सन्देशका लागि केही बुँदा**

- न्यून वैतनिक कर्मचारीको एउटै पदमा रुमलिएर वृत्ति विकासका लागि प्रयत्नरत नहुने मनोवृत्ति
- महँगी बढ्दै जाँदा पनि तलब नबढ्ने अनि एक जनाको कमाइले परिवारको आवश्यकता पूर्ति पनि नहुने हुँदा आर्थिक, सामाजिकलगायत समस्या सिर्जना

- तलब आएकै दिन पनि स्वादसँग मिठोमसिनो खानका लागि ऋण काढ्नुपर्ने निम्न वर्गीय समाजको कारुणिक अवस्थाको चित्रण

५. छलफलबाट प्राप्त बुँदाको टिपोट गरेपछि एक अनुच्छेदमा सन्देश लेख्न लगाउनुहोस् र आवश्यकतानुसार सहजीकरण पनि गरिदिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. स्वाद कथाले के सन्देश दिएको छ, छोटो उत्तर दिन लगाउनुहोस् ।

२. विद्यार्थीले सुनेका सामाजिक विषयवस्तुमा आधारित कुनै एउटा कथाको घटना टिपोट गर्न लगाउनुहोस् ।

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| चरित्र वर्णन, तुलना र परिवेश वर्णन | चरित्र वर्णन, तुलना र परिवेश वर्णन गर्न | • पात्रहरूको सूचीपत्ती<br>• बुँदाहरूको चार्ट<br>• कथा परिवेशका बुँदाहरूको चार्ट<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| सङ्क्षिप्त उत्तर | सङ्क्षिप्त उत्तर दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. पाठ्य कथामा प्रयुक्त पात्रहरूको चरित्रसम्बन्धी जिज्ञासा जगाउनुहोस् ।

२. कथाका विभिन्न पात्रको भूमिका कस्तो लाग्यो, छलफल गर्न उत्साहित पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### चरित्र चित्रण, तुलना र परिवेश वर्णन

१. पात्रको परिचय, कथामा पात्रको भूमिका, उनीहरूको आर्थिक अवस्था, अन्य पात्रबिचको सम्बन्ध आदि बारेमा छलफल गर्न लगाउनुहोस् र चरित्रका विशेषताको चर्चा गर्न लगाई पृष्ठपोषण दिनुहोस् ।

२. कथाको पात्र बनेर अभिनय गर्दै एक आपसमा तुलनात्मक रूपमा बोल्न लगाउनुहोस् ।

३ समाजमा गरिबीको पीडा भएको अवस्था, आफ्नो दैनिक आवश्यकतासम्म पूरा गर्न धौ धौ भएको पात्र लोग्ने र त्यसले परिवारमा परेको समस्यालाई चित्रण गर्न लगाउनुहोस् ।

४. कथामा प्रयुक्त मुख्य पात्रबिच तुलना गर्न लगाउनुहोस् र आवश्यक सबलीकरण गरिदिनुहोस् ।

**लोग्ने पात्रको चरित्र चित्रणका लागि केही बुँदा**

- पुरुषप्रधान समाजको प्रतिनिधि प्रमुख पुरुष पात्र
- आधारभूत आवश्यकता पनि पूरा गर्न नसक्ने जागिरे मनोवृत्ति भएको चरित्र
- पेसाप्रति गौरव बोध गर्ने न्यून वैतनिक साधारण कारिन्दा
- सामान्य लेखपढ मात्र गर्न सक्ने पात्र
- तलब आएकै दिन माछाको स्वादले गर्दा ऋण गर्ने व्यक्ति
- औषधी किन्न राखेको पैसा वा अन्य पैसाले अर्काको सापटी तिर्न श्रीमतीलाई अह्राउने पात्र
- आर्थिक अवस्था दयनीय हुँदा परिवारको जीवनस्तरमा प्रभाव कस्तो हुन्छ भनी देखाउन सफल प्रतिनिधि पात्र

५. विद्यार्थीलाई अहिले माछा के.जी.को कति पर्ला, अनि १० रुपियाँ के.जी.मा माछा पाइने समय कहिले थियो होला भन्ने जिज्ञासा राख्दै घरायसी वातावरण, माछा किनमेल गर्ने स्थान, बजारको अवस्था, बजारमा मोलतोल गरिरहेको परिवेश आदिको चर्चा गर्न लगाई विषयवस्तुको छलफलप्रति रुचि जगाउनुहोस् ।

६ विद्यार्थीको छलफलबाट प्राप्त बुँदा र शिक्षकको तर्फबाट प्रस्तुत सङ्केतबोधक बुँदा प्रस्तुत गर्नुहोस् । समय अन्दाजको घटना विवरणका नमुना प्रस्तुत गर्न लगाउनुहोस् र विद्यार्थीलाई आवश्यक परेका ठाउँमा सहजीकरण गरिदिनुहोस् ।

७. लोग्ने र स्वास्नी बिहान साबुनको कुरा गरेको, बेलुका बजार गएको दृश्य, बजारमा किनमेल गर्दाको र अन्त्यमा माछाभात खाएर तृप्त भएको तर त्यो स्वादले गर्दा ओखतीलाई छुट्याएको बजेटबाट ऋण तिर्नपर्ने अवस्थाको परिवेश आदिको चर्चा गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## सङ्क्षिप्त उत्तर

१. लोग्नेले नुहाउन नसक्नाको करण, माछा किन्न रुपियाँ सापट लिएको, कथाले निम्न वर्गीय समाजको वास्तविकता प्रस्तुत गरेको आदि विषयमा छलफलका गराउनुहोस् ।

२ पाठ्य कथांशको कुनै सन्दर्भ उद्धृत गरी सङ्क्षिप्त उत्तरका लागि मुख्य मुख्य कुरा टिपोट गर्न लगाउनुहोस् ।

३ स्वाद कथाले हाम्रो समाजमा गरिबी छ र त्यसले दैनन्दिनीमा के कस्तो पीडा दिएको छ भन्ने चर्चा गर्दै सङ्क्षिप्त उत्तरमा स्पष्ट पारिदिनुहोस् ।

४ नेपाली समाजमा जागिरे जीवनले न्यून वैतनिक कर्मचारीको जर्जर आर्थिक अवस्थालाई छर्लङ्गै पारेको कुरालाई पुष्टि गर्न लगाई आवश्यक पृष्ठपोषण दिनहोस् ।

५ पाठ्य कथाको बोध र अभिव्यक्ति खण्डको प्रश्न ८ का लागि बुँदा टिपोट गर्न लगाउनुहोस् र उत्तर छलफल गराउनुहोस् । यसपछि मुख्य मुख्य बुँदाका सहायताले उत्तर भन्न र लेख्न लगाई आवश्यक सहजीकरण गरिदिनुहोस् ।

## (ग) मूल्याङ्कन

१. विद्यार्थीलाई पालैपालो लोग्नेको र स्वास्नीको चारित्रिक विशेषता के के छन्, बुँदागत रूपमा भन्न लगाउनुहोस् ।

## छैटौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बोध प्रश्नोत्तर | बोध प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• नमुना प्रश्नोत्तरको चार्ट<br>• बुँदापत्ती<br>• नमुना व्याख्याको चार्ट |
| व्याख्या | व्याख्येय पङ्क्तिको व्याख्या गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई रोचक चुट्किला, कथा, घटना आदि भन्न लगाउनुहोस् ।

२ शिक्षकले व्याख्येय पङ्क्तिको मूल भाव बोध गर्नका लागि उत्प्रेरित गर्नुहोस् र उद्धृतांशबाट के के प्रश्न बनाउन र उत्तर दिन सकिन्छ होला भनी छलफल गर्न उत्प्ररित गर्दै आजको पाठ्यवस्तुप्रति रुचि जगाउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### बोध प्रश्नोत्तर

१. निर्दिष्ट अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् । पालैपालो विद्यार्थीलाई प्रश्न सोधी विद्यार्थीबाट उत्तर पहिचान गर्न लगाउनुहोस् । आवश्यक परे उत्कृष्ट उत्तर पहिचान गर्न सहजीकरण गरिदिनुहोस् ।

२. शिक्षकले आफूले तयार गरेको उदाहरण वा सङ्कलित बोध सामग्री प्रदर्शन गरी छलफल गराउनुहोस् र विद्यार्थीलाई पृष्ठपोषण दिनुहोस् ।

३. बोध अनुच्छेदबाट भाषिक संरचना तथा वर्णविन्यासअन्तर्गत धातुको पहिचान, सकर्मक र अकर्मक वाक्य पहिचान र परिवर्तन तथा दीर्घ ईकार लागेका शब्द पहिचानसम्बन्धी प्रश्नोत्तर शैलीमा छलफल चलाउनुहोस् र पूर्व ज्ञान लिनुहोस् । यस खण्डको विस्तृत जानकारी भाषिक संरचना तथा वर्णविन्यास खण्ड सहजीकरण गर्दा गराउनुहोस् ।

४. विद्यार्थीबाट बोध अनुच्छेदबाट प्रश्ननिर्माण गर्न लगाई ती प्रश्नहरू शैक्षणिक पाटीमा टिप्नुहोस् । अनि शिक्षक स्वयम्ले बनाएका प्रश्नहरूको स्लाइड वा चार्ट प्रदर्शन गरी ती प्रश्न निर्माणसम्बन्धी सिप सिकाउनुहोस् र निर्मित प्रश्नहरूका पनि उत्तर के हुन सक्छन् भनी अनुमान गर्न लगाउनुहोस् ।

५ बोधात्मक प्रश्न ५ र १० गर्न लगाई आवश्यकतानुसार सहजीकरण गरिदिनुहोस् । उत्तरका लागि आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

#### व्याख्या

१. पाठ्य कथाको उद्धृतांशलाई छलफल गर्न लगाउनुहोस् ।

**केही व्याख्येय कथांश :**

प्रत्येक गरिबले गरिबीसित घृणा गर्नैपर्छ ।

देशमा यतिका गरिब बस्छन् । कसैलाई साबुन जुर्दैन ।

२ सम्बद्ध अंशमा केन्द्रित रही व्याख्या गर्नका लागि उक्त अंशले के भन्न खोजेको हो, त्यससम्बन्धी मुख्य मुख्य बुँदा बनाउन लगाउनुहोस् ।

३ व्याख्या गर्दा आदि, मध्य र अन्त्य भागमा लेख्नुपर्ने विषयका बारेमा छलफल गरी लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

४. एकल वा समूहगत रूपमा उत्तरका लागि मुख्य मुख्य बुँदाहरू पहिचान गर्न लगाउनुहोस् । सबैको फरक फरक बुँदाहरूलाई एकीकृत गरी आवश्यक बुँदाहरू राखी दोहोरिएका र अनावश्यक बुँदा हटाई व्याख्येय पङ्क्तिको व्याख्या गर्न दिनुहोस् र आवश्यक कुरा स्पष्ट पारिदिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. दिइएको कथांशको व्याख्याका लागि आवश्यक मुख्य मुख्य बुँदा भन्न लगाउनुहोस् :

‘प्रत्येक गरिबले गरिबीसित घृणा गर्नैपर्छ ।’

# सातौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| तार्किक लेखन | तार्किक उत्तर दिन | • बुँदाहरूको चार्ट<br>• नमुना उत्तर चार्ट<br>• समीक्षात्मक उत्तरको नमुना चार्ट |
| समीक्षात्मक उत्तर लेख्न | समीक्षात्मक उत्तर दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. केही तर्कपरक प्रश्न प्रस्तुत गरी तिनका उत्तर अनुमान गर्न लगाई मस्तिष्क मन्थन गराउनुहोस् ।

२. पाठ्य कथांशको कुनै सन्दर्भ उद्धृत गरी समीक्षात्मक उत्तरका लागि उत्प्रेरित गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### तार्किक लेखन

१. पाठ्य कथाको अभ्यासमा रहेको तार्किक उत्तरका लागि दिइएको प्रश्न टिपोट गरी आवश्यक उत्तरका बुँदाहरू मनन गर्न लगाउनुहोस् ।

२ कुनै विषयमा धारणा निर्माण गर्न, आफ्ना विचारलाई तर्कयुक्त ढङ्गले प्रस्तुत गर्न र सहमति वा असहमतिमा कारणसहित भिन्न मत राख्न सक्ने क्षमता अभिवृद्धि गराउन फरक फरक बुँदा टिपोट गराई उत्तर छलफल गर्न लगाउनुहोस् ।

३. विद्यार्थीलाई मुख्य मुख्य बुँदाका आधारमा आवश्यक उत्तर भन्न लगाई लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

४ विद्यार्थीलाई एउटै विचारप्रति फरक फरक तर्क प्रस्तुत गर्न लगाउनुहोस् । तार्किक प्रश्नको उत्तर लेख्ने तरिकाबारे छलफल गर्न लगाउनुहोस् ।

५ शिक्षकले आफूले ल्याएको तार्किक उत्तरको नमुना प्रस्तुत गरी संरचनाबारे छलफल गर्दै उत्तर लेख्न लगाउनुहोस् र समग्रमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६ विद्यार्थीले समूहगत रूपमा तयार गरेको उत्तर समूह प्रतिनिधिलाई भन्न लगाउनुहोस् र आवश्यक कुरा स्पष्ट पारिदिनुहोस् ।

## समीक्षात्मक लेखन

१. समीक्षात्मक उत्तरका लागि देहायका प्रश्नहरू दिई उत्तर के हुन सक्छ भनी अनुमान गर्न लगाउनुहोस् ।

**प्रश्नहरू**

- पाठको विषयवस्तु कहाँबाट लिइएको हो ?
- यसको शीर्षकले विषयवस्तु समेटेको छ कि छैन ?
- पाठको मूल भाव के हो ?
- पाठमा कति पात्र छन्, तिनको स्वभाव कस्तो छ, संवाद कस्तो छ र परिवेश कहाँको छ ?
- पाठको भाषा कस्तो छ, पाठ पढेपछि मनमा कस्तो लाग्यो ?

२. पाठ्यकथांशको कुनै सन्दर्भ उद्धृत गरी समीक्षात्मक उत्तरका लागि मुख्य कुरा टिपोट गर्न लगाउनुहोस् ।

३. पाठ्यकथाको बोध र अभिव्यक्तिको अभ्यासमा रहेको समीक्षात्मक उत्तरका लागि दिइएको प्रश्न टिपोट गरी आवश्यक उत्तर मनन गराउनुहोस् र बुँदा टिपोट गराई उत्तर छलफल गराउनुहोस् ।

**समीक्षात्मक टिप्पणी लेख्ने तरिका**

- सम्बन्धित प्रश्नले के आशयको खोजी गरेको छ त्यो प्रस्तुत गर्ने
- विभिन्न तर्क र उदाहरण प्रस्तुत गर्दै विषयको राम्रा नराम्रा पक्षको विश्लेषण गर्ने

प्रश्न : जीवनको दैनिक आवश्यकतासम्म पूरा गर्न धौ धौ हुने नेपाली समाजको वास्तविकतालाई कथाले कसरी प्रस्तुत गरेको छ, समीक्षात्मक टिप्पणी गर्नुहोस् ।

**नमुना उत्तर**

कथाकार ध्रुवचन्द्र गौतम (वि.सं २००१)द्वारा विरचित कथा 'स्वाद' ले नेपाली समाजको आर्थिक समस्या र त्यसले सिर्जित समाज तथा परिवारमा परेको प्रभावलाई चित्रण गरेको छ । न्यून वैतनिक कर्मचारीले मिठो मसिनो खान महिनौँ कुर्नुपर्ने र ऋण काढ्नुपर्ने दयनीय नियतिलाई लोग्ने र स्वास्नी पात्रमार्फत प्रस्तुत गरिएको छ । आर्थिक तथा सामाजिक समस्याले पारेको सामाजिक, पारिवारिक तथा वैयक्तिक प्रभावलाई प्रस्ट पारेर कथा बुनिएको छ ।

कथामा प्रस्तुत तत्कालीन समाज पनि लोग्ने, स्वास्नी, छोरा जस्ता पात्र मिलेर बनेको हुँदा त्यो समाजमा पनि हुँदा खाने र सदा खानेको वर्गीय खाडल रहेको अवस्थामा निम्छरा वर्गले आफ्नो दैनन्दिनी चलाउन पनि ऋण काढ्नुपरेको कारुणिक चित्र देखाइएको छ । एक जनाको सीमित आम्दानीले असीमित आवश्यकता पूरा गर्न नसक्ता अभावमा जीवन गुजार्नुपरेको तितो यथार्थ यहाँ प्रस्तुत गरिएको छ । पदोन्नति नभए पनि बेरोजगार बस्न नपरेकामा पुलकित हुने सामान्य कारिन्दाको महिनाभरको तलब आएका दिन पनि स्वादसँग एक छाक माछाभात खान पनि ऋण काढ्नुपरेको कारुणिक दृश्य यहाँ उतारिएको छ । एक छाक मिठो खाँदा लागेको ऋण औषधीलाई छुट्याएको बजेटबाट तिर्नुपर्ने घटनाको प्रस्तुतिले गरिबको सामाजिक सांस्कृतिक जीवनशैली कस्तो छ भन्ने कुरा कथामा अभिव्यक्त भएको छ । ऋण गरेर पनि घिउ खाने गरिबको टिठ लाग्दो कथानकले गरिबीपनलाई घृणा र त्यसका विरुद्ध सङ्घर्ष गर्नुपर्छ भन्ने कुरालाई लोग्ने पात्रमार्फत प्रस्तुत गरिएको छ । आपसी विश्वास र सहयोगी भावना हुँदा पारिवारिक वातावरण सुखद हुने र एक जना जागिरेले परिवारको आवश्यकता परिपूर्ति गर्न कठिन हुने हुँदा पराश्रित हुन नहुने, परिवारमा झुटो बोल्न नहुने, आफ्नो सामर्थ्य हेरेर खर्च गर्नुपर्ने अर्थात् घाँटी हेरेर स्वादले हाड निल्नुपर्ने तर आफ्ना इच्छा आकाङ्क्षा मार्न नहुने विषयलाई कथाले उठान गरेको छ ।

यसरी सामाजिक यथार्थवादी कथाकार गौतमले अत्यन्त सरल, सहज र संवादात्मक भाषाशैलीमा गरिबीको मारले सिर्जित पीडालाई सजीव रूपमा कथामा उतारेका छन् । एकातिर जागिर खाएकामा गर्व गर्ने कारिन्दाको अवस्था अर्कातिर दुःखदायी दैनन्दिनीको झल्कोले कथा सजीव चित्र उतार्न सफल बनेको छ । जीवनभर दैनिक आवश्यकतासम्म पूरा गर्न धौ धौ भएको सामान्य कारिन्दाको चर्चाले नेपाली समाजको वास्तविकता प्रस्तुत गर्न सफल भएको छ भन्न सकिन्छ ।

४ समीक्षाात्मक उत्तर लेखन गर्दा ध्यान दिनुपर्ने कुराका लागि शिक्षक निर्मित चार्ट वा स्लाइड प्रस्तुत गरी सहजीकरण गरिदिनुहोस् ।

५. विद्यार्थीलाई समूहगत रूपमा प्रश्नले मागेको उत्तर पहिचान गर्न लगाउनुहोस् । आवश्यक कुरा स्पष्ट पारिदिनुहोस् । यसपछि मुख्य मुख्य बुँदाका आधारमा उत्तर लेख्न लगाउनुहोस् र आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

**(ग) मूल्याङ्कन**

१. 'स्वाद' कथाले चर्चा गरे जस्तै हाम्रो समाजमा गरिबीको पीडा छ कि छैन, कम्तीमा कुनै दुईओटा तर्क दिन लगाउनुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| तुलनामा आधारित भाषिक प्रकार्य | तुलनामा आधारित भाषिक प्रकार्य गर्न | ● अडियो<br>● नमुना प्रश्नोत्तर चार्ट<br>● धातुपत्ती<br>● शब्दपत्ती |
| श्रुतिबोध | सुनाइ पाठ (२) मा आधारित भई श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |
| धातुको पहिचान र प्रयोग | धातुको पहिचान र प्रयोग गर्न | |
| कृदन्त शब्दबाट धातुको रूप पहिचान र प्रयोग | कृदन्त शब्दबाट धातुको रूप पहिचान र प्रयोग गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### सुरुआती क्रियाकलाप

१. कुनै एक विषय र अर्को विषयको तुलनात्मक प्रस्तुतिका लागि विद्यार्थी अभिनय गर्नका लागि उत्सुकता जगाउनुहोस् । सबैलाई इच्छा जगाउन कुनै समय सान्दर्भिक अभिनयमूलक विषयको तुलना गर्न दिनुहोस् ।

जस्तै : हातैले लेखेको अक्षर र छापाखानामा छापिएको अक्षर । हातले बुनेको कपडा र मेसिनले बुनेको कपडा । घरमा बनाएको रोटी र बजारबाट किनेर ल्याएको पाउरोटी । यस्ता विषयको तुलना गर्दा प्रयोग गरिने शब्द, हुनुपर्ने भाषिक ज्ञान आदिबारे उत्सुकता जगाउनुहोस् ।

#### तुलनामा आधारित भाषिक प्रकार्य

१. कुनै सान्दर्भिक विषयको उठान गरी त्यस्तै अन्य प्रतिस्थापन गर्न सकिने विषयको तुलना गर्न अभिनय गर्न लगाउनुहोस् ।

२. घरमा बनाएको रोटी खानुपर्छ भन्ने आमा र पाउरोटीको खान मगाउने छोरा बिच कुराकानी गराई भाषिक प्रकार्यको रचनात्मक अभिनयमूलक प्रयोगमा जोड दिनुहोस् र शिक्षकले आवश्यक सबलीकरण पनि गर्नुहोस् ।

३. कक्षाका विद्यार्थीलाई परिवारभित्रका वा दैनिक रूपमा वा समाजभित्र घट्ने घटनाको तुलनात्मक अभिनय गर्न लगाउनुहोस् । घरभित्रको काम र घरबाहिरको कामको तुलना गर्न आमा र बुबाबिचको संवादात्मक अभिनय गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४ भाषाको व्यावहारिक प्रयोग गर्दा भाषा शैली, सन्दर्भ, परिवेश आदिका बारेमा प्रश्नको सन्दर्भ बुझेर धारणा निर्माण गरी तुलना गर्दा आकार, गुण, तौल, स्वाद, रङ, स्रोत, विषय, प्रयोगको क्षेत्र, संवेग, कार्य आदि विभिन्न आधारमा दाँज्न लगाई दुई वा सोभन्दा बढी व्यक्ति वा विषयको तुलनाका लागि अभिनय गर्न लगाउनुहोस् ।

५. अभ्यास १४ को सन्दर्भलाई वाचन गर्न लगाई कुनै दुई विषयको तुलनालाई कसरी भाषिक शिल्पको प्रयोगले सुन्दर शैलीमा वर्णन गर्न सकिन्छ भन्ने दृष्टान्त पेस गरी सोधिएको प्रश्नको हाउभाउका साथ अभिनय गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

## श्रुतिबोध

१. विद्यार्थीलाई गीत वा संवाद वा कथा के के सुन्ने गर्नुभएको छ, रेडियो वा टिभी वा अडियो सामग्री के के सुन्नुहुन्छ भन्ने जिज्ञासापरक प्रश्नहरू सोधी उनीहरूले सुनेका कुराको जानकारी दिन उत्प्रेरित गर्नुहोस् र आफूले पनि रेकर्ड गरेको सामग्री वा लिखित सामग्री सुनाउन लागेका विषयमा कौतूहलता जगाउनुहोस् । विद्यार्थीलाई कुनै जिज्ञासा भए सोध्ने अवसर दिनुहोस् र आजको छलफलको विषयको जानकारी दिनुहोस् ।

२ स्तरअनुकूल विषयको सामग्री शिक्षकले वाचन गर्नुहोस् वा रेकर्ड सुनाउनुहोस् । सुनाइको विषयवस्तु ध्यानपूर्वक सुन्न तथा सुनाइमा आधारित भएर प्रश्नको संरचनाअनुसार उत्तर भन्न लगाउनुहोस् ।

३. पहिलो पटक सुनाएपछि एकछिन समय दिएर प्रश्नहरूको उत्तर बोध गर्न लगाउनुहोस् र पुनः सुनाएर त्यसका आधारमा प्रश्नोत्तर, शब्दबोध, अर्थबोध, बहुवैकल्पिक र सन्दर्भबोधक मौखिक प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् र आवश्यक छलफल गरी सहजीकरण गर्नुहोस् ।

४ विद्यार्थीलाई ध्यानपूर्वक प्रश्नहरू पढ्न, विषयवस्तु सुन्न तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न लगाउनुहोस् ।

५ सुरुमा शिक्षकले सबै विद्यार्थीलाई वाचन गर्न लगाई श्रवण अभ्यास गराउनुहोस् र समूहगत, बेन्चगत तथा युगल रूपमा पालैपालो मौखिक प्रश्न सोधेर उत्तर भन्न लगाउनुहोस् । आवश्यकता भए पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## धातुको पहिचान र प्रयोग

१ भाषिक संरचनाअन्तर्गत धातु भनेको के हो भन्ने प्रश्न सोधी विषयवस्तुप्रति रुचि जगाउनुहोस् ।

२. पाँच जना विद्यार्थीलाई फरक फरक धातुका उदाहरण लेखिएको धातुपत्ती, अन्य पाँच विद्यार्थीलाई रूपायक प्रत्यय र अन्य पाँच विद्यार्थीलाई तिनै धातु र रूपायक प्रत्ययबाट बन्ने क्रियापद लेखिएको एक एकओटा शब्दपत्ती दिनुहोस् । विद्यार्थीको सङ्ख्याअनुसार घटबढ पनि गर्न सकिने छ ।

३. अब धातु रूपायक प्रत्यय अनि त्यसबाट बन्ने क्रियापदको रूप विद्यार्थीबाट बनाएर देखाउन लगाउनुहोस् । धातु बोक्ने विद्यार्थी र प्रत्यय बोक्नेसँग नजिकै क्रियापद बोक्ने अर्को विद्यार्थी राखी प्रदर्शन गर्न लगाई अभिनयमूलक छलफल चलाउनुहोस् ।

४. चार्ट वा स्लाइड प्रयोग गरी धातुमा 'नु' लगाउँदा क्रियामूल/नाम र रूपायक प्रत्यय योग भएपछि क्रियापद बन्छ भनी स्पष्ट पार्नुहोस् । कुनै कार्य वा घटना वा अवस्था बुझाउने क्रियाको मूल रूप वा मूल आधार नै धातु हो भन्ने पहिचानका लागि छलफल गराउनुहोस् ।

५. कथाबाट क्रियापदको र ती क्रियापदका धातुको पहिचान कसरी गर्न सकिन्छ भन्नेबारे छलफल गराई विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् र धातुमा विभिन्न प्रत्ययको प्रयोग गर्दै शब्द तथा वाक्य निर्माण गर्न लगाउनुहोस् ।

उदाहरण :

जा + यो = गयो

वाक्य : ऊ मामाको खेतमा गयो ।

तुल्याउ + ए = तुल्याए

वाक्य : डाक्टरले बिरामीलाई निको तुल्याए ।

पढ् + छ = पढ्छ

वाक्य : त्यो मुनामदन पढ्छ ।

हाँस् + लान् = हाँस्लान्

वाक्य : उनी मेरो कुरा सुनी मरीमरी हाँस्लान् ।

धातु र रूपायक प्रत्यय तथा क्रियापदका केही उदाहरण :

| | | | |
|---|---|---|---|
| रु + छ = रुन्छ | हु + छ = हुन्छ | हु + यो = भयो | |
| लेख् + यो = लेख्यो | स्विकार् + छ = स्विकार्छ | पहेँलि + यो = पहेँलियो | |
| बज् + छ = बज्छ | बज् + यो = बज्यो | बज् + ला = बज्ला | पढ् + आउ + छ = पढाउँछ |

यहाँ रु, हु, लेख्, स्विकार्, पहेँलि, बज्, पढ् जस्ता धातुमा छ, यो, ला रूपायक प्रत्यय लागेपछि रुन्छ, हुन्छ, लेख्यो, स्विकार्छ, पहेँलियो, पढाउँछ बज्यो आदि क्रियापद बनेका छन् । यसैले धातुमा रूप चल्ने प्रत्यय लागेपछि क्रियापद बन्छ । क्रियापदमा प्रत्यय झिकेपछि जे रहन्छ त्यो धातु हो भन्ने कुरा विभिन्न उदाहरण प्रस्तुत गरी शिक्षकले धातुबारे जानकारी दिनुहोस् ।

## कृदन्त शब्दबाट धातुको रूप पहिचान र प्रयोग

१. विद्यार्थीलाई पाठ्य कथांश वाचन गर्न लगाएर त्यहाँबाट क्रियापद पहिचान गर्न उत्प्रेरित गर्नुहोस् ।

२ फरक फरक धातुबाट प्रत्ययसँग मेल भई बन्ने कृदन्त शब्दको रूप कस्तो हुन्छ भन्ने जिज्ञासा जगाई छलफल चलाउनुहोस् ।

३ कृदन्त शब्दको बारेमा जानेका कुरा भन्न लगाई आवश्यक सबलीकरण गरिदिनुहोस् । शिक्षक निर्मित सामग्रीबाट धातुको पहिचान र प्रयोगका बारेमा प्रस्ट पारिदिनुहोस् ।

४ सङ्कलित धातुहरूबाट क्रियापद बनाई कृदन्त शब्दको पहिचान गर्न सामूहिक छलफल गराउनुहोस् । हु, पढ, लेख्, गर् जस्ता सामान्य धातुमा प्रत्यय एर, एको, आइ, आदि लागेर बन्ने शब्द कृदन्त शब्द हुन् भने त्यस्ता प्रत्ययलाई कृत् प्रत्यय भनिन्छ भनी जानकारी दिनुहोस् ।

पढ् + आइ = पढाइ, यहाँ 'पढ' धातु हो । **'आइ'** कृत् प्रत्यय हो भने **पढाइ** कृदन्त शब्द हो । **पढ्** सामान्य धातु भएकाले 'आइ' प्रत्यय लाई 'कृत्' प्रत्यय भनिएको हो ।

५. एउटा समूहलाई धातु सम्झन, अर्को समूहलाई प्रत्यय र अर्को समूहलाई क्रियापद बनाउन लगाई धातु र प्रत्ययबाट कृदन्त शब्द बनाउन लगाउनुहोस् । अर्को समूहलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । अवश्यकतानुसार पृष्ठपोषण दिनुहोस् ।

६. धातु 'पढ्' मा 'छ' प्रत्यय जोडेर 'पढ्छ' क्रिया बन्छ भने धातु 'देख्' र प्रत्यय 'एको' जोडेर देखेको कृदन्त शब्द बन्छ । खा, पढ, लेख् धातु दिएर कृदन्त शब्द बनाउन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. विद्यार्थीलाई पढ्छ, खेल्यो, रुन्थ्यो, हाँस्ला क्रियापद दिई धातु छुट्याउन लगाउनुहोस् ।

२. कुनै समसामयिक विषय जस्तै खेलकुद र पढाइ विषयमा तुलनात्मक रूपमा वर्णन गर्न लगाउनुहोस् ।

३. धातु जा, हु, गर्, खा, देख् आदिबाट क्रियापद बनाउन लगाउनुहोस् र कृदन्त शब्द पढाइ, गएर, देखेको आदिबाट धातु र प्रत्यय छुट्याउन लगाउनुहोस् ।

# नवौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| क्रियापद र धातुको पहिचान र प्रयोग | क्रियापद र धातुको पहिचान र प्रयोग गर्न | • क्रियापदपत्ती<br>• धातुपत्ती<br>• वाक्यपत्ती |
| सकर्मक र अकर्मक क्रियापदको पहिचान र प्रयोग | सकर्मक र अकर्मक क्रियापदको पहिचान र प्रयोग गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. क्रियापद र धातु भएका तास आकारका पत्ती दिनुहोस् र उस्तै उस्तै समूह मिलाउनका लागि खेल खेलाई पाठ्यविषयप्रति रुचि जगाउनुहोस् ।

२ अगिल्लो कक्षामा पढिएका धातु र प्रत्यय मेल भएर बनेका क्रियापदहरू स्मरण गर्न लगाउनुहोस् र आफूले पनि अरू थप अभ्यासका लागि उत्साहित बनाउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### क्रियापदको धातुको पहिचान र प्रयोग

१. पूर्व ज्ञानका आधारमा शब्दपत्तीको सहायताले विद्यार्थीलाई कुनै काम हुने वा भएको आदि बुझाउने र वाक्य पूरा गर्न आउने पद वा लिङ्ग, वचन, पुरुष र आदरका आधारमा वाक्यमा रूप चल्ने शब्द कुन कुन हुन् भनी छलफल गर्न लगाउनुहोस् ।

२. धातुमा काल वा भावअनुसार रूप चल्ने प्रत्यय लागेमा के बन्दो रहेछ प्रश्न सोधी क्रियापदको पहिचान गराउनुहोस् । कर्म लिने र नलिने आधारमा वाक्य टुङ्ग्याउने र नटुङ्ग्याउने आधारमा क्रियालाई वर्गीकरण गर्न सकिने छ भन्ने कुरालाई विभिन्न उदाहरण दिई छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. विद्यार्थीलाई पाठ्य कथाबाट क्रियापदहरू सङ्कलन गर्न लगाई क्रियापद हुनाका कारण, तिनबाट धातु छुट्याउने तरिका तथा क्रियापदको प्रयोगसमेत गराई पालैपालो प्रश्न सोधी क्रियापदका बारेमा यथेष्ट छलफल गराउनुहोस् ।

## सकर्मक र अकर्मक क्रियापदको पहिचान र प्रयोग

१. सकर्मक क्रियाका बारेमा विद्यार्थीलाई के थाहा छ सोध्नुहोस् र बताउन प्रेरित गर्नुहोस् । थप जानकारीका लागि आफूले स्लाइड वा चार्टमा तयार पारी लगेको सकर्मक क्रियाको पहिचान र सान्दर्भिक प्रयोगका सामग्री प्रदर्शन गरी स्पष्ट पारिदिनुहोस् ।

२. कर्म नलिने क्रियालाई अकर्मक क्रिया भनिने कुरालाई उदाहरणबाट छलफल गराई पूर्व ज्ञान पहिचान गराउनुहोस् । उदाहरण प्रस्तुत गर्दै सामान्यतया कर्म नलिने र के वा कसलाई भनी प्रश्न सोधेमा उत्तर आउँदैन भने त्यो अकर्मक क्रिया हुन्छ भनी छलफल गराउँदै शिक्षकले सहजीकरण गर्नुहोस् ।

३. शिक्षकले आफूले स्लाइड वा चार्ट वा शब्दपत्तीमा तयार पारी लगेको अकर्मक क्रियाका उदाहरण वा सङ्कलित सामग्री प्रदर्शन गरी छलफल गराउनुहोस् र विद्यार्थीले बुझेका कुरा समूहगत रूपमा प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण गर्नुहोस् ।

४. सकर्मक र अकर्मक क्रिया भएका शब्दपत्ती दिएर विद्यार्थीलाई सकर्मक क्रिया भएका विद्यार्थीको र अकर्मक क्रिया प्रयोग भएका विद्यार्थीको समूह विभाजन गर्न लगाउनुहोस् र आवश्यक परे सहजीकरण गर्नुहोस् ।

५. एक एक जना समूहमा टोली नेता छान्न लगाउनुहोस् र सकर्मक र अकर्मक टोली नेताले आफू किन सकर्मक क्रिया बनेको भनेर संवाद गर्न लगाउनुहोस् ।

६. सकर्मक र अकर्मक क्रिया भएका वाक्य कस्ता हुन्छन् भनी भन्न लगाउनुहोस् र आवश्यक भएमा पृष्ठपोषण दिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. सकर्मक क्रियापद र अकर्मक क्रियापद प्रयोग भएका कुनै तीन तीनओटा वाक्य भन्न लगाउनुहोस् ।

२ विद्यार्थीलाई नाच्छ, बसे, सुने, देख्छन्, पढ्छन् क्रियापद सकर्मक र अकर्मक क्रियापद कुन हो पहिचान गर्न लगाउनुहोस् ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| दीर्घ ईकार : पहिचान र प्रयोग | शब्दको सुरुमा, मध्यमा र अन्त्यमा दीर्घ ईकार : पहिचान र प्रयोग गर्न | • वर्णपत्ती<br>• नमुना कथा<br>• बुँदाहरूको चार्ट |
| कथाको अनुकरण लेखन प्रस्तुति | कथाको अनुकरण लेखन प्रस्तुति दिन | |
| सिर्जना र परियोजना | निर्दिष्ट विषयवस्तुको खोज तथा मौलिक प्रस्तुति गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले कक्षामा लहरा ल्याई इकार र उकार बनाई वर्णमा लगाएर देखाउनुहोस् शुद्धीकरणमा रुचि जगाउनुहोस्

२. अक्षरमा लाग्ने ईकारका बारेमा कतिको जानकार हुनुहुन्छ ? दीर्घ ईकार भनेको कस्तो हुन्छ, दीर्घ ईकार लागेका शब्द पाठ्य कथा अगिल्लो कक्षामा पठन गर्दा ख्याल गर्नुभयो कि भएन भनी स्मरण गराउँदै दीर्घ ईकार लागेका शब्दका केही उदाहरण दिनुहोस् । अनि थप शब्द भन्न विद्यार्थीमा इच्छा जगाउनुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## दीर्घ ईकार : पहिचान र प्रयोग

१. विद्यार्थीको समूह बनाई प्रत्येक विद्यार्थीलाई लेख्य चिह्न भएका प्ले कार्ड बोक्न लगाउनुहोस् र प्रत्येकले म यो चिह्न हुँ, म यस्तो अवस्थामा प्रयोग हुन्छु भनी अति छोटो परिचय दिन लगाउनुहोस् । त्यसपछि सर्वप्रथम दीर्घ ईकारको पालो आएको भन्दै दीर्घ ईकार लाग्ने अवस्थाका बारेमा विद्यार्थीलाई बोल्न लगाउनुहोस् ।

२ अब विद्यार्थीको अनुपात मिलाएर तीन समूह निर्माण गर्न लगाई दीर्घ ईकार सुरुमा पहिलो समूह, बिचमा दोस्रो समूह र तेस्रो समूहले अन्त्यमा दीर्घ ईकार अर्थात् दाहिना (ी) लाग्ने शब्द पहिचान गर्न लगाउनुहोस् । पाठबाट त्यस्ता शब्द सङ्कलन गर्न लगाउनुहोस् ।

३ सुरुमा दीर्घ ईकार लाग्ने शब्दलाई पहिचान गराई कस्तो अवस्थामा शब्द दीर्घ हुँदा रहेछन् भन्ने छलफल गराई समूह प्रतिनिधिलाई भन्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**सुरुमा दीर्घ ईकार हुने केही शब्द**

ईश, जीवाणु, वीर, शील, जीव, शीत, वीणा, नीति, शीर्षक, दीप, कीर्ति, हीन, सीमा, टीका

४. शिक्षकले पहिलो समूहका विद्यार्थीलाई कस्ता अवस्थामा सुरुमा दीर्घ ईकार हुन्छन् भन्ने उदाहरणसहित छलफल गराई जानकारी दिनुहोस् ।

**सुरुमा दीर्घ ईकार हुने केही शब्दको प्रयोग**

हामीलाई जीवाणु आवश्यक छ तर सबै प्रकारका जीव तथा वनस्पति उत्तिकै उपयोगी छन् भन्न सकिन्न । कुनै जीवाणुको उपयोगिताको सीमा मापन त गरिएको छैन । यो अध्ययनको विषय हो ।

५. दोस्रो समूहका विद्यार्थीलाई मध्यमा दीर्घ ईकार लाग्ने शब्द पहिचान गर्न लगाउनुहोस् । पाठबाट त्यस्ता शब्द सङ्कलन गर्न लगाउनुहोस् । कस्तो अवस्थामा शब्दको बिचमा दीर्घ ईकार हुँदा रहेछन् भन्ने समूह नेतालाई प्रस्तुतिकरण गर्न लगाई छलफलपश्चात् आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**बिच (मध्य) मा दीर्घ ईकार हुने केही शब्द**

अनुकरणीय, केन्द्रीय, तृतीय, भवदीय, मानवीय, स्वर्गीय, युगीन, एकीकृत, अस्वीकार, माननीय, स्मरणीय, नवीन, संसदीय, शरीर, कुलीन, उत्तीर्ण, प्रतीक, निर्जीव, अधीन आदि ।

६. तेस्रो समूहका विद्यार्थीलाई अन्त्यमा दीर्घ ईकार लाग्ने शब्द पहिचान गरी सङ्कलन गर्न लगाउनुहोस् । कस्तो अवस्थामा शब्दको अन्त्यमा दीर्घ ईकार हुँदा रहेछन् भन्ने समूह नेतालाई प्रस्तुतिकरण गर्न लगाई छलफलपश्चात् आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**अन्त्यमा दीर्घ ईकार हुने केही शब्द**

केटी, दिदी, जेठी, श्रीमती, युवती, नारी, कोइली, घडी, जुरेली, फर्सी, जवानी, स्वामी, जोगी, तिनी, हामी, तिमी, कुराउनी, पानी, मिठाई, ठेकी, उपकारी, नेवारी, लोभी, काली, विद्यार्थी, नोकरी, अधिकारी, पचासी, ज्ञानी, दानी, खाई, तेजस्वी, भगवती, मेधावी, केही, यही, कोदाली, डुली, त्यसरी, जसरी, जापानी, नेपाली, नारायणी, महाकाली, लुम्बिनी आदि ।

७. शिक्षकले विद्यार्थीलाई कस्ता अवस्थामा मध्य र अन्त्यमा दीर्घ ईकार हुन्छन् भन्ने उदाहरणसहित छलफल गराउनुहोस् र उदाहरणका आधारमा ह्रस्व वा दीर्घको नियमबारे जानकारी दिनुहोस् ।

## कथाको अनुकरण लेखन र प्रस्तुति

१ कथा लेखनतिर आकृष्ट गर्ने र आफ्नो छनोट अनुसारको समाजसँग सम्बन्धित भई कथा अनुकरण गर्न उत्प्रेरित गर्नुहोस् । कथा शुद्ध र सफा लेखनका लागि आवश्यकीय प्रोत्साहन दिनुहोस् ।

२. पाठ्य कथाभित्रका पात्र झिकेर वा अर्को पात्र राखेर वा बदलेर कथा रच्न लगाउनुहोस् ।

४. पाठ्य कथा जस्तै कथा लेख्नु नै अनुकरण कथा लेखन भएकाले सबै विद्यार्थीलाई कथा रचना अनुकरण अभ्यास गराउनुहोस् ।

५ कथा अनुकरण लेखन गर्दा अनुच्छेद परिवर्तन आदिमा ध्यान पुगेको छ छैन हेरी आवश्यक पृष्ठपोषण गर्नुहोस् । कथा अनुकरण लेखनाभ्यास गराई आवश्यक पृष्ठपोषण दिनुहोस् । समूहगत प्रतिस्पर्धा गराई थप उत्प्रेरणा प्रदान गर्नुहोस् ।

## सिर्जना र परियोजना कार्य

१. सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष समूहका एकेक प्रतिनिधिलाई भन्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

२. सामाजिक विषयवस्तुमा लेखिएको कुनै एक कथा खोजी त्यसको विषयवस्तु र सन्देश टिपोट गरेर आगामी कक्षामा ल्याउन दिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. पाठ्य कथा हेरी सुरु, बिच र अन्त्यमा दीर्घ ईकार लागेका कुनै पाँचओटा शब्द भन्न लगाउनुहोस् ।

## एघारौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सिर्जना र परियोजना कार्य | कथा सङ्कलन तथा लेखन गर्न | • बुँदाहरूको चार्ट<br>• नमुना कथा |
| निर्दिष्ट बुँदामा आधारित कथा लेखन | निर्दिष्ट बुँदामा आधारित कथा लेखन गर्न | |
| स्वतन्त्र कथा लेखन | सामाजिक वा सांस्कृतिक विषयवस्तुमा आधारित स्वतन्त्र कथा लेखन गर्न | • कथाको नमुना चार्ट |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. सामाजिक विषयमा आधारित कथाबारे छलफलका लागि उत्साहित तुल्याउनुहोस् ।

२ स्लाइड वा चार्ट प्रदर्शन गरी आजको विषयवस्तुबारे अनुमान गर्न लगाउनुहोस् र पाठ्यवस्तुबारे जानकारी दिई कथालेखनका लागि वातावरण सिर्जना गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## सिर्जना र परियोजना कार्य

१. कथाको आरम्भ, मध्य र अन्त्यका लागि भनिने कुरा छलफल गराउनुहोस् र स्पष्ट पारिदिनुहोस् ।

२. समूहगत रूपमा चित्रका माध्यमबाट कथा रचना गर्न लगाउनुहोस् वा कुनै एक वाक्य एउटा विद्यार्थीलाई अर्को वाक्य अर्कोलाई गर्दै कथा भन्न लगाउनुहोस् । आफ्नो धारणा निर्माण गरेअनुसार चित्रका आधारमा कथा भन्न लगाएर समूहबाट तयार भएका कथालाई समूह नेताबाट वाचन गर्न लगाउनुहोस् । आवश्यकताअनुसार चित्रका आधारमा कथा रचनामा सहजीकरण गर्नुहोस् ।

३. सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा थप छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष कुनै दुईओटा समूहका प्रतिनिधिलाई भन्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गर्नुहोस् ।

४. दैनिक जीवनसँग सम्बन्धित वा सामाजिक घटनाको विषयवस्तुमा आधारित भएर कथा लेखन गर्न दिनुहोस् र कथा पढ्न लगाई पृष्ठपोषण दिनुहोस् ।

## निर्दिष्ट बुँदामा आधारित कथा लेखन

१. लिङ्ग, भाषा, जातजाति, क्षेत्रमा विविधता हुने गरी विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् ।

२. कथा लेखन गर्दा ध्यान दिनुपर्ने कुराबारेमा विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । छलफलपश्चात् प्राप्त निचोड समूह नेतालाई भन्न अवसर प्रदान गर्नुहोस् । कथाको शीर्षक राख्न, कथाको आदि भाग, मध्य भाग र अन्त्य भागमा कुन कुन घटनालाई प्रस्तुत गर्ने, निर्दिष्ट बुँदालाई विस्तार कसरी गर्ने आदि बारेमा कथा रचना गर्ने तरिका छलफल गराई शिक्षकले आवश्यक भएमा थप सबलीकरण गरिदिनुहोस् ।

३. विद्यार्थीको समूह बनाई पहिलो समूहलाई कथाको आदि भाग, दोस्रो समूहलाई मध्य भाग र तेस्रो समूहलाई निष्कर्ष भाग दिई सिर्जना र परियोजना कार्य प्रश्न १ मा दिइएका निर्दिष्ट बुँदामा आधारित भई कथा रचना गर्न लगाउनुहोस् वा प्रत्योक विद्यार्थीलाई बुँदामा आधारित भई कथा लेख्न दिनुहोस् । यसका लागि आवश्यक समय दिनुहोस् ।

४. कथाको रचना गरिसकेपछि प्रत्येक समूहको कुनै एकलाई कथा वाचन गर्ने अवसर प्रदान गर्नुहोस् र शिक्षकले आफूले ल्याएको नमुना कथा प्रस्तुत गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## स्वतन्त्र कथा लेखन

१. मौलिक कथा रचना सिपका लागि के गर्नुपर्ला भन्ने जिज्ञासा राखी सामाजिक वा सांस्कृतिक विषयवस्तुमा आधारित स्वतन्त्र लेखन कसरी गर्न सकिन्छ भन्ने विषयमा उत्प्रेरणा प्रदान गर्नुहोस् ।

२. विद्यार्थीबाट उनीहरूले देखेभोगेका सामाजिक विषयवस्तुका घटनाबारेमा अनुकरण गरी कथा भन्न रुचि जगाउनुहोस् ।

३ पाठ्य कथाको विषयानुसार सामाजिक वा सांस्कृतिक विषयवस्तुका कुनै घटनामा आधारित भएर वा अनुमान वा कल्पना गर्न लगाएर त्यस्ता विषयवस्तु र सन्देशलाई कथात्मक प्रयोग गर्न छलफल गराउनुहोस् र मौलिक कथा लेखन गर्न सक्ने अवस्थाका लागि सबलीकरण गरिदिनुहोस् ।

४. पाठ्य कथाको कथात्मक शैलीको अध्ययन गरेपछि चार्टमा ल्याएको समस्याको पहिचान वा अनुमान गर्न लगाई पात्र चयन, संवादात्मक अभिव्यक्ति कौशल सिप, कथालेखनको उद्देश्य, कथा घटनाको वातावरण, कुन समयलाई सङ्केत गर्ने हो, कथाको शीर्षक के राख्ने हो आदि प्रश्न गर्दै तिनको उत्तरको खोजी गरेर कथा रचना गर्न उत्प्रेरित गर्नुहोस् ।

५. विद्यार्थीलाई सान्दर्भिक फरक फरक चित्र दिई तिनको संयोजन गर्न र चित्र चित्रबिच सम्बद्धता गराई पालैपालो कथात्मक वर्णनका लागि बुँदा टिपोट गर्न लगाउनुहोस् ।

६. कथाका अन्य पक्ष (तŒव, उद्देश्य, संवाद, परिवेश, भाषाशैली आदि बारेमा) उदाहरणबाट विद्यार्थीलाई नै जानकारी प्रस्तुत गर्न लगाउनुहोस् ।

७. विद्यार्थीलाई टिपोट गरिएका कथात्मक बुँदाहरू प्रस्तुत गर्न लगाउनुहोस् र कथा रचना गर्न लगाई आवश्यक परेमा पृष्ठपोषण प्रदान गरी सक्रिय सहभागिताका लागि धन्यवाद दिनुहोस् ।

## (ग) मूल्याङ्कन

१. समाजमा घट्ने गरेका घटनासँग सम्बन्धित कुनै एक विषयमा कथात्मक मौखिक अभिव्यक्ति दिनहोस् ।

२. समाजमा घट्ने घटनामा आधारित भई कथा लेखनका लागि गरी बुँदा तयार पार्न लगाउनुहोस् ।

## पाठ : ३ करेसाबारी

**विधा : निबन्ध** **कार्यघण्टा : १०**

## परिचय

'करेसाबारी' वस्तुपरक शैलीमा रचना गरिएको निबन्ध हो । यस निबन्धको मुख्य उद्देश्य विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमतासहितको भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु हो । त्यसैले निबन्धात्मक पाठ सहजीकरण गराउँदा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा केन्द्रित भएर विद्यार्थीका विचार, भावना आदिलाई सङ्गठित रूपमा व्यक्त गर्न सिकाउनुपर्छ ।

'करेसाबारी' निबन्ध सहजीकरणका क्रममा बोध क्षमता अभिवृद्धिका लागि सस्वर र द्रुत पठन, संरचना बोध, पाठगत सन्दर्भ र विषयवस्तु बोध, भाव बोध आदि सिकाइका क्षेत्रमा ध्यान दिइएको छ । अभिव्यक्ति कौशल अभिवृद्धिका लागि प्रश्नोत्तर र व्याख्यात्मक प्रस्तुति, समीक्षात्मक लेखन, वर्णनात्मक अनुच्छेद लेखन, बुँदा टिपोट र सारांश लेखन, स्वतन्त्र लेखन जस्ता सिकाइ क्षेत्रलाई समेटिएको छ । शिक्षकलाई सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्दै सहजीकरण क्रियाकलाप क्रियाकलापमुखी र रुचिकर बनाउन अभिप्रेरित गरिएको छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । सिकाइ क्षेत्रअन्तर्गत कृषि क्षेत्रमा आधारित छलफल, निबन्ध विधा परिचय, संरचना पहिचान, सस्वर र द्रुत पठन, सस्वर पठन र शुद्धोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, बोधात्मक प्रश्नोत्तर, शब्दभण्डारअन्तर्गत प्राविधिक तथा पारिभाषिक शब्द, श्रुतिलेखन, सङ्क्षिप्त उत्तर लेखन, व्याख्या, समीक्षात्मक उत्तर लेखन, अनुच्छेद लेखन, बुँदा टिपोट र सारांश लेखन आदि अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र कामप्रतिको प्रतिबद्धतामा आधारित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत क्रियायोगी, नामयोगी, संयोजक, शब्दको सुरु, मध्य र अन्त्यमा ह्रस्व उकार लागेका शब्दको पहिचान र प्रयोगलाई कार्यमूलक बनाइएको छ । सुनाइ बोलाइका लागि पाठ्यपुस्तककै परिशिष्टको सुनाइ पाठ ३ मा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पहिलो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वरवाचन र शब्दोच्चारण<br>(अनुच्छेद १) | गति, यति मिलाई अनुच्छेद सस्वरवाचन गर्न | • स्लाइड वा तालिका<br>• कृषिसम्बद्ध चित्र<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• अनुच्छेदपत्ती |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| संरचना पहिचान | निबन्धको संरचना पहिचान गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले चुट्किला, कविता वा उत्प्रेरक भनाइ सुनाएर ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि चुट्किला, कविता वा उत्प्रेरक भनाइ सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. कृषि पेसासँग सम्बन्धित चित्र भएका स्लाइड वा चार्ट प्रदर्शन गरी आजको विषयवस्तुबारे अनुमान गर्न लगाएर मस्तिष्क मन्थन गराउनुहोस् र पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## सस्वरवाचन र शब्दोच्चारण

१. पाठमा दिइएको चित्रका बारेमा टोली नेतामार्फत पालैपालो वर्णन गर्न लगाउनुहोस् । कृषि क्षेत्रमा आधारित छलफलका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

२. शिक्षकले विद्यार्थीलाई सस्वरवाचन क्रियाकलापका लागि निम्न लिखित कुराको जानकारी गराउनुहोस् :

- गति (छिटो छिटो), यति (पद पदका बिचको विश्राम) मिलाई पढ्नुपर्ने
- विराम चिह्नको ख्याल गरी पढ्नुपर्ने
- हिज्जे (वर्णको लेख्य विन्यास) को ख्याल गरी पढ्नुपर्ने

३. पाठका पहिलो अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वरवाचन गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलापमा ध्यान दिनुहोस् :

- छात्र र छात्रा दुवैलाई पालैपालो सस्वरवाचन गराउनुहोस् ।
- दोस्रो भाषी विद्यार्थीलाई बढी सहभागी गराउनुहोस् ।
- साथीले गरेको उच्चारण विद्यार्थीलाई ध्यानपूर्वक सुन्न निर्देशन दिनुहोस् र अशुद्ध उच्चारण भएका शब्दलाई बिचमै रोकेर सच्याउन लगाउनुहोस् ।

५. अनुच्छेद १ सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका नयाँ शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

६. ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

७. बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा भएका विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. ती शब्द प्रयोग भई बनेका वाक्य प्रदर्शन गरी अर्थ पहिचानसम्बन्धी छलफल गराउनुहोस् ।

३. शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

४. शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

५. शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । ती शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् ।

६. शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

जस्तै :

शब्द : उत्पादन

पाठको सन्दर्भ : आफ्नै करेसाबारी ताजा, गुणस्तरीय र अर्गानिक तरकारी **उत्पादन** गरेर सजिलै पारिवारिक आवश्यकता पूरा गर्न सकिन्छ ।

वाक्य रचना : हामी करेसाबारीमा आफूलाई आवश्यक पर्ने तरकारी **उत्पादन** गर्न सक्छौँ ।

७. आवश्यकताअनुसार समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

८. विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## संरचना पहिचान

१. वस्तुपरक र आत्मपरक शैलीका अलग अलग अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गरी दुबैबिचको समानता र भिन्नताका बारेमा समूहमा छलफल गराउनुहोस् र समूहको निष्कर्ष टोली नेतालाई प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।

२. निबन्धको विधा परिचयका क्रममा छलफल गरिएका शैलीसम्बद्ध विषयवस्तु र स्लाइड वा चार्टमार्फत प्रदर्शन गरिएका अनुच्छेदका संरचनाका बारेमा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

३. निबन्धको आदि, मध्य र अन्त्यका विषयवस्तु पहिचान गर्न लगाउनुहोस् ।

४. बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ४ मा दिइएका संरचनासम्बद्ध प्रश्न सोधी संरचनाका बारेमा थप छलफल गराउनुहोस् । आवश्यक सहजीकरणसहित निबन्धको संरचना आदि, मध्य र अन्त्यको शृङ्खलामा संरचित हुने स्पष्ट पारिदिनुहोस् । जस्तै :

(क) करेसाबारी निबन्ध कति अनुच्छेदमा संरचित छ ?

उत्तर : करेसाबारी निबन्ध ९ ओटा अनुच्छेदमा संरचित छ ।

## (ग) मूल्याङ्कन

१. दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(क) करेसाबारी निबन्धको पहिलो अनुच्छेदमा कतिओटा वाक्य रहेका छन् ?

(ख) करेसाबारी निबन्धको पहिलो अनुच्छेदमा वाक्य सङ्ख्याका दृष्टिले सबैभन्दा छोटो वाक्य कुन हो ?

## दोस्रो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वरवाचन र शब्दोच्चारण<br>(अनुच्छेद २-४) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वरवाचन गर्न | • स्लाइड वा चार्ट<br>• शब्दपत्ती<br>• शब्दकोश<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• नमुना प्रश्नोत्तर |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई पनि चुट्किला, कविता वा उत्प्रेरक भनाइ सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### सस्वर पठन र शब्दोच्चारण

१. शिक्षकले विद्यार्थीलाई सस्वरवाचन क्रियाकलापबारे छलफल गराउनुहोस् ।

२. शिक्षकले पाठको दोस्रो अनुच्छेद नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. पाठका दोस्रो, तेस्रो र चौथो अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वरवाचन गराउनुहोस् ।

४. सस्वरवाचनका क्रममा नयाँ लागेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । शिक्षकले पनि वाचकले स्पष्ट उच्चारण गर्न नसकेका शब्द सङ्कलन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

५. विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका नयाँ शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

६. ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

जस्तै : व्यावसायिक /ब्या.ब.सा.यिक्/

प्राङ्गारिक /प्राङ्.गा.रिक्/

थाँक्रा /थाँ.क्रा/

७. बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा भएका विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

जस्तै : टरकारी (नेवारी) - तरकारी

कारेसाबारी (तामाङ) - करेसाबारी

## पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. ती शब्द प्रयोग भई बनेका वाक्य प्रदर्शन गरी अर्थ पहिचानसम्बन्धी छलफल गराउनुहोस् ।

३. शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

४. शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

५. शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । ती शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् ।

६. शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

७. प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गर्नुहोस् । त्यसपछि कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

वाक्यमा प्रयोग गर्नुहोस् : व्यावसायिक, व्यवस्थापन, प्राङ्गारिक, जरेबाली, बिउबिजन

८. विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

१. पाठको अनुच्छेद २ देखि ४ भित्रमध्ये कुनै एउटा अनुच्छेदको अंश स्लाइड वा चार्टमा तयार पारी प्रदर्शन गर्नुहोस् । प्रस्तुत निबन्धांश मौन पठन गरी सोधिएका प्रश्नहरूको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

२. विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

३. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नहरूको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् । पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

जस्तै : (क) करेसा केलाई भनिन्छ ?

उत्तर : घर र आँगनको वरिपरिको बाँकी जग्गालाई करेसा भनिन्छ ।

४. प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

जस्तै : (क) किन विषाक्त सागसब्जी उपयोग गर्नुहुन्न ?

(ख) प्राङ्गारिक खेतीले वातावरणमा कस्ता प्रभाव पार्छ ?

(ग) घुसुवा बाली भनेको के हो ?

५. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

**(ग) मूल्याङ्कन**

**१. ठिक बेठिक छुट्याउन लगाउनुहोस् :**

(क) हरियो तरकारी फलेको दृश्यले घरको सौन्दर्य वृद्धि हुन्छ ।

(ख) करेसाबारीको छेउकुनाको बारबन्देज गरेको ठाउँमा लहरे तरकारी लगाउँदा थाँक्रा दिनुपर्छ ।

(ग) खाडलको वरिपरि लहरे बाली लगाउँदा कम्पोस्ट मलको संरक्षण पनि हुन्छ ।

## तेस्रो दिन

१. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| सस्वरवाचन र शब्दोच्चारण (अनुच्छेद ५-८) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई वाचन गर्न | • स्लाइड वा तालिका<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरको नमुना |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले प्रेरक प्रसङ्ग वा गाउँखाने कथा सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**सस्वरवाचन र शब्दोच्चारण**

१. शिक्षकले निर्धारित पाठको पाँचौं अनुच्छेद नमुना वाचन गरी सुनाउनुहोस् ।

२. विद्यार्थीलाई पाठको अनुच्छेद ५ देखि ८ सम्म पालैपालो गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । सस्वरवाचनका क्रममा शुद्ध र स्पष्टसँग उच्चारण भए नभएको ख्याल गरी उच्चारणमा त्रुटि भएका शब्द टिपोट गर्न बाँकी विद्यार्थीलाई लगाउनुहोस् ।

३. विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । जस्तै : स्विसचार्ट, मल्चिङ, विषादी

४. शैक्षणिक पाटीमा टिपिएका शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

| | | | |
|---|---|---|---|
| स्विसचार्ट | /स्विस्.चार्.ट/ | पतिङ्गार | /प.तिङ्.गर्/ |
| मल्चिङ | /मल्.चिङ्/ | वाञ्छनीय | /बान्.छ.नि.य/ |
| विषादी | /बि.सा.दि/ | वर्गीकरण | /बर्.गि.क.रन्/ |

५. बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा भएका विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीले पाठमा अर्थबोध गर्न नसकेका नयाँ शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. ती शब्द प्रयोग भई बनेका वाक्य प्रदर्शन गरी अर्थ पहिचानसम्बन्धी छलफल गराउनुहोस् ।

३. शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

४. शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् ।

५. शिक्षकले तयार पारी लगेका केही लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि विद्यार्थीलाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

१. विद्यार्थीलाई सङ्ख्याका आधारमा समूहमा विभाजन गरी बोधात्मक प्रश्नोत्तरका बारेमा छलफल गराउनुहोस् ।

२. शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ हेर्न र निर्देशानुसार अनुच्छेद मौन पठन गरी अनुच्छेदमा नै सम्भावित उत्तर रेखाङ्कन गर्न लगाउनुहोस् ।

३. प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

जस्तै : (क) अनुच्छेदमा तरकारीलाई कुन कुन प्रकारमा वर्गीकरण गरिएको छ ?

उत्तर : अनुच्छेदमा तरकारीलाई हिउँदे, बसन्ते र बर्खेमा वर्गीकरण गरिएको छ ।

४. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गर्न लगाउनुहोस् ।

**(ग) मूल्याङ्कन**

दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

छापो, चिचिन्डो, उत्पादकत्व, कन्दमूल, धुस्नु

## चौथो दिन

१. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| सस्वरवाचन र शब्दोच्चारणा<br>(अनुच्छेद ९) | गति, यति मिलाई अनुच्छेद वाचन गर्न | • स्लाइड वा चार्ट<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• शब्दकोश<br>• अनुच्छेदपत्ती |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| शब्दभण्डार : प्राविधिक तथा पारिभाषिक शब्द | प्राविधिक तथा पारिभाषिक शब्द पहिचान गरी अर्थबोध र प्रयोग गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई गाउँखाने कथा सुनाउने अवसर दिनुहोस् । आवश्यक उत्प्रेरणा दिई अगिल्लो दिनको पाठ्यवस्तुको सारबारे छोटो छलफल गराउनुहोस् ।

२. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### सस्वर पठन र शब्दोच्चारण

१. शिक्षकले विद्यार्थीलाई सस्वरवाचन क्रियाकलापबारे छलफल गराउनुहोस् ।

२. विद्यार्थीलाई पाठको अन्तिम अनुच्छेद पालैपालो सस्वरवाचन गराउनुहोस् । सस्वरवाचन गर्ने क्रममा स्पष्ट उच्चारण गर्न नसकेका नयाँ शब्द रेखाङ्कन गर्न लगाउनुहोस् ।

३. शिक्षकले पनि वाचनका क्रममा स्पष्ट उच्चारण नभएका शब्द सङ्कलन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

४. ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

५. बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा विद्यार्थीले गर्न सक्ने उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठबाट अर्थबोध नभएका नयाँ शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट टिपोट गरेका शब्द भन्न लगाई नदोहोरिने गरी शैक्षणिक पाटीमा लेखिदिनुहोस् ।

२. लेखिएका शब्दका अर्थ बताउन विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् । उनीहरूले भनेका अर्थ शैक्षणिक पाटीमा लेख्दै जानुहोस् । त्यसरी लेखेको अर्थ सही भए वा नभएको स्पष्ट गरिदिनुहोस् ।

३. विद्यार्थीबाट अर्थ नआएका शब्दका लागि शैक्षणिक सामग्री प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

४. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन लगाउनुहोस् ।

५. विद्यार्थीलाई नै शब्द र अर्थ मिले नमिलेको यकिन गरी मूल्याङ्कन गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरी सबैभन्दा धेरै शब्दअर्थ जोडा मिलाउने विद्यार्थीलाई ताली बजाएर स्याबासी दिनुहोस् । जस्तै :

| शब्द | अर्थ |
|---|---|
| गुणस्तरीय | गुणस्तर राम्रो भएको |
| गोडमेल | बोटबिरुवाका वरिपरि भएका झारपात उखेल्ने वा गोड्ने काम |
| खाडल | खाल्टो |
| बाली | कृषिउपज |
| लट्टे | सागको एक प्रकार |

६. शब्दभण्डार खण्डको अभ्यास ४ का शब्द वा त्यस्तै प्रकृतिका अन्य शब्द दिई एक एकओटा वाक्य निर्माण गर्न निर्देशन दिनुहोस् । समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै :

जस्तै :

शब्द : सदुपयोग

पाठको सन्दर्भ : हामीले हाम्रो घर सेरोफेरोको जग्गालाई सदुपयोग गरिरखेका छौँ ।

वाक्य रचना : हामी समयलाई सदुपयोग गर्नुपर्छ ।

७. समूह कार्य सम्पन्न भएपछि विभिन्न समूहलाई प्रस्तुतिकरण गर्न लगाई बाँकी विद्यार्थीलाई मूल्याङ्कनका लागि प्रोत्साहित गर्नुहोस् । अन्त्यमा समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## प्राविधिक तथा पारिभाषिक शब्द

१. पारिभाषिक र प्राविधिक शब्दका बारेमा समूहमा छलफल गराई निम्न निष्कर्षमा पुग्नुहोस् :

- कानुन, प्रशासन, वाणिज्य, विज्ञान र प्रविधि, वन, शिक्षा, साहित्य, सञ्चार आदि क्षेत्रमा प्रयोग हुने शब्द नै पारिभाषिक र प्राविधिक शब्द हुन् ।
- प्रयोग क्षेत्रका आधारमा भिन्न भिन्न अर्थ लिएर आउन सक्छन्, जस्तै :

| | | | |
|---|---|---|---|
| ध्वनि | : | (विज्ञान) | आवाज |
| ध्वनि | : | (साहित्य) | व्यङ्ग्य |
| गण | : | (प्रशासन) | सैनिकको दल |
| गण | : | (साहित्य) | छन्दका तीन वर्णको समूह |

२. विद्यार्थीलाई सङ्ख्याका आधारमा 'कानुन, प्रशासन, वाणिज्य, विज्ञान र प्रविधि, वन, शिक्षा, साहित्य, सञ्चार' आदि नाम दिई समूहमा विभाजन गर्नुहोस् ।

३. शिक्षकले शब्दभण्डार खण्डको अभ्यास २ पढ्न र निर्देशानुसार आआफ्ना समूहका शब्दका अर्थ पहिचानका लागि छलफल गर्न लगाउनुहोस् ।

४. शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

५. छलफलपश्चात् विद्यार्थीलाई शब्द र अर्थ भन्ने अवसर प्रदान गर्नुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरी पृष्ठपोषणसमेत दिनुहोस् । जस्तै :

| | | | |
|---|---|---|---|
| समूह 'कानुन' | : अधिवक्ता | – | अधिकृत तहको कानुन व्यवसायी |
| समूह 'प्रशासन' | : दर्ता | – | कार्यालयमा आएका चिठीपत्र पञ्जीकरण गर्ने |
| समूह 'वाणिज्य' | : आयव्यय | – | आम्दानी र खर्च |
| समूह 'विज्ञान र प्रविधि' | : ऊर्जा | – | इन्धन वा अन्य स्रोतबाट प्राप्त शक्ति |
| समूह 'वन' | : कटानी | – | काट्ने काम |
| समूह 'शिक्षा' | : परीक्षा | – | योग्यता, गुण आदि जाँच गर्ने काम |
| समूह 'साहित्य' | : रस | – | वीर, हास्य आदि साहित्यमा प्रयोग हुने नव रस |
| समूह 'सञ्चार' | : प्रसारण | – | प्रचारप्रसार गर्ने कार्य |

६. शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् र तिनै शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् ।

७. शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

जस्तै :

छन्द : मेघ बिजुली विवाह कविता शिखरिणी छन्दमा रचना गरिएको छ ।

इन्धन : कोइला तापशक्ति प्रदान गर्ने इन्धन हो ।

परिपत्र : शिक्षा मन्त्रालयले प्रत्येक विद्यालयलाई नयाँ शैक्षिक सत्रसम्बन्धी परिपत्र गरेको छ ।

८. प्रत्येक समूहलाई आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् ।

९. शब्दभण्डार खण्डको अभ्यास ३ गर्न उत्प्रेरित गर्नुहोस् । वाक्य रचनाका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । वाक्य रचनापश्चात् प्रस्तुतिकरण गर्ने अवसर प्रदान गर्नुहोस् । अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### (ग) मूल्याङ्कन

'करेसाबारी' निबन्धबाट कृषि क्षेत्रमा प्रयोग हुने पाँचओटा पारिभाषिक तथा प्राविधिक शब्द टिपी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

## पाँचौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| श्रुतिलेखन | शब्द र अनुच्छेद सुनेर शुद्ध, सफा र स्पष्टसँग लेख्न | • स्लाइड वा तालिका<br>• शब्दपत्ती<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| सङ्क्षिप्त उत्तर लेखन | निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | |
| बोध प्रश्नोत्तर | बोध प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई पनि कविता वा चुट्किला सुनाउने अवसर प्रदान गर्नुहोस् । प्रस्तुतिपछि प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

३. सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### श्रुतिलेखन

१. विद्यार्थीलाई श्रुतिलेखनको अवधारणा र श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, शब्दबनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

२. विद्यार्थीमाझ कुनै एउटा नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका अक्षर लेखाइ, शब्दबनोट, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि विषयमा छलफल गराउनुहोस् ।

३. शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

४. श्रुतिलेखनपश्चात् साथी साथीबिचमा कापी साटासाट गर्न लगाई साथी साथीबाटै परीक्षण गराउनुहोस् र शिक्षकले त्यसका लागि आवश्यक सहजीकरण गरिदिनुहोस् ।

५. श्रुतिलेखनका क्रममा सफा र स्पष्टसँग लेख्ने एक जना, सबैभन्दा थोरै त्रुटि गर्ने एक जना र राम्रा अक्षरमा लेख्ने एक जना विद्यार्थीको नाम घोषणा गरी ताली बजाएर हौसला दिन लगाउनुहोस् ।

६. सुनाइ, लेखाइ आदिमा समस्या भएका विद्यार्थी पहिचान गरी शिक्षकले तयार गरेका अन्य अनुच्छेदको श्रुतिलेखन अभ्यास गराउनुहोस् । थप अभ्यासको अवसर प्रदान गर्नुहोस् र सहयोग तथा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## सङ्क्षिप्त उत्तर लेखन

१. विद्यार्थीलाई सङ्क्षिप्त उत्तर लेखनका बारेमा छलफल गर्न लगाई छलफलको निष्कर्ष सुनाउने अवसर दिनुहोस् ।

२. बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा दिइएका प्रश्न प्रस्तुत गर्नुहोस् । विद्यार्थी सङ्ख्याका आधारमा समूह बनाउनुहोस् । ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् ।

३. छलफलपश्चात् प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीले तयार पारेका उत्तर पढेर सबैलाई सुनाउन लगाउनुहोस् । उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुनै कुरा छन् भने भन्ने अवसर अन्य समूहका एक एक जनालाई दिनुहोस् ।

५. शिक्षकले तयार पारेको नमुना उत्तर स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । जस्तै :

> (क) बाली विविधता भनेको के हो ?
>
> उत्तर : करेसाबारीमा विभिन्न प्रकारका बाली लगाइन्छ । करेसाबारीको भूबनोट, माटाको अवस्था तथा मलको प्रयोग, पानीको प्रबन्ध, बिउबिजनको उपलब्धता आदिलाई ध्यान दिएर बाली लगाउने गरिन्छ । वर्षाका वेला फर्सी, लौका, करेला, बोडी आदि लगाइन्छ । हिउँदमा सिमी, केराउ आदि लगाइन्छ । मौसमअनुसारको बन्दा, काउली, भन्टा, खुर्सानी प्याज आदि तरकारी लगाइन्छ । माटाको प्रकारअनुसार हिउँदे, बसन्ते, बर्खे आदि मौसममा फरक फरक किसिमका बाली लगाउनु नै बाली विविधता हो ।

६. समूहले तयार पारेका अन्य प्रश्नका सङ्क्षिप्त उत्तर साथीसँग कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

## बोध प्रश्नोत्तर

१. बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गराउनुहोस् ।

२. विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

३. विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् ।

४. समूहले उत्तर लेखिसकेपछि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र अन्य समूहलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

५. भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्व ज्ञानका आधारमा गराउनुहोस् । भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप नवौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

## (ग) मूल्याङ्कन

रासायनिक खेतीका बेफाइदा के के हुन्, भन्न लगाउनुहोस् ।

## छैटौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| व्याख्या लेखन | निर्दिष्ट उद्धरण व्याख्या गर्न | • अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट वा स्लाइड<br>• व्याख्याको नमुना चार्ट |
| विवेचनात्मक उत्तर लेखन | विवेचनात्मक उत्तर दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै प्रेरक व्यक्तिको प्रेरणादायक भनाइ सुनाएर त्यस भनाइले व्यक्त गर्न खोजेको भावका बारेमा जानकारी गराई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

#### व्याख्या लेखन

१. व्याख्या र भावविस्तार लेखनका बारेमा छलफल गरी विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

२. व्याख्या लेखनका बारेमा समूहमा थप छलफल गराउनुहोस् । सामूहिक छलफलपश्चात् वैयक्तिक रूपमा व्याख्या लेखनको अभ्यासका लागि उत्प्रेरित गर्नुहोस् ।

३. अभिव्यक्ति खण्डको अभ्यास ८ व्याख्याका सम्भावित बुँदा तयार पार्न लगाउनुहोस् । तयार पारिएका बुँदा प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

४. शिक्षकले तयार पारेर ल्याएका सम्भावित बुँदा प्रदर्शन गरी विषयवस्तुप्रतिको धारणा स्पष्ट बनाउनुहोस् ।

प्रश्न : हरियो तरकारी फलेको दृश्यले घरको सौन्दर्य वृद्धि हुन्छ र वातावरण पनि स्वच्छ बन्न पाउँछ ।

**बुँदा**

- भूगोल र मौसमअनुसारको तरकारी लगाइने
- ताजा, गुणस्तरीय र अर्गानिक तरकारी उत्पादन गर्नुपर्ने
- हरियालीपनले घरको सौन्दर्य बढ्ने
- वातारण स्वच्छ हुने

५. व्याख्या लेखन अभ्यास गराउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।

६. लेखन कार्य सकिएपछि पालैपालो कक्षामा प्रस्तुतिकरण गर्न लगाउनुहोस् ।

७. विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## विवेचनात्मक उत्तर लेखन

१. विवेचनात्मक उत्तर लेखन ढाँचा तथा संरचनाबारे छलफल गर्नुहोस् :

- विवेचनात्मक उत्तर भनेको प्रश्नमा केन्द्रित भएर विश्लेषणात्मक तरिकाले दिइने लामो उत्तर हो ।
- लामो उत्तर परिचय, उत्तर र निष्कर्ष खण्डमा संरचित हुन्छ ।
- परिचय खण्डमा पाठको परिचयसहित पाठको सन्दर्भ र प्रश्नमा प्रवेश गरेर तयार गरिन्छ ।
- उत्तर खण्डमा प्रश्नमा केन्द्रित भएर पाठको क्रमशः विश्लेषण गरिन्छ । तर्कपूर्ण र विश्लेषणात्मक शैलीमा भावको समीक्षा गरिन्छ ।
- निष्कर्ष खण्डमा उत्तरको निष्कर्ष, भाषाशैली र आफ्ना विचारसहित उत्तरको समापन गरिन्छ ।

२. विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ का प्रश्नलाई समूहमा बाँड्नुहोस् ।

३. साथी साथी मिलेर पाठ पढी प्रश्नको उत्तर समेट्ने खालका बुँदा तयार गर्न लगाउनुहोस् । विद्यार्थीलाई आवश्यक सहयोग र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. विद्यार्थीले तयार पारेका बुँदाहरू प्रस्तुत गर्न लगाउनुहोस् । तिनै बुँदालाई समेटेर मौखिक रूपमा लामो उत्तरको संरचना तयार पार्न सिकाउनुहोस् ।

५. प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको शिक्षकले तयार पारेको नमुना बुँदा प्रस्तुत गर्नुहोस् र समेटिनुपर्ने विषयवस्तुका बारेमा थप छलफल गराउनुहोस् । जस्तै :

प्रश्न : करेसाबारीमा मलखाद प्रयोग, सिँचाइ र गोडमेलका बारेमा पाठमा व्यक्त विषयवस्तुप्रति आफ्ना धारणा व्यक्त गर्नुहोस् ।

**बुँदाहरू**

- करेसाबारी विभिन्न प्रकारका तरकारी खेती गरिने घरनजिकैको सानो जग्गा
- भूगोल र मौसमअनुसार बाली करेसाबारीमा लगाइने
- करेसाबारीमा ताजा, गुणस्तरीय र अर्गानिक तरकारी उत्पादन गरेर पारिवारिक आवश्यकता पूरा गरिने
- खेती गर्दा घरबाट निस्कने फोहोर पानी र प्राङ्गारिक वस्तुको पुनः प्रयोग हुन गई वातावरणीय सन्तुलनमा सहयोग पुग्ने
- करेसाबारीमा तरकारीको प्रकृतिअनुसार मलखादको जोहो गर्नुपर्ने
- बालीनाली ओइलाउने र सुक्ने स्थिति नआओस् भनेर सिँचाइको आवश्यकता पर्ने
- बिउ उम्रने वेला, बेर्ना सारेका वेला, मलखादको प्रयोग लगत्तै, गोडमेलपश्चात् डुकु आउने, फुल्ने र दाना लाग्ने वेलामा बिरुवालाई पानी नभई नहुने
- करेसाबारीमा नियमित रूपमा गोडमेल गर्नुपर्ने
- झारपात उखेल्दा माटो खुकुलो भई बाली सप्रिने

६. विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । पालैपालो विद्यार्थीले तयार पारेका उत्तर कक्षामा प्रस्तुतिकरण गर्न लगाउनुहोस् । अन्त्यमा आवश्यकतानुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ग) मूल्याङ्कन**

दिइएको गद्यांशलाई व्याख्या गर्न लगाउनुहोस् :

घर घरमा करेसाबारी, खाऔँ ताजा तरकारी ।

## सातौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| अनुच्छेद लेखन | शीर्ष वाक्य पहिचान गरी निर्दिष्ट शीर्षकमा वस्तुपरक अनुच्छेद रचना गर्न | • बुँदाको चार्ट वा स्लाइड<br>• अनुच्छेदपत्ती |
| बुँदा टिपोट र सारांश लेखन | बुँदा टिपोट गरी एक तृतीयांशमा सारांश लेख्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै रमाइलो घटना वा विषयवस्तु प्रस्तुत गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

२. अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटकरीमा छलफल गरी आजको विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**अनुच्छेद लेखन**

१. शिक्षकले तयार पारेको कुनै अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । त्यस अनुच्छेदको पहिलो वाक्य पहिचान गर्न लगाउनुहोस् ।

२. विद्यार्थीले भनेका पहिलो वाक्यको आशय त्यस अनुच्छेदको मुख्य आशय हो वा होइन भन्नेबारे छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष स्वस्फूर्त सुनाउने अवसर दिनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

३. बोध र अभिव्यक्ति खण्डको अभ्यास १० मा दिइएको अनुच्छेद पढ्न लगाउनुहोस् । शीर्ष वाक्यका बारेमा भनिएका कुरा टिपोट गरी सुनाउन अभिप्रेरित गर्नुहोस् । जस्तै :

> अनुच्छेद लेखनको सुरुमा शीर्ष वा मुख्य वाक्य दिइएको हुन्छ ।

४. बोध र अभिव्यक्ति खण्डको अभ्यास १० मा दिइएको प्रश्नअनुसार पाठको दोस्रो र तेस्रो अनुच्छेदबाट शीर्ष वाक्य पहिचान गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. दिइएको अनुच्छेद स्लाइट वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । उक्त अनुच्छेद पढेर अनुच्छेद लेखनका बारेमा मुख्य मुख्य विषयवस्तु टिपोट गर्न निर्देशन दिनुहोस् ।

> सिलसिलाबद्ध रूपमा विचार वा भावलाई एकै प्रवाहमा व्यक्त गरी लेखिएको वाक्य समूहलाई अनुच्छेद भनिन्छ । वर्णनात्मक, आत्मपरक, व्याख्यात्मक, आख्यानात्मक जस्ता सबै प्रकृतिका अनुच्छेदमा विचारले वाक्य शृङ्खलालाई एकीकृत गरेको पाइन्छ । अनुच्छेद आकारले सानो ठुलो जस्तो भए पनि आफैँमा पूर्ण हुन्छ । अनुच्छेद रचनामा आदि, मध्य र समापन भाग हुन्छ । अनुच्छेद लेखनको सुरुमा शीर्ष वा मुख्य

वाक्य दिइएको हुन्छ । मध्यमा मुख्य वा शीर्ष वाक्यमा प्रस्तुत भएको विचारलाई पुष्टि गर्न सहयोगी वाक्य आएका हुन्छन् । यी वाक्य लेखकको दृष्टिकोण प्रस्तुत गर्ने मुख्य वाक्यको क्षेत्रभन्दा बाहिर जाँदैनन् । समापन भागमा शीर्ष र मध्यमा भनिएका विचारको निष्कर्ष प्रस्तुत गरिन्छ । सामान्यत: अनुच्छेदमा यस्तै ढाँचालाई अपनाइएको हुन्छ । वर्णनात्मक अनुच्छेदमा विषयवस्तुको सूचना वा तथ्यलाई क्रमिक रूपमा प्रस्तुत गरिन्छ । यसमा शीर्षक वा विषयवस्तुलाई नै मुख्य मानिन्छ ।

६. विद्यार्थीले टिपोट गरेका विषयवस्तु प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

७. अनुच्छेद लेखनका विधि र प्रक्रियाबारे समूहमा छलफल गराउनुहोस् । समूहको निष्कर्ष विद्यार्थीलाई भन्न लगाउनुहोस् । जस्तै :

अनुच्छेद लेखनका विधि र प्रक्रिया

- शीर्षकसँग सम्बन्धित विषयवस्तुलाई गहन रूपमा बुझ्ने र बुँदा सम्झने वा टिप्ने
- छनोट गरिएका बुँदाहरूको क्रम निश्चित गर्ने
- सबैभन्दा माथि दिइएको शीर्षक राखी एक अनुच्छेद मात्र लेख्ने
- अनुच्छेद लेख्दा निर्देशित शैली र त्यसको प्रक्रियालाई अवलम्बन गर्ने
- लेखनलाई स्पष्ट, क्रमबद्ध र पूर्ण बनाउने

५. शिक्षकले तयार पारेको अनुच्छेदको नमुना प्रस्तुत गरी थप धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

**असल शिक्षक**

शिक्षा दिने व्यक्तिलाई शिक्षक भनिन्छ । एउटा असल शिक्षकमा ज्ञान, कला र मिलनसारिता तीन गुण अवश्य हुनुपर्छ । विद्यार्थीकेन्द्री सिकाइप्रति विद्यार्थीको चासो बढी हुन्छ । गरेर सिक्ने, खेलेर सिक्ने अवसर दिने शिक्षक उनीहरूका लागि प्रिय हुन्छन् । कक्षामा मायालु वातावरण, शिक्षकको हँसिलो मुहार, सहयोगी भावना भएमा विद्यार्थीको रुचि सिकाइप्रति बढेर जान्छ । विद्यार्थीले मायालु शिक्षकलाई नै असल शिक्षक मान्छन् । अत्यन्तै आदर र सम्मान गर्छन् । आफ्ना कुरा धक फुकाएर भन्न सक्छन् । असल शिक्षकमा विषयवस्तुको ज्ञान हुनुपर्छ । त्यसैले सहयोगी, मार्गदर्शक, उत्प्रेरक व्यक्ति हुन सके असल शिक्षक बन्न सकिन्छ ।

६. विद्यार्थीलाई 'फूलबारी' शीर्षकमा वर्णनात्मक अनुच्छेद लेख्न लगाउनुहोस् । यस क्रममा शिक्षकले अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थीलाई अनुच्छेद प्रस्तुतिकरणको अवसर दिनुहोस् । थपघट गर्नुपर्ने विषयवस्तुका बारेमा छलफल गर्न लगाउनुहोस् र त्यसपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## बुँदा टिपोट र सारांश लेखन

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । बुँदा टिपोट र सारांश लेखनका बारेमा समूहगत छलफल गराउनुहोस् ।

२. टोली नेतालाई छलफलको निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

बुँदा टिपोट गर्दा ध्यान दिनुपर्ने पक्ष

- दिइएको अनुच्छेदलाई राम्ररी भावबोध नभएसम्म पटक पटक पढ्नुपर्छ ।
- अनुच्छेदका मुख्य मुख्य कुरामा रेखाङ्कन गर्नुपर्छ ।
- ती रेखाङ्कित अंशबाट सङ्ख्यात्मक रूपमा बुँदा टिप्नुपर्छ ।
- बुँदा टिपोटको क्रियापद असमापक नै बनाउनुपर्छ ।

सारांश लेख्दा ध्यान दिनुपर्ने पक्ष

- टिपेका बुँदाको प्रयोग गरेर क्रियापद राखी खेस्रा लेखन गर्नुपर्छ ।
- खेस्रा लेखन गर्दा समस्त शब्द र जटिल वाक्य संरचनामा ध्यान दिनुपर्छ ।
- एक तिहाइभन्दा बढी शब्द सङ्ख्या नहुने गरी अनावश्यक शब्दलाई फ्याँकेर साफी लेखन गर्नुपर्छ ।
- साफी लेखनपछि भाव समेट्ने गरी शीर्षक र अन्त्यमा शब्द सङ्ख्या उल्लेख गर्नुपर्छ ।

३. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा आफूले लगेका बुँदालाई प्रदर्शन गराई विद्यार्थीका समूहबिच छलफल चलाउनुहोस् । आफूले शैक्षणिक सामग्रीको रूपमा लगेको सारांश लेखनको नमुनालाई कक्षामा कुनै विद्यार्थीमार्फत् वाचन गर्न लगाउनुहोस् ।

४. सारांश लेखनबारे कक्षामा छलफल चलाउनुहोस् । आवश्यक भएमा पृष्ठपोषण दिनुहोस् । जस्तै :

वर्तमान युग विज्ञान र प्रविधिको युग हो । विज्ञानले विविध क्षेत्रमा गरेको प्रगतिले वर्तमान युग सुविधायुक्त बन्न पुगेको छ । टेलिफोनको आविष्कारले संसारभरि तुरुन्तै सम्पर्क गरी दोहोरो कुराकानी गर्न सम्भव भएको छ भने रेडियो र टेलिभिजनका माध्यमबाट विश्वमा घटेका विभिन्न घटनाका बारेमा घरमै बसी समाचार सुन्न र हेर्न सक्ने सुविधा सबैलाई उपलब्ध भएको छ । यसैगरी रेल, मोटर, पानीजहाज, हवाईजहाज जस्ता यातायातका साधनले टाढा टाढाको गन्तव्यलाई पनि सुगम बनाइदिएका छन् । वैज्ञानिक क्षेत्रमा भएको आशातीत प्रगतिले गर्दा घरायसी कामदेखि लिएर कृषि, उद्योग, वाणिज्य आदि क्षेत्रमा मानवीय जीवनपद्धति सुखी, सम्पन्न र सुविधायुक्त बन्न पुगेको छ । मानिसले आर्जन गरेको अभूतपूर्व ज्ञान, निरन्तर कडा मिहिनेत र अनुसन्धानको परिमाणस्वरूप यन्त्रमानव आविष्कार गर्ने महŒवपूर्ण कार्यमा समेत सफलता प्राप्त भएको छ ।

**बुँदा टिपोट**

१. वर्तमान विज्ञान र प्रविधिको युग सुविधायुक्त बन्न पुगेको

२. टेलिफोन, रेडियो, टेलिभिजनले जन सम्पर्क र सूचनामा सहयोग पुगेको

३. यातायातका साधनले गन्तव्यलाई सुगम बनाउनुका साथै कृषि, उद्योग, वाणिज्य क्षेत्रमा मानवीय जीवन पद्धति सुखी, सम्पन्न बन्न पुगेको

४. मान्छेको ज्ञान, मिहिनेत र अनुसन्धानले यन्त्रमानव आविष्कारमा सफलता मिलेको

**नयाँ आविष्कार**

वर्तमान सुविधायुक्त विज्ञान प्रविधिको युग हो । यातायातले गन्तव्यलाई सुगम बनाएको छ भने टेलिफोन, रेडियो, टेलिभिजनले सूचनामा सहयोग पुऱ्याएका छन् । मान्छेको ज्ञान, मिहिनेत र अनुसन्धानले यन्त्रमानव आविष्कारमा सफलतासँगै कृषि, उद्योग, वाणिज्य र मानवीय जीवन पद्धति सम्पन्न बनेको छ ।

| | |
|---|---|
| | अनुच्छेदको शब्दसङ्ख्या : १११<br>एक तृतीयांश शब्दसङ्ख्या : ३७<br>सारांश शब्दसङ्ख्या : ३७ |

४. बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ अनुसारको पाठको अनुच्छेद पाँच मौन पठन गरी आशय खुल्ने गरी चारओटा बुँदा टिपोट गर्न आवश्यक समय दिनुहोस् ।

५. विद्यार्थीका समूहले बुँदा टिपोट गरिसकेपछि समूह समूहबिच मूल्याङ्कन गर्न लगाउनुहोस् ।

६. साथी र शिक्षकबाट प्राप्त सुझावसमेटी प्रत्येक समूह नेताबाट कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई साथीको प्रस्तुति सुनी सारांशबारे प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

**(ग) मूल्याङ्कन**

'विद्यार्थी जीवन' वा अन्य कुनै शीर्षकमा अनुच्छेद लेख्न लगाउनुहोस् ।

## आठौँ दिन

१. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| भाषिक प्रकार्य | कामप्रतिको प्रतिबद्धतामा आधारित भाषिक सञ्चार गर्न | • अडियो वा भिडियो<br>• अनुच्छेद पत्ती<br>• प्रश्नको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| श्रुतिबोध | सुनाइ पाठ ३ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफलसहित आजको कक्षाको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### भाषिक प्रकार्य

१. विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

२. विद्यार्थीलाई कामप्रतिको प्रतिबद्धतासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

३. शिक्षकले कामप्रतिको प्रतिबद्धतासम्बन्धी विषयवस्तुमा केन्द्रित रही भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस् र संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस् । जस्तै :

(अभिनवकी आमा र अभिनवबिच कुराकानी हुँदै छ ।)

| | | |
|---|---|---|
| अभिनव | : | आमा ! मलाई एकैछिन ल्यापटप दिनुहोस् न । |
| आमा | : | तिमीलाई अहिले ल्यापटप किन चाहियो र बाबु । |
| अभिनव | : | गुरुले युट्युब हेरेर नेपालका पर्यटकीय स्थलका बारेमा कक्षामा सुनाउन भन्नुभएको छ । |
| आमा | : | (खुसी हुँदै) आहा ! गुरुले धेरै राम्रो काम लगाउनुभएछ । ल्यापटप आधा घण्टा मात्र चलाऊ है । धेरै बेर चलाउँदा तात्छ नि । अनावश्यक भिडियो हेरेर समय बर्बाद नगर है बाबु । |
| अभिनव | : | हुन्छ आमा । काम सकिनेबित्तिकै ल्यापटप बन्द गर्छु । अनावश्यक सामग्री हेरेर समय खेर फाल्दिनँ । |

४. प्रस्तुत गरिएको प्रकार्य वा सन्दर्भका आधारमा त्यसमा रहेका खास सन्दर्भ, सहभागीको भूमिका, दोहोरो सञ्चार, भाषाशैली, शब्दभण्डार आदिको प्रयोगबारे पहिचानात्मक छलफल गराउनुहोस् ।

५. बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ मा दिइएको सन्दर्भ बुझेर निर्दिष्ट प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

६. विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

७. विद्यार्थीलाई स्वतन्त्र रूपमा वास्तविक जीवन तथा परिस्थितिअनुकूलका कामप्रतिको प्रतिबद्धतामा आधारित केही सन्दर्भ दिँदै भाषाको व्यावहारिक प्रयोग गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## श्रुतिबोध

१. विद्यार्थीलाई सुनाइ पाठका आधारमा छलफल गराई पालैपालो धारणा राख्ने अवसर दिनुहोस् ।

२. विद्यार्थीका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

३. शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी कुनै पाठ्य सामग्री सुनाउनुहोस् । सुनेका आधारमा विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् ।

४. सुनाइ पाठ ३ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकतानुसार (कम्तीमा दुई पटक) सुनाउनुहोस् ।

५. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न १ को अभ्यासमा आधारित भएर हाजिरजवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

६. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न २ समूहमा छलफल गराउनुहोस् । विद्यार्थीलाई पालैपालो कस्तो प्राकृतिक वातावरण मन पर्छ, भन्न उत्प्रेरित गर्नुहोस् ।

७. विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

### (ग) मूल्याङ्कन

**१. सुनाइ पाठ ३ सुनी सोधिएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(क) म पात्रलाई कहाँ गएर सुकुल ओछ्याउन मन लाग्यो ?

(ख) लेखकलाई किन सच्चा नेपाली भए जस्तो लाग्यो ?

**२. चउरमा खेलेर समयमै घर आइपुग्ने प्रतिबद्धता जनाउँदै अभिभावक र छोराछोरीबिच हुने कुराकानी अभिनय गरेर सुनाउन लगाउनुहोस् ।**

## नवौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक संरचना : क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक, निपात | क्रियायोगी, नामयोगी, संयोजक विस्मयादिबोधक, निपात शब्द पहिचान गरी प्रयोग गर्न | • स्लाइड वा चार्ट<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती |
| सिर्जना र परियोजना कार्य | निर्दिष्ट विषयवस्तुमा छलफल गरी प्रस्तुति दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गराउनुहोस्

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

३. सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक, निपातको पहिचान र प्रयोग

१. अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । त्यस अनुच्छेदबाट क्रियायोगी शब्द टिपोट गर्न लगाउनुहोस् । जस्तै :

अस्ति म निकै ढिलो घर फर्कें । बाटो खुला थियो तापनि मैले बेतोडले गाडी कुदाइनँ । गल्लीमा यत्रतत्र

भुस्याहा कुकुर थिए । कुकुर बिनसित्ती भुकिरहेका थिए । कुनै कुनै पसल राती अबेरसम्म खुलै थिए । केही बटुवा लडखडाउँदै हिँडिरहेका थिए । मलाई त्यहाँ छुट्टै दुनियाँ छ जस्तो लाग्यो । गल्ली ज्यादै साँघुरो नभए पनि राम्ररी फैलन नपाएको जस्तो थियो ।

२. टिपिएका क्रियायोगी शब्द विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् । कसरी, कहाँ, कहिले प्रश्न गर्दा उत्तर आउने पद क्रियायोगी हुन् भन्ने जानकारी गराउनुहोस् ।

३. धातुमा एर/न/नाले प्रत्यय लागेर बनेका पढेर, पढ्न, पढ्नाले जस्ता शब्द क्रियायोगी हुने जानकारी गराउँदै पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. स्लाइड वा चार्टमा प्रदर्शन गरी नायोगी शब्द टिपोट गर्न लगाउनुहोस् । जस्तै :

उनीसँग शैक्षिक योग्यताको प्रमाणपत्र थिएन तर आफ्नो युगलाई बुझ्ने अन्तरदृष्टि थियो । समयको उल्टो गतिअनुसार बहने होइन, समयको धारलाई नै सही दिशापट्टि डोहोऱ्याउने साहस उनमा थियो । उनीसँग आफूबाहेक केही थिएन तर काव्यात्मक प्रवचनमार्फत दुनियाँलाई आफ्नो एक इसारामा विद्रोहका निम्ति मृत्युसम्म स्विकार्ने बनाउन सक्ने कौशल थियो । अत्याचारमाथि निर्भयसाथ प्रहार गर्ने आँट थियो ।

५. टिपिएका नामयोगी शब्द विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् । नामिक शब्दसँग जोडिएर आउने अर्थयुक्त शब्द नायोगी हुन् भन्ने जानकारी गराउँदै पृष्ठपोषण प्रदान गर्नुहोस् ।

६. स्लाइड वा चार्टमा प्रदर्शन गरी अनुच्छेदबाट संयोजक शब्द टिपोट गर्न लगाउनुहोस् । जस्तै :

उसले भर्खर श्याम दाइलाई गोलभेँडा मोल्न लागेको देखेको थियो । उसको विचार थियो, जरुरी देखाएर पाँच रुपियाँ माग्छु र आगामी महिनामा तिरिदिन्छु तर धेरै खोज्दा पनि श्याम दाइ फेला परेनन् । फर्कँदा उसले अचानक आफ्नै टोलको बगरे कान्छालाई देख्यो अनि नजिकै गएर पैसा माग्यो ।

७. टिपिएका संयोजक शब्द विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

८. अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरी विस्मयादिबोधक शब्द टिपोट गर्न लगाउनुहोस् । जस्तै :

"आहा ! कति सुन्दर वायुपङ्खी घोडा । हरे ! मेरो घोडा पनि यस्तै भइदिएको भए ।" आकाशमा उडिरहेको मधुकरको घोडा हेर्दै स्वप्निलले भन्यो । "आबुइ नि ! मधुकर त्यस घोडाबाट खसे भने ?" ऊ एक्कासि आत्तियो । बिचरा ! उसको अनुहारबाट चिटचिट पसिना निस्कियो । एकछिनपछि मधुकर घोडाबाट सकुशल ओर्लिए अनि वायुपङ्खी घोडातिर हेरेर भने, "स्याबास ! तिमीले मेरो घुम्ने रहर पूरा गरिदियौ ।"

९. टिपिएका विस्मयादिबोधक शब्द विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

१०. स्लाइड वा चार्टमा प्रदर्शन गरी अनुच्छेदबाट निपात शब्द टिपोट गर्न लगाउनुहोस् । जस्तै :

"लौ, अब त केही पो नहुने रहेछ । म त गएँ है ।" राधारमणले भने । कृष्णले पनि आश्चर्य व्यक्त गर्दै भने, "खै, त्यो कुरा चाहिँ मलाई थाहै भएन । जानकारीमा भएको भए म केही पहल गर्ने थिएँ ।" सभामा बसेका मानिसहरूले दुवैको अनुहार पढे । उनीहरूलाई सोचेअनुसारको काम बन्ला जस्तो लागेन । यत्तिकैमा एक जना वृद्धले मुखै फोडेर भने, "चाइने तपाईँले पनि यस्ता कुरा गर्न सुहाउँछ र ?" दश मिनेटपछि ग्रामसभा विसर्जन भयो ।

११. टिपिएका निपात शब्द विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

१२. निम्न किसिमका शब्द लेखिएको स्लाइड वा चार्ट प्रस्तुत गर्दै यी कस्ता शब्द हुन् भनी सोध्नुहोस् :

अनि, पनि, किनकि, माथि, तल, ल, पो, सम्बन्धी, देखि, सरासर, खान, गर्न, बिस्तारै, किनभने, आहा, आच्छु, त्यसैले, बाहिर, धेरै, जहाँ, जब, बिचरा, हरे, तापनि किनभने, हिजो, भोलि, नि, क्यारे

१३. विद्यार्थीले छुट्याउन नजानेमा शिक्षकले बताइदिनुहोस् । नमुना वाक्य प्रस्तुत गरी थप स्पष्ट पार्नुहोस् ।

जस्तै :

(क) तिमीलाई कवितासम्बन्धी के कस्तो जानकारी छ ?

(ख) ऊ भन्छ तर लेख्दैन ।

(ग) छिरिङ धेरै पढ्दैनन् तापनि राम्रो लेख्छन् ।

(घ) घरमाथि मन्दिर छ, मन्दिरतल जङ्गल छ ।

(ङ) रीता तल आइन् अनि गीता माथि गइन् ।

(च) घरअगाडि खोलो छ ।

(छ) ऊ अगाडि गयो ।

(ज) ऊ पढ्छ र लेख्छ ।

(झ) आहा ! कति राम्रो फूल !

(ञ) आ, म त कतै पनि जान्नँ ।

१४. भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास १, २, ४ र ५ मा दिइएका पदवर्ग पहिचानसम्बन्धी प्रश्नलाई सबै समूह पर्ने गरी वितरण गर्नुहोस् । सामूहिक छलफलका लागि समय दिनुहोस् र शिक्षकले प्रत्येक समूहमा गएर आवश्यक सहजीकरण गर्नुहोस् ।

१५. समूह छलफलपश्चात् विद्यार्थीलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य समूहलाई मिले नमिलेको ख्याल गरी सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

१६. भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३ र ६ प्रयोगसँग सम्बन्धित प्रश्न भएको जानकारी दिनुहोस् । शिक्षकले तयार पारेर ल्याएका नमुना अनुच्छेद प्रस्तुत गरी अनुच्छेद लेखनका बारेमा थप स्पष्ट पारिदिनुहोस् ।

१७. भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३ र ६ समूहमा छलफल गरी अनुच्छेद रचना गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले तयार पारेका अनुच्छेद टोली नेतामार्फत सुनाउने अवसर प्रदान गर्नुहोस् । शिक्षकले आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## सिर्जना र परियोजना कार्य

१. सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

२. विद्यार्थीलाई कक्षामा सुनाउने गरी सिर्जना र परियोजना खण्डको अभ्यास २ मा दिइएको रेडियो तथा टेलिभिजन जस्ता विद्युतीय सञ्चार माध्यममा प्रसारित कृषि कार्यक्रम हेरेर वा सुनेर मुख्य मुख्य विषयवस्तु टिपोट गरेर ल्याउन लगाउनुहोस् ।

## (ग) मूल्याङ्कन

रेखाङ्कित शब्दको पदवर्ग छुट्याउन लगाउनुहोस् :

आहा ! कस्तो सफा मौसम । सधैँ यस्तै रहे त सबै जना निरोगी भइन्थ्यो क्यारे । पुस महिना सम्झँदा पनि मलाई त अहिल्यै जाडो होला जस्तो पो लाग्छ ब्यारे ।

# दसौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| वर्णविन्यास | शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकारको पहिचान र प्रयोग गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• अडियो/भिडियो<br>• निबन्धको नमुना चार्ट |
| रेडियो तथा टेलिभिजनमा प्रसारित कृषि कार्यक्रममा आधारित छलफल | रेडियो तथा टेलिभिजनमा प्रसारित कृषि कार्यक्रममा आधारित छलफल गर्न | |
| निबन्ध लेखन | निबन्ध रचना गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले प्रेरक प्रसङ्ग सुनाएर ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई गाउँखाने कथा भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफलसहित आजको कक्षाको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## वर्णविन्यास

१. ह्रस्व र दीर्घ उकार बारेमा छलफल गराई विद्यार्थीको पूर्व ज्ञान पहिचान गरी विषयवस्तु प्रारम्भ गर्नुहोस् ।

२. शिक्षकले अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गरी ह्रस्व उकार प्रयोग भएका शब्द टिपोट गर्न लगाउनुहोस् । जस्तै :

> खेती गर्दा घरबाट निस्कने फोहोर पानी र प्राङ्गारिक वस्तुको पुनः प्रयोग हुन गई वातावरणीय सन्तुलनमा सहयोग पुग्छ । करेसाबारीका लागि छुट्याइएको जमिनमा पर्खाल वा बाँस लगाई बारबन्देज गर्नुपर्छ ।

३. टिपोट गरिएका शब्द विद्यार्थीलाई भन्न लगाउनुहोस् र शिक्षकले शैक्षिणिक पाटीमा टिप्दै जानुहोस् । शैक्षणिक पाटीमा टिपोट गरिएका शब्दका बारेमा छलफल गर्नुहोस् ।

४. शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार लागेका शब्दलाई अलग अलग तालिका राख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

५. ह्रस्व 'उ' र उकार पहिचानका क्रममा भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ७ विद्यार्थीलाई गर्न लगाई थप धारणा स्पष्ट पार्नुहोस् ।

६. पाठ्य कविताबाट ह्रस्व उकार लागेर बनेका शब्द पहिचान गर्न लगाउनुहोस् ।

७. पाठ्य कवितामा सुरु, बिच र अन्तिममा ह्रस्व उकार प्रयोग भएका शब्दको तालिका बनाई विद्यार्थीलाई प्रस्तुतिकरणको अवसर दिनुहोस् । अन्य विद्यार्थीलाई सहजीकरण गर्न लगाउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

८. शिक्षकले ह्रस्व उकारमा अशुद्ध भएका वाक्यहरू प्रदर्शन गरी वर्णविन्यास मिलाउने क्रियाकलाप गराउनुहोस् । छलफलसहित शिक्षकले शैक्षिणिक पाटीमा नमुना देखाई वर्णविन्यास मिलाउने तरिका स्पष्ट पार्नुहोस् ।

९. शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार प्रयोग भएका शब्द प्रयोग गरी अनुच्छेद लेख्न लगाउनुहोस् । कतिओटा ह्रस्व उकार प्रयोग भएका शब्द प्रयोग भएका छन्, छलफल गराई आवश्यक सहजीकरण गर्नुहोस् र पृष्ठपोषण दिनुहोस् ।

### शिक्षकका लागि सन्दर्भ सामग्री

**ह्रस्व उकारको प्रयोग**

**(अ) शब्दको सुरुमा ह्रस्व**

- **तद्भव र आगन्तुक नाम** : कुकुर, लुगा आदि ।
- **परम्परागत रूपमा दीर्घ लेखिँदै आएका तद्भव शब्द** : बुढो, ठुलो, भुल आदि ।
- **सबै व्युत्पन्न शब्द** : नुनिलो, दुधालु, पुर्वेली, मुख्याइँ आदि ।
- **धातु/क्रियापद** : रु, हुन्छ आदि ।
- **सबै अनुकरणात्मक शब्द** : मुसुमुसु, कुटुकुटु, लुगलुग आदि ।

**(आ) शब्दको बिचमा ह्रस्व :**

- **तद्भव र आगन्तुक नाम** : मुजुर, कपुर आदि ।
- **सबै अनुकराणात्मक शब्द** : लुसुक्क, कुपुकुपु, झुलुक्क आदि ।
- **पुलिङ्गबाट स्त्रीलिङ्ग बनाइएका शब्द** : बाहुनी, साहुनी आदि ।

**(इ) शब्दको अन्त्यमा ह्रस्व :**

- **पुलिङ्गी नाम र नाता बुझाउने शब्द :** बाबु, भिनाजु आदि ।
- **स्थानवाचक र निर्जीव नाम :** गाउँ, मलेखु, आलु, केराउ आदि ।
- **'नु' र 'छु' जोडिने क्रियापद :** गर्नु, पढ्नु, जान्छु आदि ।
- **'आलु, आउ, एलु' प्रत्यय लागेका शब्द** : दयालु, चुनाउ, घरेलु आदि ।

## रेडियो तथा टेलिभिजनमा प्रसारित कृषि कार्यक्रममा आधारित छलफल

१. परियोजना कार्यको विषयवस्तुबारे छलफल छलफल चलाउनुहोस् । त्यसपछि विद्यार्थीले सङ्कलन गरेर ल्याएका कृषि कार्यक्रममा प्रसारित सामग्रीका मुख्य विषयवस्तु पालैपालो प्रस्तुतिकरण गर्ने अवसर दिनुहोस् ।

२. कृषि कार्यक्रममा प्रसारित सामग्रीका मुख्य विषयवस्तु प्रस्तुतिका बारेमा विद्यार्थीलाई स्वतः स्फूर्त सुझाव दिन लगाउनुहोस् । विषयवस्तु प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

## निबन्ध लेखन

१. निबन्धको संरचना जनाउने तालिका प्रदर्शन गरी निबन्धमा हुनुपर्ने पक्षहरू (आदि, मध्य र अन्त्य) को जानकारीसहित निबन्धको सङ्गठन वा संरचनाबारे समूहमा छलफल गराउनुहोस्, यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

१. आदि भाग

- शीर्षकको परिचय (सामान्य वा व्युत्पत्तिपूर्ण)
- पृष्ठभूमि र विषयप्रवेश
- प्रायः एक अनुच्छेदमा संरचित हुने

२. मध्य भाग

- विषयवस्तुको सन्तुलित विस्तार
- तर्क, उदाहरण, तुलना, विश्लेषण, प्रमाण आदिको प्रस्तुति
- विषयवस्तुको सकारात्मक पक्ष, नकारात्मक पक्ष, समस्या र समाधान
- विषयवस्तुको व्यापकता हेरी एकभन्दा बढी अनुच्छेदमा संरचित हुने

३. अन्त्य वा निष्कर्ष भाग

- मथि दुई खण्डमा चर्चा गरिएका विषयवस्तुको निष्कर्ष
- विषयवस्तुप्रतिको आफ्नो विचार र उचित समाधान
- प्रायः एक अनुच्छेदमा संरचित हुने

२. शिक्षकले सर्वप्रथम निबन्ध लेखनका लागि आफूले तयार पारी ल्याएका निबन्ध शीर्षकका सूची स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । निबन्ध लेखनका ढाँचा र शैलीका बारेमा समूहमा छलफल गराउनुहोस् ।

निबन्धका शीर्षक :

(क) इन्टरनेटको सदुपयोग (ख) व्यावसायमुखी कृषि (ग) मेरो देश नेपाल (घ) वैदेशिक रोजगार

**निबन्ध लेख्दा ध्यान दिनुपर्ने पक्ष**

- निबन्ध रचना गर्दा सर्वप्रथम लेखिने निबन्धको शीर्षकसँग सम्बन्धित विषयवस्तु सोचेर बुँदाका रूपमा टिपोट गर्नुपर्छ ।
- बुँदा टिपोट गर्दा आदि, मध्य र अन्त्य छुट्टा छुट्टै भागलाई खेस्राको रूपमा तयार गर्नुपर्छ ।
- यो क्रम निबन्ध लेखनमा अभ्यस्त नभएसम्म अपनाउनु राम्रो मानिन्छ ।
- निबन्ध लेखनमा विषयवस्तुको प्रस्तुतिकरण गर्दा वाक्य वाक्य वा अनुच्छेदका बिच सङ्गति मिलाउँदै शुद्ध, सरल र स्पष्ट भाषाको प्रयोग गरी अन्तिम रूप दिनुपर्दछ ।
- यस किसिमको निबन्ध लेखन गर्दा १५० शब्दमा नघटाई लेख्नुपर्छ ।

३. कुनै एक शीर्षक छनोट गर्न लगाउनुहोस् । शीर्षक छनोट गरेपछि त्यस शीर्षकसँग सम्बन्धित बुँदा टिपोट गर्न लगाउनुहोस् ।

४.	बुँदा टिपोटपछि आदि, मध्य र अन्त्य खण्डका विषयवस्तु स्मरण गरी निबन्ध लेख्न समय दिनुहोस् ।

इन्टरनेटको प्रयोग

- इन्टरनेट विज्ञानको वरदान हुनु
- मानिसद्वारा एउटा सफ्टवेयरका रूपमा निर्माण गरिनु
- कम्प्युटर, मोबाइल, ल्यापटप, टिभी, आइप्याड आदि हरेक उपकरणका माध्यमबाट उपयोग गर्न सकिनु
- श्रव्य, दृश्य र श्रव्यदृश्य सामग्रीको प्रसारणमा सहयोग पुग्नु
- शिक्षा, मनोरञ्जन, सूचना आदिको जानकारी पाउनु
- कार्यालय व्यवस्थापन र तथ्याङ्क भन्डारनमा मदत पुग्नु
- मानिसको जीवनशैलीलाई छिटोछरितो र सुखी तुल्याउनु
- विद्युत् वा ऊर्जाका माध्यमबाट इन्टरनेटको उपयोग गर्न सकिनु
- आधुनिक जीवनशैलीलाई विशेष प्रभाव पार्नु
- इन्टरनेटको दुरूपयोगबाट जोगिर्नुपर्ने

५.	समय पूराभएपछि आफूले तयार पारेको निबन्ध कुनै एक वा दुई जना विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

६.	विद्यार्थीलाई नै प्रस्तुतिको मूल्याङ्कन गर्न लगाउनुहोस् । अन्त्यमा शिक्षकले उनीहरूको लेखनको प्रशंसा गर्दै आवश्यक सुझावसहित पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

१.	**शुद्ध गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

वर्तमान समयमा पृथ्वीको वातावरण बिग्रिनूको प्रमूख कारण प्रदूषण हो । जमिन, वायू र जलप्रदूषण बढ्दो छ । रासायनिक वस्तूको बढ्दो प्रयोग, अव्यवस्थित ऊद्योगधन्दा, जनसङ्ख्या वृद्धि, जङ्गल फँडानी आदिका कारण पृथ्वीमा वातावरणीय समस्या बढेको हो ।

२.	'माछापालन व्यवसाय' वा अन्य कुनै शीर्षकमा निबन्ध लेख्न लगाउनुहोस् ।

## पाठ : ४ निवेदन

**विधा : व्यावहारिक लेखन** **कार्यघण्टा : ९**

### परिचय

'निवेदन कार्यालयीय चिठी हो । निवेदन शिक्षणको प्रमुख उद्देश्य व्यावहारिक लेखन सिपको विकास गर्नु हो । तसर्थ निवेदन शिक्षणका क्रममा विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपको विकासमा केन्द्रित हुनु अपरिहार्य हुन्छ । यसबाट विद्यार्थीमा संरचना, ढाँचा र शैली पहिचान, विषयवस्तुमा आधारित संवेगात्मक प्रस्तुति, विषयवस्तुको विश्लेषण तथा सार प्रस्तुति, छलफल र प्रश्नोत्तर, सुनाइका आधारमा सन्देश प्रवाह जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । समययबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन र छलफल, निवेदनको संरचना पहिचान, पाठको विषयवस्तु बोध, सन्देश ग्रहण र प्रतिक्रया तथा प्रश्नोत्तर जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, लेखन ढाँचा र शैली अनुकरण, सन्दर्भ र आवश्यकताका आधारमा शुभकामना, बधाई र श्रद्धाञ्जली तथा समवेदनाको संरचना बोध, सन्देशमूलक रचनालगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ ।

यस पाठमा शब्दभण्डारअन्तर्गत आगन्तुक शब्द, सिङ्गो शब्द र सङ्क्षिप्त शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत तत्सम, तद्भव, आगन्तुक शब्दको पहिचान र प्रयोग, मूल तथा व्युत्पन्न शब्दको पहिचान र प्रयोगसम्बन्धी क्रियाकलाप गराउनुपर्छ । वर्णविन्यासअन्तर्गत शब्दको सुरु, बिच र अन्तिममा दीर्घ उकारको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा स्वागत र आतिथ्यसम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ ।

सिर्जना र परियोजना खण्डअन्तर्गत घरायसी चिठी लेखन र बधाई तथा समवेदना पत्र लेखन तथा प्रस्तुतिसम्बन्धी क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ ४ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ ।

### १. पहिलो दिन

**सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| निवेदनको ढाँचा तथा शैली पहिचान | विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न | • हुलाक, टिकट, आदिका चित्र<br>• निवेदनको नमुना<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नसूची |
| सस्वरवाचन र शुद्धोच्चारण | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग वाचन गर्न | |

| | | |
|---|---|---|
| शब्दभण्डार<br>(शब्दार्थ र वाक्य रचना) | नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न | |
| बोध प्रश्नोत्तर | पाठका आधारमा बोध प्रश्नोत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. नयाँ पाठको पहिलो दिन भएको हुँदा कक्षाका सम्पूर्ण विद्यार्थीलाई अगिल्लो पाठमा केही समस्या रहे नरहेको यकिन गर्नुहोस् र केही समस्या भए समाधान गरी आज नयाँ पाठ सुरु गर्नेबारे जानकारी गराउनुहोस् ।

२. उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्ग वा कुनै रोचक जानकारी दिँदै नयाँ पाठप्रति विद्यार्थीलाई अभिरुचि जगाउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## संरचना पहिचान

१. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको खाम, पत्रमञ्जुषा, टिकट आदिका चित्र तथा निवेदनको नमुना प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई समूहमा छलफल गरी प्रत्येक चित्र तथा निवेदनको नमुनाबारेमा भन्न लगाउनुहोस् । यसो गरेमा विद्यार्थीले थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि थप जानकारी भएमा विषयवस्तु थप गर्न लगाई छलफल गर्दै जानुहोस् ।

३. छलफलमा आएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

## सस्वरवाचन शुद्धोच्चारण

१. कुनै एक विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् । साथीले वाचन गरेको शैली आदिबारे छलफल गराउनुहोस् ।

२. शिक्षकले पाठको अनुच्छेद १ सस्वरवाचन गरेर सुनाउनुहोस् । अनुच्छेदमा प्रयोग भएका चिह्नहरूको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् । यसैगरी पाठका हरेक अनुच्छेद पालैपालो विद्यार्थीलाई सस्वरवाचन गर्न लगाउनुहोस् । एउटा

विद्यार्थीले वाचन गर्दा अरूलाई उच्चारणमा असहज भएका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । आफूले आवश्यक सहजीकरण गर्दै जानुहोस् ।

## शब्दार्थ र प्रयोग

१. पाठका अनुच्छेद सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार जटिल शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

जस्तै : संरक्षण : /सम्. र .क्षन्/ सिर्जनात्मक : /सिर् .ज .नात् .मक्/ आदि ।

३. पाठको बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १ मा दिइएका शब्द शुद्ध उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीले सही उच्चारण गर्न नसके सहजीकरण गरिदिनुहोस् ।

४. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

५. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराई सकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थ भन्नसमेत लगाउनुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

१. पाठ पढ्न आवश्यक समय दिनुहोस् । पाठबाट विभिन्न प्रश्न बनाई प्रश्नपत्ती प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई पालैपालो उत्तर भन्न लगाउनुहोस् । विद्यार्थी उत्तर भन्न असमर्थ भए आवश्यक सहजीकरण गरिदिनुहोस् ।

२. विभिन्न अनुच्छेदका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

(क) निवेदन कुन मितिमा लेखिएको हो ?

(ख) यो निवेदन कसले कसलाई लेखेको हो ?

३. आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

१. दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

संरक्षण, सिर्जनात्मक, विसङ्गति, आर्थिक, मार्गदर्शन, न्यूनीकरण, भविष्य, कोष

२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

बालक्लब, विमर्श, जीवनोपयोगी, आयोजना

## दोस्रो दिन

### १. सिकाइका क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| **शब्दभण्डार**<br>(क) शब्दार्थ<br>(ख) आगन्तुक शब्द, सिङ्गो शब्द र सङ्क्षिप्त शब्द | शब्दको अर्थ पहिचान गर्न<br>आगन्तुक शब्द, सिङ्गो शब्द र सङ्क्षिप्त शब्द पहिचान गर्न | • शब्दार्थपत्ती<br>• शब्दसूची<br>• अनुच्छेद रचनाको नमुना |
| अनुच्छेद रचना | अनुच्छेद रचना गर्न | |
| समयबद्ध वाचन | निर्धारित अंश निर्धारित समयमा वाचन गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

#### शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई समूहमा विभाजन गरी अभ्यास १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन सिकाउनुहोस् । जस्तै : उद्देश्य : लक्ष्य, ध्येय

घरेलु : घरायसी

२. विद्यार्थी समूहलाई अभ्यास १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन निर्देशन दिनुहोस् । विद्यार्थीले समूह कार्य गरे नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीले समूह कार्य गरिसकेपश्चात् शब्द र अर्थको सूची प्रदर्शन गरी विद्यार्थीले

लेखेका शब्द र अर्थ मिले नमिलेको सामूहिक छलफल गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. पाठबाट थप शब्द दिई अर्थ भन्न लगाउनुहोस् ।

## शब्दभण्डार

१. विद्यार्थी समूहलाई पाठको शब्दभण्डारको अभ्यास २ सम्बद्ध अनुच्छेद प्रदर्शन गरी आगन्तुक शब्द, सिङ्गो शब्द र सङ्क्षिप्त शब्द पहिचान गर्ने तरिका छलफल गराउनुहोस् ।

२. विदेशी भाषाबाट र आफ्नै देशभित्रका मातृभाषाबाट नेपाली भाषामा आएका केही शब्दको सूची प्रदर्शन गरी छलफल गराउनुहोस् । ती शब्द कुन कुन भाषाबाट आएका हुन् भनेर पहिचान गर्न लगाउनुहोस् । आफूले तयार पारेर ल्याएका शब्दको सूची प्रदर्शन गरेर स्पष्ट पारिदिनुहोस् ।

जस्तै : हस्त, हात (संस्कृत भाषा)

पटुका (मगर भाषा)

भाइबर, म्यासेन्जर, स्काइप (अंग्रेजी)

अचार (फारसी)

३. दुई, तीन, चार वा सोभन्दा बढी शब्दका नाम भएका कुनै कार्यालय, वा वस्तुका शब्दको सुरुको अक्षर निकाली बन्ने छोटो रूप भएका केही शब्दको सुची प्रदर्शन गरी संक्षिप्त शब्दको अवधारण बताइदिनुहोस् र अन्य त्यस्तै शब्द विद्यार्थीलाई भन्न लगाई टिपोट गर्नुहोस् । विद्यार्थीबिच छलफल गराउनुहोस् । छोटो लेखाइ र उच्चारणबाट नै त्यस्ता शब्द चलन चल्ती र प्रयोगमा आएका हुन्छन् भन्ने जानकारी दिँदै शब्दभण्डारको अभ्यास २ को अनुच्छेदबाट यस्ता शब्द पहिचान गर्न लगाउनुहोस् ।

जस्तै : जि.शि.अ : जिल्ला शिक्षा अधिकारी

प्र.जि.अ. : प्रमुख जिल्ला अधिकारी

ने.सं.वि.: नेपाल संस्कृत विश्वविद्यालय

नेप्रप : नेपाल प्रज्ञा प्रतिष्ठान,

रासस : राष्ट्रिय समाचार समिति

कामपा : काठमाडौँ महानगरपालिका

आफूले विद्यार्थीको कार्य अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

४. केही सिङ्गा शब्दका नमुना लेखिएको शब्दपत्ती प्रदर्शन गरेर कस्ता शब्द हुन् भनी छलफल गराउनुहोस् । धेरै शब्दले दिने अर्थ र सिङ्गो शब्दले दिने अर्थबारे उदाहरणका माध्यमले अवधारणा स्पष्ट पारिदिनुहोस् । जस्तै :

सिङ्गो शब्द : पत्रकार: पत्रपत्रिकामा समाचार तयार पार्ने मानिस

शताब्दी : सय वर्षको समूह (अवधि)

न्वागी : नयाँ अन्न खाने विशेष कर्म

परम्परा : पहिलेदेखि चलिआएको चलन आदि

यस्तै अन्य शब्द शैक्षणिक पाटीमा लेखी सिङ्गो शब्द भन्न लगाउनुहोस् । शब्दभण्डारको अभ्यास २ को अनुच्छेदबाट यस्ता शब्द पहिचान गर्न लगाउनुहोस् । आफूले विद्यार्थीको कार्य अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीलाई शब्द पहिचान गर्न असहज भए सहयोग गरिदिनुहोस् ।

५. विद्यार्थीले समूह कार्य गरिसकेपश्चात् आफूले बनाएको शब्द सूची प्रदर्शन गरी छलफल गराउनुहोस् । सम्भव भए उत्तरपुस्तिका तत्काल परीक्षण गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## अनुच्छेद रचना

१. विद्यार्थीलाई पाठको शब्दभण्डार खण्डको अभ्यास ३ मा भएका शब्द प्रदर्शन गरी अनुच्छेद निर्माण गर्न मौका दिनुहोस् । पालैपालो अनुच्छेद निर्माण गरी भन्न प्रोत्साहन गर्नुहोस् । आफूले तयार पारेको अनुच्छेद प्रदर्शन गरी पठनबोध गराउनुहोस् ।

२. विद्यार्थीले मौखिक अभ्यास गरेपछि दिइएका शब्द प्रयोग गरी नमुना देखाए जस्तै अर्को छोटो अनुच्छेद लेख्न लगाउनुहोस् । आफूले आवश्यक सहजीकरण गरिदिनुहोस् । अन्त्यमा आफूले तयार पारेको अनुच्छेद प्रदर्शन गरेर पुनः स्पष्ट पारिदिनुहोस् ।

३. विद्यार्थीले समूह कार्य गरिसकेपश्चात् कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## समयबद्ध पठन

१. विद्यार्थीलाई द्रुत पठन र समयबद्ध पठनका लागि अनुच्छेद प्रदर्शन गर्नुहोस् र समय तोकिदिनुहोस् । पालैपालो समय दिएर सस्वरवाचन गर्न लगाउनुहोस् । एउटा विद्यार्थीले पढ्दा अरूलाई ध्यान दिएर सुन्न र समयको ख्याल गर्न लगाउनुहोस् । कसले कति समयमा वाचन गर्न सक्यो भनेर समय टिपोट गर्नुहोस् । कक्षाका सबै विद्यार्थीलाई वाचन गर्न समय नपुगे कक्षाका केहीलाई मौका दिनुहोस् र बाँकीलाई अर्को कक्षामा मौका दिनुहोस् ।

२. विद्यार्थीले सही रूपमा वाचन गरे नगरेको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

३. कक्षामा सबैभन्दा राम्रो र सबैभन्दा छिटो कसले वाचन गर्न सक्यो भन्ने विषयमा छलफल गराउनुहोस् । र त्यस्ता विद्यार्थीलाई स्याबासी दिनुहोस् ।

## (ग) मूल्याङ्कन

**१. तलका शब्दको अर्थ भन्न लगाउनुहोस् :**

उद्देश्य, कौशल, सहकार्य, तलब, सहजीकरण

**तेस्रो दिन**

१ सिकाइका क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| पठनबोध र प्रश्नोत्तर | निर्दिष्ट पाठ मौन पठन गरी बोधात्मक प्रश्नोत्तर गर्न | • अनुच्छेद पत्ती<br>• प्रश्नसूची<br>• उत्तरको नमुना चार्ट |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै विषयवस्तु सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकिएका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) ज्ञान आर्जनकको चरण**

## बोधात्मक प्रश्नोत्तर १

१. विद्यार्थीलाई बोध तथा अभिव्यक्तिको अभ्यास ३ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् । विद्यार्थीलाई मौन पठन गर्न लगाउनुहोस् । विद्यार्थीले मौन पठन गर्न समर्थ भए वा नभएको यकिन गरी मौन पठन गर्ने तरिका प्रस्ट पारिदिनुहोस् ।

२. विद्यार्थीले मौन पठन गरिसकेपछि निवेदन लेख्दा के के कुरा आवश्यक पर्दा रहेछन् र कुन कुन कुरामा विचार पुऱ्याउनुपर्ने रहेछ भन्ने विषयमा सामूहिक छलफल गराउनुहोस् । विद्यार्थीबाट आएका कुरालाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

३. शिक्षकले पाठ्य निवेदनका माध्यमबाट निवेदनको आदि भागमा लेखिने मिति, ठेगाना, सम्बोधन र शिष्टाचारका कुराका बारेका विद्यार्थीलाई जानकारी दिनुहोस् ।

४. शिक्षकले तयार पारेर ल्याएका प्रश्न प्रदर्शन गरेर उत्तर भन्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । विद्यार्थीले उत्तर भनिसकेपछि आफूले तयार पारेर ल्याएको उत्तर सूची प्रदर्शन गरी विद्यार्थीलाई उत्तर वाचन गर्न लगाउनुहोस् । उनीहरूले भनेको उत्तर र शिक्षकले तयार पारेको उत्तरबिच केही फरक भए छलफल गराउनुहोस् । उत्तर स्पष्ट पारिदिनुहोस् ।

## बोधात्मक प्रश्नोत्तर २

१. बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ सम्बद्ध बोधात्मक प्रश्नोत्तरका लागि निवेदन पाठका अनुच्छेद पालैपालो सस्वर पठन गराउनुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

२. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् ।

३. पाठका आधारमा प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीले उत्तर भन्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

जस्तै : (क) निवेदन कसले कसलाई लेखेको हो ?

(ख) बालक्लबका अध्यक्षले कस्तो सहयोगको अपेक्षा गरेका छन् ?

४. उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर ३

१. बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ सम्बद्ध बोधात्मक प्रश्नोत्तरका लागि दिइएको अनुच्छेद स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी मौन पठन वा सस्वरवाचन गराउनुहोस् । सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

२. बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

३. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् ।

४. पाठका आधारमा प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

जस्तै : (क) विद्यालयमा गठित बालक्लबको उद्देश्य के हो ?

उत्तर : विद्यालय तथा समाजमा गएर सचेतना फैलाउने बालक्लबको उद्देश्य हो ।

(ख) बालक्लबले कुन दिन सचेतना कार्यक्रम आयोजना गर्न लागेको हो ?

उत्तर : बालक्लबले बिदाका दिन सचेतना कार्यक्रम आयोजना गर्न लागेको हो ।

५. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

१. विभिन्न बोधात्मक प्रश्न सोधी मूल्याङ्कन गर्नुहोस् ।

## दिन चौथो

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| शुभकामना, बधाइ, श्रद्धाञ्जली तथा समवेदनाको सूचना पहिचान र लेखन | शुभकामना, बधाई, श्रद्धाञ्जली तथा समवेदनाको संरचना पहिचान गरी लेख्न | • शुभकामना/बधाई ज्ञापन/समवेदना, श्रद्धाञ्जलीको नमुना<br>○ स्लाइड/चार्ट<br>○ सामाजिक समस्याको सूची |
| सामाजिक समस्या पहिचान | समाजका विविध समस्याको पहिचान गरी समाधानका उपायबारे बताउन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

**१. विद्यार्थीलाई निम्न प्रश्न सोधी सिकाइप्रति उत्सुक बनाउनुहोस् :**

(क) तपाईँले कसैलाई शुभकामना दिनुभएको छ कि छैन ?

(ख) तपाईँले कसैलाई सबधाई ज्ञापन गर्नुभएको छ कि छैन ?

(ग) परिवार जन वा आफन्तको मृत्यु हुँदा तपाईँले कसैलाई श्रद्धाञ्जली अर्पण गर्नुभएको छ कि छैन ?

(घ) यस्ता सन्देश प्रवाह गर्ने क्रममा तपाईँ प्रविधिमार्फत गर्नुहुन्छ कि अन्य माध्यम अपनाउनुहुन्छ ?

यस्ता प्रश्नका माध्यमबाट विषयमा छलफल गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**शुभकामना, बधाई र श्रद्धाञ्जली तथा समवेदना पत्रको पहिचान र लेखन**

१. विद्यार्थीलाई शुभकामना समूह, बधाई समूह र श्रद्धाञ्जली तथा समवेदना समूह गरी तीन समूहमा विभाजन गर्नुहोस् । विद्यार्थी बढी भएको अवस्थामा प्रत्येकका लागि दुई दुई समूह निर्माण गर्नुहोस् ।

२. शुभकामना पत्र, बधाई ज्ञापन, श्रद्धाञ्जली तथा समवेदनका नमुनाहरू प्रस्तुत गर्नुहोस् । यिनीहरूको प्रयोगका बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् । उनीहरूलाई यी सन्देश आदानप्रदानको अवधारणा स्पष्ट पार्नुहोस् ।

३. पाठ्यपुस्तकका अभ्यास ६, १० र ११ मा दिइएका नमुना पनि हेर्न र तिनको ढाँचा पहिचान गर्न लगाउनुहोस् । कक्षामा आवश्यक छलफल गराउनुहोस् ।

श्री .............................................. ज्यू,

## शुभकामना

छठ पर्व २०८० को पावन अवसरमा यहाँको सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

समीक्षा परियार

तथा

समस्त परियार परिवार

४. प्रत्येक समूहलाई नयाँ वर्षका अवसरमा प्रदान गरिने शुभकामना, दसैंको शुभकामना, कविता प्रतियोगितामा प्रथम, खेलकुदमा प्रथम स्थान हासिल गरेको अवस्थामा गरिने बधाई ज्ञापन र कोही आफन्त वा समाजका प्रतिष्ठित व्यक्तिको निधनको समवेदना पत्र बनाउन कागज दिएर निश्चित समय तोक्नुहोस् ।

५. प्रत्येक समूहले कक्षाकार्य गरेको अवलोकन गर्नुहोस् । कक्षाकार्य गर्न असहज भएका विद्यार्थीलाई आवश्यक सहजीकरण तथा पृष्ठपोषण दिनुहोस् । सम्भव भएसम्म रङ्गीन कागजमा बनाउन वा विभिन्न रङको प्रयोग गरेर कार्ड तयार पार्न लगाउनुहोस् ।

६. समय समाप्त भएपछि समूहको कुनै सदस्यलाई आफूले तयार पारेको पत्र प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकताअनुसार थप पृष्ठपोषण दिनुहोस् ।

७. सबैभन्दा उत्कृष्ट कार्ड तयार पार्ने समूहलाई धन्यवाद दिनुहोस् । छनोटमा परेका कार्ड तथा समवेदना सन्देशलाई विद्यालयको सूचना पाटीमा प्रदर्शन गर्ने व्यवस्था मिलाउनुहोस् ।

## सामाजिक समस्या र समाधान

१. समाजमा देखिने विभिन्न समस्याका बारेमा कक्षामा छलफल चलाउनुहोस् । विद्यार्थीले महसुस गरेका विभिन्न समस्याका बारेमा भन्न प्रोत्साहन गर्नुहोस् । उनीहरूले भनेका समसया शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

२. आफूले तयार पारेर लगेको समस्याको सूची स्लाइड वा चार्टका माध्यमले प्रदर्शन गर्नुहोस् र विशेष छलफल चलाउनुहोस् ।

३. विद्यार्थीलाई उनीहरूको भौगोलिक अवस्थिति र वासस्थानका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

४. उनीहरूलाई आफ्नो घर, टोल, समुदाय वा गाउँ वा बस्तीमा विद्यमान विभिन्न सामाजिक समस्याबारे टिपोट गर्न लगाउनुहोस् रनिष्कर्ष निकाल्न लगाउनुहोस् । समस्या पहिचान गर्दा निम्न कुरामा ध्यान दिनुपर्ने कुरा बताउनुहोस् :

(क) समस्या के हो ?

(ख) समस्या देखिनुको कारण के हो ?

(ग) समस्याबाट पीडितको अवस्था कस्तो छ ?

(घ) स्थानीय तहबाट समाधान गर्न सकिने हो कि सरकारी तथा कानुनी सहयोगको आवश्यकता पर्छ ? आदि

५. विद्यार्थीलाई सामाजिक समस्या पहिचान र निष्कर्ष निकाल्न असहज भए आवश्यक सहजीकरण गरिदिनुहोस् । समस्या पहिचान गरी निस्किएको निष्कर्ष प्रत्येक समूहका कुनै एक एक सदस्यलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

६. सबै टोल वा बस्तीमा देखिएका साझा समस्या टिपोट गर्न लगाई थप छलफल गराउनुहोस् र समाधानका उपाय पहिचान गर्न सहजीकरण गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

१. विद्यार्थीका टोलमा देखिएका कुनै दुई सामाजिक समस्या पहिचान गरी प्रस्तुत गर्न लगाउनुहोस् ।
२. नयाँ वर्षका अवसरमा साथी तथा आफन्तलाई दिइने शुभकामना पत्र तयार पार्न लगाउनुहोस् ।

**पाँचौं दिन**

**१. सिकाइका क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| निवेदन रचना | निर्दिष्ट शीर्षकमा निवेदन रचना गर्न | • निवेदनको नमुना<br>• मोबाइल र टेलिफोन वा तिनका चित्र |
| इमेल, म्यासेन्जर र टेलिफोन | इमेल, म्यासेन्जर र टेलिफोनका फाइदा र बेफाइदाबारे बुझ्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई रोचक विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

**जस्तै : आमाको मामाकोभान्जे ज्वाइँलाई तपाईंले के भन्नुपर्छ ? उत्तर : बुबा**

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## निवेदन रचना

१. विद्यार्थीलाई आवश्यकता अनुसार समूहमा विभाजन गराउनुहोस् । निवेदन लेखन तरिकाबारे जानकारी भएका कुरा छलफल गराउनुहोस् । शिक्षकले तयार पारेको निवेदनको नमुना वा पाठ्यपुस्तकमा दिइएको निवेदन स्लाइड वा चार्ट पेपरमा प्रदर्शन गरी निवेदनका विविध पक्षबारे छलफल गराउनुहोस् ।

जस्तै :

श्री प्रधानाध्यापकज्यू,

श्री शिवालय माध्यमिक विद्यालय

बैतडी ।

विषय: **शौचालय व्यवस्थित गर्ने सम्बन्धमा ।**

महोदय,

श्री शिवालय माध्यमिक विद्यालय आफैँमा परिचित विद्यालय हो । यस विद्यालयले आफ्नो नामलाई उचाइमा पुऱ्याएको छ । विद्यार्थी सङ्ख्याको चापलाई हेर्दा विद्यालयभित्रका भौतिक संरचना अपर्याप्त (अपुग) नै छन् । यसै संरचनालाई व्यवस्थित गर्दै विद्यार्थीको चापलाई थेग्दै पठन पाठनमा उत्कृष्ट नतिजा प्राप्त गर्दै आएको छ । विद्यार्थी सङ्ख्याको आधारमा शौचालय अपुग नै छन् । एक जना विद्यार्थीले विद्यालय समयमा दुई, तीन पटक शैचालय जानु पर्ने हुन्छ । समय बित्दै गएपछि शौचालयको दुर्गन्दित हुँदै गएको अनुभव हुन्छ । यसले विद्यार्थीको पढाइमा त असर पर्नुका साथै मानसिक रूपम पनि असर पुग्ने देखिन्छ । शौचालयलाई दिनमा चार पटकसम्म फिनेल पानी हालेर सफा गर्ने व्यवस्था मिलाउन सकेमा स्वास्थ्य र दुर्गन्धरहित हुने थियो । यो व्यवस्था मिलाइदिनु हुन्छ भन्ने पूर्ण आशा राख्दै 'स्वच्छ शिवालय' 'स्वस्थ्य शिवालय विद्यालय' को नारालाई अवलम्बन गर्न सक्छौँ भन्ने भरोसामा हामी कक्षा नौ सेक्सन 'ए' का विद्यार्थीले गरेका छौँ ।

निवेदक

कक्षा ९ सेक्सन 'ए' का सम्पूर्ण विद्यार्थी

२. बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ का आधारमा निवेदन रचना गर्ने तरिका सिकाउनुहोस् । जस्तै :

- निवेदन रचना गर्दा सुरु भागको दाँयापट्टि मिति उल्लेख गर्नुपर्ने
- मितिको ठिक तल्लो हरफको बायाँतिर जसलाई निवेदन लेख्ने हो उसैको पद, कार्यालय तथा कार्यालय रहेको स्थान वा ठेगाना उल्लेख गर्नुपर्ने
- तल्लो हरफमा बायाँतिर केही स्थान छोडेर विषय उल्लेख गर्नुपर्ने
- एक हरफ छोडेर त्यसको तल महोदय उल्लेख गर्नुपर्ने
- पत्र लेखनको सुरुमा विषय प्रवेश, मध्य भागमा मुख्य कुराको विवरणसहित अनुरोध गर्नुपर्ने
- अन्त्य भागमा निवेदनको दाँयापट्टि निवेदकको नाम वा पद तथा ठेगाना उल्लेख गर्ने

३. शिक्षकले तयार पारेर ल्याएको निवेदन रचनाको नमुना सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरी कुनै एक विद्यार्थीलाई उक्त निवेदन सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।

४. नमुना निवेदनका आधारमा निवेदन लेख्ने तरिकाका बारेमा पुनः बताएर विद्यार्थी समूहलाई अभ्यास ७ का आधारमा निवेदन रचना गर्न लगाउनुहोस् । आफूले विद्यार्थीको कार्य अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

५. प्रत्येक समूहबाट रचना भएका निवेदन कक्षामा वाचन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

६. विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ९ मा दिइएको निवेदनको नमुना प्रोजेक्टर वा स्लाइडमा प्रदर्शन गरी मौन पठन गराउनुहोस् ।

७. अभ्यास ९ मा दिइएको निवेदन लेखनका लागि प्रत्येक विद्यार्थीलाई लगाउनुहोस् ।

८. लेखन कार्य पूरा भएपश्चात् कक्षाका केही विद्यार्थीको निवेदन प्रस्तुत गर्न लगाउनुहोस् । कक्षा प्रस्तुतिका लागि सकेसम्म धेरै विद्यार्थीलाई अवसर प्रदान गर्नुहोस् ।

९.अन्य विद्यार्थीलाई साथीले गरेको कार्य अवलोकन गरेर सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । विद्यार्थीको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

## इमेल, म्यासेन्जर र टेलिफोन

१. विद्यार्थीलाई फेसबुक, इमेललगायत प्रविधि तथा सामाजिक सञ्जालका विषयको जानकारी र प्रयोगका विषयमा सोध्नुहोस् ।

२. विद्यार्थीलाई सामाजिक सञ्जालबाट खबर आदानप्रदान गर्दा हुने फाइदा र सामाजिक सञ्जालको दुरूपयोगबारे छलफल गराउनुहोस् । हिजोआज हुने साइबर अपराधका कुरा जोड्दै प्रविधिलाई खेलको रूपमा मात्र प्रयोग नगरी विकास र खोजका लागि गुगल र अन्य साइडहरूको प्रयोग गर्नुपर्ने विषयमा छलफल गराउनुहोस् ।

३. हिजोआज हुने साइबर अपराधका कुरा जोड्दै प्रविधिलाई खेलको रूपमा मात्र प्रयोग नगरी ज्ञान आर्जन र व्यक्तित्व विकासका लागि प्रयोग गर्नुपर्ने कुरा विद्यार्थी सबैलाई स्पष्ट पार्नुहोस् ।

४. बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ पढ्न लगाउनुहोस् र विद्यार्थीलाई म्यासेन्जर तथा टेलिफोन बनेर अभिनयात्मक प्रस्तुति गर्न लगाउनुहोस् । शिक्षकले उनीहरूको प्रस्तुति अवलोकन गरी आवश्यक सहजीकरण गरी पृष्ठपोषण दिनुहोस् ।

५. आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

१. विद्यार्थीलाई सादा कापीमा निवेदन लेख्न लगाउनुहोस् ।

२. निवेदनको संरचनाका बारेमा भन्न लगाउनुहोस् ।

## छैटौँ दिन

१. सिकाइका क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य (स्वागत र | कुनै विषयवस्तुमा केन्द्रित भई | • स्वागत र आतिथ्यसँग सम्बन्धित अडियो वा भिडियो<br>• सुनाइ पाठको अडियो वा भिडियो<br>• प्रश्नोत्तरको नमुना तालिका |
| श्रुतिबोध (सुनाइ र बोलाइ पाठ) | सुनाइ पाठ ४ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. तपाईंको घरमा कोही पाहुना आउनुभएको छ, पाहुना आउँदा तपाईं उहाँसँग कसरी कुराकानी गर्नुहुन्छ जस्ता प्रश्न सोधी आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### स्वागत तथा आतिथ्य

१. विद्यार्थीसँग स्वागत तथा आतिथ्यसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । आफ्नो घरमा कोही पाहुना आउँदा आआफ्नो घरको चलनअनुसार कसरी स्वागत तथा सम्मान गर्नुहुन्छ भन्ने बारेमा प्रश्न गर्नुहोस् र हरेकलाई पालैपालो सुनाउन लगाउनुहोस् ।

२. दोहोरो सञ्चारका क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् । जस्तै :

**स्वागत तथा आतिथ्य**

नमस्कार मामा !! कहाँदेखि आउनुभयो ? बस्नुहोस् न भन्दै रमणले मामालाई बस्न आग्रह गरे । रमण गृहकार्य गर्न छाडेर मामा बसेपछि नमस्कार गरे । उनले भित्र गएर मन तातो पानी ल्याएर चिसो मौसम भएकाले तातो पानी ल्याए है मामा भन्दै दिए । मामा खुसी हुनुभयो । उनले मामाको झोला लगेर आफ्नो कोठामा राखे । अफिस जानुभएकी आफ्नी आमालाई मामा आउनुभएको छ, तरकारीमा मामालाई मन पर्ने करेला ल्याउन नछुटाउनुहोस् है भनेर फोन गरे । चनाको रससहितको तरकारी पकाएर मामा, भान्जा बसेर तरकारी चिउरा खाँदै आमाबुबा आउने प्रतीक्षा गर्न थाले ।

३. विद्यार्थीलाई अभ्यास १३ का आधारमा विभिन्न व्यक्ति आफ्नो घर तथा विद्यालयमा आउँदा उहाँहरूसँग कसरी बोल्ने, कसरी प्रश्न सोध्ने, उहाँहरूलाई कसरी स्वागत गर्ने भन्नेबारे छलफलपछि विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । उनीहरूलाई फरक फरक व्यक्तिलाई फरक फरक परिवेशमा स्वागत गर्दा अपनाउनुपर्ने भाषा, शैली र तरिकाबारे अभिनयात्मक प्रस्तुति गर्न लगाउनुहोस् ।

जस्तै : (क) आफू एक्लै भएको वेला मामा आउँदा

(ख) विद्यालयमा विशिष्ट साहित्यकार आउँदा

(ग) आफ्नो घरमा कुनै कार्यक्रम भएको दिन घरमा पाहुना आउँदा

(घ) प्रसिद्ध गायक तथा गायिका विद्यालयमा आइपुग्दा

४. विद्यार्थीको प्रस्तुति अवलोकन गरी आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि ताली बजाएर हौसला बढाउनुहोस् ।

५. प्रेरक प्रसङ्ग सुनाएर दोस्रो क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

६. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्दा ध्यान दिनुपर्ने कुरा के के हुन् भनी प्रश्न गर्नुहोस् र छलफल गराई टोली नेतामार्फत धारणा राख्ने अवसर दिनुहोस् ।

७. टोली नेताले राखेका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तैः

- सुनाइ र बोलाइ खण्डमा दिइएका प्रश्न ध्यानपूर्वक पढ्नुहोस् ।
- सुनाइ पाठका विषयवस्तु ध्यानपूर्वक सुन्नुहोस् ।
- सुनाइ पाठमा आधारित भएर प्रश्नको संरचनाअनुसार उत्तर भन्नुहोस् ।

## श्रुतिबोध

१. सुनाइ पाठ ४ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउनुहोस् । सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको अभ्यास १ को अभ्यासमा आधारित ठिक बेठिक छुट्याउन लगाउनुहोस् । शिक्षकले आफ्नो उत्तर प्रस्तुत गरेर सामूहिक परीक्षण गर्नुहोस् ।

२. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको अभ्यास २ समूहमा छलफल गराउनुहोस् । विद्यार्थीलाई भन्न उत्प्रेरित गर्नुहोस् । विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ तथा बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

३. आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

**(ग) मूल्याङ्कन**

१. कक्षाका कुनै एक जना विद्यार्थीलाई कक्षामा स्वागतसम्बन्धी अभिनयात्मक प्रस्तुति गर्न लगाउनुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| शब्द स्रोत | तत्समको पहिचान र प्रयोग गर्न<br>तद्भव शब्दको पहिचान र प्रयोग गर्न<br>आगन्तुक शब्दको पहिचान र प्रयोग गर्न | • शब्दपत्ती, वाक्यपत्तीका स्लाइड/तालिका |
| मूल र व्युत्पन्न शब्द | मूल र व्युत्पन्न शब्दको पहिचान र प्रयोग गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई दुई समूहमा विभाजन गरी शिक्षकले कुनै गीत गाएर सुनाउनुहोस् । गीतको अन्तिम शब्दको अन्तिम अक्षरबाट विद्यार्थीलाई गीत गाउन लगाई अन्ताक्षरी कार्यक्रम गरी ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गरी अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

४. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।(

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## शब्द स्रोत

१. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ मा दिइएका शब्दको उच्चरण अभ्यास गराउनुहोस् । यस क्रममा सर्वप्रथम विद्यार्थीबाट उच्चारण गर्न लगाई उनीहरूले नजानेमा शिक्षक आफैँले शुद्धोच्चारण गरेर अभ्यास गर्न लगाउनुहोस् । उच्चारण गर्न कठिन भएका विद्यार्थीलाई विशेष ध्यान दिई पटक पटक उच्चारण अभ्यास गराउनुहोस् ।

२. शिक्षकले केही तत्सम शब्दको सूची फलाटिन पाटीमा टाँस्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । जस्तै : मित्र, क्रम, अभ्यास, मनुष्य, आदर्श .......। आवश्यकताअनुसार स्रोत सामग्रीको उपयोगबाट यी र यस्तै शब्द टिपोट गरी सूची तयार गर्न सक्नुहुने छ ।

४. प्रस्तुत गरिएका शब्द कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस् । उक्त शब्द संस्कृत भाषाका शब्द हुन् । संस्कृत भाषाबाट आफ्नो स्वरूपमा परिवर्तन नभई जस्ताको त्यस्तै नेपाली भाषामा प्रयोग हुने शब्द तत्सम शब्द हुन् भन्ने जानकारी बालबालिकालाई प्रदान गर्नुहोस् ।

५. केही तत्सम शब्द दिई विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीलाई असहज भए आवश्यक सहजीकरण गरिदिनुहोस् ।

६. शिक्षकले केही तद्भव शब्दको सूची फलाटिन पाटीमा टाँस्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । जस्तै : मित, काम, मान्छे ......। आवश्यकताअनुसार श्रोत सामग्रीको उपयोगबाट यी र यस्तै शब्द टिपोट गरी सूची तयार गर्न सक्नुहुनेछ ।

८. प्रस्तुत गरिएका शब्द कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस् । उक्त शब्द संस्कृत भाषाका रूप फेरिएर मित्रबाट मित, कार्यबाट काम आदि बनेका हुन् । संस्कृत भाषाबाट आफ्नो स्वरूपमा परिवर्तन भई बनेका शब्द तद्भव शब्द हुन् भन्ने जानकारी विद्यार्थीलाई प्रदान गर्नुहोस् ।

९. केही तद्भव शब्द दिई विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीलाई असहज भए आवश्यक सहजीकरण गरिदिनुहोस् ।

१०. शिक्षकले केही आगन्तुक शब्दको सूची फलाटिन पाटीमा टाँस्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । जस्तै :

अङ्ग्रेजी : रोल, कोट, कप, आइडिया, फोटो, क्यामेरा, .......।

फारसी : कोसिस, सरदर, जागिर, हप्ता.......।

अरबी : किताब, हिसाब, तलब.........।

तामाङ : डम्फु, सेलो .....।

नेपाल तथा नेवारी : पसल, ज्यावल शेर्पा : च्याङ्ग्रा

मैथली : पैनी, खैनी, गाछी....।

हिन्दी : आपस, पहिचान, आदमी ....।

११. आवश्यकताअनुसार स्रोत सामग्रीको उपयोगबाट यी र यस्तै शब्द टिपोट गरी सूची तयार गर्न सक्नुहुनेछ ।

१२. प्रस्तुत गरिएका शब्द कुनै विद्यार्थीलाई सबैले सुन्ने गरी पढेर सुनाउन लगाउनुहोस् । उक्त शब्द नेपाली र संस्कृत भाषाभन्दा भिन्न भाषाबाट आएकाले यस्ता शब्दलाई आगन्तुक शब्द भनिने जानकारी बालबालिकालाई प्रदान गर्नुहोस् ।

१३. केही आगन्तुक शब्द दिई विद्यार्थीलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीलाई असहज भए आवश्यक सहजीकरण गरिदिनुहोस् ।

१४. भाषिक संरचना तथा वर्णविन्यास खण्डको अभ्यास १ मा दिइएको बोध सामग्री विद्यार्थीलाई पढ्न लगाउनुहोस् । यसैगरी भाषिक संरचना तथा वर्णविन्यास खण्डको २ न. र ३ न. अभ्यासमा दिइएको अभ्यास गर्न लगाउनुहोस् । आफूले विद्यार्थीले गरेको कक्षाकार्य अवलोकन गरी विद्यार्थीले अभ्यास गर्न असहज मानेको अवस्थामा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

१५. तत्सम, तद्भव र आगन्तुक शब्दको सूची दिई प्रतियोगितात्मक ढङ्गले क्रियाकलाप सञ्चालन गर्नुहोस् । विद्यार्थीलाई असहज भए आवश्यक सहजीकरण गरिदिनुहोस् ।

## मूल र व्युत्पन्न शब्द

१. विद्यार्थीलाई मूल शब्द र व्युत्पन्न शब्दबारे पूर्वज्ञानबारे जानकारी लिन केही मूल शब्द र केही व्युत्पन्न शब्द प्रोजेक्टर, स्लाइड वा चार्ट पेपरमा प्रदर्शन गरी छलफल गराउनुहोस् । जस्तै : घर, ऊ, राम, गोठ, किताब, खर, गाईगोठ, घरघर, उनीहरू, रामको, आफू, आफ्नो आदि । उपसर्ग, प्रत्यय, विभक्ति, रूपायक प्रत्यय आदि लागेर बनेका शब्द, समास भएर बनेका तथा द्वित्व प्रक्रियाबाट बनेका शब्द व्युत्पन्न हुन् भन्ने जानकारी उदाहरणसहित गराउनुस् ।

२. भाषिक संरचना तथा वर्णविन्यास खण्डको अभ्यास ४ पढ्न लगाउनुहोस् । त्यहाँ दिइएका शब्द मूल वा व्युत्पन्न कुन हुन् पहिचान गरी तालिकामा सूचीबद्ध गर्न लगाउनुहोस् । विद्यार्थीले गरेको कार्य अवलोकन गरेर आवश्यक सहजीकरण गरिदिनुस् ।

३. विद्यार्थीले कार्य पूरा गरेपछि आफूले छुटेयाएर बनाएको तालिका स्लाइड वा चार्ट पेपरका माध्यमले प्रदर्शन गरेर स्पष्ट पारिदिनुहोस् ।

४. भाषिक संरचना तथा वर्णविन्यास खण्डको अभ्यास ५ मा दिइएको प्रश्न पढ्न र निर्देशन बमोजिम कार्य गर्न लगाउनुहोस् । उनीहरूले सही शब्द पहिचान गरे नगरेको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

यस्तै अभ्यास न. ६ का बारेमा छलफल गरी सबै विद्यार्थीलाई एक एक अनुच्छेद लेख्न लगाउनुहोस् । उनीहरूले तयार पारेको अनुच्छेदबाट मूल र व्युत्पन्न शब्द पहिचान गरी रेखाङ्कन गर्न लगाउनुहोस् । आफूले अवलोकन गरी सहजीकरण गरिदिनुहोस् । आवश्यक्ताअनुसार थप सिकाइ सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

**१. तलको वाक्यबाट तत्सम, तद्भव र आगन्तुक शब्द पहिचान गर्न लगाउनुहोस् :**

कृषि पेसा अपनाउने हरिले एक, दुई रुपियाँमा पहेँला केरा पसलमा बेच्न राखेछ ।

**२. दिइएका शब्दको मूल रूप पहिचान गर्न लगाउनुहोस् :**

घरेलु, उपयोग, अभिभावक, सामाजिक

## आठौँ दिन

### १. सिकाइका क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| वर्णविन्यास (दीर्घ ऊकार) | शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकारको पहिचान र प्रयोग गर्न | • वर्णपत्ती<br>• शब्दपत्ती |
| सिर्जना र परियोजना कार्य | सिर्जना र परियोजना क्रियाकलाप गर्न | |

**सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गराउनुहोस् र अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. फूल फुल, पुरा पूरा जस्ता ह्रस्व र दीर्घ लेख्दा फरक हुने शब्द र तिनका अर्थबिच हुने फरकसम्बन्धी छलफल गराएर विषयवस्तु प्रवेश गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### वर्णविन्यास

१. शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकार प्रयोग भएका शब्द प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा कस्ता कस्ता स्थानमा दीर्घ वर्ण प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकार प्रयोग भएका शब्द भन्न लगाउनुहोस् र उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. शब्दपत्ती प्रदर्शन गरी दीर्घ ऊकार प्रयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

**शब्दको सुरुमा दीर्घ ऊकार प्रयोग हुने शब्द : भूगोल, पूर्वक, भूमि, सूर्य, मूल, शूल आदि**
**शब्दको बिचमा दीर्घ ऊकार प्रयोग हुने शब्द : सम्पूर्ण, अपूर्व, मयूर, आभूषण, कुतूहल आदि**
**शब्दको अन्त्यमा दीर्घ ऊकार प्रयोग हुने शब्द : पुपू, भाउजू, पकाऊ, आफू, माइजू आदि**

३. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरेर भाषिक संरचना तथा वर्णविन्यास खण्डको अभ्यास ७ मा दिइएको अभ्यास पढ्न लगाउनुहोस । उनीहरूलाई त्यहाँ सुरु, बिच र अन्त्यमा दीर्घ उकार लागेका शब्द पहिचान गरी फरक फरक तालिकामा लेख्न लगाउनुहोस् । उनीहरूको कार्य अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । प्रत्येक समूहबाट कुनै सदस्यलाई शब्द भन्न लगाउनुहोस् । कुनै असहजता वा गल्ती भए सच्याउन लगाउनुहोस् ।
४. आफूले तयार पारेको कुनै अनुच्छेद प्रदर्शन गरेर सबै विद्यार्थीलाई मौन पठन गर्न लगाउनुहोस् । पुनः उक्त अनुच्छेद हटाएर विद्यार्थीलाई श्रुतिलेखन गराउनुहोस् । पुनः अनुच्छेद प्रदर्शन गरेर कुनै गल्ती भए सच्याउन लगाउनुहोस् । आफूले आवश्यक सहजीकरण गर्दै जानुहोस् ।
५. विद्याथीलाई चार वा पाँच समूहमा विभाजन गर्नुहोस् । एउटालाई टोली नेता छान्नुहोस् । भाषिक संरचना तथा वर्णविन्यास खण्डको अभ्यास ८ मा दिइएको प्रश्न पढ्न लगाउनुहोस् र वर्णविन्यासको दीर्घ उकार लागेका शब्द भन्ने प्रतियोगिता सञ्चालन गर्नुहोस् । यसका लागि प्रत्येकले सुरुमा दीर्घ उकार लागेका एक एकओटा शब्द पालैपालो भन्न लगाउनुहोस् । सबैको पालो सकिएपछि पुनः सबै समूहलाई दोस्रो पटक एक एक ओटा शब्द भन्न लगाउनुहोस् । यसैगरी तेस्रो पटक, चौथो पटक र पाँचौ पटक सम्म सुरुमा दीर्घ उकार लागेका शब्द भन्न लगाउनुहोस् । जसले भन्छ उसलाई अङ्क दिँदै जानुहोस् । यसैगरी बिचमा र अन्त्यमा दीर्घ उकार लागेका शब्द भन्ने प्रतियोगिता सञ्चालन गर्नुहोस् । सबै सकिएपछि सबैभन्दा बढी अङ्क ल्याउनेलाई विजयी घोषणा गरेर ताली बजाएर बधाई तथा हौसला दिनुहोस् ।

६. विद्यार्थीलाई अभ्यास ८ का आधारमा पाँच पाँचओटा शब्द लेख्न लगाउनुहोस् । उनीहरूले लेख्दै गर्दा अवलोकन गर्नुहोस् । आवश्यक परे सहजीकरण गरिदिनुहोस् ।
७. विद्यार्थीको कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।
८. विद्यार्थीले दीर्घ ऊकार लागेका शब्द खोजेर लेखिसकेपछि ती शब्दलाई मौखिक रूपमा वाक्यमा प्रयोग गर्न सिकाउनुहोस् । **जस्तै : अनुभूति : कक्षामा वर्णविन्याससम्बन्धी खेल खेल्दा मलाई रमाइलो अनुभूति भयो ।**

## सिर्जना र परियोजना कार्य

१. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी सिर्जना र परियोजना खण्डको अभ्यास २ का आधारमा बधाई तथा समवेदना पत्र विभिन्न पत्रपत्रिकाबाट वा अन्य कुनै स्रोतबाट खोजेर ल्याउन लगाउनुहोस् ।
२. आजको कक्षामा सिकेका मुख्य मुख्य विषयवस्तुका बारेमा जानकारी दिई कक्षा समापन गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

**१. शुद्ध शब्द छानेर लेख्न लगाउनुहोस् :**

कुतुहल कूतूहल कुतूहल कूतुहल
अनूभुति अनूभूति अनुभूति अनुभुति
सुसूचित सूसुचित सूसूचित सुसुचित

**नवौँ दिन**
**सिकाइका क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सिर्जना र परियोजना कार्य (चिठी रचना) | निर्दिष्ट शीर्षकमा चिठी रचना गर्न | • चिठीको नमुना<br>• विषयवस्तुसँग सम्बन्धित बुँदा |
| विषयवस्तु बोध र प्रस्तुति | निर्दिष्ट विषयवस्तुको विश्लेषण गरी वर्णन गर्न | |

**सिकाइ सहजीकरण क्रियाकलाप**
**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई गाउँखाने कथा, चुटकिला वा कुनै रोचक विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।
**जस्तै : नौतले घरको झ्याल न ढोका के हो ? उत्तर : बाँस**

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र हिजो खोजेर ल्याउन दिइएका कुरा विद्यार्थीले ल्याए नल्याएको यकिन गर्नुहोस् ।

३. विद्यार्थीलाई अहिलेसम्म तिमीहरूले चिठी लेखेको र कसैलाई पठाएको छ या छैन भनी सोध्नुहोस् । उनीहरूले दिएको उत्तरकाबारे छोटो छलफल गराउनुहोस् र आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## सिर्जना र परियोजना कार्य

१. विद्यार्थीलाई सिर्जना र परियोजना खण्डका आधारमा चिठी रचना गर्ने तरिका बारे छलफल गराउनुहोस् । आफूले तयार पारेर ल्याएको चिठीको नमुना प्रोजेक्टर, स्लाइड वा चार्ट पेपरका माध्यमले प्रदर्शन गर्नुहोस् र छलफल गराउनुहोस् । जस्तै :

- चिठी रचना गर्दा सुरु भागको दाँयापट्टि मिति उल्लेख गर्नुपर्ने
- मितिको ठिक तल चिठी लेख्ने व्यक्तिको ठेगाना उल्लेख गर्नुपर्ने
- एक हरफ छोडेर बाँयापट्टि यथोचित सम्बोधन र अभिवादन उल्लेख गर्नुपर्ने
- पत्र लेखनको मुख्य भागमा कुशल कामनासहित विषयमा प्रवेश, मुख्य कुराको जानकारीसहित कुरा टुङ्ग्याउन
- अन्त्य भागमा चिठीको दाँयापट्टि प्रेषकको प्रापकप्रतिको सम्बन्ध, हस्ताक्षर र प्रेषकको नाम उल्लेख गर्ने

३. कुनै एक विद्यार्थीलाई उक्त चिठी सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।

४. नमुना चिठीका आधारमा चिठी लेख्ने तरिकाका बारेमा सामूहिक छलफल गराउनुहोस् ।

५. विद्यार्थी समूहलाई सिर्जना र परियोजना खण्डको अभ्यास १ का आधारमा चिठी रचना गर्न, चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । यस क्रममा उनीहरूलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

७. प्रत्येक समूहबाट रचना भएका चिठी कक्षामा वाचन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

## विषयवस्तु बोध र प्रस्तुति

१. विद्यार्थीलाई फरक फरक समूहमा विभाजन गराउनुहोस् । विद्यार्थी समूहलाई सिर्जना र परियोजना खण्डको अभ्यास न. २ का आधारमा हिजो खोजेर ल्याउन दिइएको बधाई पत्र तथा समवेदना पत्रबारे सामूहिक छलफल गराउनुहोस् । यी दुईबिच संरचनागत फरक पहिचान गरी बधाईमा लेखिने कुरा र समवेदनामा लेखिने विषयबारे फरक पहिचान गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई सिर्जना र परियोजना खण्डको अभ्यास २ का आधारमा खोजेर ल्याएका पत्र प्रत्येक समूहका टोली नेतालाई पढेर सुनाउन लगाउनुहोस् । यी दुईको भाषा, शैली र ढाँचाबारे प्रस्तुति गर्न लगाउनुहोस् । विद्यार्थीलाई कुनै असहजता भए सहजीकरण गरिदिनुहोस् ।

३. कक्षा प्रस्तुतिका लागि सबै समूहलाई अवसर प्रदान गर्नुहोस् र अन्य समूहलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

## (ग) मूल्याङ्कन

१. वातारण संरक्षणमा जोड दिँदै सहरमा बस्ने साथीलाई चिठी लेख्न लगाउनुहोस् ।

# पाठ : ५ सत्यमोहन जोशी

**विधा : जीवनी** **कार्यघण्टा : १०**

## परिचय

'सत्यमोहन जोशी' जीवनीपरक पाठ हो । जीवनी समाज, राष्ट्र तथा सिङ्गो मानव जातिका निम्ति विशिष्ट योगदान पुऱ्याउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तिको व्यक्तित्वको क्रमबद्ध प्रस्तुति हो । यसमा व्यक्तिले आफ्नो जीवनकालमा भोगेका कुराको उपयुक्त विश्लेषण र मूल्याङ्कन गरिन्छ । जीवनी शिक्षणको मुख्य उद्देश्य भाषाका मौखिक तथा लिखित बोध एवम् अभिव्यक्ति सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु हो । यस विधा शिक्षणमार्फत विशिष्ट व्यक्तित्व एवम् चरित्रको मौखिक तथा लिखित वर्णन गर्ने सिप विकास गराउन सकिन्छ । त्यसैले जीवनीपरक पाठ सहजीकरण गराउँदा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा केन्द्रित भएर विद्यार्थीका विचार, भावना आदिलाई सङ्गठित रूपमा व्यक्त गर्न सिकाउनुपर्छ ।

यस पाठमा बोध क्षमता अभिवृद्धिका लागि सस्वर र मौन पठन, संरचना पहिचान, घटनाक्रम पहिचान, व्यक्तित्व पहिचान, सन्देश बोध आदि सिकाइका क्षेत्रमा ध्यान दिइएको छ । घटनाक्रम मिलान, प्रश्नोत्तर र व्याख्या, समीक्षात्मक लेखन, बुँदा टिपोट र सारांश लेखन, अनुकरणात्मक जीवनी लेखन, स्वतन्त्र लेखन जस्ता सिकाइ क्षेत्रलाई समेटिएको छ । शिक्षकलाई सहजकर्ता र उत्प्रेरकको भूमिकानिर्वाह गर्दै सहजीकरण क्रियाकलाप क्रियाकलापमुखी र रुचिकर बनाउन अभिप्रेरित गरिएको छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । सिकाइ क्षेत्रअन्तर्गत जीवनी विधा परिचय, संरचना पहिचान, सस्वर पठन र शुद्धोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, विपरीतार्थी शब्दको पहिचान र प्रयोग, बोधात्मक प्रश्नोत्तर, सङ्क्षिप्त उत्तर लेखन, घटनाक्रम मिलान, अदृष्टांश बोध, बुँदा टिपोट र सारांश लेखन, व्याख्या, व्यक्तिवृत्त वर्णन, समीक्षात्मक उत्तर लेखन आदि अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ । बोध र अभिव्यक्ति खण्डभित्र प्रेरणामा आधारित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ ।

भाषिक संरचना र वर्णविन्यासअन्तर्गत उपसर्गद्वारा शब्दनिर्माण, प्रत्ययद्वारा शब्दनिर्माण, शिरबिन्दु र चन्द्रबिन्दु लागेका शब्दको पहिचान र प्रयोगलाई कार्यमूलक बनाइएको छ । सुनाइ बोलाइका लागि पाठ्यपुस्तककै परिशिष्टको सुनाइ पाठ ५ मा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पहिलो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| जीवनी विधा परिचय | जीवनी विधाको परिचय दिन | • स्लाइड वा चार्ट<br>• राष्ट्रिय व्यक्तित्वका तस्बिर<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| संरचना पहिचान | जीवनीको संरचना पहिचान गर्न | |
| बोधात्मक प्रश्नोत्तर | संरचनासम्बद्ध बोधात्मक प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कुनै राष्ट्रिय व्यक्तित्वले गरेका ऐतिहासिक काम तथा सन्दर्भ उल्लेख गर्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. साहित्यिक, चिकित्सा, विज्ञान र प्रविधि, खेल, गायन आदि क्षेत्रबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रसिद्धि कमाएका विशिष्ट व्यक्तित्वको तस्बिर प्रदर्शन गरी उनीहरूको नाम र कामका बारेमा मस्तिष्क मन्थन गराउनुहोस् र पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## जीवनी विधा परिचय

१. जीवनी विधाका बारेमा विद्यार्थीलाई समूहमा छलफल गर्न लगाउनुहोस् ।

२. छलफलको निष्कर्ष विद्यार्थीलाई भन्ने अवसर प्रदान गर्नुहोस् । विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । छुटेका विषयवस्तुका बारेमा सहजीकरण गरी थप स्पष्ट हुने अवसर प्रदान गर्नुहोस् ।

३. शिक्षकले तयार पारेको जीवनी विधा परिचय स्लाइड वा चार्टमा प्रदर्शन गरी छलफल गराउनुहोस् । टोली नेतालाई छलफलको निष्कर्ष पालैपालो प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## संरचना पहिचान

१. जीवनीको संरचनाबारे समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलको निष्कर्ष पालैपालो सुनाउने अवसर दिनुहोस् ।

२. विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । छुटेका विषयवस्तुका बारेमा सहजीकरण गरी थप स्पष्ट हुने अवसर प्रदान गर्नुहोस् ।

३. शिक्षकले तयार पारेको जीवनीको संरचनासम्बद्ध सामग्री कक्षामा प्रस्तुत गरी छलफल चलाउनुहोस् ।

जस्तै :

**व्यक्तिको नाम ( शीर्षक )**

**आदि भाग :** जन्म, जन्मस्थान, मातापिता र बाल्यकाल

पारिवारिक जीवन र शिक्षादीक्षा

सम्बन्धित क्षेत्रमा लाग्ने सत्प्रेरणा

**मध्य भाग :** व्यक्तिगत स्वभाव र रुचिक्षेत्र

विशिष्ट कार्य वा योगदानको विश्लेषणात्मक प्रस्तुतिकरण

मान, पदवी (भएमा)

**अन्त्य भाग :** मूल्याङ्कन, आत्मधारणासँगै समापन

४. विद्यार्थीलाई जीवनीको संरचनाका बारेमा आआफ्ना विचार राख्ने अवसर प्रदान गर्नुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

१. बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ मा दिइएको अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । प्रस्तुत अनुच्छेद मौन पठन गरी संरचना पहिचानसम्बद्ध प्रश्नहरूको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

२. विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् ।

जस्तै : (क) माथिको अनुच्छेदमा कतिओटा वाक्य छन् ?

(ख) अनुच्छेदको सबैभन्दा लामो वाक्य कुन हो, त्यो कति शब्दले बनेको छ ?

(ग) व्यक्तिगत स्वार्थमा नलागेको कुरा कुन वाक्यमा छ, त्यसको आशय के हो ?

३. प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

५. जीवनीपरक पाठका कुनै अनुच्छेद वा अन्य अनुच्छेदका माध्यमबाट संरचना बोधसम्बद्ध थप क्रियाकलाप गराई पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ग) मूल्याङ्कन**

**१. दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(क) पहिलो अनुच्छेदमा कतिओटा वाक्य छन् ?

(ख) पहिलो अनुच्छेदको सबैभन्दा लामो वाक्य कुन हो ?

## दोस्रो दिन

१. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| सस्वरवाचन र शब्दोच्चारण (अनुच्छेद १-३) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वरवाचन गर्न | • स्लाइड वा चार्ट<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरको नमुना |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | पाठगत बोधात्मक प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विशिष्ट व्यक्तित्वको छोटो जीवनी सुनाएर सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## सस्वरवाचन र शब्दोच्चारण

१. शिक्षकले पाठको पहिलो अनुच्छेद नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

२. पाठका सुरुका तीनओटा अनुच्छेद क्रमशः स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वरवाचन गराउनुहोस् ।

३. सस्वरवाचन गर्ने क्रममा नयाँ शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । शिक्षकले पनि वाचकले स्पष्ट उच्चारण गर्न नसकेका शब्द सङ्कलन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

४. सस्वरवाचनको क्रियाकलाप पूरा भएपछि विद्यार्थीलाई उच्चारणमा जटिल लागेका शब्दको शुद्ध र स्पष्ट उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलाप गराउनुहोस् :

- शैक्षणिक पाटीमा रिपोट गरिएका शब्द विद्यार्थीबाट पालैपालो शुद्ध उच्चारण गर्न लगाउनुहोस् । लक्षित शब्द : वरेण्य, जीवनदृष्टि, म्याट्रिक, परिषद, अक्षराम्भ आदि ।
- ढिलो सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी अक्षरीकरणसहित बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । जस्तै :

| | | |
|---|---|---|
| वरेण्य /ब.रेन्.य/ | जीवनदृष्टि /जि.बन्.दृस्.टि/ | म्याट्रिक /म्या.ट्रिक्/ |
| परिषद् /प.रि.सद्/ | अक्षराम्भ /अक्. छ्य.राम्.भ/ | |

५. शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

६. सस्वरवाचन र शुद्धोच्चारणका सबै क्रियाकलाप कुन कुन विद्यार्थीले पूरागरे कुन कुनले गरेनन्, अवलोकन गरी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

७. समस्या पहिचानपश्चात् छुट्टै समूह बनाई अरूसरह सस्वरवाचन र शुद्धोच्चारण नगरेसम्म आवश्यक थप सामग्री उपलब्ध गराई ती शब्दलाई बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीलाई ती शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

२. टिपोट गरिएका शब्दको अर्थ विद्यार्थीबाट खोजी गर्नुहोस् । शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पार्दै शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् ।

३. शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

४. शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

जस्तै :

| | | |
|---|---|---|
| शब्द | : | आलोकित |
| पाठको प्रयोग | : | यिनको विशिष्ट योगदानले मुलुकको भाषा, साहित्य, संस्कृति र कला निरन्तर आलोकित छ । |
| वाक्य | : | लक्ष्मीप्रसाद देवकोटाका उत्कृष्ट कृतिले समाज आलोकित भएको छ । |

५. प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : उपत्यका, पाठशाला, औद्योगिक, परिषद्, गौरव । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक अभ्यास

१. विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

२. बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ सम्बद्ध अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

३. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नहरूको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् ।

४. पाठका आधारमा प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

जस्तै : (क) सत्यमोहन जोशीका आमाबुबा चिन्तित हुनुको कारण के थियो ?

उत्तर : सत्यमोहन जोशीका आमाबुबा चिन्तित हुनुको कारण उनको पाँच वर्षसम्म बोली नफुटेकाले हो ।।

(ख) सत्यमोहन जोशीको अक्षरारम्भ कुन उमेरमा र कहाँ भएको थियो ?

(ग) उनको पढाइ अगि बढ्न नसक्नुको कारण के देखिन्छ ?

(घ) सत्यमोहनले कुन तहसम्मको शिक्षा हासिल गरेका थिए ?

५. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

वरेण्य, आलोकित, गौरव, अक्षराम्भ, प्रतिष्ठान

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वरवाचन र शब्दोच्चारण<br>(अनुच्छेद ४-६) | अनुच्छेद गति, यति मिलाई सस्वरवाचन गर्न | • स्लाइड वा चार्ट<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |

| | | |
|---|---|---|
| पठनबोध | पठनबोधका आधारमा ठिक बेठिक छुट्याउन | • अनुच्छेदपत्ती |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले कुनै प्रेरक प्रसङ्ग सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### सस्वरवाचन र शुद्धोच्चारण

१. शिक्षकले विद्यार्थीलाई सस्वरवाचन क्रियाकलापबारे छलफल गराउनुहोस् ।

२. शिक्षकले निर्धारित पाठको चौथो अनुच्छेद नमुना वाचन गरी सुनाउनुहोस् ।

३. विद्यार्थीलाई पाठको अनुच्छेद ४ देखि ६ सम्म पालैपालो गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् ।

४. अरू विद्यार्थीलाई सस्वरवाचनका क्रममा शुद्ध र स्पष्टसँग उच्चारण भए नभएको ख्याल गरी प्रस्ट उच्चारण नभएका शब्द टिपोट गर्न लगाउनुहोस् ।

५. सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस्र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । जस्तै : सान्निध्य, अतिरिक्त, ग्रामीण

६. शैक्षणिक पाटीमा टिपिएका शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

| | | | |
|---|---|---|---|
| सान्निध्य | /सान्.निध्.य/ | अतिरिक्त | /अ.ति.रिक्.त/ |
| श्रीवृद्धि | /श्रि.बृद्.धि/ | हास्यव्यङ्ग्य | /हास्.स्य.ब्यङ्.ग्य/ |

७. बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा भएका र उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

### पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् ।

२. शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै : ग्रामीण, सान्निध्य, व्यङ्ग्य, दिलोज्यान, अहोरात्र, पर्यायवाची, वास्तुविद्, अतिथि

३. शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् । जस्तै

ग्रामीण : गाउँको, गाउँले

सान्निध्य : समीप वा निकट हुनुको भाव

व्यङ्ग्य : एउटा कुरा भने झैँ गरी अर्को कुरा भनिएको

४. शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

जस्तै :

शब्द : अहोरात्र

पाठगत प्रयोग : उनी आफ्नो जिम्मेवारीमा अहोरात्र खटिरहन्थे ।

वाक्य : किसानले खेतबारीमा अहोरात्र खटेर अन्न उब्जाएका छन् ।

५. प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि पुनः शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : ग्रामीण, सान्निध्य, व्यङ्ग्य, दिलोज्यान, अहोरात्र, पर्यायवाची, वास्तुविद्, अतिथि । तीमध्ये कुनै तीनओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## पठनबोध

१. विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोध अभ्यासअन्तर्गत दिइएका वाक्य ठिक बेठिक छुट्याउन सिकाउनुहोस् । जस्तै :

(क) जङ्गलमा लगेर केही क्षण एक्लै छोडेपछि सत्यमोहनले 'माँ, ए माँ !' भनेर चिच्याएका थिए रे

(ख) उनको अक्षरारम्भ नेपाल भाषाका माध्यमबाट नौ वर्षको उमेरमा घरबाटै भएको थियो ।

(ग) उनले पाटन हाइस्कुलबाट म्याट्रिक परीक्षा उत्तीर्ण गरे ।

(घ) परिवारको जीविकाका लागि बिचैमा पढाइ छाडेर जागिरतिर लाग्न बाध्य भए ।

२. ठिक बेठिक छुट्याउने अभ्यासपश्चात् बेठिक वाक्यलाई ठिक बनाएर पुनर्लेखन गर्न लगाउनुहोस् ।

३. विद्यार्थीले तयार पारेका वाक्य पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

४. अन्य अनुच्छेदबाट शिक्षकले ठिक बेठिक छुट्याउने वा खाली ठाउँ भर्ने वा बहुवैकल्पिक प्रश्न तयार गरी थप छलफल गराउनुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

**१. खाली ठाउँमा उपयुक्त शब्द भरी वाक्य पूरा गर्न लगाउनुहोस् :**

(क) उनले वि. सं. ............ मा 'हाम्रो लोकसंस्कृति' नामक पुस्तक प्रकाशन गरेका थिए ।

(ख) उनले नेपाली साहित्यमा कविता, नाटक, समालोचनाका अतिरिक्त लोकसाहित्य, संस्कृति आदि क्षेत्रका ............ कृति रचना गरेका छन् ।

(ग) उनले नेपाल भाषाका विभिन्न विषय र विधाक्षेत्रसँग सम्बन्धित करिब चार दर्जन रचना प्रकाशन गरी नेपाल भाषाको ............ मा समेत महŒवपूर्ण योगदान पुऱ्याएका छन् ।

## चौथो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वरवाचन र शब्दोच्चारण<br>(अनुच्छेद ७ र ८) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर पठन गर्न | ● स्लाइड वा तालिका<br>● शब्दपत्ती<br>● अर्थपत्ती<br>● शब्दकोश<br>● वाक्यपत्ती<br>● अनुच्छेदपत्ती<br>● प्रश्नोत्तरको नमुना |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| विपरीतार्थी शब्द | विपरीतार्थी शब्द पहिचान गरी प्रयोग गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई गाउँखाने कथा वा कुनै प्रेरक प्रसङ्ग सुनाउने अवसर दिनुहोस् ।

२. आवश्यक उत्प्रेरणा दिई अगिल्लो दिनको पाठ्यवस्तुको सारबारे छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### सस्वरवाचन र शब्दोच्चारण

१. शिक्षकले विद्यार्थीलाई सस्वरवाचन क्रियाकलापबारे छलफल गराउनुहोस् ।

२. विद्यार्थीलाई पाठको अनुच्छेद ७ र ८ पालैपालो सस्वरवाचन गराउनुहोस् । सस्वरवाचन गर्ने क्रममा प्रस्ट उच्चारण गर्न नसकेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् ।

३. शिक्षकले पनि वाचकलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

४. ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् ।

५. विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् । जस्तै :

वाङ्मय /वाङ्.म.य/ त्रिमूर्ति /त्रि.मुर्.ति/

अविस्मरणीय /अ.बिस्.म.र.डिँ.य/ सशक्त /स.सक्.त/

६. बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा विद्यार्थीले गर्न सक्ने उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

### पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठबाट अर्थबोध नभएका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट टिपोट गरेका शब्द भन्न लगाई नदोहोरिने गरी शैक्षणिक पाटीमा लेखिदिनुहोस् ।

२. लेखिएका शब्दका अर्थ बताउन विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् । उनीहरूले भनेका अर्थ शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

३. शैक्षणिक पाटीमा टिपोट गरिएका अर्थ सही भए वा नभएको स्पष्ट गरिदिनुहोस् । विद्यार्थीबाट अर्थ नआएका शब्दका लागि शैक्षणिक सामग्री प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

४. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन लगाउनुहोस् ।

५. विद्यार्थीलाई नै शब्द र अर्थ मिले नमिलेको यकिन गरी मूल्याङ्कन गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरी सबैभन्दा धेरै शब्दअर्थ जोडा मिलाउने विद्यार्थीलाई ताली बजाएर स्याबासी दिनुहोस् । जस्तै :

| शब्द | अर्थ |
|---|---|
| गाईजात्रा | जनैपूर्णिमाको भोलिपल्ट मनाइने जात्रा |
| जीवनदृष्टि | जीवनदर्शन, जीवनलाई हेर्ने दृष्टि वा आधार |
| संस्कृति | जनमानसमा प्रचलित संस्कार, कलाकौशल, क्रियाकलाप |
| पुरातŒव विद्या | प्राचीन समयमा ऐतिहासिक तथा महŒवपूर्ण वस्तुको अध्ययन गर्ने |
| सङ्ग्रहालय | प्राचीन महŒवका, दुर्लभ र अनौठो वस्तु बटुलेर राखिने ठाउँ वा घर |
| प्रतिष्ठान | प्रतिष्ठापूर्ण रूपमा स्थापित कुनै संस्था |

६. शब्दभण्डार खण्डको अभ्यास १ मा दिइएका शब्दलाई दुई दुई जनाको समूहमा कुनै दुईओटा शब्दलाई वाक्य रचना गर्न लगाउनुहोस् । समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. समूह कार्य सम्पन्न भएपछि विभिन्न समूहलाई प्रस्तुतिकरण गर्न लगाई बाँकी विद्यार्थीलाई मूल्याङ्कनका लागि प्रोत्साहित गर्नुहोस् । अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## विपरीतार्थी शब्द

१. विपरीतार्थी शब्दका बारेमा समूहमा छलफल गराई निम्न निष्कर्षमा पुग्नुहोस् :

- अर्पण ग्रहण, आकर्षण विकर्षण, सम्पन्न विपन्न विपरीतार्थी शब्द हुन् ।
- दुई शब्दबिच परस्पर उल्टो अर्थ दिने शब्द विपरीतार्थी शब्द हुन् ।

२. शब्दभण्डार खण्डको अभ्यास २ मा दिइएका 'अनुत्तीर्ण, विनाश, अविश्वास, स्वार्थ, निराशा, अरूचि, कपुत, स्वीकार, निष्क्रियता' जस्ता शब्दको शब्दपत्ती प्रदर्शन गरी समूहमा विपरीतार्थी शब्द लेख्न लगाउनुहोस् ।

३. समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् । जस्तै :

| शब्द | विपरीत अर्थ |
|---|---|
| अनुत्तीर्ण | उत्तीर्ण |
| विनाश | विकास |

४. विद्यार्थी समूहलाई शब्दभण्डार खण्डको अभ्यास ३ मा दिइएका शब्दको विपरीत अर्थ आउने शब्द खोजेर लेख्न निर्देशन दिनुहोस् ।

५. विद्यार्थी समूहले अभ्यास गरिसकेपछि साथी साथीबिच साटेर कापी परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् र मिले नमिलेको हेर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् । जस्तै :

| शब्द | विपरीत अर्थ |
|---|---|
| सुरक्षित | असुरक्षित |
| सभ्य | असभ्य |
| नास्तिक | आस्तिक |
| लौकिक | अलौकिक |
| गहन | हल्का |
| सूक्ष्म | स्थूल |

### (ग) मूल्याङ्कन

**१. अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको विपरीत अर्थ लेख्न लगाउनुहोस् :**

नेपाल आमाका कर्मठ सपुत सत्यमोहन जोशीले थुप्रै पुरस्कार, सम्मान र पदक पाएका छन् । उनी नेपाल र नेपालीको गौरव उच्च पार्न सधैँ अग्रसर बने । उनलाई नेपाली वाङ्मय र संस्कृतिका क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै काठमाडौँ विश्वविद्यालयबाट वि.सं. २०६८ मा महाविद्यावारिधिको उपाधि प्रदान गरिएको थियो ।

## पाँचौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सङ्क्षिप्त उत्तर लेखन | निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | • अनुच्छेदपत्ती<br>• बुँदाका चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना |
| घटनाक्रम मिलान | घटनाक्रम मिलान गर्न | |
| बोध प्रश्नोत्तर | बोध प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले विभिन्न क्षेत्रमा योगदान दिने राष्ट्रिय व्यक्तित्वको तस्बिर प्रदर्शन गरी उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

३. सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## सङ्क्षिप्त उत्तर लेखन

१. सङ्क्षिप्त उत्तर लेख्ने तरिकाका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

२. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ मा दिइएको सङ्क्षिप्त उत्तरात्मक प्रश्न प्रस्तुत गर्नुहोस् ।

३. ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गर्न लगाई एउटा समूहले कुनै एउटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

प्रश्न : (क) सत्यमोहन जोशीको साहित्य लेखनको प्रारम्भ कहिलेदेखि भएको हो ?

(ख) जोशीले कुन कुन सम्मान र पुरस्कार प्राप्त गरे ?

(ग) जोशीले लोक साहित्यको क्षेत्रमा के के काम गरेका छन् ?

(घ) नेपाल भाषा र संस्कृतिको संरक्षणमा जोशीको योगदान कस्तो रहेको छ ?

४. विद्यार्थी समूहमध्ये कुनै एक समूहले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् । उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुनै कुरा छन् भने भन्ने अवसर अन्य समूहका एक एक जनालाई दिनुहोस् ।

५. शिक्षकले तयार पारेको नमुना उत्तरको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । उत्तरको संरचनाका बारेमा थप छलफल चलाउनुहोस् ।

६. समूहले तयार पारेका अन्य प्रश्नका सङ्क्षिप्त उत्तर साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## घटनाक्रम मिलान

१. राष्ट्रिय वा अन्तर्राष्ट्रिय क्षेत्रका कुनै विशिष्ट व्यक्तिका जीवनका मुख्य घटनाको सूची उदाहरणका रूपमा प्रस्तुत गर्दै सिकाइतर्फ उत्प्रेरित गर्नुहोस् ।

२. सत्यमोहन जोशीका जीवनमा घटेका मुख्य मुख्य घटना आउने गरी प्रश्न बनाएर विद्यार्थीलाई सोध्नुहोस् ।

जस्तै : - (क) सत्यमोहन जोशीको जन्म कहिले र कहाँ भएको थियो ?

(ख) सत्यमोहन जोशीको हाम्रो लोक संस्कृति नामक पुस्तक कहिले प्रकाशन भयो ?

(ग) सत्यमोहन जोशीलाई २०७४ मा कुन उपाधि दिइयो ?

३. विद्यार्थीले बताएका उत्तर शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका मुख्य घटना विद्यार्थीलाई पालैपालो सोधेर भन्न लगाउनुहोस् ।

४. बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा दिइएको मितिअनुसारका घटना पहिचान गरी टिपोट गर्न लगाउनुहोस् ।

५. विद्यार्थीले अभ्यास गरिसकेपछि साथी साथीबिच साटेर कापी परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा मिति र जीवनका घटनाको नमुना देखाउनुहोस् र मिले नमिलेको हेर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## बोध प्रश्नोत्तर

१. बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गराउनुहोस् ।

२. बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

३. विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् ।

४. उत्तर लेखिसकेपछि विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

५. भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्व ज्ञानका आधारमा गराउनुहोस् । जस्तै :

(अ) अनुच्छेदबाट 'आदि' र 'विपन्न' शब्दका विपरीतार्थी शब्द लेख्नुहोस् ।

उत्तर : आदि अन्त्य

विपन्न सम्पन्न

(आ) अनुच्छेदबाट चन्द्रबिन्दु लागेका शब्द टिप्नुहोस् ।

(इ) 'विशुद्ध' र 'प्रचलन' शब्दमा लागेका उपसर्ग छुट्याउनुहोस् । ती उपसर्ग लागेका थप दुई दुईओटा शब्द लेख्नुहोस् ।

(ई) अनुच्छेदबाट दुईओटा प्रत्यय लागेर बनेका शब्द पहिचान गरी लेख्नुहोस् ।

६. अन्त्यमा भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप नवौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

## (ग) मूल्याङ्कन

**१. दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(क) सत्यमोहन जोशीले भाषा र संस्कृतिका क्षेत्रमा के के काम गरेका छन् ?

(ख) सत्यमोहन जोशीको जीवनीबाट के प्रेरणा पाइन्छ ?

**२. सत्यमोहन जोशीका जीवनका कुनै पाँचओटा मुख्य घटना भन्न लगाउनुहोस् ।**

## छैटौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बुँदा टिपोट र सारांश लेखन | बुँदा टिपोट गरी एक तृतीयांशमा सारांश लेख्न | • बुँदाका चार्ट वा स्लाइड<br>• अनुच्छेदपत्ती<br>• व्याख्यात्मक लेखनको नमुना |
| व्याख्यात्मक लेखन | बुँदाका आधारमा जीवनीबाट पाइने सन्देश विस्तार गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै रमाइलो घटना वा विषयवस्तु प्रस्तुत गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

२. अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटकरीमा छलफल गरी आजको विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## बुँदा टिपोट र सारांश लेखन

१. बुँदा टिपोट र सारांश लेखनका बारेमा समूहगत छलफल गराउनुहोस् ।

२. टोली नेतालाई छलफलको निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

३. शिक्षकले शैक्षणिक सामग्रीको रूपमा आफूले लगेका बुँदालाई प्रदर्शन गराई विद्यार्थीका समूहबिच छलफल चलाउनुहोस् ।

४. आफूले शैक्षणिक सामग्रीका रूपमा लगेको सारांश लेखनको नमुनालाई कक्षामा कुनै विद्यार्थीमार्फत वाचन गर्न लगाउनुहोस् । सारांश लेखनबारे कक्षामा छलफल चलाउनुहोस् । आवश्यक भएमा पृष्ठपोषण दिनुहोस् ।

५. बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ को निर्देशानुसार अनुच्छेदलाई मौन पठन गरी चारओटा बुँदा टिपोट गर्न आवश्यक समय दिनुहोस् ।

६. विद्यार्थीका समूहले बुँदा टिपोट गरिसकेपछि समूह समूहबिच मूल्याङ्कन गर्न लगाउनुहोस् । उक्त कार्यको अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

७. बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ को निर्देशानुसार शीर्षकीकरणसहित एक तृतीयांशमा सारांश लेख्न आवश्यक समय दिनुहोस् ।

८. निर्धारित समय सकिएपछि प्रत्येक समूह नेताबाट कक्षा प्रस्तुति गर्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई साथीको प्रस्तुति सुनी सारांशबारे प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

## व्याख्यात्मक लेखन

१. सत्यमोहन जोशीको जीवनीबाट पाइने सन्देशका बारेमा छलफल गराउनुहोस् । विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

२. टिपोट गरिएका बुँदालाई विस्तार गर्ने तरिकाका बारेमा छलफल गराउनुहोस् । व्याख्यात्मक लेखनको ढाँचा र शैलीका बारेमा स्पष्ट पार्नुहोस् । जस्तै :

> व्याख्यात्मक लेखन
>
> - सम्बन्धित पदावली वा बुँदा दिने सामान्य र विशिष्ट अर्थको विविधताको खोजी गरिन्छ ।
> - विभिन्न तर्क र उदाहरण प्रस्तुत गर्दै उक्त बुँदालाई विस्तार गरिन्छ ।
> - सारतŒवको पहिचान र पुष्टिसहित समापन गरिन्छ ।

३. बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ मा दिइएका बुँदाका आधारमा व्याख्या वा विषय विस्तार गर्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा विद्यार्थीकहाँ पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

> प्रश्न : सत्यमोहन जोशीको जीवनीबाट कस्तो शिक्षा पाइन्छ, तलका भनाइका आधारमा व्याख्या गर्नुहोस् :
>
> **बुँदा**
>
> (क) सादा जीवन उच्च विचार लिनु
> (ख) दुःखमा नआत्तिनु र सुखमा नमात्तिनु
> (ग) जीवनका उकाली ओरालीमा हातेमालो गर्दै अगि बढ्नु
> (घ) सङ्घर्ष नै जीवनको पर्याय हुन

४. टिपोट गरिएका बुँदालाई पालैपालो कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । अन्त्यमा विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टस“ग बताइदिनुहोस् ।

५. जीवनीमा व्यक्त भएका विशिष्ट विचार वा सन्देशलाई प्रस्तुत गर्दै व्याख्यात्मक लेखनको थप अभ्यास गराउनुहोस् र उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

१. 'व्यक्तिको अधिकार कर्ममा हुन्छ, त्यसैले निरन्तर कर्म गर्नुपर्छ ।' यस भनाइको भाव विस्तार गर्न लगाउनुहोस् ।

## सातौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| व्यक्तिवृत्त लेखन | सामाजिक क्षेत्रमा योगदान दिएका वा अन्य व्यक्तिको व्यक्तिवृत्त तयार गर्न | • जीवनीको बुँदा चार्ट<br>• अनुच्छेद पत्ती<br>• प्रश्नको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| समीक्षात्मक उत्तर लेखन | विवेचनात्मक वा समीक्षात्मक उत्तर दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. सम्भव भएसम्म प्रोजेक्टरबाट भिडियो देखाएर वा मोबाइलबाट कसैले उद्घोषण गरेको सामग्री देखाएर वा सुनाएर विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### व्यक्तिवृत्त लेखन

१. व्यक्तिवृत्तका बारेमा समूहमा छलफल गराई विद्यार्थीको पूर्व ज्ञान पहिचान गर्नुहोस् । विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

२. व्यक्तिवृत्त लेखनको ढाँचा र शैलीका बारेमा स्पष्ट पार्नुहोस् । जस्तै :

नाम : सुनिता घिमिरे

जन्मस्थान : सुरुङ्गा नगरपालिका १, सप्तरी

जन्ममिति : २०६०/०८/२५

माता : गीता घिमिरे

पिता : नारायणप्रसाद घिमिरे

राष्ट्रियता : नेपाली

धर्म : हिन्दु

वैवाहिक स्थिति : अविवाहित

स्थायी ठेगाना : सुरुङ्गा नगरपालिका, वडा न. १, शिशुवारी, सप्तरी

शैक्षिक योग्यता : २०७६ एसइई, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर

: २०७८ माध्यमिक तह, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर

तालिम : आधारभूत कम्प्युटर तालिम, सिलाइबुनाइ तालिम

३. विद्यार्थीलाई आआफ्ना व्यक्तिगत विवरण तयार पार्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीलाई प्रतिनिधिमूलक प्रस्तुतिका लागि अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थीलाई साथीको प्रस्तुति सुनी व्यक्तिगत विवरणको संरचनाबारे प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

५. कक्षालाई विद्यार्थी सङ्ख्याको अनुपात हेरी समूहमा विभाजन गर्नुहोस् र समूह नेता छान्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ का आधारमा व्यक्तिवृत्त तयार गर्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

६. समूह कार्य सकिएपछि पालैपालो समूह कार्यलाई कक्षामा प्रस्तुतिकरण गर्न लगाउनुहोस् । अन्त्यमा विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् र उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## विवेचनात्मक उत्तर लेखन

१. विवेचनात्मक वा समीक्षात्मक उत्तर लेखन ढाँचा तथा संरचनाबारे छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास १० को प्रश्न एउटा समूहलाई र अभ्यास १२ को प्रश्न अर्को समूहलाई बाँड्नुहोस् र साथी साथी मिलेर ती प्रश्नको उत्तर समेट्ने खालका बुँदा तयार गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीले तयार पारेका बुँदा प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुति सुनी बुँदाका विषयवस्तुबारे प्रतिक्रिया दिन लगाउनुहोस् । तिनै बुँदालाई समेटेर मौखिक रूपमा लामो उत्तरको संरचना तयार पार्न सिकाउनुहोस् ।

४. बोध र अभिव्यक्ति खण्डको प्रश्न १२ मा केन्द्रित भई शिक्षकले तयार पारेको नमुना बुँदा प्रस्तुत गर्नुहोस् र समेटिनुपर्ने विषयवस्तुका बारेमा थप छलफल गराउनुहोस् ।

साहित्यिक योगदान

- संस्कृत साहित्यबाट प्रभावित भई वि. सं. १९९८ छन्दमा कविता लेख्न थालेका
- नेपाली साहित्यमा कविता, नाटक, समालोचनाका आदि क्षेत्रका दर्जनौँ कृति रचना गरेका

सांस्कृतिक योगदान

- 'नेपाल भाषा एकेडेमी' को स्थापना र नेवारी साहित्य, कला र संस्कृति जोगाउन क्रियाशील
- 'गाईजात्रा महोत्सव' को प्रवर्धन
- लोकसाहित्य, संस्कृति आदि क्षेत्रका कृति रचना गरेका
- वि. सं. २०१४ मा 'हाम्रो लोकसंस्कृति' नामक पुस्तक प्रकाशन गरेका
- नेपालका प्राचीन मुद्राको खोज अनुसन्धान गरी 'नेपाली राष्ट्रिय मुद्राहरू' नामक ग्रन्थ लेखेका
- अरनिको र उनले चीनमा निर्माण गरेको श्वेतचैत्यबारे खोज अनुसन्धान गरी 'नेपाली वास्तुविद् कलाकार अरनिको' नामक शोधग्रन्थ प्रकाशित

भाषिक योगदान

- नेपाल भाषाको श्रीवृद्धिमा समेत महŒवपूर्ण योगदान पुऱ्याएका
- शेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्बू, मैथिली, लेप्चा, थारू, दनुवार, नेवार, चेपाङ, राजवंशीलगायतका भाषाको अध्ययन अनुसन्धान गरेका

प्रशासनिक योगदान

- वि. सं. २००१ मा 'औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा' को जागिरे
- वि. सं. २००७ मा उनी सङ्ख्या विभागमा सुपरिवेक्षक
- वि.सं. २०१४ मा राष्ट्रिय योजना परिषद्मा कार्यक्रम अधिकृत

- के.आई. सिंहको प्रधानमन्त्रीत्व कालमा मन्त्रीको निजी सचिव
- २०१६ सालमा पुरातŒव र संस्कृति विभागमा निर्देशक
- नेपाल प्रज्ञा प्रतिष्ठानको सदस्य सचिव

५. बुँदाका आधारमा समीक्षात्मक उत्तर लेख्न आवश्यक समय दिनुहोस् ।

६. विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । प्रत्येक समूहका समूह नेतालाई उनीहरूले तयार पारेका उत्तर कक्षा प्रस्तुतिकरण गर्न लगाउनुहोस् । अन्त्यमा आवश्यकताअनुसारको उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### (ग) मूल्याङ्कन

**१. दिइएका प्रश्नको समीक्षात्मक उत्तर लेख्न लगाउनुहोस् :**

(क) जीवनीका आधारमा सत्यमोहन जोशीलाई देशभक्त व्यक्तित्वका रूपमा चिनाउनुहोस् ।

(ख) साहित्यिक र सांस्कृतिक क्षेत्रमा सत्यमोहन जोशीका योगदानको चर्चा गर्नुहोस् ।

## आठौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | प्रेरणामा आधारित भाषिक सञ्चार गर्न | • अडियो वा भिडियो<br>• अनुच्छेदपत्ती<br>• प्रश्नको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| श्रुतिबोध | सुनाइ पाठ ५ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले प्रेरक भनाइ सुनाएर विद्यार्थीमा उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको सिकाइ सहजीकरणका पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### भाषिक प्रकार्य

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको प्रश्न १३ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

२. विद्यार्थीलाई प्रेरणासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गराउनुहोस् । चार्ट वा स्लाइडमा प्रदर्शन गरिएको सामग्रीको भाषाशैली, सन्दर्भ, परिवेशका बारेमा समूहको धारणा बनाउन उत्प्रेरित गर्नुहोस् ।

३. शिक्षकले प्रेरणाका विषयवस्तुमा केन्द्रित रही भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस् र संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस् । जस्तै :

(शिक्षक र अभिभावकबिच संवाद हुन्छ ।)

अभिभावक : सर, नमस्कार ।

शिक्षक : नमस्कार ।

अभिभावक : शिवानीको पढाइलेखाइका बारेमा तपाईंसँग कुराकानी गरौँ कि भनेर आएको हुँ ।

शिक्षक : बस्नोस् न । शिवानी पढाइलेखाइ पहिलाको भन्दा अलि खस्किएको छ । घरमा उनी पढाइलाई कति समय दिन्छिन् ?

अभिभावक : घरमा पनि पढाइप्रति रुचि राख्दिनन् । मोबाइल मात्र चलाएर बस्छिन् ।

शिक्षक : म शिवानीलाई बोलाएर कुराकानी गर्छु ।

अभिभावक : हुन्छ सर । अहिलेलाई म लागेँ है ।

शिक्षक : (शिक्षकले शिवानीलाई अफिसमा बोलाएर कुराकानी गर्दै) शिवानी, आजभोलि तिम्रो पढाइप्ति ध्यान कम हुँदै गए जस्तो लागेको छ मलाई । तपाइँ के भन्नुहुन्छ ?

शिवानी : अलि अलि पढ्दै छु सर ।

शिक्षक : अलि अलि भनेको कति हो ? त्यतिले पुग्छ त ? अनि मोबाइल चलाउन मन लाग्छ कि लाग्दैन ।

शिवानी : मोबाइल पनि अलि अलि चलाउँछु सर ।

शिक्षक : मोबाइलमा सिक्नुपर्ने, जान्नुपर्ने र पढाइलाई सहयोग पुऱ्याउने कुरा हेर्नुहुन्छ ?

शिवानी : अहँ, हेर्दिनँ ।

शिक्षक : अब दोस्रो त्रैमासिक परीक्षा आउन लाग्यो । अब मोबाइलमा कम र पढाइमा धेरै ध्यान दिनुहोस् । नतिजा कस्तो आउँछ, फेरि बसेर छलफल गरौँला है ।

शिवानी : हुन्छ सर । म आजैबाट मिहिनेत गर्छु ।

(दोस्रो त्रैमासिक परीक्षाको नतिजा प्रकाशन भएपछि)

शिक्षक : शिवानी ! तपाईंले त राम्रो प्रगति गर्नुभयो । नढाँटी भन्नुहोस् त, तपाईंले कसरी आफूलाई परिवर्तन गर्नुभयो ?

शिवानी : सर हजुरले नै मलाई पढाइलेखाइप्रति जागरुक बन्ने प्रेरणा दिनुभयो । मैले हजुरको मायालु व्यवहार र प्रेरणात्मक उपदेशलाई मनैदेखि सकारात्मक रूपमा लिएँ ।

शिक्षक : ए.......! तपाईंमा धेरै सम्भावना छन् । आफ्नो मिहिनेत र प्रतिभालाई हरतवरबाट उजागर गर्नुहोस् ।

शिवानी : गुरु ! हजुरको प्रेरणालाई म कदापि भुल्ने छैन । हजुरका यी शब्द अमृतरूपी वाणी हुन् ।

| |
|---|
| (शिवानी खुसी हुँदै घर जान्छिन् ।) |

४. छलफलपश्चात् टोली नेतालाई समूहको धारणा प्रस्तुत गर्ने अवसर दिनुहोस् ।

५. बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ मा दिइएको सन्दर्भ बुझेर आआफ्ना विचार व्यक्त गर्ने अवसर प्रदान गर्नुहोस् । विषयवस्तु र प्रस्तुतिको शैलीका सन्दर्भमा आवश्यक सहजीकरण गर्नुहोस् ।

### श्रुतिबोध

१. विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गर्नुहोस् । विद्यार्थीलाई सुनाइका विषयवस्तु छलफल गर्दा ध्यान दिनुपर्ने बारेमा धारणा राख्ने अवसर दिनुहोस् ।

२. समूहका विद्यार्थीले राखेका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै :

३. सुनाइ पाठ ५ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउनुहोस् ।

३. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न १ को अभ्यास मौखिक रूपमा गराउनुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

४. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न २ समूहमा छलफल गराउनुहोस् । विद्यार्थीलाई पालैपालो नयाँ ठाउँमा जाँदा आफूले गरेको अनुभूति सुनाउन उत्प्रेरित गर्नुहोस् ।

५. विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

#### (ग) मूल्याङ्कन

असल मानिस बन्ने प्रेरणा कसरी प्राप्त गर्नुभयो, प्रत्येक विद्यार्थीलाई कक्षामा सुनाउन लगाउनुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| उपसर्गद्वारा शब्दनिर्माण | आधार पदमा उपसर्ग लगाई नयाँ शब्द बनाउन | • स्लाइड वा चार्ट<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती |
| प्रत्ययद्वारा शब्दनिर्माण | आधार पदमा प्रत्यय लगाई नयाँ शब्द बनाउन | |
| सिर्जना र परियोजना कार्य | निर्दिष्ट विषयवस्तुमा छलफल गरी प्रस्तुति दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले रोचक विषयवस्तु वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षण गराउनुहोस्

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## उपसर्गद्वारा शब्दनिर्माण

१. विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् र उपसर्गका बारेमा छलफल चलाउनुहोस् ।

२. अनुच्छेद स्लाइड वा चार्टमा प्रस्तुत गरी उपसर्ग लागेर बनेका शब्द पहिचान गर्न लगाउनुहोस् । जस्तै :

> नेपाली भाषा साहित्यका अविश्रान्त साधक तथा नेपाल भाषा साहित्यका वरेण्य व्यक्तित्व सत्यमोहन जोशी नेपाली कला र संस्कृतिका समेत अनन्य उपासक हुन् । व्यक्तिगत हितभन्दा माथि उठेर आफ्नो जाति र देशको हितका लागि समर्पित भएकै हुँदा यिनको विशिष्ट योगदानले मुलुकको भाषा, साहित्य, संस्कृति र कला निरन्तर आलोकित छ ।

३. उपसर्ग लागेर बनेका शब्द भन्न लगाई शैक्षिणिक पाटीमा टिपोट गर्नुहोस् । उपसर्ग लागेर बनेका शब्द विद्यार्थीले भन्न सके नसकेको विद्यार्थीलाई मूल्याङ्कन गर्न लगाउनुहोस् ।

उपसर्ग लागेर बनेका शब्द : अविश्रान्त, संस्कृति, विशिष्ट, निरन्तर

४. भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ४ छलफल गराउनुहोस् । समूहमा उपसर्ग पहिचान गरी निर्माण प्रक्रिया देखाउन लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

५. शिक्षकले उपसर्ग र निर्माण प्रक्रियासहितको स्लाइड वा चार्ट प्रदर्शन गरी छलफल चलाउनुहोस् ।

६. भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास २ मा दिइएका शब्दमा दुई दुईओटा पर्ने गरी समूहमा विभाजन गर्नुहोस् । त्यसपछि समूह नेतालाई प्रस्तुत गर्न लगाउनुहोस् । मिले नमिलेको विद्यार्थीलाई नै मूल्याङ्कन गर्न लगाई थप सहजीकरण गर्नुहोस् । जस्तै :

| | | |
|---|---|---|
| अनुसार = अनु + मान | प्रारम्भ = प्र + आरम्भ | संवाद = सम् + वाद |
| अध्यादेश = अधि + आदेश | अत्युत्तम = अति + उत्तम | प्रत्येक = प्रति + एक |

७. भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३ छलफल गराउनुहोस् । दुई दुईओटा शब्द निर्माण गर्न लगाई समूह नेतालाई प्रस्तुतिको अवसर दिनुहोस् ।

८. विद्यार्थीबाट निर्मित शब्द प्रस्तुतिकरण गर्न लगाई अरू विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषण दिन प्रोत्साहित गर्नुहोस् ।

९. अन्त्यमा शिक्षकले विद्यार्थीलाई सुधार गर्नुपर्ने पक्ष औंल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## प्रत्ययद्वारा शब्दनिर्माण

१. समूहमा प्रत्ययका बारेमा छलफल चलाउनुहोस् ।

२. अनुच्छेद स्लाइड वा चार्टमा प्रस्तुत गरी प्रत्यय लागेर बनेका शब्द पहिचान गर्न लगाउनुहोस् । जस्तै :

> नेपाली विभाग खोलेर नियमित रूपमा नेपालीमा समाचार प्रसारण गर्ने र सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने चाँजो मिलाएका थिए । यसरी विदेशमा नेपाली भाषाको प्रसारण कार्यमा जोशीबाट उल्लेख्य योगदान पुगेको देखिन्छ ।

३. प्रत्यय लागेर बनेका शब्द भन्न लगाई शैक्षिणिक पाटीमा टिपोट गर्नुहोस् । प्रत्यय लागेर बनेका शब्द विद्यार्थीले भन्न सके नसकेको विद्यार्थीलाई मूल्याङ्कन गर्न लगाई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

प्रत्यय लागेर बनेका शब्द : नेपाली, खोलेर, नियमित, सांस्कृतिक, मिलाएका, भाषा, कार्य, पुगेको

४. शिक्षकले तयार पारेको प्रत्यय पहिचानसँग सम्बन्धित सामग्री स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र छलफल चलाई प्रत्यय पहिचान र निर्माण प्रक्रियासम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

५. भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ५ मा दिइएको अनुच्छेद प्रदर्शन गरी समूहमा राता रङ लगाइएका शब्द टिपोट गर्न निर्देशन दिनुहोस् । टिपोट गरिएका शब्दबाट मूल वा आधारपद र प्रत्यय छुट्याउन लगाउनुहोस् । प्रस्तुतिको अवसर दिई मिले नमिलेको विद्यार्थीलाई नै मूल्याङ्कन गर्न लगाई थप सहजीकरण गर्नुहोस् । जस्तै :

| | | | |
|---|---|---|---|
| बोलक्कड | = बोल् + अक्कड | सिपालु | = सिप + आलु |
| दङाली | = दाङ + आली | काव्य | = कवि + य |
| घुस्याहा | = घुस + आहा | भ्रष्टाचारी | = भ्रष्टाचार + ई |
| सहरिया | = सहर + इया | बैतडेली | = बैतडी + एली |
| दर्शन | = दृश् + अन | गाउँले | = गाउँ + ले |

६. भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ६ छलफल गराउनुहोस् । एक एकओटा शब्द निर्माण गर्न लगाई समूह नेतालाई प्रस्तुतिको अवसर दिनुहोस् ।

७. विद्यार्थीबाट निर्मित शब्द प्रस्तुतिकरण गर्न लगाई अरू विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषण दिन प्रोत्साहित गर्नुहोस् ।

८. अन्त्यमा शिक्षकले विद्यार्थीलाई सुधार गर्नुपर्ने पक्ष औँल्याई समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## सिर्जना र परियोजना कार्य

१. कसैको जीवनी सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

२. सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

३. विद्यार्थीलाई कक्षामा सुनाउने गरी पुस्तकालयको सहयोग लिएर गीत सङ्गीतका क्षेत्रमा उल्लेख्य योगदान दिने एक जना व्यक्तिको जीवनी पढी विषयवस्तु टिपोट गरेर ल्याउन लगाउनुहोस् ।

### (ग) मूल्याङ्कन

१. दिइएका उपसर्ग लगाई दुई दुईओटा शब्द निर्माण गर्न लगाउनुहोस् :

परि, प्र, प्रति, वि, उत्, दुर्, दुस्, नि, निर्, अनु, अभि, अति, अव, अप, उप

२. अनुच्छेदबाट दुईओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी निर्माणप्रक्रिया देखाउन लगाउनुहोस् :

अहिले युवा समूहको सदस्यको चुनावमा उठ्न भनी बोलावट भएको रहेछ । पाल्पाली र बैतडेली साथी पनि अब छिट्टै उनको दर्शन पाइने भयो भनेर खुसी भएछन् ।

## दसौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| शिरबिन्दु र चन्द्रबिन्दु | शिरबिन्दु र चन्द्रबिन्दुको पहिचान गरी प्रयोग गर्न | • अडियो / भिडियो<br>• जीवनीका बुँदा चार्ट वा |

| | | |
|---|---|---|
| विषयबोध र प्रस्तुति | पुस्तकालयीय सामग्रीबाट विषयबोध गरी प्रस्तुति दिन | स्लाइड<br>● जीवनीको नमुना चार्ट |
| अनुकरणात्मक जीवनी लेखन | दिइएका बुँदाका आधारमा र विशिष्ट व्यक्तिको जीवनका मुख्य मुख्य घटना सङ्कलन गरी जीवनी लेख्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले कुनै समाजसेवीको सङ्क्षिप्त जीवनी सुनाएर ध्यान आकर्षित गर्नुहोस् ।

२. विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

३. अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफलसहित आजको कक्षाको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## शिरबिन्दु र चन्द्रबिन्दु

१. शिक्षकले स्लाइड वा चार्ट प्रदर्शन गरी शिरबिन्दु र चन्द्रबिन्दु प्रयोग भएका शब्द टिपोट गर्न लगाउनुहोस् । टिपोट गरिएका शब्द विद्यार्थीलाई भन्न लगाउनुहोस् र शिक्षकले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । जस्तै :

> 'भानुभक्त पुरस्कार' लगायतका दर्जनौँ पुरस्कार प्राप्त गरिसकेका छन् । उनलाई झन्डै दुई सय सङ्घसंस्थाले सम्मान तथा अभिनन्दनसमेत गरिसकेका छन् । वि. सं. २०७६ मा नेपाल राष्ट्र बैङ्कले जोशीको नाम र मुहार अङ्कित एक सय रुपियाँको सिक्का प्रकाशनमा ल्याएको छ । उनले 'लोक संस्कृति', 'नेपाली राष्ट्रिय मुद्राहरू' र 'कर्णाली लोक संस्कृति' नामक कृतिका लागि तीन पटक मदन पुरस्कार पाउन सफल भएका थिए ।

२. शैक्षणिक पाटीमा टिपोट गरिएका शब्दका बारेमा छलफल गर्नुहोस् । चन्द्रबिन्दु र शिरबिन्दु लागेका शब्दलाई अलग अलग तालिका राख्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै :

| चन्द्रबिन्दु | शिरबिन्दु |
|---|---|
| दर्जनौँ, रुपियाँ | संस्था, संस्कृति |

३. शब्दपत्ती प्रदर्शन गरी चन्द्रबिन्दु र शिरबिन्दु प्रयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

**शिक्षकका लागि सन्दर्भ सामग्री**

**चन्द्रबिन्दु र शिरबिन्दुको प्रयोग :**

**(अ) चन्द्रबिन्दुको प्रयोग :**

- **तद्भव र आगन्तु शब्द :** आँप, पाँच, आँगन, आँखा, घाँस, चाँद, फाँसी आदि ।
- **प्रथम पुरुषवाचक क्रियापद :** जाँदिनँ, गएँ, गइनँ,, थिएँ, भन्छौँ, लेख्यौँ, बस्दैनौँ आदि ।
- **स्वरान्त धातुमा :** 'दै/दा/दि' जोडिँदा : खाँदै, बनाउँदै, जाँदा, लेखाउँदा, खाँदिनन् आदि ।
- **द्विस्वरान्त धातुमा 'छ' र 'थ' आएमा :** आउँछ, पढाउँथ्यो, लेखाउँछन्, गाउँथे आदि ।

**(आ) शिरबिन्दुको प्रयोग :**

- **तत्सम शब्दमा 'य, र, ल, व, श, स, ष, ह, ज्ञ' वर्णभन्दा अगाडि पञ्चम वर्णका लागि शिरबिन्दु प्रयोग गरिन्छ,** जस्तै : संयोजन, संरचना, संलग्न, संवाद, अंश, संसार, संहार, संज्ञा आदि ।

४. यसै क्रममा जीवनी पाठबाट चन्द्रबिन्दु र शिरबिन्दु लागेर बनेका शब्द पहिचान गर्न लगाउनुहोस् र टोली नेतालाई प्रस्तुतिकरणको अवसर दिनुहोस् । अन्य समूहलाई सहजीकरण गर्न लगाउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

५. भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ७ मा दिइएको निर्देशानुसार समूहमा छलफल गरी सूची बनाउन लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

६. टोली नेतालाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य समूहलाई मिले नमिलेको ख्याल गरी सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।

७. भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ७ मा दिइएको निर्देशानुसार चन्द्रबिन्दु र शिरबिन्दुको उपयुक्त प्रयोग गरी अनुच्छेद पुनर्लेखन गर्न लगाउनुहोस् । छलफलसहित शिक्षकले शैक्षिणिक पाटीमा नमुना देखाई वर्णविन्यास मिलाउने तरिका स्पष्ट पार्नुहोस् ।

## विषयबोध र प्रस्तुति

१. परियोजना कार्यका बारेमा छलफल गराउनुहोस् । त्यसपछि विद्यार्थीले तयार पारी ल्याएका गीत सङ्गीतका क्षेत्रमा उल्लेख्य योगदान दिने एक जना व्यक्तिको जीवनी पालैपालो प्रस्तुतिकरण गर्ने अवसर दिनुहोस् ।

२. प्रस्तुतिका बारेमा विद्यार्थीलाई स्वतः स्फूर्त सुझाव दिन लगाउनुहोस् । विषयवस्तु प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

## जीवनी लेखन

१. जीवनीको संरचना र आदि, मध्य र अन्त्य भागबारे छलफल गराउनुहोस्, यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

२. जीवनी लेख्दा ध्यान दिनुपर्ने विषयवस्तुका बारेमा छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष समूह नेतालाई प्रस्तुत गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै :

- जीवनी लेख्न दिइएको व्यक्ति र सम्बन्धित बुँदाका बारेमा गहिरो मनन गर्नुपर्छ ।
- प्राप्त विवरणलाई क्रमिक व्यवस्थापन गरी तिनको क्रमशः विश्लेषण गर्दै जानुपर्छ ।
- जीवनीमा वास्तविक र पत्याउन सकिने कुराको मात्र चर्चा गर्नुपर्छ, बढाइचढाइ गर्ने काम गर्नुहुँदैन ।
- शङ्कास्पद कुरा र अतिकाल्पनिक प्रसङ्गको उल्लेख जीवनीमा हुनुहुँदैन ।
- भाषा सरल, मिठासपूर्ण, आलङ्कारिक र विश्लेषणात्मक हुनुपर्छ ।

३. शिक्षकले जीवनीको नमुना प्रस्तुत गरी छलफल चलाउनुहोस् । जस्तै :

### पर्वतारोही पासाङ ल्हामु शेर्पा

नेपालका अग्ला हिमशृङ्खलाको आरोहणलाई आफ्नो रुचिको क्षेत्र बनाउने विश्वमा कैयौँ साहसिक हिमाल आरोही जन्मेका छन् । तीमध्ये नेपाली माटोमा हुर्किएर विश्वकै मुकुट सगरमाथामा चम्किएकी पासाङ ल्हामु शेर्पाको नाम अग्र पङ्क्तिमा आउँछ । उनी सगरमाथा शिखरमा पाइला टेक्ने पहिलो नेपाली महिला हुन् ।

पासाङ ल्हामुशेर्पाको जन्म वि.सं. २०१८ साल मङ्सिर २५ गते सोलुखुम्बु जिल्लाको चौँरीखर्कमा भएको थियो ।

उनी माता आङ दाकी शेर्पा र पिता फुर्वा कितार शेर्पाको तेस्रो सन्तान हुन् । उनका पिता फुर्वा कितार शेर्पा पर्वतारोहण व्यवसायसँग सम्बद्ध थिए । उनले सानै उमेरमा पर्वतारोहणसँग सम्बन्धित ज्ञान घरमा नै पाइन् ।

पासाङ उच्च मनोबल भएकी नारी थिइन् । इच्छाशक्ति भएमा लक्ष्यमा पुग्न सकिन्छ भन्ने उनको विचार थियो । सानै उमेरदेखि पर्वतारोहणतर्फ उनको गहिरो अभिरुचि पनि थियो । यसै क्रममा उनले वि.सं. २०४४ सालमा मनाङको पिसाङ हिमाल र लाङटाङको याल्पिक हिमालको सफल आरोहण गरिन् । पर्वतारोहणकै सिलसिलामा उनी सगरमाथाको पहिलो शिविरसम्म पटक पटक पुगेकी थिइन् । यसै क्रममा वि.सं. २०४७ सालमा फ्रान्सेली पर्वतारोहण दलको नेतृत्वमा प्रथम पटक सगरमाथा आरोहणमा निस्किइन् तर पहिलो पटकको सगरमाथा शिखर चुम्ने प्रयास असफल भयो । उनले वि.सं. २०४८ सालमा आफ्नै नेतृत्वमा सगरमाथा शिखर आरोहरणको दोस्रो प्रयास गरिन् । मौसम एक्कासि प्रतिकूल बनेकाले दोस्रो प्रयास पनि असफल नै भयो । वि.सं. २०४९ सालमा तेस्रो प्रयासमा पनि मौसम अनुकूल भएन । उनी चौथो पटक सगरमाथा शिखरको यात्रामा निस्किइन् । वि.सं. २०५० साल वैशाख १० गते दिउँसो २ बजेर १५ मिनेटमा उनको पाइलाले सगरमाथाको शिखर चुम्यो ।

अन्ततः अदम्य साहस र दृढ सङ्कल्पकै कारण पासाङले इतिहास रचिन् । उनले रचेको इतिहासले नेपालीलाई गौरवको पाठ पढाएको छ । उनी मरेर अमर बनिन्, इतिहास बनिन् । उनी प्रेरणाकी मुहान बनेकी छिन् ।

४. सिर्जना र परियोजना खण्डको अभ्यास १ मा दिइएको निर्देशन र विवरणका आधारमा निर्देशित जीवनी लेखनको अभ्यास गराउनुहोस् ।

५. समूहकार्यपश्चात् प्रस्तुतिको अवसर दिनुहोस् । यस क्रममा विद्यार्थीलाई नै प्रस्तुतिको मूल्याङ्कन गर्न लगाउनुहोस् । अन्त्यमा शिक्षकले उनीहरूको लेखनको प्रशंसा गर्दै आवश्यक सुझावसहित पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

**दिइएका बुँदाका आधारमा जीवनी भन्न लगाउनुहोस् :**

| | |
|---|---|
| नाम | : अबाल ब्रह्मचारी षडानन्द |
| जन्म | : वि.सं. १८९२ मङ्सिर |
| जन्मस्थान | : दिङ्ला गढीगाउँ, भोजपुर |
| पिता | : लक्ष्मीनारायण |
| माता | : रुक्मिणीदेवी |
| शिक्षा | : संस्कृत व्याकरण, गीता, वेद, कर्मकाण्डको अध्ययन |
| योगदान | : वि.सं. १९३२ मा दिङ्लामा शिव मन्दिर र विद्यालय स्थापना गरेका |
| | : विद्यालयमा छात्रावास र पुस्तकालय बनाएका |
| | : सीता कुण्ड, पार्वती कुण्ड र हनुमान कुण्ड बनाएका |
| | : राम धारा र लक्ष्मण धारा निर्माण गरेका |
| | : धर्मशाला र पाटीपौवा बनाएका |
| | : मन्दिर र विद्यालय आउजाउ गर्न फराकिलो बाटो बनाएका |
| | : षडानन्द सीताराम गुठीको स्थापना गरेका |
| | : सतीप्रथा र दासप्रथा हटाउन तात्कालीन सरकारलाई सुझाव दिएका |
| | : दिङ्ला क्षेत्रमा सतीप्रथा अन्त्य गराएका |

मृत्यु : वि.सं. १९७३ जेठ, काठमाडौँ ।

# पाठ : ६

# पर्यावरण सन्तुलन

**विधा : रूपक (संवाद)** **कार्यघण्टा : ९**

## परिचय

'संवाद' सामाजिक, सांस्कृतिक तथा व्यावहारिक अभिव्यक्तिमा आधारित रूपक विधाअन्तर्गत पर्छ । प्रयोजन र परिवेशअनुसार भाषाको प्रयोग गर्न सिकाउने उद्देश्यले पर्यावरण सन्तुलन शीर्षकको संवाद यहाँ राखिएको हो । संवादको मुख्य उद्देश्य विद्यार्थीमा संवादात्मक अभिव्यक्तिको बोध क्षमतासहितको भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु हो । त्यसैले संवादात्मक पाठ सहजीकरण गराउँदा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा केन्द्रित भएर विद्यार्थीका विचार, भावना आदिलाई सङ्गठित रूपमा व्यक्त गर्न सिकाउनुपर्छ ।

'पर्यावरण सन्तुलन' संवाद सहजीकरणका क्रममा बोध क्षमता अभिवृद्धिका लागि सस्वर, द्रुत तथा मौन पठन, संरचना बोध, पाठगत सन्दर्भ र विषयवस्तु बोध आदि सिकाइका क्षेत्रमा ध्यान दिइएको छ । अभिव्यक्ति कौशल अभिवृद्धिका लागि प्रश्नोत्तर र विषयवस्तु बोध र प्रस्तुति, समीक्षात्मक लेखन, वर्णनात्मक अनुच्छेद लेखन, बुँदा टिपोट, स्वतन्त्र लेखन जस्ता सिकाइ क्षेत्रलाई समेटिएको छ । शिक्षकलाई सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्दै सहजीकरण क्रियाकलाप क्रियाकलापमुखी र रुचिकर बनाउन अभिप्रेरित गरिएको छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामै गरिएको छ । सिकाइ क्षेत्रअन्तर्गत पर्यावरण क्षेत्रमा आधारित छलफल, संवाद परिचय, संरचना पहिचान, सस्वर पठन, मौन पठन, सस्वर पठन र शुद्धोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, बोधात्मक प्रश्नोत्तर, शब्दभण्डारअन्तर्गत प्राविधिक तथा पारिभाषिक शब्द, श्रुतिलेखन, सङ्क्षिप्त उत्तर लेखन, चित्र वर्णन र प्रतिक्रिया, समीक्षात्मक उत्तर लेखन, अनुच्छेद लेखन, बुँदा टिपोट आदि अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र निष्कर्ष निकाल्ने भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत शब्दनिर्माणका समास प्रक्रिया र द्वित्व प्रक्रिया, शब्दमा पञ्चम वर्णको पहिचान र प्रयोगलाई कार्यमूलक बनाइएको छ । सुनाइ बोलाइका लागि पाठ्यपुस्तककै परिशिष्टको सुनाइ पाठ ६ मा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ । यस्तै सिर्जना परियोजना कार्यअन्तर्गत संवाद रचना र विभिन्न नाटक तथा संवादबाट संवादात्मक अंश खोजेर प्रस्तुत गर्नुपर्ने अभ्यास राखिएको छ । यसबाट यस पाठका अभ्यास व्यावहारिक, खोजमूलक बन्न पुगेका छन् । शिक्षक साथीले यसको अभ्यास गराउँदा अभ्यासमूलक र खोजमूलक रूपमै गर्नू वाञ्छनीय हुने छ ।

### दिन एक

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वरवाचन | गति, मात्रा, चिह्नको ख्याल गरेर शुद्धसँग सस्वरवाचन गर्न | • वातावरणसम्बन्धी चित्र<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• पाठ्यांशको स्लाइड वा चार्ट<br>• अनुच्छेद |
| शब्दार्थ र वाक्यमा प्रयोग | शब्दको अर्थ बताइ वाक्यमा प्रयोग गर्न | |
| संवादको संरचना र शैली पहिचान | संवादको संरचना पहिचानसम्बन्धी प्रश्नको उत्तर दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले चुट्किला, कविता वा उत्प्रेरक भनाइ सुनाएर ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि चुट्किला, कविता वा उत्प्रेरक भनाइ सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. सुन्दर वातावरण र प्रदूषित वातावरणसम्बन्धी विभिन्न चित्र भएका स्लाइड वा चार्ट प्रदर्शन गरी आजको विषयवस्तुबारे अनुमान गर्न लगाएर मस्तिष्क मन्थन गराउनुहोस् र पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## सस्वरवाचन र शब्दोच्चारण

१. पाठमा दिइएको चित्रका बारेमा विद्यार्थीलाई पालैपालो वर्णन गर्न लगाउनुहोस् । कृषि क्षेत्रमा आधारित छलफलका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

२. शिक्षकले विद्यार्थीलाई सस्वरवाचन क्रियाकलापका बारेमा छलफल गराउनुहोस् :

३. निर्दिष्ट संवादांशमा (पृष्ठ ५८ र ५९) स्मार्ट बोर्ड, प्रोजेक्टर, स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई हाउभाउसहित पालैपालो सस्वरवाचन गराउनुहोस् ।

४. सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका नयाँ शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

५. ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

६. बहुभाषी कक्षामा नेपालीभन्दा अन्य मातृभाषा भएका विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. ती शब्द प्रयोग भई बनेका वाक्य प्रदर्शन गरी अर्थ पहिचानसम्बन्धी छलफल गराउनुहोस् ।

३. शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

४. शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

५. शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । ती शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् ।

६. शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

जस्तै :

शब्द : अम्लीय

वाक्य रचना : वातावरण प्रदूषित भएर अम्लीय वर्षा हुँदा जीवजन्तु र वनस्पतिलाई क्षति हुन्छ ।

७. प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

८. विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## संरचना पहिचान

१. संवादको विधा परिचयका क्रममा छलफल गरिएका शैलीसम्बद्ध विषयवस्तु र स्लाइड वा चार्टमार्फत प्रदर्शन गरिएका अनुच्छेदका संरचनाका बारेमा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

२. संवादको शैली, आदि, मध्य र अन्त्यका विषयवस्तु पहिचान गर्न लगाउनुहोस् ।

३. बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ मा दिइएका संरचनासम्बद्ध प्रश्न सोधी संरचनाका बारेमा थप छलफल गराउनुहोस् । आवश्यक सहजीकरणसहित संवादको संरचना, पात्र, परिवेश, संवादमा प्रयुक्त वाक्य आदिका बारेमा स्पष्ट पारिदिनुहोस् ।

४. आज सिकेका मुख्य मुख्य विषयवस्तुबारे बताएर कक्षा समाप्त गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

१. दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(क) संवादमा कति जना पात्र छन् ?

(ख) सबैभन्दा लामो संवाद कसले बोलेको छ ?

## दिन दुई

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन | गति, यति, चिह्नको ख्याल गरी सस्वर पठन गर्न | ○ पाठ्यांशको स्लाइड /पाठ्यपुस्तक<br>● शब्दपत्ती<br>● अर्थपत्ती<br>● वाक्यपत्ती/स्लाइड<br>● प्रश्नोत्तरको तालिका/स्लाइड |
| शब्दार्थ र वाक्यमा प्रयोग | अर्थ पहिचान गर्न<br>वाक्यमा प्रयोग गर्न | |
| बोध प्रश्नोत्तर | बोध प्रश्नको उत्तर दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कक्षामा प्रवेशपछि एउटा गीत वा चुटकिलाबाट विद्यार्थीमा उत्सुकता जगाउनुहोस् ।

२. अगिल्लो दिन कक्षामा सिकेका विषयवस्तुका बारेमा छलफल गरेर विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## सस्वर पठन र शब्दोच्चारण

१. शिक्षकले विद्यार्थीलाई सस्वरवाचन क्रियाकलापबारे छलफल गराउनुहोस् ।

२. शिक्षकले पाठका केही संवाद नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् र विद्यार्थीलाई पनि त्यसैगरी वाचन गर्न प्रोत्साहित गर्नुहोस् ।

३. निर्दिष्ट संवादांश (पृष्ठ ६०, ६१, ६२) स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो हाउभाउसहित सस्वरवाचन गराउनुहोस् ।

४. सस्वरवाचनका क्रममा नयाँ लागेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । शिक्षकले पनि वाचकले स्पष्ट उच्चारण गर्न नसकेका शब्द सङ्कलन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

५. विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका नयाँ शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

६. ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

जस्तै : इन्टरनेट /इन्.टर्.नेट्/

व्यवस्थापन /व्य.वस्.था.पन्/

७. बहुभाषी कक्षामा नेपाली मातृभाषा नभएका विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

८. विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १ मा दिइएका शब्द स्लाइड वा चार्टमा प्रदर्शन गरेर पालैपालो उच्चारण गर्न लगाउनुहोस् । उच्चारण गर्न कठिनाइ हुने विद्यार्थीलाई पटक पटक उच्चारण गर्न प्रेरित गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. ती शब्द प्रयोग भई बनेका वाक्य प्रदर्शन गरी अर्थ पहिचानसम्बन्धी छलफल गराउनुहोस् ।

३. शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

४. शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

५. शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । ती शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् ।

६. शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

७. प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

वाक्यमा प्रयोग गर्नुहोस् : हरितगृह, वायुमण्डल, तापक्रम, पर्यावरणीय, रासायनिक

८. विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

१. पाठको पाठका कुनै दुई वा तीन संवादलाई स्लाइड वा चार्टमा तयार पारी प्रदर्शन गर्नुहोस् । प्रस्तुत संवादांश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

२. विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर भन्ने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् ।

३. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नहरूको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् । पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

जस्तै : (क) सूर्यको हानिकारक किरणलाई के भनिन्छ ?

(ख) हरितगृहभित्र किन न्यानो पन कायम रहन्छ ?

(ग) ओजन तह क्षयीकरणको कारक तत्त्व कुन ग्यास हो ?

हरेक समूहलाई कम्तीमा एक एकओटा प्रश्नको उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीले उत्तर दिँदै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

### (ग) मूल्याङ्कन

**१. विद्यार्थीलाई पाठको संवाद अध्ययन गरेर कठिन लागेका शब्द रेखाङ्कन गरी ल्याउन लगाउनुहोस् ।**

**२. तलका प्रश्नको उत्तर दिन लगाउनुहोस् :**

(क) पर्यावरण विनाशका मुख्य कारण के हुन् ?

(ख) विका निर्माण र पर्यावरण सन्तुलनलाई कसरी सँगै लैजान सकिन्छ ?

## दिन तीन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| शब्दार्थ | शब्दको अर्थ बताएर जोडा मिलाउन | • शब्दार्थपत्ती<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• श्रुतिसमभिन्नार्थी शब्दपत्ती |
| पारिभाषिक तथा प्राविधिक शब्द | पारिभाषिक तथा प्राविधिक शब्द पहिचान गर्न | |
| वाक्यमा प्रयोग | शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| श्रुतिसमभिन्नार्थी शब्द | श्रुतिसमभिन्नार्थी शब्द पहिचान गर्न र तिनको अर्थ लेख्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई गाउँखाने कथा वा छोटो संवाद सुनाउने अवसर दिनुहोस् । आवश्यक उत्प्रेरणा दिई अगिल्लो दिनको पाठ्यवस्तुको सारबारे छोटो छलफल गराउनुहोस् ।

२. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठबाट अर्थबोध नभएका नयाँ शब्द टिपोट गरे नगरेको वा गृहकार्यका रूपमा अगिल्लो दिन दिइएको काम सम्पन्न भए नभएका बारेमा छलफल गराउनुहोस् । विद्यार्थीबाट टिपोट गरेका शब्द भन्न लगाई नदोहोरिने गरी शैक्षणिक पाटीमा लेखिदिनुहोस् ।

२. लेखिएका शब्दका अर्थ बताउन विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् । उनीहरूले भनेका अर्थ शैक्षणिक पाटीमा लेख्दै जानुहोस् । त्यसरी लेखेको अर्थ सही भए वा नभएको स्पष्ट गरिदिनुहोस् ।

३. विद्यार्थीबाट अर्थ नआएका शब्दका लागि शैक्षणिक सामग्री प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

४. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन लगाउनुहोस् ।

५. समूहमा छलफल गरी विद्यार्थीलाई नै शब्द र अर्थ मिले नमिलेको यकिन गरी मूल्याङ्कन गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरी सबैभन्दा धेरै शब्दअर्थ जोडा मिलाउने विद्यार्थीलाई ताली बजाएर स्याबासी दिनुहोस् ।

जस्तै :

| शब्द | अर्थ |
|---|---|
| वायुमण्डल | पृथ्वीको चारैतिर रहेको हावाको आवरण |
| ओजोन तह | सूर्यको पराबैजनी किरणलाई छेकेर पृथ्वीसम्म आइपुग्न नदिने वायुमण्डल |
| अतिवृष्टि | चाहिनेभन्दा बढी मात्रामा पानी पर्नु |
| पराबैजनी किरण | सूर्यको प्रकाशमा हुने हासनकारक विकिरण |
| क्लोरोफ्लोरो कार्बन | ओजोन तह क्षयीकरण गर्ने एक किसिमको ग्यास |
| नर्सरी | बिरुवा हुर्काउने ठाउँ |

६. शब्दार्थ सिक्षण सकिएपछि तिनै शब्द वा त्यस्तै अन्य शब्द दिई एक एकओटा वाक्य निर्माण गर्न लगाउनुहोस् । समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै :

जस्तै :

शब्द : ऊर्जा

वाक्य रचना : हामीले सौर्य ऊर्जाको प्रयोग गर्न सकेका छैनौँ ।

७. समूह कार्य सम्पन्न भएपछि विभिन्न समूहलाई प्रस्तुतिकरण गर्न लगाई बाँकी विद्यार्थीलाई मूल्याङ्कनका लागि प्रोत्साहित गर्नुहोस् । अन्त्यमा समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## प्राविधिक तथा पारिभाषिक शब्द

१. पारिभाषिक र प्राविधिक शब्दका बारेमा समूहमा छलफल गराई यस्ता शब्दबारे धारणा स्पष्ट पारिदिनुहोस् ।

जस्तै : कानुन, प्रशासन, वाणिज्य, विज्ञान, प्रविधि, वन, शिक्षा, साहित्य, सञ्चार आदि क्षेत्रमा प्रयोग हुने शब्द नै पारिभाषिक र प्राविधिक शब्द हुन् ।

२. विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

३. शिक्षकले शब्दभण्डार खण्डको अभ्यास २ पढ्न र निर्देशानुसार दिइएका शब्दावलीलाई अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न छलफल गराउनुहोस् ।

४. शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

५. छलफलपश्चात् हरेक समूहलाई एक एक वाक्य निर्माण गर्न लगाउनुहोस् । टोली नेतालाई शब्द र अर्थ भन्ने र अर्को साथीलाई वाक्य भन्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरी पृष्ठपोषणसमेत दिनुहोस् ।

६. वाक्यमा प्रयोग गर्ने अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा आफूले तयार पारेको वाक्यपत्तीका माध्यमले थप स्पष्ट पारिदिनुहोस् ।

८. प्रत्येक समूहलाई शब्दभण्डारको अभ्यास ३ का आधारमा संवाद पाठमा प्रयोग भएका पर्यावरणसँग सम्बन्धित पाँचपाँचओटा शब्द पहिचान गर्न लगाउनुहोस् । ती शब्द समूहको कुनै सदस्यलाई भन्न लगाउनुहोस् । ती शब्दलाई आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् ।

९. त्यसैगरी शब्दभण्डार खण्डको अभ्यास ४ मा बताइएका आगन्तुक पारिभाषिक शब्द पाठबाट खोज्न उत्प्रेरित गर्नुहोस् । वाक्य रचनाका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । वाक्य रचनापश्चात् प्रस्तुतिकरण गर्ने अवसर प्रदान गर्नुहोस् । अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**शब्दभण्डार**

१. विद्यार्थी समूहलाई श्रुतिसमभिन्नार्थक शब्द र तिनका अर्थ र वाक्यमा प्रयोग गरिएको तालिका प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

(क) जाति : जात विशेष

जाती : असल

नेपालमा धेरै जात**जाति**का मानिस बसोबास गर्छन् ।

सानी बहिनी **जाती** छिन् ।

(ख) तीर : छेउ

तिर : तर्फ

म त खोलाको तीरबाट विद्यालयतिर लागेँ ।

२. पाठको शब्दभण्डार खण्डको अभ्यास ५ मा आधारित भई श्रुतिसमभिन्नार्थी शब्दलाई वाक्य रचना गर्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थी समूहलाई आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीले समूह कार्य गरिसकेपश्चात् परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. विद्यार्थी समूहलाई थप श्रुतिसमभिन्नार्थी शब्द दिई फरक अर्थ बताउन र वाक्यमा प्रयोग गर्न अभ्यास गराउनुहोस् र आफूले सहजीकरण गरिदिनुहोस् ।

जस्तैः

| | |
|---|---|
| खालि | खाली |
| यस | यश |
| जून | जुन |

५. विद्यार्थीले समूहकार्य समाप्त गरेपछि वाक्यपत्तीको प्रदर्शन गरेर थप छलफल गराउनुहोस् । आवश्यक पृष्ठपोषण दिई कक्षा समाप्त गर्नुहोस् ।

### (ग) मूल्याङ्कन

'पर्यावरण सन्तुलन' संवादबाट वातावरणका क्षेत्रमा प्रयोग हुने पाँचओटा पारिभाषिक तथा प्राविधिक शब्द टिपी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

## दिन चार

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| विषयवस्तुको बोध | विषयवस्तुको बोध गर्न | • तालिका/स्लाइड<br>• तालिका/स्लाइड<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• प्रश्नोत्तरपत्ती |
| मौन पठन र बोधात्मक प्रश्नोत्तर | मौन पठन गरी निर्दिष्ट प्रश्नको उत्तर दिन | |
| सस्वर पठन र बोधात्मक प्रश्नोत्तर | सस्वर पठन गरी निर्दिष्ट प्रश्नको उत्तर दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. कुनै सामाजिक विषयवस्तुमा आधारित कथन सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि यस किसिमका कथन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकिएका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।
३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## विषयवस्तुको बोध

१. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । पाठको बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ५ का प्रश्न स्लाइड वा चार्टका माध्यमले प्रदर्शन गर्नुहोस् र समूहमा छलफल गरी उत्तर पहिचान गर्न लगाउनुहोस् ।

२. अभ्यासमा दिइएका वाक्य कसले भनेका हुन् र ती वाक्य पाठमा कुन सन्दर्भमा आएका छन् ? भन्नेबारे समूहमा छलफल गराउनुहोस् र पाठमा ती वाक्य पत्ता लगाएर रेखाङ्कन गर्न लगाउनुहोस् । आफूले अवलोकन गरेर सहजीकरण गरिदिनुहोस् ।

३. प्रत्येक समूहका एक सदस्यलाई वाक्यका वक्ता र पाठको सन्दर्भबारे भन्न लगाउनुहोस् । अन्य समूहका साथीलाई ध्यानपूर्वक सुनेर मूल्याङ्कन गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## मौन पठन र बोधात्मक उत्तर लेखन

१. विद्यार्थीलाई बोधात्मक उत्तर लेखनका बारेमा छलफल गर्न लगाई छलफलको निष्कर्ष सुनाउने अवसर दिनुहोस् ।

२. बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ मा दिइएको अनुच्छेद प्रोजेक्टर वा स्लाइड वा अन्य विद्युतीय माध्यमबाट प्रदर्शन गर्नुहोस् र सबैलाई मौन पठन गर्न लगाउनुहोस् । सही तरिकाले मौन पठन गरे नगरेको अवलोकन गरी सहजीकरण गरिदिनुहोस् ।

३. अभ्यासमा दिइएका प्रश्न प्रदर्शन गर्नुहोस् । विद्यार्थी सङ्ख्याका आधारमा समूह बनाई टोली नेता छान्नुहोस् । ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् ।

४. छलफलपश्चात् प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थीले तयार पारेका उत्तर पढेर सबैलाई सुनाउन लगाउनुहोस् । उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुनै कुरा छन् भने भन्ने अवसर अन्य समूहका एक एक जनालाई दिनुहोस् ।

६. समूहले तयार पारेका अन्य प्रश्नका उत्तर साथीसँग कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

## सस्वर पठन र बोधात्मक प्रश्नोत्तर

१. विद्यार्थी सङ्ख्याका आधारमा विभिन्न समूह निर्माण गरी टोली नेता छान्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद हरेक समूहको कुनै एक सदस्य विद्यार्थीलाई सस्वरवाचन गर्न लगाउनुहोस् ।

३. विषयवस्तुको बोधसँग सम्बन्धित अभ्यास ६ को (क) मा दिइएका प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् ।

४. समूहले उत्तर लेखिसकेपछि टोली नेतालाई उत्तर भन्न लगाउनुहोस् र अन्य समूहलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

५. भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्वज्ञानका आधारमा गराउनुहोस् । भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप आठौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

## (ग) मूल्याङ्कन

१. दिइएका प्रश्नको उत्तर दिन लगाउनुहोस् :

(क) हरित गृह कसरी निर्माण गरिन्छ ?

(ख) ग्लोबल वार्मिङ भनेको के हो ?

**दिन पाँच**
**सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| विषयवस्तुको बोध र अनुच्छेद रचना | विषयवस्तुको बोध गरी अनुच्छेद रचना गर्न | • अनुच्छेदको नमुना<br>• समीक्षात्मक उत्तर लेखनको |

| | | |
|---|---|---|
| समीक्षात्मक लेखन | विषयवस्तुको बोध गरी समीक्षत्मक उत्तर लेख्न | ढाँचाबारे बुँदा<br>• समीक्षाका लागि बुँदाको सूची |

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै प्रेरक व्यक्तिको प्रेरणादायी भनाइ सुनाएर त्यस भनाइको चर्चा गरी रोचक जानकारीबाट विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## विषयवस्तु बोध र अनुच्छेद लेखन

१. विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ७ को प्रश्न पढ्न लगाउनुहोस् र दुई समूहलाई एउटा शीर्षक छुट्याइदिनुहोस् । यस खण्डको अभ्यास ७ का आधारमा ग्लोबल वार्मिङ र ऊर्जाको स्रोतसम्बन्धी अनुच्छेद लेखनका विषयमा विद्यार्थीको पूर्वज्ञानका आधारमा छलफल गराउनुहोस् ।

२. उनीहरूले पालैपालो भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र छलफल गराउनुहोस् । विद्यार्थीलाई संवाद पाठमा ती विषय शीर्षकसँग सम्बन्धित विषयवस्तु पहिचान गर्न लगाउनुहोस् ।

३. आफूले तयार पारेर ल्याएका ती विषयसम्बन्धी बुँदा स्लाइड वा चार्टमा प्रदर्शन गरेर पढ्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीका अनुभवलाई कक्षामा सुनाउने अवसर प्रदान गर्नुहोस् र आफूले प्रदर्शन गरेका बुँदा प्रदर्शनबाट हटाएर विद्यार्थीलाई आवश्यक समय दिएर अनुच्छेद लेख्न लगाउनुहोस् ।

४. विद्यार्थीले समूह कार्य गर्दा प्रत्येक समूहमा पुगी अवलोकन गर्दै सहजीकरण गर्नुहोस् ।

५. समूह कार्य सकिएपछि टोली नेता वा कुनै सदस्यलाई अनुच्छेद प्रस्तुत गर्न लगाएर अरू समूहलाई ध्यानपूर्वक सुन्न र आवश्यक सल्लाह दिन लगाउनुहोस् । प्रस्तुतिकरणको अन्त्यमा ताली बजाएर हौसला दिनुहोस् ।

६. प्रत्येक समूहको प्रस्तुति सकिएपछि आवश्यक सहजीकरण र पृष्ठपोष दिनुहोस् ।

## समीक्षात्मक उत्तर लेखन

१. विवेचनात्मक उत्तर लेखन ढाँचा तथा संरचनाबारे छलफल गर्नुहोस् ।

२. विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ का प्रश्नलाई समूहमा बाँड्नुहोस् ।

३. साथी साथी मिलेर पाठ पढी प्रश्नको उत्तर समेट्ने खालका बुँदा तयार गर्न लगाउनुहोस् । विद्यार्थीलाई आवश्यक सहयोग र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. विद्यार्थीले तयार पारेका बुँदा प्रस्तुत गर्न लगाउनुहोस् । तिनै बुँदालाई समेटेर मौखिक रूपमा लामो उत्तरको संरचना तयार पार्न सिकाउनुहोस् ।

५. प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको शिक्षकले तयार पारेको नमुना बुँदा प्रस्तुत गर्नुहोस् र समेटिनुपर्ने विषयवस्तुका बारेमा थप छलफल गराउनुहोस् । जस्तै :

| |
|---|
| प्रश्न : पर्यावरण सन्तुलन संवादमा पर्यावरण संरक्षणबारे कस्ता विचार व्यक्त गरिएको छ ? |

**बुँदाहरू**

- हाम्रो वरपर रहेको र हावाले ढाकेको सम्पूण स्थानलाई वातावरण भनिने
- भूगोलअनुसार पर्यावरण फरक फरक हुने
- स्वच्छ र सन्तुलित वातावरणले मानव जीवन, जीवजन्तु र वनस्पतिलाई स्वस्थ र सन्तुलित राख्ने
- मानवीय गतिविधिले पर्यावरणमा असन्तुलन हुने
- मानवीय क्रियाकलाप र विकास निर्माणका कारण हाम्रो पर्यावरणमा हावा, पानी, माटो प्रदूषित बन्दै गएको
- वायुमण्डल दूषित भएकाले विभिन्न प्राकृतिक प्रकोप देखा पर्न थालेका
- मानव, जीवजन्तु तथा वनस्पतिमा नकारात्मक असर देखिएको
- हरितगृह प्रभाव र ग्लोबल वार्मिङ जस्ता समस्यापनि वातावरणीय प्रभावकै कारण बढेका
- हाम्रो वातावरण जोगाउन मानवीय गतिविधि र विकास निर्माणका काम गर्दा विचार पुऱ्याउनु पर्ने
- प्राकृतिक स्रोत साधनको प्रयोग, संरक्षण र सन्तुलनमा मानवले ख्याल गरे हाम्रो पर्यावरण सदा सन्तुलित रहने ।

६. विद्यार्थीलाई लामो उत्तर लेख्न लगाउनुहोस् र विद्यार्थीले लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । पालैपालो विद्यार्थीले तयार पारेका उत्तर कक्षामा प्रस्तुतिकरण गर्न लगाउनुहोस् । अन्त्यमा आवश्यकतानुसार थपघट गर्न लगाई थप पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### (ग) मूल्याङ्कन

पर्यावरणीय असन्तुलन न्यूनीकरणका उपाय शीर्षकमा एक अनुच्छेद लेख्न लगाउनुहोस् ।

## दिन छ

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| विषयवस्तु बोध र प्रतिक्रिया | विषयवस्तु बोध गरी तार्किक प्रतिक्रिया दिन | • वातावरण पदूषणसम्बन्धी चित्रहरू<br>• संवादको नमुना |
| संवाद रचना | तोकिएका विषय शीर्षकमा संवाद रचना गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. कुनै कविता सुनाएर/प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## प्रतिक्रियात्मक प्रस्तुति

१. विद्यार्थीलाई समूहमा विभाजन गरी अभ्यास ९ को चित्र हेरेर ती चित्रमा देखिएका विषयवस्तु, वातावरणमा यस्ता गतिविधि र अवस्था देखिनुका कारण र समाधानका उपायबारे सामूहिक रूपमा छलफल गराउनुहोस् । छलफलमा प्रत्येक समूहबाट आएका विषयवस्तु शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

२. छलफलपछि चित्र वर्णन गर्ने तरिकाबारे छलफल गरी सिकाउनुहोस् ।

३. विद्यार्थी समूहलाई अभ्यास ९ को चित्र हेरी पालैपालो तर्कपूर्ण तरिकाले प्रतिक्रिया व्यक्त गर्न लगाउनुहोस् ।

४. एउटा समूहले प्रतिक्रियात्मक टिप्पणी र वर्णन गर्दा अन्य समूहलाई ध्यान दिएर सुन्न र मूल्याङ्कन गर्न लगाउनुहोस् । सबै समूहलाई क्रमैसँग चित्रबारे प्रतिक्रिया प्रस्तुत गर्न अवसर दिनुहोस् ।

५. प्रस्तुतिको क्रम सकिएपछि सामूहिक प्रस्तुतिमाथि प्रतिक्रिया दिन लगाउनुहोस् । आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् र थप पृष्ठपोषण दिनुहोस् ।

## संवाद रचना

१. विद्यार्थीलाई विभिन्न समूहमा वर्गीकरण गरी बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १० को प्रश्न पढ्न लगाउनुहोस । अभ्यासका आधारमा संवाद रचना गर्ने तरिका सिकाउनुहोस् । संवादमा समेटिनुपर्ने आवश्यक तŒवबारे छलफल गर्नुहोस् ।

२. संवादमा पात्र, परिवेश, पात्रका गतिविध, संवादका क्रममा हुने विषयवस्तुको क्रमबद्ध प्रस्तुति एवम् निष्कर्ष आदिबारे छलफल गराउनुहोस् र निष्कर्ष निकाल्नुहोस् ।

३. शिक्षकले तयार पारेर ल्याएको संवादको नमुना स्लाइड वा प्रोजेक्टर वा चार्टमा प्रदर्शन गरी सस्वरवाचन गर्न लगाउनुहोस् र यसबारे छलफल गराउनुहोस् ।

४. विद्यार्थी समूहलाई अभ्यास १० मा दिइएको खेलकुदको महŒवसम्बन्धी शीर्षकमा संवाद लेख्न लगाउनुहोस् । समूहमा संवाद रचना गर्न, चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् ।

५. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

६. प्रत्येक समूहबाट रचना भएका संवाद कक्षामा हाउभाउसहित समूह समूहबाट प्रस्तुत गर्न लगाउनुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

१. वातावरण सन्तुलन किन आवश्यक छ, कुनै पाँचओटा तर्क प्रस्तुत प्रस्तुत गर्न लगाउनुहोस् ।

## दिन सात

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | निष्कर्षसम्बन्धी भाषिक प्रकार्यलाई उपयुक्त भाषिक | |

| | | |
|---|---|---|
| | सञ्चारका साथ प्रस्तुत गर्न | • सुनाइ पाठको अडियो वा भिडियो |
| श्रुतिबोध | सुनेका विषयवस्तुबोध गरी त्यसका आधारमा उत्तर बताउन | |

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला वा उत्प्रेरणात्मक भनाइ प्रस्तुत गर्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफलसहित आजको कक्षाको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## भाषिक प्रकार्य

१. विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गरी टोली नेता छान्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको प्रश्न ११ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

२. विद्यार्थीलाई कुनै विषयवस्तुको बोध र निष्कर्षसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

३. शिक्षकले विभिन्न विषयवस्तु केन्द्रित रही भाषिक प्रकार्यको कुनै एक नमुना प्रस्तुत गर्नुहोस् र संवादात्मक अभिव्यक्ति प्रस्तुत गर्न लगाउनुहोस् । जस्तै :

(वीरबहादुर माझी र उर्गेनबिच विद्यालयको चहुरमा कुराकानी हुँदै छ ।)

वीरबहादुर : उर्गेन ! (सोचे जस्तो गर्दै) मलाई त कुन विषय पढौँ कुन विषय पढौँ दोधार भएको छ नि मित्र ।

उर्गेन : तिमीलाई अहिले कम्प्युटर र लेखामध्ये कुन विषय छानौ भनेर दोधार भए जस्तै मलाई पनि अस्तिसम्म त्यस्तै भएको थियो तर दाइले सल्लाह दिएपछि मैले त लेखा नै लिने विचार गरेँ नि ।

वीरबहादुर दाइले के सल्लाह दिनुभयो र त्यस्तो ?

उर्गेन : (खुसी हुँदै) कम्प्युटर त आफैँ घरमा पनि सिक्न सकिन्छ, कुनै इन्स्टिच्युटमा पनि सिक्न पाइन्छ । विद्यालयमा त लेखा पढ्यो भने पछि लेखा विषय लिएर पढ्न सजिलो हुन्छ रे ।

वीरबहादुर : आहो ! हो त है, म पनि किन दोधार भएको होला । अब लेखा नै लिएर पढ्छु । कम्प्युटर त घरमै चलाउँदा चलाउँदै सिक्न सकिहाल्छु नि ।

उर्गेन : हो त नि ।

वीरबहादुर : ल ल, हाम्रो वार्तालापबाट म पनि लेखा विषय लिएरै पढ्ने निष्कर्षमा पुगेँ । अब समय खेर फाल्दिनँ । (दुवै कक्षामा जान्छन् )

:

४. प्रस्तुत गरिएको प्रकार्य वा सन्दर्भका आधारमा त्यसमा रहेका खास सन्दर्भ, सहभागीको भूमिका, दोहोरो सञ्चार, भाषाशैली, शब्दभण्डार आदिको प्रयोगबारे पहिचानात्मक छलफल गराउनुहोस् ।

५. बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ मा दिइएको सन्दर्भ बुझेर विभिन्न शीर्षक दिनुहोस् र निर्दिष्ट प्रश्नको उत्तर हाउभाउसहित भन्न लगाउनुहोस् । जस्तै :

(क) घुम्न जाँदा कुन लुगा लगाऊँ भन्ने दोधार हुँदा

(ख) बिदाका दिन कुन ठाउँ घुम्न जाऊँ भन्ने दोधारमा

(ग) क्रिकेट खेलमा सहभागी होऔँ कि फुटबलमा भन्ने विषयमा अलमल पर्दा

६. विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

७. विद्यार्थीलाई स्वतन्त्र रूपमा वास्तविक जीवन तथा परिस्थितिअनुकूलका कामप्रतिको प्रतिबद्धतामा आधारित केही सन्दर्भ दिँदै भाषाको व्यावहारिक प्रयोग गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## श्रुतिबोध

१. विद्यार्थीलाई सुनाइ पाठका आधारमा छलफल गराई पालैपालो धारणा राख्ने अवसर दिनुहोस् ।

२. विद्यार्थीका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

३. शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी कुनै पाठ्य सामग्री सुनाउनुहोस् । सुनेका आधारमा विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् ।

४. सुनाइ पाठ ६ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकतानुसार (कम्तीमा दुई पटक) सुनाउनुहोस् ।

५. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न १ को अभ्यासमा आधारित भएर हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

६. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न २ समूहमा छलफल गराउनुहोस् । टोली नेतालाई वा अन्य सदस्यलाई पालैपालो हाम्रो भोलिवादी सोचबाट मुक्त हुने उपायबारे भन्न उत्प्रेरित गर्नुहोस् ।

७. विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

**१. सुनाइ पाठ ६ सुनी सोधिएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(क) बफे डिनर कहाँ थियो ?

(ख) अहिलेको नयाँ पिँढीलाई भोलिवादले कसरी प्रभाव पारेको छ ?

## दिन आठ

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| समस्त शब्दको पहिचान र प्रयोग | समस्त शब्द पहिचान गरी प्रयोग गर्न र विग्रहित शब्द समूहलाई समास गरी समस्त शब्द बनाउन | • समास प्रक्रियाबाट निर्मित शब्द सूची<br>• द्वित्व प्रक्रियाबाट निर्मित |
| द्वित्व शब्द | द्वित्व शब्दको पहिचान गरी प्रयोग गर्न | |

| | | |
|---|---|---|
| | र द्वित्व प्रक्रियाबाट शब्द निर्माण गर्न | शब्द सूची<br>• पञ्चम वर्ण लागेका शब्द सूची |
| पञ्चम वर्ण | पञ्चम वर्णको पहिचान गरी प्रयोग गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै शब्द खेल खेलाएर वा विद्यार्थीलाई गीत गाउन लगाई कक्षाको थालनी गर्नुहोस् ।

२. विद्यार्थीसँग अगिल्लो दिनको विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् र आजको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**समस्त शब्दको पहिचान र प्रयोग**

१. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास १ को अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् र रातो रङमा लेखिएका शब्दबारे छलफल गराउनुहोस् । ती शब्दको बनोट प्रक्रिया पहिचान गर्न लगाउनुहोस् ।

२. आफूले तयार पारेर ल्याएका समास र विग्रहका शब्द सूची प्रोजेक्टर वा स्लाइड वा चाटमा प्रदर्शन गरेर बनोट प्रक्रियाबारे छलफल गर्नुहोस् ।

जस्तै :

| **विग्रहित अवस्था** | | **समस्त शब्द** |
|---|---|---|
| घरको बाहिर | : | घरबाहिर |
| भानिज दाइ | : | भान्दाइ |
| लामो छ पुच्छर जसको | : | लामपुच्छे |
| चारले गुणिन गरिएको | : | चौगुना |

३. दुई वा दुईभन्दा बढी शब्द आपसमा जोडिएर बनेको एउटै शब्दलाई समस्तशब्द भनिने, यसरी शब्द बन्ने प्रक्रियालाई समास भनिने र छुट्टिएको अवस्थालाई विग्रह भनिने कुरा छलफलका माध्यमबाट स्पष्ट पारिदिनुहोस् ।

४. भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास १ को अनुच्छेदमा भएका शब्दको बनोट प्रक्रिया देखाउन विद्यार्थीलाई सामूहिक कार्य दिनुहोस् । आफूले विद्यार्थीको कार्य अवलोकन गरी सहजीकरण गरिदिनुहोस् ।

५. कार्य सकिएपछि टोली नेता वा कुनै विद्यार्थीलाई भन्न लगाउनुहोस् । प्रत्येक समूहको सही बनोटका लागि धन्यवाद दिनुहोस् ।

६. यसैगरी भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास २ र ३ मा दिइएका शब्दको बनोट प्रक्रिया देखाउन र समास गरेर समस्त शब्द बनाउन लगाउनुहोस् । समूह कार्य गर्दा प्रत्येक समूहमा पुगेर आवश्यक सहजीकरण गर्नुहोस् ।

७. यसैगरी भाषिक संरचना र वर्णविन्यासअन्तर्गत अभ्यास न. ४ अनुसार पाठबाट पाँच ओटा समस्त शब्द खोजेर उत्तरपुस्तिकामा सार्न लगाउनुहोस् । सबै समूहकार्य सकिएपछि प्रत्येक टोलीलाई पालैपालो प्रस्तुति गर्न लगाउनुहोस् । अन्य समूहलाई ध्यानपूर्वक सुनेर सुझाव दिन

प्रोत्साहित गर्नुहोस् । आफूले आवश्यक सहजीकरण गर्दै र पृष्ठपोषण दिनुहोस् ।

## द्वित्व प्रक्रियाबाट शब्द निर्माण

१. विद्यार्थीलाई द्वित्व प्रक्रियाबाट बनेका शब्दको सूची स्लाइड/शैक्षणिक पाटीको सहयोगमा प्रस्तुत गर्नुहोस् । जस्तै :

**तात्तातो, वरपर, तल्तल, भातसात, घरसर**

२. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरेर यस्ता शब्दको बनोट प्रक्रियाबारे छलफल गराउनुहोस् । समूहबाट आएका कुरा शैक्षणिक पाटीमा टिप्नुहोस् । शब्द पूर्ण रूपमा दोहोरिएर, आधा दोहोरिएर वा परिवर्तन भएर दोहोरिएर शब्द बन्ने प्रक्रियाका बारेमा थप स्पष्ट पारिदिनुहोस् ।

३. भाषिक संरचनाको अभ्यास ५ मा रहेका रातो अक्षरले लेखिएका शब्दलाई उत्तरपुस्तिकामा टिपोट गर्न र तिनको बनोट देखाउन लगाउनुहोस् ।

४. अभ्यास ५ मा दिइएका शब्दलाई छलफलबाट तिनको बनोट प्रक्रियाबारे छलफल गराएर स्पष्ट पारिदिनुहोस् ।

५. भाषिक संरचनाको अभ्यास ६ मा दिइएको अभ्यास पढ्न लगाई छलफल गराउनुहोस् । विभिन्न खाले द्वित्वबाट बनेका शब्द टिपोट गर्न विद्यार्थीलाई लगाउनुहोस् र समूहमा छलफल गरी अनुच्छेद तयार पार्न लगाउनुहोस् । आफूले आवश्यक सहजीकरण गर्नुहोस् ।

६. प्रत्येक समूहलाई प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## वर्णविन्यास पहिचान र प्रयोग

१. विद्यार्थीलाई पाँच समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई पूर्वज्ञानका आधारमा पञ्चम वर्णबारे धारणा व्यक्त गर्न लगाई छलफल गराउनुहोस् । आफूले तयार पारेर ल्याएका शब्द सूची प्रदर्शन गरेर पञ्चम वर्णबारे स्पष्ट पारिदिनुहोस् । जस्तै :

सङ्कल्प : क, ख, ग, घ सँग

सञ्चय : च, छ, ज, झ सँग

कण्ठ : ट, ठ, ड, ढ सँग

सन्देश : त, थ, द, ध सँग

सम्मान : प, फ, ब, भ सँग

संवाद : य, र, ल, व, श, ष, स सँग

२. पाठ्यपुस्तकको भाषिक संरचना तथा वर्णविन्यास समावेश गरिएको अभ्यास ७ आधारमा दिइएका अनुच्छेदबाट ङ, ञ, ण, न, म प्रयोग भएका शब्द खोज्न लगाउनुहोस् । उक्त शब्दलाई उत्तरपुस्तिकामा लेखी त्यस्तै अन्य दुई/दुई शब्द खोजी लेख्न लगाउनुहोस् ।

३. पर्यावरण सन्तुलन पाठबाट ङ, ञ, ण, न, म वर्ण लागेर बनेका दुई/दुईओटा शब्द खोज्न लगाउनुहोस् । यसरी खोजिएका शब्दबाट वाक्य निर्माण गर्न लगाउनुहोस् ।

४. विद्यार्थीले समूह कार्य गर्दा प्रत्येक समूहमा पुगेर आवश्यक सहजीकरण गरिदिनुहोस् ।

५. भाषिक संरचना तथा वर्णविन्यासको अभ्यास ८ मा दिइएका शब्दलाई श्रुतिलेखन गराउनुहोस् । श्रुतिलेखन सकिएपछि उत्तरपुस्तिका साटासाट गर्न लगाउनुहोस् र आफूले तयार पारेका शुद्ध शब्दको सूची प्रदर्शन गरी परीक्षण गर्न लगाउनुहोस् । गल्ती भएका शब्द पुनः लेख्न लगाउनुहोस् । आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् ।

५. विद्यार्थीलाई आउने दिन सञ्चालन गरिने परियोजना कार्यका लागि समूहगत रूपमा पुस्तकालयबाट नाटकको पुस्तक खोजी त्यसमा प्रस्तुत संवाद ल्याउन लगाउनुहोस् ।

**(ग) मूल्याङ्कन**

१. दिइएका शब्द वा शब्द समूहबाट समास भए विग्रह र विग्रह भए समास बनाउन लगाउनुहोस् ।
नौतले, दोबाटो, सानी आमा, गहुँ झैं गोरी

२. शुद्ध पारेर लेख्नुहोस् :
संचालन, संमान, सम्वेदना, सन्चय, संघर्ष

## दिन नौ

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| संवाद लेखन | दिइएको शीर्षकमा आधारित भई संवाद रचना गर्न | • संवादको नमुना<br>• लघुनाटक वा छोटो संवादात्मक भिडियो<br>• विभिन्न एकाङ्की वा नाटकका पुस्तक |
| नाटक वा संवाद सङ्कलन र प्रस्तुति | विभिन्न नाटक वा संवादमा प्रयुक्त पात्रका कथन हाउभाउसहित प्रस्तुत गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई मस्तिष्क मन्थनसम्बन्धी देहाय प्रकृतिका रोचक प्रश्नहरू सोधेर सिकाइप्रति अभिप्रेरित गर्नुहोस् :

(क) आमाको मामाको भान्जे ज्वाइँसँग तिम्रो के नाता पर्छ ? ( उत्तर : बाबा र छोरा)

(ख) म भन्दा जोडिने ऊ भन्दा नजोडिने के हो ? (उत्तर : ओठ)

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**संवाद लेखन**

१. विद्यार्थीलाई विभिन्न समूहमा वर्गीकरण गरी सिर्जना र परियोजना खण्डको अभ्यास १ को प्रश्न पढ्न लगाउनुहोस । अभ्यासका आधारमा संवाद रचना गर्ने तरिका सिकाउनुहोस् । संवादमा समेटिनुपर्ने आवश्यक तŒवबारे छलफल गर्नुहोस् ।

२. शिक्षकले तयार पारेर ल्याएको संवादको नमुना स्लाइड वा प्रोजेक्टर वा चार्टमा प्रदर्शन गरी सस्वरवाचन गर्न लगाउनुहोस् र यसबारे छलफल गराउनुहोस् ।

३.संवादमा पात्र, परिवेश, पात्रका कुराकानी र हाउभाउ आदिबारे छलफल गराउनुहोस् र निष्कर्ष निकाल्नुहोस् ।

४. विद्यार्थी समूहलाई अभ्यास १ मा दिइएको मानव जीवनका लागि पानीसम्बन्धी शीर्षकमा छलफल गराउनुहोस् र पानी र मानव जीवनबिचको सम्बन्धमा आएका विषयवस्तु टिपोट गर्दै जानुहोस् । विद्याथीलाई यसै विषयमा संवाद लेख्न लगाउनुहोस् । समूहमा संवाद रचना गर्न, चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् ।

५. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

६. प्रत्येक समूहबाट रचना भएका संवाद कक्षामा हाउभाउसहित समूह समूहबाट प्रस्तुत गर्न लगाउनुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**नाटक वा संवाद सङ्कलन र प्रस्तुति**

१. अगिल्लो दिन गरिएको छलफल र कार्य विभाजनअनुसार विद्यार्थीलाई आआफ्नो समूहमा राख्नुहोस् । हिजो खोज्न दिइएको विषयबारे छोटो छलफल गराउनुहोस् ।

२. विद्यार्थीले खोजेका नाटकका संवाद समूहका सदस्यमार्फत हाउभाउसहित प्रदर्शन गर्न लगाउनुहोस् । प्रत्येक समूहलाई नाटक प्रस्तुत गर्न निश्चित समय छुट्याउनुहोस् । प्रस्तुत भएका एकाङ्की र संवाद/नाटक आदिलाई अभिनयका साथ प्रस्तुत गर्दा अन्य समूहका साथीलाई ध्यानपूर्वक हेर्न, सुन्न र आवश्यक सुझाव दिन लगाउनुहोस् ।

३. विद्यार्थीकै एक समूहलाई मूल्याङ्कनको भूमिका निर्वाह गर्न लगाउनुहोस् ।

४. प्रत्येक समूहको प्रस्तुति सकिएपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

४. अभिनयमा पात्र परिचय भाषा शैली, तŒव, परिवेश, वातावरण कस्तो छ, विद्यार्थीलाई नै ख्याल गराउनुहोस् ।

५. मूल्याङ्कन गर्ने समूहबाट मूल्याङ्कन गराउनुहोस् । आफूले आवश्यक सहजीकरणका साथ पृष्ठपोषण दिएर कक्षा समाप्त गर्नुहोस् ।

**(ग) मूल्याङ्कन**

१. दुई जना विद्यार्थीलाई अगाडि बोलाएर ***मानव जीवनका लागि पानी*** शीर्षकमा संवाद गर्न लगाउनुहोस् ।

# पाठ : ७

# कालजित र अजङ्गको राक्षसको कथा

**विधा : कथा** **कार्यघण्टा : ११**

## परिचय

कथाकार मोतीलाल पराजुली (वि.सं. २०१३ - २०७८) द्वारा सङ्कलित 'कालजित र अजङ्गको राक्षसको कथा' लोक कथा हो । आख्यानात्मक लोक साहित्यअन्तर्गत यो लोक कथाले पनि ग्रामीण नेपाली लोक जनजीवनलाई सशक्त रूपमा प्रस्तुत गरेको छ । 'एकादेश ....' बाट प्रारम्भ गरी 'सुन्नेलाई सुनको माला..' भन्दै समापन गरिने नेपाली लोक कथाको वैशिष्ट्यता बोकेको यस प्रतिनिधिमूलक कथालाई सहजीकरण गराउँदा लोक साहित्यका विशेषताको उठान गर्नुहुने नै छ भन्ने अपेक्षा गरिएको छ ।

मौखिक परम्परा, कल्पनाको प्रबलता, सामाजिक मनोरञ्जन, सरलता, सरसता, नेपाली लोक कथाका विशेषता भएकाले लोक जीवनसँग सम्बन्धित विषयवस्तुलाई कथयिताको माध्यमबाट कथावस्तु, उद्देश्य, पात्र, संवाद, परिवेश आदि विषयलाई विभिन्न क्रियाकलापका माध्यमबाट प्रस्ट्याउने जमर्को गरिएको छ । कथनात्मक अभिव्यक्ति सिपको विकास गराउँदै सुनाइ, बोलाइ, पढाइ र लेखाइका माध्यमबाट क्रियाकलापमुखी बनाउनका लागि कथाकथन, कथाश्रवण, संरचना पहिचान, कथा निर्माण, सस्वर तथा मौन पठन, बोध, प्रश्नोत्तर, चरित्र चित्रण र पात्र तुलना, बुँदा टिपोट, व्याख्या, सारांश, घटना टिपोट तथा क्रम मिलान, कथासार, शब्दोच्चारण, अर्थ बोध र प्रयोग, श्रुतिलेखन र सिर्जनात्मक लेखन जस्ता क्रियाकलाप समेटिएको छ ।

विद्यार्थीमा विषयवस्तुको गुण र दोष केलाई समीक्षा गर्न सक्ने भाषिक सिप विकासका लागि भाषिक प्रकार्य, भाषातŒवअन्तर्गत कालका विभिन्न पक्ष तथा लोक साहित्यका सङ्कलन तथा लेखनका लागि उत्प्रेरित गर्ने, सिकाइ क्षेत्र निर्धारण गरी उत्सुकता जगाउने र ज्ञान आर्जन गराई दिगो सिकाइको चरण पार गर्दै मूल्याङ्कन गर्नुपर्ने कुरामा जोड दिइएको छ । विद्यार्थीको रुचि तथा कक्षा स्तर अनि पाठ्यक्रमको अपेक्षानुरूप निर्धारित कार्यघण्टाभित्र पाठाभ्यासलगायत सान्दर्भिक अभ्यास गराउनु हुने नै छ भन्ने अपेक्षा गरिएको छ ।

## पहिलो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| लोक जीवनमा आधारित विषयवस्तुमा छलफल | चित्र र सन्दर्भका आधारमा लोक जीवनसँग सम्बन्धित विषयवस्तुको अनुमान र छलफल गर्न | • घटनाबोधक चित्रहरू<br>• कथाकारको परिचय चार्ट<br>• अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• शुद्धोच्चारणपत्ती<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• शब्दकोश |
| सस्वर पठन तथा शब्दोच्चारण (अनुच्छेद १ - ६) | सस्वर पठन तथा शुद्ध उच्चारण गर्न | |
| पाठगत शब्दार्थ र प्रयोग | पाठगत शब्दार्थ र प्रयोग गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. कक्षाका विद्यार्थीलाई पाठ २ मा पढेको सामाजिक कथा 'स्वाद' को स्मरण गराउनुहोस् ।

२. आजको पाठ्यवस्तु लोक कथा, सस्वर पाठ गर्ने बारेमा सङ्क्षिप्त जानकारी दिई रोचक सन्दर्भको प्रेरक प्रस्तुतिको साथ विषयवस्तुमा प्रवेश गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### लोक जीवनमा आधारित विषयवस्तुमा छलफल

१. शिक्षकले परम्परादेखि लोक जीवनमा मौखिक रूपमा चलिआएका कथा वा दन्त्य कथाबारे छलफल चलाई आवश्यक जानकारी दिनुहोस् ।

२. लोक कथामा के कस्ता अनुमानित घटना हुन्छन्, छलफल गराउनुहोस् ।

३. विद्यार्थीलाई पाठ ७ मा दिइएको चित्रका बारेमा पालैपालो वर्णन गर्न उत्सुकता जगाउनुहोस् र लोक जीवनसँग सम्बन्धित विविध पक्षमा छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

#### सस्वर पठन तथा शब्दोच्चारण

१. कथा वाचनका लागि उत्प्रेरणा जगाउनुहोस् । कथा वाचन गर्दा गति, यति, हाउभाउ आदिमा सचेत हुनुपर्ने बारेमा पुनः स्मरण गराउनुहोस् ।

२. विद्यार्थीलाई पालैपालो कथा (अनुच्छेद १ देखि ६ सम्म) पठन गर्नका लागि अवसर प्रदान गर्नुहोस् । कथामा भएका संवादका लागि कथाकै पात्रले बोले झैँ अभिनयमूलक तरिकाले पठन गर्न लगाउनुहोस् ।

३. शिक्षक स्वयम्ले पनि नमुना वाचन गरी कथांश सुनाउनुहोस् ।

४. विद्यार्थीलाई द्रुत पठनाभ्यास पनि गराउनुहोस् र समय मापन गर्नुहोस् । द्रुत पठनमा सर्वप्रथम हुनेलाई पुरस्कृत गर्नुहोस् तथा सहभागी सबैको प्रशंसा गर्नुहोस् । पठन गर्दा शुद्धोच्चारणमा ध्यान दिन लगाउनुहोस् ।

केही शब्दको उच्चारण :

| शब्द | उच्चारण |
|---|---|
| खर्क | /खर्. क/ |
| भलादमी | /भ.लाद्.मि/ |
| थर्कनु | /थर्.क.नु/ |
| अविस्मरणीय | /अ.बिस्.म.र.नि.य/ |
| पोजिसन | /पो.जि.सन्/ |

५. विद्यार्थीले शब्दार्थ बोध गर्न चाहेका पाठगत शब्द शैक्षणिक पाटीमा टिपोट गरी विद्यार्थीलाई ती शब्द उच्चारण अभ्यास गराउनुहोस् ।

६. शिक्षकले शब्दोच्चारणका लागि कक्षामा शब्दपत्ती प्रस्तुत गरी अक्षर संरचनाका आधारमा उच्चारण गर्न सहजीकरण गर्नुहोस् ।

७. शिक्षकले वाचन गरेर वा रेकर्ड गरेको सामग्री सुनाउनुहोस् । विद्यार्थीलाई प्रस्ट बुझिने गरी सस्वरवाचन गर्नुपर्ने कुरामा सचेत गराउनुहोस् र वाचन गर्न दिनुहोस् ।

८. पठन गर्दा त्रुटि भए नभएको पहिचानका लागि अन्य विद्यार्थीलाई सोधी छलफल गराउनुहोस् ।

९. शुद्धोच्चारणमा असहज महसुस गरेको वा अशुद्ध उच्चारण भएको अवस्थामा सहजीकरण गरी पृष्ठपोषण दिनुहोस् । आवश्यक हौसलाका साथ प्रतिस्पर्धा गराउनुहोस् र सक्रियताका लागि स्याबासी दिनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

१. पाठ्य कथा मौन वाचन गर्न लगाउनुहोस् । अर्थ बोध गर्न तथा वाक्य निर्माणमा असहज लागेका शब्द टिपोट गर्न लगाउनुहोस् ।

२. विद्यार्थीले टिपोट गरेका शब्द, तिनका अर्थ र वाक्यमा प्रयोगबारे एकापसमा आवश्यक छलफल गराउनुहोस् ।

३. शब्दपत्ती, अर्थपत्ती र वाक्यपत्तीका सहायताले पाठ्य कथामा रहेका मावली, भतुवा, किमार्थ, निधो, वचनवाण, परमआयु, निन्याउरो, युक्ति, अनुनय, आँसी, बाउसो, पुरुषार्थ, प्रशंसा आदि शब्दको उच्चारण गर्न, अर्थ भन्न र तिनबाट सार्थक वाक्य निर्माण गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**शब्दार्थ :**

| शब्द | अर्थ |
|---|---|
| निधो | निश्चय, टुङ्गो, अन्तिम निर्णय |
| निन्याउरो | अँध्यारो अनुहार लगाएको, निदाउरो, झ्याउरो |
| युक्ति | जुक्ती, तौरतरिका, औचित्य, उपाय |
| अनुनय | अनुरोध, बिन्ती, फकाएर अनुकूल बनाउने प्रयास |
| बाउसो | कोदालो वा कोदाली |

**वाक्यमा प्रयोग**

निन्याउरो : बिरामी भएका वेला मानिसको अनुहार **निन्याउरो** देखिनु स्वाभाविकै हो ।

युक्ति : कुनै पनि असम्भव भनिएका काम पनि **युक्ति** लगाएमा गर्न सकिन्छ नै ।

४. . विद्यार्थीलाई मौन पठन गर्दा टिपिएका शब्दार्थ पत्ता लगाउन शब्दकोशको प्रयोगाभ्यासमा अभ्यस्त पार्नुहोस् । सक्रियताका लागि विद्यार्थीलाई स्याबासी दिनुहोस् ।

### (ग) मूल्याङ्कन

१ विद्यार्थीलाई पाठ्यकथाको अनुच्छेद एक सस्वरवाचन गर्न लगाउनुहोस् ।

२ दिइएका शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

निधो, आँसी, प्रशंसा

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन तथा शुद्धोच्चारण<br>अनुच्छेद ७ - १५) | सस्वर पठन तथा शुद्धोच्चारण गर्न | • अनुच्छेदपत्ती<br>• अडियो वा भिडियो<br>• शब्दोच्चारणपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती |
| पाठगत शब्दार्थ र प्रयोग | शब्दोच्चारण, शब्दार्थ र प्रयोग गर्न | |
| पाठगत बोध प्रश्नोत्तर | पाठगत बोध प्रश्नोत्तर | |

| | | |
|---|---|---|
| | (अति सङ्क्षिप्त उत्तर) | • वाक्यपत्ती<br>• शब्दकोश<br>• नमुना चार्ट |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. कक्षाका विद्यार्थीलाई अगिल्लो कक्षाको सस्वर कथालाई कसले द्रुत पठन गर्न सक्छ, एक मिनेट समय दिई प्रतिस्पर्धा गर्न उत्साहित पार्नुहोस् । उत्कृष्टलाई बधाई ज्ञापन गर्नुहोस् ।

२. शिक्षकले पाठ्य कथा हाउभाउका साथ नमुना वाचन गरी उत्साह जगाउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### सस्वर पठन तथा शुद्धोच्चारण

१. कथाको अनुच्छेद ७ देखि १५ सम्म प्रत्येक विद्यार्थीलाई कम्तीमा चार वा पाँच वाक्य गति, यति र हाउभाउ मिलाएर वाचन गर्न उत्प्ररित गर्नुहोस् ।

२. विद्यार्थीलाई पठन गर्दा नयाँ लागेका शब्द, अर्थ बोध नभएका तथा वाक्यमा प्रयोग गर्न नसकिने शब्द रेखाङ्कन गर्न वा टिपोट गर्न लगाउनुहोस् ।

३.. शिक्षकले प्रस्ट बुझिने गरी सस्वरवाचन गर्नुपर्ने कुरा बताइदिनुहोस् र पठन गर्न लगाउनुहोस् । वाचन गर्दा त्रुटि गरे नगरेको अन्य विद्यार्थीलाई पनि सोध्नुहोस् र उनीहरूको प्रतिक्रियाका सुनेर शब्दोच्चारणमा आवश्यक भए सहजीकरण पनि गरिदिनुहोस् ।

४. शिक्षकले पठन गरेर सबै विद्यार्थीलाई सुनाई उनीहरूलाई पनि अनुकरण गर्न लगाउनुहोस् । उनीहरूको सस्वरवाचन श्रवण गर्दै आवश्यक पृष्ठपोषण दिनुहोस् । आवश्यक हौसलाका साथ उनीहरूको सक्रियताका लागि स्याबासी प्रदान गर्नुहोस् ।

#### पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठ्य कथा मौन वाचन गरी उच्चारण गर्न र अर्थ बोध तथा प्रयोग गर्न कठिन लागेका वा उच्चारण गर्दा मिल्दैन कि भन्ने आशङ्का भएका र अन्य छुटेका शब्द टिपोट गर्न लगाउनुहोस् ।

२. शब्दपत्तीको सहायताले पाठ्य कथामा प्रयुक्त खर्क, बिछट्टै, भलादमी, उजाड, उल्लङ्घन, थर्कनु, सर्तबमोजिम, आदि शब्दको अर्थ र सान्दर्भिक प्रयोगका लागि छलफल गराई अभ्यास गराउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**केही शब्दका उच्चारण र अर्थ**

शब्द : खर्क — अर्थ : गाईवस्तु चराउने बाँझो जग्गा

शब्द : भलादमी — अर्थ : असल, सभ्य र प्रतिष्ठित मानिस

शब्द : थर्कनु — अर्थ : डराउनु, काँप्नु

**शब्द : खर्क — वाक्य – गोठाला खर्कमा गाईवस्तु चराउँदै गीत गाएर रमाइलो गर्छन् ।**

३. विद्यार्थीबाट शब्द सङ्कलन गर्नुहोस् र शैक्षणिक पाटीमा टिपोट गरिएका सबै शब्दको अर्थ विद्यार्थीलाई नै अनुमान गर्न लगाउनुहोस्, आवश्यकतानुसार छलफल गराई सन्दर्भपरक प्रयोग गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

४ शब्दार्थका लागि शब्दकोशको प्रयोगाभ्यास पनि गराउनुहोस् । शब्दकोशमा शब्द पत्ता लगाउन उत्साहित गर्नुहोस् निर्दिष्ट शब्दका अर्थ पत्ता लगाउने विद्यार्थीको प्रशंसा गर्नुहोस् ।

## पाठगत बोध प्रश्नोत्तर

१. पाठ्य कथाको निर्दिष्ट अनुच्छेद उद्धृत गरी प्रश्न निर्माण तथा उत्तरको खोजी गर्ने सिपबारे छलफल गराउनुहोस् । आफूले दिइएका अनुच्छेदबाट विद्यार्थीले के कस्ता प्रश्न निर्माण गरे र त्यसबाट कस्तो उत्तरको खोजी गरे त्यसबारेमा अवलोकन गर्नुहोस् । अपेक्षित प्रश्न निर्माण नभएमा वा उत्तर सन्तोषजनक नभएमा सबलीकरण गरिदिनुहोस् ।

**चौथो अनुच्छेदबाट बोधको नमुना प्रश्न र उत्तर**

**प्रश्न :** भलादमीले चौतारामा के भने ?

उत्तर : भलादमीले चैतारामा राक्षसबाट एकै पटक मर्नुभन्दा हरेक दिन एक एक जनाका दरले आहारा पुऱ्याइदिऔँ भने ।

**प्रश्न :** गाउँलेले राक्षसँग के कबोल गरे ?

उत्तर : गाउँलेले प्रत्येक दिन एक मान्छे र एक मुरी अन्न राक्षसलाई दिने कबोल गरे ।

२. पाठ्यकथामा रहेको बोध र अभिव्यक्ति खण्डको प्रश्न ४ को बोध प्रश्नको अनुच्छेद र त्यसमा दिइएका प्रश्नलाई मौन पठन गर्न लगाई प्रश्न निर्माण गर्न तथा बोध प्रश्नोत्तरका लागि छलफल गराउनुहोस् ।

३. बोध प्रश्नको उत्तर लेख्न लगाई लेखिएको उत्तर भन्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. पाठ्यपस्तकबाहिरबाट एक अनुच्छेद दिई समूहगत रूपमा पठन गर्न लगाउनुहोस् र प्रश्न सोध्नुहोस् । फरक फरक समूहबाट आएका उत्तरलाई तुलना गरेर उत्कृष्ट उत्तर लेख्ने समूहलाई बधाई कार्ड प्रदान गर्नुहोस् ।

५ बोध प्रश्नोत्तर गर्दा ध्यान दिनुपर्ने कुरालाई चार्ट वा स्लाइडबाट प्रस्ट पारिदिनुहोस् ।

### (ग) मूल्याङ्कन

१ दिइएका शब्दलाई उच्चारण गर्न लगाउनुहोस् :

ओदान, किमार्थ, पुरुषार्थ, अनुनय, भावी

२ दिइएका शब्दको अर्थ भन्न र वाक्य निर्माण गर्न लगाउनुहोस् :

किमार्थ, पुरुषार्थ, अनुनय, भावी, थर्कनु

## २. तेस्रो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| उखान | उखानको पहिचान र प्रयोग गर्न | • कथा संरचनाको नमुना चार्ट<br>• उखानपत्ती<br>• टुक्कापत्ती<br>• भिडियो/अडियो<br>• पदावलीको सूचीपत्ती |
| टुक्का | टुक्काको पहिचान र प्रयोग गर्न | |
| पदावली | पदावलीको पहिचान र प्रयोग गर्न | |

### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई उखान, टुक्का र पदावलीको प्रयोग भएको कुनै रोचक विषय वर्णन गर्दै कक्षामा कुतूहलको भाव सिर्जना गर्नुहोस् ।

२ कुनै विषय, आवाज वा कार्यको अनुकरणबारे छलफलका लागि उत्साह जगाई विद्यार्थीलाई पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### उखानको पहिचान र प्रयोग

१. उखानको पहिचान र प्रयोगबारे छलफल हुन लागेको सङ्केत गर्दै शिक्षकबाट सङ्कलित उखानप्रयुक्त अनुच्छेदलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. विद्यार्थीलाई उखान पहिचान गर्न प्रोत्साहित गर्नुहोस् । यस क्रममा उखान पहिचान गर्न सके नसकेको निर्क्योल गर्नुहोस् ।

३. विद्यार्थीले लोकजीवनमा प्रचलित उखान सुनेका वा बुझेका हुन सक्छन्, छलफल गराउनुहोस् ।

४. शिक्षकले विद्यार्थीबाट पनि उखान सङ्कलन गरी प्रस्तुत गर्नुहोस् ।

५. प्रत्येक विद्यार्थीलाई भिन्न भिन्न उखानका अर्थ भन्न तथा तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र आवश्यक परे सहजीकरण पनि गरिदिनुहोस् । उखान भन्न र वाक्यमा प्रयोग गर्न समूहगत प्रतिस्पर्धा गराई थप उत्प्रेरणा प्रदान गर्नुहोस् ।

सूत्रात्मक कथन वा आहान वा लोकोक्ति नै उखान हो भन्दै केही उखान र तिनको अर्थ बताइदिनुहोस् ।

उखान : खाने मुखलाई जुँगाले छेक्दैन          अर्थ : काम गर्ने मान्छेलाई कुनै कुराले रोक्दैन ।

वाक्य : खाने मुखलाई जुँगाले छेक्दैन भनेझैँ घाम लागे पनि पानी परे पनि ऊ आफ्नो काम सकेर मात्रै घर जाने गर्छ ।

| उखान : | अर्थ : |
|---|---|
| अचानाको पिर खुकुरीले जान्दैन । | भोग्नेलाई मात्र दुःख थाहा हुन्छ । |

| | |
|---|---|
| जसले मह काढ्छ, उसले हात चाट्छ । | परिश्रम गर्नेले फलको भोग गर्छ । |
| घाँटी हेरी हाड निल्नु | आफ्नो क्षमताअनुसार काम गर्नु |

६. विद्यार्थीले सङ्कलन गरेका उखान कक्षामा सुनाउन लगाउनुहोस् । सान्दर्भिक प्रयोगाभ्यासका लागि छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् । जात जाति होच्याउने वा अन्य अश्लील लाग्ने उखानको प्रयोगलाई निरुत्साहन गर्नुहोस् ।

## टुक्काको पहिचान र प्रयोग

१ पाठ्य कथाबाट मौन पठन गर्दा टिपेका टुक्का विद्यार्थीबाट सङ्कलन गरी शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. विद्यार्थी विद्यार्थीबिच टुक्काको अर्थ छलफल गराउनुहोस् ।

'टाप कस्नु' भन्नाले भाग्नु भन्ने बुझिन्छ । यस्तै 'माया मार्नु' भन्नाले 'बिर्सनु' भन्ने हुन्छ । सातोपुत्लो जानु भनेको ज्यादै डराउनु हो । घुमाउरो अर्थ दिने वाक्यांश नै टुक्का हो ।

३. शब्दभण्डारमा रहेको अभ्यास ३ मा दिइएका टुक्काको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

४ शब्दपत्तीको सहायताले पाठ्यकथामा रहेका तथा अन्य टुक्काको सङ्कलन गर्न लगाई अर्थ पहिचान गर्न र तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । आवश्यकता परे पृष्ठपोषण गर्नुहोस् ।

| टुक्का | अर्थ | टुक्का | अर्थ |
|---|---|---|---|
| **आलु खानु**<br>**माटो खानु**<br>**मुख फोर्नु**<br>**घुँडा टेक्नु** | असफल हुनु<br>मर्नु<br>अगि सरेर बोल्नु<br>हार खानु | **थला पर्नु**<br>**कान ठाडो पार्नु**<br>**आगो हुनु**<br>**चन्द्रमा दाहिने हुनु** | बिरामी हुनु<br>ध्यान दिएर सुन्नु<br>रिसले चुर हुनु<br>पक्षमा हुनु |

**टुक्का प्रयुक्त वाक्यको नमुना :**

- कहिल्यै अध्ययन नगर्ने विद्यार्थीले परीक्षामा आलु नखाए अरू कसले खान्छ त !
- निकै रोगी भएर बसेका वृद्धले त हिजै माटो खाए रे नि !

५. शिक्षकले आफूले तयार पारेको टुक्का प्रस्तुत गरी प्रस्ट पारिदिनुहोस् । आवश्यक सहजीकरण गरी उत्कृष्ट विद्यार्थीलाई उपयुक्त अक्षराङ्क कार्ड वा स्याबासी प्रदान गर्नुहोस् ।

## पदावलीको पहिचान र तिनको प्रयोग

१. शिक्षक निर्मित र विद्यार्थीबाट प्राप्त पदावली प्रयुक्त स्लाइड वा चार्ट वा अडियोलाई प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई पदको श्रेणी वा पदबन्ध नै पदावली हो भन्ने स्मरण गराउँदै ती शब्द समूह पहिचान गर्न लगाउनुहोस् ।

२ विद्यार्थीलाई पदावलीको सूची निर्माण गर्न, तिनले जनाउने कार्यबिचको सम्बन्ध प्रस्ट्याउन र वाक्य निर्माण गर्न लगाउनुहोस् र आवश्यक परे सहजीकरण गरिदिनुहोस् ।

| |
|---|
| पदावली : गाउँमा बस्नु, घाँसदाउरा गर्नु, उकालीओराली गर्नु, नियम बसाल्नु, चकित पार्नु, सहर पस्नु, भारी बोकेर जीवन धान्नु, बाटो खन्नु, घर व्यवहार चलाउनु, मोबाइलमा झुम्मिनु आदि । |

२. पदावलीको सान्दर्भिक प्रयोग गर्न सकिन्छ भन्ने दृष्टान्त पाठ्य कथा पठन गर्दा नै सचेष्ट गराउनुहोस् ।

३. सुरुमा आफूले केही पदावली सुनाउनुहोस् र समूहगत, बेन्चगत अथवा पालैपालो विद्यार्थीबाट तिनको अर्थ बोध लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

उदाहरण : गाउँमा मानिस के गर्छन् ? उत्तर : उकालीओराली

४. विद्यार्थीलाई पदावलीको अर्थ खुल्ने गरी वाक्य बनाउन लगाउनुहोस् । शिक्षकले सङ्कलन गरेर ल्याएका पदावली तथा तिनको अर्थ पहिचान गर्न लगाई सबै विद्यार्थीलाई सान्दर्भिक प्रयोग गराउनुहोस् । सबलीकरणको आवश्यकता परेमा प्रदान गर्नुहोस् र आवश्यक पृष्ठपोषण पनि दिनुहोस् ।

५ उखान, टुक्का, पदावलीको प्रयोग गर्ने उत्कृष्ट विद्यार्थी तथा सक्रिय सहभागिता जनाउने विद्यार्थीको प्रशंसा गर्न नबिर्सनुहोस् ।

### (ग) शब्दभण्डार

**१. दिइएका उखान र टुक्काको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**

(क) घाँटी हेरी हाड निल्नु, बाँदरका हातमा नरिवल, नपत्याउने खोलाले बगाउँछ, अड्को पड्को तेलको धुप

(ख) आलु खानु, माटो खानु, मुख फोर्नु, नाक जानु, कुरा खानु

## चौथो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| घटना टिपोट तथा घटनाक्रम मिलान | घटना टिपोट तथा घटनाक्रम मिलान गर्न | • अनुच्छेदपत्ती<br>• घटना टिपोट चार्ट<br>• कथाको चार्ट<br>• बुँदाहरूको चार्ट वा स्लाइड |
| कथासार | कथा सार तयार गर्न | |
| कथा सन्देश | कथाको सन्देश दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. अगिल्लो कक्षामा उखान टुक्काको छलफल भएको र आजको पाठ्यवस्तु घटना टिपोट, कथासार र कथा सन्देशको विषय भएको जानकारी गराउनुहोस् ।

२. विद्यार्थीका आवश्यकताअनुसार समूह बनाई पाठ्य कथामा के के घटना घटेका छन्, अनुमान तथा छलफल गर्न उत्प्रेरित गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## घटना टिपोट तथा घटनाक्रम मिलान

१. विद्यार्थीको समूहलाई सम्भव भएसम्म बराबर पर्ने गरी पाठ्य कथाका अनुच्छेद बाँडिदिनुहोस् र मौन वाचन गर्दै प्रत्येक समूहलाई आआफूलाई परेको अनुच्छेदका मुख्य मुख्य घटना पहिचानका लागि छलफल गर्न लगाउनुहोस् ।

२. छलफलपश्चात् तयार गरेका घटना के के रहेछन्, शिक्षकले अवलोकन गर्नुहोस् र आवश्यक परे सहजीकरण गरिदिनुहोस् ।

३. मुख्य घटनाका बुँदा टिपोट गर्दा हुबहु सार्ने वा अनुलेखन गर्ने कार्य नगर्न नगराउन उत्प्रेरित गर्नुहोस् ।

४. टिपेका घटनालाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् कुनै बुँदा दोहोरियो व क्रम मिलेन भने सुधार्न लगाउनुहोस् ।

५ शिक्षकले आफूले तयार पारेको पाठ्य कथाको घटना बुँदालाई छ्यासमिस पारेर विद्यार्थीलाई एउटा एउटा गर्दै बाँड्नुहोस् । अझै रहेको छ पुन: क्रमश सबैलाई बाँड्नुहोस् अनि घटनालाई टिपोट गर्न लगाउनुहोस् ।

**घटना टिपोट**

- खेतीकिसानी गर्ने र गाईवस्तु पालेर दैनिकी चलाउँदै आएका किसानको एउटा सुन्दर गाउँ
- गाउँको नजिकै घना वनजङ्गल
- दशबाह्र जना महिला घाँसदाउरा लिन वनमा जाँदा अजङ्गको राक्षस आएर महिलालाई आक्रमण गर्नु
- गाउँलेले आक्रमण गर्दा एक एक जना मान्छे र एक मुरी अन्न पठाउने कबोल गर्नु
- आफ्नो पालो आएपछि एउटी महिलाले एक मुरी अन्न पिँढीमा राखेर माइत भागेकाले गाउँलेले राक्षसलाई आहारा दिने र घरमा नि बस्न दिने सर्तमा राख्नु
- ती महिलाले माइतमा छोरो पाएकाले नाम कालजित राख्नु तर सबैले हेपेकाले रोटी लिएर कालजित घर फर्कनु
- कालजितले राक्षसलाई भगवान्कहाँ भेट्न पठाउनु
- कालजितले राक्षसलाई मामा भनेकाले गाउँबाट ल्याई हरेक दिन रोटी दिनु
- कालजितले आँगनमा दाउरा ठिक पारी आँसी, बन्चरो, ओदान तताएर राक्षसलाई हानेकाले राक्षस मर्नु
- गाउँलेले कालजितको प्रशंसा गर्नु
- कालजित मामाघर गएर आमालाई ल्याई घरखेत सम्हालेर बस्नु
- व्यक्तिको बुद्धि र पुरुषार्थले सधैँका लागि शान्ति ल्याउन सफल हुनु

६ विद्यार्थीलाई कुन घटना पहिले भएको हो, पहिलो घटना पर्ने विद्यार्थीलाई पहिला भन्न लगाउनुहोस् । त्यसपछि दोस्रो पर्नेले, त्यसपछि तेस्रो पर्नेले । यसैगरी क्रमश: सबैले पालैपालो आफ्नो घटना बुँदा भन्दै टिप्दै घटना क्रम टिपोट गर्न लगाउनुहोस् । आवश्यक परे सहजीकरण गरिदिनुहोस् ।

७. शिक्षकले घटना टिपोट र घटनाक्रम मिलान भएको रुजु गरेर सबै समूहलाई क्रमश: मिलान गर्न लगाउनुहोस् र आवश्यक परे पृष्ठपोषण दिनुहोस् ।

## कथासार

१. शिक्षकले पाठ्य कथाबाट टिपिएका बुँदाका आधारमा कथाको सार के हो भनी छलफल गराउनुहोस् । कथाको सार खिच्न लगाउनुहोस् र आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

२. पाठ्य कथाको सार खिच्नका लागि विद्यार्थीलाई आदि, मध्य र अन्त्यका केही प्रश्न सोध्नुहोस् :

**प्रश्नहरू**

(क) जङ्गलमा कुन घटना घटेको थियो ? (ख) राक्षसले गाउँलेसँग कस्तो सर्त राख्यो ?

(ग) गाउँमा कसरी शान्ति आयो ?

३. कथाका मुख्य मुख्य बुँदा टिपोट गरी भन्न लगाउनुहोस् । आवश्यक बुँदा समेटिएका छन् छैनन् अवलोकन गरी सार लेख्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## सन्देश

१. पाठ्य कथाले के भन्न खोजेको हो, यस कथाले के सन्देश दिन्छ आदि जिज्ञासामूलक प्रश्न सोधी मस्तिष्कमन्थन गर्न लगाउनुहोस् ।

२. कथाको सन्देशका लागि केही बुँदा सोच्न लगाउनुहोस् अनि बुँदा टिपोट गर्न लगाउनुहोस् ।

बुँदाहरू

(क) सानो व्यक्तिको बुद्धि र पुरुषार्थले पनि गाउँमा शान्ति ल्याउन सक्नु

(ख) कथाले जुक्ति वा बुद्धि भन्ने कुरा कुनै पनि मान्छेमा हुन सक्ने अवस्था रहन्छ भन्ने सन्देश

(ग) भावीले लेखेको आयुलाई कसैले घटाउन वा बढाउन नसक्नु

(घ) बुद्धिमान् मानिसले जस्तोसुकै अवस्थामा पनि धैर्य धारण गरेर आफू र अरूलाई सुख दिन सक्नु

(ङ) बाहिरी आवरण तथा उसको उमेरले बुद्धि कति छ भनेर निर्धारण नगर्नु

(च) बलले होइन बुद्धिले यो संसार रचना गर्न वा जित्न सक्नु

(छ) सबैको भलो गर्ने व्यक्तिको सबैले गुणगान गर्नु

३. टिपोट गरिएका बुँदाका आधारमा कथाले प्रस्तुत गरेको सन्देशलाई अनुच्छेदमा लेख्न लगाउनुहोस् ।

४. कथाको सन्देशलाई विद्यार्थीबाट के कस्तो लेखिएको छ भन्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

१. विद्यार्थीलाई पाठ्य कथाको घटना क्रमैसँग बुँदागत रूपमा भन्न लगाउनुहोस् ।

२. पाठ्य कथाको सार बुँदामा भन्न लगाउनुहोस् ।

३. विद्यार्थीले सुनेका कुनै एउटा लोक कथाको घटना बुँदागत रूपमा भन्न लगाउनुहोस् ।

# पाँचौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| पात्रको चित्रण तथा तुलना र परिवेश वर्णन | पात्रको चित्रण, तथा तुलना र परिवेश वर्णन गर्न | • अनुच्छेदपत्ती<br>• पात्रहरूको सूची<br>• बुँदापत्ती |

| | | |
|---|---|---|
| सङ्क्षिप्त उत्तर | पाठगत बोध प्रश्नको सङ्क्षिप्त उत्तर दिन | • नमुना उत्तरहरूको चार्ट |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. कक्षाका विद्यार्थीलाई कुनै चुट्किला वा रोचक प्रसङ्ग भन्न लगाउनुहोस् अनि विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

२. कथामा के कस्ता पात्र छन् तिनको तुलना कसरी गर्न सकिन्छ भन्नेबारे विद्यार्थीमा जिज्ञासा जगाउनुहोस् र उनीहरूलाई आजको क्रियाकलापमा सहभागी हुन उत्सुक बनाउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**पात्रको चरित्र चित्रण तथा तुलना र परिवेश वर्णन**

१. कथामा प्रयुक्त पात्रको भूमिकाको चर्चा गर्दै पाठ्यविषयमा प्रवेश गर्नुहोस् । पात्रको परिचय, कथामा पात्रको भूमिका, उनीहरूको आर्थिक अवस्था, अन्य पात्रबिचको सम्बन्ध आदि बारेमा छलफल गराई पात्र पहिचान गर्न लगाउनुहोस् र तिनको विशेषताको चर्चा गर्न लगाई पृष्ठपोषण दिनुहोस् ।

२ कालजितको र राक्षसको अवस्था, व्यक्तिको बुद्धि र पुरुषार्थ आदिका बारेमा चर्चा गर्न लगाउनुहोस् र अन्य पात्रबिच पनि तुलना गर्न दिनुहोस् ।

३ शिक्षकले स्लाइड वा चार्टमा तयार पारेको पात्रले बोलेको कुरालाई कसले कसलाई भनेको भनी प्रश्नोत्तर कार्य गराउनुहोस् र पाठ्य कथाको पात्र परिचयसम्बन्धी सामग्री प्रदर्शन गरी स्पष्ट पारिदिनुहोस् ।

४. विद्यार्थीलाई पाठको घटना कुन कुन स्थानमा घटेका छन्, कुन समयतिर घटना घटेको होला, घटना घट्दा के कस्तो वातावरण सिर्जना भएको थियो आदि जिज्ञासा राख्दै विषयवस्तु छलफलप्रतिको रुचि जगाउनुहोस् ।

५. विद्यार्थीको छलफलबाट प्राप्त बुँदा र शिक्षकका तर्फबाट प्रस्तुत सङ्केतबोधक बुँदा प्रस्तुत गर्नुहोस् । समय अन्दाजको घटना विवरणका नमुना प्रस्तुत गर्न लगाउनुहोस् र विद्यार्थीलाई आवश्यकतानुसार सहजीकरण गरिदिनुहोस् ।

६ विद्यार्थीबाट प्राप्त परिवेशसम्बन्धी सूचना बारेमा छलफल गर्नुहोस् ।

> कथामा सुन्दर ग्रामीण जनजीवनको प्रस्तुति, गाईवस्तु चर्ने खर्कको दृश्य, गाउँमा राक्षसको प्रवेशले गाउँलाई कोलाहलमय बनाएको अवस्था देखाइएको छ । पिँढी, आगो फुकेको, आँसी, बाउसो, बन्चरो, ओदान जस्ता वस्तुको प्रयोगले परम्परागत गाउँले जनजीवनको परिवेश प्रस्तुत भएको छ । गाउँ र जङ्गलको दृश्य, गाउँको चौतारो, मावली गाउँ, भयत्रस्त वातावरणमा गाउँले बाँच्नुपरेको अवस्थाबाट एउटा सानो बालकको बुद्धिमत्तापूर्ण कार्यले गाउँलेमा शान्ति छाएको आदि परिवेश सिर्जना गरी कथा रोचक बनाइएको छ ।

७ कथामा दिउँसोको समय, घाँस दाउरा गर्न वन गएको, घरमा दोजिया एक्लै बसेकी, आदि विषयलाई स्लाइड वा चार्टमार्फत प्रस्तुत गरी परिवेश बोध गरउनुहोस् र आवश्यक पृष्ठपोषण गर्नुहोस् ।

**सङ्क्षिप्त उत्तर**

१. राक्षसले गाउँलेलाई के गरेर दुःख दिएको रहेछ, राक्षसलाई नमारेको भए गाउँमा कस्तो अवस्था आउँथ्यो होला, सानो व्यक्तिको बुद्धि र पुरुषार्थले गाउँमा कसरी शान्ति छायो, यो कथाबाट के सन्देश पाउनुभयो आदि प्रश्न दिई प्रश्नेत्तर क्रियाकलापप्रति उत्साह जगाउनुहोस् ।

२. विद्यार्थीलाई निर्दिष्ट प्रश्नको उत्तर बुँदागत रूपमा बोध गर्न लगाउनुहोस् । विद्यार्थीबाट बुँदा सङ्कलन गर्नुहोस् र अन्य अपुग बुँदा आफूले दिई उत्तर लेखनका लागि सबलीकरण गर्नुहोस् ।

३ पाठ्य कथांशबाट सङ्क्षिप्त उत्तरका लागि मुख्य मुख्य कुरा मनन गर्न लगाई छोटा प्रश्न सोधी उत्तर लेख्न लगाउनुहोस् र आवश्यक भए सहजीकरण गरी पृष्ठपोषण दिनुहोस्

४ कथाले हाम्रो समाजमा घटित घटनालाई र श्रुतिपरम्परालाई उठाएको सन्दर्भ जोडेर लेखिएको शीर्षक उपयुक्त छ कि छैन भन्ने प्रश्नको सङ्क्षिप्त उत्तरमा स्पष्ट पार्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनहोस् ।

५ कालजित कसरी गाउँको प्रमुख हुन पुग्यो चर्चा गर्नुहोस् भनी जिज्ञासा राखी विद्यार्थीलाई छलफल गराएर आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६ पाठ्य कथासँग सम्बन्धित अन्य प्रश्न विद्यार्थीलाई बनाउन दिनुहोस् र एकअर्कामा प्रश्न सोधी प्रश्नोत्तर कार्यक्रम सञ्चालन गर्नुहोस् । अवश्यक भएमा सहजीकरण गरिदिनुहोस् ।

### (ग) मूल्याङ्कन

१ विद्यार्थीलाई कालजितको चरित्रबारेमा बुँदामा भन्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई पाठ्य कथाका पात्र राक्षस र कालजितको तुलना गर्न लगाउनुहोस् ।

३. पाठ्यकथाको शीर्षक उपयुक्त छ कि छैन, कारण भन्न लगाउनुहोस् ।

## छैटौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बोध प्रश्नोत्तर | बोध प्रश्नको उत्तर दिन | बुँदापत्ती<br>अनुच्छेदपत्ती<br>व्याख्याको नमुना चार्ट |
| व्याख्या | व्याख्येय पङ्क्तिको व्याख्या गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई बोध अनुच्छेद पढी मुख्य आशय बोध गर्नका लागि उत्प्रेरित गर्नुहोस् र उद्धृतांशबाट के के प्रश्न बनाउन सकिन्छ होला भनी जिज्ञासा जगाउनुहोस् ।

२. 'काललाई जितेकाले कालजित भनिएको हो' भन्ने विषयलाई बढाएर चार पाँच वाक्यमा भन्न उत्प्रेरित गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### बोध प्रश्नोत्तर

१. बोधात्मक प्रश्नको छोटो तर पूर्ण उत्तर आउने गरी कसरी दिन सकिन्छ भन्ने विषयको छलफल गराई पाठ्यपुस्तकका र त्यसबाहेकका स्तरअनुकूलको पाठ्य सामग्रीको निर्दिष्ट अनुच्छेद पठन गर्न लगाउनुहोस् ।

२. पालैपालो विद्यार्थीलाई प्रश्न सोधी उत्कृष्ट उत्तर पहिचान गर्न लगाउनुहोस् । शिक्षक आफूले तयार गरेको उदाहरण वा सङ्कलित सामग्री प्रदर्शन गरी छलफल गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

३. पाठगत बोध अनुच्छेद दिई त्यससँग सम्बन्धित विभिन्न प्रश्न सोधी प्रश्नोत्तर शैलीमा छलफल चलाउनुहोस् र उत्तर पहिचान गर्न लगाउनुहोस् । आवश्यक सबलीकरण गर्नुहोस् तथा पृष्ठपोषण दिनुहोस् ।

४. बोध अनुच्छेद (प्रश्न ७) बाट भाषिक संरचना तथा वर्णविन्याससँग सम्बन्धित विभिन्न प्रश्न (भविष्यत् काल, अज्ञात पक्ष, ब र व को प्रयोग आदि प्रश्न सोधी प्रश्नोत्तर शैलीमा छलफल चलाउनुहोस् र पूर्व ज्ञान लिनुहोस् र विस्तृत जानकारी भाषिक संरचना तथा वर्णविन्यास खण्ड सहजीकरण गर्दा गराउनुहोस् ।

**व्याख्या**

१. पाठ्य कथाको व्याख्येय उद्धृतांश 'यो आयु भावीले जुन दिन जति ल्ख्यो, लेख्यो । त्यसलाई घटाउन पनि सकिँदैन, बढाउन पनि सकिँदैन' आशय मनन गर्न दिनुहोस् ।

२ सम्बद्ध अंशमा केन्द्रित रही व्याख्या गर्न उक्त अंशले के भन्न खोजेको हो, त्यससम्बन्धी बुँदा बनाउन लगाउनुहोस् ।

३ व्याख्या गर्दा आदि, मध्य र अन्त्य भागमा लेख्नुपर्ने विषयका बारेमा छलफल गरी लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

> मानिसले जति दिन आयु लिएर अएको हुन्छ, त्यति दिन भोगेर यस संसारबाट बिदा लिएर जानुपर्छ भन्दै राक्षसले असमयमा आफूलाई मार्न नसक्ने कुराबाट ऊ ढुक्क भएपछि कालजित राक्षसलाई मारी गाउँमा शान्ति सुव्यवस्थाको वातावरण सिर्जना गर्न सफल हुन्छ ।

४. व्याख्येय पङ्क्तिको मूल आशयलाई रबर तन्काए झैँ तन्काउनुपर्छ र अन्त्यमा निचोड दिनुपर्छ भन्ने आशय व्यक्त गर्दै सहजीकरण गरिदिनुहोस् ।

५ विद्यार्थीलाई बुँदा लेख्न लगाई सबैको फरक फरक बुँदालाई एकीकृत गरी आवश्यक बुँदा राखी दोहोरिएका र अनावश्यक बुँदा हटाई व्याख्येय पङ्क्तिको व्याख्या गर्न दिनुहोस् र आवश्यक कुरा स्पष्ट पारिदिनुहोस् ।

### (ग) मूल्याङ्कन

**१. दिइएको गद्यांशको आशय बुँदामा भन्न लगाउनुहोस् :**

यो आयु भावीले जुन दिन जति लेख्यो, लेख्यो । त्यसलाई घटाउन पनि सकिँदैन, बढाउन पनि सकिँदैन ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| तार्किक लेखन | तार्किक उत्तर दिन | • बुँदाहरूको पत्ती<br>• तार्किक उत्तरको नमुना चार्ट<br>• समीक्षात्मक उत्तरको चार्ट |
| समीक्षात्मक उत्तर लेखन | समीक्षात्मक उत्तर दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. फरक फरक अनुच्छेदबाट केही तर्कपरक प्रश्न तथा तिनका उत्तर अनुमान गर्न लगाई मस्तिष्कमन्थन गराउनुहोस् ।

२. पाठ्य कथांशको कुनै सन्दर्भ उद्धृत गरी समीक्षात्मक उत्तरका लागि मुख्य मुख्य कुरा भन्न जिज्ञासा जगाउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### तार्किक लेखन

१. कथाको पात्र कालजितले कस्तो अभिनय गरेको छ, भन्न लगाउनुहोस् । कथामा बाहेक कालजितको अन्य के भूमिका हुन सक्ला अनुमान गर्न लगाई विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

२. कुनै एक विषयमा धारणा निर्माण गर्न, आफ्ना विचारलाई तर्कयुक्त ढङ्गले प्रस्तुत गर्न र सहमति वा असहमतिमा कारणसहित भिन्न मत राख्न सक्ने क्षमता अभिवृद्धि गराउन फरक फरक बुँदा टिपोट गराई उत्तर छलफल गर्न लगाउनुहोस् । यसपछि मुख्य मुख्य बुँदाका आधारमा आवश्यक उत्तर भन्न लगाई लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

३ कम्तीमा चार पाँच जना विद्यार्थीलाई एउटै विचारप्रति फरक फरक तर्क प्रस्तुत गर्न लगाई तार्किक प्रश्नको उत्तर लेख्ने तरिकाबारे छलफल गर्न लगाउनुहोस् र शिक्षकले आफूले ल्याएको तार्किक उत्तरको नमुना टाँसेर संरचनाबारे छलफल गर्दै उत्तर लेख्न लगाउनुहोस् र समग्रमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४ विद्यार्थीलाई राक्षस वा कालजित भएको भए तपाईं के गर्नुहुन्थ्यो भनी प्रश्न सोधेर समूहगत रूपमा उत्तर पहिचान गर्न लगाउनुहोस् र छलफल गरी आवश्यक कुरा स्पष्ट पारिदिनुहोस् ।

### समीक्षात्मक लेखन

१. समीक्षात्मक उत्तरका लागि देहायका प्रश्न दिई उत्तर के हुन सक्छ भनी अनुमान गर्न लगाई मस्तिष्कमन्थन गराउनुहोस् ।

प्रश्नहरू

- पाठको विषयवस्तु कहाँबाट लिइएको हो ?
- यसको शीर्षकले विषयवस्तु समेटेको छ कि छैन ?
- पाठको मूल भाव र सन्देश के हो ?
- पाठमा कति पात्र छन्, तिनको स्वभाव कस्तो छ, संवाद कस्तो छ र परिवेश कहाँको छ ?
- पाठको भाषा कस्तो छ, पाठ पढेपछि मनमा कस्तो भावना उत्पन्न भयो ?

२. पाठ्य कथांशको कुनै सन्दर्भ उद्धृत गरी समीक्षात्मक उत्तरका लागि मुख्य मुख्य विषय टिपोट गर्न लगाउनुहोस् ।

३. पाठ्य कथाको अभ्यासमा रहेको समीक्षात्मक उत्तरका लागि दिइएको प्रश्नको उत्तरका बुँदाहरू टिपोट गराई उत्तर छलफल गराउनुहोस् ।

**समीक्षात्मक टिप्पणी लेख्ने तरिका**

- कथाकारको नाम तथा विधागत विशेषताको एक वा दुई वाक्यमा उठान गर्न सकिने
- सम्बन्धित प्रश्नले के आशयको खोजी गरेको छ त्यो प्रस्तुत गर्ने
- विभिन्न तर्क र उदाहरण प्रस्तुत गर्दै विषयको राम्रा नराम्रा पक्षको विश्लेषण गर्ने

प्रश्न : कालजितले कसरी गाउँमा शान्ति ल्याउन सफल भयो, समीक्षात्मक टिप्पणी गर्नुहोस् ।

**नमुना उत्तर**

**'कालजित र अजङ्गको राक्षसको कथा'** का सङ्कलक मोतीलाल पराजुली (वि.सं. २०१३ - २०७८) ले यस कथामा नेपाली ग्रामीण समाजको लोक जनजीवनको झल्को दिने गरी सरल तथा रोचक शैलीमा प्रस्तुति दिएका छन् । शान्त, सुन्दर गाउँमा राक्षसको प्रवेशले सिर्जना गरेको कोलाहलमय वातावरणबाट मुक्ति दिन

एउटा बालकले गरेको प्रयत्नको कथात्मक प्रयोग गरी पराजुलीले गाउँमा शान्ति ल्याएकाले बुद्धि र पुरुषार्थको परिणति शान्ति छाएको विशद् चर्चा गरेका छन् । ..... यसैगरी शिक्षकले विद्यार्थीलाई कम्तीमा तीन अनुच्छेदमा समीक्षात्मक टिप्पणी लेख्न उत्प्रेरित गर्नुहोस् ।

४. समीक्षाात्मक उत्तर लेखन गर्दा ध्यान दिनुपर्ने कुराका लागि शिक्षक निर्मित चार्ट वा स्लाइड प्रस्तुत गरी सहजीकरण गरिदिनुहोस् । यसपछि मुख्य मुख्य बुँदाका आधारमा आवश्यक उत्तर भन्न लगाई लेख्न लगाउनुहोस् र आवश्यकता अनुसार सहजीकरण गरिदिनुहोस् ।

५. विद्यार्थीलाई समूहगत रूपमा प्रश्नले मागेको उत्तर पहिचान गर्न लगाउनुहोस् । आवश्यक कुरा स्पष्ट पारिदिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. विद्यार्थीलाई कालजितको साहसिक कार्यलाई बुँदागत रूपमा भन्न लगाउनुहोस् ।

२. के कालजित गाउँमा शान्ति ल्याउन सफल भयो ? तर्क दिन लगाउनुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| समीक्षामा आधारित भाषिक प्रकार्य | समीक्षामा आधारित विषयमा वर्णन गर्न | • सुनाइ पाठ ७<br>• प्रश्नसूचीपत्ती<br>• काल र यसका पक्षको चार्ट<br>• अडियो |
| श्रुतिबोध | श्रुतिबोध (सुनाइ पाठ ७) का आधारमा मौखिक प्रश्नोत्तर गर्न | |
| कालको पहिचान र प्रयोग | कालको पहिचान र प्रयोग गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### सुरुआती क्रियाकलाप

१. कुनै एक निर्दिष्ट विषयको सबल र दुर्बल पक्षका बारेमा भन्ने अवसर प्रदान गर्नुहोस् र सबैलाई इच्छा जगाउन कुनै समय सान्दर्भिक विषयको समीक्षात्मक भनाइ प्रस्तुत गर्न समय दिनुहोस् । जस्तै : पुस्तकालयमा कुन विषयको अध्ययन गरेको हो, के के विषय रहेछ, त्यहाँ कति पात्र थिए, कसले कस्तो भूमिका खेलेका थिए आदि बारेमा प्रश्नोत्तर गरी छलफल अगाडि बढाउनुहोस् र समीक्षाका लागि सबल बनाई उत्सुकता जगाउनुहोस् ।

#### समीक्षामा आधारित भाषिक प्रकार्य

१. विद्यार्थीलाई कुनै पुस्तक पढेको भए पुस्तक कस्तो थियो, त्यहाँ के के रहेछ भन्ने जिज्ञासा जगाउँदै शिक्षकले नि पढेको पुस्तकको समीक्षात्मक टिप्पणी अभिनयमूलक तरिकाले सुनाउनुहोस् र विषय प्रवेश गर्नुहोस् ।

२. कुनै सान्दर्भिक विषयको उठान गरी त्यस्ता विषय वा कुराको गुण के छन्, दोष के के छन्, कुनै पक्षमा नलागी निष्पक्ष ढङ्गले विवेचन गर्दा कसरी गर्नुहुन्छ भन्ने जिज्ञासा राखी अभिनय गरी देखाउन प्रोत्साहित गर्नुहोस् ।

३ संवादमा एकले प्रश्न सोध्ने र अर्कोले उत्तर दिने गर्दै समीक्षात्मक सिपको विकास गराउन उत्प्रेरित गर्नुहोस् ।

दुई जना विद्यार्थीलाई संवादात्मक अभिव्यक्तिका लागि प्रश्न :

आफूले उठान गरेको विषयवस्तु कहाँबाट लिइएको हो, शीर्षक सार्थक छ कि छैन, मूल भाव के हो, परिवेश के छ, पात्र के कस्ता छन्, तिनको स्वभाव के छ, भाषा शैली कस्तो छ, आफूलाई उक्त विषय पढेपछि वा सुनेपछि मनमा कस्तो लाग्यो ?

४ भाषाको व्यावहारिक प्रयोगअन्तर्गत समीक्षात्मक भाषाको प्रयोगात्मक सिप विकासका लागि लेख वा पत्रिका पठन तथा विषयवस्तुको राम्रा नराम्रा पक्षको निष्पक्ष ढङ्गले अभिव्यक्त गर्न अभिनयमूलक समीक्षा गर्न लगाउनुहोस् । विद्यार्थीलाई भाषा शैली, सन्दर्भ, परिवेश आदिका बारेमा एकले प्रश्न गर्दै अर्कोले उत्तर दिन प्रोत्साहित गरी विभिन्न पक्षबाट विवेचन गराउनुहोस् र आफूले पनि सहजीकरण गरिदिनुहोस् ।

५. शिक्षकले विद्यार्थीलाई कुनै एक विषयको समीक्षा गर्दा कसरी भाषिक शिल्पको प्रयोगले सुन्दर शैलीमा गर्न सकिन्छ भन्ने दृष्टान्त पेस गरी थप विषयमा अभिनय गर्न लगाउनुहोस् र त्यसका लागि शिक्षकले अभिनयमा सबलीकरण गरी प्रस्ट पारिदिनुहोस् ।

## श्रुतिबोध

१. विद्यार्थीलाई रेडियो वा टिभी वा अन्य अडियो सामग्रीमा के के सुन्ने गरेका विषयमा जिज्ञासापरक प्रश्नहरू सोधी उनीहरूले सुनेका विषय सुनाउनका लागि उत्प्रेरित गर्नुहोस् ।

२ शिक्षकले पनि रेकर्ड गरेको सामग्री वा लिखित सामग्री सुनाउन लागेका विषयमा कौतूहल जगाउनुहोस् । इच्छुक विद्यार्थीलाई कुनै विषयमा केही बोल्न अवसर दिनुहोस् र साथीबाट भर्खरै सुनेका कुरा अर्को विद्यार्थीलाई सुनाउन लगाउनुहोस् ।

३ पाठ्यपुस्तकमा दिइएको सुनाइ पाठ ७ वा अन्य स्तरअनुकूल विषयको सामग्री गति, यति र हाउभाउसहित शिक्षकले वाचन गर्नुहोस् वा रेकर्ड सुनाउनुहोस् । सुनाइ  र बोलाइ खण्डमा दिइएका प्रश्नहरू ध्यानपूर्वक पढ्न, विषयवस्तु सुन्न तथा सुनाइ पाठमा आधारित भएर प्रश्नको संरचनाअनुसार उत्तर भन्न लगाउनुहोस् ।

४. पहिलो पटक श्रव्य सामग्री सुनाएपछि एकछिन समय दिएर प्रश्नहरूको उत्तर बोध गर्न लगाउनुहोस् र पुनः सुनाएर त्यसका आधारमा प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् र आवश्यक छलफल गर्नुहोस् र सहजीकरण गर्नुहोस् ।

५ ध्यानपूर्वक प्रश्न पढ्न, विषयवस्तु सुन्न तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न निर्देश गनुहोस् ।

६ सुरुमा आफूले सबै विद्यार्थीलाई वाचन गरी श्रवण अभ्यास गराउनुहोस् र समूहगत, बेन्चगत तथा युगल रूपमा पालैपालो मौखिक प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## कालको पहिचान र प्रयोग

१. फरक फरक विद्यार्थीका तीन समूलाई फरक फरक कालका क्रियापद लेखिएको शब्दपत्ती दिनुहोस् । विद्यार्थीको सङ्ख्याअनुसार घटबढ पनि गर्न सकिने छ । अब धातु रूपायक प्रत्यय अनि त्यसबाट बन्ने क्रियापदको काल बुझाउने रूप विद्यार्थीबाट बोल्न लगाउनुहोस् र यसले कुन कुन समय बुझाउँछ फरक देखाई कालबारे छलफल चलाउनुहोस् ।

२ चार्ट वा स्लाइड प्रयोग गरी धातुमा प्रत्यय योग भएपछि क्रियापद बन्छ जसले काल वा निश्चित समय बुझाउँछ भनी स्पष्ट पार्नुहोस् । कुनै कार्य वा घटना वा अवस्था बुझाउने क्रियाले कुनै कार्य भएको वा हुँदै गरेको वा हुने भन्ने विषयमा जानकारी लिने छन् ।

३. कथाबाट क्रियापद टिपोट गरी तिनले बुझाउने समयको पहिचान कसरी गर्न सकिन्छ भन्नेबारे छलफल गराई विद्यार्थीलाई पालैपालो वर्णन गर्न लगाउनुहोस् र कालका प्रकारको चिनारी र प्रयोग बारेमा छलफल चलाउनुहोस् ।

| उदाहरण | |
|---|---|
| रमाउ + थेँ = रमाउँथेँ : अभ्यस्त भूतकाल | वाक्य : सानो छँदा म मामाघर जाँदा खुब रमाउँथेँ । |
| पढ् + एछ = पढेछ : अज्ञात भूत | वाक्य : उसले कथा पो पढेछ । |
| चढ् + एको छ = चढेको छ : पूर्ण वर्तमान | वाक्य : उसले घोडा चढेको छ । |
| हाँस् + यो = हाँस्यो : सामान्य भूत | वाक्य : ऊ खेल देखेर खुसी भएर हाँस्यो । |
| **बज् + छ = बज्छ बज् + यो = बज्यो बज् + ने छ = बज्ने छ पढ् + आउ+ छ = पढाउँछ** | |

४. विद्यार्थीलाई विभिन्न कालका उदाहरण प्रस्तुत गर्न लगाई सबलीकरण गर्नुहोस् ।

५. विद्यार्थीलाई कुनै एक कथांश वाचन गर्न लगाएर त्यहाँबाट क्रियापद पहिचान गर्न लगाउनुहोस् । टिपेका क्रियापदका कालको पहिचान गर्न उत्प्रेरित गर्नुहोस् ।

६. फरक फरक धातुबाट रूपायक प्रत्यय छु, छौँ, यो, एँ, दै छ, एको छु, आदि प्रत्यय लगाई सामान्य, अपूर्ण र पूर्ण पक्षको क्रियापद पहिचान कसरी गर्न सकिन्छ भनी जिज्ञासा जगाई छलफल चलाउनुहोस् ।

| सामान्य | अपूर्ण | पूर्ण |
|---|---|---|
| पढ्छु, पढ्छौँ<br><br>पढ्ने छु, पढ्ने छौँ पढेँ, पढ्यौँ<br><br>(धातुमा छु, छौँ, ने छु, ने छौँ, एँ, यौँ .... आदि रूपायक प्रत्यय लागेको) | पढ्दै छु, पढ्दै छौँ<br><br>पढ्दै हुने छु, पढ्दै हुने छौँ<br><br>पढ्दै थिएँ, पढ्दै थियौँ<br><br>(धातुमा दै छु, दै छौँ, दै हुने छु ......आदि रूपायक प्रत्यय लागेको) | पढेको छु, पढेकी छु, पढेका छौँ<br><br>पढेको हुने छु, पढेकी हुने छु, पढेका हुने छौँ<br><br>पढेको थिएँ, पढेकी थिएँ, पढेका थियौँ<br><br>(धातुमा एको छु, एकी छु ...आदि रूपायक प्रत्यय लागेको) |

७ कालका तीनै पक्षका सामान्य, अपूर्ण र पूर्ण पक्षका उदाहरण प्रस्तुत गरी एक अर्का पक्षमा रूपान्तरण गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् । शिक्षक निर्मित सामग्रीबाट कालको पहिचान र प्रयोगका बारेमा प्रस्ट पारिदिनुहोस् ।

८ सङ्कलित क्रियापदहरूलाई प्रयोग गरी कुनै विषयको सान्दर्भिक प्रयोग तथा कुनै विषयको चार वा पाँच वाक्यमा वर्णन गर्न लगाउनुहोस् ।

९ हु, पढ, लेख्, गर् जस्ता सामान्य धातुमा प्रत्यय एको, एका, एकी लगाई छु, छौ, छेस्, हुने छु, हुने छौँ, हुने छस् आदि रूपायक प्रत्यय लगाउँदा पूर्ण पक्ष बन्ने र धातुमा तै वा दै लगाई धातुमा छु, छौँ, छस् आदि प्रत्यय लगाउँदा अपूर्ण पक्ष बन्ने कुरालाई उदाहरण दिई कालको पहिचान तथा प्रयोग गर्न दिनुहोस् ।

१०. क्रियापदले बुझाउने समयलाई काल भनिन्छ भन्दै यसका प्रकारको छलफल एवम् अन्य अभ्यास पनि विद्यार्थीलाई गराउनुहोस् ।

### (ग) मूल्याङ्कन

१. विद्यार्थीलाई दिइएका क्रियापदको काल र पक्ष पहिचान गर्न लगाउनुहोस् :

पढ्छ, पढ्ने छ, पढ्दै थियो, पढ्ने छ, पढेका हुने छौँ, पढेका थियौँ

२ 'म छमछमी नाच्छु ।' वाक्यलाई तीनै कालमा परिवर्तन गर्न लगाउनुहोस् ।

# नवौं दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| अज्ञात पक्षको पहिचान र प्रयोग | अज्ञात पक्षको पहिचान र प्रयोग गर्न | • शब्दपत्ती<br>• क्रियापदको शब्दसूची<br>• ब र व प्रयुक्त शब्दपत्ती<br>• शब्दकोश |
| अभ्यस्त पक्षको पहिचान र प्रयोग | अभ्यस्त पक्षको पहिचान र प्रयोग गर्न | |
| वर्णविन्यासको पहिचान र प्रयोग | वर्णविन्यासको पहिचान र प्रयोग : ब र व प्रयुक्त शब्दको पहिचान र प्रयोग गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले रोचक विषयको उठान गरी विषयवस्तुमा प्रवेश गर्न उत्साह जगाउनुहोस् ।

२ शिक्षकले अज्ञात भूतकालीन वाक्यकै प्रयोग गरी कुनै एक विषयको वर्णन गर्दै विद्यार्थीमा रुचि जगाउनुहोस् र शब्दमा प्रयुक्त ब र व को समेत प्रयोग कसरी भएको छ, सुनाउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### अज्ञात पक्षको पहिचान र प्रयोग

१. पढेछ, हाँसेछन्, जानुभएछ जस्ता क्रियापद कुन काल र पक्षका हुन् भन्ने विषयमा विद्यार्थीमा जिज्ञासा जगाउनुहोस् । धातुमा एँछु, एछौँ, इछस्, एछौ, नु भएछ, एछ, एछन् आदि रूपायक प्रत्यय लागेर बन्ने क्रियापदहरूले अज्ञात भूतकाल बुझाउँछ भन्ने स्मरण गराउँदै पाठ्य कथाबाट यस्ता शब्दको टिपोट गरी छलफल गराउनुहोस् ।

२. क्रियाको कालले भूतकालमा कुनै कार्यव्यापार घटित हुँदा वा नहुँदा थाहा नभएको र पछि मात्र थाहा भएको बुझाउने क्रिया नै अज्ञात भूतकालीन क्रिया हो । जस्तै :

| धातु | प्रत्यय | अज्ञात भूतकालीन क्रियापद |
|---|---|---|
| पढ् | एछ | पढेछ |
| बस् | इछ | बसिछ |
| गराउ | नुभएछ | गराउनुभएछ |
| रु | एछन् | रोएछन् |

३. विद्यार्थीलाई अभ्यस्त भूतकालमा रहेको गद्यांश दिई अज्ञात भूतकालमा परिवर्तन गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४ लिङ्ग, वचन, पुरुष र आदरअनुसार धातुमा लाग्ने अज्ञात भूतकालीन रूपायक प्रत्यय (एँछु, एछौँ, एछ आदि)का उदाहरणसहितको तालिका प्रस्तुत गरी छलफल गराउनुहोस् र आवश्यक शब्दपत्ती देखाउँदै अज्ञात पक्षको पहिचान र प्रयोग गराउनुहोस् ।

५. पढ्, बस्, उठ्, लेख् आदि धातु दिई ती धातुबाट बन्ने अज्ञात पक्षका क्रियापद प्रयोग गरी एउटा अनुच्छेद तयार पार्न लगाउनुहोस् ।

६ अज्ञात पक्षका भूतकालीन क्रियापद प्रयोग गर्न लगाउनुहोस् र उनीहरूकै साथीहरूलाई एकापसमा परीक्षण गर्न लगाउनुहोस् र आफूले पनि अवलोकन गरी पृष्ठपोषण दिनुहोस् ।.

## अभ्यस्त पक्षको पहिचान र प्रयोग

१. म पढ्थेँ, तँ बस्थिस्, तपाईं हँसाउनुहुन्थ्यो आदि वाक्यमा प्रयुक्त क्रियापदले कुन काल र पक्ष जनाउँछ भन्ने पहिचान गर्न छलफल चलाउनुहोस् ।

२. अभ्यस्त भूतकालीन क्रियाको धातुमा थैं, थ्यौं, थिस्, थ्यौ, नहुन्थ्यो, आदि रूपायक प्रत्यय लागेर बन्ने क्रियापले अज्ञातकाल भूतकाल बुझाउँछ भन्ने स्मरण गराउँदै पाठ्य कथाबाट यस्ता शब्दको टिपोट गर्न तथा छलफल गर्न लगाउनुहोस् ।

३. क्रियाको कालले भूतकालमा कुनै कार्यव्यापार घटित हुँदा वा नहुँदा बानीका रूपमा रहेको क्रियाको समय नै अभ्यस्त भूत हो भन्ने जानकारी गराउँदै शिक्षकले निर्मित तालिका प्रस्तुत गर्नुहोस् र छलफल गराउनुहोस् ।

| धातु | प्रत्यय | अज्ञात भूतकालीन क्रियापद |
|---|---|---|
| पढ् | थेँ | पढ्थेँ |
| बस् | थिस् | बस्थिस् |
| हँसाउ | नुहुन्थ्यो | हँसाउनुहुन्थ्यो |
| रु | थ्यो | रुन्थ्यो |

४. विद्यार्थीलाई कुनै एक कालमा रहेको गद्यांश दिई अभ्यस्त भूतकालमा परिवर्तन गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् । कर्ता र क्रियाको सङ्गति मिलेको छ कि छैन, अभ्यस्त भूतकालीन धातु र क्रियाको रूपायक प्रत्ययबिच मेल भएको छ वा छैन आदि कुराप्रति सजग गराउनुहोस् ।

५ पढ्, बस्, उठ्, लेख् आदि धातु दिई ती धातुबाट बन्ने अभ्यस्त पक्षका क्रियापद प्रयोग गरी एउटा अनुच्छेद तयार पार्न लगाई उनीहरूकै साथीलाई एकापसमा परीक्षण गर्न लगाउनुहोस् र आफूले पनि अवलोकन गरी पृष्ठपोषण दिनुहोस् ।

६. लिङ्ग, वचन, पुरुष, आदर र वचनअनुसार धातुमा लाग्ने अज्ञात भूतकालीन रूपायक प्रत्ययका उदाहरणसहितको स्लाइड वा चार्ट प्रस्तुत गरी छलफल गराएर शब्दपत्ती देखाउँदै अज्ञात पक्षको पहिचान र प्रयोग गराउनुहोस्  र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## वर्णविन्यास 'ब' र 'व' को पहिचान र प्रयोग

१. विद्यार्थीलाई 'ब' र 'व' स्वर वर्ण हुन् कि व्यञ्जन वर्ण हुन् भनेर प्रश्न सोधी दोस्रो चरणको क्रियाकलापलाई अगाडि बढाउनुहोस् ।

२. दुई ओठ जोडेर उच्चारण हुने ब अनि ओठ नजोडी उच्चारण हुने व को प्रयोग भएका शब्द पाठ्य कथामा प्रयोग भएका छन् कि छैनन् भनी प्रश्न सोधेर जिज्ञासा उत्पन्न गराउनुहोस् ।

३. विद्यार्थी स्वम्‌लाई 'ब' र 'व' प्रयोग भएका शब्द सम्झेर र पाठ्य कथाबाट ब र व प्रयुक्त शब्द मौन पठन गर्दै टिपोट गर्न लगाउनुहोस् ।

४. ब र व वर्ण कस्तो ठाउँमा प्रयोग हुँदो रहेछ भन्नेबारे छलफल गराउनुहोस् ।

| | |
|---|---|
| (क) वान्, त्व, वि, वती, तव्य, वीर, वर भएका तत्सम शब्दमा व प्रयोग हुन्छ : मूल्यवान्, रूपवान्, मातृत्व, भ्रातृत्व, विभक्ति, वियोग, विरोध, पुत्रवती, सौभाग्यवती, गन्तव्य, मन्तव्य, दयावीर, शूरवीर, कविवर आदि ।<br>(ख) ब नै उच्चारण हुने : बन्धु, निबन्ध, बढाइ, बधाई, बढाइँ, बाधा, बोधार्थ, बढुवा आदि ।<br>(ग) व उच्चारण हुने : वकिल, विश्व, बढावा, विधवा, वारि, वडा, वाक्क आदि ।<br>(घ) व लेखिने तर ब उच्चारण हुने : वन, वर, विद्या, विकार, वियोग आदि । | |
| उच्चार्य | लेख्य |
| /बन्/, /बाद्.द्य/, /बाहि.य/, /बा.यु/ | वन, वाद्य, बाह्य, वायु |

५. भाषिक संरचना तथा वर्णविन्यास खण्डका प्रश्न ९ र १० का अभ्यास समूहमा छलफल गर्न दिई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. विद्यार्थीलाई अभ्यस्त भूतकालीन क्रियापदको प्रयोग गरेर बाल्यकालका बानीको चार वाक्यमा वर्णन गर्न लगाउनुहोस् ।

२. तल दिइएका क्रियापद कुन काल र पक्षमा छन, पहिचान गर्न लगाउनुहोस् :

पढेछ, खान्थ्यो, आएछ, खेलेछन्, रुन्थी

३. शुद्ध गर्न लगाउनुहोस् : बकिल, बरपर, ब्यक्त, वदनाम, बर्णन

## दसौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| अनुकरणात्मक कथा लेखन | अनुकरणात्मक कथा लेखन गर्न | बुँदाहरूको सूची<br>नमुना कथाको स्लाइड वा चार्ट<br>लोक कथा सङ्ग्रह, |
| कथा लेखन प्रस्तुति | निर्दिष्ट बुँदामा आधारित भई कथा लेखन गरी प्रस्तुत गर्न | |
| सिर्जना र परियोजना | लोक कथा सङ्कलन तथा प्रस्तुत गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले कक्षाका विद्यार्थीलाई सहजीकरण क्रियाकलापबारे जानकारी दिनुहोस् ।

२. विद्यार्थीलाई लोक जनजीवनमा आधारित भई सङ्कलन गरिएका कथाको रोचक तरिकाले हाउभाउसहित कथात्मक प्रस्तुतिको नमुना प्रदर्शन गरी विषयवस्तुमा प्रवेश गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### अनुकरणात्मक कथा लेखन प्रस्तुति

१. कथा सुनाइ प्रस्तुतिको अवसर दिई कथामा हुनुपर्ने विषयका बारेमा जानकारी माग्नुहोस् र लोक कथा संरचनाको स्मरण गराउनुहोस् । शिशिर वसन्तको कथा, पञ्चतन्त्रका कथा वा अन्य लोक कथा के के सुन्नुभएको छ भनी प्रश्न गर्नुहोस् र विद्यार्थीले सुनेका कथा भन्न लगाई विषय प्रवेश गराउनुहोस् ।

२. अनुकरणात्मक कथा लेखन प्रस्तुतिका लागि उत्प्रेरित गर्नुहोस् र पाठ्य कथामा प्रयुक्त पात्र परिवर्तन गर्न लगाई कथा पुनर्लेखन कसरी गर्न सकिन्छ भनी छलफल गराउनुहोस् ।

३. विद्यार्थीबाट प्राप्त विचारको प्रस्तुतिपश्चात् सबलीकरण गरिदिनुहोस् र अनुकरणात्मक कथा लेखन गर्न दिनुहोस् ।

४ शिक्षकले विद्यार्थीलाई लोककथामा अनुच्छेदको विभाजन आदि छलफल गराई आदि भाग, मध्य र समापन खण्डमा के कसरी प्रस्तुत गरिन्छ भन्ने कुरा अनुकरणात्मक कथा लेखनका क्रममा सहजीकरण गरिदिनुहोस् ।

#### सिर्जना र परियोजना कार्य

१. कथाको आरम्भ, मध्य र अन्त्यका लागि भनिने विषयका बारे छलफलका लागि उत्प्रेरणा जगाउनुहोस् ।

२. समूहगत रूपमा चित्रका माध्यमबाट पनि कथा रचना गर्न लगाउनुहोस् । कुनै एक वाक्य एउटा विद्यार्थीलाई अर्को वाक्य अर्कोलाई गर्दै अनुमान गरी कथात्मक धारणा बनाउन लगाउनुहोस् ।

३. समूहमा विद्यार्थीले आफ्नो धारणा निर्माण गरेअनुसार प्रत्येकलाई चित्रका आधारमा कथा बनाउन लगाउनुहोस् र समूहबाट तयार भएका कथालाई समूह नेताबाट वाचन गर्न लगाउनुहोस् । आवश्यकताअनुसार चित्रका आधारमा कथा लेख्न सहजीकरण गर्नुहोस् ।

४. लोक कथा प्रस्तुत गर्दा अनुच्छेदको सम्बद्धतामा ध्यान दिन सके नसकेको पहिचान गर्नुहोस् र सबलीकरण गरिदिनुहोस् ।

५. सिर्जना परियोजना कार्यको अभ्यासमा दिइएको अभ्यास १ छलफल गराई आवश्यकतानुसार पृष्ठपोषण गर्नुहोस् ।

६. लोक जीवनसँग सम्बन्धित विषयवस्तुमा लेखिएका कथा वा अभिभावकबाट सुनाइएका कथा सङ्कलन गर्न र तिनका विषयवस्तु र सन्देश टिपोट गरेर आगामी कक्षामा ल्याउन लगाउनुहोस् ।

### (ग) मूल्याङ्कन

१ विद्यार्थीलाई उनीहरूले सुनेको कथालाई बुँदागत रूपमा भन्न लगाउनुहोस् ।

## एघारौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सिर्जना परियोजना कार्य | निर्दिष्ट बुँदामा आधारित कथा लेखन गर्न | बुँदापत्ती |

| | | |
|---|---|---|
| सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र लेखन | लोक जीवनसँग सम्बन्धित विषयवस्तुमा आधारित स्वतन्त्र लेखन गर्न | नमुना लोक कथाको चार्ट वा स्लाइड |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. कक्षाका विद्यार्थीलाई उनीहरूले सुनेका कथा भन्न लगाउँदै विषयवस्तुप्रति ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो कक्षामा दिइएको गृहकार्यअन्तर्गत लोक जीवनसँग सम्बन्धित विषयमा आधारित कथा सुन्दा कस्तो लाग्यो भन्ने विषयको उठान गर्दै अगिल्लो कक्षामा दिइएको परियोजना कार्य तथा आजको कथालेखनको विषयवस्तुबारे जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### सिर्जना र परियोजना कार्य

१. विद्यार्थीको लिङ्ग, भाषा, जातजाति, क्षेत्रमा विविधता हुने गरी विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् ।

२. विद्यार्थीबाट सुनिएका कथाको संरचना, विषयवस्तु, भाषाशैली, कथाका पात्रको भूमिका तथा लोक कथा रचना शिल्प अनि कथा लेखन गर्दा ध्यान दिनुपर्ने पक्षबारेमा विद्यार्थीलाई छलफल गराउनुहोस् ।

३ छलफलपश्चात् प्राप्त निचोड समूह नेतालाई भन्न अवसर प्रदान गर्नुहोस् ।

४. कथाको शीर्षक राख्न, कथाको आदि भाग, मध्य भाग र अन्त्य भागमा कुन कुन घटनालाई प्रस्तुत गर्ने, निर्दिष्ट बुँदालाई विस्तार कसरी गर्ने आदि बारेमा कथा छलफल गराई शिक्षकले आवश्यक भएमा थप सबलीकरण गरिदिनुहोस् ।

५. विद्यार्थीको तीनओटा समूह बनाई पहिलो समूहलाई कथाको आदि भाग, दोस्रो समूहलाई मध्य भाग र तेस्रो समूहलाई निष्कर्ष भाग दिई सिर्जना र परियोजना खण्डको अभ्यास १ मा दिइएका बुँदामा आधारित भई कथा लेख्न लगाउनुहोस् । यसका लागि आवश्यक समय दिनुहोस् ।

६. कथाको रचना गरिसकेपछि कथा वाचन गर्ने अवसर प्रदान गर्नुहोस् र शिक्षकले आफूले ल्याएको नमुना कथा प्रस्तुत गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

#### सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र लेखन

१. लोक कथा रचना सिपका लागि के गर्नुपर्ला भन्ने जिज्ञासा राखी लोक साहित्यिक विधाको लोक जीवनका विषयवस्तुमा आधारित स्वतन्त्र कथा लेखन कसरी गर्न सकिन्छ भन्ने विषयमा उत्प्रेरित गर्नुहोस् ।

२. विद्यार्थीबाट उनीहरूले देखेभोगेका घटनाबारेमा अनुकरण गरी लोक कथा भन्न रुचि जगाई कथा अनुमान वा कल्पना गर्न लगाउनुहोस् । समावेशी हुने गरी कथा भन्न समय दिनुहोस् र सहजीकरण गरिदिनुहोस् ।

३ पाठ्य कथाको विषयानुसार कुनै घटनामा आधारित भएर वा अनुमान वा कल्पना गर्न लगाएर त्यस्ता विषयको खोजी गर्ने सिपको प्रस्तुतिपछि त्यसको विषयवस्तु र सन्देशलाई कथात्मक प्रयोग गर्न लगाउनुहोस् र लोक कथा प्रस्तुतिको सक्षमताका लागि सबलीकरण गरिदिनुहोस् ।

४. पाठ्य कथाको कथात्मक शैलीको अध्ययन गरेपछि समस्याको पहिचान वा अनुमान गर्न लगाई पात्र चयन, संवादात्मक अभिव्यक्ति कौशल सिप, कथालेखनको उद्देश्य, कथा घटनाको वातावरण, कुन समयलाई सङ्केत गर्ने हो, कथाको शीर्षक के राख्ने हो आदि प्रश्न गर्दै तिनको उत्तरको खोजी गरेर कथा लेख्न लगाउनुहोस् ।

५. सबै विद्यार्थीलाई लोक कथा लेखन अभ्यास गराउनुहोस् र पालैपालो कथा लेखनाभ्यास गराई वाचन गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् । समूहगत प्रतिस्पर्धा गराई थप उत्प्रेरणा प्रदान गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

१. विद्यार्थीलाई कक्षामा सिकेका मुख्य मुख्य कुरा बुँदागत रूपमा भन्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई सुनेको वा पढेको कुनै एक लोक कथा बुँदागत रूपमा भन्न लगाउनुहोस् ।

## पाठ : ८ सारङ्गीमा देश

**विधा : कविता** **कार्यघण्टा : १०**

## परिचय

कवि धीरेन्द्र प्रेमर्षि (विसं. २०२३) द्वारा रचित **'सारङ्गीमा देश'** देशप्रेमको भावना अभिव्यक्त गर्ने उत्कृष्ट कविता हो । यस कवितालाई सहजीकरण गर्ने क्रममा देशको प्रकृति, संस्कृति, भूगोल आदि झल्काउने चित्र, देशभक्तिले भरिपूर्ण फुटकर कविता तथा गीत आदिका नमुना सङ्कलन गर्नुपर्छ । कविता पढाउनुको तात्पर्य यति, गति र लय मिलाएर कविता पाठ गर्न सिकाउनु पनि हो । त्यसैले विषयवस्तुको अनुमान, कल्पना, कविताको संरचना, शैली, छन्दोबद्ध तथा मुक्त कवितामा हुने गति, यति, लय, मात्रा र गणको सामान्य परिचय दिनुपर्छ ।

कविता सहजीकरण गर्दा उत्सुकता जगाउने उत्प्रेरणामूलक क्रियाकलापबाट सुरुआत गर्नुपर्छ । कविको अति सङ्क्षिप्त परिचय दिई देशभक्ति भावनाले ओतप्रोत भएको कविताले अभिव्यक्त गर्ने समाज, संस्कृति, प्रकृतिसम्बद्ध कविताका केही नमुना प्रस्तुत गर्नुपर्छ । कविता शिक्षणको प्रमुख उद्देश्य भाषिक सिप शिक्षण हो । तसर्थ पाठको सहजीकरण तथा सबलीकरणका क्रममा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइका सिप विकासमा केन्द्रित हुनुपर्छ । विद्यार्थीलाई विषयवस्तुको अनुमान तथा कल्पना, विषयवस्तुमा आधारित छलफल, प्रश्न निर्माण र श्रुति वर्णन जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ । लयबद्ध पठन, पाठ्य कविताको संरचना पहिचान र सन्दर्भ बोध तथा प्रश्नोत्तर जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी लेखाइ सिपअन्तर्गत श्रुति लेखन, गद्य रूपान्तरण, शब्दभरण, प्रश्नोत्तर र भाव विस्तारलगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ ।

शिक्षकले सहजकर्ता, उत्प्रेरक, खोजकर्ता एवम् रचनाकारका रूपमा भूमिका खेल्दै कविता सहजीकरणलाई क्रियाकलापमुखी, उद्देश्यमूलक तथा रुचिकर बनाउनुपर्छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । दृश्यबोध र छलफल, कवि परिचय, संरचना, लय र अनुप्रास पहिचान, लयबद्ध पठन, पाठगत शब्दोच्चारण, शब्दार्थ र प्रयोग, शब्दभण्डार, गद्यमा रूपान्तरण, कविताको भावबोध, अदृष्टांश बोध, व्याख्या, मूलभाव लेखन, विषयवस्तुको बोध र धारणा, लामा तथा छोटा प्रश्नोत्तर, पाठगत बोध आदिका अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ । बोध र अभिव्यक्ति खण्डभित्र नै स्नेह र प्रशंसामा आधारित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत क्रियाको भाव वा अर्थ, पदक्रम, उच्चारण र लेखनमा हलन्त र अजन्त हुने शब्दको पहिचान र प्रयोगलाई कार्यमूलक बनाइएको छ । सुनाइ बोलाइका लागि पाठ्यपुस्तककै परिशिष्टको सुनाइ पाठ ८ मा आधारित भई वा अन्य उपयुक्त कवितांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पहिलो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| दृश्यबोध र छलफल | चित्र र सन्दर्भका आधारमा विषयवस्तुको अनुमान र कल्पना गर्न | • प्रकृतिबोधक चित्र<br>• श्लोकपत्ती<br>• कविताका संरचनाका नमुना<br>• कविता वाचनको अडियो/भिडियो |
| संरचना, लय, अनुप्रास पहिचान | कविताको संरचना पहिचान गर्न | |
| लयबद्ध पठन | कवितालाई लयबद्ध वाचन गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले चुट्किला, कविता वा उत्प्रेरक भनाइ सुनाउन उत्प्रेरित गर्नुहोस् र प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् ।

२. हिमाल, पहाड, तराईका भौगालिक परिचय दिने तस्बिर वा चित्र, विभिन्न पहिरन र संस्कृतिबोधक चित्र वा तस्बिरको स्लाइड वा चार्ट प्रदर्शन गरी आजको विषयवस्तुबारे अनुमान गर्न लगाएर मस्तिष्क मन्थन गराउनुहोस् र पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### दृश्यबोध र छलफल

१. संस्कृति झल्काउने र राष्ट्रिय विभूतिसम्बद्ध चित्र तथा विषयवस्तु प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् ।

२. विद्यार्थीले बुझेका विषयवस्तु पालैपालो रूपमा प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण गर्नुहोस् ।

३. विद्यार्थीलाई पाठमा दिइएको चित्रका बारेमा पालैपालो वर्णन गर्न लगाउनुहोस् । वर्णनका क्रममा छुटाएका कुरा अन्य विद्यार्थीबाट नै जानकारी दिन लगाउनुहोस् ।

### कविताको संरचना, लय, अनुप्रास पहिचान

१. फरक फरक छन्दका एक एकओटा श्लोकको स्लाइड वा चार्ट प्रदर्शन गरी संरचनाका बारेमा मस्तिष्क मन्थन गराउनुहोस् ।

२. पाठ्य कवितामा रहेका पङ्क्ति तथा श्लोक सङ्ख्या पहिचान गर्न लगाउनुहोस् ।

३. समूहगत रूपमा पाठ्य कवितामा प्रयुक्त छन्दबारे छलफल गराउनुहोस् । स्लाइड वा चार्टमार्फत सवाई छन्दको संरचनाबारे थप स्पष्ट पारिदिनुहोस् ।

जस्तै : सवाई छन्द : १४ अक्षर

४ ४ ४ २

जीवनको /कथा, व्यथा/ सङ्घर्षमा/ बाँच्छ

हाम्रै आँसु / हाँसोसँगै / सधैं रुन्छ / हाँस्छ

४. पालैपालो पाठ्य कविताको संरचनासम्बन्धी प्रश्न सोधी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. शिक्षकले पाठ्य कविताको पहिलो श्लोक स्लाइड वा चार्टमा तयार पारी प्रदर्शन गर्नुहोस् । 'देश/भेष' जस्ता अनुप्रासयुक्त शब्द पाठ्य कवितामा रेखाङ्कन गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले रेखाङ्कन गरेका शब्द मिले नमिलेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

७. एकल वा समूह बनाएर विद्यार्थीलाई आफूले रेखाङ्कित गरेका शब्द जोडी कुनै चार्ट वा कापीको पानामा लेख्न लगाई शैक्षणिक पाटीमा प्रदर्शन गर्न लगाउनुहोस् र एकल वा समूहिक रूपमा उच्चारण अभ्यास गराउनुहोस् र स्याबासी कार्ड प्रदान गर्नुहोस् ।

## लयबद्ध पठन

१. विद्यार्थीलाई गीत वा कविता प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । कविता वा गीतमा हुने गति, यति, लयका बारेमा जानकारी दिनुहोस् ।

२. पाठ्य कवितालाई स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् ।

३. यस क्रममा सवाई छन्दको नियमानुसार लय मिलाई कविता वाचन गर्न सके नसकेको पहिचान गर्नुहोस् ।

४. पाठ्य कविताको श्लोकलाई आदर्श वाचन गरी वा मोबाइलमा रेकर्ड गरेको वा अन्य कुनै आधिकारिक स्रोतबाट सङ्कलन/डाउनलोड गरेको सामग्री सुनाउनुहोस् । भिडियो उपलब्ध भएमा देखाउनुहोस् ।

५. सवाई छन्दको प्रत्येक पाउमा चौध अक्षर हुने र चार, चार, चार अक्षरमा छोटो विश्राम गरी लयबद्ध वाचन गर्न सकिने कुरा बताइदिनुहोस् ।

सवाई छन्द

| ४ | ४ | ४ | २ |
|---|---|---|---|
| गाउँदै आयो | यो नेपाली | सारङ्गिमा | देश |
| मेची काली | हिमाल प | हाड तराई | मधेस |

६. सुरुमा आफूसँगसँगै सबै विद्यार्थीलाई वाचन अभ्यास गराउनुहोस् र समूहगत, बेन्चगत तथा युगल रूपमा पालैपालो गति, यति, लय तथा हाउभाउसहित कविता वाचन अभ्यास गराई आवश्यक पृष्ठपोषण दिनुहोस् । समूहगत प्रतिस्पर्धा गराई मौखिक उत्प्रेरणा वा स्याबासी कार्ड प्रदान गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

विद्यार्थीलाई पाठ्य कविता गति, यति, लय तथा हाउभाउसहित वाचन गर्न लगाउनुहोस् ।

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| लयबद्ध पठन र संरचना पहिचान<br>(पुनरावृत्ति) | कवितालाई लयबद्ध वाचन गर्न<br>कविताको संरचना पहिचान गर्न | • श्लोकपत्ती<br>• कविता वाचनको अडियो / भिडियो<br>• शब्द र अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती |
| शब्दोच्चारण, शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको उच्चारण गरी अर्थसहित प्रयोग गर्न | |
| पर्यायवाची शब्द | पर्यायवाची शब्द पहिचान गरी प्रयोग गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

२. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी सवाई छन्दमा लेखिएको अन्य कविताको एक श्लोकको स्लाइड वा चार्ट प्रदर्शन गरी संरचना र लयका बारेमा मस्तिष्क मन्थन गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### लयबद्ध पठन र संरचना पहिचान (पुनरावृत्ति)

१. शिक्षकले पाठ्य कविता वा सवाई छन्दमा रचित अन्य कविताको कुनै एउटा श्लोक दिई कविताको प्रत्येक पाउमा भएका अक्षरको सङ्ख्या गन्न सिकाउनुहोस् ।

**जस्तै**

| | | | |
|---|---|---|---|
| वर्ष याम | एक दिन | ठुलो पानी | पऱ्यो |
| काला काला | बादलले | सेती गेडी | झाऱ्यो |
| चुट्नुसम्म | चुट्यो आज | पाऱ्यो चिल्ल | बिल्ल |
| बतासले | हाँगो झाऱ्यो | गुँड पुग्यो | तल |

२. पाठ्य कवितामा प्रयुक्त छन्द पहिचान गर्न लगाउनुहोस् । अक्षर सङ्ख्याबारे छलफल गरी पाठ्य कविताको संरचनाबारे स्पष्ट पार्नुहोस् ।

३. शिक्षकले पाठ्य कवितालाई स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् ।

४. शिक्षकले पाठ्य कवितालाई आफूसहित कक्षाका सबै विद्यार्थीलाई सामूहिक रूपमा वाचन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले कविता वाचन गर्ने, शिक्षक र विद्यार्थीले सँगसँगै वाचन गर्ने, विद्यार्थी आफैँले वाचन गर्ने गरी क्रमिक सिकाइ रणनीति उपयोग गर्नुहोस् ।

५. अनुप्रासयुक्त शब्द प्रयोग भएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई उस्तै ध्वनि सुनिने शब्द पहिचान गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले पहिचान गरेका शब्द शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् । शैक्षणिक पाटीमा टिपिएका शब्द मिले नमिलेको सुनिश्चित गरी उच्चारण अभ्यास गराउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

जस्तै : देश - मधेस देश - भेष माथि - पाथी

७. बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ का प्रश्नका उत्तर पालैपालो भन्ने अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थीलाई मिले नमिलेको पहिचान गर्न लगाउनुहोस् र आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

प्रश्न :

(क) 'सारङ्गीमा देश' कविता जम्मा कति पङ्क्तिमा रचना भएको छ ?

(ख) कविताको 'जन्मे यहीँ बुद्ध अनि भृकुटी र सीता' पङ्क्तिमा कति अक्षर छन् ?

(ग) कवितामा बक्खु भाङ्ग्राको प्रसङ्ग कतिऔँ श्लोकमा आएको छ ?

(घ) कवितामा 'गाउँदै आयो यो नेपाली सारङ्गीमा देश' भन्ने पङ्क्ति कति पटक आएको छ ?

(ङ) अनुप्रास मिलाउन पङ्क्तिको अन्त्यमा दिइएका देश मधेस, बाँच्छ हाँस्छ जस्तै गरी अरू तीन जोडी शब्द पाठबाट खोजेर भन्नुहोस् ।

## शब्दोच्चारण, शब्दार्थ र प्रयोग

१. विद्यार्थीले स्पष्ट उच्चारण गर्न नसकेका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्द शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

२. ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

जस्तै : व्यथा /ब्य.था/, भाङ्ग्रा /भाङ्.ग्रा/, स्वप्नभूमि /स्वप्.न.भु.मि/

३. बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा भएका विद्यार्थीलाई उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

४. अर्थबोध हुन नसकेका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले टिपोट गरेका शब्द शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

५. ती शब्दको अर्थ विद्यार्थीमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले तयार पारेका अर्थपत्ती प्रदर्शन गरी शब्दको अर्थ थप स्पष्ट पार्नुहोस् । शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

६. आफूले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् । अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् ।

७. कम्तीमा १० ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । तीमध्ये कम्तीमा पाँचओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

८. समूह कार्य सकिएपछि पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा मौखिक उत्प्रेरणा वा स्याबासी कार्ड प्रदान गर्नुहोस् ।

## पर्यायवाची शब्द

१. विद्यार्थी सङ्ख्याका आधारमा समूह विभाजन गर्नुहोस् । 'मिहिनेत, माया, नेत्र, मुलुक, भूमि' जस्ता शब्दको शब्दपत्ती प्रदर्शन गरी पर्यायवाची शब्द पाठबाट खोज्न लगाउनुहोस् ।

२. विद्यार्थीले समूह कार्य गर्दा आवश्यकतानुसार सिकाइ सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि समूहका विद्यार्थीलाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

३. शिक्षकले पर्यायवाची शब्द सङ्कलन गरी विद्यार्थी समूहबिच हाजिरीजबाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् । उत्कृष्ट समूहलाई मौखिक उत्प्रेरणा प्रदान गर्नुहोस् ।

४. कविताको कुनै श्लोक प्रदर्शन गरी पर्याय अर्थ आउने शब्दलाई रेखाङ्कन गरिदिनुहोस् । ती रेखाङ्कित शब्दको पर्यायवाची शब्द लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. समूहले लेखेका पर्याय शब्द र वाक्य विद्यार्थीलाई क्रमशः प्रस्तुत गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### (ग) मूल्याङ्कन

१. दिइएका शब्दका पर्यायवाची शब्द कविताबाट खोज्न लगाउनुहोस् :

हिउँचुली, नयन, वासना, सृष्टि, तातो, टाकुरा

२. दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

स्वाभिमान, भावना, ज्ञानभूमि, गाथा, परिवेश

## तेस्रो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| कविताको भावबोध<br>(श्लोक १-४) | निर्दिष्ट कवितांशको भावबोध गर्न | ● श्लोकपत्ती<br>● बुँदापत्ती<br>● भावपत्ती<br>● प्रश्नोत्तरको नमुना चार्ट |
| पाठगत बोधात्मक अभ्यास | पाठगत बोधात्मक अभ्यास गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले कविता वा चुट्किला सुनाएर उत्प्रेरणा जगाउनुहोस् । विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

३. सिकाइ सहजीकरण क्रियाकलापका पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### कविताको भावबोध

१. शिक्षकले पाठ्य कविताको पहिलो श्लोकको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई लयबद्ध वाचन गर्न लगाउनुहोस् । वाचनका क्रममा आवश्यक सहजीकरण पनि गर्नुहोस् ।

२. कविताको पहिलो श्लोकको आशय वा भावार्थ विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका कुरा बुँदागत रूपमा शैक्षिणिक पाटीमा टिपोट गर्नुहोस् र छलफल गराउनुहोस् ।

३. कविताको पहिलो श्लोकको भावार्थका बुँदा स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् ।

जस्तै :

- गाइनेले सारङ्गीमा नेपालीका कथा व्यथा प्रस्तुत गर्ने
- सारङ्गीको धुनमा मेचीदेखि महाकाली तथा हिमाल, पहाड र तराई मधेसका कथा व्यथा भेटिने

४. विद्यार्थीलाई कविताको पहिलो श्लोक हेरी बुँदाका आधारमा भावार्थ भन्न उत्प्रेरित गर्नुहोस् । विद्यार्थीले भावार्थ भन्ने क्रममा भावको शृङ्खला र वाक्य सङ्गति मिले नमिलेको ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. शिक्षकले पाठ्य कविताको दोस्रो श्लोकको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । पाठ्य कविताको दोस्रो श्लोकको भावार्थका बुँदा लेख्न लगाउनुहोस् । पालैपालो बुँदा भन्ने अवसर प्रदान गर्नुहोस् । ती बुँदालाई समेटी भावार्थ भन्न अभिप्रेरित गर्नुहोस् ।

६. कविताको दोस्रो श्लोकको भावार्थका बुँदा स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । ती बुँदा हेरी भावार्थ भन्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

जस्तै :

- परिश्रमी जीवनका सङ्घर्ष प्रस्तुत गरिएको
- सुखदु:ख एकआपसमा साटासाट गरेर हँसिलो मुहारलिएर बाँचेका नेपालीको चित्रण
- नेपालीहरू सिर्जना गर्न र पोरख गर्न पसिना बगाउने

६. पाठ्य कविताको तेस्रो र चौथो श्लोक सम्बद्ध बुँदा प्रदर्शन गरी सम्बन्धित श्लोकको पहिचान गर्न सिकाउनुहोस् । ती बुँदाहरू विस्तार गरी भावार्थ लेखन अभ्यास गराउनुहोस् । यस क्रममा थप सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## पाठगत बोधात्मक अभ्यास

१. शिक्षकले पाठ्य कविताको पहिलो, दोस्रो, तेस्रो र चौथो श्लोकभित्र रहेर बनाएका ठिक र बेठिक छुट्याउने प्रश्न स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई प्रत्येक वाक्य पालैपालो भन्न लगाउनुहोस् ।

जस्तै : (क) नेपाली मादलमा देश गाउँदै आए ।

(ख) जीवन सङ्घर्षमा बाँच्छ ।

(ग) भिरपाखा मधेसको पङ्ख बन्छन् ।

२. ठिक र बेठिक छुट्याउन प्रोत्साहित गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

३. दोस्रो श्लोकका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

जस्तै : (क) जीवन कसरी बाँच्छ ?

उत्तर : जीवन सङ्घर्ष गरेर बाँच्छ ।

(ख) जीवन नाच्नुको कारण के हो ?

४. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

५. शिक्षकले पाठ्य कविताको तेस्रो र चौथो श्लोकभित्र रहेर बनाइएका प्रश्नहरू प्रदर्शन गर्नुहोस् । ती प्रश्नको उत्तर लेख्न प्रेरित गर्नुहोस् । उत्तर लेखनपश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

दिइएको कवितांशको भावार्थ भन्न लगाउनुहोस् :

बक्खु, भाङ्ग्रा, धोती सबै भन्छ मेरै भेष

गाउँदै आयो यो नेपाली सारङ्गीमा देश ।

## चौथो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| कविताको भावबोध<br>(श्लोक ५-९) | निर्दिष्ट कविताांशको भावबोध गर्न | • श्लोकपत्ती<br>• बुँदापत्ती<br>• भावपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले गीत वा कविता सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तुको सार छलफल गरी सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**कविताको भावबोध**

१. शिक्षकले पाठ्य कविताको पाँचौँ श्लोकको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई लयबद्ध वाचन गर्न लगाउनुहोस् । वाचनका क्रममा आवश्यक सहजीकरण पनि गर्नुहोस् ।

२. कविताको पाँचौँ श्लोकको आशय वा भावार्थ विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका कुराहरू बुँदागत रूपमा शैक्षिणिक पाटीमा टिपोट गर्नुहोस् र छलफल गराउनुहोस् ।

३. कविताको पाँचौँ श्लोकको भावार्थका बुँदा स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् ।

जस्तै :

- कसैको भावनामा चोट पुऱ्याउन नहुने
- नेपाली माटामा गीताले कर्मयोग सिकाएको
- राष्ट्र र राष्ट्रियता सबैभन्दा प्यारो
- नेपाली स्वाभिमान रहेका

४. विद्यार्थीलाई कविताको पाँचौँ श्लोक हेरी बुँदाका आधारमा भावार्थ भन्न उत्प्रेरित गर्नुहोस् । विद्यार्थीले भावार्थ भन्ने क्रममा भावको शृङ्खला र वाक्य सङ्गति मिले नमिलेको ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. शिक्षकले पाठ्य कविताको छैटौँ श्लोकको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । पाठ्य कविताको छैटौँ श्लोकको भावार्थका बुँदा लेख्न लगाउनुहोस् । पालैपालो बुँदा भन्ने अवसर प्रदान गर्नुहोस् । ती बुँदालाई समेटी भावार्थ भन्न अभिप्रेरित गर्नुहोस् ।

६. कविताको छैटौँ श्लोकको भावार्थको नमुना प्रस्तुत गर्नुहोस् । विद्यार्थीले भनेका र नमुना भावार्थमा समेटिएका विषयवस्तुका बारेमा छलफल गराउनुहोस् ।

कवितांश

जन्मे यहीँ बुद्ध अनि भृकुटी र सीता

यही माटामा कर्मयोग सिकाउँछ गीता

ज्ञानभूमि, तपोभूमि, स्वप्नभूमि यही

गर्वसाथ गाउने गर्छ, जय धर्ती माता !

भावार्थ : नेपाली माटामा बुद्ध, भृकुटी, सीता जस्ता राष्ट्रिय विभूतिको जन्म भएको छ । यहाँको माटाले भागवत गीतालाई स्पर्श गरेको छ । यही माटामा पवित्र ग्रन्थ गीताले कर्मयोग सिकाएको छ । यो भूमि ऋषिमुनिको तपोभूमि र ज्ञानभूमि पनि हो । सम्पूर्ण नेपालीका लागी नेपाल ज्ञानभूमि, तपोभूमि, स्वप्नभूमि हो । त्यसैले प्रत्येक नेपालीले गर्वका साथ नेपालीको जय जयकार गाउने गर्छन् ।

७. पाठ्य कविताको सातौँ, आठौँ र नौ श्लोक सम्बद्ध बुँदा प्रदर्शन गरी सम्बन्धित श्लोकको पहिचान गर्न सिकाउनुहोस् । ती बुँदा विस्तार गरी भावार्थ लेखन अभ्यास गराउनुहोस् । यस क्रममा थप सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

१. शिक्षकले पाठ्य कविताको श्लोक ५ देखि ९ भित्र रहेर बनाएको ठिक र बेठिक छुट्याउने प्रश्न स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई प्रत्येक वाक्य पालैपालो भन्न लगाउनुहोस् । ठिक बेठिक छुट्याउन प्रोत्साहित गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

३. शिक्षकले पाठ्य कवितासँग सम्बन्धित अति सङ्क्षिप्त उत्तरात्मक प्रश्न स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् ।

४. विद्यार्थीलाई पालैपालो प्रश्नोत्तर भन्न लगाउनुहोस् । प्रश्न सोध्ने र उत्तर दिने तरिका उपयुक्त भए नभएको अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ छलफल गराई प्रश्नको उत्तर लेख्न उत्प्रेरित गर्नुहोस् ।

हिमाललाई न्यानो दिन्छ तराईको काखा

मधेसको पङ्खा बनी बस्छन् भिरपाखा

स्वाभिमानको मियोमाथि पिरतीको दियो

बाली मुस्कुराएका छन् कोटी कोटी आँखा ।

प्रश्नहरू

(क) तराईले हिमाललाई न्यानो दिन्छ किन भनिएको हो ?

उत्तर : हिमालका मानिसलाई दु:ख पर्दा तराईका मानिसले सहयोग गर्ने भएकाले तराईले हिमाललाई न्यानो दिन्छ भनिएको हो ।

(ख) यस कवितांशमा पिरतीको दियो कुन अर्थमा आएको छ ?

(ग) मधेसका लागि पङ्खाको काम केले गरेको छ ?

६. उत्तर लेखनपश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ग) मूल्याङ्कन**

**१. तल दिइएको कविताांशको भावार्थ भन्न लगाउनुहोस् :**

प्रकृतिले सम्झाउँछ अमर गौरव गाथा
संसारकै शिरपोस हाम्रो सगरमाथा
समृद्धिको शिखर चुम्दै जान माथि माथि
रेटिँदै छ मानो रोपी फलाउन पाथी ।

## पाँचौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| गद्यमा रूपान्तरण | पद्य कवितालाई गद्यमा रूपान्तरण गर्न | • वाक्यपत्ती<br>• श्लोकपत्ती<br>• प्रश्नोत्तरको नमुना |
| सङ्क्षिप्त उत्तर लेखन | निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर लेख्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कुनै प्रेरक प्रसङ्ग सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सार पुन: सुनाउनुहोस् ।

३. आजको सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**गद्यमा रूपान्तरण**

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गर्नुहोस् । शिक्षकले कविताको पङ्क्ति र त्यसको गद्य रूपान्तरणको नमुना अभ्यास स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्रीलाई पालैपालो पढ्न उत्प्रेरित गर्नुहोस् ।

२. कवितांश र गद्य रूपान्तरणबिचको भिन्नताबारे समूहमा छलफल चलाउनुहोस् र छलफलको निष्कर्ष सुनाउन लगाउनुहोस् । यस क्रममा कर्ता, कर्म, क्रिया आदिको सङ्गति र भूमिकाका बारेमा स्पष्ट पारिदिनुहोस् ।

जस्तै :

कवितांश : गाउँदै आयो यो नेपाली सारङ्गीमा देश

गद्य रूपान्तरण : यो नेपाली सारङ्गीमा देश गाउँदै आयो ।

३. विद्यार्थीलाई सामूहिक छलफलसहित अभ्यास ५ का आधारमा कविताका पङ्क्तिलाई गद्यमा लेख्न लगाउनुहोस् ।

४. विद्यार्थीले समूहमा अभ्यास गरिसकेपछि एउटा समूहको कापी अर्को समूहले मिले नमिलेको हेर्न र आवश्यक सुझाव दिन उत्प्रेरित गर्नुहोस् । प्रत्येक समूहका कापी परीक्षण गरेको हेरेर आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## सङ्क्षिप्त प्रश्नोत्तर

१. सङ्क्षिप्त उत्तर लेख्ने तरिकाका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

२. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा दिइएको सङक्षिप्त प्रश्नहरू प्रस्तुत गर्नुहोस् । ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गराउनुहोस् ।

३. विद्यार्थीलाई प्रश्नको उत्तर लेख्नका लागि समय दिनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थी समूहमध्ये कुनै एक समूहले लेखेको उत्तर प्रदर्शन गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् । उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुनै कुरा छन् भने भन्ने अवसर अन्य समूहका एक एक जनालाई दिनुहोस् ।

५. शिक्षकले तयार पारेको नमुना उत्तरको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । जस्तै :

(क) सबै नेपालीको भावनालाई सम्मान गर्न के के गर्नुपर्छ ?

उत्तर : नेपाल हिमाल, पहाड र तराई मधेस मिलेर बनेको छ । यहाँ भौगोलिक, सांस्कृतिक, जातीय विविधता छ । यस विविधतालाई नेपालीले आफ्नै ठान्नुपर्छ । नेपालीको स्वाभिमानलाई मियो मान्नुपर्छ । एकआपसमा समभाव कायम गरी नेपाली नेपालीमा पिरतीको दियो बाल्नुपर्छ । त्यसैले सबै नेपालीको भावनालाई सम्मान गर्न भाषा, संस्कृति, सामूहिक जीवनशैली, स्वाभिमान आदिलाई सम्मान गर्नुपर्छ ।

६. समूहले तयार पारेका अन्य प्रश्नका सङ्क्षिप्त उत्तर साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

दिइएको कवितांशको गद्यमा रूपान्तरण गर्न लगाउनुहोस् :

हिमाललाई न्यानो दिन्छ तराईको काखा

मधेसको पङ्खा बनी बस्छन् भिरपाखा

## छैटौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बोध प्रश्नोत्तर | अनुच्छेद पढी प्रश्नोत्तर गर्न | ● श्लोकपत्ती<br>● बुँदापत्ती<br>● प्रश्नोत्तर चार्ट<br>● व्याख्याको नमुना चार्ट |
| व्याख्या लेखन | निर्दिष्ट कवितांश व्याख्या गर्न | |
| मूलभाव लेखन | कविताको मूल सन्देश लेख्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले गीत वा कविता सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सार कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् ।

३. आजको सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### बोध प्रश्नोत्तर

१. बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गराउनुहोस् ।

२. विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गरी टोली नेता छान्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

३. विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई अनुच्छेदबाट उत्तर खोजेर लेख्न लगाउनुहोस् ।

४. समूहले उत्तर लेखिसकेपछि टोली नेतालाई उत्तर भन्न लगाउनुहोस् र अन्य समूहलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

**नमुना उत्तर**

(क) नेपाली विश्वभर कुन नामले चिनिन्छन् ?

उत्तर : नेपाली विश्वभर सगरमाथाको देशका नागरिक भन्ने नामले चिनिन्छन् ।

५. भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्व ज्ञानका आधारमा गराउनुहोस् । भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप दसौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

### व्याख्या लेखन

१. व्याख्या गर्ने तरिका र सोको संरचनासम्बन्धी प्रश्नोत्तर क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

२. शिक्षकले व्याख्याका लागि कुनै श्लोक प्रदर्शन गरी त्यस श्लोकले व्यक्त गर्ने भाव बुँदागत रूपमा भन्न उत्प्रेरित गर्नुहोस् । शिक्षकले शैक्षणिक पाटीमा टिपोट गरिदिनुहोस् । छलफल गरी निष्कर्षमा पुग्नुहोस् ।

३. बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ छलफल गराउनुहोस् । समय तोकी व्याख्या गर्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

४. निर्दिष्ट समय समाप्त भएपछि पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् । बाँकी विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।

५. विद्यार्थीले लेख्न छुटाएका विषयवस्तु तथा संरचनाबारे आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## मूल भाव लेखन

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । अगिल्ला कक्षामा सिकेका श्लोकका भावार्थलाई छलफलसहित पुनरावृत्ति गराउनुहोस् । यस क्रममा भावार्थ लेखनमा कविताको श्लोकमा केन्द्रित हुनुपर्ने र मूल भाव लेखनमा पूरै कविता वा पाठमा केन्द्रित हुनुपर्ने बताइदिनुहोस् ।

२. विद्यार्थी समूहलाई कविताको प्रत्येक श्लोकका मुख्य मुख्य विषयवस्तु समेटेर मूल भाव लेख्न उत्प्रेरित गर्नुहोस् । शिक्षकले अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

दिइएका बुँदालाई आधार मानी कविताको मूलभाव लेख्नुहोस् :

(क) सारङ्गीमा सारा नेपालीका कथाव्यथा अभिव्यक्त

(ख) हिमाल, पहाड र तराईप्रतिको समभाव

(ग) राष्ट्र र राष्ट्रियता सबैभन्दा प्यारो हुन्छ भन्ने धारणा

(घ) प्राकृतिक सुन्दरताले भरिपूर्ण पावन भूमिको महिमा गान

(ङ) विविधतामा एकता राखी समृद्धितर्फ उन्मुख हुनपर्ने विचार

३. समूहका टोली नेतालाई कविताको मूल भाव प्रस्तुतिकरणको अवसर दिनुहोस् । थपघट गर्नुपर्ने विषयवस्तुका बारेमा छलफल गर्न लगाउनुहोस् र त्यसपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. शिक्षकले पाठ्य कविताको मूल भाव लेखनको नमुना स्लाइड वा चार्ट प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई पालैपालो वाचन गर्न लगाउनुहोस् । सोही क्रममा कविताको श्लोक, भावार्थ र मूल भावबिचको सम्बन्धका बारेमा छलफल गराई धारणा स्पष्ट पार्नुहोस् ।

## (ग) मूल्याङ्कन

१. दिइएको कवितांश व्याख्या गर्न लगाउनुहोस् :

ज्ञानभूमि, तपोभूमि, स्वप्नभूमि यही

गर्वसाथ गाउने गर्छ, जय धर्ती माता !

२. सारङ्गीमा देश कविताको मूलभाव भन्न लगाउनुहोस् ।

## सातौँ दिन

१. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| भाषिक प्रकार्य | स्नेह र प्रशंसामा आधारित भाषिक सञ्चार गर्न | • अडियो/भिडियो<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर चार्ट<br>• अनुच्छेदपत्ती |
| श्रुतिबोध | सुनाइ पाठ ८ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले गीत वा कविता सुनाएर उत्प्रेरणा जगाउनुहोस् । अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

२. शिक्षकले भौगोलिक, सांस्कृतिक, देशप्रेम आदि विषयक्षेत्रका बारेमा मष्तिष्कमन्थन गर्न लगाउनुहोस् ।

३. आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### भाषिक प्रकार्य

१. विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गरी टोली नेता छान्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको प्रश्न ११ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

२. विद्यार्थीलाई स्नेह र प्रशंसामा आधारित भाषिक प्रकार्यका बारेमा छलफल गराउनुहोस् । चार्ट वा स्लाइडमा प्रदर्शन गरिएको सामग्रीको भाषाशैली, सन्दर्भ, परिवेशका बारेमा समूहको धारणा बनाउन उत्प्रेरित गर्नुहोस् ।

३. शिक्षकले स्नेह र प्रशंसाका विषयवस्तुमा केन्द्रित रही भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस् र हाउभाउसहित अभिव्यक्तिको अवसर दिनुहोस् । जस्तै :

> "आहा ! कति राम्रा चित्र । ओहो ! कति सुन्दर मूर्ति । वाह ! कति सुरिलो आवाज ।" यस्तै प्रशंसाले कविता, पासाङ र डोल्मालाई अगाडि बढ्ने प्रेरणा मिल्थ्यो । परिवारको न्यानो माया, आफन्तको स्नेह र गुरुको प्रशंसाले उनीहरूलाई राम्रा चित्र कोर्ने, सुन्दर मूर्ति बनाउने र सुमधुर गीत गाउने बनायो । उनीहरूले गर्ने ससाना कामलाई पनि सबैले महŒव दिए । दाँत माभ्दा, साइकल चलाउँदा, चित्र कोर्दा र घरपालुवा जनावरसँग खेल्दा पनि प्रशंसा र हौसला नै पाए । उनीहरूले जस्तै सबैले माया, प्रेम र स्नेह खोजेका हुन्छन् । सबै जना प्रशंसाका भोका हुन्छन् । कविता, पासाङ र डोल्मालाई झैँ तपाईंलाई पनि आफूभन्दा ठुलाले सधैँ माया गर्नुहुन्छ । तपाईंको कामको प्रशंसा गर्नुहुन्छ । तपाईं पनि आजैबाट आफूभन्दा सानालाई माया गर्नुहोस् । उनीहरूले गरेका राम्रा कामको प्रशंसा गर्नुहोस् है ।

४. प्रस्तुत गरिएको प्रकार्य वा सन्दर्भका आधारमा त्यसमा रहेका खास सन्दर्भ, सहभागीको भूमिका, दोहोरो सञ्चार, भाषाशैली, शब्दभण्डार आदिको प्रयोगबारे पहिचानात्मक छलफल गराउनुहोस् ।

५. बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ मा दिइएको सन्दर्भ बुझेर आफ्ना विचार व्यक्त गर्ने अवसर प्रदान गर्नुहोस् ।

६. भाषाको व्यावहारिक प्रयोग गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## श्रुतिबोध

१. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्दा ध्यान दिनुपर्ने कुरा के के हुन् भनी प्रश्न गर्नुहोस् र छलफल गराई विद्यार्थीलाई धारणा राख्ने अवसर दिनुहोस् ।

२. विद्यार्थीले राखेका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

३. सुनाइ पाठ ८ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकतानुसार (कम्तीमा दुई पटक) सुनाउनुहोस् ।

४. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न १ को अभ्यास मौखिक रूपमा गराउनुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

५. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न २ समूहमा छलफल गराउनुहोस् ।

६. टोली नेतालाई पालैपालो के आजका सबै नेपाली ठिटाठिटी यो नेपाली ठिटो पाठमा जस्तै छन् त भनेर सोधी आफ्ना विचार प्रस्तुत गर्न उत्प्रेरित गर्नुहोस् । विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

### (ग) मूल्याङ्कन

**१. सुनाइ पाठ ८ का आधारमा दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(क) नेपाली ठिटो के के गर्छ ?

(ख) ऊ अन्यायमा के गर्दैन ?

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| क्रियाको भाव वा अर्थ<br>• सामान्यार्थ<br>• आज्ञार्थ<br>• इच्छार्थ<br>• सम्भावनार्थ<br>• सङ्केतार्थ | क्रियाको सामान्यार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ, सङ्केतार्थ भाव पहिचान गरी प्रयोग गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

(क) **सुरुआती क्रियाकलाप**

१. शिक्षकले उत्प्रेरक भनाइ सुनाएर ध्यान आकर्षित गर्नुहोस् ।

२. अगिल्लो कक्षामा सिकेका विषयवस्तुबारे सङ्क्षिप्त छलफल गर्नुहोस् ।

३. सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## क्रियाको भाव वा अर्थ

१. अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । त्यस अनुच्छेदबाट सामान्य भाव व्यक्त गर्ने क्रियापद टिपोट गर्न लगाउनुहोस् । जस्तै :

उनीहरू विद्यालय जाउन् । तिमी पनि एकछिनपछि जाऊ । म पनि आउँछु । सबै जना सँगै बसेर खेल्नुपर्छ ।

२. टिपिएका सामान्य भाव व्यक्त गर्ने क्रियापद विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् । 'आउँछु, खेल्नुपर्छ' जस्ता कालबोधक क्रियापद सामान्यार्थ क्रियापद हुन् भन्ने जानकारी गराउनुहोस् ।

३. अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । त्यस अनुच्छेदबाट आज्ञार्थ भाव व्यक्त गर्ने क्रियापद टिपोट गर्न लगाउनुहोस् । जस्तै :

तिमी किताब पढ । त्यहाँ भएका मुख्य मुख्य विषयवस्तु सुनाऊ । कापीमा पनि टिपोट गर ।

४. टिपिएका आज्ञार्थ भाव व्यक्त गर्ने क्रियापद विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् । 'पढ, सुनाऊ, गर' जस्ता क्रियापदले आज्ञार्थ भाव व्यक्त गर्छन् भन्ने जानकारी गराउनुहोस् ।

५. अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । त्यस अनुच्छेदबाट इच्छार्थ भाव व्यक्त गर्ने क्रियापद टिपोट गर्न लगाउनुहोस् । जस्तै :

म बसमा चढूँ । सिटमा बसूँ । पोखरासम्म जाऊँ । फेवातालमा डुङ्गा चढूँ । तालको वरिपरि घुमूँ ।

६. टिपिएका आज्ञार्थ भाव व्यक्त गर्ने क्रियापद विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् । 'चढूँ, बसूँ, जाऊँ, घुमूँ' जस्ता क्रियापदले इच्छार्थ भाव व्यक्त गर्छन् भन्ने जानकारी गराउनुहोस् ।

७. अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । त्यस अनुच्छेदबाट सम्भावनार्थ भाव व्यक्त गर्ने क्रियापद टिपोट गर्न लगाउनुहोस् । जस्तै :

आज पानी पर्ला । बाटो हिलो होला । आज घुम्न नजाऔँला । घरमा नै बसौँला ।

८. टिपिएका आज्ञार्थ भाव व्यक्त गर्ने क्रियापद विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् । 'पर्ला, होला, नजाऔँला, बसौँला' जस्ता क्रियापदले सम्भावनार्थ भाव व्यक्त गर्छन् भन्ने जानकारी गराउनुहोस् ।

९. ‘पानी परे हिलो होला । तिमी आए खेल्न जाउँला । जस्ता वाक्य प्रदर्शन गरी कार्य र कारणका बारेमा छलफल चलाउनुहोस् । ‘परे, आए’ जस्ता क्रियापदले कारण सङ्केत गरेका हुनाले सङ्केतार्थक क्रिया भएको जानकारी गराउनुहोस् ।

१०. शिक्षकले भाषिक संरचना वर्णविन्यास खण्डको क्रियाकलाप १ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । अनुच्छेदमा रेखाङ्कित क्रियापदको भाव पहिचान गरी टिपोट गर्न ५ मिनेट समय दिनुहोस् ।

११. टिपोट गरिएका क्रियापद प्रस्तुति गर्न लगाउनुहोस् र अन्य समूहलाई मूल्याङ्कन र पृष्ठपोषण गर्न प्रोत्साहित गर्नुहोस् । आवश्यक परेमा सहजीकरण गर्नुहोस् ।

१२. भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप २, ३ र ४ बनाउनका लागि समय दिनुहोस् ।

१३. विद्यार्थीले क्रियाकलाप गरेका समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

१४. प्रत्येक समूहलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य समूहका विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### (ग) मूल्याङ्कन

**१. दिइएका वाक्यलाई सङ्केतका आधारमा परिवर्तन गर्न लगाउनुहोस् :**

(क) हामी सबै फुटबल .......... । (खेल् : इच्छार्थ)

(ख) तिमीहरू रसुवा .......... । (जा : आज्ञार्थ)

(ग) रमेश राम्ररी .......... सफल हुन्छ । (पढ् : सङ्केतार्थ)

(घ) उनीहरू कक्षाभित्र.......... । (आउ : सम्भावनार्थ)

(ङ) अञ्जना भात .......... । (खा : सम्भावनार्थ)

(च) दाइ, एक किलो चिउरा......... । (दि : आज्ञार्थ)

(छ) ऊ मुस्ताङ भ्रमणबाट........। (फर्क : इच्छार्थ)

## नवौं दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| पदक्रम | पदक्रम मिलाई वाक्य रचना गर्न | • शब्दपत्ती<br>• शब्द तालिका<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती |
| हलन्त र अजन्त | हलन्त र अजन्त शब्द पहिचान गरी प्रयोग गर्न | |
| सिर्जना र परियोजना कार्य | निर्दिष्ट विषयवस्तुमा छलफल गरी प्रस्तुति दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले गाउँखाने कथा मस्तिष्क मन्थन गराउनुहोस् ।

२. सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## पदक्रम

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । शिक्षकले पदक्रम मिलेका र नमिलेका वाक्य प्रदर्शन गरी छलफल गराउनुहोस् ।

२. भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप ५ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । समूह 'क'मा दिइएका वाक्यहरू व्याकरणिक नियमअनुसार नभएका र समूह 'ख'मा दिइएका वाक्यहरू व्याकरणिक नियमअनुसार भएका कुरा स्पष्ट पार्नुहोस् । जस्तै :

| **आलङ्कारिक वाक्य (समूह क)** | | | **व्याकरणिक वाक्य (समूह ख)** | | |
|---|---|---|---|---|---|
| कर्म + | क्रियापद + | कर्ता | कर्ता + | कर्म + | क्रियापद |
| काम | गर्छ | ऊ । | ऊ | काम | गर्छ । |
| कर्ता + | क्रियापद + | कर्म | कर्ता + | कर्म + | क्रियापद |
| राधेश्याम | भेट्छ | उसलाई । | राधेश्याम | भाइलाई | भेट्छ । |

३. भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप ६ र ७ बनाउनका लागि समय दिनुहोस् ।

४. विद्यार्थीले क्रियाकलाप गरेका समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

५. प्रत्येक समूहलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य समूहका विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## वर्णविन्यास (हलन्त र अजन्त)

१. विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गरी टोली नेता छान्नुहोस् । शिक्षकले स्लाइड वा चार्टमा प्रदर्शन गरी हलन्त र अजन्त प्रयोग भएका तीन तीनओटा शब्द टिपोट गर्न लगाई टोली नेतालाई भन्न लगाउनुहोस् र शिक्षकले शैक्षिणिक पाटीमा टिप्दै जानुहोस् ।

२. शैक्षणिक पाटीमा टिपोट गरिएका शब्दका बारेमा छलफल गर्नुहोस् । हलन्त र अजन्त शब्दलाई अलग अलग तालिका राखेर छलफल गर्नुहोस् ।

३. हलन्त र अजन्त प्रयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

| लेखन र उच्चारण दुवै हलन्त | लेखनमा अजन्त र उच्चारणमा हलन्त | लेखनमा र उच्चारण दुवैमा अजन्त |
|---|---|---|
| (अ) क्रिया :<br>गर्, उठ्, गरोस्, जान्छस्, लेखिन्, पढिन्, गर्छस्, खालास्, गरिन्, | (अ) नाम/सर्वनाम :<br>काम, कपास, रमानाथ, रमेश, केशव, भेष, देश, भिर, हिमाल, | (अ) क्रिया :<br>गर, उठ, लेखिन, पढिन<br>(आ) अव्यय : |

| | | |
|---|---|---|
| पढोस्, लेख्<br><br>(आ) नाम/विशेषण :<br><br>बलवान्, भगवान्, विद्वान् | यस, त्यस<br><br>(आ) अनुकरणात्मक शब्द :<br><br>गडबड, चमचम, झलमल, झिमझिम<br><br>(इ) विशेषण :<br><br>असल, खराब, इमानदार, बेइमान, तरल, सरल | आज, वर, पर, तर, तल, अब, लहलह, झलमल्ल, झिम्मझिम्म<br><br>(इ) नाम :<br><br>भय, लय, शिव, सह |

४. विद्यार्थी समूहलाई लेखनमा अजन्त र उच्चारणमा हलन्त हुने कुनै दशओटा शब्द टिपोट गर्न लगाउनुहोस् ।

५. लेखनपछि प्रत्येक दुई दुई समूहलाई कापी आपसमा साटासाट गरी गल्ती सच्याउन समय दिनुहोस् ।

६. प्रत्येक समूहलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य समूहका विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## सिर्जना र परियोजना कार्य

१. प्रेरक प्रसङ्ग सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

२. सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

३. विद्यार्थीलाई कक्षामा सुनाउने गरी आफूलाई मन परेको कविता सङ्कलन गरेर ल्याउन लगाउनुहोस् ।

### (ग) मूल्याङ्कन

**१. दिइएका वाक्य र कविताांशलाई व्याकरणिक पदक्रम मिलाएर लेख्न लगाउनुहोस् :**

(क) चिसो बढेर निस्किन पनि सकिएन आज बिहान ।

(ख) बन्नुपर्छ सबै हामी कर्मशील सधैँभरी ।

(ग) नलागोस् है कसैको नि भावनामा ठेस

गाउँदै आयो यो नेपाली सारङ्गीमा देश ।

## दसौँ दिन

१. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| कविता सङ्कलन र प्रस्तुति | आफूलाई मन परेका कविता सङ्कलन गरी लयबद्ध वाचन गर्न | • अडियो/भिडियो<br>• कविता चार्ट |
| कविता रचना | कविता रचना गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कविता वा मुक्तक सुनाएर ध्यान आकर्षित गर्नुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## कविता सङ्कलन र प्रस्तुति

१. कविता लयवद्ध वाचन गर्दा ध्यान दिनुपर्ने विषयमा विद्यार्थी समूहबिच छलफल गराउनुहोस् । त्यसपछि विद्यार्थीले सङ्कलन गरेर ल्याएको कविता पालैपालो प्रस्तुतिकरण गर्ने अवसर दिनुहोस् ।

२. सङ्कलित कविता र वाचनका बारेमा विद्यार्थीलाई स्वतः स्फूर्त सुझाव दिन लगाउनुहोस् । कविता प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

## कविता रचना

१. गद्य र पद्य कविता लेखनको संरचना र शैलीका बारेमा विद्यार्थीबिच छलफल गराउनुहोस् । छलफलको निष्कर्ष भन्न उत्प्रेरित गर्नुहोस् । आवश्यक सहजीकरणसहित कविता रचना गर्ने तरिका सिकाउनुहोस् ।

२. कविता लेखनका निम्ति शिक्षकले कम्तीमा तीनओटा शीर्षक शैक्षणिक पाटीमा लेख्नुहोस् (जस्तै : मेरो देश, मेरो घर, मेरो फूलबारी आदि) । कुनै एक शीर्षकमा कम्तीमा दुई श्लोकको कविता रचना गर्न लगाउनुहोस् ।

३. कविताको श्लोक तयार भएपछि पालैपालो कविता वाचन गर्ने अवसर प्रदान गर्नुहोस् । आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. अन्त्यमा शिक्षकले मेरो घर शीर्षकको कविताको प्रस्तुत गर्नुहोस् । शिक्षक र विद्यार्थीले सामूहिक रूपमा कविता वाचन गरी कक्षा समापन गर्नुहोस् । जस्तै :

> यो मेरो घर, छानामा खर, ढुङ्गाको आँगन
> मन न ठुलो दिएर पुग्छ पर्दैन मागन ।
> घामले दिन्छ मायालु न्यानो जूनले शीतल
> मयाले भिजी रसिलो सधैं मेरो यो भूतल ।
>
> फरिया चोली लाएर चेली, छन् मेरा सहेली
> धान र गहुँ जत्तिकै खेल्छन् खेतमा बयली ।
> मारुनी, धाटु, सोरठी, सेलो, सवार्य, दोहोरी
> मान्दैन मन, आनन्दसँग नखेली नहेरी ।
>
> (मेरो देश : प्रभा भट्टराई)

## (ग) मूल्याङ्कन

१. मेरो गाउँ वा अन्य कुनै शीर्षकमा कविता रचना गर्न लगाउनुहोस् ।

# पाठ : ९

## कञ्चनजङ्घालाई नियाल्दा

**विधा : नियात्रा** **कार्यघण्टा : १०**

### परिचय

'कञ्चनजङ्घालाई नियाल्दा' नियात्राकार राजेन्द्रमान डङ्गोल (वि.सं. २०२५) द्वारा रचिएको नियात्रा हो । यात्राका क्रममा भोगेका अनुभव, यात्रास्थलको परिवेश तथा अनुभूतिको वर्णन गरिएको यात्रा साहित्य नै नियात्रा भएकाले यो विधालाई शिक्षकले यात्राको घटना वर्णनमा केन्द्रित भएर सहजीकरण गर्नुपर्छ ।

यो पाठ सहजीकरण गर्दा यात्राका क्रममा देखिने दृश्य, स्थान, घटना आदिलाई सुन्दर एवम् सरल भाषाशैलीको प्रयोग गरी आख्यानात्मक, निबन्धात्मक, दृश्यात्मक वा संवादात्मक शैलीमा विस्तार गर्न सकिने कुराको सङ्केत गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । नियात्रासम्बन्धी धारणा निर्माण गरी यात्रा गरेको मिति, समय, स्थान, घटना तथा त्यसप्रतिको दृष्टिकोण आदि प्रस्तुत गर्नुपर्ने भएकाले नियात्राका पाठक बन्ने विद्यार्थीलाई पनि नियात्राकारसँगै हिँडेको जस्तो अनुभूत गराउने गरी आकर्षक तरिकाले पठनादि क्रियाकलाप गर्न यहाँ जोड दिइएको छ ।

निजात्मक एवम् वस्तुपरक यात्रा अनुभूति अभिव्यक्त गर्ने सिप विकासका लागि पठन, शब्दको उच्चारण, अर्थबोध र प्रयोग, अनुलेखन, श्रुतिलेखन, संरचना पहिचान, बोध, प्रश्नोत्तर, छलफल र व्याख्या आदिको उपयोग गर्दै बुँदा टिपोट, व्याख्या, सारांश, प्रश्न निर्माण, भाषिक प्रकार्य र स्वतन्त्र लेखन जस्ता विभिन्न क्रियाकलाप समावेश गरिएको छ । सहजीकरण गर्दा उत्प्रेरणामूलक क्रियाकलापबाट आरम्भ गरी ज्ञान आर्जन गर्दै मूल्याङ्कनको चरण विकास गरिएको छ । भाषिक संरचना तथा वर्णविन्यासअन्तर्गत कारक र विभक्ति, उद्देश्य र विधेय तथा 'ए' र 'य' को प्रयोगलाई यहाँ स्थान दिइएको छ । विद्यार्थीको रुचि, स्तर तथा पाठ्यक्रमको अपेक्षाअनुरूप निर्धारित कार्यघण्टाभित्र अभ्यासात्मक एवम् सान्दर्भिक क्रियाकलाप गराउनुपर्ने विषयमा जोड दिइएको छ ।

पहिलो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| नियात्रासँग सम्बन्धित विषयवस्तुमा आधारित छलफल | नियात्रासँग सम्बन्धित विषयवस्तुको अनुमान र कल्पना गर्न | चित्रहरू<br>अडियो/भिडियो<br>अनुच्छेदपत्ती<br>शब्दपत्ती<br>अर्थपत्ती<br>वाक्यपत्ती |
| सस्वर पठन तथा शब्दोच्चारण | नियात्रालाई सस्वर पठन तथा शब्दोच्चारण गर्न | |
| पाठगत शब्दार्थ र प्रयोग | पाठगत शब्दार्थ र वाक्यमा प्रयोग गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले भ्रमण गरेको रोचक प्रसङ्ग प्रस्तुत गर्दै विषयवस्तुप्रचि रुचि जगाउनुहोस् ।

२. पर्यटकीय, धार्मिक वा ऐतिहासिक स्थलका चित्र प्रदर्शन गर्नुहोस् र त्यस्ता क्षेत्रमा भ्रमण गरेको वा सुनेका विषयको उठान गर्दै पाठ्यविषयमा प्रवेशका लागि उत्साह जगाउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### नियात्रासँग सम्बन्धित विषयवस्तुमा आधारित छलफल

१. शिक्षकले आजको पाठ्यविषयको जाकारी दिँदै विद्यार्थी सङ्ख्याका आधारमा आवश्यकताअनुसार समूह विभाजन गरी टोली नेता छनोट गर्न लगाउनुहोस् ।

२. शिक्षक स्वयम्ले तयार पारेका वा विद्यार्थीबाट सङ्कलित यात्रा साहित्यसम्बद्ध चित्र तथा विषयवस्तु प्रदर्शन गरी समूहमा छलफल गर्न लगाउनुहोस् र समूहको निष्कर्ष टोली नेतामार्फत प्रस्तुतिकरणको अवसर प्रदान गर्नुहोस् ।

३. पाठमा प्रस्तुत चित्रका बारेमा समूह प्रतिनिधिमार्फत पालैपालो वर्णन गर्न लगाउनुहोस् । यात्रा साहित्यमा आधारित छलफलका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

#### सस्वर पठन तथा शब्दोच्चारण

१. विद्यार्थीलाई पाठ्य नियात्रा वाचनका लागि उत्प्रेरणा जगाउनुहोस् । उनीहरूलाई समावेशिताका आधारमा पालैपालो नियात्रा अनुच्छेद १ देखि १० सम्म पठन गर्नका लागि अवसर प्रदान गर्नुहोस् ।

२ विद्यार्थीले निर्दिष्ट अनुच्छेद सस्वर पठन गर्न सके नसकेको, उच्चारणगत त्रुटि भए नभएको आदि विषयमा अवलोकन गरी छलफल चलाउनुहोस् ।

३. शिक्षकले निर्दिष्टांश वाचन गर्नुहोस् वा रेकर्ड गरेको सामग्री सुनाउनुहोस् । शुद्ध उच्चारण गरी वाचन गर्नुपर्ने कुरा बताइदिनुहोस् र विद्यार्थीको पनि प्रतिक्रिया लिई शब्दोच्चारणमा सहजीकरण गरिदिनुहोस् । ।

**उच्चारण अभ्यास नमुना तालिका**

| शब्द | उच्चारण | शब्द | उच्चारण |
|---|---|---|---|
| उद्वेलन | उद्.द्वे.लन् | श्रवण | स्र.बन् |
| शिविर | सि.बिर् | गन्तव्य | गन्.तब्.ब्य |
| कलरव | क.ल.रब् | सेसेलुङ | से.से.लुङ् |

४. गति, यति तथा हाउभाउसहित नियात्रा शुद्ध सस्वरवाचन गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् उत्कृष्ट वाचन गर्नेलाई प्रोत्साहनस्वरूप स्याबासी दिनुहोस् ।

५. विद्यार्थीलाई समय मापन गरी द्रुत पठनको अवसर प्रदान गर्नुहोस् । पठन गति वृद्धिका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

#### पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई निर्दिष्ट नियात्रांश मौन पठन गर्न लगाउनुहोस् र अर्थ बोधका लागि आवश्यक ठानेका शब्द टिप्न लगाउनुहोस् ।

२. विद्यार्थीले सङ्कलन गरेका शब्द र शिक्षक स्वयम्ले टिपेका पाठ्य कथामा प्रयुक्त शब्दको अर्थ छलफल गराउनुहोस् र शब्दपत्तीको सहायताले अर्थसम्बन्धी खेल खेलाउनुहोस् । शब्द र अर्थका विभिन्न पत्ती बनाएर अर्थ पहिचान गर्ने खेल खेलाउनुहोस् ।

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|

पाठ्य नियात्रामा प्रयुक्त केही शब्द :

सम्पदा, उद्वेलन, शृङ्खला, कलरव, कञ्चनजङ्घा, रात्रिकालीन, शिविर, भीमकाय, गन्तव्य, सन्नाटा, आस्वादन, जिबुल्ले, मनमस्तिष्क आदि ।

**पाठगत केही शब्द र तिनका अर्थ :**

| **शब्द** | **अर्थ** |
|---|---|
| उद्वेलन | छचल्किने अवस्था, अटाईनअटाई बग्ने काम |
| शृङ्खला | कुनै वस्तुको क्रम, पङ्क्ति, मेसो |
| रात्रिकालीन | रातको समय |
| जिबुल्ले | मिठो मिठो खान खोज्ने |
| शिविर | यात्रा, पर्वतारोहण आदिका अवसरमा अस्थायी रूपमा पाल टाँगी वास कायम गरिने ठाउँ |

**वाक्यमा प्रयोग :**

रात्रिकालीन : रात्रिकालीन व्यापार व्यवसाय सञ्चालन गर्नका लागि यातायातको सुविधा पनि दिनुपर्छ ।

शिविर : आरोहीहरू सगरमाथा आधार शिविरमा वास बसेका थिए ।

३ विद्यार्थीलाई पाठ्यकथाका शिविर, भीमकाय, गन्तव्य, सन्नाटा, आस्वादन, जिबुल्ले आदि शब्दको अर्थ पहिचान गराएर सान्दर्भिक प्रयोग गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

१ 'कञ्चनजङ्घालाई नियाल्दा' पाठमा प्रयोग भएका उद्वेलन, शृङ्खला, कलरव, कञ्चनजङ्घा जस्ता शब्द उच्चारण गर्न, अर्थ भन्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

## दोस्रो दिन

### सिकाइ क्षेत्र

| | | |
|---|---|---|
| सस्वर पठन तथा शुद्धोच्चारण | सस्वर तथा मौन पठन गर्न | अडियो वा भिडियो<br>शब्दोच्चारणपत्ती<br>शब्दपत्ती<br>अर्थपत्ती<br>वाक्यपत्ती<br>अनुच्छेदपत्ती<br>शब्दकोश<br>प्रश्नोत्तरका नमुना चार्ट |
| पाठगत शब्दार्थ र प्रयोग | शब्दोच्चारण, शब्दार्थ र प्रयोग गर्न | |
| संरचना पहिचान | नियात्रा संरचनाको पहिचान गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

## (क) सुरुआती क्रियाकलाप

१. पढेर भन्दा यात्रा गरेर प्राप्त गरेको ज्ञान चिरस्थायी हुन्छ भन्ने विषयको उठान गर्दै आजको कक्षामा गरिने सस्वर पठन, शब्दार्थ, नियात्रा संरचना तथा प्रश्नोत्तर रहेको जानकारी दिँदै विषयमा प्रवेश गराउन उत्साहित पार्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### सस्वर पठन तथा शुद्धोच्चारण

१. शिक्षकले विद्यार्थीलाई गति, यति, हिज्जे आदिको ख्याल गर्दै नियात्रांशको सस्वरवाचन क्रियाकलाप गर्नुपर्ने विषयको जानकारी दिनुहोस् ।

२. नियात्रासँग सम्बन्धित अनुच्छेद ११ देखि २७ विद्यार्थीलाई पालैपालो सस्वरवाचन गर्न लगाउनुहोस् । उच्चारणगत त्रुटि भएमा बिचमै रोकेर सच्याउन लगाउनुहोस् । उनीहरूले गरेको उच्चारण अन्य विद्यार्थीलाई पनि ध्यानपूर्वक सुन्न लगाउनुहोस् ।

४. विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा अधोरेखाङ्कन गरेका वा टिपेका शब्दलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस्; जस्तै : बेगिन्ती, स्मृतिपट, प्रतीत, अग्निपरीक्षा, स्वीकारोक्ति आदि ।

५. विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा उच्चारणमा अप्ठ्यारो लागेका शब्द सहजीकरण गरिदिनुहोस् । शिक्षकले पनि नियात्रा वाचकका उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गरी आवश्यक सबलीकरण गरिदिनुहोस् ।

६. गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । द्रुत पठन गराएर समय मापन गरिदिई उत्साह जगाइदिनुहोस् ।

८ बहुभाषी कक्षा भएमा बढी त्रुटि गर्ने विद्यार्थी पहिचान गरी उच्चारणगत त्रुटिक्षेत्र पहिचान गर्नुहोस् र आवश्यक सबलीकरण गरी थप पृष्ठपोषण दिनुहोस् ।

### पाठगत शब्दार्थ र प्रयोग

१. सिकाइ सहजीकरणको दोस्रो क्रियाकलापको शब्दार्थ र प्रयोगसम्बन्धी पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

२. विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दको अर्थबोध गर्न तथा वाक्यमा प्रयोगका लागि छलफल आवश्यक महसुस भएका शब्द टिपोट गर्न लगाउनुहोस् ।

३. विद्यार्थीबाट सङ्कलित शब्द जस्तै : आरोहण, सौन्दर्य, प्रतीत, विलम्ब, सामर्थ्य, अग्निपरीक्षा, आतिथ्य, अभिवादन, उपर्ना, सम्झौता आदि शैक्षणिक पाटीमा टिपोट गरी सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गराउनुहोस् । शिक्षकले शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी अर्थसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

४.. शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । पुस्तकालयमा भएका शब्दकोश कक्षामा ल्याई वा पुस्तकालयमा नै लगी समूह बनाई शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् र शब्दकोश प्रयोगमा अभ्यस्त बन्न उत्प्रेरित गर्नुहोस् ।

५. शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त सान्दर्भिक वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् र तिनै शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् ।

६. विद्यार्थीले शब्दको अर्थ र प्रयोग गरेका नमुना वाक्य हेरी शब्दपत्तीको सहायताले आवश्यक सहजीकरण गर्नुहोस् ।

जस्तै : शब्द : मिरमिरे

अर्थ : अलि अलि उज्यालो भएको अवस्था, बिहानीपखको समय

वाक्य : राति बास बसेका बटुवाहरू मिरमिरे हुनेबितिक्कै आआफ्नो गन्तव्यतर्फ लाग्छन् ।

७. विद्यार्थीलाई पाठमा प्रयुक्त शब्दको शब्दोच्चारण अभ्यास गर्न लगाउनुहोस् :

| **सिर्जना** | **उच्चार्य रूप** | **लेख्य रूप** | **/उच्चार्य रूप** |
|---|---|---|---|
| दृष्टि | /द्रिस्.टि/ | दिनचर्या | /दिन्.चर्.या/ |
| उद्वेलन | /उद्.द्वे.लन्/ | चञ्चल | /चन्.चल/ |
| शृङ्खला | /स्रिङ्.ख.ला/ | व्यावसायिक | /ब्या.ब.सा.यिक्/ |
| थुम्काथुम्की | /थुम्.का.थुम्.कि/ | अविस्मरणीय | /अ.बिस्.म र.निय/ |
| भरोसा | /भ.रो.सा/ | तु.जुक् | /तु.जुक्/ |
| रात्रिकालीन | /रात्.रि.का.लिन्./ | प्रतिबिम्बित | /प्र.ति.बिम् बित्/ |

८. विद्यार्थीको समूह विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । कुनै पाँच शब्द दिई समूहमा प्रतिस्पर्धा गराई शब्दकोशको प्रयोगबाट शब्दार्थ पहिचान गर्न तथा वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । आवश्यकतानुसार पृष्ठपोषण गर्नुहोस् ।

## संरचना पहिचान

१ पाठ्यपुस्तकको कथा र त्यसबाहेक बाह्य नियात्रासमेत प्रस्तुत गरी संरचनाका बारेमा छोटकरीमा छलफल चलाउनुहोस् ।

२. एउटा नियात्रा र अर्को नियात्रका बिच तुलना गर्न लगाई कुन नियात्रा कति लामो छ, आदि, मध्य र अन्त्यको

संरचना कसरी लेखिएको छ भनी जिज्ञासा उत्पन्न गराइदिनुहोस् ।

३. पाठ्य नियात्रामा रहेका अनुच्छेद सङ्ख्या पहिचान गर्न लगाउनुहोस् । आदि भाग, विकास वा मध्य भाग र उपसंहार वा निष्कर्षको सङ्केतसम्बन्धी छलफल गरी जानकारी दिनुहोस् ।

४. नियात्राको संरचना बोधका विषयमा सङ्क्षिप्तकृत रूपमा विभिन्न प्रश्न सोधी यसको पहिचान गर्न लगाउनुहोस् ।

५ नियात्रा हुनका लागि यात्राको विषय, पात्र, भाषा शैली आदि के के चाहिन्छ भन्ने कुरा समूहगत रूपमा छलफल गर्न लगाई पृष्ठपोषण दिनुहोस् ।

६. कक्षामा विद्यार्थीको उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी आवश्यक सबलीकरण गरी थप अवसर प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

१. शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नहरूको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् । पाठका आधारमा बोध प्रश्न ४ को प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

**संरचना बोधका लागि केही प्रश्न**

अनुच्छेदमा कतिओटा वाक्य छन् ?

अनुच्छेदको सबैभन्दा लामो वाक्य कुन हो ?

अनुच्छेदको सबैभन्दा छोटा वाक्यमा कतिओटा शब्द रहेका छन् ?

नियात्रा कति अनुच्छेदमा संरचित छ ?

(क) यात्राको प्ररम्भमा कहाँबाट भएको छ र अन्त्य कहाँ पुगेर भएको छ ?

(ख) नियात्राको बिचमा के के घटना भएका छन् ? (ग) नियात्राको अन्त्य कसरी भएको छ ?

(घ) नियात्रा कुन समय र परिवेशको होला ? (ङ) नियात्रामा के कस्ता पात्र छन् ?

जस्तै : प्रश्न : (क) लिम्बू भाषामा प्रयोग हुने **जुङ**को अर्थ के हुन्छ ?

उत्तर : लिम्बू भाषामा प्रयोग हुने **जुङ**को अर्थ किल्ला हुन्छ ।

(ख) कञ्चनजङ्घालाई लिम्बूभाषीले के भनेर मान्दा रहेछन् ?

उत्तर : कञ्चनजङ्घालाई लिम्बूभाषीले सेसेलुङ अर्थात् अटलता र पवित्रताको प्रतीक भनेर मान्दा रहेछन् ।

२. प्रत्येक समूहलाई थप एक एकओटा प्रश्नको उत्तर लेख्न दिनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सबलीकरण गर्नुहोस् ।

३. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने भएमा विद्यार्थीबाट आवश्यक प्रतिक्रियासमेत लिई छलफल अगाडि बढाउनुहोस् ।

४. यसैगरी अति सङ्क्षिप्त उत्तर आउने खालका प्रश्नहरू सोधी बोध अभिव्यक्ति क्षमता विकासका लागि यथेष्ट अभ्यास गराउनुहोस् ।

## (ग) मूल्याङ्कन

**१. दिइएका शब्दलाई उच्चारण गर्न लगाउनुहोस् :**

सौन्दर्य, प्रतीत, विलम्ब, सामर्थ्य

२ तल दिइएका शब्दको अर्थ भन्न लगाई सार्थक वाक्य बनाउन लगाउनुहोस् :

अग्निपरीक्षा, विलम्ब, सामर्थ्य, आतिथ्य

## तेस्रो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| अनेकार्थक शब्दको पहिचान र प्रयोग | अनेकार्थक शब्दको पहिचान, अर्थ बोध र प्रयोग | शब्दपत्ती<br>अर्थपत्ती<br>वाक्यपत्ती<br>अनुच्छेदपत्ती |
| पद तथा पदावलीको पहिचान र प्रयोग | पद तथा पदावलीको पहिचान र प्रयोग | |
| अनुलेखन तथा श्रुतिलेखन | अनुलेखन तथा श्रुतिलेखन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

२ विद्यार्थीको प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी दिई उत्साह जगाउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**अनेकार्थक शब्दको पहिचान, अर्थ बोध र प्रयोग**

१. विद्यार्थीलाई पाठ्य नियात्रा मौन पठन गर्न दिनुहोस् र एउटै शब्दको एकभन्दा बढी अर्थ दिने कुनै शब्द छन् भने टिपोट गर्न दिनुहोस् ।

२. पूर्व पठनका आधारमा अनेक अर्थ भएका शब्द तिर, चुली, अर्थ, मूल आदि शब्द टिपोट गरी तिनका भिन्न भिन्न अर्थ के के हुन्, छलफल गराउनुहोस् । सबैभन्दा बढी शब्द भेट्टाउने विद्यार्थीलाई ताली बजाएर स्याबासी दिनुहोस् ।

३. विद्यार्थीलाई पाठमा प्रयोग भएका अनेकार्थक शब्दको उच्चारण तथा अर्थबोध गर्न समस्या भएमा ती शब्द शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् अनि ती शब्दको अर्थ खोजी गर्न लगाउनुहोस् ।

४. शब्दकोशको सहायता लिई शब्दको फरक फरक अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

**केही अनेकार्थक शब्द**

| शब्द | अर्थ |
|---|---|
| बेला | क) बाजा ख) समय |
| अर्थ | क) अभिप्राय ख) धन ग) पुरुषार्थ विशेष |

| पद | क) शब्द ख) खुट्टा ग) श्लोकको चरण |
|---|---|
| वाक्य | बेला : बेलामा काम गर्न सकेन भने उन्नति असम्भव छ ।<br>बेला : बेला बजाएर आनन्द लिनेको सङ्ख्याको पनि कहाँ कमी छ र ? |

५. निर्दिष्ट शब्दको भिन्न अर्थ खुल्ने गरी वाक्यमा प्रयोगको अभ्यास गराउनुहोस् । विद्यार्थीबिच छलफल गराई नमुना वाक्य प्रस्तुत गर्न लगाउनुहोस् । अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### पद तथा पदावलीको पहिचान र प्रयोग

१. शिक्षक निर्मित वा विद्यार्थीबाट प्राप्त पदावलीप्रयुक्त स्लाइड वा चार्ट वा अडियोलाई प्रस्तुत गर्नुहोस् ।

२. विद्यार्थीलाई पदहरूको श्रेणी वा पदबन्ध नै पदावली भएको जानकारी दिँदै ती शब्द समूह पहिचान गर्न लगाउनुहोस् ।

३. विद्यार्थीलाई पदावलीको सूची निर्माण गर्न, तिनले जनाउने कार्यबिचको सम्बन्ध प्रस्ट्याउन र वाक्य निर्माण गर्न लगाउनुहोस् र आवश्यक परे सहजीकरण गरिदिनुहोस् ।

४. पदावली प्रयुक्त सामग्री वा अनुच्छेदको स्लाइड वा रेकर्ड गरेको कुरा सुनाई कसरी सान्दर्भिक प्रयोग गर्न सकिने रहेछ भन्ने कुरा बताइदिनुहोस् ।

**पद :** वाक्यमा प्रयुक्त शब्द नै पद हुन् ।

उदाहरण : नेपाल पर्यटनका दृष्टिले धर्तीको स्वर्ग हो । यहाँ स्वर्ग शब्द नाम पद हो ।

केही पदहरू : सिरेटो, आरोह, सम्झना, दुर्घटना, गन्तव्य, स्मारक आदि ।

**पदावली :** पदहरूको समूह नै पदावली हो ।

जस्तै : प्राकृतिक सौन्दर्य, हिमाली चिसो, हिउँको उपर्ना, बादलका ससाना दल, मनोरम दृश्य, भारी बोकेर जीवन धान्नु, मानवीय संवेदना, घर व्यवहार चलाउनु, पातलो बस्ती, सुनौला किरण आदि ।

५. सुरुमा आफूले केही पदावली सुनाउनुहोस् र समूहगत, बेन्चगत अथवा पालैपालो विद्यार्थीबाट तिनको अर्थ बोध गराई वाक्य निर्माण गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६. पदावलीको अर्थ खुल्ने गरी वाक्य बनाउन लगाउनुहोस् । सङ्कलन गरेर ल्याएका पदावलीको अर्थ पहिचान गर्न लगाई सबै विद्यार्थीलाई सान्दर्भिक प्रयोग गराउनुहोस् । आवश्यकता महसुस भएमा सहजीकरण गरी पृष्ठपोषण दिनुहोस् । विद्यार्थीलाई सक्रिय सहभागिताका लागि प्रशंसा गर्न नबिर्सनुहोस् ।

### अनुलेखन तथा श्रुतिलेखन

१. विद्यार्थीको समूह विभाजन गराउनुहोस् । अनुलेखन गर्दा कसरी शुद्ध, सफा र छिटो सार्न सकिन्छ छलफल गर्न लगाउनुहोस् र कति मिनेटभित्र लेख्नुपर्ने भन्ने जानकारी दिएर शिक्षकले आफूले ल्याएको अनुच्छेदको चार्ट वा स्लाइड प्रदर्शन गरी अनुलेखन गर्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई अनुलेखन गर्दा सुन्दर अक्षरमा केही कुरा लेख्नु हो भन्ने कुराको जानकारी दिई वर्णविन्यास, अनुच्छेद परिवर्तन आदिमा ध्यान दिई अनुलेखन गर्न लगाउनुहोस् । निर्दिष्ट संवादात्मक अभिव्यक्ति भएका केही निर्दिष्ट अनुच्छेद अनुलेखन गर्न दिनुहोस् ।

३ प्रत्येक समूहमा उत्कृष्ट अनुलेखन गर्ने विद्यार्थी पहिचान गर्नुहोस् र सबै समूहमध्ये उत्कृष्ट विद्यार्थी र उत्कृष्ट समूह पहिचान गरी उचित पुरस्कार वा उत्कृष्ट अनुलेखन कार्ड प्रदान गर्नुहोस् र आवश्यक पृष्ठपोषण पनि दिनुहोस् ।

४. विद्यार्थीलाई हिज्जे तथा श्रुतिलेखन गराउनुहोस् । एक आपसमा कापी साटसाट गराई परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले अवलोकन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५ सम्बन्धित विद्यार्थीलाई त्रुटि पहिचान तथा शुद्धताका लागि गर्नुपर्ने सुधारका बारेमा मनन गराउनुहोस् र आवश्यकीय पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

**१. दिइएका शब्द र पदावलीलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**

मनग्य, छेकछन्द, सिरेटो, स्मृतिपट, अतिथि, आरेहण, सिर्रसिर्र, सम्झौता, बादलका ससाना दल, मनोरम दृश्य, भारी बोकेर जीवन धान्नु, मानवीय संवेदना

**चौथो दिन**

**(क) सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| घटना टिपोट तथा मिलान | घटना टिपोट तथा मिलान गर्न | • अनुच्छेदपत्ती<br>• घटना टिपोट चार्ट<br>• नियात्राको सारको चार्ट<br>• बुँदापत्ती<br>• सन्देशको प्रस्तुति चार्ट |
| नियात्रासार | नियात्राको सार प्रस्तुत गर्न | |
| नियात्राको सन्देश | रचनाको अध्ययनबाट विषयवस्तु र सन्देश प्रस्तुत गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई अभिवादनपश्चात् प्रेरक घटना सुनाई कक्षारम्भ गर्नुहोस् । अगिल्लो कक्षामा छलफलगरिएका विषयमा केही समस्या भए सहजीकरण गरिदिनुहोस् ।

२. पाठ्य कथामा के के घटना घटेका छन्, अनुमान तथा छलफल गर्न उत्प्रेरित गर्नुहोस् । कुन कुन घटना भए, क्रमैसँग घटना स्मरण गर्न, कथाको सार खिच्न र सन्देश के हो मनन गर्नका लागि उत्साहित हुने वातावरण सिर्जना गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### घटना टिपोट तथा मिलान

१. विद्यार्थीको समूहलाई बराबर पर्ने गरी पाठ्य नियात्राका अनुच्छेद बाँडिदिनुहोस् र मौन वाचन गर्दै विद्यार्थीले छलफलपश्चात् तयार गरेका घटना के के रहेछन्, अवलोकन गर्नुहोस् । उत्कृष्ट घटनाको बुँदा टिपोट गर्नका लागि उत्प्रेरित गर्नुहोस् ।

२. टिपोट गरिएका घटनालाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् र बुँदापत्तीमा टिपोट गर्नुहोस् । कुनै बुँदा दोहोरियो वा मिलेन भने आवश्यकतानुसार सहजीकरण गरिदिनुहोस् ।

३. शिक्षकले आफूले तयार पारेको पाठ्य नियात्राको घटना एवम् पुगेका स्थानका बुँदापत्तीहरूलाई छ्यासमिस पारेर विद्यार्थीलाई एउटा एउटा गर्दै बाँड्नुहोस् । अझै रहेको छ भने दुई दुई वा तीन तीनओटा बाँड्नुहोस्

अनि घटनाक्रम बोध गर्न लगाउनुहोस् । शिक्षकले आफूले ल्याएको स्लाइड, चार्ट वा अडियो सामग्री पनि प्रस्तुत गर्नुहोस् ।

४ पाठ्य नियात्राबाट विद्यार्थीले टिपेका घटनालाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् ।

५. कुनै बुँदा दोहारियो वा मिलेन भने आवश्यक सहजीकरण गरिदिनुहोस् । तीमध्ये कुन घटना पहिले भएको हो, पहिलो घटना पर्ने विद्यार्थीलाई पहिला भन्न लगाउनुहोस् । त्यसपछि दोस्रो अनि तेस्रो क्रमशः सबैले पालैपालो आफ्नो घटना बुँदा भन्दै टिप्दै घटनाक्रम निर्माण तथा मिलान गर्न लगाउनुहोस् ।

**नमुना बुँदा**

- प्राकृतिक सौन्दर्यमा रमाउने भएकाले नियात्राकार राजेद्रलाई कञ्चनजङ्घा पदयात्रा गर्ने हुटहुटी जागेको
- काठमाडौँबाट उडेको जहाजबाट लाङटाङ, गौरीशङ्कर आदि हिमशृङ्खला हेर्दै अन्य दुई जना हितैषी मित्र राम र लालसँग भद्रपुर पुगेको
- लिम्बू भाषीले सुसेलुङ अर्थात् अटलता र पवित्रताको प्रतीक मान्ने कञ्चनजङ्घाको आधार शिविरमा पुग्न बिर्तामोडबाट चारआलीनेर हुँदै ताप्लेजुङतर्फ लागेका
- ताप्ले नामक राजाको किल्ला अर्थात् जुङ भएकाले ताप्लेजुङ नामकरण गरिएको यस ठाउँमा पुग्दा साँझ ५ बजिसकेको हुँदा रात्रिकालीन समय रोमाञ्चक बनेको
- ताप्लेजुङबाट तमोरको सेराफेरो नियाल्दै तावागाउँको पातलो बस्ती हुँदै छिरुवा पुगेका
- छिरुवाबाट थाङयानीमा पुगी बास बसेर सातौँ दिन घुन्सातर्फ लागेका
- मनमा कुरा खेलाउँदै प्रकृतिका कालिगढले कुँदेर बनाएको कलात्मक सुन्दर उपत्यका झैँ लाग्ने, स्वर्गभित्रको स्वर्ग झैँ लाग्ने फलेगाउँ पुगेका
- हेलिकोप्टरमा ज्यान गुमाउन पुगेका यात्रुको सम्झनामा बनाइएको स्मारक हुँदै घुन्सा पुगेका
- घुन्सा पुगेको भोलिपल्ट मनोरम बस्ती खाम्बोचेनतर्फ लागेका
- खाम्बोचेनबाट लोनाकतर्फ बढेर दुर्बिनडाँडा अर्थात् रामताङ अनि भोलिपल्ट पाङ्पे अर्थात् कञ्चघनजङ्घा आधार शिविर पुगेका
- विश्वको तेस्रो अग्लो शिखर कञ्चनजङ्घाको काखमा पुग्दा यात्राको सबैभन्दा रोमाञ्चक क्षण बनेको
- कञ्चनजङ्घा पुगेर त्यसलाई नियाल्दै स्वच्छ र सफा पवित्रताको प्रतीक भन्ने अर्थ खोज्ने प्रयत्न गरेका
- फर्कंदा नेपालको राष्ट्रियता, स्वाभिमान र मातृत्वको मार्मिक देशप्रेमको भावना झल्किएको गीत कति राम्रो यो प्यारो कञ्चनजङ्घा भन्ने गीत गुन्गुनाउँदै आधार शिविरबाट फर्केका

६. विद्यार्थीको नियात्रा घटना मिलान क्रियाकलाप अवलोकन गरी आवश्यक परे पृष्ठपोषण गर्नुहोस् ।

## नियात्रा सार

१. शिक्षकले पाठ्य नियात्राबाट टिपिएका बुँदाहरूका आधारमा कथाको सार के हो भनी छलफल गराउनुहोस् । कथाको सार खिच्न लगाउनुहोस् र आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

२. पाठ्य कथाको सार खिच्नका लागि विद्यार्थीलाई नियात्राबाट प्रश्न सोध्नुहोस् ।

**नियात्रासँग सम्बन्धित केही प्रश्न**

(क) नियात्राकार को कोसँग कहाँ कहाँ घुमे ?

(ख) कञ्चनजङ्घाको सौन्दर्य वर्णनीय बन्नाका कारण के हो ?

(ग) कञ्चनजङ्घा यात्रा गर्दाका बेलाको यात्रा वृत्तान्त बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

३. विद्यार्थीलाई प्रस्तुत बुँदाहरूका आधारमा छलफल गर्न लगाई आवश्यकतानुसार सबलीकरण गरिदिनुहोस् ।

४. छलफलबाट प्राप्त निष्कर्षलाई छोटकरीमा लेख्न दिई आवश्यकतानुसार पृष्ठपोषण दिनुहोस् ।

## नियात्राको सन्देश

१ कञ्चनजङ्घा नियात्राले के भन्न खोजेको हो ? नियात्रा पठन गरेपछि यसले के सन्देश दिन्छ आदि प्रश्न सोधी मस्तिष्क मन्थन गर्न लगाउनुहोस् ।

२ विद्यार्थीलाई नियात्रा सन्देशका लागि केही बुँदाहरू मनन गर्न लगाई बुँदा टिपोट गर्न लगाउनुहोस् ।

बुँदाहरू :

- पदयात्राका रमाइला क्षण र आइपर्ने कठिनाइको बेजोड प्रस्तुति
- कञ्चनजङ्घा नियाल्नेका लागि जीवन्त प्रस्तुति
- हिमालको सुन्दरताले मनमा उत्पन्न हुने भाव समेटिएको
- नेपालको प्राकृतिक अनुपम सुन्दरताको सजीव चित्रण
- जोखिम नमोलिकन जीवन यात्रा कहिल्यै नहुने शाश्वत सत्यको उद्‌बोधन
- पदयात्राको रहर, पदयात्राको चुनौती अनि गन्तव्यमा पुग्दाको आत्मसन्तुष्टिको भावत्रिवेणी प्रस्तुत गर्न सफल

३. छलफलबाट बुँदाको टिपोट गरेपछि एक अनुच्छेदमा सन्देश लेख्न लगाउनुहोस् र आवश्यकता परेमा सहजीकरण गरी पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

१. नियात्राको मुख्य मुख्य घटना बुँदागत रूपमा भन्न लगाउनुहोस् ।

२. नियात्राको सन्देश के हो, भन्न लगाउनुहोस् ।

## पाँचौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बोध प्रश्नोत्तर | बोधात्मक अनुच्छेदबाट प्रश्न निर्माण गर्न र उत्तर पहिचान गर्न | बुँदापत्ती<br>अनुच्छेदपत्ती<br>प्रश्न र नमुना उत्तरको चार्ट |
| सङ्क्षिप्त उत्तर | सङ्क्षिप्त उत्तर दिन | |

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले विद्यार्थीलाई यात्रासम्बन्धी प्रेरणादायी घटना सुनाएर उत्प्रेरण जगाउनुहोस् ।

२. अगिल्लो कक्षाका छलफल गरिएका विषयवस्तुको सारको स्मरण गराउँदै आजको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## बोध प्रश्नोत्तर

१. बोधसँग सम्बन्धित केही प्रश्न सोधी बोधात्मक अभ्यासतर्फ विद्यार्थीको रुचि जगाउनुहोस् र नियात्रांशमध्ये कुनै एक अंश सुनाई केही प्रश्न दिई बोध अभ्यासका लागि मस्तिष्क मन्थन गराउनुहोस् ।

२. शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ र ५ गर्नका लागि प्रश्न मनन गर्न लगाई नियात्रांश पठन तथा बोधात्मक उत्तर लेखनाभ्यासका लागि सामूहिक छलफल गराउनुहोस् ।

३. विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र साथीबाटै उत्तर मिलेको वा नमिलेको जानकारी लिनुहोस् र आवश्यक पर्दा सम्बन्धित समूहकहाँ अवलोकन गर्दै सबलीकरण गर्नुहोस् ।

४. विद्यार्थीलाई गद्यांश वा पाठ्य नियात्राबाहिरबाट संवादांश उद्धृत गर्नुहोस् र प्रश्नोत्तरका लागि उत्प्रेरित गर्नुहोस् ।

५. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् वा अन्य कुनै अदृष्ट अनुच्छेद प्रस्तुत गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् र प्रश्नोत्तर गर्न भन्नुहोस् ।

६. बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा स्मरणका लागि सामूहिक छलफल गराउनुहोस् :

● प्रस्तुत दृष्टांश राम्ररी पढ्नुपर्छ । ● बोधका अन्त्यमा दिइएका प्रश्नलाई राम्ररी पढी तिनले खोजेको उत्तर पहिल्याउनुपर्छ । ● प्रश्नअनुसारको उत्तरको वाक्य गठन र शैली मिलेको हुनुपर्छ । ● शब्दको अर्थ लेख्नु परेमा दिइएको लिखित अभिव्यक्तिकै आधारमा लेख्नुपर्छ । विभक्ति पहिचान, उद्देश्य र विधेय पहिचान वर्णविन्यास पहिचान जस्ता भाषा संरचना पूर्वज्ञान पहिचान गर्नका लागि पहल गर्नुपर्छ । ● बोधको उत्तर एक वा दुई वाक्यमा लेख्नुपर्छ । ● प्रश्नको उत्तर सरल र स्पष्ट हुनुपर्छ । ● दिइएको लिखित अभिव्यक्ति ध्यान दिएर राम्ररी पढ्नुपर्छ । ● बोधका अन्त्यमा दिइएका प्रश्नलाई राम्ररी पढी तिनले खोजेको उत्तर पहिल्याउनुपर्छ । ● प्रश्नअनुसारको उत्तरको वाक्य गठन र शैली मिलेको हुनुपर्छ । ● शब्दको अर्थ लेख्नुपरेमा दिइएको लिखित अभिव्यक्तिकै आधारमा लेख्नुपर्छ । ● बोधको उत्तर एक वा दुई वाक्यमा लेख्नुपर्छ । ● प्रश्नको उत्तर सरल र स्पष्ट हुनुपर्छ ।

७ विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् । यसका लागि आवश्यक समय दिनुहोस् ।

८ समूहले उत्तर लेखिसकेपछि टोली नेतालाई उत्तर भन्न लगाउनुहोस् र अन्य समूहलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

**नमुना प्रश्नोत्तर**

(क) खप्तडलाई के केको सम्मिश्रण भनिएको छ ?

उत्तर : खप्तडलाई हरियो भुइँमा राता र पहेँला बुट्टा भरिएका गलैँचाकारमा अर्द्धनिद्रित प्रकृति, अलिकति रमणीय र अत्यास, अलिकति शान्ति र एकान्त यी सबैको सम्मिश्रण भनिएको छ ।

९ भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्व ज्ञानका आधारमा गराउनुहोस् । सम्बन्धित विषयको विस्तृत क्रियाकलाप आगामी कक्षामा गराइने जानकारी गराउनुहोस् ।

## सङ्क्षिप्त उत्तर लेखन

१. कुनै रोचक प्रसङ्ग विद्यार्थीलाई सुनाउन लगाएर वा आफूले सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । सिकाइ सहजीकरणको दोस्रो क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

२. विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । उत्तर लेखनका लागि प्रश्नहरू मनन गर्न लगाउनुहोस् ।

३. सङ्क्षिप्त उत्तर लेख्ता ध्यान दिनुपर्ने कुराका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

४. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ मा दिइएको सङक्षिप्त प्रश्न प्रस्तुत गर्नुहोस् । विद्यार्थी सङ्ख्याका आधारमा समूह बनाई टोली नेता छान्नुहोस् । ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गर्न निर्देशन दिई एउटा समूहले कुनै एउटा प्रश्नको उत्तर लेख्नका लागि आवश्यक समय दिनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थी समूहमध्ये कुनै एक समूहले लेखेको उत्तर प्रस्तुत गरी पढेर सबैलाई सुनाउन लगाउनुहोस् । उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुनै कुरा छन् भने भन्ने अवसर अन्य समूहका एक एक जनालाई दिनुहोस् ।

६. शिक्षकले तयार पारेको नमुना प्रश्नोत्तर स्लाइड वा चार्ट प्रस्तुत गर्नुहोस् ।

**सङ्क्षिप्त प्रश्न र उत्तर**

प्रश्न : लेखकलाई कञ्चनजङ्घाको पदयात्रा गर्ने रहर किन जाग्यो ?

**उत्तर** : धर्तीकै स्वर्गका रूपमा परिचित नेपाल प्राकृतिक एवम् सांस्कृतिक विविधताका दृष्टिले गौरवशाली भूमि भएकाले लेखकलाई यी दृश्य हेर्ने र आनन्दित हुने हुटहुटी जाग्यो । सपनामा पूर्वी नेपालको सौन्दर्यपान गरेको पटक पटक देखेकाले पनि उनलाई रोमाञ्चित यात्रा तय गर्ने रहर हुन्छ । विश्वको तेस्रो अग्लो शिखर कञ्चनजङ्घालाई नजिकबाट नियाल्नका लागि भोक, तिर्खा अनि कष्टदायी यात्राको पर्वाह नगरी प्राकृतिक सुन्दरता र मानवीय बेजोड इच्छाका कारण लेखकले पहाडको साहसिक यात्रा तय गर्ने निर्णय गरेका छन् । यसैले प्रकृति, संस्कृति र माटालाई नजिकबाट नियाल्न लेखकलाई कञ्चनजङ्घाको पदयात्रा गर्ने रहर जाग्यो ।

७ समूहले तयार पारेका अन्य प्रश्नका सङ्क्षिप्त उत्तर साथी साथीबिच कापी साटासाट गरी परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

१. खप्तड कस्तो ठाउँ रहेछ, उत्तर भन्न लगाउनुहोस् ।

२. कञ्चनजङ्घाको सौन्दर्य बारेमा चार पाँचओटा बुँदामा भन्न लगाउनुहोस् ।

**छैटौँ दिन**

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| व्याख्या लेखन | व्याख्येय पङ्क्तिको व्याख्या गर्न | • बुँदापत्ती<br>• अनुच्छेदपत्ती<br>• सारांशको नमुना चार्ट |
| बुँदा टिपोट तथा सारांश लेखन | बुँदा टिपोट तथा सारांश लेखन गर्न | |

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

(क) सुरुआती क्रियाकलाप

१. कक्षाका विद्यार्थीलाई मननीय भनाइ सुनाएर त्यस भनाइले व्यक्त गर्न खोजेको भावका बारेमा जानकारी गराई विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनको सिकाइका विषयवस्तुको उठान गर्दै आजको कक्षामा प्रस्तुत हुने व्याख्या, अनुच्छेद लेखन तथा बुँदा टिपोट र सारांश लेखनबारेमा सङ्क्षेपमा छलफल गराउनुहोस् ।

### व्याख्या लेखन

१. विद्यार्थीलाई व्याख्या भनेको के हो ? व्याख्या कसरी गरिन्छ ? आदि प्रश्न सोधी पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

२ व्याख्या वा भाव विस्तारलाई कसरी प्रस्तुत गर्न सकिन्छ भन्ने बारेमा छलफल चलाई व्याख्या गर्न उत्प्रेरित गनुहोस् ।

३ व्याख्याका लागि निम्न प्रश्न दिई समूहलाई आवश्यक बुँदा टिपोट गर्न लगाउनुहोस् ।

**प्रश्न : वास्तवमा जीवन भन्नु नै यात्रा रहेछ । यात्रा चाहिँ जोखिम नमोलिकन कहिल्यै पूरा हुँदो रहेनछ ।**

**बुँदाहरू**
- पर्यटकका लागि यात्रा जीवनको पर्याय बन्ने
- बाटो हिँड्दा देखिने दृश्य जति मनमोहक हुन्छ, यात्रा त्यति सहज नहुने
- जीवन गतिशील भएकाले मानवीय स्वभाव नै यात्रामय हुने
- पदयात्रा गर्ने रहर जागेपछि यात्राका बिचमा आइपर्ने बाधा अड्चन सहजै पार गरिने
- कुनै यात्रा सहज भए पनि कुनै ज्यान नै जोखिममा राखे मात्र सफल हुन सकिने
- गन्तव्यमा पुग्न हुटहुटी जागे पनि यति सास्ती खेपेर अगि बढे मात्र यात्रा पूरा हुने
- घाम, पानी, हावा, हुरी, बाढी, पहिरो, हिउँ, चिसो, अभाव, आक्रमण, द्वन्द्व, थकान, हैरानी, बाधा आदि भोग्नुपर्ने

४ समूह कार्य सकिएपछि पालैपालो कक्षामा प्रस्तुतिकरण गर्न लगाउनुहोस् । अन्त्यमा विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । समग्रमा सुधार गर्न आवश्यक पक्षलाई स्पष्ट पारिदिनुहोस् ।

### बुँदा टिपोट तथा सारांश लेखन

१. सिकाइ सहजीकरणको दोस्रो क्रियाकलापको पाठ्यवस्तुअन्तर्गत बुँदा टिपोट तथा सारांश लेखनबारे स्पष्ट पार्नुहोस् ।

२. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् र बुँदा टिपोट र सारांश लेखनका बारेमा समूहगत छलफल गराउनुहोस् ।

३ टोली नेतालाई छलफलको निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

४. शिक्षकले शैक्षणिक सामग्रीको रूपमा आफूले लगेका बुँदाहरूलाई प्रस्तुत गरी विद्यार्थीका समूहहरूबिच छलफल चलाउनुहोस् । आफूले शैक्षणिक सामग्रीको रूपमा लगेको सारांश लेखनको नमुनालाई कक्षामा कुनै विद्यार्थीमार्फत वाचन गर्न लगाउनुहोस् ।

५ बुँदा टिपोट तथा सारांश लेखनबारे कक्षामा छलफल चलाउनुहोस् र आवश्यक भएमा निम्न ढाँचाको पृष्ठपोषण दिनुहोस् :

बुँदा टिपोट

१. ...............................................................................

२. ...............................................................................

३. ...............................................................................

४. ...............................................................................

सारांश लेखन : शीर्षक

...............................................................................

.....................................................................................................................................

.....................................

अनुच्छेदको शब्दसङ्ख्या : ....

एक तृतीयांशको शब्दसङ्ख्या : .....

सारांशको शब्दसङ्ख्या : .....

६. बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ अनुसारको पाठको अनुच्छेद १६ मौन पठन गरी मुख्य मुख्य विषयवस्तु समेटेर चारओटा बुँदा टिपोट गर्न लगाउनुहोस् । बुँदा टिपोट गरिसकेपछि सामूहिक छलफल गरेर सारांश लेख्न लगाउनुहोस् । विद्यार्थीलाई आवश्यक परे सहजीकरण पनि गर्नुहोस् ।

७ विद्यार्थीलाई साथीको प्रस्तुति सुनी सारांशबारे प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

१ पाठ्य नियात्राबाट कुनै एक नियात्रांश दिएर चारओटा बुँदा भन्न लगाउनुहोस् ।

२. पत्रिका वा कुनै पाठ्य गद्यांशबाट सारांश भन्न लगाउनुहोस् ।

**सातौँ दिन**

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| प्रश्न निर्माण र उत्तर पहिचान | बोधात्मक अनुच्छेदबाट प्रश्न निर्माण गर्न तथा उत्तर पहिचान गर्न | • बुँदापत्ती<br>• अनुच्छेदपत्ती<br>• नमुना प्रश्नोत्तरको चार्ट |
| अनुच्छेद लेखन | अनुच्छेद लेखन गर्न | |
| समीक्षात्मक उत्तर लेखन | समीक्षात्मक उत्तर लेख्न | |

## (ग) प्रश्न निर्माण र उत्तर पहिचान

१. पाठ्य नियात्राको निर्दिष्टांश पठन गर्न लगाउनुहोस् । दिइएको अनुच्छेदबाट महŒवपूर्ण विषय के के हुन सक्छन्, तिनको पहिचान गरी त्यहाँबाट प्रश्न निर्माण गर्न लगाउनुहोस् ।

**शिक्षकका लागि सन्दर्भ सामग्री**

प्रश्न निर्माण गर्दा निम्न कुरामा ध्यान दिन लगाउनुहोस् :

(क) शब्दभण्डारसँग सम्बन्धित प्रश्न बनाउन

(ख) भाषिक संरचनासँग सम्बन्धित प्रश्न निर्माण गर्न

(ग) विशेषता/सन्दर्भ/परिवेश/समस्या समाधानमूलक प्रश्न बनाउन

(घ) तार्किक र ज्ञानात्मक प्रकृतिका प्रश्न निर्माण गर्न

२. प्रश्न निर्माण गर्नुअगि धारणा निर्माण गर्न तथा आफ्ना विचारलाई प्रश्नबाट तर्कयुक्त ढङ्गले प्रस्तुत गर्न लगाउनुहोस् । उत्तरात्मक प्रस्तुतिको अभिव्यक्तिगत सिप अभिवृद्धि गराउनुहोस् ।

३ विद्यार्थीलाई फरक फरक प्रश्न निर्माण गर्न लगाउनुहोस् । उत्तरका लागि बुँदा टिपोट गराई उत्तर छलफल गर्न लगाउनुहोस् ।

४. यसपछि मुख्य मुख्य बुँदाका आधारमा आवश्यक उत्तर भन्न र लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

५ कम्तीमा चारओटा प्रश्न निर्माण गर्न लगाई उत्कृष्ट प्रश्न बनाउनेलाई स्याबासी दिनुहोस् । विभिन्न प्रश्नहरू चार्टमा लेखेर टाँसी प्रश्नका संरचनाबारे छलफल गर्दै उत्तर लेख्न लगाउनुहोस् र समग्रमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६ विद्यार्थीलाई समूहगत रूपमा उत्तर पहिचान गर्न लगाउनुहोस् र आवश्यक कुरा स्पष्ट पारिदिनुहोस् ।

**अनुच्छेद लेखन**

१. शीर्ष वाक्य पहिचान गर्न लगाउनुहोस् । शिक्षकले तयार पारेको कुनै अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । त्यस अनुच्छेदको पहिलो वाक्य कुन हो भन्ने प्रश्न सोधी पहिलो वाक्य पहिचान गरेर भन्न निर्देशन दिनुहोस् ।

२. विद्यार्थीले भनेको पहिलो वाक्यको आशय त्यस अनुच्छेदको मुख्य आशय हो वा होइन भन्नेबारे छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष स्वस्फुर्त सुनाउन लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

३. बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ मा दिइएको प्रश्न पढ्न लगाउनुहोस् । अनुच्छेद लेखनको सुरुमा शीर्ष वा मुख्य वाक्य हुनुपर्छ । अनुच्छेद लेखनका बारेमा मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस् ।

४. समूह नेतालाई आफूले टिपोट गरेका विषयवस्तु प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

५. अनुच्छेद लेखनका विधि र प्रक्रियाबारे समूहमा छलफल गराउनुहोस् । समूहको निष्कर्ष टोली नेतालाई भन्न लगाउनुहोस् ।

६. शिक्षकले तयार पारेको अनुच्छेद लेखनको नमुना प्रदर्शन गरी पढेर सुनाउनुहोस् ।

७. विद्यार्थी समूहलाई 'मेरो देश' शीर्षकमा वा अन्य कुनैमा निजात्मक अनुच्छेद तयार पार्नका लागि समय दिनुहोस् । समूह कार्यलाई शिक्षकले अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

८. समूहका टोली नेतालाई अनुच्छेद प्रस्तुतिकरणको अवसर दिनुहोस् । थपघट गर्नुपर्ने विषयवस्तुका बारेमा छलफल गर्न लगाउनुहोस् र त्यसपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**समीक्षात्मक उत्तर लेखन**

१. समीक्षात्मक उत्तरका लागि देहायका प्रश्न दिई उत्तर के हुन सक्छ भनी अनुमान गर्न लगाई मस्तिष्क मन्थन गराउनुहोस् :

**प्रश्नहरू :** ● पाठको विषयवस्तु कहाँबाट लिइएको हो ? ● यसको शीर्षकले विषयवस्तु समेटेको छ कि छैन ? ● पाठको मूल भाव के हो ? ● पाठले कस्तो सन्देश दिएको छ ? ● पाठमा कति पात्र छन्, तिनको यात्रा स्वभाव कस्तो छ, संवाद कस्तो छ र परिवेश कहाँको छ, ? ● पात्रले कहाँदेखि कहाँसम्म यात्रा गर्छन् ? ● पाठको भाषा कस्तो छ, ? पाठ पढेपछि मनमा कस्तो लाग्यो ? यात्रा साहित्यका सन्दर्भमा प्रयुक्त बिम्ब, प्रतीक, शैली, पर्यटनक्षेत्रको पहिचान तथा वर्णन आदिबारे प्रश्न सोधी उत्तरको बोध गराउनुहोस् ।

२. पाठ्य नियात्रांशको कुनै सन्दर्भ उद्धृत गरी समीक्षात्मक उत्तरका लागि मुख्य कुरा मनन गर्न लगाउनुहोस् ।

३. पाठ्य नियात्रांशमा रहेको समीक्षात्मक उत्तरका लागि दिइएको प्रश्न टिपोट गरी उत्तरका बुँदा मनन गराउनुहोस् र बुँदा टिपोट गराई उत्तर छलफल गराउनुहोस् ।

**समीक्षात्मक टिप्पणी लेख्ने तरिका**

- नियात्राकारको नाम तथा विधागत विशेषताको केही वाक्यमा छोटो उठान गर्न सकिने
- सम्बन्धित प्रश्नले के आशयको खोजी गरेको छ त्यो प्रस्तुत गर्ने
- विभिन्न तर्क र उदाहरण प्रस्तुत गर्दै विषयको राम्रा नराम्रा पक्षको विश्लेषण गर्ने

## (ग) मूल्याङ्कन

१ विद्यार्थीलाई समीक्षात्मक उत्तर लेख्न लगाउनुहोस् । आवश्यक सबलीकरण गरी यसको ढाँचासहितको प्रस्तुतिका नमुना देखाई समीक्षात्मक टिप्पणी लेख्न लगाउनुहोस् ।

२ विद्यार्थीबाट प्रस्तुत समीक्षात्मक उत्तर सुनेर प्रतिक्रिया दिनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## आठौँ दिन

**सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | अपेक्षा र विश्वासमा आधारित भाषिक प्रकार्य प्रस्तुत गर्न | • संवादको नमुना चार्ट<br>• कारक र विभक्तिको चार्ट<br>• सुनाइ पाठ ९ को अडियो<br>• नमुना प्रश्नोत्तरको चार्ट |
| श्रुतिबोध | सुनाइ पाठ ९ का आधारमा मौखिक प्रश्नोत्तर गर्न | |
| कारक र विभक्ति | कारक र विभक्तिको पहिचान र प्रयोग गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

(क) सुरुआती क्रियाकलाप

१. चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् र विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका चुट्किला, लघुकथा वा उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफलसहित आजको कक्षाको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### भाषिक प्रकार्य

१. विद्यार्थी सङ्ख्याका आधारमा दुई वा सो भन्दा बढी समूह निर्माण गरी टोली नेता छान्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको प्रश्न १४ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

२. विद्यार्थीलाई कामप्रतिको अपेक्षा र विश्वाससम्बन्धी भाषिक प्रकार्यका बारेमा अभिनयमूलक छलफलको पूर्वाभ्यास गराउनुहोस् । चार्ट वा स्लाइडमा प्रदर्शन गरिएको सामग्रीको भाषाशैली, सन्दर्भ, परिवेशका बारेमा समूहको धारणा बनाउन उत्प्रेरित गर्नुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

३. छलफलपश्चात् टोली नेतालाई समूहको धारणा प्रस्तुत गर्ने अवसर दिनुहोस् ।

४. विद्यार्थीले गर्ने भाषिक व्यवहारका क्रममा अरूको विचारको सम्मान गर्दै भिन्न विचार प्रस्तुत गरेर त्यसमा आत्मविश्वासका साथ अरूको अपेक्षाका बाबजुद पनि आफ्नो रुचिको भरपर्दो विश्वास प्रस्तुत गर्ने आधार प्रस्तुत दिलाउन अपेक्षा र विश्वासका कामप्रतिको प्रतिबद्धतामा आधारित भई भाषाको व्यावहारिक प्रयोग गर्न अभिनयमूलक संवाद गराउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### श्रुतिबोध

१. प्रेरक प्रसङ्ग सुनाएर श्रुतिबोध आजको पाठ्यवस्तु हो भन्ने जानकारी दिनुहोस् ।

२. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्दा ध्यान दिनुपर्ने कुरा के के हुन् भनी प्रश्न गर्नुहोस् र छलफल गराई टोली नेतामार्फत धारणा राख्ने अवसर दिनुहोस् ।

३. टोली नेताले राखेका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै : सुनाइ र बोलाइ खण्डमा दिइएका प्रश्नहरू ध्यानपूर्वक पढ्न दिनुहोस् ।

४ सुनाइ पाठका विषयवस्तु ध्यानपूर्वक सुन्नुहोस् । सुनाइ पाठमा आधारित भएर प्रश्नको संरचनाअनुसार उत्तर भन्न लगाउनुहोस् । आवश्यक भए पृष्ठपोषण दिनुहोस् ।

५. सुनाइ पाठ ९ शिक्षक स्वयम्ले वाचन गरी विद्यार्थीलाई सुनाउनुहोस् । सुनाइ र बोलाइ खण्डको अभ्यास १ मा आधारित भएर समूहमा हाजिरीजवाफ प्रतियोगोगिता सञ्चालन गराउनुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

६. विद्यार्थीलाई सुनाइ र बोलाइ खण्डको अभ्यास २ गर्न दिनुहोस् । उत्तर लेखिसकेपछि समूहमा छलफल गराउनुहोस् । टोली नेतालाई पालैपालो कस्तो प्राकृतिक वातावरण मन पर्छ, भन्नका लागि उत्प्रेरित गर्नुहोस् । विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

## कारकको पहिचान र प्रयोग

१. कुनै एउटा कारकप्रयुक्त उदाहरण प्रस्तुत गरी विषयवस्तुको प्रेरक सन्दर्भसहित प्रवेश गर्नुहोस् ।

२. कारकबारेमा पहिले कक्षामा पढेको कुराको स्मरण गर्न लगाई जिज्ञासा जगाउनुहोस् वा कारकका उदाहरण प्रस्तुत गर्न लगाउनुहोस् र पूर्वज्ञान लिनुहोस् ।

३. कक्षामा कारक र विभक्तिबारे सामूहिक छलफल चलाउनुहोस् र टोली नेतालाई प्राप्त निष्कर्ष सुनाउन लगाउनुहोस् ।

४. कारकको पहिचान तथा अर्थका आधारमा यसका प्रकारको तालिकासहितको चार्ट वा स्लाइड प्रस्तुत गरी कारकका बारेमा छलफल चलाउनुहोस् र पहिचान र प्रयोगमा अभ्यस्त बनाउनुहोस् ।

५. क्रियापदसँग सम्बन्ध राख्ने नामिक शब्दलाई कारक भनिन्छ । कारकलाई छुट्याउन आउने चिह्न नै विभक्ति हुन् भन्ने जानकारी दिनहोस् । कारक र विभक्तिको अर्थ र चिह्नहरूको तालिका प्रस्तुत गरी छलफल चलाउनहोस् ।

| कारक | सम्बन्ध | विभिक्त | विभक्ति चिह्न | वाक्य |
|---|---|---|---|---|
| कर्ता | काम गर्ने | प्रथमा | ले/बाट | भाइले लेख्यो । |
| कर्म | असर पर्ने | द्वितीया | लाई | उसले भाइलाई कुट्यो । |
| करण | काम गर्दाको साधन | तृतीया | ले /बाट | मैले हातले खाएँ । |
| सम्प्रदान | प्राप्त गर्ने | चतुर्थी | लाई /लागि | मैले उसलाई पैसा दिएँ । |
| अपादान | सुरु हुने | पञ्चमी | देखि /बाट | रुखबाट पात खस्यो । |
| | सम्बन्ध देखाउने | षष्ठी | को /का/ की रो /रा/री नो /ना /नी | उसको भाइ ज्ञानी छ । |
| अधिकरण | आधार | सप्तमी | मा | दराजमा किताब छ । |

६. विद्यार्थीको समूहलाई विभक्तिका सात प्रकार र तिनको कारकसँगको सम्बन्ध आदि बारेमा प्रस्ट पारिदिनुहोस् ।

७ विद्यार्थीलाई केही वाक्य दिई तिनमा के फरक छ, पहिचान गर्न लगाउनुहोस् र आवश्यक छलफलपश्चात् सरल र तिर्यक् कारक पहिचान र प्रयोगका बारेमा मन्थन गर्न लगाउनुहोस् ।

८. वाक्यमा प्रयोग भएका अवस्थामा कुनै परिवर्तन नआएको र विभक्ति चिह्न तथा नामयोगी नलागेका नामिक शब्द नै सरल कारक हुन् विभक्ति चिह्न लागेका तथा नामयोगी लागेका र हरू लागेका नामिक शब्द तिर्यक् कारक हुन् भन्ने कुरा उदाहरणबाट प्रस्ट पार्नुहोस् र प्रशस्त उदाहरण प्रस्तुत गरी विषयवस्तु छर्लङ्ग पार्ने कार्य यस क्रियाकलापमा गर्नुहोस् ।

| | | | |
|---|---|---|---|
| जस्तै : यो भाइ हो । | : सरल कारक | यी भाइहरू हुन् । | : तिर्यक् कारक |
| ऊ कपाल कोर्छ । | : सरल कारक | उसले कपाल कोरेको छ । | : तिर्यक् कारक |

९ विभक्ति लागेमा, बहुवचन भएमा, आदरार्थी भएमा तथा नामयोगी लागेमा पनि तिर्यक् कारक हुन्छ भन्ने जानकारी दिनुहोस् । भाषिक संरचना र वर्णविन्यासको प्रश्न १ को अभ्यास छलफल गराई त्यस्तै अन्य अभ्यास गराउनुहोस् ।

## (ग) मूल्याङ्कन

१. दिइएको अनुच्छेदबाट कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण कारक पहिचान गर्न लगाउनहोस् :

उसले मलाई र भाइलाई घरमा बोलायो । हामी घरदेखि त्यहाँ पुग्दा निकै अबेर भइसकेको थियो । मलाई हातमा फूलको गुच्छा राखिदियो । उसले भाइलाई र मलाई मिठो दही दियो । मैले काठको चम्चाले दही खाएँ । एकछिन बसेपछि हामी घर फर्क्यौँ ।

२ सरल र तिर्यक् कारक पहिचान गर्नुहोस् :

(क) ऊ पढ्न जान्छ ।

(ख) मैले चिठीहरू खोलेँ ।

तिम्री बहिनीले पनि पढेकी छन् ।

नवौँ दिन

**सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| उद्देश्य र विधेय पहिचान र यसको विस्तार | उद्देश्य र विधेय पहिचान र यसको विस्तार गर्न | • उद्देश्य र विधेय पहिचानको चार्ट वा स्लाइड<br>• उद्देश्य विस्तार र विधेय विस्तारको नमुना चार्ट वा स्लाइड<br>• ए र य प्रयुक्त शब्दपत्ती |
| वर्णविन्यास **ए** र **य** को पहिचान र प्रयोग | वर्णविन्यास ए र य को पहिचान र प्रयोग गर्न | |
| परियोजना कार्य | परियोजना कार्यअन्तर्गत नियात्रा लेखन गर्न | |

# २. सिकाइ सहजीकरण क्रियाकलाप

## (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले रोचक प्रसङ्गसहित विषयवस्तुमा उत्सुकता जगाउनुहोस् ।

२. विभिन्न सान्दर्भिक वाक्य प्रस्तुत गरी उद्देश्य र विधेय आजको विषयवस्तुबारे अनुमान गर्न लगाएर मस्तिष्क मन्थन गराउनुहोस् र पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### उद्देश्य र विधेय पहिचान र यसको विस्तार

१. शिक्षकले विद्यार्थी सङ्ख्याका आधारमा बढीमा चार वा पाँचओटा समूह विभाजन गरी टोली नेता छनोट गर्न लगाउनुहोस् ।

२. प्रत्येक समूहलाई चार चारओटा वाक्य लेखी त्यसमा कर्ता कुन हो र क्रिया कुन हो भनी पहिचान गर्न लगाउनुहोस् ।

३. एउटा कर्ता र एउटा क्रिया भएको वाक्य लेखी कर्तालाई उद्देश्य र क्रियालाई विधेय भनिन्छ भनी जानकारी उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।

जस्तै :

रमिता पढ्छे । यहाँ रमिता कर्ता (उद्देश्य) हो भने पढ्छे क्रिया (विधेय) हो ।

यस्तै 'सोभी रमिता घरमा पढ्छे ।' वाक्यमा **सोभी** उद्देश्य विस्तार हो भने **घरमा** विधेय विस्तार हो ।

४ विद्यार्थीलाई उद्देश्य र विधेयबारे छलफल गर्न लगाई उद्देश्य विस्तार र विधेय विस्तार गर्न कसरी सकिन्छ भनी छलफल गर्न लगाउनुहोस् । निचोडमा उद्देश्य र विधेय तथा यसको विस्तारबारे टोलीको नेतालाई प्रस्ट पार्न र समूहले तयार पारेको उदाहरणबाट प्रस्ट पार्न लगाउनुहोस् ।

५ प्रत्येक समूहको प्रस्तुतिपछि शिक्षकले आवश्यक परे शैक्षणिक सामग्रीको प्रयोग गरी पृष्ठपोषण गरिदिनुहोस् ।

६. एउटा सरल वाक्यमा एउटा उद्देश्य र एउटा विधेय हुन्छ । उद्देश्यका अगाडि आउने शब्द समूह चाहिँ उद्देश्य विस्तार र विधेयका अगाडि आउने पदहरू विधेय विस्तार हुन् भन्ने जानकारी दिई प्रशस्त छलफल गराउनुहोस् ।

#### वर्णविन्यास ए र य को पहिचान र प्रयोग

१. विद्यार्थी सङ्ख्याको अनुपात मिलाई दुईओटा समूह बनाउनुहोस् । ए र य लागेका शब्द पाठबाट टिपोट गर्न लगाई सबै शब्दलाई एक ठाउँमा सङ्कलन गर्न लगाउनुहोस् ।

२. **य** र **ए** को उच्चारण र प्रयोग कहाँ कस्तो ठाउँमा भएको रहेछ छलफल गर्न लगाउनुहोस् ।

३. एउटा समूहलाई **य** र अर्को समूहलाई **ए** को पहिचान कसरी गराउने भन्ने बारे प्रस्तुति गर्न लगाउनुहोस् ।

४. **ए** एकबाट बनेका शब्दमा प्रयोग हुन्छ । यस्तै एर, एको एकी लागेका शब्दमा र भूत कालमा तथा इच्छार्थक क्रियापदमा पनि यसको प्रयोग हुन्छ भन्ने जानकारी दिनुहोस् । एर, एको एकी लागेका जस्तै एक, एकतिस, एकचालिस, एकाङ्की, खाएर, भएस्, खाए, भए, आएथ्यो आदि हुन्छन् भन्ने कुरा प्रस्ट पारिदिनुहोस् ।

५. **य** को प्रयोग यो, यसले, यी, भयो, डायरी, टायर, दृश्य, मूल्य, भय, यश, नायिका, अन्त्य, सहरिया, कमैया आदि शब्द हुने सर्वनाममा, भूतकालमा तथा आगन्तुक एवम् व्युत्पादन भएका शब्दमा र केही तत्सम शब्दमा यसको प्रयोग हुँदो रहेछ भनी जानकारी दिनुहोस् ।

६. भाषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न ८ र ९ अभ्यास गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

#### सिर्जना र परियोजना कार्य

१. सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष कुनै दुईओटा समूहका नेतालाई भन्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गर्नुहोस् ।

२. विद्यार्थीलाई भोलिपल्टको कक्षामा सुनाउने गरी रेडियो तथा टेलिभिजन जस्ता विद्युतीय सञ्चार माध्यममा प्रसारित कुनै नियात्रा वा वृत्तचित्र हेरेर वा सुनेर मुख्य मुख्य विषयवस्तु टिपोट गरेर ल्याउन लगाउनुहोस् ।

### (ग) मूल्याङ्कन

१. कक्षाका कुनै एक जना विद्यार्थीबाट आजको कक्षामा सिकेका मुख्य मुख्य कुरा भन्न लगाउनुहोस् ।

२. पाठ्य नियात्रांश दिई त्यहाँबाट **य, ए** लागेका चार चारओटा शब्द भन्न लगाउनुहोस् ।

## दसौँ दिन

### (क) सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| परियोजना कार्य : नियात्रा लेखन | परियोजना कार्य : नियात्रा लेखन गर्न | • बुँदापत्ती<br>• नियात्रा नमुना चार्ट<br>• स्वतन्त्र लेखनको नमुना चार्ट<br>• अडियो/ भिडियो |
| निर्दिष्ट बुँदामा आधारित नियात्रा लेखन | निर्दिष्ट बुँदामा आधारित नियात्रा लेखन गर्न | |
| सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र लेखन | सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र लेखन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. कुनै पर्यटकीय वा रमणीय स्थलको पदयात्राका रमाइला क्षण र आइपर्ने कठिनाइको प्रसङ्गसहित विषयवस्तु उठान गर्न लगाई आजको पाठ्यवस्तुको अनुमान गर्न लगाउनुहोस् ।

२. कुनै स्थानमा भ्रमण गएको वा पर्यटकीय वा धार्मिक, ऐतिहासिक स्थलको चित्र भएका स्लाइड वा चार्ट प्रदर्शन गरी आजको विषयवस्तुबारे अनुमान गर्न लगाएर मस्तिष्क मन्थन गराउनुहोस् र पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### सिर्जना परियोजना कार्य

१. अगिल्लो कक्षामा दिइएको परियोजना कार्यका बारेमा विद्यार्थी समूहबिच छलफल गराउनुहोस् ।

२ विद्यार्थीले सङ्कलन गरेर ल्याएका यात्रास्थल, समयादिको टिपोटलाई पालैपालो प्रस्तुतिकरण गर्ने अवसर दिनुहोस् । परियोजना कार्य गरेकामा स्याबासी दिई नियात्रा लेखनका लागि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

३. कुनै स्थलमा गएको श्रव्यदृश्य सामग्री वा वृत्तचित्र प्रस्तुत गरी प्रसारित सामग्रीका मुख्य विषयवस्तु प्रस्तुतिका बारेमा विद्यार्थीलाई स्वतःस्फूर्त सुझाव दिन लगाउनुहोस् । विषयवस्तु प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

४. विद्यार्थी सङ्ख्याका आधारमा समूह बनाउनुहोस् । नियात्राको संरचना जनाउने तालिका प्रदर्शन गरी नियात्रा वा निबन्धमा हुनुपर्ने पक्षहरूको जानकारीसहित नियात्रा लेख्न दिनुहोस् ।

५ निबन्धको सङ्गठन वा संरचनाबारे समूहमा छलफल गराउनुहोस्, यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

६ विद्यार्थीको समूहलाई प्रस्तुतिको अवसर दिएर बाँकी समूहलाई प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## निर्दिष्ट बुँदामा आधारित नियात्रा लेखन

१. शिक्षकले विद्यार्थी सङ्ख्या एवम् समावेशिताका आधारमा समूह विभाजन गरी टोली नेता छनोट गर्न लगाउनुहोस् ।

२. चार्ट वा स्लाइडमा आफूले तयार पारेका वा विद्यार्थीबाट सङ्कलित यात्रा साहित्यका लागि यात्रासम्बद्ध चित्र वा बुँदाहरू प्रस्तुत गरी समूहमा छलफल गर्न लगाउनुहोस् र समूहको निष्कर्ष टोली नेतामार्फत प्रस्तुतिकरणको अवसर प्रदान गर्नुहोस् ।

३. प्राकृतिक सुन्दरता विषयमा रमणीय स्थल, पर्यटकीय स्थलको भ्रमण गरेको अनुमान गरी वा स्मरण गरी केही बुँदा टिपोट गर्न लगाउनुहोस् । प्रत्येक समूहमा कुनै न कुनै विद्यार्थी कतै न कतै गएकै हुन्छन् । त्यसलाई बुँदामा टिपोट गर्न लगाउनुहोस् । यात्रा साहित्यमा आधारित छलफलका क्रममा आफूले पनि आवश्यक सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीको समूहले तयार पारेका बुँदाहरू समूहका नेतालाई प्रस्तुत गर्न लगाई अन्तिम बुँदा तयार पार्न सहयोग गरिदिनुहोस् । अब निर्दिष्ट बुँदामा आधारित भई नियात्रा लेखन गर्न दिनुहोस् ।

५. नियात्रा लेखिसकेपछि टोली नेताबाट पठन गराई आदि, मध्य र अन्त्य भागको सम्बद्धता, विषयवस्तुको प्रस्तुति, भाषाशैली आदि बारेमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र लेखन

१. शिक्षकले समूह बनाई निर्धारित नियात्रासँग सम्बन्धित विषयमा धारणा निर्माण वा अनुमान गर्न लगाई स्वतन्त्र लेखन गर्न उत्प्रेरित गर्नुहोस् ।

२ शिक्षकले सर्वप्रथम यात्रा निबन्ध लेखनका लागि आफूले तयार पारी ल्याएका निबन्ध शीर्षकका सूची स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र निबन्ध लेखनका ढाँचा र शैलीका बारेमा समूहमा छलफल गराउनुहोस् ।

३. शीर्षकसँग सम्बन्धित भई परिचय प्रस्तुत गर्न लगाउनुहोस् । आदि भागलाई एक अनुच्छेदमा यात्रा के हो किन आवश्यक छ, कुन ठाउँमा भ्रमण गर्न लागेको त्यसको औचित्य के हो आदिको पुष्टि गर्न पहिलो अनुच्छेदलाई परिचय खण्डका रूपमा पृष्ठभूमि र विषय प्रवेशको प्रस्तुति गर्न लगाउनुहोस् । प्रायः एक अनुच्छेदमा संरचित हुने कुराको जानकारी दिनुहोस् ।

४. नियात्राको मध्य खण्डमा भ्रमण गरेका स्थलको पूर्ण विवरण, खाना, खाजा, बास बसेको आदि समय सङ्केत गर्दै त्यस क्षेत्रको भाषा, संस्कृति, भौगोलिक अवस्थिति आदिबारे चर्चा गरी मध्य खण्डलाई विस्तार गर्न लगाउनुहोस् ।

५ विषयवस्तुको सन्तुलित विस्तार, तर्क, उदाहरण, तुलना, विश्लेषण, प्रमाण आदिको प्रस्तुति, विषयवस्तुको सकारात्मक पक्ष, नकारात्मक पक्ष, समस्या र समाधान विषयवस्तुको व्यापकता हेरी एकभन्दा बढी अनुच्छेदमा संरचित हुने जस्ता कुराको जानकारी दिई नियात्राको मध्य भागलाई संरचित गर्न लगाउनुहोस् ।

६. अन्त्य भागमा गन्तव्यमा पुगेको, त्यस स्थलको भ्रमण गर्दाको औचित्य पुष्टि गर्दे भ्रमण सकेर फर्केको समेत सङ्केत गर्दै नियात्रा लेखनको अन्त्य गर्नुपर्ने कुरालाई स्पष्ट पारिदिनुहोस् ।

७. अन्त्य वा निष्कर्ष भाग, माथिका दुई खण्डमा चर्चा गरिएका विषयवस्तुको निष्कर्षसहित आफ्नो विचार प्रस्तुत गरी समापन गर्न सहजीकरण गरिदिनुहोस् ।

८. नियात्रा लेखनमा अभ्यस्त पार्नका लागि विद्यार्थी स्वयम्ले भ्रमण गरेका वेला लेख्ने बानीको विकास गर्न उत्प्रेरित गर्नुहोस् ।

९. नियात्रा लेखन वा निबन्ध लेखनमा विषयवस्तुको प्रस्तुतिकरण गर्दा वाक्य वा अनुच्छेदका बिच सङ्गति मिलाउँदै शुद्ध, सरल र स्पष्ट भाषाको प्रयोग गरी अन्तिम रूप दिई १५० शब्दमा नघटाई लेख्न भन्नुहोस् ।

१०. विद्यार्थीले भ्रमण गरेको स्थलको एक शीर्षक छनोट गर्न लगाउनुहोस् । शीर्षक छनोट गरेपछि त्यस शीर्षकसँग सम्बन्धित बुँदा टिपोट गर्न लगाउनुहोस् ।

११. आदि, मध्य र अन्त्य खण्डका विषयवस्तु स्मरण गरी विद्यार्थीलाई समय तोकी निबन्ध वा नियात्रा लेख्न लगाउनुहोस् । विद्यार्थीको नियात्रा लेखन अवलोकन गरी आवश्यकतानुसार पृष्ठपोषण दिनुहोस् ।

१२. समय पूरा भएपछि आफूले तयार पारेको निबन्ध पालैपालो पढेर प्रस्तुत गर्न लगाई विद्यार्थीलाई नै प्रस्तुतिको प्रतिक्रिया दिन लगाउनुहोस् । अन्त्यमा शिक्षकले उनीहरूको लेखनको प्रशंसा गर्दै आवश्यक सुझावसहित पृष्ठपोषण गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

१. भ्रमण गर्दाको स्मरण गर्दै यात्रा गर्दा आफूले भोगेका कुरालाई समेटेर नियात्रा भन्न लगाउनुहोस् ।

# पाठ : १०

## व्यक्तित्व विकासमा विद्यालयको भूमिका

**विधा : रूपक (वक्तृता)**

**कार्यघण्टा : ९**

## परिचय

'व्यक्तित्व विकासमा विद्यालयको भूमिका' रूपक विधाअन्तर्गतको वक्तृतात्मक पाठ हो । रूपकको मूल आधार नै अभिनय नाटकीकरण हो । मौखिक अभिव्यक्ति क्षमताको विकास गर्न रूपक शिक्षणको व्यवस्था गरिएको हुन्छ । रूपक शिक्षण गर्दा शिक्षकले निम्न कुरामा ख्याल गर्नुपर्छ । बोलाइ, रूपाकृति र स्वभावको निरीक्षण, हाउभाउ, सञ्चालन आदिको निरीक्षण, प्रसङ्गअनुसारको भाषा प्रयोग, श्रोता वा दर्शकलाई आकर्षित पार्ने कार्य गरे नगरेको, स्वाभाविक तर्क प्रस्तुति आदि कुरा यस विधा शिक्षण गर्दा विशेष ध्यान दिनुपर्ने हुन्छ । वक्तृता प्रवचन, वाक्‌कुशलता, भाषण वा भाषण गर्ने खुबीका सन्दर्भमा प्रयोग हुने गर्छ ।

'व्यक्तित्व विकासमा विद्यालयको भूमिका' वक्तृता सहजीकरणका क्रममा बोध क्षमता अभिवृद्धिका लागि सस्वर र द्रुत पठन, संरचना बोध, पाठगत सन्दर्भ र विषयवस्तु बोध आदि सिकाइका क्षेत्रमा ध्यान दिइएको छ । अभिव्यक्ति कौशल अभिवृद्धिका लागि प्रश्नोत्तर र मौखिक प्रस्तुति, समीक्षात्मक लेखन, वर्णनात्मक अनुच्छेद लेखन, बुँदा टिपोट, स्वतन्त्र लेखन जस्ता सिकाइ क्षेत्रलाई समेटिएको छ । शिक्षकलाई सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्दै सहजीकरण क्रियाकलाप क्रियाकलापमुखी र रुचिकर बनाउन अभिप्रेरित गरिएको छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । सिकाइ क्षेत्रअन्तर्गत छलफल, विधा परिचय, संरचना पहिचान, सस्वर र मौन पठन, शुद्धोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, बोधात्मक प्रश्नोत्तर, शब्दभण्डारअन्तर्गत प्राविधिक तथा पारिभाषिक शब्द, श्रुतिलेखन, सङ्क्षिप्त उत्तर लेखन, अनुच्छेद लेखन आदि अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र नेतृत्व विकासमा आधारित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत लिङ्ग, वचन, पुरुष र आदरका आधारमा पदसङ्गति, शब्दमा श, ष, स को प्रयोग र पहिचानलाई कार्यमूलक बनाइएको छ । सुनाइ बोलाइका लागि पाठ्यपुस्तककै परिशिष्टको सुनाइ पाठ १० मा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पहिलो दिन

**१ सिकाइका क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| दृश्यबोध र छलफल | चित्रहरू हेरेर छलफल गरी वर्णन गर्न | ● वक्तृत्वकला प्रतियोगिताका चित्र र पाठको चित्र<br>● वक्तृताको अभिव्यक्तिका अनुच्छेद<br>• शब्दपत्ती, अर्थपत्ती<br>● वाक्यपत्ती |
| सस्वरवाचन र शब्दोच्चारण (अमृता नेम्बाङ) | निर्दिष्ट अनुच्छेद शुद्ध उच्चरण गरी सस्वरवाचन गर्न | |
| शब्दार्थ र वाक्यमा प्रयोग | पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ सिकी वाक्यमा प्रयोग गर्न | |
| संरचना पहिचान | वक्तृताको संरचना पहिचान गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै कथा, कविता वा कुनै गीत वा अभिनयात्मक प्रस्तुतिबाट विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### दृश्यबोध र छलफल

१. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । सहकार्यकलाप वक्तृता, हाजिरजवाफ, नृत्य आदिको तस्बिर प्रोजेक्टर वा स्लाइड वा चार्ट पेपरका माध्यमले प्रस्तुत गर्नुहोस् र समूहमा छलफल गराउनुहोस् । आफूले प्रत्येक समूहमा पुगेर अवलोकन गर्नुहोस् ।

२. समूह छलफल सकिएपछि प्रत्येक समूहलाई छलफलको निष्कर्ष बताउन लगाउनुहोस् ।

३. आफूले तस्बिरमा देखिएका विषयबारे थप जानकारी दिँदै आवश्यक सहजीकरण गर्नुहोस् ।

४. विद्याथीलाई पाठ्यपुस्तकको तस्बिर प्रदर्शन गरेर वक्तृताबारे विशेष छलफल गराउनुहोस् । जस्तै : वक्तृताको विधा, वक्ता, उद्घोषक, सभापति, निर्णायक, समय सूचक, गुरुवर्ग, श्रोता आदिको भूमिकाबारे समूहमा छलफल गराउनुहोस् । अन्त्यमा आफूले थप पृष्ठपोषण दिनुहोस् ।

## सस्वरवाचन र शब्दोच्चारण

१. शिक्षकले पाठको पहिलो अनुच्छेद प्रोजेक्टर वा स्लाइडमा प्रदर्शन गरी नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

२. पाठमा अमृता नेम्बाङले भनेका विभिन्न अनुच्छेद क्रमशः स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वरवाचन गराउनुहोस् ।

३. सस्वरवाचन गर्ने क्रममा नयाँ शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । शिक्षकले पनि वाचकले स्पष्ट उच्चारण गर्न नसकेका शब्द सङ्कलन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

४. सस्वरवाचनको क्रियाकलाप पूरा भएपछि विद्यार्थीलाई पाठका उच्चारणमा अप्ठ्यारा शब्दको शुद्ध र स्पष्ट उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलाप गराउनुहोस् :

- विद्यार्थीलाई उच्चारण गर्न समस्या परेका शैक्षणिक पाटीमा रिपोट गरिएका कठिन शब्द विद्यार्थीबाट पालैपालो शुद्ध उच्चारण गर्न लगाउनुहोस् । जस्तै :
  अतिथि, ग्रहण, निर्णायक, वक्तृत्वकला, वेशभूषा, तदनुकूल, उत्प्रेरित, प्रज्जवलित
- ढिलो सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी अक्षरीकरणसहित बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । जस्तै :

  अतिथि/अ.ति.थि/

  निर्णायक /निर्. ना.यक् /

  वक्तृत्वकला /वक्.तृ.त्व.क.ला/

५. शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजी तालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

६. सस्वरवाचन र शुद्धोच्चारणका सबै क्रियाकलाप कुन कुन विद्यार्थीले पूरा गरे कुन कुनले गरेनन्, अवलोकन गरी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

७. समस्या पहिचानपश्चात् छुट्टै समूह बनाई अरू सरह सस्वरवाचन र शुद्धोच्चारण नगरेसम्म आवश्यक थप सामग्री उपलब्ध गराई ती शब्दलाई बारम्बार उच्चारण अभ्यास गराउनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीलाई ती शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

२. टिपोट गरिएका शब्दको अर्थ विद्यार्थीबाट खोजी गर्नुहोस् । शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पार्दै शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् ।

३. शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

४. शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् । **जस्तै :**

| | | |
|---|---|---|
| शब्द | : | आमन्त्रण |
| अर्थ | : | निम्तो |
| वाक्यमा प्रयोग | : | मैले मामालाई घरमा आमन्त्रण गरेको छु । |

५. प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि कम्तीमा पाँचओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । जस्तै : सभाकक्ष, मञ्च, सभाध्यक्ष, उत्प्रेरित, अभिमुखीकरण ।

६. विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## संरचना पहिचान

१. वक्तृताको नमुनाको स्लाइड वा चार्ट वा वा कुनै वक्तृत्वकला प्रतियोगितामा वक्ताले बोलेको अंशको भिडियो,प्रदर्शन गरी समूहमा वक्तृताको सम्बोधन, सुरु, मध्य र अन्त्यको क्रम आदिबारे छलफल गराउनुहोस् र समूहको निष्कर्ष टोली नेतालाई प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।

२. वक्तृता (रुपक) विधा परिचयका क्रममा छलफल गरिएका शैलीसम्बद्ध विषयवस्तु र स्लाइड वा चार्टमार्फत प्रदर्शन गरिएको संरचनाका बारेमा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

३. वक्तृताको सुरुआत, आदि, मध्य र अन्त्यका विषयवस्तु पहिचान गर्न लगाउनुहोस् ।

४. बोध र अभिव्यक्ति खण्डको क्रियाकलाप ४ मा दिइएका संरचनासम्बद्ध प्रश्न सोधी संरचनाका बारेमा थप छलफल गराउनुहोस् । आवश्यक सहजीकरणसहित वक्तृताको संरचना, बोल्ने कला, भाषा, शैली, कार्यक्रममा जिम्मेवारी लिने र सहभागी हुने विभिन्न व्यक्ति, वक्ताको प्रस्तुति आदि, मध्य र अन्त्यको शृङ्खलाबारे छलफलका माध्यमले स्पष्ट पारिदिनुहोस् । जस्तै :

(क) वक्तृतामा अध्यक्षता गर्ने व्यक्ति र कार्यक्र सञ्चालन गर्ने व्यक्तिलाई के भनिन्छ ?

(ख) छिरिङले सम्बोधनपछिको पहिलो वाक्यमा कुन कुरा व्यक्त गरेका छन् ?

## (ग) मूल्याङ्कन

१. दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

अतिथि, आमन्त्रण, बौद्धिक, असीमित, आत्मविश्वास

## दोस्रो दिन

१. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| सस्वरवाचन र शब्दोच्चारण (छिरिङ लामा) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वरवाचन गर्न | • स्लाइड वा चार्ट<br>• शब्दपत्ती<br>• शब्दपत्ती, अर्थपत्ती, शब्दकोश<br>• अनुच्छेद, प्रश्नसूची |
| शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| पठनबोध | पठनबोधका आधारमा प्रश्नको उत्तर बताउन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कुनै चुट्किला वा प्रेरक प्रसङ्ग सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षाको अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### सस्वरवाचन र शब्दोच्चारण

१. शिक्षकले विद्यार्थीलाई पूर्वकक्षामा भएका सस्वरवाचन क्रियाकलापबारे छलफल गराउनुहोस् ।

२. शिक्षकले निर्धारित पाठ छिरिङ लामाले भनेका अनुच्छेदको पहिलो अनुच्छेद नमुना वाचन गरी सुनाउनुहोस् ।

३. विद्यार्थीलाई पाठमा दिइएको छिरिङ लामाले भनेका अनुच्छेद पालैपालो गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् ।

४. अरू विद्यार्थीलाई सस्वरवाचनका क्रममा शुद्ध र स्पष्टसँग उच्चारण भए नभएको ख्याल गरी प्रस्ट उच्चारण नभएका शब्द टिपोट गर्न लगाउनुहोस् ।

५. सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका अप्ठ्यारा शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

जस्तै : उपस्थित, प्रवृत्त, अध्यक्ष, सञ्चालन, इच्छाशक्ति, आत्मविश्वास, प्रस्फुटन,

६. शैक्षणिक पाटीमा टिपिएका शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

पृष्ठभूमि /पृस्.ठ.भू.मि/

अतिरिक्त /अ.ति.रिक्.त/

सांस्कृतिक /सास्.कृ.तिक्/

७. बहुभाषी कक्षामा नेपालीभन्दा अन्य भाषा मातृभाषा भएका र उच्चारण अभ्यास गराउँदा समस्या भएका विद्यार्थी उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् ।

२. शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

जस्तै : दीनदुःखी : दुःख पाएको, असहाय

प्रवर्तन : थालनी, आविष्कार

गौरव : गर्व

घगडान : नामचलेको, ठुलो

चिन्तन : गम्भीर सोचाइ

३. शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

४. शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

जस्तै :

शब्द : प्रतिभा

वाक्य : हरेक व्यक्तिसँग कुनै न कुनै प्रतिभा हुन्छ ।

५. प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि पुनः शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै :

सञ्चार, प्रस्फुटन, सिद्धान्त, प्रतिपादन, खुराक, समाधान, समीक्षात्मक, समायोजन, भूमिका, आचरण, शिष्टाचार, परिरवेश

प्रत्येक समूहलाई दुई दुईओटा शब्द दिएर शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

१. विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

२. बोध र अभिव्यक्ति खण्डको अभ्यास १२ सम्बद्ध अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

३. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेको अनुच्छेद र प्रश्नहरूको सूची स्लाइड, स्मार्ट बोर्ड, फलाटिन पाटी वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् र दिइएको अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् ।

४. अनुच्छेदका आधारमा प्रत्येक समूहलाई एक एक प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

जस्तै : (क) बहुबौद्धिकताको सिद्धान्तका प्रतिपादक को हुन् ?

(ख) बहुबौद्धिकताका प्रकार उल्लेख गर्नुहोस् ।

(ग) भाषिक बौद्धिकताअन्तर्गत पर्ने कुरा के हो ?

(घ) तपाइँमा मुख्यतया कुन बौद्धिकता रहे जस्तो लाग्छ ?

५. विद्यार्थीले तयार पारेका उत्तर प्रत्येक समूहलाई पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

६. यसै अभ्यास १२ को (ख) मा दिइएका भाषिक संरचनासम्बन्धी प्रश्नोत्तर पछिल्लो कक्षामा छलफल गरिने जानकारी दिनुहोस्

## (ग) मूल्याङ्कन

**१. तलका शब्दको अर्थ सोधेर मूल्याङ्कन गर्नुहोस् :**

खुराक, निर्णय, चिन्तन, भावी, गहन, भूमिका, परिवेश, निर्मित

# तेस्रो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| शब्दार्थ | शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग गर्न | • स्लाइड वा तालिका<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती. |
| पारिभाषिक/प्राविधिक शब्द | पारिभाषिक/प्राविधिक शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न, | |
| विपरीतार्थी शब्द | विपरीतार्थी शब्द पहिचान गरी प्रयोग गर्न | |
| श्रुतिलेखन | दिइएको अनुच्छेद श्रुतिलेखन गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई कुनै उखान वा गाउँखाने कथा वा कुनै प्रेरक प्रसङ्ग सुनाउनुहोस र विद्यार्थीलाई पनि सुनाउन प्ररित गर्नुहोस्

२. आवश्यक उत्प्रेरणा दिई अगिल्लो दिनको पाठ्यवस्तुबारे छोटो छलफल गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## शब्दार्थ र वाक्यमा प्रयोग

१. विद्यार्थीलाई पाठबाट अर्थबोध नभएका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट टिपोट गरेका शब्द भन्न लगाई नदोहोरिने गरी शैक्षणिक पाटीमा लेखिदिनुहोस् ।

२. लेखिएका शब्दका अर्थ बताउन विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् । उनीहरूले भनेका अर्थ शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

३. शैक्षणिक पाटीमा टिपोट गरिएका अर्थ सही भए वा नभएको स्पष्ट गरिदिनुहोस् । विद्यार्थीबाट अर्थ नआएका शब्दका लागि शैक्षणिक सामग्री प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

४. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन लगाउनुहोस् ।

५. विद्यार्थीलाई नै शब्द र अर्थ मिले नमिलेको यकिन गरी मूल्याङ्कन गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरी सबैभन्दा धेरै शब्द र अर्थबिच जोडा मिलाउने विद्यार्थीलाई ताली बजाएर स्याबासी दिनुहोस् । जस्तै :

| **शब्द** | **अर्थ** |
|---|---|
| अभिारा | कुनै कामको जिम्मेवारी, उत्तरदायित्व |
| उजागर | बाहिर ल्याउनु, प्रकाश पार्नु |
| घगडान | खुब अनुभवी, धेरै सिपालु |
| शनैः शनैः | बिस्तारै बिस्तारै |
| इच्छाशक्ति | कुनैइच्छा वा चाहना पूरा गर्ने उच्च अभिलाषा |
| समायोजन | वातावरण, परिस्थिति आदिसँग मिल्दोपन |

६. शब्दभण्डार खण्डको अभ्यास ४ मा दिइएका शब्दको अर्थ समूहमा छलफल गराउनुहोस् । शब्दको अर्थ बोध भएपछि अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. समूह कार्य सम्पन्न भएपछि विभिन्न समूहलाई प्रस्तुतीकरण गर्न लगाई बाँकी विद्यार्थीलाई मूल्याङ्कनका लागि प्रोत्साहित गर्नुहोस् । अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## पारिभाषिक र प्राविधिक शब्द

१. पारिभाषिक र प्राविधिक शब्दका केही नमुना प्रदर्शन गर्नुहोस् । जस्तै : मञ्च, मूल्याङ्कन, प्रतियोगिता, सभाध्यक्ष, वक्तृत्वकला

२. पूर्वज्ञानका आधारमा सामूहिक छलफल गराउनुहोस् । छलफलको निष्कर्ष टोली नेतालाई प्रस्तुत गर्न लगाउनुहोस् । प्रदर्शित शब्दको अर्थ विद्याथीबाट लिने प्रयास गर्नुहोस् । अन्त्यमा अर्थपत्ती प्रस्तुत गर्दै अर्थ स्पष्ट पारेर विद्यार्थीलाई पालैपालो वाक्य निर्माण गरेर भन्न लगाउनुहोस् । आवश्यक सहजीकरणका साथ पृष्ठपोषण दिनुहोस् ।

३. शिक्षकले शब्दभण्डार खण्डको अभ्यास २ पढ्न र निर्देशानुसार शब्दका अर्थ पहिचानका लागि आआफ्नो समूहमा छलफल गर्न लगाउनुहोस् ।

४. शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

५. छलफलपश्चात् टोली नेतालाई शब्द र अर्थ भन्ने अवसर प्रदान गर्नुहोस् । शिक्षकले अर्थपत्तीका सहायताले अर्थ स्पष्ट पारिदिनुहोस् । जस्तै :

| | | |
|---|---|---|
| बहुमुखी व्यक्तित्व | : | धेरै विषयका बारेमा जान्ने व्यक्ति |
| वक्तृत्वकला | : | भाषण गर्ने वा प्रवचन गर्ने खुबी, वाक्कौशल |
| सहक्रियाकलाप | : | पढाइ लेखाइलाई सहयोग गर्ने नाटक, वादविवाद, वक्तृता जस्ता क्रियाकलाप |
| संवेगात्मक | : | संवेग भएको, तीव्र उत्तेजना हुने स्वभावको |
| वातावरण | : | पृथ्वीको चारैतिर फिँजिएको हावा, पर्यावरण |
| ऊर्जा | : | इन्धन वा अन्य प्राकृत तथा निर्मित स्रोतबाट प्राप्त शक्ति |

६. शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् र तिनै शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् ।

७. प्रत्येक समूहलाई आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

८. शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

जस्तै :

| | | |
|---|---|---|
| बहुमुखी व्यक्तित्व | : | हरिवंश आचार्य बहुमुखी व्यक्तित्वका धनी छन् । |
| वक्तृत्वकला | : | वक्तृत्वकलामा सोनामी सधैँ प्रथम हुन्छिन् । |
| सहक्रियाकलाप | : | हाम्रो विद्यालयमा पढाइसँगै वादविवाद, हाजिरीजबाफ जस्ता विभिन्न सहक्रियाकलाप पनि हुन्छन् । |

## विपरीतार्थी शब्द

१. उल्टो अर्थ बुझाउने केही शब्द जोडी स्लाइड वा चार्टका माध्यमले प्रदर्शन गर्नुहोस् । विपरीतार्थी शब्दका बारेमा समूहमा छलफल गराई निम्न निष्कर्षमा पुग्नुहोस् :

- भूत भविष्य, सुगन्ध दुर्गन्ध, आरम्भ समाप्त विपरीतार्थी शब्द हुन् ।
- दुई शब्दबिच परस्पर उल्टो अर्थ दिने शब्द विपरीतार्थी शब्द हुन् ।

२. शब्दभण्डार खण्डको अभ्यास ३ मा दिइएका 'विनाश, आन्तरिक, ऋणात्मक, पुरस्कार, सकारात्मक, प्रतिकूल' जस्ता शब्दको शब्दपत्ती प्रदर्शन गरी समूहमा विपरीतार्थी शब्द लेख्न लगाउनुहोस् ।

३. समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् । जस्तै :

| **शब्द** | **विपरीत अर्थ** |
|---|---|
| विनाश | विकास |
| आन्तरिक | बाह्य |
| ऋणात्मक | धनात्मक |

४. थप शब्दका सूची प्रदर्शन गरेर उल्टो अर्थ आउने शब्द भन्न र लेख्न लगाई अभ्यास गराउनुहोस् ।

५. विद्यार्थी समूहले अभ्यास गरिसकेपछि साथी साथीबिच साटेर कापी परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् र मिले नमिलेको हेर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## श्रुतिलेखन

१. विद्यार्थीलाई श्रुतिलेखन गर्ने तरिका (अक्षर लेखाइ, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्य चिह्न आदि) सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

२. नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । त्यसपछि अभ्यास ३ का आधारमा श्रुतिलेखन अभ्यास गराउनुहोस् ।

३. श्रुतिलेखनपश्चात् अनुच्छेद प्रोजेक्टर वा अन्य कुनै माध्यमले प्रदर्शन गर्नुहोस् र साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् ।

४. यस क्रममा विद्यार्थीको स्तर पहिचान गरी परीक्षणका लागि आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ग) मूल्याङ्कन**

१. तलका शब्दको अर्थ बताई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

कथन, चिन्ता, त्रास, प्रतिभा, अचेल, निर्वाध, वेशभूषा, ऊर्जा

२. तलका शब्दको उल्टो अर्थ बताउन लगाउनुहोस् :

विनाश, आन्तरिक, ऋणात्मक, उन्नति

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| पठनबोध (अतिसङ्क्षिप्त) | निर्दिष्ट प्रश्नको अतिसङ्क्षिप्त उत्तर दिन | • अनुच्छेद<br>• प्रश्न सूची<br>• बुँदा लेखिएको चार्ट वा स्लाइड |
| पठनबोध (सङ्क्षिप्त उत्तर) | निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | |
| बुँदा टिपोट | निर्दिष्ट अनुच्छेदबाट मुख्य मुख्य विषय समेटी बुँदा टिपोट गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## बोधात्मक प्रश्नोत्तर (अति सङ्क्षिप्त)

१. विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

२. बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ सम्बद्ध अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

३. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेको अनुच्छेद र प्रश्नहरूको सूची स्लाइड, स्मार्ट बोर्ड, फलाटिन पाटी वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् र दिइएको अनुच्छेद कुनै एक जनालाई सस्वरवाचन गर्न लगाउनुहोस् ।

४. अनुच्छेदका आधारमा प्रत्येक समूहलाई एक एक प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

जस्तै : (क) वक्तृतांशमा किन आफैँमा विश्वास राख्न भनिएको हो ?

(ख) वक्तृतांशमा विफलतालाई किन शिक्षाका रुपमा लिन भनिएको हो ?

(ग) विद्यार्थीको व्यक्तित्व विकासमा विद्यालयको भूमिका कस्तो हुनुपर्छ ?

(घ) गल्ती कसरी शिक्षक हुन सक्छ, तर्क दिनुहोस्

५. विद्यार्थीले तयार पारेका उत्तर प्रत्येक समूहलाई पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

६. यसैगरी यसै खण्डको अभ्यास ६ मा दिइएको निर्देशन विद्यार्थीलाई पढ्न लगाउनुहोस् र छलफल गराउनुहोस् । विद्यार्थी समूहको कुनै एक सदस्यलाई प्रश्नको उत्तर बताउन प्रेरित गर्नुहोस् । विद्यार्थीले सही उत्तर दिन सकेको वा नसकेको उचित मूल्याङ्कन गर्ने जिम्मेवारी अन्य समूहलाई दिनुहोस् । उत्तरको भाषा, शैली र विषयवस्तुबारे आवश्यक सहजीकरण तथा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## सङ्क्षिप्त उत्तर लेखन

१. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । सङ्क्षिप्त उत्तर कति लामो लेख्ने, कसरी लेख्ने, कति कुरा समेट्ने आदिबारे छलफल गरी उत्तर लेखनको तरिकाबारे कक्षामा छलफल चलाउनुहोस् ।

२. बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ मा दिइएको सङक्षिप्त उत्तरात्मक प्रश्न स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् ।

३. ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् । उत्तरमा समेट्नुपर्ने मुख्य मुख्य कुरा टिपोट गर्न लगाउनुहोस् । एउटा समूहलाई कुनै एउटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा प्रत्येक समूहमा पुगी आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

प्रश्न : (क) विद्यालयले कसरी विद्यार्थीको व्यक्तित्व विकास गर्छ, आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

(ख) आफ्नो व्यक्तित्व विकासका लागि विद्यार्थीले के कस्ता कार्य गर्नुपर्छ, लेख्नुहोस् ।

(ग) पढाइ लेखाइभन्दा बाहेक कुन कुन क्षेत्रमा विद्यार्थीले सहभागिता जनाउनुपर्छ ?

(घ) उज्जवल भविष्य निर्माणमा अभिभावकले कसरी साथ र सहयोग गर्नुभएको हुन्छ ?

४. विद्यार्थी समूहले लेखेको पालैपालो भन्न लगाउनुहोस् । अन्य विद्यार्थी समूहलाई ध्यानपूर्वक सुन्न र आवश्यक सुझाब दिन प्ररित गर्नुहोस् । उत्तरको ढाँचा, विषयवस्तु र थपघट गर्नुपर्ने कुनै कुरा छन् भने भन्ने अवसर अन्य समूहका एक एक जनालाई दिनुहोस् ।

५. शिक्षकले तयार पारेको नमुना उत्तरको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । उत्तरको संरचनाका बारेमा थप छलफल चलाउनुहोस् ।

६. समूहले तयार पारेका अन्य प्रश्नका सङ्क्षिप्त उत्तर साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बुँदा टिपोट

१. बुँदा टिपोट र सारांश लेखनका बारेमा समूहगत छलफल गराउनुहोस् ।

२. टोली नेतालाई छलफलको निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

३. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा आफूले लगेका बुँदाहरूलाई प्रदर्शन गराई विद्यार्थीका समूहबिच छलफल चलाउनुहोस् ।

४. आफूले शैक्षणिक सामग्रीको रूपमा लगेको सारांश लेखनको नमुनालाई कक्षामा कुनै विद्यार्थीमार्फत वाचन गर्न लगाउनुहोस् । सारांश लेखनबारे कक्षामा छलफल चलाउनुहोस् । आवश्यक भएमा पृष्ठपोषण दिनुहोस् ।

५. बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ को निर्देशानुसार अमृता नेम्वाङले भनेका कुरालाई मौन पठन गरी १० ओटा बुँदा टिपोट गर्न आवश्यक समय दिनुहोस् । प्रत्येक समूहमा पुगेर आवश्यक सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीका समूहले निर्धारित समयमा बुँदा टिपोट गरिसकेपछि समूहका कुनै विद्यार्थीलाई बुँदा प्रस्तुत गर्न र अन्य समूहलाई सुन्न लगाउनुहोस् । उक्त कार्यको अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

७. अन्य विद्यार्थीलाई साथीको प्रस्तुतिपछि प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

८. अर्को कक्षामा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरिने हुँदा त्यसका लागि विद्यार्थीले आफैँ कार्य विभाजन गरी भूमिका निर्वाह गर्नुपर्ने र आवश्यक सम्पूर्ण तयारी गर्नुपर्नेबारे जानकारी दिनुहोस् ।

**(ख) मूल्याङ्कन**

१. दिइएको प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(क) आफ्नो व्यक्तित्व विकासका लागि विद्यार्थीले के कस्ता कार्य गर्नुपर्छ, लेख्नुहोस् ।

# पाँचौँ दिन

## १. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| वक्तृता लेखन | निर्दिष्ट शीर्षकमा वक्तृता लेख्न | • वक्तृता लेखनको नमुना<br>• दैनिकी लेखनको नमुना |
| दैनिकी लेखन | निर्दिष्ट शीर्षकमा दैनिकी लेख्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै रमाइलो नाटक वा घटना प्रस्तुत गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

२. अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटकरीमा छलफल गरी आजको विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## वक्तृता लेखन

१. विद्यार्थीलाई विभिन्न समूहमा वर्गीकरण गरी वक्तृताका बारेमा छलफल गराउनुहोस । वक्तृता रचना गर्ने तरिका, वक्तृतामा सम्बोधन, मन्तव्यका क्रममा विषयवस्तुको सुरुआत, विवरण र अन्त्य, भाषशैली आदिबारे छलफल गराउनुहोस् । वक्तृताको अडियो वा भिडियो प्रदर्शन गरी हेर्न र सुन्न लगाई थप छलफल गराउनुहोस् र निष्कर्ष निकाल्नुहोस् ।

२. शिक्षकले तयार पारेर ल्याएको वक्तृता लेखनको नमुना स्लाइड वा प्रोजेक्टर वा चार्टमा प्रदर्शन गरी सस्वरवाचन गर्न लगाउनुहोस् र यसबारे छलफल गराउनुहोस् ।

३. विद्यार्थी समूहलाई अभ्यासमा दिइएको ‘विद्यार्थी जीवनमा अनुशासनको महत्त्व’ शीर्षकमा छलफल गराउनुहोस् र विद्यार्थी जीवन र अनुशासनबिचको सम्बन्धमा आएका विषयवस्तु टिपोट गर्दै जानुहोस् । विद्याथीलाई यसै विषयमा वक्तृता लेख्न लगाउनुहोस् । समूहमा वक्तृता रचना गर्न, चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् ।

५. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

६. प्रत्येक समूहबाट रचना भएका वक्तृता कक्षामा हाउभाउसहित समूह समूहबाट प्रस्तुत गर्न लगाउनुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## दैनिकी लेखन

१. दैनिकीका बारेमा समूहमा छलफल गराई विद्यार्थीको पूर्वज्ञान पहिचान गर्नुहोस् । विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

२. दैनिकीको नमुना स्लाइड वा चार्ट पेपरमा प्रस्तुत गर्नुहोस् र विद्यार्थीबाट आएका कुरा र नमुनाका आधारमा दैनिकी लेखनको ढाँचा र शैलीका बारेमा स्पष्ट पार्नुहोस् ।

**दैनिकीमा निम्न कुरा हुनुपर्नेमा स्पष्ट पारिदिनुहोस् :**

(क) विशेष दिनको दैनिकी बेलुकी सुत्ने बेलामा लेखिने र दैनिकीमा मिति र बार अनिवार्य उल्लेख गर्नुपर्ने

(ख) बिहान उठेदेखि बेलुकी सुत्ने बेलासम्मका मुख्य मुख्य घटना, काम र अनुभव दैनिकीमा समेटिने

(ग) सधैँ हुने कुरालाई दैनिकीमा त्यति महŒव नदिइने

(घ) बिहान उठेदेखि दैनिकी लेख्ने विशेष दिनको मुख्य घटनासम्मका कुरालाई सङ्केत मात्र गरिने

(ङ) विशेष दिनका मुख्य मुख्य घटना, काम र अनुभवलाई बिस्तृत रुपमा लेखिने

(च) बेलुकीका कुरालाई पनि सङ्केत मात्र गरिने

३. विद्यार्थीलाई पाठ्यपुस्तकमा दिइएको दैनिकीको नमुना मौन पठन गर्न र ढाँचा शैलीबारे थप बुझ्न लगाउनुहोस् । विद्यार्थीलाई पाठ्यपुस्तककै ढाँचामा आफूले गरको भ्रमणका बारेमा मुख्य घटना, काम र आफ्नो अनुभव समेटी दैनिकी लेख्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीलाई प्रतिनिधिमूलक प्रस्तुतिका लागि अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थीलाई साथीको प्रस्तुति सुनी दैनिकीको भाषा, शैली र संरचनाबारे प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

**(ग) मूल्याङ्कन**

वक्तृता र दैनिकी लेखनका आधारमा **मूल्याङ्कन** गर्नुहोस् ।

## छैटौँ दिन

१. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| विषयवस्तुबोध | निर्दिष्ट विषयवस्तुमा छलफल गरी निष्कर्ष निकाल्न | • वक्तृत्वकला प्रतियोगितामा आवश्यक पर्ने सभाध्यक्ष, अतिथि, निर्णायकहरू, वक्ताहरू, उद्घोषक, समयसूचक आदिको सूची<br>• कुनै नेतृत्वकर्ताको प्रेरक भिडियो |
| भाषिक प्रकार्य | नेतृत्वकर्ताका रुपमा मन्तव्य दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. सम्भव भएसम्म प्रोजेक्टरबाट भिडियो देखाएर वा मोबाइलबाट कसैले उद्घोषण गरेको सामग्री देखाएर वा सुनाएर विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## विषयवस्तु बोध

१. विद्यार्थीलाई वक्ता समूह र सञ्चालक समूह गरी दुई समूहमा विभाजन गर्नुहोस् । वक्तृता वा वक्तृत्वकला कार्यक्रम सञ्चालन कसरी गरिन्छ ? भन्ने विषयमा वक्तृत्वकला प्रतियोगितामा आवश्यक पर्ने सभाध्यक्ष, अतिथि, निर्णायकहरू, वक्ताहरू, उद्घोषक, समयसूचक आदिको सूची प्रदर्शन गरी छलफल गराउनुहोस् ।

२. सञ्चालक समूहले वक्तृत्वकला प्रतियोगितामा आवश्यक पर्ने सभाध्यक्ष, अतिथि, निर्णायकहरू, वक्ताहरू, उद्घोषक, समयसूचक आदिको भूमिका र कार्यक्रम सञ्चालन गर्न आश्यक पर्ने नियमका बारेमा विशेष  छलफल गर्नुपर्ने जानकारी दिनुहोस् र त्यसैअनुसार कार्य विभाजन गर्न लगाउनुहोस् ।

३. वक्ता समूहले प्रस्तुतिका क्रममा ध्यान दिनुपर्ने कुरा तथा विषयवस्तुको प्रस्तुति शैलीबारे विशेष छलफल गर्नुपर्ने जानकारी गराउनुहोस् । वक्ताले बोल्ने क्रममा सम्बोधन, विषय प्रवेश, विषयको परिचय, विषयको विश्लेषण, महŒव, सकारात्मक पक्ष, वर्तमान अवस्था, कमी कमजोरी सुधारका उपाय आदिबारे वक्ताले तयारी गर्नुपर्ने थप विषयका बारेमा छलफल गर्न लगाउनुहोस् ।

४. यस क्रममा दुवै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

५. समूह छलफल सकिएपछि कक्षामा कार्यक्रम सञ्चालकको टोली नेतालाई निष्कर्ष सुनाउन लगाउनुहोस् । आवश्यक सहजीकरण गरिदिनुहोस् । थपघट गर्नुपर्ने केही कुरामा सुझावसहित पृष्ठपोषण दिनुहोस् ।

## भाषिक प्रकार्य

१. विद्यार्थीलाई जम्मा चार समूह निर्माण गरी टोली नेता छान्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको प्रश्न १३ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

२. विद्यार्थीलाई कुनै विषयवस्तुको बोध र निष्कर्षसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

३. शिक्षकले विभिन्न विषयवस्तुमा केन्द्रित रही भाषिक प्रकार्यको कुनै एक नमुना प्रस्तुत गर्नुहोस् ।

४. अभ्यासमा प्रस्तुत गरिएको प्रकार्य वा सन्दर्भका आधारमा त्यसमा रहेका खास सन्दर्भ, सहभागीको भूमिका, भाषाशैली, शब्दभण्डार आदिको प्रयोगबारे पहिचानात्मक छलफल गराउनुहोस् ।

५. बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ मा दिइएको सन्दर्भ बुझेर कक्षाको प्रतिनिधि नेता बन्नका लागि हरेक समूहका टोली नेतालाई हाउभाउसहित मन्तव्य दिन लगाउनुहोस् ।

६. अन्य समूहका साथीलाई ध्यानपूर्वक सुनेर आवश्यक सुझाब दिन प्ररित गर्नुहोस् । विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेको भाषा, शैली, शब्द, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीका केही सुझाबहरू भए प्रस्तुत गर्न लगाउनुहोस् ।

७. विद्यार्थीलाई स्वतन्त्र रूपमा वास्तविक जीवन तथा परिस्थितिअनुकूल भाषिक प्रयोग गर्न जान्नुपर्ने विषयमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(ग) मूल्याङ्कन**

१. भाषिक प्रकार्यको प्रस्तुतिका आधारमा मूल्याङ्कन गर्नुहोस् ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| श्रुतिबोध | सुनाइ पाठ ५ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न | • अडियो वा भिडियो<br>• अनुच्छेद<br>• वाक्यपत्ती |
| वर्णविन्यास | श, ष, स प्रयोग भएका शब्द पहिचान गरी प्रयोग गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी प्रेरक भनाइ सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

३. सिकाइ सहजीकरणका पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### श्रुतिबोध

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । विद्यार्थीलाई सुनाइका विषयवस्तु छलफल गर्दा ध्यान दिनुपर्ने बारेमा धारणा राख्ने अवसर दिनुहोस् ।

२. टोली नेताले राखेका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

३. सुनाइ पाठ १० शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुईपटक सुनाउनुहोस् ।

४. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न १ को अभ्यास मौखिक रूपमा गराउनुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

५. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न २ समूहमा छलफल गराउनुहोस् । टोली नेतालाई पालैपालो नयाँ ठाउँमा जाँदा आफूले गरेको अनुभूति सुनाउन उत्प्रेरित गर्नुहोस् ।

६. विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

## वर्णविन्यास

१. विद्यार्थीलाई समूहमा राखेर श/ष/स प्रयोग भएका शब्द प्रदर्शन गरी छलफल गराउनुहोस् । यस क्रममा कस्ता कस्ता शब्दमा श/ष/स प्रयोग भएका छन् भन्ने कुरा बुझाउनुहोस् । विद्यार्थीलाई श/ष/स प्रयोग भएका शब्द भन्न लगाउनुहोस् र उक्त शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. शब्दपत्ती प्रदर्शन गरी श/ष/स प्रयोग हुने शब्दसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् । जस्तै :

श प्रयोग हुने : शोकाकुल, शुभकामना, शीतल

ष प्रयोग हुने : ऋषि, षड्यन्त्र, मेष, षट्कोण

स प्रयोग हुने : सानो, सहज, सारथी, सौगात

३. भाषिक संरचना तथा वर्णविन्यास खण्डको अभ्यास ६ का आधारमा दिइएका शब्दलाई तालिकामा मिल्ने गरी भर्न निर्देशन दिनुहोस् । यस क्रममा विद्यार्थीका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीको कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. भाषिक संरचना तथा वर्णविन्यास खण्डको अभ्यास ७ का आधारमा श, ष, स प्रयोग भएका पाँच पाँचओटा शब्द वक्तृता पाठबाट खोजेर लेख्न लगाउनुहोस् । अन्त्यमा छलफलसहित थप शब्द प्रदर्शन गरेर विद्यार्थीलाई अनुलेखन गराउनुहोस् । आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

**१ तलको वाक्य शुद्ध पार्न लगाउनुहोस् :**

सिक्षकले शिकाएका विशयवस्तु विद्यार्थीले अनुसाशित भएर षिक्नुपर्छ ।

## आठौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| पदसङ्गति | पदसङ्गति पहिचान गरी वाक्य परिवर्तन गर्न | • स्लाइड वा चार्ट<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• अडियो/भिडियो |
| सिर्जना र परियोजना कार्य | निर्दिष्ट विषयवस्तु खोजेर विषयवस्तु बोध गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कक्षाका विद्यार्थीलाई अभिवादन गरी रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गराउनुहोस्

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

३. सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### पदसङ्गति

१. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । शिक्षकले पदसङ्गति मिलेका र नमिलेका वाक्य मिसाएर बनाएको वाक्यपत्ती प्रदर्शन गर्नुहोस् र सामूहिक छलफल गर्न लगाउनुहोस् ।

२. विद्याथीलाई पदसङ्गति मिलेका र नमिलेका वाक्य पहिचान गर्न लगाउनुहोस् । यस क्रममा मिलेका वाक्यपत्ती प्रदर्शन गरी विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।

३. विद्यार्थी समूहलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास १ मा दिइएको प्रश्न र तालिका प्रोजेक्टर, स्मार्ट बोर्ड वा स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् ।

४. विद्यार्थी समूहलाई छलफल गर्न लगाउनुहोस् । प्रत्येक वाक्यको लिङ्ग, वचन, पुरुष र आदर पहिचान गरेर बताउन टोली नेतालाई लगाउनुहोस् । अरू विद्यार्थीलाई ध्यानपूर्वक हेर्न, सुन्न र आवश्यक सुझाब दिन लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

५. विद्यार्थी समूहलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास २ मा दिइएको तालिका

प्रदर्शन गर्नुहोस् । निर्देशनअनुसार तालिकाबाट वाक्य बनाउन लगाउनुहोस् । विद्यार्थी समूहले लेखेको उत्तरलाई पालैपालो सुनाउन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६. विद्यार्थी समूहलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३ मा दिइएको अनुच्छेद प्रोजेक्टर वा स्मार्ट बोड वा चार्टमा प्रदर्शन गर्नुहोस् । कर्ताअनुसार क्रियापदको सङ्गति मिलाएर उत्तरपुस्तिकामा लेख्न लगाउनुहोस् । प्रत्येक समूहमा पुगी सही तरिकाले सङ्गति मिलाएर लेखे नलेखेको अवलोकन गर्नुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

७. विद्यार्थी समूहले लेखेको उत्तरलाई उत्तरपुस्तिका साटासाट गर्न लगाउनुहोस् । पदसङ्गति मिलेको अनुच्छेदपत्ती प्रदर्शन गर्नुहोस् । छलफलका माध्यमबाट सामूहिक परीक्षण गर्न लगाउनुहोस् । आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् ।

८. शिक्षकले लिङ्ग, वचन र आदरअनुसार कर्ता र क्रियापदको उपयुक्त सङ्गति मिलेका र नमिलेका वाक्यहरू प्रयोग भएको अनुच्छेद रचना गर्नुहोस् । सम्भव भएसम्म प्रोजेक्टरबाट नत्र अनुच्छेदलाई फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई समूहमा छलफल गरेर लिङ्ग, वचन, पुरुष र आदरअनुसार कर्ता र क्रियापदको उपयुक्त सङ्गति मिलेका र नमिलेका वाक्यहरू टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका वाक्य भन्न लगाउनुहोस् । शिक्षकले आवश्यक संशोधन गरी शैक्षिक पाटीमा टिप्दै जानुहोस् र छलफल गराउनुहोस् ।

९. वाक्यमा लिङ्ग, वचन, पुरुष र आदर आदिका आधारमा क्रियापद मिलाई वाक्य निर्माण गर्न लगाउनुहोस् । वाक्य निर्माण गर्दा लिङ्ग, वचन, पुरुष र आदर आदिका आधारमा क्रियापद मिलाएर वाक्य निर्माण गर्नुपर्छ, नाम र सर्वनामबिच, विशेषण र विशेष्यबिच, भेदक र भेद्यबिच सङ्गति मिल्नुपर्ने कुरा उदाहरण दिएर बताइदिनुहोस् ।

१०. विद्यार्थीलाई भाषिक संरचना तथा वर्णविन्यास खण्डको अभ्यास ५ समूहमा छलफल गरी सङ्गति नमिलेका वाक्य पहिचान गरी सङ्गति मिलाएर लेख्न लगाउनुहोस् । आवश्यक सहजीकरण गर्नुहोस् । चार्टमा सही उत्तर प्रदर्शन गरी सामूहिक परीक्षण गराउनुहोस् ।

११. विद्यार्थीलाई समूहमा रहेर भाषिक संरचना तथा वर्णविन्यास खण्डको अभ्यास ४ पढ्न लगाउनुहोस् र निर्देशनबमोजिम वाक्य परिवर्तन गरी लेख्न लगाउनुहोस् । प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

१२. प्रोजेक्टर वा चार्टमा सही उत्तर प्रदर्शन गरी विद्यार्थीलाई आफूले लेखेका कुरा मिले नमिलेको परीक्षण गर्न लगाउनुहोस् र थप पृष्ठपोषण दिनुहोस् ।

## सिर्जना र परियोजना कार्य

१. वक्तृतासम्बन्धी कुनै वक्ताले बोलेको छोटो स्लाइड वा कुनै अडियो भिडियो प्रदर्शन गर्नुहोस् । भिडियोमा बोलेका कुराको मुख्य सार छलफल गराउनुहोस् र विद्यार्थीलाई आगामी कक्षामा सुनाउने

गरी युट्युब, अनलाइन वा सामाजिक सञ्जाल वा अन्य कुनै माध्यमबाट एउटा वक्ताको वक्तृता सुनी मुख्य मुख्य कुरा टिपोट गरेर ल्याउन गृहकार्य दिनुहोस् ।

**(ग) मूल्याङ्कन**

१. तलका वाक्य शुद्ध पारी लेख्न लगाउनुहोस् :

(क) उनीहरू आज चाँडै गएको छ ।

(ख) मैले त गृहकार्य सक्यो ।

(ग) बहिनी सधैँ मलाई सहयोग गर्नुहुन्छ ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| सिर्जना र परियोजना कार्य | निर्दिष्ट शीर्षकमा वक्तृता तयार पार्न | • वक्तृताका बुँदा<br>• चार्ट वा स्लाइड<br>• वक्तृताको नमुना चार्ट, अडियो/भिडियो |
| विषयबोध र प्रस्तुति | विद्युतीय सामग्री वा कुनै स्रोतबाट वक्तृता सुनी मुख्य मुख्य विषयवस्तु बताउन | |

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कुनै समाजसेवीको मन्तव्य सुनाएर वा कुनै विषयमा छोटो प्रस्तुति दिएर ध्यान आकर्षित गर्नुहोस् ।

२. विद्यार्थीलाई पनि आफूले जानेका वा सुनेका उत्प्रेरणात्मक भनाइ भन्न लगाइ सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

३. अगिल्लो दिनका सिकाइका विषयवस्तु र गृहकार्यबारे छोटो छलफलसहित आजको कक्षाको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## सिर्जना र परियोजना कार्य

१. विद्यार्थीलाई विभिन्न समूहमा वर्गीकरण गरी सिर्जना परियोजना खण्डको अभ्यास १ को प्रश्न पढ्न

लगाउनुहोस । अभ्यासका आधारमा वक्तृता रचना गर्ने तरिका सिकाउनुहोस् । वक्तृतामा समेटिनुपर्ने आवश्यक तŒवबारे छलफल गराउनुहोस् ।

२. शिक्षकले तयार पारेर ल्याएको वक्तृता लेखनको नमुना स्लाइड वा प्रोजेक्टर वा चार्टमा प्रदर्शन गरी सस्वरवाचन गर्न लगाउनुहोस् र यसबारे छलफल गराउनुहोस् ।

३. वक्तृतामा सम्बोधन, मन्तव्यका क्रममा विषयवस्तुको सुरुआत, विवरण र अन्त्य, भाषशैली, वक्ताको हाउभाउ आदिबारे छलफल गराउनुहोस् । सम्भव भएसम्म वक्तृताको अडियो वा भिडियो प्रदर्शन गरी हेर्न र सुन्न लगाई थप छलफल गराउनुहोस् र निष्कर्ष निकाल्नुहोस् ।

४. विद्यार्थी समूहलाई अभ्यास १ मा दिइएको भाषाको विस्तारमा प्रविधिको भूमिकासम्बन्धी शीर्षकमा छलफल गराउनुहोस् र प्रविधिसँग जोडिएका मानवीय गतिविधि र भाषाबिचको सम्बन्धमा आएका विषयवस्तु टिपोट गर्दै जानुहोस् र छलफल गराउनुहोस् ।

५. विद्यार्थी समूहलाई यसै विषयमा वक्तृता लेख्न लगाई आवश्यक पर्ने चार्ट पेपर, साइनपेन आदि सामग्री दिनुहोस् ।

६. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. प्रत्येक समूहबाट रचना भएका वक्तृता कक्षामा हाउभाउसहित प्रत्येक समूहलाई प्रस्तुत गर्न लगाउनुहोस् । अन्य विद्यार्थी समूहलाई सुझाव दिन लगाउनुहोस् । प्रस्तुतिका आधारमा पहिलो, दोस्रो र तेस्रो छुट्याउन पनि सक्नुहुन्छ । यसरी छुट्याउँदा विद्यार्थीबिच अस्वस्थ प्रतिस्पर्धा र विभेदको वातावरण सिर्जना नहोस् भन्नेमा सजग हुनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## विषयबोध र प्रस्तुति

१. अगिल्लो दिन दिइएको गृहकार्यअनुसार विद्यार्थीलाई आआफ्नो समूहमा राख्नुहोस् । अगिल्लो दिन खोज्न दिइएको विषयबारे समूहमा छोटो छलफल गराउनुहोस् ।

२. विद्यार्थीले खोजेका वक्तृताका विषयवस्तुसम्बन्धी मुख्य मुख्य बुँदा समूहका सदस्यबिच छलफल गराएर समूहको कुनै एक सदस्यलाई हाउभाउसहित प्रदर्शन गर्न लगाउनुहोस् । प्रत्येक समूहलाई प्रस्तुत गर्न निश्चित समय छुट्याउनुहोस् । एक समूहले प्रस्तुत गर्दा अन्य समूहका साथीलाई ध्यानपूर्वक हेर्न, सुन्न र प्रस्तुति सकिएपछि आवश्यक सुझाब दिन लगाउनुहोस् ।

३. प्रत्येक समूहको प्रस्तुति सकिएसँगै ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

४. विद्यार्थीले केही सुझाब दिन चाहे उनीहरूलाई मौका दिनुहोस् । अन्त्यमा आवश्यक सहजीकरणका साथ पृष्ठपोषण दिएर कक्षा समाप्त गर्नुहोस्

## (ग) मूल्याङ्कन

१. आजका कक्षामा शिक्षण सिकाइका क्रममा आएका मुख्य मुख्य विषयवस्तु भन्न लगाउनुहोस् ।

## पाठ : ११

# समय पीडा

**विधा : कथा** **कार्यघण्टा : ११**

**परिचय**

कथाकार पद्मावती सिंह (वि.सं. २००५) द्वारा रचिएको सामाजिक कथा **'समय पीडा'** लाई सहजीकरण गराउँदा कथात्मक अभिव्यक्ति सिपको विकास गराइने छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइका माध्यमबाट क्रियाकलापमुखी भई पाठ्य कथा सहजीकरण गराउँदा सामाजिक सांस्कृतिक विषयको बोध गराई, कथाकथन, कथाश्रवण, संरचना पहिचान, उच्चारण, सस्वर तथा मौन पठन, शुद्धोच्चारण, शब्दार्थ बोध र प्रयोग, पठन बोध गराउने अपेक्षा गरिएको छ ।

विभिन्न क्रियाकलापअन्तर्गत अनुलेखन, श्रुतिलेखन, परिवेश, चरित्र चित्रण र पात्र तुलना, बुँदा टिपोट, प्रश्नोत्तर तथा व्याख्या, सारांश, घटना टिपोट तथा घटनाक्रम मिलान, कथा सार, सन्देश बोध, संवाद, र सिर्जनात्मक लेखन जस्ता क्रियाकलाप यसमा समावेश गरिएको छ । उत्प्रेरणामूलक क्रियाकलापबाट सुरुआत गर्दै विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलापलाई क्रमबद्ध रूपले पार गर्दै मूल्याङ्कनसमेत गरिने छ । यसैगरी तार्किक र समीक्षात्मक लेखन, अनुकरणात्मक कथा लेखन, भाषिक प्रकार्यअन्तर्गत सान्त्वना र प्रोत्साहन, प्रेरणार्थक क्रिया, सामान्य वाक्य, लेख्य चिह्नअन्तर्गत पूर्णविराम, अल्पविराम, अर्धविराम, प्रश्नवाचक, उद्गार, कोष्ठक, निर्देशक र उद्धरण चिह्नको पहिचान र प्रयोग, पदयोग र पदवियोग तथा सम्बन्धित विधा वा विषयमा आधारित स्वतन्त्र रचनासँग सम्बन्धित क्रियाकलाप गर्ने कुरा समावेश गरिएको छ ।

सिर्जना र परियोजनामा लागि कथा लेखनमा जोड दिइएको छ । शिक्षकले विद्यार्थीको रुचि तथा स्तरअनुकूल हुने गरी पाठ्यक्रमको अपेक्षालाई ख्याल गरी तोकिएको कार्यघण्टाभित्र पाठका अभ्यासमा समेटिएका तथा अन्य सान्दर्भिक अभ्यास पनि गराउनुहुने छ भन्ने विश्वास लिइएको छ ।

पहिलो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सामाजिक विषयवस्तुमा आधारित छलफल | चित्र र सन्दर्भका आधारमा सामाजिक विषय वस्तुको छलफल गर्न | • घटनाबोधक चित्रहरू<br>• अनुच्छेदपत्ती<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• शब्दकोश |
| सस्वर पठन तथा शब्दोच्चारण | सस्वर पठन तथा शब्दोच्चारण गर्न | |
| पाठगत शब्दार्थ र वाक्यमा प्रयोग | पाठगत शब्दार्थ र वाक्यमा प्रयोग गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. कक्षाका विद्यार्थीलाई सामाजिक घटनामा आधारित भई रोचक कथा सुनाउनुहोस् र विषयवस्तुप्रति रुचि जगाई पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

२. समाजमा विदेशिएका व्यक्तिका कारणले परेको प्रभाव तथा विदेशबाट पठाएको पैसाले सिर्जिएको रोचक सन्दर्भबारे विद्यार्थीको वा आफू स्वयम्को प्रस्तुतिका साथ विषयवस्तुमा प्रवेश गर्न उत्साहित पार्नुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### सामाजिक विषयवस्तुमा आधारित छलफल

१. परिवारका कुनै सदस्य लहैलहैमा विदेश जाँदा त्यहाँ पाएको दुःख र यता आफ्नो देशमा परिवारभित्र सिर्जिएका समस्यालाई चित्र वा घटना वा भोगाइलाई पाठ्य विषयसँग जोडेर स्लाइड वा भिडियो वा सुनेका कुरा मौखिक रूपमा प्रस्तुत गर्नुहोस् ।

२. विद्यार्थीको घर परिवारमा पनि यस्ता घटना घटेका होलान्, तिनीहरूलाई भन्ने अवसर दिनुहोस् । यी विषयमा सामूहिक छलफल चलाउनुहोस् । विद्यार्थीले बुझेका कुरा समूह प्रतिनिधिलाई प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

३. शिक्षकले समाजमा घट्न सक्ने घटना, परिवारमा आय आर्जन गर्ने क्रममा सिर्जित समस्या, वृद्धवृद्धासँग सम्बन्धित समस्या, आर्थिक समस्या, गरिबी, पेसा व्यवसायका लागि परिवार छोड्नुपर्ने अवस्था, लैङ्गिक विभेद जस्ता घटनाहरूबारेमा छलफल चलाउनुहोस् र अवलोकन गर्दै आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. विद्यार्थीलाई पाठ ११ मा दिइएको चित्रका बारेमा पालैपालो वर्णन गर्न लगाई समाजिक समस्या तथा समाजसँग सम्बन्धित विविध पक्षमा छलफल गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### सस्वर पठन तथा शब्दोच्चारण

१. विद्यार्थीलाई अनुच्छेद १ देखि १५ सम्मका कथांश पठनका लागि गति, यति, हाउभाउ आदिबारेमा छलफल चलाउनुहोस् ।

२ विद्यार्थीलाई समावेशिताका आधारमा कथा पठन गर्नका लागि अवसर प्रदान गर्नुहोस् ।

३. कथामा भएका संवादका लागि कथाकै पात्रले बोले झैँ अभिनयमूलक तरिकाले शुद्ध पठन गर्न सहजीकरण गर्नुहोस् ।

४ विद्यार्थीलाई पालैपालो सस्वर पठन गर्न लगाउनुहोस् । उनीहरूले कथा वाचन गर्न सके नसकेको, उच्चारणगत त्रुटि, वाक्यमा प्रयुक्त लेख्य चिह्नअनुरूप अडान भए नभएको आदि कुराको प्रतिक्रिया दिन लगाउनुहोस् । आफूले पनि सहजीकरण गरिदिनुहोस् ।

५. शिक्षकले स्वयम्ले गति, यति मिलाई शुद्धोचारण कसरी गर्ने भनी नमुना वाचन गरी पाठ्य कथांश सुनाउनुहोस् । शब्दोच्चारण गर्दा नयाँ लागेका शब्दको उच्चारणका लागि सहजीकरण गरिदिनुहोस् ।

| शब्द | उच्चारण | शब्द | उच्चारण |
|---|---|---|---|
| अफिस | /अ.फिस्./ | लक्ष | /लक्.छ्य/ |
| विवश | /बि.बस् / | घरधन्दा | /घर्.धन्.दा/ |
| जीवनशैली | /जि.बन्.सै.लि/ | चाडबाड | /चाड्.बाड्/ |
| | | तस्बिर | /तस्.बिर्/ |

६ विद्यार्थीले वाचन गर्दा त्रुटि भए नभएको अन्य विद्यार्थीलाई पनि सोध्नुहोस् र शब्दोच्चारणमा असहज महसुस गरेको वा अशुद्ध उच्चारण भएको अवस्थामा सहजीकरण गरिदिनुहोस् । आवश्यक हौसलाका साथ प्रतिस्पर्धा गराउनुहोस् ।

## पाठगत शब्दार्थ र वाक्यमा प्रयोग

१. मौन वाचनकै क्रममा नयाँ लागेका, अर्थ बोध तथा वाक्य निर्माणमा असहज लागेका शब्द टिपोट गर्न लगाउनुहोस् र एकापसमा आवश्यक छलफल गराउनुहोस् ।

२. शैक्षणिक सामग्रीको सहायताले पाठ्य कथामा रहेका बिछ्यौना, हृदय, बगैँचा, सङ्क्रान्ति, व्यवसाय, उकुसमुकुस, मनसाय, बिच्छेद, किंकर्तव्यविमूढ, हतप्रभ, रमझम, पर्वाह, शिक्षादीक्षा, दौडधुप, हृदयङ्गम, विचलित, स्याहरसुसार, लापरबाह, अभीप्सा, प्रतीक्षा, आश्वासन, सान्त्वनायुक्त, शाश्वत, सद्गुण, दुर्गुण, वितृष्णा, बुढेसकाल आदि शब्द उच्चारण गर्न, अर्थ बोध गर्न तथा वाक्यमा प्रयोगका लागि सहजीकरण गरिदिनुहोस् ।

३. विद्यार्थीलाई मौन पठन गर्दा टिपिएका शब्दको अर्थ छलफल गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

४. शब्दको सान्दर्भिक प्रयोगका लागि विद्यार्थीलाई एक आपसमा छलफल गराउनुहोस् र शब्दपत्ती, अर्थपत्ती र वाक्यपत्तीको सहायताले आवश्यक परेमा सहजीकरण गर्नुहोस् । शब्दको अर्थादि पत्ता लगाउन शब्दकोशको प्रयोगाभ्यासमा अभ्यस्त पार्नुहोस् ।

## (ग) मूल्याङ्कन

**१. दिइएका शब्दका अर्थ भन्न लगाउनुहोस् :**

बिच्छेद, किंकर्तव्यविमूढ, हतप्रभ, हृदयङ्गम, विचलित, स्याहरसुसार, अभीप्सा, प्रतीक्षा, सान्त्वनायुक्त, शाश्वत

**२ अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**

मनसाय, दौडधुप, हृदयङ्गम, विचलित, स्याहरसुसार

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन तथा शब्दोच्चारण | सस्वर पठन तथा शब्दोच्चारण गर्न | • अनुच्छेदपत्ती<br>• अडियो वा भिडियो<br>• शब्दपत्ती<br>• शब्दकोश<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• कथा संरचना तालिका |
| पाठगत शब्दार्थ र प्रयोग | पाठगत शब्दार्थ र वाक्यमा प्रयोग गर्न | |
| कथा संरचना | कथा संरचनाको पहिचान गर्न | |
| बोध प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई गाउँखाने कथा वा कविता सुनाउने अवसर दिई अगिल्लो कक्षाका सिकाइका विषयस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

२. आजको पाठ्यवस्तुबारेमा जानकारी दिनुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### सस्वर पठन तथा शब्दोच्चारण

१. कक्षामा विद्यार्थीलाई पालैपालो कथा (अनुच्छेद १६ देखि ३४ सम्म) सस्वर पठन गर्न लगाउनुहोस् । उनीहरूलाई वाचन गर्दा विराम चिह्न, गति, यति आदिको ख्याल गर्न लगाउनुहोस् । आवश्यक परे पृष्ठपोषण प्रदान गर्नुहोस् ।

२ कथा पठन गर्न सके नसकेको, उच्चारणगत त्रुटि भए नभएको आदि विषयमा विद्यार्थीबिच छलफल चलाउनुहोस् । पठन तरिकामा आफूले पनि सहजीकरण गरिदिनुहोस् ।

३. शिक्षकले कथा वाचन गरेर सुनाउनुहोस् । विद्यार्थीको अशुद्ध उच्चारण भएको अवस्थामा सहजीकरण गरिदिनुहोस् । आवश्यक हौसला दिई सक्रिय सहभागिताका लागि स्याबासी दिनुहोस् ।

**उच्चारण अभ्यास नमुना तालिका**

| शब्द | उच्चारण | शब्द | उच्चारण |
|---|---|---|---|
| अभीप्सा | /अ.भिप्.सा/ | विचलित | /बि.च.लित्/ |
| आश्वासन | /आस्.स्वा.सन्/ | आवतजावत | /आ.वत्.जा.वत्/ |
| दुर्गुण | /दुर्.गुन्/ | डुबुल्की | /डु.बुल्.कि/ |

४. विद्यार्थीलाई शब्दोच्चारणमा आवश्यकतानुसार सहजीकरण गरिदिनुहोस् । यसपछि उनीहरूलाई वाचन गर्न लगाई आफूले अवलोकन गर्दै आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई अनुच्छेद १६ देखि ३४ सम्म मौन वाचन गर्न, शब्दोच्चारण गर्न र अर्थ बोध तथा प्रयोग गर्न कठिन लागेका वा उच्चारण गर्दा मिल्दैन कि भन्ने आशङ्का भएका र अन्य छुटेका शब्दसमेत टिपोट गर्न लगाउनुहोस् ।

२. शब्दपत्तीको सहायताले पाठ्य कथामा प्रयुक्त दिनचर्या, बिछ्यौना, जोईपोइ, एल्बम, सुखसयल, शून्य, घरायसी, विवश, माघेसङ्क्रान्ति, मनग्य, बिनसित्ति प्रज्वलित, झसङ्ग, अस्ट्रेलिया आदि शब्दको अर्थ र सान्दर्भिक प्रयोगको छलफल गराई अभ्यास गराउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

३. मौन पठन गर्दा टिपेका शब्दको उच्चारण, अर्थ बोध र प्रयोग गर्न एकापसमा छलफल गराउनुहोस् र आवश्यक परेमा सहजीकरण गर्नुहोस् ।

४ शिक्षकले शब्दोच्चारणका लागि कथामा प्रयुक्त र अन्य केही शब्द प्रस्तुत गरी अक्षर संरचनाका आधारमा उच्चारण गर्न शब्दार्थ बोध गर्न र वाक्य निर्माण गर्न सहज गरिदिनुहोस् ।

५. शब्दार्थका लागि शब्दकोशको प्रयोगाभ्यास पनि गराउनुहोस् । शब्दकोशमा शब्द पत्ता लगाउन उत्साहित गरी सबैभन्दा पहिले दिइएका कुनै पाँच शब्दका अर्थ पत्ता लगाउने विद्यार्थीलाई उपयुक्त अक्षराङ्क वा स्याबासी प्रदान गर्नुहोस् ।

## कथा संरचना

१. पाठ्य कथा वा पाठ्यपुस्तकबाहेकका कथाका स्लाइड वा चार्ट प्रदर्शन गरी संरचनाका बारेमा छोटकरीमा छलफल चलाउनुहोस् ।

२. एउटा कथा र अर्को कथाका बिच तुलना गर्न लगाई कुन कथाको कस्तो ढाँचा रहेछ, आदि, मध्य र अन्त्यको संरचना कसरी बुनिएको रहेछ भनी जिज्ञासा उत्पन्न गराइदिनुहोस् ।

३. विद्यार्थीलाई पाठ्य कथाको अनुच्छेद सङ्ख्या पहिचान गर्न लगाउनुहोस् । आदि भाग, मध्य भाग र निष्कर्षको सङ्केतसम्बन्धी जानकारी दिन छलफल गराउनुहोस् ।

४. कथावस्तु, पात्र, संवाद, वातावरण, कथा लेख्नाको उद्देश्य, लेखकीय सम्बन्धबारे दृष्टिविन्दु तथा भाषाशैली र कथाको संरचना स्पष्ट पार्न भनी सङ्क्षिप्तकृत रूपमा प्रश्न सोध्नुहोस् :

(क) कथाको सुरु, बिच र अन्त्यमा के कसरी घटना घटित भएका छन् ?

५. कथा हुनका लागि विषयको सुरु, मध्य र अन्त्य भाग तथा पात्र, भाषा शैली आदि के के चाहिन्छ भन्ने कुरा समूहगत रूपमा छलफल गर्न लगाउनुहोस् र कथा संरचनाबारे जानकारी दिई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## बोध प्रश्नोत्तर

१ पाठ्य कथाबाट केही अनुच्छेद उद्धृत गरी उत्तरको खोजी गर्ने सिपबारे छलफल गराउनुहोस् ।

२. शिक्षकले निर्दिष्ट गरेका अनुच्छेदबाट विद्यार्थीले के कस्तो उत्तरको खोजी गरे सान्दर्भिक छलफल चलाउनुहोस् । अपेक्षित उत्तर नभएमा सबलीकरण गरिदिनुहोस् ।

३. बोध प्रश्नको उत्तर छोटो र स्पष्ट हुनुपर्छ अनि जसरी प्रश्न सुरु र अन्त्य भएको हुन्छ, त्यही ढाँचामा उत्तर हुनु राम्रो भनी नमुना उत्तर प्रस्तुत गर्नुहोस् ।

**<u>२८औँ अनुच्छेदबाट बोधको नमुना प्रश्न र उत्तर</u>**

**प्रश्नहरू**

(क) 'छोराछोरी चराचुरुङ्गीका बचेरा जस्तै हुन्' भन्नुको आशय के हो ?

उत्तर : छोराछोरी चराचुरुङ्गीका बचेरा जस्तै पखेटा लागेपछि बाबुआमासँग नबसी अन्यत्र जान्छन् भन्ने आशय व्यक्ति गरिएको हो ।

**अन्य प्रश्न**

(ग) वक्ताबाट के कुरालाई शाश्वत सत्य ठानिएको छ ?

(घ) रामनाथले पत्नीलाई सान्त्वना दिनुपर्नाको कारण के देखिन्छ ?

(ङ) अनुच्छेदमा के भनेर चित्त बुझाउन खोजिएको छ ?

४. पाठ्य कथामा रहेको बोध र अभिव्यक्ति खण्डको प्रश्न ४ र ५ को बोध प्रश्नको अनुच्छेद र त्यसमा दिइएका प्रश्नलाई मौन पठन गर्न लगाई प्रश्न निर्माण सिप मनन गर्न तथा बोध प्रश्नोत्तरका लागि छलफल गर्न लगाउनुहोस् ।

६. अदृष्ट गद्यांश दिई समूहगत रूपमा बोध प्रश्न सोध्नुहोस् र फरक फरक समूहबाट आएका उत्तरलाई तुलना गरेर उत्कृष्ट उत्तर लेख्ने समूहलाई बधाई दिनुहोस् । बोध प्रश्नोत्तर गर्दा ध्यान दिनुपर्ने कुरालाई चार्ट वा स्लाइडबाट प्रस्ट पारिदिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. छोराछोरी चराचुरुङ्गीका बचेरा जस्तै हुन्' भन्नुको आशय भन्न लगाउनुहोस् ।

२ विद्यार्थीलाई रमझम, पर्वाह, शिक्षादीक्षा, दौडधुप, हृदयङ्गम, विचलित, स्याहरसुसार, लापरबाह, अभीप्सा, प्रतीक्षा, आश्वासन आदि शब्दको शब्दोच्चारण गर्न, अर्थ भन्न र वाक्य निर्माण गर्न लगाउनुहोस् ।

## २. तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| अनुलेखन तथा श्रुतिलेखन | अनुलेखन तथा श्रुतिलेखन गर्न | • अनुच्छेदपत्ती<br>• उखानपत्ती<br>• टुक्कापत्ती<br>• अनुकरणात्मक शब्दपत्ती |
| टुक्काको पहिचान र प्रयोग | टुक्काको पहिचान र प्रयोग गर्न | |
| पद तथा पदावलीको पहिचान र प्रयोग | पद तथा पदावलीको पहिचान तथा प्रयोग गर्न | |
| अनुकरणात्मक शब्दको पहिचान र प्रयोग | अनुकरणात्मक शब्दको पहिचान र प्रयोग गर्न | |

### (क) सुरुआती क्रियाकलाप

१. कुनै घटनालाई कथात्मक प्रयोगमा वर्णन गर्दै विद्यार्थीलाई कक्षा रोचक बनाई विषयवस्तुप्रति उत्साह जगाउनुहोस् ।

२. टुक्का, पद, पदावली, अनुकरणात्मक शब्द र तिनको शुद्ध रूप र तिनले गर्ने कार्यका बारेमा विद्यार्थी विद्यार्थीबिच छलफल गराउनुहोस् र पाठ्य वस्तुको जानकारी दिनुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### अनुलेखन तथा श्रुतिलेखन

१. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । अनुलेखन गर्दा कसरी शुद्ध, सफा र छिटो सार्न सकिन्छ, छलफल गर्न लगाई अनुलेखन गर्न लगाउनुहोस् ।

२ प्रत्येक समूहका अनुलेखनमा कमजोर दखिएका विद्यार्थीको पहिचान गर्दै आवश्यक पृष्ठपोषण पनि दिनुहोस् ।

३. विद्यार्थीलाई अनुलेखन गर्दा सुन्दर अक्षरमा केही कुरा लेख्नु हो भन्ने कुराको जानकारी दिई वर्णविन्यास, अनुच्छेद परिवर्तन अदिमा ध्यान दिई अनुलेखन गर्न लगाउनुहोस् । निर्दिष्ट संवादात्मक अभिव्यक्ति भएका केही अनुच्छेद छनोट गरी अनुलेखन गर्न दिनुहोस् ।

४ विद्यार्थीलाई शिक्षकले श्रुतिलेखन गराउनुहोस् । एक आपसमा कापी साटसाट गराई परीक्षण गर्न लगाउनुहोस् र सम्बन्धित विद्यार्थीलाई त्रुटि पहिचान तथा शुद्धताका लागि गर्नुपर्ने सुधारका बारेमा सुझाउ दिनुहोस् र आवश्यकीय पृष्ठपोषण दिनुहोस् ।

## टुक्काको पहिचान र प्रयोग

१ विद्यार्थीलाई पाठ्य कथाबाट मौन पठन गर्दा टिपिएका टुक्काको अर्थ छलफल गर्न लगाउनुहोस् । छलफलपश्चात् सार्थक वाक्य निर्माण गर्न लगाउनुहोस् ।

२ शब्दपत्तीको सहायताले पाठ्य कथामा रहेका, शब्दभण्डारको अभ्यासमा भएका र अन्य टुक्काको अर्थ पहिचान गर्न र तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । घुमाउरो अर्थ दिने वाक्यांश नै टुक्का हो । जस्तै; 'घुँडा टेक्नु' भन्नाले आत्मसमर्पण गर्नु भन्ने बुझिन्छ । यस्तै केही टुक्काका दृष्टान्त पेस गर्नुहोस् र पाठ्य कथामा प्रयुक्त र अन्य केही टुक्काको चार्ट वा स्लाइड प्रस्तुत गरी अर्थ बोध गर्न र वाक्य निर्माण गर्न सहज गरिदिनुहोस् ।

३. शिक्षकले आफूले तयार पारेको टुक्काको स्लाइड, चार्ट वा अडियो वा भिडियो सामग्री प्रस्तुत गरी प्रस्ट पारिदिनुहोस् । आवश्यक सहजीकरण गरी उत्कृष्ट विद्यार्थीलाई उपयुक्त अक्षराङ्क कार्ड वा स्याबासी प्रदान गर्नुहोस् ।

**केही टुक्का र तिनको अर्थ :**

| टुक्का | अर्थ | टुक्का | अर्थ |
|---|---|---|---|
| नाक काट्नु | इज्जत जानु | कान ठाडो पार्नु | ध्यान दिएर सुन्नु |
| मन चोर्नु | मनको कुरा बुझ्नु | आगो हुनु | रिसले चुर हुनु |
| आलु खानु | असफल हुनु | चन्द्रमा दाहिने हुनु | पक्षमा हुनु |
| घुँडा टेक्नु | हार खानु | टाप कस्नु | भाग्नु |

## पद तथा पदावलीको पहिचान र प्रयोग

१. पद तथा पदावली भनेको के होला भन्ने जिज्ञासा उत्पन्न गराई यी विषयमा छलफल चलाउनुहोस् ।

२. वाक्यमा प्रयुक्त शब्द नै पद हुन् । म घर जान्छु वाक्यमा प्रयोग भएका म, घर र जान्छु पद हुन् । यस्तै पदावली भनेको पदहरूको समूह हो । मुटु शब्द पद हो भने ढुङ्गाको मुटु पदहरूको समूह अर्थात् पदावली हो । शाश्वत सत्य, मणि हराएको सर्प, विह्वल मन, पीडाको रेखा, सन्तोषको सास आदि पदावली हुन् ।

३. पाठ्य कथाबाट केही पद तथा पदावलीको पहिचान तथा सङ्कलन गर्न लगाई सान्दर्भिक प्रयोग गर्न लगाउनुहोस् र आवश्यक परेमा सहजीकरण गरिदिनुहोस् ।

## अनुकरणात्मक शब्दको पहिचान र तिनको प्रयोग

१. पाठ्य कथाबाट अनुकरणात्मक शब्दप्रयुक्त स्लाइड वा चार्ट वा अडियोलाई प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई अनुकरणात्मक शब्द पहिचान गर्न लगाउनुहोस् । उनीहरूलाई अनुकरणात्मक शब्द सूची निर्माण गर्न, तिनले जनाउने कार्यबिचको सम्बन्ध प्रस्ट्याउन र वाक्य निर्माण गर्न लगाउनुहोस् र आवश्यक परे सहजीकरण गरिदिनुहोस् ।

२. अनुकरणात्मक शब्दप्रयुक्त सामग्री प्रस्तुत गर्नुहोस् र सान्दर्भिक प्रयोग कसरी गर्न सकिने रहेछ भन्ने कुरा बताइदिनुहोस् ।

**जस्तै :** अनुकरणात्मक शब्द : ढकमक्कक कार्य बुझाउने क्रिया – फूल फुल्नु

वाक्य : तिहारमा घरको वरपर फूल ढकमक्क फुलेको देखिन्छ ।

अन्य केही अनुकरणात्मक शब्द र तिनको कार्य बुझाउने क्रिया –

| | | |
|---|---|---|
| सरासर : काम गर्नु, लगातार जानु | झमझम : पानी पर्नु | भतभती : पोल्नु |
| तपतप : चुहिनु | फतक्क : गल्नु | निस्पट्ट : अँध्यारो हुनु |
| बरर्र : आँसु झार्नु | पल्याकपुलुक : हेर्नु | टनक्क : कस्नु |
| झझम : पानी पर्नु | ढुकढुक : धड्कन चल्नु | झमक्क : साँझ पर्नु |
| टहटह : जून लाग्नु | झनक्क : रिसाउनु | हलल्ल : हाँस्नु |
| हुरुरु : हावा चल्नु, आगो बल्नु, मान्छे दौडनु | टप्प : टिप्नु | टुप्लुक्क : आइपुग्नु |

३. शिक्षकले केही अनुकरणात्मक शब्द सुनाउनुहोस् । तिनको अर्थ बोध गराई वाक्य निर्माण गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् । उदाहरण : आँसु कसरी चुहिन्छ ? उत्तर : बरर्र

४. अनुकरणात्मक शब्दको अर्थ खुल्ने गरी वाक्य बनाएर देखाउनुहोस् । शिक्षकले सङ्कलन गरेर ल्याएका अनुकरणात्मक शब्दको सान्दर्भिक प्रयोग अभ्यास गराउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. दिइएका अनुकरणात्मक शब्द तथा टुक्कालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

(क) झमझम, भतभती, तपतप, फतक्क, निस्पट्ट

(ख) कान ठाडो पार्नु, आगो हुनु, चन्द्रमा दाहिने हुनु

## चौथो दिन

१. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| घटना टिपोट तथा मिलान | घटना टिपोट तथा मिलान गर्न | • अनुच्छेदपत्ती<br>• घटना सूची<br>• बुँदाहरूको चार्ट |
| कथासार | कथासार तयार गर्न | |
| कथा सन्देश | कथाको सन्देश दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. अभिवादनपश्चात् प्रेरक घटना सुनाई कक्षारम्भ गर्नुहोस् । अगिल्लो कक्षामा दिइएका अभ्यासमा केही समस्या भए छलफल विधिबाट सहजीकरण गरिदिनुहोस् ।

२. पाठ्यकथाको घटना स्मरण गर्दै, कथाको सार खिच्न र सन्देश के हो भन्नका लागि छलफल गर्नेबारे पूर्व जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### घटना टिपोट

१. पाठ्य कथाका अनुच्छेद विद्यार्थीको समूहलाई बाँडिदिनुहोस् र छलफल गर्न लगाउनुहोस् र छलफलपश्चात् तयार गरेका घटना के के रहेछन्, अवलोकन गर्नुहोस् ।

२. मुख्य घटनाको बुँदा टिपोट गर्दा अनुलेखन गर्ने कार्य नगर्न नगराउन उत्प्रेरित गर्नुहोस् ।

३ टिपेका घटनालाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् । कुनै बुँदा दोहोरियो वा मिलेन भने आवश्यक सहजीकरण गरिदिनुहोस् ।

४. शिक्षकले आफूले तयार पारेको पाठ्य कथाको घटना बुँदाहरूलाई छ्यासमिस पारेर विद्यार्थीलाई एउटा एउटा गर्दै बाँड्नुहोस् । अझै रहेको छ भने दुई दुई वा तीन तीनओटा बाँड्नुहोस् अनि घटनालाई मनन गर्न लगाउनुहोस् । आफूले ल्याएको स्लाइड, चार्ट वा अडियो सामग्री पनि प्रस्तुत गर्नुहोस् ।

५. विद्यार्थीलाई टिपोट गरेका घटनालाई आवश्यक परे काँटछाँट गरी अन्तिम रूप दिन लगाउनुहोस् ।

६. पाठ्य कथाबाट टिपेका घटनामध्ये कुन घटना पहिले भएको हो, पहिलो त्यसपछि दोस्रो तेस्रो गर्दै भन्न लगाई घटनाक्रम मिलाउन लगाउनुहोस् । जस्तै :

**घटना टिपोटका केही नमुना बुँदा**

- आनन्दी रातको दश बजुन्जेल घरको काममै व्यस्त रहनु
- बिछ्यौनामा ढले पनि छोराहरूकै चिन्ताले अबेरसम्म निदाउन नसक्नु
- जेठो छोरो परिवारसहित अस्ट्रेलियातर्फ लाग्नु
- कान्छो छोरो पढ्नका लागि अमेरिकातिर लाग्नु
- समयको पदचापलाई पछ्याउनै पर्ने बुझी चित्त बुझाउनु
- नातिनी बिरामी परेको खबरले आनन्दीलाई दिनभर काम गर्न मन नलाग्नु
- छोराहरूले आफ्नो व्यवसायमा ध्यान नदिएकामा रामनाथलाई दिक्क लाग्नु
- विदेशको मोहले छोराहरू आफूबाट टाढिएकोमा दुःख मान्नु

७. शिक्षकले आफूले तयार पारेको पाठ्य कथाको घटना बुँदाहरूको सूची प्रस्तुत गरी घटनाक्रमको टिपोट तथा मिलानको नमुनासमेत प्रस्तुत गरी घटना टिपोट तथा मिलान गर्न सबलीकरण गर्नुहोस् ।

## कथासार

१. पाठ्य कथाबाट टिपिएका महŒवपूर्ण बुँदाहरूका आधारमा कथाको सार खिच्न लगाउनुहोस् र आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

२. पाठ्य कथाको सार खिच्नका लागि विद्यार्थीलाई आदि, मध्य र अन्त्यका केही प्रश्न सोध्नुहोस् :

(क) रामनाथ र आनन्दीको दिनचर्या कस्तो थियो ?

(ख) आनन्दी किन धेरैबेरसम्म निदाउन सक्तिनन् ?

(ग) दुवै छोरा बिदेसिए पनि एउटी छोरी मात्र स्वदेशमा हुँदा पनि रामनाथ र आनन्दीलाई किन सन्तोष लागेको हो ?

(घ) के जेठो छोरा अस्ट्रेलिया र कान्छो अमेरिका गए पनि उनीहरूका बारेमा चिन्ता गर्नु ठिक थियो त ?

(ङ) अरूले पस्किएका समस्यामा पिरोलिने आनन्दीको चरित्र कस्तो छ ?

(च) काममामको खोजीमा बिदेसिने छोराहरूप्रति बाबु रामनाथको दृष्टिकोण कस्तो थियो ?

(छ) तीन महिनासम्म छोरी, सेविका र रामनाथले स्याहारसुसार गरे पनि आनन्दीको अवस्था के भएको थियो ?

(ज) सन्तान बिदेसिँदा आनन्दीले रामनाथको परिवारले कस्तो पीडा भोग्नुपरेको छ ?

(झ) कथाको शीर्षक किन उपयुक्त छ ?

३. माथि दिइएका प्रश्नको उत्तर छलफल गरी कथा सार खिच्न लगाउनुहोस् र छोटकरीमा लेख्न दिनुहोस् ।

## कथा सन्देश

१. 'समय पीडा' कथाले के भन्न खोजेको हो ? कथा पठन गरेपछि कथाले के सन्देश दिएको रहेछ त भन्ने प्रश्न सोधी मस्तिष्क मन्थन गर्न गराउनुहोस् ।

२ विद्यार्थीलाई सन्देशका लागि केही बुँदा मनन गर्न लगाउनुहोस् अनि बुँदा टिपोट गर्न लगाउनुहोस् ।

३. शिक्षक निर्मित बुँदा सामग्री प्रस्तुत गरी छलफल गराउनुहोस् ।

**सन्देशका लागि केही बुँदा**

- सन्तान बिदेसिने क्रम बढ्दो
- बच्चा हुर्कँदै गएपछि आमाबुबाको काख छोडी टाढिन्छन् भन्ने प्राकृतिक नियम प्रस्तुत गर्न सफल
- बुढेस कालमा बुढाका लागि बुढी र बुढीका लागि बुढा नै एकअर्काका सहारा बनेका, अर्थात् आदर्श पतीपत्नीको माया जस्तो अमूल्य संसारमा केही नरहेको सार कथामा प्रस्तुत गरिएको
- सन्तानप्रतिको माया आमाबाबुका लागि जीवनभरि रहिरहने
- आफ्नो मन छोरामाथि छोराछोरीको मन ढुङ्गामुढामाथि भनेजस्तो व्यवहार हुने
- सन्ततीप्रतिको चिन्ताले आमाले संसार त्याग्नुपरेको तितो यथार्थ पस्किएको
- स्वदेशको माया छोडेर विदेशमा सङ्घर्ष गर्न रम्ने अहिलेको समय पीडा जीवन्त रूपमा प्रस्तुत

४ विद्यार्थीले कथाबाट बुझेका कुरालाई बुँदागत रूपमा प्रस्तुत गरेपछि अनुच्छेदमा सन्देश लेख्न दिनुहोस् र आवश्यक सबलीकरण गरिदिनुहोस् ।

## (ग) मूल्याङ्कन

१. विद्यार्थीलाई पाठ्य कथाको मुख्य मुख्य घटनाहरू क्रमअनुसार बुँदामा भन्न लगाउनुहोस् ।

२. आफूले अध्ययन गरेको सामाजिक विषयवस्तुमा आधारित आफूले सुनेको एउटा कथाको सन्देश सुनाउन लगाउनुहोस् ।

# पाँचौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| चरित्र वर्णन र तुलना र परिवेश वर्णन | चरित्र वर्णन, तुलना र परिवेश वर्णन गर्न | • पात्रहरूको सूचीपत्ती<br>• बुँदाहरूको चार्ट<br>• बुँदापत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| सङ्क्षिप्त उत्तर | सङ्क्षिप्त उत्तर दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले कक्षाका विद्यार्थीलाई कुनै साथीको चरित्रका बारेमा रोचक ढङ्गले प्रस्तुत गर्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

२. विद्यार्थीलाई आजको कक्षामा प्रश्न सोधी उत्तर खोजी गर्नेबारे छलफल चलाउन लगाउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**चरित्र चित्रण र तुलना तथा परिवेश वर्णन**

१. बोध र अभिव्यक्ति खण्डको प्रश्न ११ मा दिइएको प्रश्न वा त्यस्तै प्रश्न सोधी पात्रसम्बन्धी जिज्ञासा जगाउनुहोस् अर्थात् पात्रको परिचय, कथामा पात्रको भूमिका, उनीहरूको बसाइ, आर्थिक अवस्था, स्वभाव तथा अन्य पात्रबिचको सम्बन्ध आदि बारेमा प्रश्न सोधी पात्र पहिचान गर्न लगाउनुहोस् ।

२. पाठ्य कथामा उपस्थित चरित्रको टिपोट गरी विशेषताको चर्चा गर्न लगाउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

३. एउटा विद्यार्थीलाई रामनाथ र अर्को विद्यार्थीलाई आनन्दी बन्न लगाई एकले अर्कालाई अभिनय गर्दै तिमी यस्ता र उस्ता पात्र हौ भनी एक आपसमा तुलनात्मक रूपमा बोल्न लगाउनुहोस् ।

४. समाजमा समय परिवर्तन हुँदै जाँदा परिवारमा पीडा भएको अवस्था, आफ्ना सन्तति बिदेसिँदा आमा र बुबालाई पर्ने चिन्ता तथा घर, परिवार र समाजमा पर्ने प्रभाव तथा लोग्ने र स्वास्नीको मायाप्रेमका बारेमा चित्रण गर्न लगाउनुहोस् र अन्य पात्रबिच पनि तुलना गर्न दिनुहोस् । जस्तै :

**लोग्ने पात्र रामनाथको चरित्र चित्रणका लागि केही बुँदा**

- परिवारभित्रका आदर्श पिताको प्रतिनिधि पात्र
- बिहान सबेरै उठ्ने र बेलुका ९ बजे सुत्ने र आफूलाई व्यस्त बनाइरहने पात्र
- दुई आँखाका नानी जस्ता जेठा छोरा अस्ट्रेलिया र कान्छा छोरा अमेरिका पठाउन सहमत
- बिनसित्ति छोराहरूको झर्किएर चिन्ता नगर्न पत्नी आनन्दीलाई सम्झाउने पात्र
- आफ्नो व्यवसायलाई नअँगालेकामा ठुलो छोराप्रति गुनासो रहेको व्यक्त गर्ने पात्र
- आफ्नी पत्नीलाई चिन्तामुक्त बनाउन चराचुरुङ्गीका बचेरा पखेटा लागेपछि उडे जस्तै मान्छेका बच्चा पनि गोडा लागेपछि बसाइँ सर्ने भन्दै सम्झाइबुझाइ गर्ने चरित्र
- पराजित मनस्थितिमा पुग्दा पनि धैर्यधारण गरी आफ्नो जिन्दगी बाँच्ने पात्र
- घरपरिवार तथा पेसा व्यवसाय छोडेर स्वतन्त्र जीवन बाँच्न र विदेशको रमझममा भुल्ने सन्तति नचाहिने तर्क गरे पनि बुबाको हृदय भएको पात्र
- पत्नीको स्वास्थ्य लाभ चाहने र सान्त्वना दिने तथा सन्ततिको प्रेमको आशा र अभीप्सा राख्ने आदर्श पति एवम् पिता
- औपचारिकता निर्वाह गर्ने स्वार्थी छोराछोरीप्रति वितृष्ण जगाए पनि पत्नीप्रेम गर्ने रामनाथ विधुर बनेको अवस्थाको चित्रण

५. थप जानकारीका लागि शिक्षकले तयार पारेको पाठ्य कथाको पात्र परिचयसम्बन्धी सामग्री प्रदर्शन गरी स्पष्ट पारिदिनुहोस् ।

६. स्वदेशमा घरगृहस्थीका कुरा, अमेरिका र अस्ट्रेलियामा बसेका छोराहरूसँग कुराकानी गर्नु, बिहान, बेलुका तथा रातिका समयमा कुराकानी गर्नु, काठमाडौँको परिवेशमा भएका घटनामा कथानक बुनिनु जस्ता

परिवेश कथामा भएको कुराको जानकारी गराउँदै कथाका मुख्य घटना, समय, स्थान आदिको छलफल चलाउनुहोस् र छलफलप्रतिको रुचि जगाउनुहोस् ।

७. विद्यार्थीको छलफलबाट प्राप्त बुँदाहरू र शिक्षकको तर्फबाट प्रस्तुत सङ्केतबोधक बुँदाहरू प्रस्तुत गर्नुहोस् । समय अन्दाजको घटना विवरणका नमुना प्रस्तुत गर्न लगाउनुहोस् र विद्यार्थीलाई आवश्यक परेका ठाउँमा सहजीकरण गरिदिनुहोस् ।

८. रामनाथ र आनन्दीको कुराकानी गरेको स्थानको दृश्य, कुराकानी गर्दाको आनन्दीको मृत्यु भएको कथाको परिवेश आदि वातावरणको चर्चा गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### सङ्क्षिप्त उत्तर

१. रामनाथले सन्तानबाट कस्तो आशा राखेका थिए, आनन्दीले सन्तानबाट के आशा राखेकी थिइन्, समय पीडा कथाले के सन्देश दिएको छ, सानो छोराले किन विदेशमै बस्ने निर्णय गरेका होलान् आदि प्रश्न सोधी उत्सुकता जगाउनुहोस् ।

२. पाठ्य कथांशको कुनै सन्दर्भ उद्धृत गरी सङ्क्षिप्त उत्तरका लागि मुख्य मुख्य कुरा मनन गर्न लगाउनुहोस् ।

३. समय पीडा कथाले हाम्रो समाजबाट बिदेसिने प्रवृत्तिले परिवारमा के कस्तो पीडा दिएको छ भन्ने चर्चा सङ्क्षिप्त उत्तरमा स्पष्ट पारिदिनुहोस् ।

४. नेपाली समाजमा काम भएर पनि बिदेसिने छोराले आमाबाबुप्रति कस्तो व्यवहार गरेका छन्, प्रस्ट पार्नुहोस् र आवश्यक पृष्ठपोषण दिनहोस् ।

५. पाठ्य कथाको निर्दिष्ट अनुच्छेदबाट प्रश्नहरू टिपोट गरी आवश्यक उत्तरका बुँदाहरू मनन गराउनुहोस् र बुँदा टिपोट गराई उत्तर छलफल गराउनुहोस् । यसपछि मुख्य मुख्य बुँदाका सहायताले आवश्यक उत्तर भन्न लगाई उत्तर लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. विद्यार्थीलाई फरक फरक पात्रको नाम दिई तिनको चित्रण र परिवेशको वर्णन गर्न लगाउनुहोस् ।

२. दिइएको प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(क) नेपालमा बिदेसिने छोराले आमाबाबुप्रति कस्तो व्यवहार गरेका छन् ?

## छैटौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बोध प्रश्नोत्तर | बोध प्रश्नोत्तर गर्न | • अनुच्छेदपत्ती<br>• नमुना प्रश्नोत्तरको चार्ट<br>• बुँदापत्ती<br>• नमुना व्याख्याको चार्ट |
| व्याख्या | व्याख्येय पङ्क्तिको व्याख्या गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई रोचक प्रसङ्ग वा घटना सुनाउन लगाउनुहोस् र आजको पाठ्यविषयमा प्रवेश गर्नुहोस् ।

२. शिक्षकले व्याख्येय पङ्क्तिको मूल भाव बोध गर्नका लागि उत्प्रेरित गर्नुहोस् र निर्दिष्ट कथांशबाट के के प्रश्न निर्माण गर्न सकिन्छ होला भनी मनन गर्न लगाउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## बोध प्रश्नोत्तर

१. विद्यार्थीलाई बोधात्मक प्रश्नका उत्तर छोटो तर पूर्ण हुने गरी कसरी दिन सकिन्छ भन्ने बारेमा छलफल गराउनुहोस् ।

२. निर्दिष्ट अनुच्छेद पठन गर्न लगाउनुहोस् । पालैपालो प्रश्न पनि निर्माण गर्न लगाउनहोस् । शिक्षकले आफूले तयार गरेको उदाहरण वा सङ्कलित सामग्री प्रदर्शन गरी छलफल गराउनुहोस् र विद्यार्थीलाई पृष्ठपोषण दिनुहोस् ।

३. निर्दिष्ट अनुच्छेदबाट विषयसम्बन्धी प्रश्न, के भनिएको, कुन कुरामा जोड दिइएको, कारणबोधक प्रश्न सोधी बोधात्मक प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

४. विद्यार्थीलाई निर्दिष्ट अनुच्छेदबाट प्रश्न बनाउन लगाउनुहोस् । बनाइएका प्रश्न शैक्षणिक पाटीमा टिप्नुहोस् । अनि शिक्षक स्वयम्ले बनाएका प्रश्नको स्लाइड वा चार्टमा प्रदर्शन गरी ती प्रश्नका पनि उत्तर के हुन सक्छन् भनी अनुमान गर्न लगाउनुहोस् ।

५. पाठ्य कथांशबाट विभिन्न प्रश्न तथा उत्तर लेखनबारे घनीभूत छलफल गराई बोध प्रश्नोत्तर गराउनुहोस् र बोध र अभिव्यक्ति खण्डको प्रश्न ४ र ५ को प्रश्नोत्तराभ्यास गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

६. बोधात्मक प्रश्नकै ढाँचामा छोटो तर पूर्ण उत्तर आउने गरी प्रश्नोत्तर गर्नुपर्छ भन्ने कुरा पुनः स्मरण गराई पाठ्यपुस्तक तथा त्यसबाहेकका स्तरअनुकूलको पाठ्य सामग्रीको निर्दिष्ट अनुच्छेद पठन गर्न लगाउनुहोस् ।

७. भाषिक संरचना तथा वर्णविन्याससँग सम्बन्धित अर्थ पहिचान, प्रेरणार्थक वाक्य, लेख्य चिह्नको प्रयोग, पदयोगसँग सम्बन्धित वाक्य सोधी प्रश्नोत्तर शैलीमा छलफल चलाउनुहोस् र पूर्वज्ञान पनि लिनुहोस् । यस खण्डको गहन छलफल भाषिक संरचना तथा वर्णविन्यास खण्डमा सबलीकरण गराउनुहोस् ।

८. बोध तथा अभिव्यक्ति खण्डको प्रश्न ८ को अनुच्छेद स्लाइड वा चार्टमा प्रस्तुत गरी सोधिएका प्रश्न छलफल चर्चा उत्तर प्रस्ट पारिदिनुहोस् ।

## व्याख्या

१. पाठ्य कथाको व्याख्येय उद्धृतांशलाई मनन गर्न दिनुहोस् ।

**व्याख्येय पङ्क्ति**

तिमीसित आमाको हृदय छ भने मसित पनि बुबाको हृदय छ ।

चिन्ताले नै तिमीलाई चितातर्फ धकेलिरहेछ ।

२. सम्बद्ध अंशमा केन्द्रित रही व्याख्या गर्नका लागि उक्त अंशले के भन्न खोजेको हो, त्यससम्बन्धी बुँदा बनाउन लगाउनुहोस् ।

३. शिक्षकले व्याख्या गर्दा आदि, मध्य र अन्त्य भाग अर्थात् तीन अनुच्छेदमा लेख्नुपर्ने विषयका बारेमा छलफल गरी मनन गर्न लगाउनुहोस् र आवश्यक सबलीकरण गरिदिनुहोस् ।

४. मुख्य बुँदा पहिचान गर्न लगाउनुहोस् । सबैको फरक फरक बुँदालाई एकीकृत गरी आवश्यक बुँदा राखी दोहोरिएका र अनावश्यक बुँदा हटाई व्याख्येय पङ्क्तिको व्याख्या गर्न दिनुहोस् र आवश्यक कुरा स्पष्ट पारिदिनुहोस् ।

### (ग) मूल्याङ्कन

**१. दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(क) योग भनेको के हो ?

(ख) योगबाट मानिस कसरी लाभान्वित हुन सक्छन् ?

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| तार्किक लेखन | तार्किक उत्तर दिन | • बुँदाहरूको चार्ट<br>• नमुना उत्तर चार्ट<br>• समीक्षात्मक उत्तरको नमुना चार्ट |
| समीक्षात्मक उत्तर लेखन | समीक्षात्मक उत्तर दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले गाउँखाने कथा वा कविता सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. आजको कक्षामा गरिने तार्किक लेखन र समीक्षात्मक उत्तर लेखनका लागि उत्सुकता जगाउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**तार्किक लेखन**

१. पाठ्य कथाको अभ्यासमा रहेको बोध र अभिव्यक्ति खण्डको प्रश्न १३ को तार्किक उत्तरका लागि दिइएको प्रश्न टिपोट गरी आवश्यक उत्तरका बुँदाहरू मनन गराउनुहोस् ।

२. कुनै विषयमा धारणा निर्माण गर्न, आफ्ना विचारलाई तर्कयुक्त ढङ्गले प्रस्तुत गर्न र सहमति वा असहमतिमा कारणसहित भिन्न मत राख्न सक्ने क्षमता अभिवृद्धि गराउन फरक फरक बुँदा टिपोट गराई उत्तर छलफल गर्न लगाउनुहोस् ।

३ विद्यार्थीलाई मुख्य मुख्य बुँदाका आधारमा उत्तर भन्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

४ विद्यार्थीलाई एउटै विचारप्रति फरक फरक तर्क प्रस्तुत गर्न लगाउनुहोस् ।

५ बुँदा टिपोट गरी तार्किक प्रश्नको उत्तर लेख्ने तरिकाबारे छलफल गर्न लगाउनुहोस् र शिक्षकले आफूले ल्याएको नमुना तार्किक उत्तरको चार्ट टाँसेर संरचनाबारे छलफल गर्दै उत्तर लेख्न लगाउनुहोस् र समग्रमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६ विद्यार्थीलाई समूहगत रूपमा उत्तर पहिचान गर्न लगाउनुहोस् र उत्तर तयार भएपछि आवश्यक कुरा स्पष्ट पारिदिनुहोस् ।

## समीक्षात्मक लेखन

१. विद्यार्थीलाई समीक्षात्मक उत्तरका लागि जिज्ञासामूलक प्रश्नहरू दिई उत्तर अनुमान गर्न लगाई मस्तिष्क मन्थन गराउनुहोस् ।

२ पाठ्य कथांशको कुनै सन्दर्भ उद्धृत गरी समीक्षात्मक उत्तरका लागि मुख्य मुख्य विषय समेट्ने गरी प्रश्न सोधेर छलफल गराउनुहोस् ।

**प्रश्नहरू :** पाठको विषयवस्तु के छ ? पाठको मूल भाव के हो ? पाठले कस्तो सन्देश दिएको छ ? पाठमा कति पात्र छन्, तिनको स्वभाव कस्तो छ, संवाद कस्तो छ र परिवेश कहाँको छ ? कथामा प्रयुक्त पात्रहरूको विचार कस्तो छ ? पाठको मूल भाव के हो ? पाठको भाषा कस्तो छ, पाठ पढेपछि मनमा कस्तो लाग्यो ?

३. विद्यार्थीलाई समीक्षात्मक उत्तर लेखन गर्दा ध्यान दिनुपर्ने कुराका लागि शिक्षक निर्मित चार्ट वा स्लाइड प्रस्तुत गरी सहजीकरण गरिदिनुहोस् ।

४. पाठ्यांशको कुनै सन्दर्भ उद्धृत गरी समीक्षात्मक उत्तरका लागि मुख्य मुख्य कुरा छलफल गर्न लगाउनुहोस् ।

५. विद्यार्थीले मनन गरेका कुरालाई बुँदात्मक प्रस्तुति तयार गर्न लगाउनुहोस् । आवश्यक बुँदा पहिचान भएपछि लामो उत्तर लेख्नका लागि आवश्यक समय दिनुहोस् ।

६. विद्यार्थीबा लेखिएका उत्तर सुनेर पृष्ठपोषण दिनुहोस् र आवश्यक थप कुरा भनिदिएर पूर्ण उत्तरका लागि पुनः समय दिनुहोस् ।

७. पाठ्य कथाको अभ्यासमा रहेको समीक्षात्मक उत्तरका लागि दिइएको प्रश्न टिपोट गरी आवश्यक उत्तरका बुँदाहरू मनन गराउनुहोस् र बुँदा टिपोट गराई उत्तर छलफल गराउनुहोस् र प्रश्नले के आशयको खोजी गरेको छ त्यो प्रस्तुत गर्न र विभिन्न तर्क र उदाहरण प्रस्तुत गर्दै विषयको राम्रा नराम्रा पक्षको विश्लेषण गर्नुपर्ने कुरामा जोड दिन लगाउनुहोस् ।

८. विद्यार्थीलाई समूहगत रूपमा प्रश्नले मागेको उत्तर पहिचान गर्न लगाउनुहोस् । समूह नेतालाई उत्तर भन्न लगाउनहोस् । आफूले स्लाइड वा चार्ट प्रस्तुत गरी आवश्यक कुरा स्पष्ट पारिदिनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

१. 'समय पीडा' कथाले चर्चा गरे जस्तै हाम्रो समाजमा सन्तानबाट आशा के कस्तो गरिएको हुन्छ ? पालैपालो तार्किक उत्तर भन्न लगाउनुहोस् ।

# आठौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | सान्त्वना र प्रोत्साहनमा आधारित भाषिक प्रकार्य गर्न | • अडियो<br>• नमुना प्रश्नोत्तर चार्ट<br>• धातुपत्ती<br>• शब्दपत्ती<br>• वाक्यपत्ती |
| श्रुतिबोध | सुनाइ पाठ (११ मा आधारित भई श्रुतिबोध गर्न | |
| धातुको पहिचान र प्रयोग | धातुको पहिचान र प्रयोग गर्न | |
| सामान्य र प्रेरणार्थक धातुको पहिचान र प्रयोग | सामान्य र प्रेरणार्थक धातुको पहिचान र प्रयोग गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले कुनै प्रेरक प्रसङ्ग सुनाएर उतप्रेरणा जगाउनुहोस् ।

२ सबै विद्यार्थीलाई इच्छा जगाउन कुनै समय सान्दर्भिक विषय दिई प्रस्तुतिका लागि इच्छा जगाउनुहोस् र आजको पाठ्यविषयको जानकारी गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### भाषिक प्रकार्य

१. विद्यार्थीलाई के तपाईंको समाजमा शारीरिक र मानसिक पीडामा परेका मानिस वा असफल भएको मानिस वा कुलतमा फसेको वा समाजमा घृणित ठानिएका व्यक्ति देख्नुभएको छ भन्ने प्रश्न सोधी तिनीहरूलाई कसरी सान्त्वना दिइन्छ ? तिनीहरूलाई कसरी सम्झाइन्छ जस्ता प्रश्न सोधी छलफल गर्न लगाउनुहोस् ।

२. विद्यार्थीले सान्त्वना र प्रोत्साहनका लागि प्रयोग गरेका शब्द, भाषा, शैली टिपोट गर्नुहोस् र ती शब्द उपयुक्त ढङ्गले प्रयोग भए कि भएनन् सुनी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

३. भाषाको व्यावहारिक प्रयोग गर्दा भाषा शैली, सन्दर्भ, परिवेश आदिका बारेमा प्रश्नको सन्दर्भ बुझेर धारणा निर्माण गर्न लगाउनुहोस् र सान्त्वना दिन र कुनै कार्यप्रति प्रोत्साहित गर्न संवेदनयुक्त शब्दको प्रयोगका लागि सबलीकरण गरिदिनुहोस् ।

४. शिक्षकले आफूले सङ्कलन गरेर ल्याएको वा आफूले तयार पारेको भााषिक प्रकार्यअन्तर्गत सान्त्वना र प्रोत्साहनसँग सम्बन्धित विषयलाई प्रस्तुत गर्नहोस् र विद्यार्थीबिच संवाद गराई यस्ता विषयमा अभिव्यक्तिगत सिप अभिवृद्धिका लागि उत्प्रेरित गर्नुहोस् :

**सान्त्वना र प्रोत्साहनमा आधारित भाषिक प्रकार्यको संवादात्मक अभिनयका लागि नमुना :**

(भिराले गाउँमा एक्कासि पहिरो आएपछि रमणका परिवार सबै बगायो । रमण अस्पतालमा हुँदा छिमेकी भेट्न जान्छन् ।)

रमण : 'बचाउनुहोस् ! बचाउनुहोस् !!' (घरखेत सबै बगायो । को कहाँ पुगे, केही पत्तो भएन ।'

छिमेकी १ : के भयो रमण, आफूलाई सँभाल त ।

रमण : ओहो म त बल्ल पो होसमा ? अस्पताल पो रहेछ ।

छिमेकी १ : आत्तिनुहुँदैन रमण । हामी छौँ ।

छिमेकी २ : धन्न तिमी मात्र बाँचेका छौ । अब तिम्रा लागि हामी सबै मिलेर गास, बास र कपासको व्यवस्था मिलाउँछौँ ।"

छिमेकी १ : "बुबा, आमा र बहिनीले संसार छोडे पनि हामी तिमीलाई साथ दिन्छौँ, नरोऊ, हामी सहयोग दिने नै छौँ ।

छिमेकी : ३ हामी "यहीँ बसेर यो भिराले गाउँमा जडीबुटी तथा फलफूलका बिरुवा रोपौँ । आफ्नै गाउँलाई हराभरा बनाऔँ । केही वर्षपछि हामी सुरक्षित र सुखी हुन्छौँ ।" भन्थ्यौ ।

छिमेकी १ : "तिमीले केही गर्नुपर्छ भन्ने जागरुक युवा हौ । एकले थुकी सुकी सयले थुकी नदी भने झैँ हामी यो गाउँलाई हराभरा बनाउने तिम्रो योजना सफल भएको हेर्न चाहने शुभेच्छुक हौँ, रमण ।

छिमेकी ३ : गाउँपालिकाले पनि तिम्रो योजनालाई मूर्त रूप दिन प्रोत्साहन स्वरूप आर्थिक सहयोग दिने बचन दिएको छ ।

छिमेकी १ : रमण, हामीले तिम्रो सपना पूरा गर्न सक्यौँ भने तिम्रो परिवारका दिवंगत आत्माले पनि शान्ति पाउँछन् अनि तिमी पनि सफल व्यक्ति बन्ने छौ अनि हामी सबैले लाभ लिन सक्छौँ ।

रमण : अब मैले आमा, बुबा र बहिनी गुमाए पनि तपाईंहरूको सान्त्वना र प्रोत्साहनले मलाई केही गर्न सक्छु भन्ने लागेको छ । सान्त्वना र प्रोत्साहन मिल्दा म निकै गम्भीर बनेको छु ।

छिमेकी १ : हो, रमण तिमीले हाम्रो प्रोत्साहन र सान्त्वनाले गर्दा मन परिवर्तन गर्दै गएको देख्दा खुसी लाग्यो । धन्यवाद रमण ।

रमण : तपाईँहरूको सहयोग र साथ लिएर यो गाउँको मुहार परिवर्तन गर्न सफल हुने नै छु भन्ने विश्वास छ । तपाइँहरूले प्रोत्साहित गर्दै गए अस्पतालबाट स्वस्थ भएर घर गई केही गर्छु गर्छु ।"

(डाक्टरको प्रवेश हुन्छ । सबै चुप लाग्छन् ।)

५. बोध तथा अभिव्यक्ति खण्डको प्रश्न १४ को सन्दर्भलाई वाचन गर्न लगाई कुनै एक विषयमा सान्त्वना दिन र प्रोत्साहन दिन कसरी भाषिक शिल्पको प्रयोगले सुन्दर शैलीमा वर्णन गर्न सकिन्छ भन्ने दृष्टान्त पेस गरी थप विषयमा छलफल गराउनुहोस् र प्रस्ट पारिदिनुहोस् ।

## श्रुतिबोध

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । विद्यार्थीलाई सुनाइका विषयवस्तु छलफल गर्दा ध्यान दिनुपर्ने बारेमा धारणा राख्ने अवसर दिनुहोस् ।

२. टोली नेताले राखेका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

३. सुनाइ पाठ ११ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउनुहोस् ।

४. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको अभ्यास १ को मौखिक रूपमा गराउनुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

५. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको अभ्यास २ समूहमा छलफल गराउनुहोस् । टोली नेतालाई पालैपालो नयाँ ठाउँमा जाँदा आफूले गरेको अनुभूति सुनाउन उत्प्रेरित गर्नुहोस् ।

६. विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

## धातुको पहिचान र प्रयोग

१ विद्यार्थीलाई भाषिक संरचनाअन्तर्गत खा, पढ्, लेख्, गर्, भन्, जा, खुवाउ, पढाउ, लेखाउ आदि धातु हुन् कि होइनन् भनी प्रश्न सोधी विषयवस्तुप्रति रुचि जगाउनुहोस् ।

२. विद्यार्थीको समूह बनाई प्रत्येक समूहबाट पाँच पाँचओटा क्रियापद भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गरेर धातु पहिचान गर्न लगाउनुहोस् ।

३ धातु, रूपायक प्रत्यय तथा क्रियापदबारे छलफल चलाउनुहोस् ।

४ शिक्षकले चार्ट वा स्लाइड प्रयोग गरी धातुमा प्रत्यय योग भएपछि क्रियापद कसरी बन्छ भनी स्पष्ट पार्नुहोस् । कुनै कार्य वा घटना वा अवस्था बुझाउने क्रियाको मूल रूप वा मूल आधार नै धातु हो भन्ने पहिचानका लागि छलफल गराउनुहोस् ।

५ पाठ्य कथाबाट क्रियापदको पहिचान गर्न लगाई तिनबाट धातु पहिचान कसरी गर्न सकिन्छ भन्नेबारे छलफल गराई विद्यार्थीलाई पालैपालो वर्णन गर्न लगाउनुहोस् र धातुमा विभिन्न प्रत्ययको प्रयोग गर्दै शब्द तथा वाक्य निर्माण गर्न लगाउनुहोस् ।

**उदाहरण**

| धातु | | + | रूपायक प्रत्यय | = | क्रियापद |
|---|---|---|---|---|---|
| हु | (सामान्य धातु) | + | यो | = | भयो |
| सक् | (सामान्य धातु) | + | छन् | = | सक्छन् |
| रु | (सामान्य धातु) | + | लान् | = | रोलान् |
| पढाउ (पढ्+आउ) | (प्रेरणार्थक धातु) | + | छु | = | पढाउँछु |
| पहेँलि | (नाम धातु) | + | छ | = | पहेँलिन्छ |

६. प्रस्तुत तालिकामा हु, सक्, रु, पढाउ धातुमा यो, छन् लान्, छु रूपायक प्रत्यय लागेपछि भयो, सक्छन्, रोलान् र पढाउँछु क्रियापद बनेका छन् । क्रियापदमा प्रत्यय झिकेपछि जे रहन्छ त्यो धातु हो भन्ने कुरा विभिन्न उदाहरण प्रस्तुत गरी शिक्षकले धातुबारे जानकारी दिनुहोस् । उदाहरण राख्दा सामान्य धातु, नाम धातु तथा प्रेरणार्थक धातुको उदाहरण प्रस्तुत गर्नुहोस् ।

## सामान्य र प्रेरणार्थक धातुको पहिचान र प्रयोग

१. विद्यार्थीलाई कुनै एक कथांश वाचन गर्न लगाएर त्यहाँबाट क्रियापद पहिचान गर्न उत्प्रेरित गर्नुहोस् ।

२. फरक फरक धातुबाट प्रत्ययसँग मेल भई बन्ने शब्दको रूप कस्तो हुन्छ भन्ने जिज्ञासा जगाई छलफल चलाउनुहोस् ।

३. सामान्य धातु बारेमा के थाहा छ, सोध्नुहोस् । आवश्यक सबलीकरण गरी सहयोग गरिदिनुहोस् । शिक्षक निर्मित सामग्रीबाट सामान्य धातुको पहिचान र प्रयोगका बारेमा प्रस्ट पारिदिनुहोस् ।

४. विद्यार्थीको आवश्यकता अनुसार समूह बनाउनुहोस् । सङ्कलित धातुहरूबाट क्रियापद बनाई सामान्य धातुको पहिचान गर्न सामूहिक छलफल गराउनुहोस् ।

५. रु, पढ्, लेख्, गर् जस्ता सामान्य धातुमा प्रत्यय छ, यो, ला आदि लागेर बन्ने शब्द क्रियापद हुन् भनेर जानकारी दिनुहोस् ।

६. **पढ्** सामान्य धातु भएकाले 'ला' प्रत्यय लगाई पढ्ला क्रियापद बनेको छ भन्ने जानकारी दिनुहोस् । एउटा समूहलाई धातु भन्न अर्को समूहलाई प्रत्यय र अर्को समूहलाई क्रियापद बनाउन लगाई सामान्य धातुको पहिचान र प्रयोगमा अभ्यस्त बनाउनुहोस् । यस्तै अर्को समूहलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । अवश्यकतानुसार पृष्ठपोषण दिनुहोस् ।

७. सामान्य धातुको पहिचानपछि सामान्य धातुमा आउ प्रत्यय लगाई प्रेरणार्थक धातु बनाउन सकिने विषयमा छलफल चलाउनुहोस् । सामान्य धातु 'पढ्' मा 'आउ' प्रत्यय जोडेर 'पढाउ' प्रेरणार्थक धातु बन्ने विषयको प्रस्टोक्तिपछि अन्य प्रेरणार्थक धातु बनाउन उत्प्रेरित गर्नुहोस् ।

८. अरूलाई कार्य गर्नका लागि प्रेरित गरेको अवस्था बुझाउने क्रियापद निर्माण गर्नका लागि धातुमा आउ प्रत्यय लगाउनुपर्छ भन्ने जानकारी दिनुहोस् ।

९. छलफलपश्चात् पढ्, बस्, रु, पिउ धातुमा आउ लगाउँदा क्रमशः पढाउ, बसाउ, रुवाउ, पियाउ प्रेरणार्थक धातु बन्छ र ती धातुमा रूपायक प्रत्यय लगाएपछि बन्ने पढाउँछ, पढायो, पढाउला, बसायो, रुवायो, रुवाउला, रुवाउँछ, पियायो, पियाउँछ, आदि क्रिया बन्छ भन्ने निष्कर्ष दिनुहोस् । प्रेरणार्थक धातुबाट क्रियापद बनेकाले यी सबै प्रेरणार्थक क्रिया हुन् भन्ने जानकारी दिनुहोस् ।

१०. शिक्षकले विभिन्न उदाहरण दिई प्रेरणार्थक क्रियाबारे छलफल चलाउनुहोस् । प्रेरणार्थक क्रियाको सान्दर्भिक प्रयोग गर्न दिनुहोस् । भाषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न (१ - ४) गर्न दिई अवलोकन गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### मूल्याङ्कन

१. **दिइएका क्रियापदबाट धातु छुट्याउन लगाउनुहोस् :**

हाँस्यो, रोला, देखेछ, अमिलिन्छ, कोक्याउँछ

२. **कथाको कुनै एक अंश दिई क्रियापद पहिचान गरेर छुट्याउन लगाउनुहोस् ।**

# नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| प्रेरणार्थक वाक्य | सामान्य वाक्यलाई प्रेरणार्थक वाक्यमा परिवर्तन गर्न | • चिह्नपत्ती<br>• वाक्यपत्ती |

| | | |
|---|---|---|
| लेख्य चिह्नको पहिचान र प्रयोग | लेख्य चिह्नको पहिचान र प्रयोग गर्न | • शब्दकोश |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. कुनै प्रेरक सान्दर्भिक समसामयिक विषयमा प्रेरणार्थक वाक्यमा वर्णन गर्दै कक्षालाई रुचिपूर्ण बनाउनुहोस् ।

२ लेख्य चिह्न तथा वर्णविन्यासगत त्रुटि भएको लेख प्रस्तुत गरी विषयवस्तुप्रति जिज्ञासा जगाई कक्षारम्भ गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**प्रेरणार्थक वाक्य**

१. अगिल्लो कक्षाको प्रेरणार्थक क्रियाको पहिचान तथा प्रयोगका बारेमा पुनः स्मरण गराई फरक फरक वाक्य दिई प्रेरणार्थक वाक्य पहिचान गर्न लगाउनुहोस् ।

२ प्रेरणार्थक वाक्यको प्रयोग भएको स्लाइड वा चार्टको प्रदर्शन गरी छलफल गराउनुहोस् ।

३. तल उदाहरणमा दिइए जस्तै गरी अन्य वाक्यहरू दिई प्रेरणार्थक वाक्यमा परिवर्तन गर्न दिनुहोस् :

| वाक्य | प्रेरणार्थक वाक्य |
|---|---|
| ऊ किताब पढ्छ । | म उसलाई किताब पढाउँछु । |
| कर्मचारी काम गर्छ । | तिमी कर्मचारीलाई काम गराउँछौ । |
| म खेल्दै छु । | आमा मलाई खेलाउँदै हुनुहुन्छ । |
| सीताले बहिनीलाई रोटी दिनुभयो । | आमाले सीताद्वारा बहिनीलाई रोटी दिलाउनुभयो । |
| तँ चरा पाल्छस् । | आमा तँलाई चरा पाल्न लगाउनुहन्छ । |

४. प्रेरणार्थक वाक्यमा लैजाँदा ध्यान दिनुपर्ने पक्ष छलफल गराउनुहोस् ।

**प्रेरणार्थक वाक्यमा बदल्दा ध्यान दिनुपर्ने पक्ष**

क्रियापदको धातु पहिचान गरी आउ प्रत्यय लगाएर क्रियापदलाई प्रेरणार्थकमा बदल्ने

प्रेरक कर्ता थप्ने

पहिले भएको कर्तालाई कर्ममा बदल्ने

नयाँ थपेको कर्ताअनुसारको लिङ्ग, वचन, पुरुष, आदर मिलाएर क्रियापद राख्ने

बदलिएको वाक्य अकर्मक भए सकर्मक र सकर्मक भए द्विकर्मक बनाउने

दुईओटा कर्म (द्विकर्मक) भएको अवस्थामा कर्ममा द्वारा राख्ने

वाक्यको काल र भाव परवर्तन नगर्ने आदि

५ विद्यार्थीलाई कुनै चार प्रेरणार्थक वाक्यको प्रयोग गरी दाजुलाई पर्यटकीय क्षेत्रमा घुमाउन अनुरोध गरेको विषयमा वर्णन गर्न लगाउनुहोस् ।

## लेख्य चिह्नको पहिचान र प्रयोग

१. पूर्व ज्ञानका आधारमा लेख्य चिह्न पत्तीको सहायताले विद्यार्थीलाई लेख्य चिह्नबारेमा पहिचानका लागि प्रश्न सोधी कहाँ किन यी चिह्न प्रयोग गरिन्छन् भनी मनन गर्न लगाउनुहोस् ।

> नेपाली भाषामा विभिन्न लेख्य चिह्न प्रयुक्त हुन्छन् । केही लेख्य चिह्न : पूर्णविराम ( । ) प्रश्न चिह्न ( ? )कोष्ठक चिह्न ( )योजक चिह्न ( - ) उद्गार चिह्न ( ! ) योजक चिह्न (-), उद्धरण चिह्न (‘ ’ ) अल्पविराम चिह्न ( , ) अर्धविराम चिह्न ( ; )

२. शिक्षकले लेख्य चिह्नको उदाहरण दिन विद्यार्थीलाई प्रोत्साहित गर्दै आवश्यक पृष्ठपोषण दिनुहोस् ।

> **पूर्णविराम** ( । ) : वाक्य पूरा भएको अवस्थामा पूर्णविराम चिह्नको प्रयोग गरिन्छ । जस्तै : म आफ्नो काम सकेर घर जान्छु ।
>
> **अल्पविराम** ( , ) : वाक्यमा हुने छोटो विश्राम नै अल्पविराम हो । जस्तै : ऊ मिलनसार, अनुशासित र मेहनती छ ।
>
> **अर्धविराम** ( ; ) : अल्पविरामभन्दा बढी र पूर्णविराम भन्दा कम अडान दिनुपर्ने अवस्था वा विपरीत भाव प्रकट गर्दा अर्धविरामको प्रयोग गरिन्छ । जस्तै : पृथ्वी गोलो छ; भकुन्डो जस्तो होइन ।
>
> **उद्धरण चिह्न** ( “ ” ) : उद्धरण चिह्न अर्काको भनाइ जस्ताको तस्तै राख्नुपर्दा प्रयोग गरिन्छ । जस्तै : देवकोटाले भने, “मुनामदनबाहेक मेरा सबै कृति जलाइदिनू ।”

३. भाषिक संरचना र वर्णविन्यासको प्रश्न ६ र ७ को अभ्यास गर्न दिई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. विद्यार्थीलाई कथांश दिई त्यहाँ प्रयुक्त अन्य चिह्नहरू पनि पहिचान गर्न लगाउनुहोस् र आवश्यक छलफल गरी पृष्ठपोषण दिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. दिइएका लेख्य चिह्न प्रयोग गरी आफूले भ्रमण गरेको स्थलको वर्णन गर्न लगाउनुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| , | ? | । | ! | “ ” | ; |

२ दिइएका वाक्यलाई प्रेरणार्थकमा बदल्न लगाउनुहोस् :

तिमी नेपालको नक्सा बनाउँछौ । म तिमीभित्र नेपाल पाउँछु । ऊ नेपाली टोपी देख्छ । म हेर्छु ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| पदयोग तथा पद वियोग | पदयोग तथा पदवियोग गर्न | • शब्दको चार्ट वा स्लाइड<br>• नमुना चार्ट<br>• बुँदा तथा कथाको नमुना चार्ट |
| कथाको अनुकरणात्मक लेखन प्रस्तुति | कथाको अनुकरणात्मक लेखन प्रस्तुति दिन | |
| सिर्जना र परियोजना कार्य | निर्दिष्ट विषयवस्तुको खोज तथा मौलिक प्रस्तुति दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले पदयोग र पदवियोग बिगारेर लेखिएको अनुच्छेद भएको चार्ट वा स्लाइड प्रस्तुत गर्दै कक्षालाई आजको विषयवस्तुको अनुमान गर्न लगाउनुहोस् ।

२. सिर्जना परियोजनाअन्तर्गत कथा रचनातर्फ उत्प्रेरित गर्दै कक्षारम्भका लागि उत्प्रेरणा जगाउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### पदयोग तथा पदवियोग

१. वाक्यमा प्रयोग हुने शब्द नै पद हुन् । यी पदहरू कतिपय जोडिन्छन् भने कतिपय छुट्याउनुपर्छ । शब्दलाई जोडेर लेख्नु नै पदयोग हो भनने कुरा विद्यार्थीलाई स्मरण गराउनुहोस् ।

२. वाक्यमा कस्तो अवस्थामा शब्द जोडिँदा रहेछन् भन्ने ज्ञानका लागि पाठ्य कथा मौन पठन गर्न लगाई छलफल गराउनुहोस् । विभक्ति, उपसर्ग, प्रत्यय, नामयोगी शब्द, समस्त शब्द, द्वित्व भएका शब्द, संयुक्त क्रियापद आदि शब्द जोडेर लेख्नुपर्छ भन्ने जानकारी विद्यार्थीलाई दिनका लागि प्रशस्त छलफल गराउनुहोस् ।

३. पाठ्य कथाको भषिक संरचना र वर्णविन्यास खण्डको प्रश्न ८ र ९ को अभ्यास गर्न दिई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. विद्यार्थीको समावेशी समूहहरू बनाई प्रत्येक विद्यार्थीलाई पाठबाट पद वियोग भएका केही शब्द टिपोट गर्न तथा किन ती पद वियोग भए भन्ने बारेमा छलफल गराई पद वियोगको पहिचानका लागि उत्प्रेरित गर्नुहोस् ।

पद वियोग भनेको वाक्यमा प्रयोग हुने पदहरूलाई छुट्याएर लेख्नु हो । वाक्यमा प्रत्येक पदहरू छुट्टाछुट्टै लेखिन्छ । (जस्तै : तिमी बजार गएका छौ ।) यस्तै निपात छुट्टै लेख्नुपर्छ । (जस्तै : उसले त पढेकै छैन है ।) संयुक्त क्रियाका बिचमा निपात आएमा छुट्टै लेख्नुपर्छ । (जस्तै : लेख्नु त पर्छ ।) अपूर्ण र पूर्ण पक्ष र सामान्य भविष्यत् जनाउँदा छुट्टै लेख्नुपर्छ । (जस्तै पढेको छ, पढ्दै छ, पढ्ने छ ) यस्तै विभक्तिपछि अन्य नामयोगी वा विभक्ति भएमा पद वियोग गर्नुपर्ने (जस्तै : उसका लागि) आदि कुरालाई उदाहरणबाट प्रस्ट पारिदिनुहोस् ।

५. अब विद्यार्थीको अनुपात मिलाएर पाँचओटा समूह निर्माण गर्न लगाई पद वियोग गर्नुपर्ने र गर्नु नपर्ने शब्द सङ्कलन गर्न लगाई प्रत्येकको के कारणले पद वियोग भएको हो छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६. भाषिक संरचना र वर्णविन्यासको प्रश्न ९ को अभ्यास छलफल गर्न लगाई पदवियोगसम्बन्धी त्रुटि पहिचान गर्न लगाई सच्याएर लेख्न दिनुहोस् ।

७. हिमाली काखमा बसेकानेपाली सदा सुखी रहुन् भन्ने चाहनालाईनै मूर्त रूप दिनेहो भने विश्व बन्धुत्वको भावना हामी सबैमा हुनुपर्छ । यहाँ रेखाङ्कन गरिएका पदहरू वियोग गनुपर्ने छ । यस्तै पद वियोसम्बन्धी प्रश्नहरू दिई आवश्यक छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## कथा अनुकरणात्मक लेखन र प्रस्तुति

१. कथा प्रस्तुतिको अवसर प्रदान गर्न दिई कथामा हुनुपर्ने विषयका बारेमा जानकारी मागेर कथा अनुकरणात्मक लेखन प्रस्तुतिका लागि उत्प्रेरित गर्नुहोस् ।

२. पाठ्य कथाको सुरुका केही अनुच्छेद, मध्यका केही र अन्त्यतिरका केही अनुच्छेदको अनुकरण गरी कथा लेखनतिर आकृष्ट गर्ने र आफ्नो छनोट अनुसारको समाजसँग सम्बन्धित भई कथा लेखनाभ्यास गराउनुहोस् ।

३. कथा रचना गर्दा अनुच्छेदको सम्बद्धतामा ध्यान दिन सके नसकेको अवलोकन तथा पहिचान गर्नुहोस् र कथा लेखन गर्न सक्ने घटनावस्था बताइदिनुहोस् ।

४. कथनात्मक शैलीमा कथा वाचन गरी वा मोबाइलमा रेकर्ड गरेको वा सामाजिक सञ्जालबाट डाउनलोड गरेको भिडियो वा अडियो सामग्री सुनाउनुहोस् र कथा लेख्न लगाउनुहोस् ।

५. पाठ्य कथाभित्रका पात्रको लिङ्ग, वचन, आदर बदलेर कथा रच्न लगाउनुहोस् वा कथा भन्न र सुन्न लगाई कथामा समाजसँग सम्बन्धित विषयलाई कसरी प्रस्तुत गर्न सकिन्छ भनी मन्थन गर्न लगाउनुहोस् ।

६. विद्यार्थीलाई कथा रचना अनुकरण अभ्यास गराउनुहोस् र कथा लेखनाभ्यास गराई आवश्यक पृष्ठपोषण दिनुहोस् । समूहगत प्रतिस्पर्धा गराई थप उत्प्रेरणा प्रदान गर्नुहोस् ।

## सिर्जना र परियोजना कार्य

१.. कथाको आरम्भ, मध्य र अन्त्यका लागि भनिने विषयका बारे छलफलका लागि उत्प्रेरणा जगाउनुहोस् ।

२. समूहगत रूपमा चित्रहरूका माध्यमबाट कथा रचना गर्न लगाउनुहोस् वा कुनै एक वाक्य एउटा विद्यार्थीलाई अर्को वाक्य अर्कोलाई गर्दै कथा भन्न लगाउनुहोस् । आफ्नो धारणा निर्माण गरेअनुसार चित्रका आधारमा कथा भन्दै जान्छन् र समूहबाट तयार भएका कथालाई समूह नेताबाट वाचन गर्न लगाउनुहोस् । आवश्यकताअनुसार चित्रका आधारमा कथा रचनामा सहजीकरण गर्नुहोस् ।

३. सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा थप छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष कुनै दुईओटा समूहका प्रतिनिधिलाई भन्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गर्नुहोस् ।

४. सामाजिक विषयवस्तुमा लेखिएको कुनै एक कथा खोजी त्यसको विषयवस्तु र सन्देश टिपोट गरेर ल्याउन दिनुहोस् अथवा विद्यार्थी आफैँले देखेसुनेका वा भोगेका वा छरछिमेकमा गई कथा सुनेर वा खोजेर ल्याउनुहोस् ।

### (ग) मूल्याङ्कन

१. आवश्यकताअनुसार पदयोग वा वियोग गर्न लगाउनुहोस् :

तिमी लाई, उसकाघरमा, घरमाथि को, रातमाअन्धो, पढ्दैछ, हाँसे कोछ

२. पाठ्य कथाबाट कुनै कथांश उद्धृत गरी त्यहाँ पदयोग भएको र वियोग भएको अवस्था पहिचान गर्न लगाउनुहोस् ।

## एघारौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सिर्जना र परियोजना कार्य | कथा सङ्कलन तथा लेखन गर्न | • बुँदाहरूको चार्ट<br>• कथाको नमुना चार्ट |
| निर्दिष्ट बुँदामा आधारित कथा लेखन | निर्दिष्ट बुँदामा आधारित कथा लेखन गर्न | |
| सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र लेखन | सामाजिक वा सांस्कृतिक विषयवस्तुमा आधारित स्वतन्त्र कथा लेखन गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

१. कुनै रोचक प्रसङ्ग सुनाएर विद्यार्थीमा उत्प्रेरणा जगाउनुहोस् ।

३ शिक्षकले स्लाइड वा चार्ट प्रदर्शन गरी आजको विषयवस्तुबारे अनुमान गर्न लगाएर मस्तिष्क मन्थन गराउनुहोस् र हिजोको पाठ्यवस्तुबारे पुनरावृत्ति गराई आजको कथालेखनको विषयवस्तुबारे जानकारी दिनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### सिर्जना र परियोजना कार्य

१. अगिल्लो कक्षामा दिइएको सिर्जना र परियोजना कार्य विद्यार्थीलाई पालैपालो भन्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् । कथाको आरम्भ, मध्य र अन्त्यका लागि आवश्यकीय विषयबारे छलफल गराउनुहोस् र शिक्षकले स्पष्ट पारिदिनुहोस् ।

२. समूहगत रूपमा चित्रहरूका माध्यमबाट कथा रचना गर्न लगाउनुहोस् वा कुनै एक वाक्य एउटा विद्यार्थीलाई अर्को वाक्य अर्कोलाई गर्दै कथा निर्माणका लागि धारणा बनाउन लगाउनुहोस् ।

३ आफ्नो धारणा निर्माण गरेअनुसार कथा भन्न लगाई समूहबाट तयार भएका कथालाई समूह नेताबाट वाचन गर्न लगाउनुहोस् । आवश्यकतानुसार कथा रचनामा सबलीकरण गर्नुहोस् ।

४. सिर्जना र परियोजना कार्यका बारेमा कक्षामा थप छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष कुनै दुईओटा समूहका प्रतिनिधिलाई भन्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गर्नुहोस् र कथा लेखनपछि हेरेर पृष्ठपोषण दिनुहोस् ।

## निर्दिष्ट बुँदामा आधारित कथा लेखन

१. विद्यार्थीको लिङ्ग, भाषा, जातजाति, क्षेत्रमा विविधता हुने गरी विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् ।

२. कथा लेखन गर्दा ध्यान दिनुपर्ने पक्षका बारेमा विद्यार्थीलाई छलफल गराउनुहोस् ।

३ छलफलपश्चात् प्राप्त निचोड समूह नेतालाई भन्न अवसर प्रदान गर्नुहोस् ।

४ निर्दिष्ट बुँदालाई विस्तार कसरी गर्ने आदि बारेमा कथा रचना गर्ने तरिका छलफल गराई शिक्षकले आवश्यक भएमा थप सबलीकरण गरिदिनुहोस् ।

५. विद्यार्थीको तीनओटा समूह बनाई पहिलो समूहलाई कथाको आदि भाग, दोस्रो समूहलाई मध्य भाग र तेस्रो समूहलाई निष्कर्ष भाग दिई सिर्जना र परियोजना कार्यको प्रश्न १ का निर्दिष्ट बुँदामा आधारित भई कथा रचना गर्न लगाउनुहोस् । यसका लागि आवश्यक समय दिनुहोस् ।

६. कथाको रचना गरिसकेपछि प्रत्येक समूहको कुनै एकलाई कथा वाचन गर्ने अवसर प्रदान गर्नुहोस् र शिक्षकले आफूले ल्याएको नमुना कथा प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई आवश्यक छलफल गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र लेखन

१. कथा रचनाका लागि छलफल गराई सामाजिक विषयवस्तुमा आधारित कथा लेखन कसरी गर्न सकिन्छ भन्ने विषयमा उत्प्रेरणा प्रदान गर्नुहोस् ।

२. विद्यार्थीबाट उनीहरूले देखेभोगेका सामाजिक विषयवस्तुका घटनाबारेमा अनुकरण गरी कथा रचनाका लागि रुचि जगाई कथा भन्नका लागि अवधारणा बनाउन लगाउनुहोस् ।

३. पाठ्य कथाको विषयानुसार सामाजिक विषयवस्तुका कुनै घटनामा आधारित भएर वा अनुमान वा कल्पना गर्न लगाएर त्यस्ता विषयको मस्तिष्क मन्थन गर्न लगाउनुहोस् र त्यसको विषयवस्तु र सन्देशलाई कथात्मक प्रयोग गर्न लगाउनुहोस् र मौलिक कथा लेखन गर्न सक्ने अवस्था सिर्जनाका लागि सबलीकरण गरिदिनुहोस् ।

४. सामाजिक समस्याको पहिचान वा अनुमान गर्न लगाई पात्र चयन, संवादात्मक अभिव्यक्ति कौशल सिप, कथालेखनको उद्देश्य, कथा घटनाको वातावरण, कुन समयलाई सङ्केत गर्ने हो, कथाको शीर्षक के राख्ने हो आदि प्रश्न गर्दै तिनको उत्तरको खोजी गरेर मौलिक कथा रचना गर्न उत्प्रेरित गर्नुहोस् ।

५. सबै विद्यार्थीलाई कथा लेख्न लगाउनुहोस् र पालैपालो कथा वाचन गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् । समूहगत प्रतिस्पर्धा गराई थप उत्प्रेरणा प्रदान गर्नुहोस् ।

६. पालैपालो भिन्न भिन्न चित्र दिई समाजमा घट्न सक्ने घटनाको परिकल्पना गरी वा एकपछि अर्को चित्र वर्णन गर्न लगाई कथा रचना गर्न लगाउनुहोस् ।

७. सान्दर्भिक फरक फरक चित्रको संयोजन गर्न र चित्र चित्रबिच सम्बद्धता गराई पालैपालो कथात्मक वर्णन गर्न लगाउनुहोस् र आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

८. उत्कृष्ट मौलिक कथा रचना गर्ने विद्यार्थीलाई मौखिक उत्प्रेरणा वा स्याबासी कार्ड प्रदान गर्नुहोस् ।

### (ग) मूल्याङ्कन

१. विद्यार्थीले देखेका वा सुनेका घटनालाई आधार बनाएर मौलिक कथा भन्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई समाजमा घट्ने घटनामा आधारित भई छोटो कथा भन्न लगाउनुहोस् ।

# पाठ : १२ माइकल फेराडे

**विधा : जीवनी** **कार्यघण्टा : १०**

## परिचय

'माइकल फेराडे' जीवनीपरक पाठ हो । । समाज, राष्ट्र तथा मानव जातिका निम्ति विशिष्ट योगदान पुऱ्याउने व्यक्तिको व्यक्तित्वको विभिन्न पक्षमा प्रकाश पार्ने तथ्यमूलक सामग्रीको क्रमबद्ध तथा सुन्दर प्रस्तुति नै जीवनी हो । व्यक्तिले आफ्नो जीवनकालमा भोगेका कुराको उपयुक्त विश्लेषण र मूल्याङ्कन गरिन्छ । जीवनी शिक्षणबाट विद्यार्थीको बोध तथा अभिव्यक्ति क्षमता, लेखन क्षमता र शब्दभण्डारमा वृद्धि हुन्छ । जीवनी शिक्षणको मुख्य उद्देश्य भाषाका मौखिक तथा लिखित बोध एवम् अभिव्यक्ति सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ)को विकास गर्नु हो । त्यसैले जीवनीपरक पाठ सहजीकरण गराउँदा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपमा केन्द्रित भएर विद्यार्थीका विचार, भावना आदिलाई सङ्गठित रूपमा व्यक्त गर्न सिकाउनुपर्छ ।

यस पाठमा बोध क्षमता अभिवृद्धिका लागि सस्वर र मौन पठन, संरचना पहिचान, घटनाक्रम पहिचान, व्यक्तित्व पहिचान, सन्देश बोध आदि सिकाइका क्षेत्रमा ध्यान दिइएको छ । घटनाक्रम मिलान, प्रश्नोत्तर र व्याख्या, समीक्षात्मक लेखन, बुँदा टिपोट र सारांश लेखन, अनुकरणात्मक जीवनी लेखन, स्वतन्त्र लेखन जस्ता सिकाइ क्षेत्रलाई समेटिएको छ । शिक्षकलाई सहजकर्ता र उत्प्रेरकको भूमिका निर्वाह गर्दै सहजीकरण क्रियाकलाप क्रियाकलापमुखी र रुचिकर बनाउन अभिप्रेरित गरिएको छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । सिकाइ क्षेत्रअन्तर्गतका प्रेरक व्यक्तित्व पहिचान र छलफल, संरचना पहिचान, सस्वर र मौन पठन, पाठगत शब्दार्थ र प्रयोग, बोधात्मक प्रश्नोत्तर, आगन्तुक शब्दको पहिचान र प्रयोग, घटना पहिचान र वर्णन, व्याख्या, समीक्षात्मक उत्तर लेखन, बुँदा टिपोट र सारांश लेखन, व्यक्तिवृत्त लेखन, बोध आदि अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ ।

बोध र अभिव्यक्ति खण्डभित्र व्यक्तिवृत्त मूल्याङ्कनमा आधारित भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । भाषिक संरचना र वर्णविन्यासअन्तर्गत वाक्य र यसका प्रकार (सरल, संयुक्त, मिश्र), पदयोग र पदवियोगको पहिचान र प्रयोगलाई कार्यमूलक बनाइएको छ । सुनाइ बोलाइका लागि पाठ्यपुस्तककै परिशिष्टको सुनाइ पाठ १२ मा आधारित भई वा अन्य गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउन जोड दिइएको छ ।

## पहिलो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वरवाचन<br>(अनुच्छेद १ र २) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वरवाचन गर्न | • स्लाइड वा चार्ट<br>• राष्ट्रिय व्यक्तित्वका तस्बिर<br>• शब्दपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| संरचना पहिचान | जीवनीको संरचना पहिचान गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले कुनै अन्तर्राष्ट्रिय व्यक्तित्वले गरेका ऐतिहासिक काम तथा उनको जीवनको महŒवपूर्ण सन्दर्भको उल्लेख गर्दै विद्यार्थीको ध्यानाकर्षण गर्नुहोस् ।

२. साहित्यिक, चिकित्सा, विज्ञान र प्रविधि, खेल, गायन आदि क्षेत्रबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रसिद्धि कमाएका विशिष्ट व्यक्तित्वको तस्बिर प्रदर्शन गरी उनीहरूको नाम र कामका बारेमा मस्तिष्क मन्थन गराउनुहोस् र पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### सस्वरवाचन

१. माइकल फेराडेको तस्बिर प्रदर्शन गर्नुहोस् । उहाँका बारेमा छलफल गरी विषय प्रारम्भ गर्नुहोस् ।

२. शिक्षकले विद्यार्थीलाई सस्वरवाचन क्रियाकलापका लागि गति, विराम र वर्णविन्यासका बारेमा जानकारी गराउनुहोस् ।

३. शिक्षकले पाठको पहिलो अनुच्छेद नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

४. पाठका पहिलो र दोस्रो अनुच्छेद क्रमशः स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वरवाचन गराउनुहोस् ।

५. सस्वरवाचन गर्ने क्रममा स्पष्ट उच्चारण गर्न नसकेका शब्द रेखाङ्कन गर्न लगाउनुपर्छ । शिक्षकले पनि विद्यार्थीले वाचनका क्रममा उच्चारण अभ्यास गर्नुपर्ने शब्द सङ्कलन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

६. सस्वरवाचनको क्रियाकलाप पूरा भएपछि विद्यार्थीलाई सङ्कलित शब्दको शुद्ध र स्पष्ट उच्चारण अभ्यास गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलाप गराउनुहोस् :

- शैक्षणिक पाटीमा रिपोट गरिएका नयाँ शब्द विद्यार्थीबाट पालैपालो शुद्ध उच्चारण गर्न लगाउनुहोस् । लक्षित शब्द : दृष्टान्त, सभ्यता, आविष्कार, न्युविड्टन, विद्युतीय, विख्यात आदि ।
- ढिलो सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी अक्षरीकरणसहित बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । जस्तैः

| | | |
|---|---|---|
| दृष्टान्त/द्रिस्.तान्.त/ | सभ्यता /सभ्.भ्य.ता/ | आविष्कार /आ.बिस्.कार/ |
| न्युविड्टन /न्यु.विड्.टन्/ | विद्युतीय /बिद्.द्यु.ति.य/ | विख्यात /बि.ख्यात्/ |

७. शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

८. सस्वरवाचन र शुद्धोच्चारणका सबै क्रियाकलापहरू कुन कुन विद्यार्थीले पूरा गरे कुन कुनले गरेनन्, अवलोकन गरी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

९. समस्या पहिचान पश्चात् तिनीहरूको छुट्टै समूह बनाई अरूसरह सस्वरवाचन र शुद्धोच्चारण नगरेसम्म आवश्यक थप सामग्री उपलब्ध गराई ती शब्दलाई बारम्बार शुद्धोच्चारणको अभ्यास गराउनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । ती शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

२. सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पार्दै शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

३. शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

जस्तै, शब्द : आविष्कार

पाठ्यपुस्तकको सन्दर्भ : मानव सभ्यताको इतिहासमा वैज्ञानिक आविष्कारका माध्यमबाट चिरकालसम्म जीवन्त रहने एक दृष्टान्त हुन् वैज्ञानिक माइकल फेडारे ।

वाक्यमा प्रयोग : म्याडम क्युरीले रेडियम आविष्कार गरेकी छन् ।

४. प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस्, जस्तै : अमर, आविष्कार, ल्यापटप, गर्भपती, विख्यात । तीमध्ये कम्तीमा दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## संरचना पहिचान

१. उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्गलाई संयोजन गरी विद्यार्थीलाई पठनपाठनप्रति अभिरुचि जगाउनुहोस् ।

२. जीवनीको संरचनाका बारेमा विद्यार्थीलाई समूहमा छलफल गर्न लगाउनुहोस् ।

३. छलफलको निष्कर्ष पालैपालो सुनाउने अवसर दिनुहोस् । विद्यार्थीले भनेका विषयवस्तु शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । छुटेका विषयवस्तुका बारेमा सहजीकरण गरी थप स्पष्ट हुने अवसर प्रदान गर्नुहोस् ।

४. शिक्षकले तयार पारेको जीवनीको संरचनासम्बद्ध सामग्री कक्षामा प्रस्तुत गरी छलफल चलाउनुहोस् ।

५. विद्यार्थीलाई जीवनीको संरचनाका बारेमा आआफ्ना विचार राख्ने अवसर प्रदान गर्नुहोस् ।

६. बोध र अभिव्यक्ति खण्डको अभ्यास ३ का संरचना पहिचानसम्बद्ध प्रश्नहरू स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । सोधिएका प्रश्नहरूको उत्तरका बारेमा छलफल चलाउनुहोस् ।

७. छलफलको निष्कर्ष सुनाउन लगाई आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

१. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

इतिहास, मोबाइल, दृष्टान्त, सहज, आरन

## दोस्रो दिन

१. सिकाइ क्षेत्र

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| सस्वर र मौन पठन<br>(अनुच्छेद ३-५) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर र मौन पठन गर्न | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कुनै प्रेरक प्रसङ्ग सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतिकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## सस्वरवाचन र मौन पठन

१. शिक्षकले विद्यार्थीलाई सस्वरवाचन क्रियाकलापबारे विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

२. शिक्षकले पाठको तेस्रो अनुच्छेद नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. पाठका तेस्रो, चौथो र पाँचौँ अनुच्छेद क्रमशः स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वरवाचन गराउनुहोस् ।

४. विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा उच्चारण अभ्यास गराउनुपर्ने शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । शिक्षकले पनि विद्यार्थीलाई उच्चारण गराउनुपर्ने शब्द सङ्कलन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

५. सस्वरवाचन क्रियाकलाप पूरा भएपछि विद्यार्थीलाई पाठका उच्चारणमा अप्ठ्यारा शब्दको शुद्ध र स्पष्ट उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा निम्न क्रियाकलापहरू गराउनुहोस् :

- शैक्षणिक पाटीमा रिपोट गरिएका नयाँ शब्द विद्यार्थीबाट पालैपालो शुद्ध उच्चारण गर्न लगाउनुहोस् । लक्षित शब्द : स्क्वायर, गणित, अङ्कुरण, तीक्ष्ण, चुम्बकीय, सौभाग्य आदि
- ढिलो सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी अक्षरीकरणसहित बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । जस्तैः

स्क्वायर /स्क्वा.यर्/ गणित /ग.डिँत्/ अङ्कुरण /अङ्.कु.रन्/

तीक्ष्ण /तिक्.छ्यण्/ चुम्बकीय /चुम्.ब.कि.य/ सौभाग्य /सउ.भाग्.ग्य/

६. शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

७. सस्वरवाचन र शुद्धोच्चारणका सबै क्रियाकलापहरू कुन कुन विद्यार्थीले पूरा गरे कुन कुनले गरेनन्, अवलोकन गरी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

८. समस्या पहिचान पश्चात् तिनीहरूको छुट्टै समूह बनाई अरूसरह सस्वरवाचन र शुद्धोच्चारण नगरेसम्म आवश्यक थप सामग्री उपलब्ध गराई ती शब्दलाई बारम्बार शुद्धोच्चारणको अभ्यास गराउनुहोस् ।

९. मौन पठनबाट के के फाइदा हुन्छन् भन्ने प्रश्न सोधी मौन पठनका बारेमा समूहमा छलफल गराउनुहोस् ।

१०. अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । प्रस्तुत अनुच्छेद मौन पठन गरी सोधिएका प्रश्नहरूको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । ती शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

२. सकेसम्म विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्नुहोस् । शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पार्दै शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

३. शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

४. प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । तीमध्ये कम्तीमा दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक अभ्यास

१. विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

३. बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ सम्बद्ध अनुच्छेद स्लाइड वा चार्टमा तयार पारी प्रदर्शन गर्नुहोस् । प्रस्तुत कवितांश मौन पठन गरी सोधिएका प्रश्नहरूको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

४. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नहरूको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् ।

५. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

### (ग) मूल्याङ्कन

दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

भाषण, सङ्घर्षमय, प्रयोगशाला, परीक्षण, चुम्बकीय, क्षितिज, तीक्ष्ण

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वरवाचन र शब्दोच्चारण<br>(अनुच्छेद ६-८) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वरवाचन गर्न | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरको नमुना<br>• शब्दकोश |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. गाउँखाने कथा वा उत्प्रेरणात्मक भनाइ सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

२. आजको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### सस्वरवाचन र शब्दोच्चारण

१. शिक्षकले विद्यार्थीलाई सस्वरवाचन क्रियाकलापबारे छलफल गराउनुहोस् ।

२. शिक्षकले पाठको छैटौँ अनुच्छेद नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. पाठका छैटौँ, सातौँ र आठौँ अनुच्छेद क्रमशः स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वरवाचन गराउनुहोस् ।

४. सस्वरवाचन गर्ने क्रममा उच्चारणमा अप्ठ्यारो लागेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् । शिक्षकले पनि वाचकलाई उच्चारणमा कठिनाइ देखिएका शब्द सङ्कलन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

५. सस्वरवाचनको क्रियाकलाप पूरा भएपछि विद्यार्थीलाई पाठका शब्दको शुद्ध र स्पष्ट उच्चारण गर्ने अभ्यास गराउनुहोस् । लक्षित शब्द : स्वतन्त्र, अध्ययन, उपलब्धि, मिक्स्चर, कोसेढुङ्गा, सापेक्षतावाद आदि ।

६. ढिलो सिकाइ क्षमता भएका र दोस्रो भाषी विद्यार्थीलाई छुट्टाछुट्टै समूहमा विभाजन गरी अक्षरीकरणसहित बारम्बार उच्चारण अभ्यास गराउनुहोस् । जस्तैः

स्वतन्त्र : /स्व.तन्.त्र/ अध्ययन : /अध्.ध्य.यन्/ उपलब्धि : /उ.प.लब्.धि/

मिक्स्चर : /मिक्स्.चर्/ कोसेढुङ्गा : /को.से.ढुङ्.गा/ सापेक्षतावाद : /सा.पेक्.छ्य.ता.बा.द/

७. शिक्षकले तयार पारी ल्याएका शब्दपत्तीलाई गोजीतालिकामा राखी विद्यार्थीलाई पालैपालो उच्चारण गर्न लगाउनुहोस् ।

८. सस्वरवाचन र शब्दोच्चारणका सबै क्रियाकलापहरू कुन कुन विद्यार्थीले पूरा गरे कुन कुनले गरेनन्, अवलोकन गरी तिनीहरूको समस्या पहिचान गर्नुहोस् ।

९. समस्या पहिचान पश्चात् तिनीहरूको छुट्टै समूह बनाई अरूसरह सस्वरवाचन र शुद्धोच्चारण नगरेसम्म आवश्यक थप सामग्री उपलब्ध गराई ती शब्दलाई बारम्बार शब्दोच्चारणको अभ्यास गराउनुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई अर्थबोध गर्न समस्या भएमा शब्द टिपोट गर्न लगाउनुहोस् । ती शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

२. विद्यार्थीबाट नै ती शब्दको अर्थ खोजी गर्न लगाउनुहोस् । शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पार्दै शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

३. शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

४. प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि कम्तीमा ५ ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस्, । तीमध्ये कम्तीमा दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

५. विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक अभ्यास

१. विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गराउनुहोस् ।

२. बोध र अभिव्यक्ति खण्डको अभ्यास ८ सम्बद्ध अनुच्छेद स्लाइड वा चार्टमा तयार पारी प्रदर्शन गर्नुहोस् र अनुच्छेद पढ्न लगाउनुहोस् ।

३. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नहरूको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् ।

४. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

जस्तै : (क) माइकल फेराडेका वैज्ञानिक आविष्कारलाई कति समूहमा वर्गीकरण गरिएको छ ?

उत्तर : माइकल फेराडेका वैज्ञानिक आविष्कारलाई सिद्धान्त र आविष्कार गरी दुई समूहमा वर्गीकरण गरिएको छ ।

(ख) उनका मुख्य सिद्धान्त के के हुन्, लेख्नुहोस् ।

(ग) हामीले प्रयोग गर्ने फराडेको सिद्धान्तमा आधारित कुनै तीन उपकरणको नाम लेख्नुहोस् ।

(घ) उनका सिद्धान्तको मुख्य आधार के हो ?

५. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

### (ग) मूल्याङ्कन

**१. ठिक बेठिक छुट्याउन लगाउनुहोस् :**

(क) माइकल फेराडेले सन् १८३१ मा इङ्ल्यान्डमा डायनामोको आविष्कार गरेका थिए ।

(ख) स्वतन्त्र रूपमा जोसेफ हेनरीले पनि डायनामो बनाएका थिए ।

(ग) माइकल फेराडेले मेकानिकल सूर्यलाई विद्युत् ऊर्जामा रूपान्तरण गर्ने सिद्धान्त प्रतिपादन गरे ।

## चौथो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वरवाचन र शब्दोच्चारण<br>(अनुच्छेद ९ र १०) | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वरवाचन गर्न | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| आगन्तुक शब्द | आगन्तुक शब्द पहिचान गरी प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई गाउँखाने कथा वा कुनै प्रेरक प्रसङ्ग सुनाउने अवसर दिनुहोस् । आवश्यक उत्प्रेरणा दिई अगिल्लो दिनको पाठ्यवस्तुको सारबारे छोटो छलफल गराउनुहोस् ।

२. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### सस्वरवाचन र शब्दोच्चारण

१. सस्वरवाचनका बारेमा छलफल गराई साथीले वाचन गर्दा ध्यानपूर्वक सुन्न र अशुद्ध उच्चारण भएका शब्दलाई बिचमै रोकेर सच्याउन भन्नुहोस् ।

२. विद्यार्थीलाई पाठको अनुच्छेद ९ र १० पालैपालो सस्वरवाचन गराउनुहोस् । सस्वरवाचन गर्ने क्रममा उच्चारण अभ्यास गर्नुपर्ने शब्द रेखाङ्कन गर्न लगाउनुहोस् ।

३. शिक्षकले पनि विद्यार्थीले सस्वरवाचन गर्दा उच्चारण अभ्यास गराउनुपर्ने शब्द सङ्कलन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

४. सङ्कलित शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

५. बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा विद्यार्थीले गर्न सक्ने उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

## पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठबाट अर्थबोध नभएका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट टिपोट गरेका शब्द भन्न लगाई नदोहोरिने गरी शैक्षणिक पाटीमा लेखिदिनुहोस् ।

२. लेखिएका शब्दका अर्थ बताउन विद्यार्थीलाई प्रोत्साहन गर्नुहोस् । उनीहरूले भनेका अर्थ शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।

३. अर्थ सही भए वा नभएको स्पष्ट गरिदिनुहोस् । विद्यार्थीबाट अर्थ नआएका शब्दका लागि शैक्षणिक सामग्री प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

४. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन लगाउनुहोस् । विद्यार्थीलाई नै शब्द र अर्थ मिले नमिलेको यकिन गरी मूल्याङ्कन गर्न लगाउनुहोस् ।

५. शिक्षकले आवश्यक सहजीकरण गरी सबैभन्दा धेरै शब्दअर्थ जोडा मिलाउने विद्यार्थीलाई ताली बजाएर स्याबासी दिनुहोस् । जस्तै :

| शब्द | अर्थ |
|---|---|
| आलोकित | उज्यालो पारिएको, चहकिलो पारिएको |
| साधना | सफलता प्राप्त गर्नका लागि गरिने अभ्यास |
| सौभाग्य | सुख र समृद्धि प्राप्त हुने भाग्य |
| प्राक्कल्पना | सत्य पहिल्याउनका लागि गरिने पूर्वकल्पना, अनुकल्पना |
| प्रतिपादन | नयाँ विषय वा सिद्धान्त खोज्ने वा पत्ता लगाउने काम |
| चालक | विद्युत् आदि सञ्चालन हुने पदार्थ |

६. शब्दभण्डार खण्डको अभ्यास १ मा दिइएका शब्दलाई दुई दुई जनाको समूहमा समय दिई दुई दुईओटा वाक्य निर्माण गर्न लगाउनुहोस् । समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. समूह कार्य सम्पन्न भएपछि विभिन्न समूहलाई प्रस्तुतिकरण गर्न लगाई बाँकी विद्यार्थीलाई मूल्याङ्कनका लागि प्रोत्साहित गर्नुहोस् । अन्त्यमा समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## आगन्तुक शब्द

१. आगन्तुक शब्दका बारेमा समूहमा छलफल गराई निम्न निष्कर्षमा पुग्नुहोस् :

- नेपाली भाषाबाहेक नेपालभित्र र बाहिर बोलिने आगन्तुक शब्द हुन् ।

२. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी समूह नेता छान्न लगाउनुहोस् । शब्दभण्डार खण्डको अभ्यास २ मा दिइएको निर्देशनअनुसार पाठबाट आगन्तुक शब्द पहिचान गर्न लगाउनुहोस् ।

३. प्रत्येक दुई दुई समूहलाई कापी आपसमा साटासाट गरी गल्ती सच्याउन समय दिनुहोस् ।

४. प्रत्येक समूहलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य समूहका विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. विद्यार्थी समूहलाई शब्दभण्डार खण्डको अभ्यास ३ मा दिइएका शब्दको वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बोधात्मक अभ्यास

१. बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ का प्रश्न स्लाइड वा चार्टमा तयार पारी प्रदर्शन गर्नुहोस् । सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

२. विद्यार्थीले क्रियाकलाप गरेका समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

३. प्रत्येक समूहलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य समूहका विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् ।

५. पाठका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

जस्तै :

प्रश्न : (क) माइकल फेराडे कस्तो परिवारमा जन्मेका थिए ?

(ख) उनको बाल्यकाल कसरी बित्यो ?

(ग) उनले जीवनमा कसरी प्रेरणा प्राप्त गरे ?

(घ) उनको जीवनीबाट के सन्देश पाइन्छ ?

६. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

## (ग) मूल्याङ्कन

पाठबाट कुनै दशओटा आगन्तुक शब्द पहिचान गर्न लगाई वाक्यमा प्रयोगसमेत गर्न लगाउनुहोस् ।

## पाँचौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| घटना पहिचान र वर्णन | घटनाक्रम मिलान गर्न | • अनुच्छेदपत्ती<br>• बुँदाका चार्ट वा स्लाइड<br>• व्याख्याको नमुना चार्ट |
| व्याख्या लेखन | निर्दिष्ट उद्धरण व्याख्या गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले प्रेरक भनाइ सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

३. सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### घटना पहिचान र वर्णन

१. राष्ट्रिय वा अन्तर्राष्ट्रिय क्षेत्रका कुनै विशिष्ट व्यक्तिका जीवनका मुख्य घटनाको सूची उदाहरणका रूपमा प्रस्तुत गर्दै सिकाइतर्फ उत्प्रेरित गर्नुहोस् ।

२. माइकल फिराडेका जीवनमा घटेका मुख्य मुख्य घटनासँग सम्बन्धित रहेर प्रश्नोत्तरको अवसर प्रदान गर्नुहोस् । जस्तै : -(क) माइकल फिराडेको जन्म कहिले र कहाँ भएको थियो ?

(ख) माइकल फिराडेको बाल्यकाल कसरी बित्यो ?

(ग) माइकल फिराडेले डाइनामो कहिले आविष्कार गरेका थिए ?

३. विद्यार्थीले बताएका उत्तर शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका मुख्य घटना विद्यार्थीलाई पालैपालो सोधेर भन्न लगाउनुहोस् ।

४. बोध र अभिव्यक्ति खण्डको अभ्यास ७ मा दिइएको मितिअनुसारका घटना पहिचान गर्न लगाउनुहोस् ।

५. विद्यार्थी समूहले अभ्यास गरिसकेपछि साथी साथीबिच साटेर कापी परीक्षण गर्न लगाउनुहोस् ।

६. शिक्षकले शैक्षणिक पाटीमा मिति र जीवनका घटनाको नमुना देखाउनुहोस् र मिले नमिलेको हेर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### व्याख्या लेखन

१. विद्यार्थीलाई व्याख्या लेखनका सन्दर्भमा विभिन्न प्रश्न सोधी पूर्व ज्ञान पहिचान गर्नुहोस् ।

२. कक्षालाई विद्यार्थी सङ्ख्याको अनुपात हेरी समूहमा विभाजन गर्नुहोस् र समूह नेता छान्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास १० व्याख्या गर्न दिइएको गद्यांश छलफल गराउनुहोस् ।

३. छलफलपश्चात् व्याख्याका लेखनका सम्भावित बुँदा विद्यार्थीलाई भन्न लगाउनुहोस् र शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

४. शिक्षकले तयार पारेका बुँदा प्रदर्शन गरी छलफल गराउनुहोस् । बुँदाका आधारमा व्याख्या लेख्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।

प्रश्न : एउटा गरिब र विपन्न परिवारको व्यक्ति पनि आफ्नो अठोट र लगाव भयो भने जस्तोसुकै लक्ष्यमा पुग्न सम्भव हुँदो रहेछ ।

**बुँदा**

- गरिबी र यसका कारणको सङ्केत
- अभावभित्र पनि सम्भावना र आशाको खोजी गरिने
- दृढ इच्छाशक्ति र अठोटले मानिसको जीवन अगाडि बढाउन मदत गर्ने
- मिहिनेत र लगनशीलताले जीवन सफलतासम्म पुग्ने
- माइकल फेराडे गरिबी, अभावका बिचमा पनि अठोट लगावले लक्ष्यसम्म पुगेका

५. व्याख्या लेखन कार्य सकिएपछि पालैपालो कक्षामा प्रस्तुतिकरण गर्न लगाउनुहोस् । अन्त्यमा विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् । व्यक्ति नतोकीकन समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

### (ग) मूल्याङ्कन

माइकल फिराडेका जीवनका कुनै पाँचओटा मुख्य घटना भन्न लगाउनुहोस् ।

## छैटौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| विवेचनात्मक उत्तर लेखन | विवेचनात्मक उत्तर दिन | • प्रश्नोत्तरको नमुना चार्ट वा स्लाइड<br>• बुँदाका चार्ट वा स्लाइड<br>• अनुच्छेदपत्ती |
| बुँदा टिपोट र सारांश लेखन | बुँदा टिपोट गरी एक तृतीयांशमा सारांश लेख्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै रमाइलो घटना वा विषयवस्तु प्रस्तुत गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

२. अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटकरीमा छलफल गरी आजको विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## विवेचनात्मक उत्तर लेखन

१. विवेचनात्मक उत्तर लेखन ढाँचा तथा संरचनाबारे छलफल गराउनुहोस् ।

२. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ को प्रश्न पढ्न लगाई छलफल गराउनुहोस् ।

३. उत्तरसम्बद्ध बुँदा तयार गर्न लगाउनुहोस् । विद्यार्थीलाई आवश्यक सहयोग गर्नुहोस् ।

४. विद्यार्थीले तयार पारेका बुँदाहरू प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुति सुनी बुँदाका विषयवस्तुबारे प्रतिक्रिया दिन लगाउनुहोस् । तिनै बुँदालाई समेटेर मौखिक रूपमा लामो उत्तरको संरचना तयार पार्न सिकाउनुहोस् ।

५. शिक्षकले तयार पारेको नमुना बुँदा प्रस्तुत गर्नुहोस् र समेटिनुपर्ने विषयवस्तुका बारेमा थप छलफल गराउनुहोस् । बुँदाका आधारमा विवेचनात्मक उत्तर लेख्न समय दिनुहोस् । जस्तै :

योगदान

- भौतिक विज्ञान र रसायन विज्ञानका क्षेत्रमा अविस्मरणीय योगदान दिएका
- १३ वर्षका भएपछि गरिबीकै कारण माइकलको औपचारिक पढाइ एक्कासि रोकिएको
- जेन मार्सेटद्वारा लिखित रसायन विज्ञानमा कुराकानी र विभिन्न पत्रपत्रिकामा छापिएका बिजुलीसम्बन्धी लेख पढेपछि भने उनमा विज्ञानप्रति गहिरो रुचि जागेको
- फेराडेको चुम्बकीय क्षेत्रबाट विद्युतीय धारा उत्पादन गर्न सकिन्छ भन्ने प्राक्कल्पना
- सन् १८३१ मा इङ्ल्यान्डमा डायनामोको आविष्कार गरेका
- क्लोरिन, कार्बन डाइअक्साइड जस्ता ग्याँसलाई तरल रूपमा परिवर्तन गर्नु, बेन्जिन तथा अन्य हाइड्रोकार्बनको अन्वेषण गर्नु आदि उनका थुप्रै रसायन विज्ञानसँग सम्बन्धित अन्वेषण
- फेराडेज ल अफ इन्डक्सन, फेराडेज ल अफ इलेक्ट्रोमेग्नेटिक इन्डक्सन र फेराडेज ल अफ इलेक्ट्रोलाइसिस उनका मुख्य सिद्धान्त
- उनले प्रतिपादन गरेका सिद्धान्त र अनुसन्धान गरेका आविष्कारका माध्यमबाट युग युगसम्म उनी बाँचिरहने

६. विद्यार्थीले लेख्दै गर्दा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । विद्यार्थीलाई उनीहरूले तयार पारेका उत्तर कक्षा प्रस्तुतिकरण गर्न लगाउनुहोस् । अन्त्यमा आवश्यकताअनुसारको उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## बुँदा टिपोट र सारांश लेखन

१. बुँदा टिपोट र सारांश लेखनका बारेमा समूहगत छलफल गराउनुहोस् ।

२. छलफलको निष्कर्ष सुनाउने अवसर प्रदान गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

३. शिक्षकले शैक्षणिक सामग्रीको रूपमा आफूले लगेका बुँदालाई प्रदर्शन गरी विद्यार्थीका समूहबिच छलफल चलाउनुहोस् ।

४. आफूले शैक्षणिक सामग्रीको रूपमा लगेको सारांशको नमुनालाई कक्षामा कुनै विद्यार्थीमार्फत् वाचन गर्न लगाउनुहोस् । सारांश लेखनबारे कक्षामा छलफल चलाउनुहोस् । आवश्यक भएमा पृष्ठपोषण दिनुहोस् ।

५. मूल पाठको कुनै एउटा अनुच्छेदलाई मौन पठन गरी आशय खुल्ने गरी चारओटा बुँदा टिपोट गर्न समय दिनुहोस् ।

६. विद्यार्थीका समूहले बुँदा टिपोट गरिसकेपछि समूह समूहबिच मूल्याङ्कन गर्न लगाउनुहोस् । उक्त कार्यको अवलोकन गर्दै आवश्यक सहजीकरण गर्नुहोस् ।

७. शीर्षकीकरण सहित एक तृतीयांशमा सारांश लेख्न समय दिनुहोस् । निर्धारित समय सकिएपछि कक्षा प्रस्तुति गर्न लगाउनुहोस् ।

८. अन्य विद्यार्थीलाई साथीको प्रस्तुति सुनी सारांशबारे प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

**(ग) मूल्याङ्कन**

१. माइकल फेराडेले जीवनमा सफलता प्राप्त गरेका मुख्य मुख्य घटना वर्णन गर्न लगाउनुहोस् ।

## सातौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| व्यक्तिवृत्त लेखन | व्यक्तिगत विवरण तयार गर्न | • बायोडाटाको नमुना<br>• बुँदाको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| बोध प्रश्नोत्तर | बोध प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. सम्भव भएसम्म प्रोजेक्टरबाट भिडियो देखाएर वा मोबाइलबाट कसैले उद्घोषण गरेको सामग्री देखाएर वा सुनाएर बालबालिकालाई सिकाइका लागि उत्प्रेरित गर्नुहोस् ।

२. अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे सङ्क्षेपमा छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी कक्षा सुरु गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### व्यक्तिवृत्त लेखन

१. व्यक्तिवृत्त लेखनको ढाँचा र शैलीका बारेमा स्पष्ट पार्नुहोस् ।

नाम : ..............................

जन्मस्थान : ..............................

जन्ममिति : ..............................

माता : ..............................

पिता : ..............................

| | |
|---|---|
| राष्ट्रियता | : .............................. |
| धर्म | : .............................. |
| वैवाहिक स्थिति | : .............................. |
| स्थायी ठेगाना | : .............................. |
| शैक्षिक योग्यता | : .............................. |
| योगदान | : .............................. |

२. विद्यार्थीलाई आआफ्ना व्यक्तिगत विवरण तयार पार्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीलाई प्रतिनिधिमूलक प्रस्तुतिका लागि अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थीलाई साथीको प्रस्तुति सुनी व्यक्तिगत विवरणको संरचनाबारे प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

४. बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ का आधारमा व्यक्तिवृत्त तयार गर्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा आवश्यक सहजीकरण गर्नुहोस् ।

५. लेखन कार्य सकिएपछि पालैपालो कक्षामा प्रस्तुतिकरण गर्न लगाउनुहोस् । अन्त्यमा विद्यार्थीको प्रयासको प्रशंसा गर्नुहोस् र उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## बोध प्रश्नोत्तर

१. बोध प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गराउनुहोस् ।

२. बोध र अभिव्यक्ति खण्डको अभ्यास १४ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

३. विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा चार्टमा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर अनुच्छेदबाट उत्तर खोजेर लेख्न लगाउनुहोस् ।

४. समूहले उत्तर लेखिसकेपछि टोली नेतालाई उत्तर भन्न लगाउनुहोस् र अन्य समूहलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

५. भाषिक संरचनासँग सम्बन्धित अभ्यास पूर्व ज्ञानका आधारमा गराउनुहोस् । जस्तै :

(अ) अनुच्छेदबाट कुनै दुईओटा सरल वाक्य पहिचान गर्नुहोस् ।

उत्तर : १. व्यक्तिमा उत्पन्न हुने मानसिक दबाबको अवस्था तनाव हो ।

२. जीवनमा आइपरेका चुनौतीको सामना गर्दै अगि बढ्नु सङ्घर्ष हो ।

(आ) 'तनावले व्यक्तिको दैनिक काममा समेत असर पर्न सक्छ ।' वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्नुहोस् ।

(इ) 'तनाव व्यवस्थापनका लागि समर्पण, सङ्घर्ष, सम्झौता जस्ता रणनीति अपनाउन सकिन्छ ।' वाक्यलाई पदवियोग गरी लेख्नुहोस् ।

(ई) 'मानसिक' र 'गतिविधि' शब्दलाई उच्चारणअनुसार लेख्नुहोस् ।

६. अन्त्यमा भाषिक संरचना पहिचानसँग सम्बन्धित विस्तृत क्रियाकलाप नवौँ दिनमा छलफल हुने छ भन्ने जानकारी गराउनुहोस् ।

### (ग) मूल्याङ्कन

व्यक्तिवृत्त वा व्यक्तिगत विवरणमा व्यक्तिको नाम, जन्ममिति, आमाबुबाको नाम, जन्मस्थान, सम्पर्क ठेगाना, योग्यता, सेवा वा कार्य गरेको अनुभव, तालिम, प्राप्त गरेका सम्मान तथा पुरस्कार आदि जस्ता व्यक्तिगत सूचना समावेश गरिन्छ । यिनै विषयवस्तु समेटिने गरी आफ्नो व्यक्तिगत विवरण तयार पार्न लगाउनुहोस् ।

## आठौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | व्यक्तिवृत्त मूल्याङ्कनमा आधारित भाषिक सञ्चार गर्न | • अडियो वा भिडियो<br>• प्रश्नको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना |
| श्रुतिबोध | सुनाइ पाठ १२ का आधारमा श्रुति बोधात्मक प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले प्रेरक भनाइ सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. विद्यार्थीलाई पनि कविता वा चुट्किला सुनाउने अवसर प्रदान गर्नुहोस् । प्रस्तुतिपछि प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् ।

३. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गरी सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### भाषिक प्रकार्य

१. शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास १५ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

२. विद्यार्थीलाई समाज सुधारका क्षेत्रमा विशिष्ट योगदान गर्ने व्यक्तिको जीवनका घटना वर्णनसम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् ।

३. शिक्षकले व्यक्तिवृत्त मूल्याङ्कनका विषयवस्तुमा केन्द्रित रही भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस् र हाउभाउसहित अभिव्यक्तिको अवसर दिनुहोस् । जस्तै :

थोमस एल्भा एडिसन

थोमस एल्भा एडिसन महान् वैज्ञानिक हुन् । उनको जन्म सन् १८४७ फेब्रअरी ११ मा अमेरिकाको ओयो राज्यमा भएको थियो । उनलाई पढाइप्रति त्यति रुचि थिएन । तेर वर्षको उमेरमा रेल्वे स्टेसन, चोक,

गल्लीमा कराई कराई पत्रिका बेच्न थाले । यसैक्रममा पत्रिकामा छापिएका वैज्ञानिक आविष्कारका बारेमा पढ्ने मौका पाए । पढ्दापढ्दै नयाँ नयाँ आविष्कारतर्फ रुचि पलायो । त्यसपछि उनी टेलिग्राफ अपरेटरका रूपमा काम गर्न थाले । कामसँगै विद्युतीय विज्ञानका बारेमा ज्ञान प्राप्त भयो । निरन्तरको मेहनतबाट विद्युतीय भोटिङ रेकर्डर मेसिनको आविष्कार गरे । सन् १८७७ मा उनले पहिलो ध्वनि रेकर्ड गर्ने फोनोग्राफ बनाए । सन् १८७९ मा बिजुलीको बल्बको आविष्कार गरे । उनले बनाएको प्रयोगशाला विशाल र आधुनिक थियो । त्यहाँ दश हजार मानिसले काम गर्थे । उनले आविष्कार गरेको चलचित्र बनाउने क्यामरा मनोरञ्जनको महŒवपूर्ण साधन बन्यो ।

४. बोध र अभिव्यक्ति खण्डको अभ्यास १५ मा दिइएको सन्दर्भ बुझेर हाउभाउसहित आफ्ना विचार भन्ने अवसर दिनुहोस् ।

५. व्यक्तिवृत्त मूल्याङ्कनका विषयवस्तुमा केन्द्रित भाषाको व्यावहारिक प्रयोग गर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## श्रुतिबोध

१. सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

२. सुनाइ पाठ १२ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकतानुसार (कम्तीमा दुई पटक) सुनाउनुहोस् ।

३. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न १ लाई मौखिक प्रश्नोत्तर गराउनुहोस् । एक जनाले भन्न नसके अर्को विद्यार्थीलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

४. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न २ समूहमा छलफल गराउनुहोस् । विद्यार्थीलाई पालैपालो 'कर्मशीलताले नै मानिसको जीवन चम्कन्छ' भन्ने कुरा सुनाउन उत्प्रेरित गर्नुहोस् ।

५. विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

### (ग) मूल्याङ्कन

विद्यार्थीलाई समाज सुधारका क्षेत्रमा उल्लेख्य योगदान दिने व्यक्तिको जीवनका महŒवपूर्ण घटना टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

## नवौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| वाक्य र यसका प्रकार | सरल, मिश्र र संयुक्त वाक्यको पहिचान र वाक्यान्तरण गर्न | • स्लाइड वा चार्ट<br>• शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती |
| पदयोग र पदवियोग | पदयोग र पदवियोग हुने अवस्था पहिचान गरी प्रयोग गर्न | |
| सिर्जना र परियोजना कार्य | निर्दिष्ट विषयवस्तुमा छलफल गरी प्रस्तुति दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले रोचक विषयवस्तु सुनाएर मस्तिष्क मन्थन गराउनुहोस्

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

३. सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

### वाक्य र यसका प्रकार

१. विद्यार्थीलाई युगल वा बेन्चगत समूहमा विभाजन गर्नुहोस् र सरल, संयुक्त र मिश्र वाक्यका बारेमा छलफल चलाउनुहोस् ।

२. पहिलो समूहलाई सरल वाक्य, दोस्रो समूहलाई मिश्र वाक्य र तेस्रो समूहलाई संयुक्त वाक्य भन्न उत्प्रेरित गर्नुहोस् । समूहबाट आएका वाक्य शैक्षणिक पाटीमा तालिका बनाई टिप्नुहोस् ।

३. दुई दुईओटा उदाहरण आइसकेपछि तालिकामा टिपोट गरिएका वाक्य मिलेका छन् किन छैनन्, पत्ता लगाउन भन्नुहोस् । शिक्षकले आवश्यकतानुसार सहजीकरण गरिदिनुहोस् ।

४. शिक्षकले सरल, मिश्र र संयुक्त वाक्यका सूची प्रदर्शन गरी ती वाक्यमा पाइने अन्तरका बारेमा छलफल गराउनुहोस् ।

५. विद्यार्थीबाट आएका निष्कर्षलाई समेट्दै सरल, मिश्र र संयुक्त वाक्यको पहिचानसम्बन्धी स्पष्ट धारणा दिनुहोस् ।

६. शिक्षकले भाषिक संरचना वर्णविन्यास खण्डको क्रियाकलाप १ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । अनुच्छेदबाट सरल, मिश्र र संयुक्त वाक्य पहिचान गरी टिपोट गर्न आवश्यक समय दिनुहोस् ।

७. टिपोट गरिएका क्रियापद प्रस्तुति गर्न लगाउनुहोस् र अन्य समूहलाई मूल्याङ्कन र पृष्ठपोषण गर्न प्रोत्साहित गर्नुहोस् । आवश्यक परेमा सहजीकरण गर्नुहोस् ।

८. भाषिक संरचना र वर्णविन्यास खण्डको क्रियाकलाप २, ३ र ४ बनाउनका आवश्यक समय दिनुहोस् ।

९. विद्यार्थीले क्रियाकलाप गरेका समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

१०. प्रत्येक समूहलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य समूहका विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### पदयोग र पदवियोग

१. शिक्षकले अनुच्छेद स्लाइड वा चार्ट प्रदर्शन गरी पदयोग र पदवियोग भएका शब्द पहिचान गरी टिपोट गर्न लगाउनुहोस् ।

२. विद्यार्थीद्वारा टिपोट गरिएका शब्द भन्न लगाउनुहोस् र शिक्षकले शैक्षिणिक पाटीमा टिप्दै जानुहोस् ।

३. शैक्षणिक पाटीमा टिपोट गरिएका शब्दका बारेमा छलफल गराउनुहोस् । पदयोग र पदवियोगको प्रयोगसम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

| शिक्षकका लागि सन्दर्भ सामग्री |
|---|
| **पदयोग र पदवियोग**<br><br>पदयोग भनेको शब्दलाई जोडेर लेख्नु हो भने पदवियोग भनेको शब्दलाई छुट्याएर लेख्नु हो ।<br><br>**(अ) पदयोग हुने अवस्था :**<br><br>१. **विभक्ति र वचनबोधक प्रत्यय पदयोग गरी लेख्ने,** जस्तै : रामले, हरिलाई, घरबाट, पुस्तकहरू आदि ।<br><br>२. **नामयोगीलाई पदयोग गरी लेख्ने,** जस्ते : रामसँग, घरतर्फ, सुन्तलाबाहेक, नियमअनुसार आदि ।<br><br>३. **समस्त शब्द पदयोग गर्ने,** जस्तै : दालभात, खेलकुद, घरधनी, जन्मजात आदि ।<br><br>४. **आंशिक र परिवर्तित द्वित्व शब्द पदयोग गर्ने,** जस्तै : आआफ्नो, ससानो, जोडजाड, भातासात आदि ।<br><br>५. **अकरणको 'न' लाई पदयोग गरी लेख्ने,** जस्तै : नखेल, जाँदैन, पढ्दैनथ्यो आदि ।<br><br>६. **सन्धि भएर बनेको समस्त शब्द पदयोग गरी लेख्ने,** जस्तै : मन्त्रालय, विद्यालय, नियमानुसार आदि ।<br><br>७. **संयुक्त क्रियामा आउने निम्न लिखित कृदन्त अंशलाई पदयोग गरी लेख्ने**, जस्तै- जानुपर्छ, गर्नुपरेको छ, जानुहोस्, दिइसकिहाल्यो आदि ।<br><br>८. **नाम र थरका बिचमा आउने मध्यवर्ती नामलाई पदयोग गरी लेख्ने,** जस्तैः रामबहादुर थापा, माधवकुमार नेपाल आदि ।<br><br>**(आ) पदवियोग हुने अवस्था :**<br><br>१. **विभक्तिपछि आउने नामयोगीलाई पद वियोग गरी लेख्ने,** जस्तै : रामका लागि, घरदेखि माथि, त्यसको भन्दा आदि ।<br><br>२. **सार्थक द्वित्व शब्दलाई पद वियोग गरी लेख्ने,** जस्तै : जो जो, के के, राम्रो राम्रो, कुन कुन आदि ।<br><br>३. **संयुक्त क्रियामा आउने निम्न लिखित कृदन्त अंशलाई पद वियोग गरी लेख्ने,** जस्तै : पढ्नु छ, जाने छ, पढ्न सक्छ, गए हुन्छ, देखा पर्नु आदि ।<br><br>४. **विशेषण र विशेष्य ढाँचाका शब्दलाई पद वियोग गरी लेख्ने,** जस्तै : निम्न माध्यमिक, शुभ दिन, नगदे बाली आदि ।<br><br>५. **निपातहरू पद वियोग गरी लेख्ने**, जस्तै : म त, राम नै आदि ।<br><br>६. **जना शब्दलाई अलग डिकोमा लेख्ने**, जस्तै : पाँच जना, बिस जना आदि ।<br><br>७. **विभाजक 'न' लाई पद वियोग गरेर लेख्ने,** जस्तै : न राम न श्याम आयो आदि |

४. भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ५ मा दिइएको निर्देशानुसार समूहमा छलफल गरी पदवियोग गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् । विद्यार्थीलाई प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थीलाई मिले नमिलेको ख्याल गरी सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गर्नुहोस् ।

५. भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ६ मा दिइएको निर्देशानुसार अनुच्छेद पुनर्लेखन गर्न लगाउनुहोस् ।

६.	छलफलसहित शिक्षकले शैक्षिणिक पाटीमा नमुना देखाई वर्णविन्यास मिलाउने तरिका स्पष्ट पार्नुहोस् ।

## सिर्जना र परियोजना कार्य

१.	प्रेरक प्रसङ्ग सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

२.	सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

३.	विद्यार्थीलाई सामाजिक सञ्जालमा खोजेर एक जना विश्व प्रसिद्ध खेलाडीको जीवनी टिपोट गरेर ल्याउन लगाउनुहोस् ।

### (ग) मूल्याङ्कन

**१. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्न लगाउनुहोस् :**

(क) लाक्पा शेर्पा रेडियो किन्छन् । उनी घर जान्छन् । (संयुक्त वाक्य)

(ख) जसले परिश्रम गर्छ उसले सफलता पाउँछ । (सरल वाक्य)

(ग) उसलाई सर्पले टोक्यो । उसले उपचार गऱ्यो । (मिश्र वाक्य)

(घ) आकाश गड्याङगुडुङ गर्छ अनि मुसलधारे पानी पर्छ । (मिश्र वाक्य)

(ङ) जुन देश विकसित हुन्छ त्यो देशका जनता खुसी हुन्छन् । (सरल वाक्य

(च) सुमित्रा बजार गइन् र स्वागतलाई भेटिन् । (सरल वाक्य)

## दसौँ दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| विषयबोध र प्रस्तुति | पुस्तकालयीय सामग्री (सामाजिक सञ्जाल) बाट विषयबोध गरी प्रस्तुति दिन | • जीवनीका बुँदा चार्ट वा स्लाइड<br>• जीवनीको नमुना चार्ट |
| अनुकरणात्मक जीवनी लेखन | अनुकरणात्मक जीवनी लेख्न | |
| स्वतन्त्र जीवनी लेखन | स्वतन्त्र जीवनी लेख्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१.	शिक्षकले प्रेरक प्रसङ्ग सुनाएर ध्यान आकर्षित गर्नुहोस् ।

२.	अगिल्लो दिनका सिकाइका विषयवस्तुबारे छोटो छलफलसहित आजको कक्षाको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## विषयबोध र प्रस्तुति

१. परियोजना कार्यका बारेमा विद्यार्थी समूहबिच छलफल गराउनुहोस् ।

२. विद्यार्थीले सामाजिक सञ्जालबाट खोजेर एक जना विश्व प्रसिद्ध खेलाडीको जीवनी पालैपालो प्रस्तुतिकरण गर्ने अवसर दिनुहोस् ।

२. प्रस्तुतिबारे विद्यार्थीलाई स्वतः स्फूर्त सुझाव दिन लगाउनुहोस् । विषयवस्तु प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

## अनुकरणात्मक जीवनी लेखन

१. जीवनीको संरचना जनाउने तालिका प्रदर्शन गरी जीवनीको आदि, मध्य र अन्त्य भागबारे छलफल गराउनुहोस्, यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै :

२. जीवनी लेख्दा ध्यान दिनुपर्ने विषयवस्तुका बारेमा छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष प्रस्तुत गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

३. सिर्जना र परियोजना खण्डको अभ्यास १ मा दिइएका बुँदा प्रस्तुत गरी जीवनी लेखनबारे छलफल चलाउनुहोस् ।

(क) जन्म सन् १८२० मे १२ इटाली, मृत्यु सन् १९३० अगस्त १३

(ख) फेनी स्मिथ र विलियम एडवार्ड नाइटिङ्गेलकी छोरी

(ग) उदार हृदय र भावुक स्वभाव, परोपकारी भावना

(घ) नर्स बनेर समाज सेवा गर्ने लक्ष्य

(ङ) लेडी विथ द ल्याम्पको उपनामले विश्व प्रख्यात

(च) नर्सिङ पेसालाई मर्यादित बनाउनु, बिरामीको प्रेरणा स्रोत

(छ) उनको नामबाट सहरको नामकरण

४. जीवनी लेखन कार्यपश्चात् प्रस्तुतिको अवसर दिनुहोस् । जस्तै :

### फ्लोरेन्स नाइटिङ्गेल

फ्लोरेन्स नाइटिङ्गेलको जन्म सन् १८२० मे १५ मा इटलीको एक सहरमा भएको थियो । पिता विलियम नाइटिङ्गेल र माता फेनी स्मिथ नाइटिङ्गेल दुवै बेलायती भए पनि केही समय इटलीमा बस्दा जन्मिएकी फ्लोरेन्सको बाल्यकाल त्यहीँ बित्यो । उनले त्यहीँ आफ्ना पितासित भाषा, इतिहास र दर्शनको अध्ययन गर्ने मौका पाइन् ।

एक दिन फ्लोरेन्स नाइटिङ्गेलले बाटामा सिकिस्त बिरामी भएर मर्न लागेको कुकुरलाई घरमा ल्याई स्याहारसुसार गरिन् । उनको हेरचाहबाट त्यो कुकुर बाँचेपछि उनलाई साह्रै खुसी लाग्यो । त्यो सन्तुष्टि अनि सफलताबाट उनलाई प्राणीको सेवामा रमाउने प्रेरणा प्राप्त भयो । त्यसैले उनले सेवा गर्न नर्स पेसा अँगाल्ने निधो गरिन् तर त्यति वेला सो पेसालाई समाज र उनका अभिभावकले उपेक्षा गर्थे । उनी भने आफ्नो इच्छामा दृढ थिइन् । तसर्थ सन् १८४४ मा जर्मनीमा नर्स कोर्समा भर्ना भई उनले अध्ययन गर्न पाइन् ।

अध्ययन पश्चात् उनले फ्रान्स र बेलायतका प्रमुख अस्पतालको निरीक्षण गर्ने मौका पाइन् । लन्डनको ठुलो अस्पतालमा परिचारिकाका रूपमा काम गर्न थालेपछि सबैले नर्समा हुनुपर्ने गुण थाहा पाए । हुन पनि उनले भावुकता, उदार हृदय, दया, करुणा, सेवा, धर्म, नैतिकता, आदर्श आदि गुण देखाइसकेकी थिइन् । विश्वयुद्धमा घाइते भएका सिपाहीलाई उनी राति पनि लालटिङ लिएर खोज्दै सेवा पुऱ्याउँथिन् । जसले गर्दा उनी हातमा बत्ती लिएकी महिला' को नामले प्रसिद्ध भइन् । उनले नर्स पेसाको प्रशिक्षण पनि दिन थालिन् र नर्स पेसालाई सम्मानित अवस्थामा पुऱ्याइन् । दिनरात परसेवामा परिश्रम गरेका कारणले आँखाको ज्योतिसमेत उनले गुमाइन् । आज पनि उनको नाम सुन्नासाथ सबैको शिर श्रद्धाले झुक्छ ।

हेय ठानिएको नर्स पेसालाई अनुकरणीय बनाउने स्वास्थ्यकी देवी फ्लोरेन्स नाइटिङ्गेललाई उनको सेवाको कदर गर्दै बेलायत सरकारद्वारा 'अर्डर द मेरिट' को उपाधिले सम्मानित गरियो । इटली सरकारद्वारा उनी जन्मेको सहरको नाम फ्लोरेन्स राखियो । ९० वर्षको उमेरमा हामीसँग बिदा लिए पनि संसारलाई नै सेवामुखी बनाउने प्रेरणा दिँदै उनी सधैँ हामीमाझ रहिरहने छिन् ।

५. यस क्रममा विद्यार्थीलाई नै प्रस्तुतिको मूल्याङ्कन गर्न लगाउनुहोस् । अन्त्यमा शिक्षकले उनीहरूको लेखनको प्रशंसा गर्दै आवश्यक सुझावसहित पृष्ठपोषण दिनुहोस् ।

## जीवनी लेखन

१. आफ्ना अभिभावक वा आफूले चिनेका वा पढेका व्यक्तित्वमध्ये सामाजिक क्षेत्रमा विशेष योगदान दिने व्यक्तिको जीवनी लेख्न आवश्यक समय दिनुहोस् ।

२. विद्यार्थीले क्रियाकलाप गरेका समयमा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

३. प्रतिनिधिमूलक रूपमा प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । अन्य विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

दिइएका बुँदाका आधारमा जीवनी लेख्न लगाउनुहोस् :

| | | |
|---|---|---|
| नाम | : | अब्राहम लिङ्कन |
| जन्म | : | सन् १८०९ फेब्रअरी १२ मा अमेरिकाको केन्टकी राज्य |
| घटनाक्रम | : | नौ वर्षको उमेरमा आमाको निधन, सौतेनी आमाबाट हेरचाह |
| | : | परिवारको आर्थिक अवस्था ज्यादै कमजोर |
| | : | घुम्दै जाँदा मानिसलाई पशु झैँ घाँटीमा सिक्री बाँधेर लगेको देख्नु |
| | : | गरिब जनताको पक्षमा आवाज उठाउनु |
| | : | सन् १८६० मा अमेरिकाको सोह्रौ राष्ट्रपति निर्वाचित |
| | : | कानुनी रूपमै दासप्रथाको अन्त्य गरेका |
| मृत्यु | : | सन् १८६५ अप्रिल १५ |

# पाठ : १३ कार्यालयीय चिठी

**विधा : व्यावहारिक लेखन** **कार्यघण्टा : ९**

## परिचय

'एक कार्यालयले अर्को कार्यालयलाई वा व्यक्तिलाई पठाउने चिठी कार्यालयीय चिठी हो । कार्यालयीय चिठी शिक्षणको प्रमुख उद्देश्य व्यावहारिक लेखन सिपको विकास गर्नु हो । तसर्थ कार्यालयीय चिठी शिक्षणका क्रममा विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपको विकासमा केन्द्रित हुनु वाञ्छनीय छ । यसबाट विद्यार्थीमा संरचना, ढाँचा र शैली पहिचान, विषयवस्तुमा आधारित संवेगात्मक प्रस्तुति, विषयवस्तुको विश्लेषण तथा सार प्रस्तुति, छलफल र प्रश्नोत्तर, सुनाइका आधारमा सन्देश प्रवाह जस्ता सुनाइ तथा बोलाइ सिप विकास गराउनुपर्छ ।

यस पाठमा समययबद्ध सस्वर पठन र गतिवृद्धि, मौन पठन र छलफल, निवेदनको संरचना पहिचान, पाठको विषयवस्तु बोध, सन्देश ग्रहण र प्रतिक्रया तथा प्रश्नोत्तर जस्ता पढाइ सिपमा आधारित क्रियाकलाप समेट्नुपर्छ । त्यसैगरी, लेखाइ सिपअन्तर्गत प्रश्नोत्तर, लेखन ढाँचा र शैली अनुकरण, सन्दर्भ र आवश्यकताका आधारमा निमन्त्रणा, सूचना लेखनको संरचना बोध, सन्देशमूलक रचनालगायत पक्षमा ध्यान दिनु आवश्यक हुन्छ । यस पाठमा शब्दभण्डारअन्तर्गत शब्दार्थ तथा पर्यायवाची शब्दको पहिचान र प्रयोग गराउनुपर्ने हुन्छ । भाषिक संरचनाअन्तर्गत वाक्यको संरचना पहिचान, वाक्य संश्लेषण तथा विश्लेषण गर्न सिकाई प्रयोगसँग सम्बन्धित क्रियाकलाप गराउनुपर्छ ।

वर्णविन्यासअन्तर्गत शब्दमा क्ष र छे, छ्यको पहिचान र प्रयोगसम्बन्धी अभ्यास गराउनुपर्छ । यो पाठमा शुभेच्छासम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ । सिर्जना र परियोजना खण्डअन्तर्गत घरायसी चिठी लेखन र निमन्त्रणा पत्र तथा सूचना लेखन तथा प्रस्तुतिसम्बन्धी क्रियाकलाप गराउनु अपरिहार्य हुन्छ । पाठ्यपुस्तकको परिशिष्ट खण्डमा राखिएका सुनाइ पाठ १३ का आधारमा प्रयोगात्मक किसिमबाट सुनाइ र बोलाइ अभ्यास गराउनुपर्छ । शिक्षकले पाठ्यक्रमको अपेक्षा र विद्यार्थीको स्तरलाई ख्याल गरी पाठका अभ्यासमा समेटिएका भन्दा थप अभ्यास गराउनु आवश्यक हुन्छ ।

## पहिलो दिन

### १. सिकाइका क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| निवेदनको ढाँचा तथा शैली पहिचान | विषयवस्तुमा आधारित छलफल र प्रश्नोत्तर गर्न | • कार्यालयीय चिठीको नमुना<br>• शब्दार्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नसूची |
| सस्वरवाचन र शुद्धोच्चारण | निर्दिष्ट अनुच्छेद गति, यति मिलाई शुद्धसँग वाचन गर्न | |
| शब्दार्थ र वाक्य रचना | नयाँ शब्दको अर्थबोध गरी वाक्य रचना गर्न | |
| बोध प्रश्नोत्तर | मौनपठन गरी बोध प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. कथा, कविता वा चुट्किला जस्ता उत्प्रेरणात्मक विषयवस्तु वा प्रसङ्ग वा कुनै रोचक जानकारी दिँदै नयाँ पाठबारे विद्यार्थीलाई अभिरुचि जगाउनुहोस् ।

२. नयाँ पाठको पहिलो दिन भएको हुँदा कक्षाका सम्पूर्ण विद्यार्थीलाई अगिल्लो पाठमा केही समस्या रहे नरहेको यकिन गर्नुहोस् र केही समस्या भए समाधान गरी आज नयाँ पाठ सुरु गर्नेबारे जानकारी गराउनुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**संरचना पहिचान**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी छलफल गर्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको उपयोग गरी पाठको खाम, पत्रमञ्जुषा, हुलाक घर, टिकट, विभिन्न कार्यालयका चित्र वा सम्भव भएमा कार्यालयमा कर्मचारीले काम गरेको अडियो वा भिडियो प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई समूहमा छलफल गराउनुहोस् ।

२. विद्यार्थीलाई समूहमा छलफल गरी कार्यालयीय चिठीको नमुना वा पाठलाई प्रोजेक्टर, स्लाइड वा चार्ट पेपरका माध्यमले प्रदर्शन गर्नुहोस् । कुनै विद्यार्थीलाई पढ्न लगाउनुहोस् । यसको नमुनाबारेमा भन्न लगाउनुहोस् । यसो गरेमा विद्यार्थीले थाहा भएका कुरा बताउने छन् । अन्य विद्यार्थी समूहलाई पनि थप जानकारी भएमा विषयवस्तु थप गर्न लगाई छलफल गर्दै जानुहोस् ।

३. कार्यालयीय चिठीमा मिति, कार्यालयको नाम, ठेगाना, सम्बोधन, विषय, चिठीको आदि, मध्य र अन्त भागमा राखिनुपर्ने कुरा, चिठी लेख्ने कार्यालयको कर्मचारीको नाम ठेगाना, सही, बोधार्थ आदिका विषयमा विद्यार्थीलाई समूहमा छलफल गराउनुहोस् । बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ३ मा दिइएको अनुच्छेद कुनै माध्यमबाट प्रदर्शन गरेर छलफल गर्नुहोस् । छलफलमा आएका सान्दर्भिक विषयवस्तु र पाठगत सन्दर्भलाई संयोजन गरी निष्कर्ष सुनाउनुहोस् ।

**सस्वर पठन र शुद्धोच्चारण**

१. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद गति, यति मिलाएर सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

२. शिक्षकले पाठको कार्यालयीय चिठी सस्वरवाचन गरेर सुनाउनुहोस् । कार्यालयीय चिठीमा प्रयोग भएका चिह्नको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

३. पाठका हरेक अनुच्छेद पालैपालो विद्यार्थीलाई सस्वरवाचन गर्न लगाउनुहोस् । एउटा

विद्यार्थीले वाचन गर्दा अरूलाई उच्चारणमा असहज भएका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् ।

४. पाठका अनुच्छेद सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका विद्यार्थीलाई असहज लागेका शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

५. विद्यार्थीलाई पालैपालो टिपोट गरिएका शब्दलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यकताअनुसार शब्दलाई उच्चारणअनुसार नै शैक्षणिक पाटीमा लेखेर उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

जस्तै : प्रभावकारी : /प्र.भाव्.का.रि/ केन्द्र : /केन्.द्र/

६. पाठको बोध तथा अभिव्यक्ति खण्डको अभ्यास १ मा दिइएका शब्द शुद्ध उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीले सही उच्चारण गर्न नसके सहजीकरण गरिदिनुहोस् ।

## शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न र भन्न लगाउनुहोस् । सकेसम्म विद्यार्थीबाट नै अर्थ खोजी गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थ पत्ती प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् ।

२. विद्यार्थीले टिपोट गरेका शब्दका अर्थबोध गराई सकेपछि वाक्यमा प्रयोग गरिएको नमुना देखाउनुहोस् । जस्तै : **सञ्चालन : मैले कविता वाचन कार्यक्रम सञ्चालन गरेँ ।** यस क्रममा वाक्यपत्ती प्रदर्शन गरी शब्दको अर्थ भन्नसमेत लगाउनुहोस् ।

३. विद्यार्थीलाई शब्द र अर्थबिच जोडा मिलाउन लगाउनुहोस् । सो क्रममा शिक्षकले आवश्यक सहजीकरण गरी सबैभन्दा धेरै शब्द र अर्थबिच जोडा मिलाउने विद्यार्थीलाई ताली बजाएर स्याबासी दिनुहोस् ।

## बोधात्मक प्रश्नोत्तर

१. शिक्षकले विभिन्न प्रश्न बनाई प्रश्नपत्ती प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई पालैपालो उत्तर भन्न लगाउनुहोस् । विद्यार्थी उत्तर भन्न असमर्थ भए आवश्यक सहजीकरण गरिदिनुहोस् ।

२. विभिन्न अनुच्छेदका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस्, जस्तै :

(क) कार्यालयीय चिठी कुन मितिमा लेखिएको हो ?

(ख) यो कार्यालयीय चिठी कसले कसलाई लेखेको हो ?

३. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

**१. दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :**

विज्ञ, उपलब्ध, समालोचनात्मक, समयानुकूल, उद्देश्य, क्रियाकलापमार्फत

**२. दिइएका शब्दका अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :**

परिमार्जन, पाठ्यक्रम, सहकार्यात्मक, सहजीकरण, प्रविधि

**दोस्रो दिन**

**१. सिकाइका क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| **शब्दभण्डार**<br>(क) शब्दार्थ<br>(ख) पर्यायवाची शब्द<br>(ग) वाक्यमा प्रयोग | शब्दको अर्थ पहिचान गरी जोडा मिलाउन<br>पर्यायवाची शब्द पहिचान गर्न<br>पाठमा प्रयुक्त शब्दलाई वाक्यमा प्रयोग गर्न | • शब्दार्थपत्ती<br>• शब्द सूची<br>• अनुच्छेदपत्ती |
| समयबद्ध वाचन | निर्धारित अंश निर्धारित समयमा वाचन गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. चुट्किला, लघुकथा वा गाउँखाने कथा सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन सुनाउन प्रोत्साहन गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**शब्दभण्डार (शब्दार्थ र प्रयोग)**

१. विद्यार्थीलाई समूहमा विभाजन गरी अभ्यास १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन सिकाउनुहोस् ।

जस्तै, तालिम : कुनै काम वा विषयमा व्यवस्थित रूपमा दिइने प्रशिक्षण

विज्ञ : विद्वान्

अन्तक्रिया : छलफल

२. विद्यार्थीले समूह कार्य गरे नगरेको अवलोकन गर्नुहोस् । कुनै विद्यार्थी वा विद्यार्थी समूहलाई समस्या भएमा आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीले समूह कार्य गरिसकेपश्चात् शब्द र अर्थको सूची प्रदर्शन गरी विद्यार्थीले लेखेका शब्द र अर्थ मिले नमिलेको सामूहिक छलफल गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. पाठबाट शिक्षकले तयार पारेको थप शब्दको सूची प्रदर्शन गरी अर्थ भन्न लगाउनुहोस् । अर्थको सूची प्रदर्शन गरी स्पष्ट पारिदिनुहोस् ।

५. सर्वप्रथम विद्यार्थीलाई सङ्ख्याका आधारमा समूहमा विभाजन गर्नुहोस् ।
६ विद्यार्थीलाई पाठको शब्दभण्डार खण्डको अभ्यास २ मा भएका शब्दको उस्तै अथै आउने शब्द पाठबाट पहिचान गर्न सिकाउनुहोस् ।

७. विद्यार्थी समूहलाई पाठको अभ्यास २ सम्बद्ध शब्दपत्ती प्रदर्शन गरी उस्तै अर्थ दिने शब्दबिच जोडा मिलाउन सिकाउनुहोस् ।

जस्तै : **नवीन : नयाँ**
वेत्ता : सिपालु

८. यस क्रममा विद्यार्थी समूहलाई आवश्यकताअनुसार सिकाइ सहजीकरण गर्नुहोस् ।

९. विद्यार्थीले समूह कार्य गरिसकेपश्चात् परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

१०. यस क्रममा शिक्षकले थप पर्यायवाची शब्द सङ्कलन गरी विद्यार्थी समूहबिच हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्न सक्नुहुने छ ।

११. विद्यार्थी समूहलाई अभ्यास ३ का आधारमा वाक्यमा प्रयोग गरिएको नमुना प्रदर्शन गरी धारणा स्पष्ट पार्नुहोस् । यस क्रममा शब्दार्थपत्ती र वाक्यपत्ती पनि प्रयोग गर्नुहोस् । विद्यार्थीलाई खाली शब्दपत्ती दिएर अर्थ लेख्न, अर्थपत्ती दिएर शब्द लेख्न तथा अपुरो वाक्यपत्ती दिएर खाली ठाउँमा शब्द भर्न लगाउनुहोस् ।

१२. विद्यार्थीले समूह कार्य गरिसकेपश्चात् कापी परीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## समयबद्ध वाचन

१. शिक्षक आफैँले वा मोबाइलमा रेकर्ड गरेर पाठको कार्यालयीय चिठी सस्वरवाचन गरेर सुनाउनुहोस् । पाठमा प्रयोग भएका चिह्नहरूको उचित प्रयोग गरी सस्वरवाचन गर्नुपर्ने कुरामा ख्याल गराउनुहोस् ।

२. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद समय तोकेर गति, यति मिलाएर हाउभाउसहित सस्वरवाचन गर्न प्रोत्साहन गर्नुहोस् । यस क्रममा विद्यार्थीले सही तरिकाले वाचन गर्न सके नसकेको पहिचान गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

३. यसैगरी पाठका हरेक अनुच्छेद पालैपालो विद्यार्थीलाई सस्वरवाचन गर्न लगाउनुहोस् । एउटा विद्यार्थीले वाचन गर्दा अरूलाई साथीको वाचन शैली, हाउभाउ ख्याल गर्न लगाउनुहोस् । विद्यार्थीलाई उच्चारणमा असहज भएका शब्दलाई बिचैमा रोकेर सही उच्चारण गर्ने तरिका सिकाइदिनुहोस् । आवश्यक सहजीकरण गरी पृष्ठपोषण दिएर कक्षा समाप्त गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

**१. दिइएका शब्दको अर्थ भन्न लगाउनुहोस् :**

उद्देश्य, तालिम, विज्ञ, आयोजना

**२. दिइएका शब्दका पर्यायवाची शब्द भन्न लगाउनुहोस् :**

वेत्ता, काम, पत्यार, नवीन, शिक्षार्थी

**तेस्रो दिन**

**१. सिकाइका क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| पठनबोध र प्रश्नोत्तर | निर्दिष्ट पाठ मौन पठन गर्न | • अनुच्छेद<br>• प्रश्नोत्तर पत्ती<br>• निवेदनको नमुना |
| निवेदन रचना | चिठीको संरचना पहिचान गरी निवेदन रचना गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै विषयवस्तु सुनाएर वा प्रदर्शन गराएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कुनै विषयवस्तु सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो दिन सिकिएका विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) ज्ञान आर्जनकको चरण**

## बोधात्मक प्रश्नोत्तर

१. विद्यार्थीलाई बोध तथा अभिव्यक्तिको अभ्यास ३ मा दिइएको अनुच्छेदको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर पत्ता लगाउने क्रममा पूर्ण वाक्यसहित उत्तर भन्न सिकाउनुहोस् । विद्यार्थीलाई मौन पठन गर्न लगाउनुहोस् । विद्यार्थीले मौन पठन गर्न समर्थ भए वा नभएको यकिन गरी मौन पठन गर्ने तरिका प्रस्ट पारिदिनुहोस् ।

२. विद्यार्थीले मौन पठन गरिसकेपछि कार्यालयीय चिठी लेख्दा के के कुरा आवश्यक पर्दा रहेछन् र कुन कुन कुरामा विचार पुऱ्याउनुपर्ने रहेछ भन्ने विषयमा सामूहिक छलफल गराउनुहोस् । विद्यार्थीबाट आएका कुरालाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

३. शिक्षकले पाठ्य कार्यालयीय चिठीका माध्यमबाट निवेदनको आदि भागमा लेखिने मिति, ठेगाना, सम्बोधन र विषय, शिष्टाचार आदिका कुराका बारेमा विद्यार्थीलाई मौखिक प्रश्नोत्तर गराउनुहोस् । आवश्यक सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. शिक्षकले तयार पारेर ल्याएका प्रश्न प्रदर्शन गरेर उत्तर भन्न लगाउनुहोस् । सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । विद्यार्थीले उत्तर भनिसकेपछि आफूले तयार पारेर ल्याएको उत्तर सूची प्रदर्शन गरी विद्यार्थीलाई उत्तर वाचन गर्न लगाउनुहोस् । उनीहरूले भनेको उत्तर र शिक्षकले तयार पारेको उत्तरबिच केही फरक भए छलफल गराउनुहोस्  स्पष्ट पारिदिनुहोस् ।

## बोधात्मक प्रश्नोत्तर २

१. बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ सम्बद्ध बोधात्मक प्रश्नोत्तरका लागि निवेदन पाठका अनुच्छेद पालैपालो सस्वर पठन गराउनुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

२. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् । जस्तै :

(क) चिठी कसले कसलाई लेखेको हो ?

(ख) तालिमको विषयवस्तु के रहेछ ?

(ग) तालिमको उद्देश्य के हो ?

(घ) तालिम केन्द्र प्रमुखले के अपेक्षा गरेका छन् ?

३. पाठका आधारमा प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर भन्न लगाउनुहोस् । विद्यार्थीले उत्तर भन्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

४. उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

## बोधात्मक प्रश्नोत्तर ३

१. बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ सम्बद्ध बोधात्मक प्रश्नोत्तरका लागि दिइएको अनुच्छेद स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी मौन पठन वा सस्वरवाचन गराउनुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

२. बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न सिकाउनुहोस् ।

३. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नको सूची फलाटिन पाटी, स्लाइड वा चार्टको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् ।

४. पाठका आधारमा प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

**जस्तै :** (क) तालिम कहिलेदेखि कहिलेसम्म आयोजना गरिएको छ ?

(ख) तालिम कति कक्षाका शिक्षकका लागि आयोजना गर्न लागिएको हो ?

५. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

## चिठी रचना

१. विद्यार्थीलाई बोध तथा हभिव्यक्ति खण्डको अभ्यास ८ का आधारमा चिठी रचना गर्ने तरिकाबारे छलफल गराउनुहोस् । पाठ्यपुस्तकमा दिइएको नमुना चिठी प्रोजेक्टर, स्लाइड वा चार्ट पेपरका माध्यमले प्रदर्शन गर्नुहोस् र छलफल गराउनुहोस् । छलफलमा निम्न कुरा समावेश गर्नुहोस् :

- चिठी रचना गर्दा सुरु भागको दाँयापट्टि मिति उल्लेख गर्नुपर्ने
- मितिको ठिक तल चिठी लेख्ने व्यक्तिको ठेगाना उल्लेख गर्नुपर्ने
- एक हरफ छोडेर बाँयापट्टि यथोचित सम्बोधन र अभिवादन उल्लेख गर्नुपर्ने
- पत्र लेखनको मुख्य भागमा कुशल कामनासहित विषयमा प्रवेश, मुख्य कुराको जानकारीसहित कुरा टुङ्ग्याउन
- अन्त्य भागमा चिठीको दाँयापट्टि प्रेषकको प्रापकप्रतिको सम्बन्ध, हस्ताक्षर र प्रेषकको नाम उल्लेख गर्ने

२. कुनै एक विद्यार्थीलाई नमुना चिठी सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।

३. नमुना चिठीका आधारमा चिठी लेख्ने तरिकाका बारेमा पुनः सामूहिक छलफल गराउनुहोस् ।

४. विद्यार्थी समूहलाई बोध तथा अभिव्यक्ति खण्डको अभ्यास न. ८ का आधारमा उत्तरपुस्तिकामै चिठी रचना गर्न लगाउनुहोस् । यस क्रममा उनीहरूले गरेका कामको अवलोकन गरी उनीहरूलाई आवश्यक सहजीकरण गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. विद्यार्थीले तयार पारेका चिठीमध्ये केही कक्षामा वाचन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् । अन्य चिठी परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

६. आज गरेका मुख्य मुख्य कार्यको स्मरण गराएर निष्कर्षसहित कक्षा समाप्त गर्नुहोस् ।

**(ग) मूल्याङ्कन**

१. घरायसी चिठी लेख्दा ध्यान दिनुपर्ने विषयस्तु भन्न लगाउनुहोस् ।

२. दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(क) तालिमको आयोजना किन गरिएको हो ?

(ख) तालिमका मुख्य विषयवस्तु के के हुन् ?

## दिन चौथो

**१. सिकाइका क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| कार्यालयीय चिठीको प्रत्युतर लेखन | निर्दिष्ट शीर्षकमा कार्यालयीय चिठीको प्रत्युतर लेख्न | • कार्यालयीय चिठीको नमुना |
| कार्यालयीय चिठी रचना | कार्यालयीय चिठी रचना गर्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कथा सुनाएर वा कुनै रोचक जानकारी दिएर वा रोचक विषयवस्तु सुनाएर विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।
२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।
३. तपाइँको कोही आफन्त वा कोही चिनेको व्यक्ति कुनै कार्यालयमा काम गर्नुहुन्छ ? उहाँले कसरी चिठी लेख्नुहुन्छ होला ? जस्ता प्रश्न सोधेर विषयवस्तु प्रवेश गर्नुहोस् । आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

(ख) **विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**प्रत्युत्तर लेखन**

१. विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गराउनुहोस् । कार्यालयीय चिठी लेखन तरिकाबारे जानकारी भएका कुरा छलफल गराउनुहोस् । शिक्षकले तयार पारेको कार्यालयीय चिठीको नमुना स्लाइड वा चार्ट पेपरमा प्रदर्शन गरी चिठीका विविध पक्षबारे छलफल गराउनुहोस् ।

जस्तै :

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

मिति : २०८०-३-१६

प.स. : ....................

च.न. : ....................

श्री शिक्षा तालिम केन्द्र

लुम्बिनी प्रदेश, रूपन्देही

विषय: **नेपाली विषयको विज्ञ उपलब्ध गराइदिएको बारे** ।

प्रस्तुत विषयमा त्यस तालिम केन्द्रले माध्यमिक तहको नेपाली भाषा शिक्षकका लागि शिक्षण विधि र प्राविधिसम्बन्धी तालिमको आयोजना गर्न लागेको कुराले अन्यन्त खुसी लागेको छ । तालिम केन्द्रले लिएको उद्देश्यलाई पूर्ण गराउनु हामी सबैको दायित्व र कर्तव्य हो । त्यसैले गर्दा माध्यमिक शिक्षा (कक्षा ९-१०) पाठ्यक्रम २०७८ अनुरूप परिमार्जित गरिएको नेपाली विषयको सिकाइ सहजीकरण गराउनका लागि पाठ्यक्रम विकास केन्द्रका नेपाली विषयका प्रशिक्षक/अधिकृत श्री स्वीकार्य गौतम र श्री पूर्णिमा लामालाई विज्ञका रूपमा खटाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

प्रमुख

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ६ मा दिइएको प्रश्न पढ्न लगाउनुहोस् । यसै खण्डको अभ्यास ६ आधारमा कार्यालयीय चिठी रचना गर्ने तरिका सिकाउनुहोस् । जस्तै :

- कार्यालयीय चिठी रचना गर्दा सुरु भागको दाँयापट्टि मिति उल्लेख गर्नुपर्ने
- मितिको ठिक तल्लो हरफको बायाँतिर जसलाई निवेदन लेख्ने हो उसैको पद, कार्यालय तथा कार्यालय रहेको स्थान वा ठेगाना उल्लेख गर्नुपर्ने

- तल्लो हरफमा बायाँतिर केही स्थान छोडेर विषय उल्लेख गर्नुपर्ने
- चिठी लेखनको सुरुमा विषय प्रवेश, मध्य भागमा मुख्य कुराको विवरणसहित अनुरोध गर्नुपर्ने
- अन्त्य भागमा कार्यालयीय चिठीको दाँयापट्टि निवेदकको नाम वा पद तथा ठेगाना उल्लेख गर्ने

३. शिक्षकले तयार पारेर ल्याएको कार्यालयीय चिठी रचनाको नमुना सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गरी कुनै एक विद्यार्थीलाई उक्त चिठी सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् ।

४. नमुना कार्यालयीय चिठीको प्रत्युत्तरका आधारमा चिठी लेख्ने तरिकाका बारेमा पुनः बताएर विद्यार्थी समूहलाई अभ्यास ६ का आधारमा कार्यालयीय चिठी रचना गर्न लगाउनुहोस् । आफूले विद्यार्थीको कार्य अवलोकन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

५. प्रत्येक समूहबाट रचना भएका निवेदन कक्षामा वाचन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**कार्यालयीय पत्र रचना**

१. विद्यार्थीलाई बोध तथा अभिव्यक्ति खण्डको अभ्यास ७ मा दिइएको अभ्यासको प्रश्न पढ्न लगाउनुहोस् । आफूले तयार पारेर ल्याएको कार्यालयीय चिठीको नमुना प्रोजेक्टर वा स्लाइडमा प्रदर्शन गरी मौन पठन गराउनुहोस् ।

२. अभ्यास ७ मा दिइएको कार्यालयीय चिठी लेखनका लागि विद्यार्थीलाई आवश्यक समय तोकेर सामूहिक कार्य दिनुहोस् । विद्यार्थीका गतिविधि र कार्य अवलोकन गरी आवश्यक सहजीकरण गर्दै जानुहोस् ।

३. लेखन कार्य पुरा भएपश्चात् विद्यार्थीलाई समूहगत रूपमा कार्यालयीय चिठी प्रस्तुत गर्न लगाउनुहोस् । कक्षा प्रस्तुतिका लागि सकेसम्म विद्यार्थी समूहलाई अवसर प्रदान गर्नुहोस् ।

४.अन्य विद्यार्थीलाई साथीले गरेको कार्य अवलोकन गरेर सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । विद्यार्थीको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

**(ग) मूल्याङ्कन**

१. कार्यालयीय चिठी लेख्दा ध्यान दिनुपर्ने विषयस्तु भन्न लगाउनुहोस् ।

**पाँचौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| निमन्त्रण पत्र रचना | निमन्त्रण पत्रको संरचना पहिचान गरी लेख्न | • निमन्त्रण पत्रको नमुना<br>• स्लाइड/चार्ट<br>• सूचना लेखनको नमुना |
| सूचना लेखन | कुनै पनि विषयवस्तुका लागि सूचना लेखन गरी सम्प्रेषण गर्न | |

| | | |
|---|---|---|
| | | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. तपाइँले कसैलाई निमन्त्रण पत्र दिनुभएको छ कि छैन ? कसैले तपाइँलाई लिखित रूपमा निमन्त्रणा पत्र दिएको छ ? जस्ता प्रश्न सोधी विषयवस्तुप्रति उत्सुकता जगाउनुहोस् ।

२. आजको विषयवस्तुबारे छलफल गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**निमन्त्रणा पत्र**

१. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । निमन्त्रण पत्रका बारेमा छलफल गराउनुहोस् । जस्तै : विवाहको निमन्त्रणा, ब्रतबन्धको निमन्त्रणा, सांस्कृतिक कार्यक्रमको निमन्त्रणा आदिको संरचना र ढाँचाबारे छलफल गराउनुहोस् ।

२. निमन्त्रणा पत्रका फरक फरक नमुना प्रस्तुत गर्नुहोस् । यिनीहरूको प्रयोगका बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् । उनीहरूलाई यी सन्देश आदानप्रदानको अवधारणा स्पष्ट पार्नुहोस् ।

३. पाठ्यपुस्तकको अभ्यास ९ मा दिइएको नमुना पनि अध्ययन गर्न आवश्यक समय दिनुहोस् । तिनको ढाँचा पहिचान गर्न लगाउनुहोस् । कक्षामा आवश्यक छलफल गराउनुहोस् । कुनै निमन्त्रणा पत्रको नमुना प्रदर्शन गरेर छलफल गराउनुहोस् ।

४. प्रत्येक समूहलाई साहित्यिक कार्यक्रम समूह, विवाह समूह, ब्रतबन्ध समूह, सांस्कृतिक कार्यक्रम समूह, खेलकुद कार्यक्रम समूह, कविता वाचन समूह आदि नामकरण गर्नुहोस् र नामअनुसार नै आवश्यक समय तोकेर निमन्त्रणा पत्र रचना गर्न लगाउनुहोस् । त्यसका लागि आवश्यक चार्ट पेपर, साइन पेन, कलर आदिको व्यवस्थापन गरिदिनुहोस् ।

५. प्रत्येक समूहले कक्षाकार्य गरेको अवलोकन गर्नुहोस् । कक्षाकार्य गर्न असहज भएका विद्यार्थीलाई आवश्यक सहजीकरण तथा पृष्ठपोषण दिनुहोस् । सम्भव भएसम्म रङ्गीन कागजमा बनाउन वा विभिन्न रङको प्रयोग गरेर कार्ड तयार पार्न लगाउनुहोस् ।

६. समय समाप्त भएपछि समूहको कुनै सदस्यलाई आफूले तयार पारेको पत्र प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकताअनुसार थप पृष्ठपोषण दिनुहोस् ।

७. सबैभन्दा उत्कृष्ट कार्ड तयार पार्ने समूहलाई धन्यवाद दिनुहोस् । छनोटमा परेका निमन्त्रणा पत्रलाई विद्यालयको सूचना पाटीमा प्रदर्शन गर्ने व्यवस्था मिलाउनुहोस् ।

**सूचना लेखन**

१. विद्यार्थीलाई सूचना लेखनका बारेमा छलफल गराउनुहोस् । जस्तै : बिदाको सूचना, सामाजिक जागरणसम्बन्धी सूचना, कार्यक्रमको सूचना आदिको संरचना र ढाँचाबारे छलफल गराउनुहोस् ।

२. सूचना लेखनका फरक फरक नमुना प्रस्तुत गर्नुहोस् । यिनीहरूको प्रयोगका बारेमा विद्यार्थीसँग छलफल गर्नुहोस् । उनीहरूलाई सूचना आदानप्रदानको अवधारणा स्पष्ट पार्नुहोस् । जस्तै :

**वनभोजसम्बन्धी सूचना**

काठमाडौँ उपत्यकामा आई विभिन्न पेसामा संलग्न रहेका दाङ जिल्लाबासीबिच सम्बन्ध र सम्पर्क कायम गर्ने तथा आपसी सहयोग आदानप्रदानलाई अगाडि बढाउने उद्देश्यले आगामी असार ५ गते **मितेरी वनभोज कार्यक्रम**को आयोजना गरिएको छ । उपत्यकामा रहेका सम्पूर्ण दाङवासी दाजुभाइ, दिदी बहिनीलाई निम्न ठेगानामा सम्पर्क गरी वनभोजका निम्ति आफ्नो नाम दर्ता गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क व्यक्तिहरू**

| | |
|---|---|
| **रामेश्वर चौधरी** | **प्रतीक्षा सुवेदी** |
| **९८४१००००००** | **फो. न. ४४४४४४** |

**आयोजक**

**दङाली सेवा समाज**

३. पाठ्यपुस्तकको अभ्यास १० मा दिइएको नमुना पनि अध्ययन गर्न आवश्यक समय दिनुहोस् । तिनको ढाँचा पहिचान गर्न लगाउनुहोस् । कक्षामा आवश्यक छलफल गराउनुहोस् । कुनै सूचनाको नमुना प्रदर्शन गरेर छलफल गराउनुहोस् ।

४. विद्यार्थीलाई आवश्यक समय तोकेर सूचना लेख्न लगाउनुहोस् । त्यसका लागि आवश्यक चार्ट पेपर, साइन पेन, कलर आदिको वयवस्थापन गरिदिनुहोस् ।

५. प्रत्येक समूहले कक्षाकार्य गरेको अवलोकन गर्नुहोस् । कक्षाकार्य गर्न असहज भएका विद्यार्थीलाई आवश्यक सहजीकरण तथा पृष्ठपोषण दिनुहोस् । सम्भव भएसम्म ठुला अक्षरमा बुझिने गरी सूचना तयार पार्न लगाउनुहोस् ।

६. समय समाप्त भएपछि समूहको कुनै सदस्यलाई आफूले तयार पारेको सूचना प्रस्तुत गर्न लगाउनुहोस् । अन्य समूहलाई सुनेर सल्लाह दिन प्रोत्साहित गर्नुहोस् । आवश्यकताअनुसार थप पृष्ठपोषण दिनुहोस् ।

७. सबैभन्दा उत्कृष्ट सूचना तयार पार्ने समूहलाई धन्यवाद दिनुहोस् । छनोटमा परेका सूचनालाई विद्यालयको सूचना पाटीमा प्रदर्शन गर्ने व्यवस्था मिलाउनुहोस् ।

### (ग) मूल्याङ्कन

१. निमन्त्रणा पत्र तयार पार्न लगाउनुहोस् ।

## छैटौँ दिन

### १. सिकाइका क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | • कुनै विषयवस्तुमा केन्द्रित भई सम्बन्धित व्यक्तिलाई शुभेच्छा प्रकट गर्न | • शुभेच्छासँग सम्बन्धित अडियो वा भिडियो<br>• सुनाइ पाठको अडियो वा भिडियो<br>• प्रश्नोत्तरको नमुना तालिका |
| श्रुतिबोध | सुनाइ पाठ १३ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई कविता, मुक्तक आदि रमाइला विषयवस्तु सुनाउन लगाएर कक्षाको ध्यान आकर्षित गर्नुहोस् । विद्यार्थीलाई पनि उनीहरूका सिर्जना वा सङ्कलन सुनाउन लगाउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. तपाईँको कुनै आफन्त कुनै प्रतियोगितामा सहभागी हुन जाँदै हुनुहुन्छ भने तपाइँ उहाँलाई कसरी सशुभकामना र शुभेच्छा प्रकट गर्नुहुन्छ ? जस्ता प्रश्न सोधी आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**भाषिक प्रकार्य**

१. विद्यार्थीसँग शुभेच्छासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गर्नुहोस् । आफ्नो घरको कुनै सदस्य वा साथी उच्च शिक्षा हासिल गर्न घरबाट टाढा जाँदै हुनुहुन्छ भने तपाइँ उहाँलाई कसरी शुभेच्छा प्रकट गर्नुहुन्छ ? भन्ने बारेमा प्रश्न गर्नुहोस् र छलफल गराउनुहोस्

२. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

३. भाषिक प्रकार्य भनेको व्यक्तिले दोहोरो सञ्चारका क्रममा विषयवस्तुअनुसारको भाषाशैली, पृष्ठभूमि, सन्दर्भ, परिवेश आदिका आधारमा गर्नुपर्ने भाषिक व्यवहार हो । यस क्रममा नम्र बोली, उचित शब्द चयन, स्पष्ट धारणा जस्ता कुरामा सचेत हुन सिकाउनुहोस् । आफूले अभिनयात्मक प्रस्तुति गरेर विद्यार्थीलाई थप हौसला र ज्ञान प्रदान गर्नुहोस् ।

जस्तै : विभिन्न कार्यक्रममा सहभागी हुन जाँदा अभिभावकले छोराछोरीलाई प्रकट गर्ने शुभेच्छाको अभिनयात्मक प्रस्तुति गरेर देखाउनुहोस् ।

४. विद्यार्थीलाई अभ्यास ११ का आधारमा विभिन्न व्यक्तिलाई विभिन्न समय र अवस्थामा शुभेच्छा प्रकट गर्दा कसरी बोल्ने, उहाँहरूलाई कसरी शुभेच्छा प्रकट गर्ने भन्नेबारे छलफलपछि विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । उनीहरूलाई फरक फरक व्यक्तिलाई फरक फरक परिवेशमा शुभेच्छा दिँदा अपनाउनुपर्ने भाषा, शैली, हाउभाउ र तरिकाबारे अभिनयात्मक प्रस्तुति गर्न लगाउनुहोस् ।

जस्तैः (क) साथीहरू खेलकुद प्रतियोगितामा जाँदा

(ख) कुनै साथी कविता वाचनमा सहभागी हुँदा

(ग) कोही आफन्त विदेश पढ्न जाँदा

(घ) कसैले नयाँ कामको थालनी गर्दा

५. विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

६. विद्यार्थीलाई स्वतन्त्र रूपमा वास्तविक जीवन तथा परिस्थितिअनुकूलका कामप्रतिको प्रतिबद्धतामा आधारित केही सन्दर्भ दिँदै भाषाको व्यावहारिक प्रयोग गर्न लगाउनुहोस् ।

७. विद्यार्थीको प्रस्तुति अवलोकन गरी आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि ताली बजाएर हौसला बढाउनुहोस् ।

## श्रुतिबोध

१. विद्यार्थीलाई सुनाइ पाठका आधारमा छलफल गराई पालैपालो धारणा राख्ने अवसर दिनुहोस् ।

२. विद्यार्थीका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् ।

३. शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी कुनै पाठ्य सामग्री सुनाउनुहोस् । सुनेका आधारमा विषयवस्तु प्रस्तुत गर्न लगाउनुहोस् ।

४. सुनाइ पाठ १३ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकतानुसार (कम्तीमा दुई पटक) सुनाउनुहोस् ।

५. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न १ को अभ्यासमा आधारित भएर हाजिरीजवाफ प्रतियोगोगिता सञ्चालन गर्नुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

६. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न २ समूहमा छलफल गराउनुहोस् । टोली नेतालाई पालैपालो मुरलीधर विवाहमा जानुको कारण भन्न उत्प्रेरित गर्नुहोस् ।

७. विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

१. सुनाइ पाठ १३ सुनी सोधिएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

क) मुरलीधर दुलहीका घरमा पुगेर कहाा बसे ?

(ख) श्रीधर र मुरलीधरबिच कुन विषयमा झगडा भएको थियो ?

२. साथीहरू क्रिकेट प्रतियोगितामा जाँदै छन् । उनीहरूसँग कुराकानी गरेर उनीहरूलाई विजयको शुभेच्छा प्रकट गर्न लगाउनुहोस् ।

**सातौँ दिन**

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| वाक्य संश्लेषण | दुई वाक्यलाई संश्लेषण गरी एउटै वाक्य निर्माण गर्न | • वाक्यपत्तीका स्लाइड/तालिका<br>• शब्दपत्ती (क्ष र छे, छ्य प्रयोग भएका शब्द सूची)<br>• सार्वजनिक सूचनाको नमुना |
| वाक्य विश्लेषण | एक वाक्यलाइ विश्लेषण गरी दुई वाक्य निर्माण गर्न | |
| वर्णविन्यास | क्ष र छे, छ्यको पहिचान र प्रयोग गर्न | |
| सूचना सङ्कलन | कुनै सार्वजनिक माध्यममा प्रकासशत सूचना खोजेर पढ्न | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई दुई समूहमा विभाजन गरी शिक्षकले कुनै गीत गाएर सुनाउनुहोस् । गीतको अन्तिम शब्दको अन्तिम अक्षरबाट विद्यार्थीलाई गीत गाउन लगाई अन्ताक्षरी कार्यक्रम गरी ध्यानाकर्षण गर्नुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गरी अगिल्लो दिनको कक्षामा सिकाइमा स्पष्ट नभएका विषयवस्तुका सन्दर्भमा सोधपुछ गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**वाक्य संश्लेषण**

१. विद्यार्थीलाई सरल वाक्य भन्न लगाउनुहोस् र विद्यार्थीले भनेका वाक्यलाई शैक्षणिक पाटीमा टिपिदिनुहोस् ।

२. एकभन्दा बढी सरल वाक्यलाई कसरी जोडिन्छ भन्ने विषयमा विद्यार्थीबाट प्रतिक्रिया लिनुहोस् । वाक्य संश्लेषणको तालिका प्रोजेक्टर वा सलाइडका माध्यमले प्रदर्शन गरी वाक्य संश्लेषण गर्ने प्रक्रिया बताइदिनुहोस् । जस्तै :

**म घर जान्छु । म खाना खान्छु ।** म घर गएर खाना खान्छु ।

**उनीहरू राम्ररी नाच्छन् । उनीहरू प्रथम हुन्छन् ।** उनीहरू राम्ररी नाचे भने प्रथम हुन्छ ।

**राम मिहिनेत गर्छ । राम परीक्षामा सफल हुन्छ ।** राम मिहिनेत गरेकाले परीक्षामा सफल हुन्छ ।

३. वाक्य संश्लेषण गर्दा दोहोरिएका शब्दलाई हटाउने, क्रियापदलाई असमापिका बनाउने आदि प्रक्रियाबारे छलफल गर्नुहोस् । वाक्य संश्लेषण गर्दा सकेसम्म सरल वाक्यमा गर्दा उपयुक्त हुने तर मिश्र वा संयुक्त वाक्यमा संश्लेषण गर्दा पनि हुने कुरा उदाहरण दिएर स्पष्ट पारिदिनुहोस् । जस्तै :

**केटाहरू आउँछन् । म जान्छु ।**

केटाहरू आएपछि म जान्छु ।

जब केटाहरू आउँछन् तब म जान्छु ।

केटाहरू आउँछन् अनि म जान्छु ।

४. विद्यार्थीलाई पाठ्यपुस्तकको भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास १ मा दिइएको तालिका अध्ययन गर्न लगाउनुहोस् । यस तालिकाबारे विद्यार्थीसँग छलफल गर्नुहोस् । विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ३ गर्न लगाउनुहोस् ।

५. विद्यार्थीको कार्य अवलोकन गरी उनीहरूलाई असहज भएमा आवश्यक सहजीकरण गर्नुहोस् । उनीहरूले उत्तर तयार पारेपछि आफूले तयार पारेको वाक्यपत्तीको प्रदर्शन गरी छलफलका माध्यमले स्पष्ट पारिदिनुहोस् र उत्तर नमिलेको अवसथामा मिलाउन लगाउनुहोस् । आवश्यक पृष्ठपोषण दिनुहोस् ।

६. पाठ्यपुस्तकको भाषिक संरचनाको अभ्यास २ पढ्न लगाएर पाठको पहिलो अनुच्छेदबाट संश्लेषित दुई वाक्य पहिचान गरी लेख्न लगाउनुहोस् । आफूले आवश्यक सहजीकरण प्रक्रिया अवलम्बन गर्नुहोस् । उनीहरूले गरेको कार्य सही भए नभएको परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## वाक्य विश्लेषण

१. शिक्षकले केही वाक्य शैक्षणिक पाटी/तालिका/स्लाइडका माध्यबाट प्रस्तुत गर्नुहोस् । तिनको बनोटबारे छलफल गराउनुहोस् । ती वाक्यलाई साना साना धेरै वाक्यमा परिवर्तन गर्न लगाउनुहोस् । आफूले तयार पारेर ल्याएका वाक्यपत्ती प्रोजेक्टर वा स्लाइड वा चार्ट पेपरका माध्यमले प्रदर्शन गर्नुहोस् । यी साना वाक्य र संश्लेषण गरिएका वाक्यको बनोट र अर्थबारे छलफल गिराउनुहोस् । जस्तै :

(क) **पानी पर्दा बाटो हिलो हुन्छ ।** पानी पर्छ । बाटो हिलो हुन्छ ।

(ख) **जब साथीहरू बोलाउँछन् तब ऊ जान्छ ।** साथीहरू बोलाउँछन् । ऊ जान्छ ।

२. केही वाक्य दिएर विद्यार्थीलाई पनि त्यस्तै प्रकृतिका कम्तीमा दुईओटा वाक्य बनाउन लगाउनुहोस् ।

३. वाक्य विश्लेषण गर्ने प्रक्रियाबारे छलफल गराउनुहोस् ।

४. शिक्षकले विश्लेषण गरिएका वाक्यका थप नमुना प्रस्तुत गर्दै विद्यार्थीलाई पाठ्यपुस्तकको अभ्यासको ४ मा दिइएका अभ्यास गर्न प्रोतसाहन गर्नुहोस् । विद्यार्थीका कार्यको अवलोकन गरेर आवश्यक सहजीकरण गर्नुहोस् । उनीहरूले गरेको कार्य सही भए नभएको परीक्षण गरी थप पृष्ठपोषण दिनुहोस् ।

## वर्णविन्यास

१. शिक्षकले 'छय' र 'क्ष' प्रयोग भएका शब्दलाई शैक्षणिक पाटी/स्लाइड/तालिकाका माध्यमबाट प्रस्तुत गर्नुहोस् विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।

जस्तै : कक्षा छेपारो

सक्षम सक्छ्यौ

क्षेत्र छहारी

२. 'क्ष' 'छय' प्रयोग भएका यस्तै शब्द विद्यार्थीलाई भन्न लगाएर टिपोट गर्नुहोस् र छलफल गराउनुहोस् ।

३. पाठ्यपुस्तकको भाषिक संरचना खण्डको अभ्यास ५ उत्तरपुस्तिकामा लेख्न लगाउनुहोस् । आवश्यक सहजीकरण गर्नुहोस् ।

४. शैक्षणिक पाटीमा वा प्रोजेक्टर वा चार्ट पेपरमा शब्द सूची प्रदर्शन गर्नुहोस् र विद्यार्थीको उत्तरपुस्तिका साटासाट गर्न लगाएर सामूहिक परीक्षण गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५. भाषिक संरचना खण्डको अभ्यास ६ मा दिइएका शब्द श्रुतिलेखन गराउनुहोस् । शैक्षणिक पाटीमा वा प्रोजेक्टर वा चार्ट पेपरमा शब्दसूची प्रदर्शन गर्नुहोस् र विद्यार्थीको उत्तरपुस्तिका साटासाट गर्न लगाएर सामूहिक परीक्षण गर्नुहोस् । आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**परियोजना कार्य**

१. सूचना के हो ? सूचना कसरी लेखिन्छ ? भन्ने विषयमा विद्यार्थीसँग पूर्वज्ञानका आधारमा छलफल गर्नुहोस् ।

२. कुनै सूचनाको नमूना प्रदर्शन गरेर विभिन्न व्यक्ति, कार्यालय वा संस्थाले अन्य मानिसको जानकारीका लागि तयार पारेको जानकारी पत्र सूचना हो भन्ने विषयवस्तुबारे स्पष्ट पारिदिनुहोस् ।

३. आफैं खोजेर वा परिवारको सहयोगमा कुनै अनलाइनबाट वा कुनै पत्रिकाबाट एउटा सूचना खोजेर ल्याउन लगाउनुहोस् ।

**(ग) मूल्याङ्कन**

**१. दिइएको वाक्य विश्लेषण गर्न लगाउनुहोस् :**
हरिले भाइलाई बोलाएर बजार जाँदै गर्दा बाटामा फलफूल किनेर खायो ।

**२. दिइएका शब्द श्रुतिलेखन गर्न लगाउनुहोस् :**
अक्षर, अक्षता, छिन छिन, शिक्षक, छेक, क्षमा

**आठौँ दिन**

**१. सिकाइका क्षेत्र**

| **पाठ्यवस्तु** | **सिकाइ उपलब्धि** | **शैक्षणिक सामग्री** |
|---|---|---|
| सिर्जना र परियोजना कार्य | कुनै समस्यामा आधारित भएर निवेदन लेख्न | • निवेदनको नमुना<br>• सूचना लेखनको नमुना |
| विषयवस्तु बोध र प्रस्तुति | बोधात्मक प्रश्नोत्तर गर्न<br>सूचना सङ्कलन गरी प्रस्तुत गर्न | |

**सिकाइ सहजीकरण क्रियाकलाप**
**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई कुनै गीत, चुट्किला, कविता आदि सुनाउन लगाई कक्षाको ध्यान केन्द्रित गराउनुहोस् ।

२. अगिल्लो दिनका सिकाइ विषयवस्तुबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**सिर्जना र परियोजना कार्य**

१. शिक्षकले तयार गरेको कुनै विषयसँग सम्बन्धित निवेदन फलाटिन पाटीमा टाँसी वा प्रोजेक्टर वा स्लाइडबाट प्रदर्शन गर्नुहोस् ।

सम्भव भएसम्म प्रोजेक्टरको प्रयोग गर्नुहोस् । कुनै विद्यार्थीलाई प्रस्तुत गरिएको निवेदन सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् र निवेदन लेखको ढाँचा, शैली र प्रस्तुतिबारे छलफल गराउनुहोस् ।

२. कक्षामा विद्यार्थीको सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

३. शिक्षकले निवेदन रचनाका लागि केही विषय प्रस्तुत गर्नुहोस् । जस्तै :

- छात्रवृत्तिका लागि निवेदन
- खेलकुद कार्यक्रम आयोजनाका लागि निवेदन
- पुस्तकालयमा बालपत्रिका उपलब्ध गराइदिनका लागि निवेदन
- विद्यालयमा फूलबारी निर्माणका लागि निवेदन

४. उल्लिखित शीर्षक गोलाप्रथाका माध्यमबाट विभिन्न समूहलाई उपलब्ध गराउनुहोस् । आफ्नो समूहलाई परेको शीर्षकमा आधारित भएर समूहमा छलफल गरी निवेदन लेख्न निर्देशन दिनुहोस् । निवेदन लेखिसकेपछि उक्त निवेदनलाई फलाटिन पाटीमा टाँसी हरेक समूहको टोली नेतालाई सबैले सुन्ने गरी निवेदन पढेर सुनाउन लगाउनुहोस् । निवेदन सुनाइसकेपछि सबैलाई ताली पड्काउन लगाउनुहोस् । अन्य समूहलाई के कस्तो लाग्यो प्रतिक्रिया व्यक्त गर्न लगाउनुहोस् । सबै समूहको प्रस्तुतिपछि शिक्षकले समूह कार्यको मूल्याङ्कन गरी कुन समूहले राम्रो गरेको हो, मूल्याङ्कन गरी आवश्यक सिकाई र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. विद्यार्थी समूहलाई सिर्जना र परियोजना खण्डको अभ्यास १ का आधारमा निवेदन रचना गर्न, चार्ट पेपर, साइनपेन आदि आवश्यक सामग्री दिनुहोस् । यस क्रममा उनीहरूलाई आवश्यक सहजीकरण गर्नुहोस् ।

६. विद्यार्थीले गरेका क्रियाकलाप अवलोकन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

७. प्रत्येक समूहबाट रचना भएका निवेदन कक्षामा वाचन गर्न लगाउनुहोस् । यस क्रममा आवश्यक पृष्ठपोषणसहित ताली बजाएर हौसला प्रदान गर्नुहोस् ।

**विषयवस्तु बोध र प्रस्तुति**

१. विद्यार्थीलाई फरक फरक समूहमा विभाजन गराउनुहोस् । विद्यार्थी समूहलाई सिर्जना र परियोजना खण्डको अभ्यास न. २ का आधारमा हिजो खोजेर ल्याउन दिइएको सूचनाबारे सामूहिक छलफल गराउनुहोस् ।

२. विद्यार्थीलाई सिर्जना र परियोजना खण्डको अभ्यास २ का आधारमा खोजेर ल्याएका सूचना प्रत्येक समूहका टोली नेतालाई पढेर सुनाउन लगाउनुहोस् । यी सूचनाको भाषा, शैली र ढाँचाबारे प्रस्तुति

गर्न लगाउनुहोस् । विद्यार्थीलाई कुनै असहजता भए सहजीकरण गरिदिनुहोस् ।

३. कक्षा प्रस्तुतिका लागि सबै समूहलाई अवसर प्रदान गर्नुहोस् र अन्य समूहलाई सुझाव दिन लगाउनुहोस् । शिक्षकले आवश्यकता हेरी पृष्ठपोषण दिनुहोस् । प्रत्येक समूहको प्रस्तुतिपछि ताली बजाएर हौसला प्रदान गर्न लगाउनुहोस् ।

**(ग) मूल्याङ्कन**

१. तपाईँको टोलमा वृक्षारोपण गर्न अनुरोध गर्दै वडा अध्यक्षलाई निवेदन लेख्न लगाउनुहोस् ।

# पाठ : १४ नेपाली लोकबाजा

**विधा : निबन्ध** **कार्यघण्टा : १०**

**परिचय**

**'नेपाली लोकबाजा'** वस्तुपरक निबन्ध हो । विद्यार्थीमा वस्तुपरक निबन्धको माध्यमबाट गद्यात्मक अभिव्यक्तिको क्षमता विकास गराउन विभिन्न क्रियाकलाप यहाँ समावेश गरिएका छन् । शिक्षकले यस निबन्धलाई सहजीकरण गर्दा सुनाइ, बोलाइ, पढाइ र लेखाइसम्बन्धी भाषिक सिपको विकासका लागि विद्यार्थीमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउँदै विचार र भावनालाई सङ्गठित रूपमा अभिव्यक्त गर्न उत्प्रेरित गर्नुपर्छ ।

विद्यार्थीको बोध क्षमताको अभिवृद्धिका लागि सस्वर तथा मौन पठन, शब्दोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, बोधात्मक प्रश्नोत्तर, शब्दभण्डारअन्तर्गत पारिभाषिक तथा प्राविधिक शब्द, युग्म शब्द, श्रुतिलेखन, सङ्क्षिप्त उत्तर लेखन, व्याख्या, समीक्षात्मक उत्तर लेखन, अनुच्छेद लेखन, बुँदा टिपोट र सारांश लेखन, प्रश्न निर्माण आदि अभ्यासमार्फत सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएका छन् ।

भाषिक संरचना र वर्णविन्यासअन्तर्गत करण, अकरणको पहिचान तथा परिवर्तन, 'ज्ञ' र 'ग्य' को पहिचान तथा प्रयोगमा जोड दिई कार्यमूलक बनाइएको छ । सिर्जना र परियोजनाअन्तर्गत निबन्ध लेखनमा जोड दिइएको छ । सुनाइ बोलाइका लागि सुनाइ र बोलाइ पाठ १४ मा आधारित भई वा अन्य उपयुक्त गद्यांश सुनाएर श्रुतिबोधसम्बन्धी प्रयोगात्मक अभ्यास गराउनु हुने छ भन्ने अपेक्षा गरिएको छ । सहजकर्ताबाट पाठ्यक्रमको अपेक्षाअनुरूप उद्देश्यमूलक र रुचिकर बनाउँदै सिकाइ सहजीकरण प्रक्रिया अगाडि बढाइने छ । पाठगत अभ्यासका साथै अन्य सान्दर्भिक अभ्यास पनि गराउनुपर्छ । शिक्षकबाट सहजकर्ता एवम् उत्प्रेरकको भूमिका निर्वाह गर्दै अवस्थामा आधारित भाषिक प्रकार्यको अभ्यास गराउनुहुने नै छ भन्ने अपेक्षा गरिएको छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण | गति, यति मिलाई (अनुच्छेद १ र २) सस्वर पठन गर्न | • स्लाइड वा तालिका<br>• बाजासम्बद्ध विभिन्न चित्र<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• शब्दकोश<br>• अनुच्छेदपत्ती |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट अनुच्छेद सस्वर र द्रुत पठन गर्न | |
| संरचना पहिचान | निबन्धको संरचना पहिचान गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले विवाह वा पन्चेबाजा वा कुनै सांस्कृतिक विषयका रमाइला घटना सुनाएर ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि बाजासँग सम्बन्धित देखेका वा सुनेका विषय सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. लोकबाजासँग सम्बन्धित चित्र भएका स्लाइड वा तालिका प्रदर्शन गरी आजको विषयवस्तुबारे अनुमान गर्न लगाएर मस्तिष्क मन्थन गराउनुहोस् र पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### सस्वर पठन र शब्दोच्चारण

१. विद्यार्थीको सङ्ख्याका आधारमा समूह बनाउन लगाउनुहोस् र पाठमा दिइएको चित्रका बारेमा टोली नेतामार्फत पालैपालो वर्णन गर्न लगाउनुहोस् । लोकबाजासँग सम्बन्धित विषयमा आधारित छलफलका क्रममा आवश्यक परे सहजीकरण गरिदिनुहोस् ।

२. शिक्षकले विद्यार्थीलाई सस्वरवाचन क्रियाकलापका लागि निम्न लिखित कुरासहित विविध पक्षको जानकारी गराउनुहोस् :

- गति र यति मिलाउनुपर्ने
- विराम चिह्नको ख्याल गर्नुपर्ने
- वर्णको लेख्य विन्यासको ख्याल गर्नुपर्ने

३. पाठ्य निबन्धको पहिलो र दोस्रो अनुच्छेद स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो सस्वरवाचन गराउनुहोस् । पठनलाई ध्यानपूर्वक सुन्न र अशुद्ध उच्चारण भएका शब्दलाई सच्याउन लगाउनुहोस् ।

४. अनुच्छेद एक र दुई सस्वरवाचन गर्ने क्रममा विद्यार्थीले रेखाङ्कन गरेका नयाँ शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

५. शैक्षणिक पाटीमा टिपोट गरिएका शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई शब्दपत्ती प्रदर्शन गरी अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

६. विद्यार्थीका उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर दिनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

#### पाठगत शब्दार्थ र प्रयोग

१. विद्यार्थीलाई पाठ्य निबन्धबाट नयाँ लागेका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२. शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती तथा वाक्यपत्ती प्रदर्शन गरी अर्थ पहिचान र वाक्य निर्माणसम्बन्धी छलफल गराई धारणा स्पष्ट पारिदिनुहोस् ।

३. शब्दकोशको सहायता लिई निर्दिष्ट शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाका लागि सहजीकरण गरिदिनुहोस् ।

४. शिक्षकले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

**जस्तै**

| | | |
|---|---|---|
| शब्द | : | अनुपम |
| पाठको सन्दर्भ | : | हाम्रो नेपाली धर्ती अनेकौँ मौलिक कला संस्कृतिको अनुपम सङ्ग्रहालय हो । |
| वाक्य रचना | : | हिमाल, पहाड र तराईको अनुपम सौन्दर्यले पर्यटकको हृदय तानेको छ । |

५ विद्यार्थीको समूहलाई निर्दिष्ट शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । तीमध्ये कुनै दुईओटा शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

६. विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### संरचना पहिचान

१. प्रेरक प्रसङ्ग सुनाएर नयाँ पाठ्यवस्तुप्रति उत्प्रेरणा जगाई वस्तुपरक र आत्मपरक शैलीका अलग अलग अनुच्छेदको स्लाइड वा तालिका प्रदर्शन गरी छलफल गराउनुहोस् र समूहको निष्कर्ष टोली नेतालाई प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् ।

२. निबन्ध विधा परिचयका क्रममा छलफल गरिएका वस्तुपरक र आत्मपरक शैलीका अनुच्छेदको संरचनाका बारेमा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

३. छलफल तथा पाठ्य निबन्धका आधारमा यसको आदि, मध्य र अन्त्यमा राखिने विषयवस्तुको परिचय विद्यार्थीलाई दिन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. संरचनासम्बद्ध विभिन्न प्रश्न सोधी थप छलफल गराउनुहोस् । आवश्यक सहजीकरणसहित निबन्धको संरचना आदि, मध्य र अन्त्यको शृङ्खलामा संरचित हुने विषय स्पष्ट पारिदिनुहोस् ।

**जस्तै**

**(क) 'नेपाली लोकबाजा' निबन्धमा कति अनुच्छेद छन् ?**

**उत्तर : 'नेपाली लोकबाजा' निबन्धमा आठओटा अनुच्छेद छन् ।**

### (ग) मूल्याङ्कन

१. **दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(क) 'नेपाली लोकबाजा' निबन्धको पहिलो अनुच्छेदमा कतिओटा वाक्य रहेका छन् ?

(ख) नेपाली लोकबाजाको पहिलो अनुच्छेदमा शब्द सङ्ख्याका दृष्टिले सबैभन्दा लामो वाक्य कुन हो ?

## दोस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण | गति, यति मिलाई सस्वर पठन र शब्दोच्चारण गर्न (अनुच्छेद ३ - ५) | • स्लाइड वा तालिका<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• प्रश्नोत्तरको नमुना चार्ट<br>• शब्दकोश |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले विद्यार्थीलाई बाजाको धुन सुनाएर वा बाजासँग सम्बन्धित विषयमा केही भनेर ध्यान आकर्षित गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई पनि कुनै बाजाको मौखिक धुन सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् र आजको कक्षाको पाठ्यवस्तुको जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**सस्वर पठन र शब्दोच्चारण**

१. शिक्षकले विद्यार्थीलाई सस्वर पठन क्रियाकलापबारे छलफल गराउँदै गति, यति तथा लेख्य चिह्नसँग सम्बन्धित विषयमा पुनः स्मरण गराउनुहोस् ।

२. शिक्षकले निर्दिष्ट अनुच्छेद नमुना सस्वरवाचन गरेर सुनाउनुहोस् ।

३. विद्यार्थीलाई पाठका निर्दिष्ट अनुच्छेदलाई पालैपालो सस्वरवाचन गर्न लगाउनुहोस् । वाचकलाई उच्चारणमा नयाँ लागेका शब्द सङ्कलन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

४. अनुच्छेद ३ देखि ५ सम्म सस्वर पठन गर्ने काम सकिएपछि विद्यार्थीले नयाँ लागेर रेखाङ्कन गरेका शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

५. ती शब्दलाई विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर अक्षर छुट्याई शब्दपत्ती प्रदर्शन गरी शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

| शब्द | शुद्ध उच्चारण |
|---|---|
| वाद्य | /बाद्.द्य/ |
| अनुष्ठान | /अ.नुस्.ठान्/ |
| घण्ट | /घन्.ट/ |
| आघात | /आ.घात्/ |

६. उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**पाठगत शब्दार्थ र प्रयोग**

१. सस्वर तथा मौन पठनका क्रममा विद्यार्थीलाई नयाँ लागेका शब्दको अर्थबोध गर्नका लागि ती शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट सङ्कलित शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

२ शिक्षकले विद्यार्थीलाई नयाँ लागेका शब्दका शब्दार्थपत्ती तथा वाक्यपत्ती प्रदर्शन गरी अर्थ पहिचान र वाक्य निर्माणसम्बन्धी छलफल गराई धारणा स्पष्ट पार्नुहोस् ।

३. शब्दकोश दिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिकाबारे स्पष्ट पारिदिनुहोस् ।

४. शब्दार्थको अभ्यास गराइसकेपछि अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् र तिनै शब्दलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीलाई प्रेरित गर्नुहोस् ।

५. शिक्षकले आफूले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

**जस्तै : खैँजडी : नेपाली लोकबाजाका रूपमा खैँजडी बाजालाई पनि लिइन्छ ।**

६. विद्यार्थीलाई शब्दको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । वाक्यमा प्रयोग गर्दा नयाँ लागेका शब्दलाई प्राथमिकता दिनुहोस् । जस्तै : **विविधता, अल्पसङ्ख्यक, धुकधुकी, अमूल्य**

७. विद्यार्थीलाई समूह कार्य गराउँदा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

१. सिकाइ सहजीकरणको क्रममा पाठको अनुच्छेद ३ देखि ५ भित्रको अनुच्छेदको अंश स्लाइड वा तालिका तयार पारी प्रदर्शन गर्नुहोस् । प्रस्तुत निबन्धांश पठन गरी सोधिएका प्रश्नहरूको उत्तर दिनुपर्ने जानकारी दिनुहोस् ।

२. विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गरी उत्तर लेख्ने क्रममा पूर्ण वाक्यसहित उत्तर लेख्न पृष्ठपोषण दिनुहोस् ।

३. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नहरूको सूची फलाटिन पाटी, स्लाइड वा तालिकाको सहायताले प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् । पाठ्य निबन्धांशका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

नमुना प्रश्न र उत्तर

प्रश्न : तत वाद्यअन्तर्गत कुन कुन बाजा पर्दछन् ?

उत्तर : तत वाद्यअन्तर्गत कोट्याएर वा आघात पारेर बजाइने एकतारे, वीणा, टुङ्ना जस्ता तारका बाजा पर्छन् ।

४. प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न दिनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

**जस्तै : (क) कुन कालमा वाद्यवादनलाई महŒव दिइन्थ्यो ?**

**(ख) तारका बाजा कुन कुन हुन् ?**

**(घ) सबै जातिले विवाहमा कुन कुन बाजा बजाउँछन् ?**

५. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । सुधार गर्नुपर्ने भए विद्यार्थीबिचमै छलफल गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(ग) मूल्याङ्कन**

**१. दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(क) तार बाजा र लोकबाजामा के फरक छ ?

(ख) सांस्कृतिक अन्तर्घुलनले नेपाली लोकबाजामा कस्तो प्रभाव पारेको छ ?

## तेस्रो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण | गति, यति मिलाई अनुच्छेद वाचन गर्न (अनुच्छेद ६ र ७) | • स्लाइड वा चार्ट<br>• शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• शब्दकोश<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| पाठगत शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले कुनै प्रेरक प्रसङ्ग सुनाएर उत्प्रेरणा जगाउनुहोस् । विद्यार्थीलाई पनि कुनै रमाइला पक्षको प्रस्तुति राख्ने अवसर दिनुहोस् राम्रा पक्षको प्रशंसा गर्नुहोस् ।

२. आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**सस्वर पठन र शब्दोच्चारण**

१. विद्यार्थीलाई पालैपालो अनुच्छेद ६ र ७ को सस्वरवाचन गर्न लगाउनुहोस् । अशुद्ध उच्चारण भएका ठाउँमा सच्याउन लगाउनुहोस् ।

२. शिक्षकले निर्दिष्टांश अनुच्छेद सस्वरवाचन गरी सुनाउनुहोस् ।

३. विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद पालैपालो गति र यति मिलाएर सस्वरवाचन गर्न लगाउनुहोस् ।

४ सस्वरवाचन गर्ने काम सकिएपछि विद्यार्थीलाई सस्वरवाचन गर्ने क्रममा रेखाङ्कन गरेका नयाँ शब्दलाई पालैपालो भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । जस्तै : व्यायाम, द्योतन, कदापि, किंवदन्ती, संरक्षण, आयातित, जिम्मेवार, सङ्ग्रहालय, गन्धर्व, समर्पित, सुशील, पौराणिक, युद्ध

५. शैक्षणिक पाटीमा टिपिएका शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई सहजीकरण गरी शब्दोच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

जस्तै : **मुर्चुङ्गा – /मुर् . चुङ् . गा/**

**अस्तित्व – /अस् . तित् . त्व/**

परिवेश –/**प.रि.बेस्**/

**कुलेलम – /कु.ले.लम्/**

**पैदा – /पइ.दा/**

६. विद्यार्थीलाई शब्दोच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यास गराउनुहोस् ।

**पाठगत शब्दार्थ र प्रयोग**

१. शिक्षकले विद्यार्थीलाई उच्चारण गर्न नयाँ लागेका शब्द भन्न लगाउनुहोस् । ती शब्द अभ्यास पुस्तिकामा लेख्न लगाउनुहोस् । सबैभन्दा बढी शब्द लेख्नेलाई ताली बजाएर स्याबासी दिनुहोस् ।

२. विद्यार्थीलाई पाठमा नयाँ लागेका शब्दको अर्थबोध गर्न समस्या भएमा ती शब्द टिपोट गर्न लगाउनुहोस् । ती शब्द भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

३. विद्यार्थीलाई शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । शिक्षकले केही नयाँ शब्दका शब्दार्थपत्ती प्रदर्शन गरी धारणा स्पष्ट पारिदिनुहोस् ।

**शब्दकोशको प्रयोगका लागि शब्द**

रैथाने, आभास, संस्था, गन्धर्व, घोषणा, संरक्षण, मलामी, शारीरिक, आयआर्जन, सूचित, द्योतन, मानसिक, विचित्र, अभियान, विचित्र

४. निर्दिष्ट शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोगको अभ्यास गराउनुहोस् । विद्यार्थीबीच छलफल गराई नमुना वाक्य प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक परे पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

१. विद्यार्थीलाई सङ्ख्याको आधारमा समूहमा विभाजन गर्नुहोस् । बोधात्मक प्रश्नोत्तर गर्ने तरिकाका बारेमा छलफल गर्न लगाई कुनै एक टोली नेतालाई छलफलको निचोड भन्न लगाउनुहोस् । आवश्यक परे थप जानकारी दिनुहोस् ।

२. शिक्षकले बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ र ७ गर्न अनुच्छेदलाई मौन पठन गर्न लगाउनुहोस् । मौन पठनको क्रममा अनुच्छेदमा सम्भावित उत्तरलाई रेखाङ्कन गर्न लगाउनुहोस् ।

३. प्रत्येक समूहलाई एक एकओटा प्रश्नको उत्तर लेख्न लगाउनुहोस् । विद्यार्थीले उत्तर लेख्दै गर्दा आवश्यक सिकाइ सहजीकरण गर्नुहोस् ।

**जस्तै :**

**प्रश्न : कस्ता कस्ता संस्कारमा लोकबाजा बजाइन्छ ?**

**उत्तर : जन्म, विवाह, मृत्यु, चाडपर्व, जात्रा, उत्सव, मेलापात जस्ता संस्कारमा लोकबाजा बजाइन्छ ।**

४. विद्यार्थीले तयार पारेका उत्तर पालैपालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्ष के छ भन्ने विषयमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया लिनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(ग) मूल्याङ्कन**

१. दिइएका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :
विविधता, लोकपरम्परा, खैँजडी

२. 'संस्कृतिको शङ्खनाद' भन्नाले के बुझिन्छ, भन्न लगाउनुहोस् ।

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन र शब्दोच्चारण | निर्दिष्ट अनुच्छेद (अनुच्छेद ८) लाई गति, यति मिलाई पठन तथा शब्दोच्चारण गर्न | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• शब्दकोश |
| पाठगत शब्दार्थ र प्रयोग | शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | |
| शब्दभण्डार : प्राविधिक, पारिभाषिक तथा युग्म शब्द | प्राविधिक, पारिभाषिक तथा युग्म शब्दको पहिचान, अर्थबोध तथा प्रयोग गर्न | |

| | | • स्लाइड वा चार्ट |
|---|---|---|

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई चुट्किला वा गाउँखाने कथा वा कुनै प्रेरक प्रसङ्ग सुनाउने अवसर दिनुहोस् । विद्यार्थीमा उत्प्रेरणा जगाई अगिल्लो दिनको पाठ्यवस्तुबारे पुनः स्मरण गराउनुहोस् ।

२. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**सस्वर पठन र शब्दोच्चारण**

१. विद्यार्थीलाई पाठको अन्तिम अनुच्छेद पालैपालो सस्वर पठन गराउनुहोस् । सस्वरवाचन गर्ने क्रममा उच्चारणमा विद्यार्थीलाई नयाँ लागेका शब्द रेखाङ्कन गर्न लगाउनुहोस् ।

२ शिक्षकले पनि वाचकलाई उच्चारणमा कठिनाइ देखिएका शब्द टिपोट गर्न प्रोत्साहन गर्नुहोस् । गति, यति र चिह्न ख्याल गरे नगरेको सुनिश्चित गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

| शब्द | उच्चार्य शब्द |
|---|---|
| आभास | /आ.भास्/ |
| संवर्धन | /सम्.बर्.धन्/ |
| हृदयस्पर्शी | / ह्रि.द.य.इस्.पर्.सि/ |
| मौलिकता | /मौ.लिक्.ता/ |
| अस्तित्व | /अस्. तित्. त्व/ |

३. विद्यार्थीले टिपोट गरेका शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा शिक्षकले लगेको शब्दपत्ती प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

४. श्रवणमा समस्या भएका अन्य विद्यार्थीका हकमा सम्भव भए साङ्केतिक भाषाको पनि प्रयोग गर्नुहोस् ।

**पाठगत शब्दार्थ र प्रयोग**

१. विद्यार्थीलाई मौन पठन गर्न लगाउँदै पाठबाट नयाँ लागेका शब्द टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीबाट टिपोट गरेका शब्द भन्न लगाई नदोहोरिने गरी शैक्षणिक पाटीमा लेखिदिनुहोस् ।

२. लेखिएका शब्दका अर्थ बताउन विद्यार्थीलाई प्रोत्साहित गर्नुहोस् । उनीहरूले भनेका शब्द र अर्थ शैक्षणिक पाटीमा लेख्दै जानुहोस् । त्यसरी लेखेको अर्थ सही भए नभएको स्पष्ट गरिदिनुहोस् । विद्यार्थीबाट अर्थ नआएका शब्दका लागि शैक्षणिक सामग्री प्रदर्शन गरी धारणा स्पष्ट पारिदिनुहोस् ।

३. विद्यार्थीलाई शब्द र अर्थका पत्ती बनाएर शब्द र अर्थको मेल गराउन शब्दपत्तीको खेल खेलाएर मनोरञ्जन गराउँदै अर्थबोध गर्न सहजीकरण गरिदिनुहोस् । यसका लागि विद्यार्थीको समूहलाई अर्थ र शब्दको पत्ती छ्यासमिस गरी केही बाँड्दै बाँकी चाङबाट तासको खेलझैँ पत्ती तान्दै शब्द र अर्थ मिलाउने खेल खेलाउनुहोस् ।

४. विद्यार्थीलाई शब्दभण्डार खण्डको अभ्यास १ मा दिइएका शब्द र अर्थबिच जोडा मिलाउन लगाउनुहोस् ।

५ विद्यार्थीलाई नै शब्द र अर्थबारे छलफल गराउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरी सबैभन्दा धेरै शब्दका अर्थ जोडा मिलाउने विद्यार्थीलाई ताली बजाउन लगाएर स्याबासी दिनुहोस् ।

| शब्द | अर्थ |
|---|---|
| उपेक्षा | तिरष्कार, बेवास्ता |
| विविध | अनेक प्रकारका |
| दीर्घायु | दीर्घजीवी |
| जागरुक | सचेत |
| द्योतन | सूचना दिने काम |
| वादित्र | बाजा |

६. शिक्षकले आफूले तयार पारेर लगेका वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । दुई दुई जनाको समूहमा पाँच मिनेटको समय दिई शब्दभण्डार खण्डको अभ्यास ३ का शब्द वा त्यस्तै प्रकृतिका अन्य शब्द दिई एक एक ओटा वाक्य निर्माण गर्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीको समूह समूहमा गएर आवश्यक सहजीकरण गर्नुहोस् ।

७. समूह कार्य सम्पन्न भएपछि विभिन्न समूहलाई प्रस्तुत गर्न लगाई बाँकी विद्यार्थीलाई अवलोकनका लागि प्रोत्साहित गर्नुहोस् । अन्त्यमा समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## प्राविधिक, पारिभाषिक तथा युग्म शब्दको पहिचान तथा प्रयोग

१. विद्यार्थीलाई सिकाइ सहजीकरणका लागि यस क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

२. पारिभाषिक र प्राविधिक शब्दका बारेमा समूहमा छलफल गराउनुहोस् ।

- प्रयोग क्षेत्रका आधारमा पारिभाषिक र प्राविधिक शब्दले भिन्न भिन्न अर्थ लिएर आउन सक्छन्, जस्तै :

| | | | |
|---|---|---|---|
| ध्वनि | : | (विज्ञान) | आवाज |
| ध्वनि | : | (साहित्य) | व्यङ्ग्य |
| गण | : | (प्रशासन) | सैनिकको दल |
| गण | : | (साहित्य) | छन्दशास्त्रका तीन तीन अक्षरको समूह |

- कानुन, प्रशासन, वाणिज्य, विज्ञान र प्रविधि, वन, शिक्षा, साहित्य, सञ्चार आदि क्षेत्रमा प्रयोग हुने शब्द नै पारिभाषिक र प्राविधिक शब्द हुन् ।

| | | |
|---|---|---|
| **समूह 'कानुन'** | **वकिल** | **अधिकृत तहको कानुन व्यवसायी** |
| **समूह 'प्रशासन'** | **अधिकृत** | **नेपाल सरकारको तृतीय श्रेणीका कर्मचारी** |
| **समूह 'वाणिज्य'** | **भौचर** | **पैसा जम्मा गरेको रसिद** |
| **समूह 'विज्ञान'** | **वातावरण** | **हावा, पानी, माटो, वायु** |
| **समूह 'वन'** | **फँडानी** | **रुख फाँड्ने काम** |
| **समूह 'शिक्षा'** | **मूल्याङ्कन** | **योग्यता, गुण आदि जाँच गर्ने काम** |
| **समूह 'साहित्य'** | **अलङ्कार** | **साहित्यलाई सिँगार्ने तŒव** |

| समूह 'सञ्चार' | समाचार | हालखबर, सन्देश |
|---|---|---|

३. विद्यार्थीलाई सङ्ख्याका आधारमा कम्तीमा 'कानुन, प्रशासन, वाणिज्य, विज्ञान र प्रविधि, वन, शिक्षा, साहित्य, सञ्चार' आदि नाम दिई समूहमा विभाजन गर्नुहोस् ।

४. विद्यार्थीको विभाजित समूहलाई छलफल गर्न लगाई पारिभाषिक तथा प्राविधिक शब्दको पहिचान र वाक्यमा सान्दर्भिक प्रयोग गर्न लगाउनुहोस् । त्यसपछि आवश्यक सहजीकरण गरी पृष्ठपोषण दिनुहोस् ।

५ विद्यार्थीका समूहलाई पाठ्य निबन्धबाट युग्म शब्दको पहिचान गर्न लगाई आ-आफ्ना समूहबाट शब्दार्थ बोध गर्न तथा वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । आवश्यक पृष्ठपोषण पनि दिनुहोस् ।

६. शब्दकोशको सहायता लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । शब्दकोशको प्रयोग गर्ने तरिकाबारे सहजीकरण गरिदिनुहोस् । छलफलपश्चात् टोली नेतालाई शब्द र अर्थ भन्ने अवसर प्रदान गर्नुहोस् । शिक्षकले आवश्यक सहजीकरण गरी पृष्ठपोषणसमेत दिनुहोस् ।

भन्ज्याङ चौतारी, चिया नास्ता, सन्चो सिन्चो, गीत सङ्गीत आदि युग्म शब्द हुन् ।

युग्म शब्द : घर पविार

वाक्य : हामी सबैले आआफ्ना घर परिवारका लागि पनि समय दिनुपर्छ ।

७. शिक्षकले पाठमा प्रययुक्त अन्य शब्दलाई पनि वाक्यमा प्रयोग गर्न प्रेरित गर्नुहोस् ।

८. शिक्षकले वाक्यमा प्रयोग गरिएको नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् ।

**जस्तै : अनुपम, अत्युक्ति, जगेर्ना, लोकपरम्परा, विविधता**

**अत्युक्ति : मुगुमा रहेको रारा ताललाई प्रकृतिका रानी भन्यो भने अत्युक्ति नहोला ।**

**विविधता : नेपालीको पहिचान नै विविधतामा एकता हो ।**

९. प्रत्येक समूहलाई नयाँ लागेका शब्दलाई आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । विद्यार्थीले समूह कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतिकरण गर्न लगाउनुहोस् ।

१०. त्यसैगरी शब्दभण्डार खण्डको अभ्यास गर्न उत्प्रेरित गर्नुहोस् । रचनाका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् । रचनापश्चात् प्रस्तुतिकरण गर्ने अवसर प्रदान गर्नुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

### (ग) मूल्याङ्कन

१. दिइएका शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :
अत्युक्ति, परीक्षण, संवर्धन, विविधता, दुःख, पीडा,

२. दिइएका शब्दलाई उच्चारण गर्न लगाउनुहोस् :
अँगाल्नु, संस्कृति, जागरुक, वैभवशाली, अस्तित्व

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| श्रुतिलेखन | अनुच्छेदका शब्द वा वाक्य सुनेर | • स्लाइड वा तालिका |

| | | |
|---|---|---|
| | शुद्ध, सफा र स्पष्टसँग लेख्न | ● शब्दपत्ती |
| सङ्क्षिप्त उत्तर लेखन | निर्दिष्ट प्रश्नको सङ्क्षिप्त उत्तर दिन | ● अनुच्छेदपत्ती |
| बोध प्रश्नोत्तर | बोध प्रश्नको उत्तर दिन | ● प्रश्नोत्तरको नमुना चार्ट |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कक्षाका विद्यार्थीलाई कविता वा चुट्किला सुनाउन लगाउनुहोस् र सुनिसकेपछि प्रशंसा गर्दै आजको क्रियाकलापका लागि रुचि जगाउनुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गरी आजको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**श्रुतिलेखन**

१. विद्यार्थीलाई श्रुतिलेखन गर्दा अक्षर लेखाइ, शब्द बनोट, डिको दिने, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदिबारेमा पुनः स्मरण गर्न लगाउनुहोस् ।

२. शिक्षकले कुनै एउटा नमुना अनुच्छेद प्रदर्शन गरी विद्यार्थीलाई त्यसमा भएका अक्षर लेखाइ, शब्दबनोट, डिको, शब्द शब्दबिचको अन्तराल, वर्णविन्यास, लेख्यचिह्न आदि विषयमा छलफल गराउनुहोस् ।

३. शिक्षकले पाठ्यपुस्तकको दोस्रो अनुच्छेदको उपयोग गरी श्रुतिलेखनको अभ्यास गराउनुहोस् ।

४. श्रुतिलेखनपश्चात् साथी साथी बिचमा उत्तरपुस्तिका साटासाट गर्न लगाई साथी साथीबाटै परीक्षण गर्न लगाउनुहोस् र शिक्षकले त्यसका लागि आवश्यक सहजीकरण गरिदिनुहोस् ।

५. श्रुतिलेखनका क्रममा सफा र स्पष्टसँग लेख्ने एक जना, सबैभन्दा थोरै त्रुटि गर्ने एक जना र राम्रा अक्षरमा लेख्ने एक जना विद्यार्थीको नाम घोषणा गरी हौसला दिनुहोस् र अन्य विद्यार्थीमा पनि उत्प्रेरणा जगाउनुहोस् ।

६. सुनाइ, लेखाइ आदिमा समस्या भएका विद्यार्थी पहिचान गरी शिक्षकले तयार गरेका अन्य अनुच्छेदको श्रुतिलेखन अभ्यास गराउनुहोस् । थप अभ्यासको अवसर दिनुहोस् र सहयोग तथा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**सङ्क्षिप्त उत्तर लेखन**

१. सिकाइ सहजीकरणको दोस्रो क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्दै विद्यार्थीलाई सङ्ख्याका आधारमा विभिन्न समूहमा विभाजन गर्नुहोस् ।

३. सङ्क्षिप्त उत्तर लेख्ने तरिकाका बारेमा कक्षामा पुनः छलफल चलाउनुहोस् ।

४. विद्यार्थीलाई बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा दिइएका सङ्क्षिप्त प्रश्नको उत्तर प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थी सङ्ख्याका आधारमा समूह बनाई टोली नेता छान्नुहोस् ।

५ ती प्रश्नका उत्तरका बारेमा समूहमा छलफल गर्न लगाउनुहोस् र प्रत्येक समूहका लागि एउटा प्रश्नको उत्तर लेख्नका लागि आवश्यक समय दिनुहोस् ।

६. विद्यार्थी समूहमध्ये कुनै एक समूहले लेखेको उत्तर प्रस्तुत गर्न लगाई सबैलाई सुनाउन लगाउनुहोस् ।

७ उत्तरको ढाँचा वा नमुना उत्तर स्लाइड वा तालिका प्रदर्शन गर्नुहोस् ।

**प्रश्न १. बजाउने शैली र बनोटका आधारमा लोकबाजालाई कति किसिमले वर्गीकरण गर्न सकिन्छ ?**

उत्तर : बजाउने शैली र बनोटका आधारमा लोकबाजालाई पाँच किसिमले वर्गीकरण गर्न सकिन्छ । पहिलो वाद्य तत बाद्य हो भने दोस्रो वितत वाद्य हो । यसैगरी शुषिर वाद्य र धन बाद्य गरी अन्य दुई वाद्य पनि छन् । लोकबाजामा अवन वाद्य वर्गमा पर्ने पाँचौं वाद्य हो । यसरी लोकबाजालाई तत, वितत, शुषिर, धन र अवन गरी पाँच किसिममा वर्गीकरण गर्न सकिन्छ ।

८. समूहले तयार पारेका अन्य प्रश्नका सङ्क्षिप्त उत्तर साथीहरू बिचमा उत्तरपुस्तिका साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सुधार गर्न सहजीकरण गर्नुहोस् ।

**बोध प्रश्नोत्तर**

१. सिकाइ सहजीकरणका लागि पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

२. बोध प्रश्नोत्तरका बारेमा छलफल गराउनुहोस् ।

- दिइएको लिखित अभिव्यक्ति ध्यान दिएर राम्ररी पढ्नुपर्छ ।
- बोधका अन्त्यमा दिइएका प्रश्नलाई राम्ररी पढी उत्तर पहिल्याउनुपर्छ ।
- प्रश्नअनुसारको उत्तरको वाक्यगठन र शैली मिलेको हुनुपर्छ ।
- शब्दको अर्थ लेख्नुपरेमा दिइएको लिखित अभिव्यक्तिकै आधारमा लेख्नुपर्छ ।
- बोधको उत्तर एक वा दुई वाक्य लेख्नुपर्छ ।
- प्रश्नको उत्तर सरल र स्पष्ट हुनुपर्छ ।

३. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् ।

४. विद्यार्थीलाई पाठ्यपुस्तकबाहेकको कुनै उपयुक्त अनुच्छेद वा पाठ्यपुस्तककै अनुच्छेदको स्लाइड वा तालिका प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुत गरिएको अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

५. विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा तालिकामा देखाउनुहोस् र हरेक समूहलाई एक एकओटा प्रश्न दिएर उत्तर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् । यसका लागि समय तोकिदिनुहोस् ।

६. समूहले उत्तर लेखिसकेपछि टोली नेतालाई भन्न लगाउनुहोस् र अन्य समूहलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**नमुना प्रश्नोत्तर**

प्रश्न : दोधारा चाँदनी नगरपालिकाको नाम कसरी जुराइएको हो ?

उत्तर : दुई गा.वि.स. समावेश गरेर दोधारा चाँदनी नगरपालिकाको नाम जुराइएको हो ।

**(ग) मूल्याङ्कन**

**१. तलका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :**

(क) नेपाली लोकबाजाको महŒव के छ, छोटकरीमा भन्नुहोस् ।
(ख) नेपाली लोकबाजाको विकासबारे बुँदागत रूपमा भन्नुहोस् ।

## छैटौँ दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| प्रश्न निर्माण | प्रश्न निर्माण गर्न | • अनुच्छेदपत्ती<br>• व्याख्याको नमुना चार्ट<br>• प्रश्नोत्तरको नमुना तालिका वा स्लाइड |
| व्याख्या | निर्दिष्ट उद्धरणको व्याख्या गर्न | |
| समीक्षात्मक उत्तर लेखन | दिइएका प्रश्नको समीक्षात्मक उत्तर दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै प्रेरक व्यक्तिको सान्दर्भिक भनाइ सुनाएर त्यस भनाइले व्यक्त गर्न खोजेको भावका बारेमा जानकारी गराई विद्यार्थीको ध्यानाकर्षण गराउनुहोस् ।

२. अगिल्लो दिनको सिकाइका विषयवस्तुबारे छलफल गरी पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**प्रश्न निर्माण**

१. विद्यार्थीलाई प्रश्न निर्माण गर्नका लागि के, किन, कसरीको धारणा स्पष्ट पार्नुअगाडि दुई जना विद्यार्थीलाई उठाएर एक अर्कालाई पाठ्यविषयमा पाँचओटा प्रश्न सोध्न लगाउनुहोस् ।

२ विद्यार्थीले सोधेका ती प्रश्न शैक्षणिक पाटीमा टिप्नुहोस् प्रश्नको बनोटका बारेमा छलफल गर्न लगाउनुहोस् ।

२. विद्यार्थीको छलफलपछि प्रश्नका प्रकारका विषयमा जानकारी गराउनुहोस् ।

वस्तुगत प्रश्न : बहुवैकल्पिक प्रश्न, जोडा मिलाउने, खाली ठाउँ भर्ने, ठिक बेठिक प्रश्न

विषयगत प्रश्न : छोटो उत्तर लेख्ने प्रश्न, व्याख्या गर्ने प्रश्न, तार्किक उत्तर दिने प्रश्न, समीक्षात्मक वा लामो उत्तर दिने प्रश्न आदि ।

४. विद्यार्थीलाई पाठ्यनिबन्धको शब्द भण्डारदेखि भाषिक संरचनासम्मका सबै प्रश्न हेर्न लगाउनुहोस् र प्रश्नका प्रकारबारे छलफल गर्न लगाउनुहोस् । आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. विद्यार्थीको सङ्ख्याको आधारमा समूह विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई 'नेपाली लोकबाजा'को अनुच्छेद २ र ३ बाट बोध र अभिव्यक्तिको प्रश्न बनाउन लगाउनुहोस् । विद्यार्थीबाट बनाइएका प्रश्नहरूलाई समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले सहजीकरण गरिदिनुहोस् ।

६. पाठ्यनिबन्धको बोध र अभिव्यक्ति खण्डको प्रश्न ९ को निर्देशनका आधारमा अनुच्छेद चारबाट विषयगत र वस्तुगत प्रकृतिका पाँच /पाँच प्रश्न निर्माण गर्न लगाउनुहोस् । विद्यार्थीको समूह समूहमा गएर शिक्षकले अवलोकन तथा सहजीकरण गर्नुहोस् ।

७. समूहबाट बनाइएका प्रश्नलाई प्रस्तुत गर्न लगाई आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**प्रश्नको नमुना :**

(क) रोदीघरमा के बजाइन्छ ?

(ख) स्वरोजगारमूलक व्यवसायका रूपमा कुन कुन बाजालाई लिइन्छ ?

(ग) शङ्खघण्टको महत्त्व के छ ?

(घ) 'अन्तर्घुलन' शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

**व्याख्या**

१. व्याख्या र भाव विस्तारसम्बन्धी छलफल गराई विद्यार्थीको पूर्वज्ञान लिनुहोस् र व्याख्याका लागि उत्प्रेरित गर्नुहोस् ।

२. कक्षालाई विद्यार्थी सङ्ख्याको अनुपात हेरी दुई समूहमा विभाजन गर्नुहोस् र समूह नेता छान्नुहोस् ।

३ समय तोकी बोध र अभिव्यक्ति खण्डको अभ्यास ६ 'क' 'ख' व्याख्या गर्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा सबै समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**व्याख्याका लागि प्रश्न**

मौलिक बाजा सङ्कटमा पर्नु भनेको हाम्रो पहिचान समेत सङ्कटमा पर्नु हो ।

**बुँदाहरू :**

- संस्कृति हरेक राष्ट्रको आत्मा हुनु
- संस्कृतिभित्र मौलिक बाजा पर्नु
- मौलिक बाजाको संरक्षण र संवर्धन गर्नु सबैको दायित्व हुनु
- आफ्नो संस्कृति, परम्परा र कलाले आफ्नै पहिचान बढ्नु
- सङ्कटमा पर्दा आफ्नै पहिचान गुम्नु

४. पालैपालो समूह कार्यलाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । समग्रमा सुधार गर्न आवश्यक पक्षहरूलाई स्पष्टसँग बताई उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

## समीक्षात्मक उत्तर लेखन

१. सिकाइ सहजीकरणको दोस्रो क्रियाकलापको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।
२. विवेचनात्मक वा समीक्षात्मक उत्तर लेखन ढाँचा तथा संरचनाबारे छलफल गराउनुहोस् ।

लामो उत्तर परिचय, विस्तार र निष्कर्ष खण्डमा संरचित हुन्छ ।

परिचय खण्डलाई विषय प्रवेश गरेर तयार गरिन्छ ।

विस्तार खण्डलाई प्रश्नमा केन्द्रित भएर विषयको क्रमशः विश्लेषण गरिन्छ । तर्कपूर्ण र विश्लेषणात्मक शैलीमा भावको समीक्षा गरिन्छ ।

निष्कर्ष खण्डमा उत्तरको निष्कर्ष, भाषाशैली र आफ्ना विचारसहित उत्तरको समापन गरिन्छ ।

३. विद्यार्थीलाई दुई दुई जनाको समूहमा विभाजन गर्नुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ९ का प्रश्नलाई समूहमा बाँडनुहोस् र साथी साथी मिलेर ती प्रश्नको उत्तर समेट्ने खालका बुँदा तयार गर्न लगाउनुहोस् । विद्यार्थीलाई आवश्यक सहयोग र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. विद्यार्थीले तयार पारेका बुँदाहरू प्रस्तुत गर्न लगाउनुहोस् । तिनै बुँदालाई समेटेर मौखिक रूपमा लामो उत्तरको संरचना तयार पार्न सहजीकरण गरिदिनुहोस् ।

५. प्रश्नहरूमध्ये कुनै एउटा प्रश्नको शिक्षकले तयार पारेको नमुना बुँदा प्रस्तुत गर्नुहोस् र समेटिनुपर्ने विषयवस्तुका बारेमाा थप छलफल गराउनुहोस् । बुँदाका आधारमा समीक्षात्मक उत्तर लेख्न आवश्यक समय दिनुहोस् ।

प्रश्न : नेपाली लोकबाजाका विशेषता कस्ता छन् ? निबन्धका आधारमा समीक्षा गर्नुहोस् ।

**बुँदाहरू**

- लोकबाजा गौरव गर्न लायक सम्पत्ति भएको
- तारले रेटेर, मुखले फुकेर, गजाले ठोकेर, सुरताल मिलाई विभिन्न अवसमा बजाएँदै आएको
- लोकबाजाको सम्बन्ध समाजको रहनसहन, जन्म, विवाह र मृत्युसंस्कार, चाडपर्व, जात्रा, महोत्सव, मेलापातसँग रहेको
- नेपाली लोकबाजा समाजको मौलिक सभ्यता र संस्कृतिको शङ्खनाद गर्ने मौलिक पहिचान भएको
- संस्कार र पर्वमा बजाइने बाजामा विविधता रहेको
- हाँडीगाउँको अंशुवर्माको अभिलेखमा मङ्गल बाजा बजाउने र पूजाको अवसरमा शङ्ख बजाउने कामका लागि रकम छुट्याइएको प्रसङ्गले लोकबाजाको प्रचीनताको सङ्केत गरेको
- पौराणिक कालदेखि नै लोकबाजामा मान्छेलाई लठ्याउने शक्ति र कलाको अनन्त जादु रहेको

६. विद्यार्थीका प्रत्येक समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् । समूह नेतालाई उनीहरूले तयार पारेको उत्तर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । अन्त्यमा आवश्यकताअनुसारको उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

१. दिइएको पङ्क्तिको व्याख्या वा भाव विस्तारका लागि आवश्यक बुँदा भन्न लगाउनुहोस् :

(क) मौलिक बाजा सङ्कटमा पर्नु भनेको हाम्रो पहिचानसमेत सङ्कटमा पर्नु हो ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| अनुच्छेद लेखन | निर्दिष्ट शीर्षकमा वस्तुपरक अनुच्छेद रचना गर्न | • बुँदाको तालिका वा स्लाइड<br>• अनुच्छेदपत्ती |
| बुँदा टिपोट र सारांश लेखन | बुँदा टिपोट गरी सारांश लेख्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. कुनै रमाइलो घटना वा विषयवस्तु प्रस्तुत गरी विद्यार्थीको ध्यान आकर्षित गर्नुहोस् ।

२. अगिल्लो दिनमा सिकेका विषयवस्तुबारे छोटकरीमा छलफल गरी आजको पाठ्यवस्तुमा प्रवेश गर्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

#### अनुच्छेद लेखन

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । दिइएको अनुच्छेदको स्लाइड वा तालिकाको सहयोगमा प्रस्तुत गर्नुहोस् ।

२ निश्चित समय तथा शब्दसङ्ख्या तोकी उक्त अनुच्छेद पढेर अनुच्छेद लेखनका लागि मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस् ।

३. अनुच्छेद लेखन गर्दा ध्यान दिनुपर्ने कुरालाई पुनः स्मरण गराउनुहोस् ।

**अनुच्छेद लेखन गर्दा ध्यान दिनुपर्ने पक्ष**

अनुच्छेद लेखनको सुरुमा शीर्ष वा मुख्य वाक्य दिइएको हुन्छ । मध्यमा मुख्य वा शीर्ष वाक्यमा प्रस्तुत भएको विचारलाई पुष्टि गर्न सहयोगी वाक्य आएका हुन्छन् । यी वाक्य लेखकको दृष्टिकोण प्रस्तुत गर्ने मुख्य वाक्यको क्षेत्रभन्दा बाहिर जाँदैनन् । समापन भागमा शीर्ष र मध्यमा भनिएको विचारको निष्कर्ष प्रस्तुत गरिन्छ । ।

४. समूह नेतालाई आफूले टिपोट गरेका विषयवस्तु प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

५. अनुच्छेद लेखनका तरिकाबारे समूहमा छलफल गराउनुहोस् । समूहको निष्कर्ष टोली नेतालाई भन्न लगाउनुहोस् ।:

६. शिक्षकले तयार पारेको अनुच्छेद लेखनको नमुना प्रस्तुत गर्नुहोस् ।

**किराँती संस्कृतिका उन्नायक इमानसिंह**

६० वर्षसम्म किराँती वाङ्मय तथा संस्कृतिका क्षेत्रमा अनवरत रूपले काम गरी विशिष्ट योगदान दिने अमर साधक एवम् उन्नायक इमानसिंह चेमजोङले भन्डै लोप हुन लागिसकेको आफ्नो जातीय इतिहासलाई पुनर्जीवित तुल्याई स्पष्ट

दिशा प्रदान गरे । उनले अनुसन्धान वा खोज गर्नुभन्दा अगि किराँती भाषा, लिपि र संस्कृतिका बारेमा कसैले पनि चासो देखाएका थिएनन् । उनले आफ्नो जीवन यसै क्षेत्रमा समर्पित गरेर हामी सबैलाई आफ्नो जातीय तथा राष्ट्रिय सभ्यता तथा संस्कृतिको संरक्षण र संवर्धनमा लाग्ने प्रेरणा दिएका छन् । उनको यस किसिमको राष्ट्रिय योगदानको सम्मान गर्दै नेपाल सरकारले उनको चित्राङ्कित हुलाक टिकट पनि प्रकाशन गरेको छ । किराती भाषा र संस्कृतिका क्षेत्रमा काम गर्दागर्दै उनको देहावसान भयो । भाषा र संस्कृतिप्रतिको निष्ठा तथा महान् कार्यले उनलाई जीवन्त पारेको छ । उनी हाम्रा लागि एक अनुकरणीय व्यक्तित्वका रूपमा सदा अमर भएका छन् ।

६. विद्यार्थीलाई नौमती बाजाको शीर्षकमा सूचनामूलक अनुच्छेद तयार पार्नका लागि समय तोकी दिनुहोस् । समूह कार्यलाई शिक्षकले अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

७. समूहमा टोली नेतालाई अनुच्छेद प्रस्तुतिकरणको अवसर दिनुहोस् । थपघट गर्नुपर्ने विषयवस्तुका बारेमा छलफल गर्न लगाउनुहोस् र त्यसपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## बुँदा टिपोट र सारांश लेखन

१. विद्यार्थीलाई सिकाइ सहजीकरणको क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

२. बुँदा टिपोट र सारांश लेखनका बारेमा छलफल गराउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

३. शिक्षकले शैक्षणिक सामग्रीको रूपमा बुँदाहरूलाई प्रदर्शन गराई विद्यार्थीका बिच छलफल चलाउनुहोस् ।

४ शिक्षकले आफूनिर्मित सारांश लेखनको नमुनालाई कक्षाका कुनै विद्यार्थी मार्फत वाचन गर्न लगाउनुहोस् ।

**दिइएको गद्यांशबाट चारओटा बुँदा टिप्नुहोस् :**

दिनदिनै नयाँ कुराको खोज र अनुसन्धान गर्ने इच्छा राख्नु र नयाँ कुराको अनुभवमा रुचि लिनु मानिसको स्वभाव नै हो । मानवले युगौँदेखि चमत्कारपूर्ण तथा रहस्यमय कथाहरू र जादुमय क्रियाकलापहरू रोचकतासाथ पढ्दै, सुन्दै र देख्तै आएको हो । आफूले आदेश दिनासाथ कुनै काम तुरुन्त सम्पन्न हुन सकोस्, आफूलाई त्यसमा धेरै श्रम, समय र सम्पत्ति खर्च गर्न नपरोस् भन्ने उसका युगौँदेखिका चाहना हुन् । औद्योगिक तथा अन्य क्षेत्रमा कहिल्यै नथाक्ने, विनाविरोध खुरुखुरु आफ्नो कर्तव्य पालन गर्ने, चौबिसै घण्टा काममा लागेर उद्योगलाई प्रगतिपथमा निरन्तर अग्रसर गराउने, दिएको काम ठिक समयमा अलिकति पनि गल्ती नगरी सम्पन्न गर्नेजस्ता विशेषताहरू हुनाले नै यन्त्रमानव आज हरेक क्षेत्रमा लोकप्रिय बन्न पुगेको छ । यसमा यो काम गर्ने कि नगर्ने, किन गर्ने, यो कामबाट केकस्ता लाभ वा हानि हुन्छन्, यस कामबाट मेरो भविष्य के होला भन्ने जस्ता द्विविधात्मक मनस्थिति नहुने हुँदा दिएको आदेश झर्को नमानी सम्पन्न गर्ने गर्दछ ।

**बुँदाहरू**

१. नयाँ कुराको खोज र अनुसन्धानमा रुचि राख्ने मानिस रहस्यमय कुराका बारेमा जिज्ञासु

२. समय, श्रम र सम्पत्तिको बचत गरी आदेशअनुसार काम सम्पन्न गर्ने मानिसको चाहना

३. नथाकी निरन्तर काम गरी औद्योगिक प्रगति गर्न निर्मित यन्त्रमानव लोकप्रिय

४. द्विविधात्मक मनस्थिति नभएकाले झर्को नमानी काम गर्ने प्रणाली

६. माथिको गद्यांशको एक तृतीयांशमा सारांश लेख्नुहोस् :

**यन्त्रमानवको लोकप्रियता**

स्वाभावैले नयाँ कुराको खोज र अनुसन्धानमा रुचि राख्ने मानिस रहस्यमय कुराका बारेमा जिज्ञासु हुन्छ । आफ्ना सबै काम श्रम, समय र सम्पत्तिको बचत गरेर आदेशानुसार काम गर्ने र द्विविधात्मक मनस्थिति नभएको औद्योगिक प्रगति गर्न निर्मित यन्त्रमानव वर्तमान युगमा निकै लोकप्रिय बन्न पुगेको छ ।

अनुच्छेदको शब्दसङ्ख्या : १४०

अपेक्षित शब्दसङ्ख्या : ४६

सारांशको शब्दसङ्ख्या : ४४

७ बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ अनुसारको पाठको अनुच्छेद तेस्रो अनुच्छेद मौन पठन गरी आशय खुल्ने गरी चारओटा बुँदा टिपोट गर्न समय दिनुहोस् ।

८ विद्यार्थीले बुँदा टिपोट गरिसकेपछि समूह समूहबिच छलफल गर्न लगाउनुहोस् ।

९ अन्य विद्यार्थीलाई साथीको प्रस्तुति सुनी सारांशबारे प्रतिक्रिया दिन लगाउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. 'मन पर्ने लोकबाजा' शीर्षकमा अनुच्छेद लेखन गर्दा आवश्यक पर्ने बुँदा भन्न लगाउनुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | अवस्थाप्रतिको प्रतिबद्धतामा आधारित भाषिक सञ्चार गर्न | • अडियो वा भिडियो<br>• अनुच्छेदपत्ती<br>• प्रश्नको चार्ट वा स्लाइड<br>• प्रश्नोत्तरको नमुना चार्ट |
| श्रुतिबोध | सुनाइ पाठ ३ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई आफूले सुनेका कुनै उत्प्रेरणात्मक भनाइ भन्न लगाई सिकाइप्रति उत्प्रेरित गर्नुहोस् ।

२. पूर्वकक्षाको विषयवस्तुबारे छोटो छलफलसहित आजको कक्षाको पाठ्यवस्तु जानकारी गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### भाषिक प्रकार्य

१. विद्यार्थी सङ्ख्याका आधारमा समूह निर्माण गरी टोली नेता छान्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको प्रश्न १३ वा उपयुक्त सामग्री स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

२. विद्यार्थीलाई अवस्थाप्रतिको प्रतिबद्धतासम्बन्धी भाषिक प्रकार्यका बारेमा छलफल गराउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

३. शिक्षकले कामप्रतिको प्रतिबद्धतासम्बन्धी विषयवस्तुमा केन्द्रित रही भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस् र संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस् ।

४ विद्यार्थीबाट प्रस्तुत गरिएको अभिनयमूलक अवस्थाको प्रकार्य वा सन्दर्भका आधारमा त्यसमा रहेका खास सन्दर्भ, सहभागीको भूमिका, दोहोरो सञ्चार, भाषाशैली, शब्दभण्डार आदिको प्रयोगबारे पहिचानात्मक छलफल गराउनुहोस् ।

५. बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ मा दिइएको सन्दर्भ बुझेर निर्दिष्ट प्रश्नको उत्तर भन्न लगाउनुहोस् ।

६. विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

७. विद्यार्थीलाई स्वतन्त्र रूपमा वास्तविक परिस्थितिअनुकूलका अवस्थाप्रति आधारित केही सन्दर्भ दिँदै भाषाको व्यावहारिक प्रयोगको अभिनय गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## श्रुतिबोध

१. प्रेरक प्रसङ्ग सुनाएर श्रुतिबोधसम्बन्धी क्रियाकलापको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

२. विद्यार्थीलाई सुनाइ पाठका आधारमा अभ्यास गर्दा ध्यान दिनुपर्ने कुरा के के हुन् भनी प्रश्न गर्नुहोस् र छलफल गराई विद्यार्थीलाई आफ्नो धारणा राख्ने अवसर दिनुहोस् ।

३. समूह बनाइ सुनाइ पाठ १४ लाई पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी कम्तीमा दुई पटक सुनाउनुहोस् ।

४ सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न १ को अभ्यासमा आधारित भएर मौखिक प्रशनेत्तर गराउनुहोस् एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

५ सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको प्रश्न २ समूहमा छलफल गराउनुहोस् । हाक्पारे गीत गाउन जान्ने विद्यार्थी कक्षामा भए गाउन लगाउनुहोस् नभए रेकर्ड गराएर ल्याएर कक्षामा गीत सुनाउनुहोस् ।

## (ग) मूल्याङ्कन

१. सुनाइ पाठ १४ सुनाएर दिइएका प्रश्नको उत्तर भन्न लगाउनुहोस् :
(क) हाक्पारे गीत कुन समुदायमा प्रचलित छ ?
(ख) हाक्पारे गीतका मुख्य मुख्य विशेषता भन्नुहोस् ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| करण र अकरणको पहिचान | दिइएका वाक्यहरू मा करण र अकरणको पहिचान गर्न | • शब्दपत्ती<br>• वाक्यपत्ती<br>• अक्षरपत्ती<br>• अनुच्छेदपत्ती<br>• लोकबाजाको चित्र |
| वाक्य परिवर्तन | दिइएको निर्देशनका आधारमा करण /अकरण वाक्य परिवर्तन गर्न | |
| सिर्जना तथा परियोजना कार्य (प्राचीन लोकबाजा) | प्रचलित लोकबाजाको पहिचान गरी प्रयोग गर्न, | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

१. शिक्षक कक्षामा प्रवेश गरी विद्यार्थीलाई आँखा बन्द गरेर शान्त भई ध्यान गर्न लगाउनुहोस् । यो प्रक्रिया गरिसकेपछि यसले थकाइ मेटने काम गर्छ भनेर विद्यार्थीमा उत्सुकता भर्दै विषयवस्तुतर्फ प्रवेश गराउनुहोस् ।

२. सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**करण र अकरणको पहिचान**

१. शिक्षकले आफूले बनाएका वाक्यको स्लाइड/तालिका/शैक्षणिक पाटीमा लेखेर प्रस्तुत गर्नुहोस् ।

| करण | अकरण |
|---|---|
| • श्याम विधालय जान्छ ।<br>• आमा बजार जानुहुन्थ्यो ।<br>• गोपालले सुबोधलाई गृहकार्य गरायो ।<br>• बुबा खेतमा जानुहोस् । | • श्याम विद्यालय जाँदैन् ।<br>• आमा बजार जानु हुँदैनथ्यो ।<br>• गोपालले सुबोधलाई गृहकार्य गराएन ।<br>• बुबा खेतमा नजानुहोस् । |

२. शिक्षकले प्रस्तुत गरिएका वाक्यलाई पालैपालो पढ्न लगाउनुहोस् र फरक छुट्याउन लगाउनुहोस् ।

३. प्रस्तुत वाक्यमा प्रयोग भएका क्रियापद करण वा अकरण कुन हो भनेर विद्यार्थीलाई प्रश्न गर्नुहोस् अथवा सबै वाक्य सार्न लगाएर करण अकरण क्रियापदलाई रेखाङ्कन गर्न लगाउनुहोस् ।

४. विद्यार्थीलाई यस्तै वाक्यहरू दुई दुई ओटा बनाउन लगाउनुहोस् ।

५. करण र अकरण क्रियापदको पहिचान गराई विद्यार्थीको धारणा स्पष्ट पार्नुहोस् ।

**करण क्रियापद** : पढ्छ, लेख्छ, हाँस्यौं, देखेको छ, लेखेछ, बस्ने छन् आदि क्रियापद करण क्रियापद हुन् ।
**अकरण क्रियापद** : पढ्दैन, लख्दैन, हाँसेनौं, देखेको छैन, लेखेनछ, बस्ने छैनन् आदि अकरण क्रियापद हुन् ।
**करण वाक्य** : सुशील पुस्तक पढ ।
उमेश धरान गएछ ।
रिमा खाजा खान्छिन् ।
**अकरण वाक्य** : सुदिन पुस्तक नपढ ।
उमेश धरान गएनछ ।
रिमा खाजा खाँदिनन् ।
सकारात्मक अर्थ बुझाउने क्रियापदलाई करण क्रियापद र नकारात्मक अर्थ बुझाउने क्रियापदलाई अकरण क्रियापद भनिन्छ । सकारात्मक क्रियापद भएका वाक्यलाई करण वाक्य भनिन्छ भने नकारात्मक क्रियापद भएका वाक्यलाई अकरण वाक्य भनिन्छ ।

६. भाषिक संरचना र वर्णविन्यासको अभ्यास १ सबै विद्यार्थीलाई पठन गर्न लगाउनुहोस् ।

७. भाषिक संरचना र वर्णविन्यासमा दिइएको अभ्यास २ का क्रियाकलाप विद्यार्थीलाई एकआपसमा छलफल गर्न लगाउनुहोस् र अभ्यास गर्न लगाउनुहोस् । आवश्यक भए पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. शिक्षकले तयार पारेको नमुना उत्तरको स्लाइड वा तालिका वा शैक्षणिक पाटीको माध्यमबाट प्रस्तुत गरी परीक्षण गराउनुहोस् ।

**मलाई पढाइको चिन्ता लागिरहेको थिएन ।**
**सबैजना काममा व्यस्त थिएनन् ।**
**मसँग सबैजना खुलेर कुरा गर्थे ।**

९. परीक्षणपश्चात् आवश्यक पृष्ठपोषण दिई विद्यार्थीलाई सक्रिय सहभागिताका लागि धन्यवाद दिनुहोस् ।

## वाक्य परिवर्तन (करण र अकरण)

१. शिक्षकले विद्यार्थीलाई करण र अकरणका वाक्यहरूको स्लाइड/तालिका प्रस्तुत गर्नुहोस् ।

| करण | अकरण |
|---|---|
| विद्यार्थी विद्यालय जाउन् । | विद्यार्थी विद्यालय नजाउन् । |
| स्नेहा पाठ पढ । | स्नेहा पाठ नपढ । |
| आज घाम लाग्ला । | आज घाम नलाग्ला । |
| केटाकेटी झगडा गर्थे । | केटाकेटी झगडा गर्दैनथे । |
| श्याम विदेश गएछ । | श्याम विदेश गएनछ । |
| पहरा काम गर्छिन् । | पहरा काम गर्दिनन् । |
| सुबोध खाना खाँदै थियो । | सुबोध खाना खाँदै थिएन । |
| रीता घर गएकी हुने छ । | रीता घर गएकी हुने छैन । |

२. विद्यार्थीलाई प्रस्तुत वाक्य कुन काल, कुन पक्ष र कुन भावका वाक्यका करण र अकरण वाक्यबारे पढेर रूप पहिचान गर्न लगाउनुहोस् । अवश्यक परे सहजीकरण गरिदिनुहोस् ।

३. करणबाट अकरण बनाउँदा **'न'** को प्रयोग पक्ष र भावअनुसार क्रियाको सुरुमा, बिचमा र अन्त्यमा प्रयोग हुने सन्दर्भहरू स्पष्ट पारिदिनुहोस् ।

**पढुन् : नपढुन्, पढ्ला : नपढ्ला, बस : नबस**
- **उदाहरणले प्रस्ट पार्छ कि अकरणमा लैजाँदा इच्छार्थक, सम्भावनार्थक र आज्ञार्थक क्रियाको सुरुमा 'न' लगाउनुपर्दछ ।**

**पढेछ : पढेनछ, पढ्थ्यो : पढ्दैनथ्यो**

- **अभ्यस्त भूतकालको क्रियाको बिचमा 'न' लगाउनुपर्छ ।**

**पढ्छ : पढ्दैन, प**ढ्यो : पढेन, पढ्ने छ : पढ्ने छैन, पढ्दै छ : पढ्दै छैन, पढेको छ : पढेको छैन

- **वर्तमान, भूत र भविष्यत् कालका सामान्य, अपूर्ण र पूर्ण पक्षका वाक्यको क्रियापदमा अन्तिममा 'न' लगाउनुपर्दछ ।**

५. विद्यार्थीलाई दुई समूहमा विभाजन भाषिक संरचना र वर्णविन्यासको अभ्यास ३ र ४ कार्य गराउनुहोस् । समय समाप्त भएपछि टोलीबाट प्रस्तुत गर्न लगाई आवश्यक छलफल गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## सिर्जना र परियोजना

१. सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

२. शिक्षकले विद्यार्थीको समूह बनाउन लगाउनुहोस् ।

३. नेपालमा प्रचलित लोकबाजामा हिजोआज प्रत्येक रोदी घरमा बजाइने मादल, बाँसुरी, शङ्ख, घण्ट र धिमेबाजाको समूहले आआफ्नो बाजाको पहिचानसहित समाजका लोक परम्परामा आधारित बाजा (स्थानअनुसार पाइने बाजा) बजाएर परिचित र पहिचान गराउनुहोस् ।

४ विद्यार्थीलाई मन पर्ने कुनै चित्रसहित लोक बाजाका विषयमा लेखेर ल्याउन वा स्थानीयसँग सोधपुछ गरेर लेख्न लगाउनुहोस् ।

## (ग) मूल्याङ्कन

१. तलका वाक्यलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्न लगाउनुहोस् :
(क) उमाले रमालाई पढाइन् ।
(ख) रमा जान्ने भइनन् ।
(ग) आमा पहाड जानुहुन्थ्यो ।
(घ) सबैजना खुसी भएनछन् ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| | | ● स्लाइड/तालिका/रेकर्ड प्रत्यक्ष साधन |
| वर्णविन्यासको पहिचान र प्रयोग | वर्णविन्यास (ग्यँ/ज्ञ)को पहिचान गरी प्रयोग गर्न | |
| परियोजना कार्य : निबन्ध लेखन | परियोजना कार्य : निर्दिष्ट शीर्षकमा निबन्ध रचना गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. कक्षामा आजको पाठ्यविषयबारे जानकारी दिँदै ज्ञ र ग्य को प्रयोगमा ध्यान दिइने विषय उठान गर्नुहोस् ।

२. शिक्षकले तोकिएका विद्यार्थीलाई कविता/बाँसुरीको धुन सुनाएर विद्यार्थीको ध्यान आकर्षण गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## वर्णविन्यासको पहिचान र प्रयोग (ज्ञ/ग्य)

१. शिक्षकले आफूले बनाएका शब्द कक्षमा प्रस्तुत गर्नुहोस् ।

| |
|---|
| ज्ञानेन्द्र, ज्ञानु, ज्ञानी, ज्ञाता, ज्ञानवान्, ग्योम, ग्याङ, ग्यार, ग्याप, ग्याली, ग्यास |

२. यी शब्दलाई उच्चारण गर्न लगाउनुहोस् ।
३. संस्कृत शब्द तत्सम शब्दमा **'ज्ञ'** को प्रयोग हुने र तद्भव/आगन्तुकमा **'ग्य'** को प्रयोगको सन्दर्भ माथिका शब्दबाट प्रस्ट पार्नुहोस् ।
४. सबै विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास ५ पढ्न लगाउनुहोस् । त्यहाँ प्रयोग गरिएका **ज्ञ** र **ग्य** का शब्द बेग्ला बैग्लै सूचीमा टिपोट गर्न लगाउनुहोस् ।
५. पूर्वज्ञान लिई पाठ्यपुस्तक र शब्दकोशको सहायताबाट **'ज्ञ'** र 'ग्य' बाट पाँच, पाँचओटा शब्द बनाउन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## सिर्जना र परियोजना

१. विद्यार्थी सङ्ख्याका आधारमा बेन्चगत वा युगल समूह बनाउनुहोस् । निबन्धको संरचना जनाउने तालिका प्रदर्शन गरी निबन्धमा हुनुपर्ने पक्षहरू (आदि, मध्य र अन्त्य) को जानकारीसहित निबन्धको सङ्गठन वा संरचनाबारे समूहमा छलफल गराउनुहोस् । शिक्षकले पनि आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**निबन्ध लेखन**

- शीर्षकको परिचय
- पृष्ठभूमि र विषयप्रवेश
- विषयवस्तुको सन्तुलित विस्तार
- तर्क, उदाहरण, तुलना, विश्लेषण, प्रमाण आदिको प्रस्तुति
- विषयवस्तुको सकारात्मक पक्ष, नकारात्मक पक्ष, समस्या र समाधान
- विषयवस्तुको निष्कर्ष
- विषयवस्तुप्रतिको विचार र उचित समाधान

२. शिक्षकले सर्वप्रथम निबन्ध लेखनका लागि आफूले तयार पारेर ल्याएको निबन्ध शीर्षकका सूची स्लाइड वा तालिकामा प्रस्तुति गर्नुहोस् र समूहमा छलफल गराउनुहोस् ।

निबन्धका शीर्षक : (क) साइबर अपराध (ख) हाम्रो संस्कृति (ग) इन्टरनेटको दुरूपयोग

**निबन्ध लेख्दा निम्न कार्य गर्न लगाउनुहोस् :**

- निबन्ध रचना गर्दा सर्वप्रथम लेखिने निबन्धको शीर्षकसँग सम्बन्धित कुरा के के हुन् सक्छन्, सोचेर बुँदाका रूपमा तिनलाई टिपोट गर्न लगाउनहोस् ।
- बुँदा टिपोट गर्दा आदि, मध्य र अन्त्यका छुट्टाछुट्टै भागलाई खेस्राको रूपमा तयार गर्न लगाउनुहोस् ।
- निबन्ध लेखनमा विषयवस्तुको प्रस्तुतिकरण गर्दा वाक्य वाक्य वा अनुच्छेदका बिच सङ्गति मिलाउँदै शुद्ध, सरल र स्पष्ट भाषाको प्रयोग गरी अन्तिम रूप दिन लगाउनुहोस् ।
- निबन्ध लेखन गर्दा १५० शब्दमा नघटाई लेख्न लगाउनुहोस् ।

२. विद्यार्थीलाई निर्दिष्ट शीर्षकमध्ये कुनै एक शीर्षक छनोट गर्न लगाउनुहोस् ।
३ शीर्षक छनोट गरेपछि त्यस शीर्षकसँग सम्बन्धित बुँदाहरू टिपोट गर्न लगाउनुहोस् ।
४ बुँदा टिपोटपछि आदि, मध्य र अन्त्य खण्डका विषयवस्तु स्मरण गरी विद्यार्थीलाई निश्चित समय तोकी निबन्ध लेख्न लगाउनुहोस् ।

**साइबर अपराधको रोकथाम**

- इन्टरनेट विज्ञानको वरदानका साथै विनाशको माध्यम बन्नु
- इन्टरनेटको दुरूपयोग गरेर मानिसले साइबर अपराध गर्नु
- कम्प्युटर, मोबाइल, ल्यापटप, टिभी, आइप्याड आदि हरेक उपकरण उपयोग गर्न सक्नु
- श्रव्य, दृश्य र श्रव्यदृश्य सामग्रीको प्रसारणमा सहयोग पुग्नु
- शिक्षा, मनोरञ्जन, सूचना आदिको जानकारी पाउन इन्टरनेटले सहयोग गरे पनि दुरूपयोग गर्दा असर पुऱ्याउनु
- नचाहिँदा खेलहरू इन्टरनेटको माध्यमबाट खेल्दा युवावर्ग बिग्रेर साइबर अपराध गर्नु
- मेल र फेसबुकहरू ह्याक गरेर नचाहिँदो दुःख दिएर मानवको जीवन अस्त व्यस्त बनाउनु
- विज्ञान विकास मात्र नभई विनाशको माध्यमका रूपमा इन्टरनेट प्रयोग पनि पर्नु
- साइबर अपराध एक जघन्य अपराध भएकाले यसको रोकथाम गर्न सुरक्षा निकाय तथा अभिभावक सचेत हुनुपर्नु

३. विद्यार्थीलाई तोकेको समय पूरा भएपछि तयार पारेको निबन्ध पालैपालो पढेर प्रस्तुत गर्न लगाउनुहोस् ।
४. यस क्रममा अन्य विद्यार्थीलाई प्रस्तुतिका बारेमा प्रतिक्रिया दिन लगाउनुहोस् ।
५. अन्त्यमा शिक्षकले उनीहरूको लेखनको प्रशंसा गर्दै आवश्यक सुझावसहित पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

१. आफूले अभ्यास गरेका कुनै एक विषयमा वा 'इन्टरनेटको दुरूपयोग' विषयमा निबन्ध लेख्नका लागि आवश्यक बुँदा भन्न लगाउनुहोस् ।

## पाठ : १५

# आमाको तस्बिर

**विधा : कविता** **कार्यघण्टा : १०**

## परिचय

भूपिन खड्काको **'आमाको तस्बिर'** कविता गद्य लयमा रचित कविता हो । आमाको मुख हेर्ने दिन अर्थात् मातातीर्थ औसीको दिन पारेर यो कविता लेखिएको थियो । विभिन्न कविता सङ्ग्रहमा उनले ५० भन्दा बढी कविता लेखिसकेका कवि छन् । यस कवितालाई सहजीकरण गराउँदा विभिन्न फुटकर कविता तथा गीतका नमुना सङ्कलन गर्नुपर्छ । यसमा विषयवस्तुको ज्ञान, कल्पना, कविताको संरचना, शैली, लय तथा कवितामा हुने गति, यति, लयको सामान्य परिचय दिनु आवश्यक हुन्छ ।

कविता सहजीकरण गर्दा उत्प्रेरणा/उत्सुकता जगाउने क्रियाकलापबाट सुरुआत गर्नुपर्छ । पाठको सहजीकरण तथा सवलीकरणका क्रममा सुनाइ, बोलाइ, पढाइ र लेखाइका सिप विकासमा केन्द्रित हुनुपर्छ । शिक्षकले सहजकर्ता, उत्प्रेरक, खोजकर्ता एवम् रचनाकारका रूपमा भूमिका खेल्दै कविता सहजीकरणलाई क्रियाकलापमुखी, उद्देश्यमूलक तथा रुचिकर बनाउनुपर्छ । वाचनको गेयात्मक सिपसमेतको विकास गराउनुपर्छ । विषयक्षेत्रको वितरण पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइसम्बद्ध क्रियाकलाप र पाठ्यपुस्तकमा समाविष्ट क्रियाकलापको शृङ्खलामा गरिएको छ । प्रकृतिसम्बद्ध चित्र वा प्रसङ्गको वर्णन, कवि र कविताको सामान्य परिचय, कविताको संरचना पहिचान, लयबद्ध पठनपश्चात् शब्दभण्डारअन्तर्गत सार शब्द, विपरीतार्थक शब्द, समान ध्वनियुक्त शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, अनुप्रासको पहिचान, शब्दोच्चारण, शब्दार्थ र प्रयोग, समानध्वनियुक्त शब्द, बोधात्मक प्रश्नोत्तर, कविता पूरण, गद्यमा रूपान्तरण, भावबोध, व्याख्या, लामा तथा छोटा प्रश्नोत्तर, पाठगत बोध आदिका अभ्यासमार्फत दिगो सिकाइ सिप विकाससम्बद्ध क्रियाकलाप समावेश गरिएको छ । बोध र अभिव्यक्ति खण्डभित्र नै विनम्रतासम्बन्धी भाषिक प्रकार्यको अपेक्षा गरिएको छ ।

भाषिक संरचना र वर्णविन्यासअन्तर्गत कर्तृवाच्य र भाववाच्यको पहिचान र प्रयोग गराउने साथै कर्तृवाच्य र भाववाच्य बिचको वाक्यान्तरण, वर्णविन्यासमा रि/ऋ को पहिचान र प्रयोग आदि अभ्यास पनि सञ्चालन गराउनु पर्दछ । सुनाइ बोलाइका लागि पाठ्यपुस्तककै परिशिष्टको सुनाइ पाठ १५ मा आधारित भई वा अन्य उपयुक्त समाजपरक कविता सुनाएर श्रुतिबोध सम्बन्धी प्रयोगात्मक अभ्यास गराउनसमेत जोड दिइएको छ ।

## पहिलो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| दृश्यबोध र छलफल | चित्र र सन्दर्भका आधारमा विषयवस्तुको अनुमान र कल्पना गर्न | • ग्रामीण परिवेशबोधक चित्र<br>• श्लोकपत्ती<br>• कविताका संरचनाका नमुना<br>• कविता वाचनको अडियो/भिडियो |
| संरचना पहिचान | कविताको संरचना पहिचान गर्न | |
| लयबद्ध पठन | तोकिएको कवितांशलाई गति, यति र लय मिलाएर वाचन गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले चुट्किला, कविता वा उत्प्रेरक भनाइ सुनाउन उत्प्रेरित गर्नुहोस् र प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई सम्मान गर्न लगाउनुहोस् ।

२. वैदेशिक रोजगारमा गएको चित्र स्लाइड वा तालिकामा प्रदर्शन गरी विषयवस्तुबारे अनुमान गर्न लगाउनुहोस् ।

३. आजको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### दृश्यबोध र छलफल

१. अहिलेको वास्तविकता बोध गराउने गाउँको चित्र तथा विषयवस्तु प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् ।

२. विद्यार्थीले बुझेका विषयवस्तु पालैपालो रूपमा प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठपोषण गर्नुहोस् ।

३. विद्यार्थीलाई पाठमा दिइएको चित्रका बारेमा पालैपालो वर्णन गर्न लगाउनुहोस् । वर्णनका क्रममा छुटाएका कुरा अन्य विद्यार्थीबाट नै जानकारी दिन लगाउनुहोस् ।

### कविताको संरचना पहिचान

१. फरक फरक कविताका एक एकओटा अनुच्छेदको स्लाइड वा तालिका प्रदर्शन गरी संरचनाका बारेमा मस्तिष्क मन्थन गराउनुहोस् ।

२. पाठ्य कवितामा रहेका पङ्क्ति तथा श्लोक सङ्ख्या पहिचान गर्न लगाउनुहोस् । कविताको जानकारी दिन आफूले तयार पारेको स्लाइड वा तालिका प्रदर्शन गरी छलफल गराउनुहोस् ।

३. पालैपालो पाठ्य कविताको संरचना सम्बन्धी प्रश्न सोधी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### लयबद्ध पठन

१. विद्यार्थीलाई गीत वा कविता प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् । कविता वा गीतमा हुने गति, यति, लयका बारेमा जानकारी दिनुहोस् ।

२. पाठ्य कवितालाई स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् ।

३. यस क्रममा गद्य कविता लय मिलाई कविता वाचन गर्न सके नसकेको पहिचान गर्नुहोस् ।

४. शिक्षकले गद्य कविताको वाचनका तरिका भनिदिनुहोस् र लय मिलाएर वाचन गर्नुहोस् ।

५. पाठ्य कविताको श्लोकलाई आदर्श वाचन गरी वा मोबाइलमा रेकर्ड गरेको वा अन्य कुनै आधिकारिक स्रोतबाट सङ्कलन/डाउनलोड गरेको सामग्री सुनाउनुहोस् । भिडियो उपलब्ध भएमा देखाउनुहोस् ।

६. सुरुमा आफूसँगसँगै सबै विद्यार्थीलाई वाचन अभ्यास गराउनुहोस् र समूहगत, बेन्चगत तथा युगल रूपमा पालैपालो गति, यति, लय तथा हाउभाउसहित कविता वाचन अभ्यास गराई आवश्यक पृष्ठपोषण दिनुहोस् । समूहगत प्रतिस्पर्धा गराई मौखिक उत्प्रेरणा वा स्याबासी कार्ड प्रदान गर्नुहोस् ।

### (ग) मूल्याङ्कन

विद्यार्थीलाई हाउभाउ सहित पाठ्य कविता गति, यति र लय सहित कविता वाचन गर्न लगाउनुहोस् ।

## दोस्रो दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| लयबद्ध पठन (पुनरावृत्ति) | पाठ्य कविता गति, यति र लय मिलाएर वाचन गर्न | • श्लोकपत्ती<br>• कविता वाचनको अडियो / भिडियो<br>• शब्द र अर्थपत्ती<br>• वाक्यपत्ती<br>• प्रश्नोत्तर तालिका |
| शब्दोच्चारण, शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको उच्चारण गर्न र अर्थसहित वाक्यमा प्रयोग गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नहरूको उत्तर दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. कक्षामा चुटकिला कविता वा उत्प्रेरक भनाइ सुनाउन उत्प्रेरित गर्नुहोस् ।

२. आजको कक्षाको पाठ्यवस्तुबारे छलफल गरी गद्यमा लेखिएकको अन्य कविताको अनुच्छेदको स्लाइड वा तालिका प्रदर्शन गरी संरचना र लयका बारेमा छलफल गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**लयबद्ध पठन**

१. शिक्षकले पाठ्य कवितालाई स्लाइड वा तालिकामा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई गति, यति, लय र हाउभाउसहित वाचन गर्न प्रोत्साहन गर्नुहोस् ।

२. शिक्षकले गद्य कविताको वाचनका तरिका भनिदिनुहोस् र लय मिलाएर वाचन गर्नुहोस् । कविता वाचनको नमुना श्रव्य वा श्रव्यदृश्य साधनका माध्यमबाट प्रस्तुत गर्नुहोस् ।

३. शिक्षकले पाठ्य कवितालाई आफूसहित कक्षाका सबै विद्यार्थीलाई सामूहिक रूपमा वाचन गर्न लगाउनुहोस् । यस क्रममा शिक्षकले कविता वाचन गर्ने, शिक्षक र विद्यार्थीले सँगसँगै वाचन गर्ने, विद्यार्थी आफैँले वाचन गर्ने गरी क्रमिक सिकाइ रणनीति उपयोग गर्नुहोस् ।

**शब्दोच्चारण, शब्दार्थ र प्रयोग**

१. विद्यार्थीलाई उच्चारण अभ्यास गर्नुपर्ने शब्द भए टिपोट गर्नुहोस् भनेर समय दिनुहोस् । टिपोट गरिएका शब्द पालैपालो भन्न लगाई शिक्षकले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

२. ती शब्दलाई पालैपालो उनीहरूबाटै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउँदा आफूले लगेको शब्दपत्ति प्रदर्शन गरी थप अभ्यास गराउनुहोस् ।

३. बहुभाषी कक्षामा इतर नेपाली मातृभाषा भएका र उच्चारणमा बढी त्रुटि गर्ने विद्यार्थीलाई शुद्ध उच्चारण अभ्यास गराउँदा उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

४. विद्यार्थीलाई अर्थ बोध हुन नसकेका शब्द पाठबाट खोजी टिपोट गर्न लगाउनुहोस् । उनीहरूले टिपोट गरेका शब्द शैक्षणिक पाटीमा लेख्दै जानुहोस् । ती शब्दको अर्थ विद्यार्थीबाट नै भन्न प्रेरित गर्नुहोस् ।

५. शिक्षकले तयार पारेका अर्थपत्ती प्रदर्शन गरी शब्दको अर्थ स्पष्ट पार्नुहोस् । शब्दकोशको सहयोग लिई शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् । यसका लागि शब्दकोशको प्रयोग गर्ने तरिका बारे स्पष्ट पारिदिनुहोस् ।

६. आफूले वाक्यमा प्रयोग गरी लगेका नमुना वाक्यपत्तीको प्रदर्शन गर्नुहोस् । अर्थयुक्त वाक्य निर्माण सम्बन्धमा छलफल गराउनुहोस् । त्यसपछि कम्तीमा १० ओटा लक्षित शब्दको शब्दपत्ती प्रदर्शन गर्नुहोस् । तीमध्ये कम्तीमा चारओटा शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

७. विद्यार्थीले कार्य गर्दा आवश्यक सहजीकरण गर्नुहोस् । कार्य सकिएपछि पालै पालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र मौखिक उत्प्रेरणा वा स्याबासी प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

१. पाठ्य कविताको कुनै दुई श्लोकलाई स्लाइड वा तालिकामा तयार पारी प्रदर्शन गर्नुहोस् । प्रस्तुत कविताको अंश मौन पठनगरी सोधिएका प्रश्नका उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

२. शिक्षकले शैक्षणिक सामग्रीका रूपमा लगेका प्रश्नहरूको सूची फलाटिन पाटी, स्लाइड वा तालिकाको सहयोग लिई प्रदर्शन गरी सामूहिक छलफल गर्न लगाउनुहोस् । पाठ्य कविताको अंशका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् ।

**जस्तैः क) विदेशमा कमाएको पैसाले आमाको काखलाई म पात्रले किन बिर्सेका रहेछन् ?**

**ख) विदेशमा कमाएको पैसाले आमाका लागि के के गर्न सकेको छैन् ?**

३. विद्यार्थीले तयार पारेका उत्तर पालै पालो भन्न लगाउनुहोस् । उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने पक्षमा विद्यार्थीबाट आवश्यक प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

**(ग) मूल्याङ्कन**

१. कक्षाका विद्यार्थीलाई आज सिकाइएको कविताको पहिलो श्लोकलाई गति, यति, लय र अनुप्रास मिलाएर वाचन गर्न लगाउनुहोस् ।

२. दिइएका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :

**अँजुली, ठेला, पृथ्वी, भकारो, चक्र**

## तेस्रो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| शब्दार्थ र प्रयोग | निर्दिष्ट शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न | • शब्दपत्ती<br>• अर्थपत्ती<br>• वाक्यपत्ती |
| विपरीतार्थ शब्द | विपरीतार्थ शब्द पहिचान गरी प्रयोग गर्न | |
| समान ध्वनियुक्त शब्द | समान ध्वनियुक्त शब्द पहिचान गरी प्रयोग गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कुनै प्रेरक प्रसङ्ग सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि पृष्ठपोषण दिनुहोस् । साथै आजको कक्षाको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## शब्दार्थ र प्रयोग

१. पाठबाट विद्यार्थीलाई अर्थबोध हुन नसकेका शब्द टिपोट गर्न लगाउनुहोस् । ती शब्द भन्न लगाउँदै आफूले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । शैक्षणिक पाटीमा टिपिएका ती शब्दको अर्थ भन्न विद्यार्थीलाई नै भन्न प्रोत्साहित गर्नुहोस् । एउटाले नजाने अर्कालाई पालैपालो अर्थ भन्न लगाउनुहोस् । अन्त्यमा आफूले लगेका शब्दपत्ती प्रदर्शन गरी थप स्पष्ट पारिदिनुहोस् ।
२. शब्दभण्डार खण्डको अभ्यास १ र ३ मा भएका पदावलीको नमुना प्रदर्शन गरी पाठबाट पहिचान गर्न सिकाउनुहोस् । कुनै विद्यार्थी वा समूहलाई शब्द खेज्न समस्या भएमा आवश्यकतानुसार सहजीकरण गर्नुहोस् । शब्दकोशको सहायता लिई थप शब्दको अर्थ खोज्न प्रोत्साहित गर्नुहोस् ।
३. प्रत्येक बेन्चलाई एक एक समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि शब्दार्थ खण्डमा दिइएका शब्द समूहलाई एकओटा हुने गरी विभाजन गरी विभाजन गरिदिनुहोस् र मौलिक वाक्य बनाउन निर्देशन दिनुहोस् ।

४. विद्यार्थीले समूह कार्य गरिसकेपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण गर्नुहोस् ।

## विपरीतार्थी शब्दको पहिचान र प्रयोग

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी समूह नेता छान्न लगाउनुहोस् । निम्न शब्दका विपरीतार्थक शब्द के-के हुन भनेर सोध्नुहोस्: **दिन, अगाडि, फेद, वारी, सुरू** ।

२. समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण दिनुहोस् ।

३. विद्यार्थी समूहलाई शब्द भण्डार खण्डको अभ्यास २ का आधारमा विपरीत अर्थ भन्न लगाउनुहोस् । विद्यार्थी समूहले अभ्यास गरिसकेपछि साथी साथीबिच  साटेर कापी परीक्षण गर्न लगाउनुहोस् । शिक्षकले शैक्षणिक पाटीमा उत्तर लेखेर नमुना देखाउनुहोस् र मिले नमिलेको हेर्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. बोध र अभिव्यक्तिको भाषा संरचना पहिचानको क्रियाकलाप गराइ सामूहिक परीक्षण गर्नुहोस् ।

५. शिक्षकले तयार पारेको अनुच्छेद स्लाइड वा चार्ट मार्फत प्रदर्शन गरी कुनै तीनवटा शब्दलाई रेखाङ्कन गरिदिनुहोस् । ती शब्दको विपरीत अर्थ लेखी वाक्यमा प्रयोग गर्न युगल वा बेन्चगत समूहलाई दिनुहोस् । समूह कार्य सकिएपछि टोली नेतालाइै पालैपालो प्रस्तुतीकरण गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## समान ध्वनियुक्त शब्दको पहिचान र प्रयोग

१. शिक्षक समान ध्वनियुक्त शब्दको स्लाइड वा चार्ट प्रदर्शन गर्नुहोस् । ती शब्दलाई पालैपालो विद्यार्थीबाट नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उच्चारणका क्रममा आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।
२. समान ध्वनियुक्त शब्द प्रयोग भएको अनुच्छेदको स्लाइड वा तालिका प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई समान ध्वनियुक्त शब्द पहिचान गर्न निर्देशन दिनुहोस् र शैक्षणिक पाटीमा ती शब्द टिपोट गर्दै जानुहोस् ।
३. शैक्षणिक पाटीमा टिपिएका शब्द मिले नमिलको सुनिश्चित गरी उच्चारण अभ्यास गराउनुहोस् । जस्तैः

**मैले दुःखले कमाएको पैसाले म जन्मेको घरको दैलो पोतेनछ**
**झिसमिसे मै गएर पानी ल्याए नछ गोठको भकारो  फालेनछ ।**

४. कविताका अनुच्छेदबाट अनुप्रासयुक्त शब्द खोज्न लगाउनुहोस् र प्रस्तुत गर्न लगाउनुहोस् ।
५. समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

१. निम्न शब्दको विपरतार्थी शब्द लेख्न लगाउनुहोस् : **अगाडि, माथि, होचो, सुन्दर**

२. दिइएको पदहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् : **धमिलो, चक्र, भकारो, पानीजहाज**

## चौथो दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| विषयवस्तुमा आधारित अन्तरक्रिया | विषयवस्तुमा आधारित भएर अन्तरक्रिया गर्न | • शब्दपात्ती<br>• वाक्यपत्ती<br>• श्लोकपत्ती<br>• प्रश्नोत्तरको नमुना तालिका |
| कविता पुरण | उपयुक्त शब्द राखी कविता पूरा गर्न | |
| बोधात्मक प्रश्नोत्तर | बोधात्मक प्रश्नोत्तर गर्न | |
| पद्यमा रूपान्तरण | गद्य कवितालाई पद्यमा रूपान्तरण गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले चुटकिला वा कुनै प्रेरक प्रसङ्ग सुनाउने अवसर प्रदान गरेर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषय वस्तुको सारबारे छोटो छलफल गराउनुहोस् ।

३. आजको सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

**विषयवस्तुका आधारमा अन्तरक्रिया**

१. शिक्षकले आमाको ममताका कुनै दुईओटा विशेषता स्लाइड वा तालिकाका माध्यमबाट प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई ती विशेषता पालैपालो भन्न उत्प्रेरित गर्नुहोस् ।

२. आमासँग सम्बन्धित अरू थप तीनओटा मुख्य विषयवस्तु के के हुन सक्छन्, छलफल गर्न प्रोत्साहन गर्नुहोस् । विद्यार्थी बिच भएको छलफल अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीले छलफल गरिसकेपछि विचार प्रस्तुत गर्न लगाउनुहोस् । यसै क्रममा शिक्षकले विद्यार्थीबाट प्रस्तुत भएका मुख्य मुख्य विषयवस्तु शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् ।

४. शिक्षकले तयार पारेका अन्य विशेषता सूची वा तालिकामार्फत प्रस्तुत गर्नुहोस् । शैक्षणिक पाटीमा टिपोट गरिएका र शिक्षकले तयार पारेका कुन कुन विषयवस्तुमा समानता छ, कुन कुन विषयवस्तु छुटेको रहेछन् भन्ने बारे पालै पालो भन्न लगाउनुहोस् । अन्तरक्रियाको क्रममा आवश्यक सहजीकरण सहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**कविता पूरण**

१. पाठ्य कविताको कुनै हरफ स्लाइड वा तालिकामार्फत प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई सामूहिक रूपमा लय वाचन गर्न लगाउनुहोस् । वाचनका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

२. वाचन गरिएको श्लोकका वाक्यबाट शब्द हटाइने र खाली ठाउँमा हटाइएका शब्द राखेर कवितांश पूरा गर्नुपर्ने जानकारी गराउनुहोस् ।

३. स्लाइड वा तालिकामा प्रदर्शित अनुच्छेदका वाक्यलाई खाली ठाउँ भर्ने अभ्यास बनाई कविता पूरण गर्न लगाउनुहोस् । छुटेका शब्द राखी कविता सुनाउन उत्प्रेरित गर्नुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

४. पाठ्य कविताको थप कुनै अंश खाली ठाउँ भर्ने अभ्यास बनाई कविता पूरण गर्न लगाउनुहोस् । कवितांशको पूर्ण रूपमा तयार भएपछि पालैपाले सुनाउन लगाउनुहोस् र अन्त्यमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**बोधात्मक प्रश्नोत्तर**

१. मौन पठनका लागि उपयुक्त वातावरण निर्माण गर्नुहोस् । मौन पठनपश्चात् सोधिएका प्रश्नको उत्तर दिनुपर्ने जानकारी विद्यार्थीलाई दिनुहोस् ।

२. मौन पठनका लागि तयार पारेको पाठ्य कविताको चौथो अनुच्छेदको स्लाइड वा तालिका प्रदर्शन गर्नुहोस् । विद्यार्थीले मौन पठन गर्दै गरेको अवधिको अवलोकन गर्दै जानुहोस् ।

३. शिक्षकले बोध अभिव्यक्ति खण्डको अभयास ४ लाई फलाटिन पाटी, स्लाइड वा तालिकामार्फत प्रदर्शन गरी छलफल गर्न लगाउनहोस् ।

४. बोध प्रश्नको उत्तर लेखन ढाँचा, शैलीका बरेमा छलफल गरी अवश्यक सहजीकरण गरिदिनुहोस् । बोध र अभिव्यक्ति खण्डको अभ्यास ४ का आधारमा बोध प्रश्नोत्तरको अभ्यास गराउनुहोस् ।

५. उत्तरको पहिचान भए नभएको बारे छलफल चलाउनुहोस् र आवश्यक सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**जस्तै : (क) कवितामा कविले आमाका बरोमा धमिलोसँग सम्झेका कुरा के के हुन ।**

**उत्तर : आमाले पिठिउँमा बोकेर लोरी गाउँदै जाँतो घुमाएको, नजिकै राखि जाँतो घुमाउँदै सुनकेसरी मैया र मधुमालतीको कथा सुनाएको जाँतो घुमाउने जिद्दी गर्दा माया गर्दै सक्दैनस् हातमा ठेला उठ्छ भनेको कुरा कविले आमाका बारेमा धमिलोसँग सम्झिएका हुन् ।**

६. कविताका अन्य हरफका आधारमा बोध प्रश्नोत्तर अभ्यास गराउनुहोस् । यो अभ्यासका आधारमा बोध र अभिव्यक्तिको अभ्यास ४ गराउनुहोस् ।

७. सङ्क्षिप्त उत्तरको संरचनाका बारेमा छलफल गर्नुहोस् । छलफलको क्रममा साथी बिच प्रश्नोत्तरको अभ्यास गर्न लगाई सहपाठी सिकाइको वातावरण बनाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**जस्तै :**

**प्रश्नः 'म' पात्र देश फर्कन जहाजको यात्री बन्न नसक्नुको कारण के हो ?**

**उत्तरः आफ्नै जीवनको चत्रको जाँतो झैँ फनफनी घुमाउँदा त्यसबाट पार पाउने उत्कृष्ट अभिलाषा सहित विदेश पसेको 'म' पात्र विदेशमा पाएको खुसी र विलासपूर्ण जीवन भौतिक सुखसुविधा, स्वतन्त्रता र रसरङ्मा रमाउने दिनचार्यले देश फर्कने जहाजको यात्री बन्न नसकेको हो ।**

### (ग) मूल्याङ्कन

२. सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर दिन लगाउनुहोस्:

**(क) दुनियाँको सबैभन्दा प्यारो आमाको काखलाई 'म' पात्रले किन विर्सेका रहेछन् ?**

**(ख) छुट्टीको दिन 'म' पात्रले के के देखेको कुरा सोचेका छन् ?**

## पाँचौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| कविताको भावबोध (पहिलो, दोस्रो, तेश्रो, चौँथो) | निर्दिष्ट कविताको भावबोध सम्बन्धी प्रश्नको उत्तर दिन | • श्लोकपत्ती<br>• भावपत्ती<br>• बुँदापत्ती<br>• प्रश्नोत्तरको नमुना तालिका |
| पाठगत बोधात्मक अभ्यास | पाठगत बोधात्मक प्रश्नको उत्तर दिन | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई पनि आफ्ना सिर्जना वा सङ्कलन गरिएका कविता वा गीत सुनाउने अवसर प्रदान गर्नुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गराउनुहोस् ।

३. आजको सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### कविताको भावबोध

१. शिक्षकले पाठ्य कविताको पहिलो श्लोक स्लाइड वा तालिका प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई सामूहिक रूपमा लयबद्ध वाचन गर्न लगाउनुहोस् । वाचनका क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

२. कविताको पहिलो श्लोकको आशय वा भावार्थ विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका विषयवस्तु बुँदागत रूपमा शैक्षणिक पाटीमा टिपोट गर्नुहोस्, टिपोट गरिएका बुँदाका आधारमा छलफल गराउनुहोस् ।

३. कविताको पहिलो श्लोकको भावार्थका बुँदा स्लाइड वा तालिका प्रदर्शन गर्नुहोस् ।

४. विद्यार्थीलाई कविताको पहिलो श्लोक हेरी बुँदाका आधारमा भावार्थ भन्न उत्प्रेरित गर्नुहोस् । विद्यार्थीको भावार्थ भन्ने क्रममा भावको शृङ्खला र वाक्य सङ्गति मिले नमिलेको ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

५. शिक्षकले पाठ्य कविताको दोस्रो श्लोकको स्लाइड वा तालिका प्रदर्शन गर्नुहोस् । पाठ्य कविताको दोस्रो श्लोकको भावार्थका बुँदा लेख्न लगाउनुहोस् । पालैपालो बुँदा भन्ने अवसर प्रदान गर्नुहोस् । ती बुँदालाई समेटी भावार्थ भन्न अभिप्रेरित गर्नुहोस् ।

६. कविताको दोस्रो श्लोकको भावार्थ बुँदा स्लाइड वा चार्टमा प्रदर्शन गर्नुहोस् । ती बुँदा हेरी भावार्थ भन्न लगाउनुहोस् । यस क्रममा आवश्यक सहजीकरण गर्नुहोस् ।

७. पाठ्य कविताको तेश्रो स्लोक सम्बद्ध बुँदा प्रर्दशन गरी सम्बन्धित श्लोकको पहिचान गर्न सिकाउनुहोस् । ती बुँदाहरू विस्तार गरी भावार्थ लेखन अभ्यास गराउनुहोस् । यस क्रममा विद्यार्थीको स्तर पहिचान गरी थप सहजीकरणसहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**पाठगत बोधात्मक अभ्यास**

१. शिक्षकले पाठ्य कविताको पहिलो दोश्रो र तेश्रो श्लोकभित्र रहेर बनाएको ठिक बेठिक छुट्याउने प्रश्न स्लाइड वा तालिकामा प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई ठिक र बेठिक छुट्याउन प्रोत्साहित गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गरिदिनुहोस् ।

३. शिक्षकले पाठ्य कविताको पहिलो दोश्रो र तेश्रो श्लोकभित्र रहेर बनाइएका प्रश्न प्रदर्शन गर्नुहोस् । ती प्रश्नको उत्तर लेख्न प्रेरित गर्नुहोस् । उत्तर लेखन पश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

प्रश्न

**(क) लेखकलाई किन सास फेर्न कठिन भैरहेको छ ?**

**(ख) जाँतो घुमाउने जिद्धी गर्दा आमाले के भनेर सम्झाउनु भयो ?**

**(ग) मूल्याङ्कन**

१. तल दिइएको कवितांशको भावार्थ भन्न लगाउनुहोस् :

**अँजुलीभरि सपनाहरूको घान हालेर**
**तिमीले मेरा लागि घुमाइरह्यो जाँतो**
**जीवनभरि ।**

## छैटौं दिन

**१. सिकाइ क्षेत्र**

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| कविताको भावबोध (छैठौं, सातौं, आठौं) | निर्दिष्ट कवितांशको भावबोध सम्बन्धी प्रश्नको उत्तर दिन | • श्लोकपत्ती<br>• भावपत्ती<br>• बुँदापत्ती, पश्नोत्तरको नमुना तालिका |
| पठन बोध सम्बन्धी अभ्यास | बोधात्मक प्रश्नहरूको उत्तर दिन | |

**२. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) सुरुआती क्रियाकलाप**

१. अगिल्लो कक्षामा छलफल गरिएका विषयवस्तु कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रस्तुतिपछि राम्रो नराम्रो दुवैको पृष्ठपोषण दिनुहोस् ।

२. आजको सिकाइ सहजीकरण क्रियाकलापको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**कविताको भावबोध**

१. कक्षाका विद्यार्थीको प्रतिनिधित्व हुनेगरी कुनै ६, ७ र ८ श्लोकलाई निश्चित समय दिई कविताको भावार्थसँग सम्बन्धित बुँदा लेख्न प्रोत्साहन गर्नुहोस् । विद्यार्थीले भावार्थ टिपोट गर्दा अवलोकन गर्नुहोस् ।

२. कविताको निर्दिष्ट श्लोकको आशय वा भावार्थलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । विद्यार्थीले भनेका बुँदागत रूपमा शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । प्रस्तुतिपछि सुधार गर्नुपर्ने पक्षमाथि विद्यार्थीबाटै छलफल गराई शिक्षकले समग्रमा उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

३. शिक्षकले तयार पारेका प्रत्येक श्लोकका भावार्थका बुँदा स्लाइड वा तालिकाको सहयोगमा क्रमशः प्रदर्शन गर्नुहोस् । प्रत्येक बुँदामाथि छलफल गराउनुहोस् । भावार्थ टिपोट गर्दा सबै विद्यार्थीको प्रतिनिधित्व हुने अवसर दिनुहोस् । विद्यार्थीले भावार्थ भन्ने क्रममा भावको शृङ्खला र वाक्य सङ्गति मिले नमिलेको ख्याल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. ती बुँदाहरू विस्तार गरी भावार्थ लेख्ने अभ्यास गराउनुहोस् । यस क्रममा विद्यार्थीको लेखन स्तर पहिचान गरी थप सहजीकरण सहित पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**पठन बोधसम्बन्धी अभ्यास**

१. शिक्षकले पाठ्य कविताको निर्दिष्ट श्लोकभित्र रहेर बनाएको ठिक र बेठिक छुट्याउने प्रश्न स्लाइड वा तालिकामा प्रदर्शन गर्नुहोस् ।

२. विद्यार्थीलाई प्रत्येक वाक्य पालैपाले भन्न लगाउनुहोस् । ठिक र बेठिक छुट्याएर प्रोत्साहित गर्नुहोस् । यस क्रममा आवश्यक सहजीकरण गरी दिनुहोस् ।

३. शिक्षकले पाठ्य कवितासँग सम्बन्धित अति सङ्क्षिप्त उत्तरात्मक प्रश्न स्लाइड वा तालिकामा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालै पालो प्रश्नोत्तर भन्न लगाउनुहोस् । प्रश्न सोध्ने र उत्तर दिने तरिका उपयुक्त भए नभएको अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. स्लाइड वा तालिकामा प्रदर्शन गरिएका प्रश्नहरूको उत्तर लेख्न उत्प्रेरित गर्नुहोस् । उत्तर लेखन पश्चात् साथी साथीमा कापी साटेर परीक्षण गर्न लगाउनुहोस् । मिले नमिलेको हेरी आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ग) मूल्याङ्कन**

१. तल दिइएको कवितांशको भावार्थ भन्न लगाउनुहोस् :

आमा
यता म फसेको छु जीवनको दलदलेमा
जति निस्कन खोज्छु यो देशबाट

उति नै जेडले भासिन्छु तल
अझ तल
झनै तल ।

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बोध प्रश्नोत्तर | बोध प्रश्नको उत्तर दिन | ● श्लोकपत्ती<br>● बुँदापत्ती<br>● प्रश्नोत्तरको नमुना तालिका |
| व्याख्या | निर्दिष्ट कविताांशको व्याख्या गर्न | |
| मूलभाव लेखन | कविताको मूल भाव लेख्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

१. गाउँखाने कथा वा कविता सुनाएर उत्प्रेरणा जगाउनुहोस् । अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सार प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

२. सिकाइ सहजीकरण क्रियाकलापको लागि आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### बोध प्रश्नोत्तर

१. बोध र अभिव्यक्ति खण्डको अभ्यास ५ मा दिइएको अनुच्छेद स्लाइड वा तालिका प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई प्रदर्शित अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।

२. विषयवस्तुको बोध र भाषिक संरचना पहिचानसँग सम्बन्धित प्रश्न स्लाइड वा तालिकामा देखाउनुहोस् । विद्यार्थी तोकी एक एकओटा प्रश्न दिएर अनुच्छेदबाट खोजेर लेख्न लगाउनुहोस् । यसका लागि निश्चित समय दिनुहोस् ।

३. विद्यार्थीले उत्तर लेखिसकेपछि कक्षाका २ वा ३ विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई उत्तर मिले नमिलेको तथा सुधार गर्नुपर्ने विद्यार्थीबाट प्रतिक्रिया मागी मूल्याङ्कन गराउनुहोस् ।

#### व्याख्या

१. शिक्षकले व्याख्या सम्बन्धी नमुना शैक्षिक सामग्रीको स्लाइड वा तालिका प्रदर्शन गर्नुहोस् । व्याख्या गर्ने तरिका र सोको संरचनासम्बन्धी प्रश्नोत्तर क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

२. विद्यार्थीलाई समय तोकी पाठ्य कविताका कुनै श्लोक व्याख्या गर्न लगाउनुहोस् । विद्यार्थीले लेख्दै गर्दा सबै विद्यार्थीमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

३. निर्दिष्ट समय समाप्त भएपछि विद्यार्थीलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस । अन्य विद्यार्थीलाई मूल्याङ्कन र पृष्ठपोषणका लगि प्रोत्साहित गर्नुहोस् । विद्यार्थीले लेख्न छुटाएका विषयवस्तु तथा संरचनाबारे आवश्यक सहजीकरणसहित पृष्ठपोषण गर्नुहोस् ।

#### मूलभाव लेखन

१. अगिल्ला कक्षामा सिकेका श्लोकका भावार्थलाई छलफलसहित पुनरावृत्ति गराउनुहोस् । यस क्रममा भावार्थ लेखनमा कविताको श्लोकमा केन्द्रित हुनुपर्ने र मूल भाव लेखनमा पुरै कविता वा पाठमा केन्द्रित हुनुपर्ने बताइदिनुहोस् ।
२. विद्यार्थीलाई कविताको प्रत्येक श्लोकका मुख्य मुख्य विषयवस्तु समेटेर मूलभाल लेख्न उत्प्रेरित गर्नुहोस् यसका लागि समय तोकी दिनुहोस् । कक्षा कार्यलाई शिक्षकले अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थी छनोट गरी कविताको मूलभाव प्रस्तुतीकरणको अवसर दिनुहोस् । थपघट गर्नुपर्ने विषयवस्तुका बारेमा छलफल गर्न लगाउनुहोस् र त्यसपछि आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. शिक्षकले पाठ्य कविताको मूलभाव लेखनको नमुना स्लाइड वा तालिका प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई पालैपालो वाचन गर्न गलाउनुहोस् । सोही क्रममा कविताको श्लोक, भावार्थ र मूलभाव बिचको सम्बन्धका बारेमा छलफल गराई धारणा स्पष्ट पार्नुहोस् ।

**(ग) मूल्याङ्कन**

१. लामो समय टाढा बरेर आमालाई सम्झँदा तपाइँको मनमा कस्तो भाव उत्पन्न हुन्छ, ? लेख्न लगाउनुहोस् ।

३. तपाईं विदेशमा हुनुहुन्छ आफ्नो जन्मभूमि आउन (फर्कन) मन लागेर पनि आउन नसक्दा तपाइँलाई कस्तो अनुभूति हुन्छ, बताउनुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| पदक्रम | सामान्य र विशिष्ट पदक्रम पहिचान गरी रूपान्तरण गर्न | • बुँदापत्ति<br>• प्रश्नोत्तरको नमुना तालिका<br>• पदक्रम मिलेका र नमिलेका वाक्यको तालिका<br>• अनुच्छेदपत्ती |
| अनुच्छेद लेखन | दिइएका विषयवस्तुमा आधारित भई अनुच्छेद लेख्न | |
| भाषिक प्रकार्य | परिकल्पनामा आधारित भाषिक सञ्चार गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. विद्यार्थीलाई आफ्ना रचना वा सङ्कलित रचना सुनाउन लगाउनुहोस् ।

२. अगिल्ला कक्षामा गरेका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गराउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**पदक्रम**

१. उदाहरणहरू विद्यार्थीलाई देखाउँदै पदक्रम मिलेका र नमिलेका वाक्यका पदक्रमलाई कसरी राख्दा ठिक हुन्छ ? कसरी राख्दा ठिक हुँदैन ? भनी पदक्रमको धारणा स्पष्ट पारिदिनुहोस् र विद्यार्थीलाई पनि अभ्यासात्मक कार्य गर्न लगाउनुहोस् । आवश्यक सहजीकरण गरिदिनुहोस् ।

२. शिक्षकले पदक्रम रूपान्तरको विभिन्न उदाहरणका स्लाइड वा तालिका प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पदक्रम रूपान्तरणको परिचय स्पष्ट पार्नुहोस् । विद्यार्थीलाई पदको क्रम मिलाएर वाक्य बनाउन उत्प्रेरित गर्नुहोस् ।

३. विद्यार्थीहरूलाई पदक्रमसँग सम्बन्धित अभ्यास गर्न लगाउनुहोस् । आवश्यक सहजीकरण गर्नुहोस् र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**अनुच्छेद लेखन**

१. विद्यार्थीलाई कुनै पनि शीर्षकमा अनुच्छेद लेख्ने तरिकाबारे छलफल गर्दै अनुच्छेद के हो, कसरी अनुच्छेद तयार हुन्छ भन्ने बारे स्पष्ट पारिदिनुहोस् ।
२. शिक्षकले आफूले तयार पारेको अनुच्छेदका स्लाइड प्रदर्शन गर्नुहोस् । त्यसमा विद्यार्थीलाई छलफल गर्न लगाउनुहोस् । आवश्यक सहजीकरण गर्नुहोस् ।
३. विद्यार्थीलाई पाठको अभ्यास १० मा दिइएको अनुच्छेद पढेर आत्मपरक शैलीमा अनुच्छेद रचना गर्ने अवसर प्रदान गर्नुहोस् र आवश्यक सहजीकरण प्रदान गर्नुहोस् ।

**भाषिक प्रकार्य**

१. विद्यार्थी सङ्ख्याका आधारमा युगल वा बेन्चगत समूह निर्माण गरी टोली नेता छान्नुहोस् । शिक्षकले बोध र अभिव्यक्ति खण्डको प्रश्न ११ स्लाइड वा चार्टमार्फत प्रदर्शन गर्नुहोस् । प्रदर्शित सामग्री मनमनै पढ्न अभिप्रेरित गर्नुहोस् ।

२. चार्ट वा स्लाइडमा प्रदर्शन गरिएको सामग्रीको भाषाशैली, सन्दर्भ, परिवेशका बारेमा समूहको धारणा बनाउन उत्प्रेरित गर्नुहोस् ।

३. शिक्षकले परिकल्पनामा आधारित विषयवस्तुमा केन्द्रित रही भाषिक प्रकार्यको थप नमुना प्रस्तुत गर्नुहोस् र संवादात्मक अभिव्यक्तिको अवसर दिनुहोस् ।

४. बोध र अभिव्यक्ति खण्डको अभ्यास ११ मा दिइएको सन्दर्भ बुझेर हाउभाउसहित पालैपालो आफ्ना विचार प्रस्तुतिको अवसर प्रदान गर्नुहोस् ।

५. विद्यार्थीले आफ्ना विचार राख्ने क्रममा प्रयोग गरेका शब्द, पदसङ्गतिका बारेमा छलफल गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

६. विद्यार्थीको बोली, हाउभाउ र व्यवहारमा विनम्रताको भाव झल्किएको छ छैन त्यसको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### (ग) मूल्याङ्कन

आमाको तस्बिर कविताको अन्तिम दुई श्लोकलाई व्याकरणिक पदक्रममा परिवर्तन गर्न लगाउनुहोस् ।

## नवौं दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| श्रुतिबोध | सुनाइ पाठ १५ का आधारमा श्रुतिबोधात्मक प्रश्नोत्तर गर्न | • अडियो/भिडियो<br>• वाक्यपत्ती<br>• अनुच्छेदपत्ती<br>• शब्दपत्ती |
| वाच्यको पहिचान र प्रयोग | कर्तृवाच्य र भाववाच्यको पहिचान गरी वाक्यान्तरण गर्न | |
| वर्णविन्यासको पहिचान (रि/ऋ) | दिइएको अनुच्छेदबाट रि र ऋ प्रयोग भएका शब्द पहिचान गर्न | |
| सिर्जना र परियोजना कार्य | विद्युतीय वा पत्रपत्रिकाबाट गद्य कविता सङ्कलन गरी प्रस्तुत गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

#### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले गाउँखाने कथा वा चुट्किला सुनाएर उत्प्रेरणा जगाउनुहोस् ।

२. अगिल्लो दिनको पाठ्यवस्तु सार प्रस्तुत गर्न लगाई आजको पाठ्यवस्तुबारे जानकारी गराउनुहोस् ।

#### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### श्रुतिबोध

१. विद्यार्थी सङ्ख्याका आधारमासमूह निर्माण गरी टोली नेता छान्नुहोस् । विद्यार्थीलाई सुनाइ र बोलाइका बारेमा छलफल गराई टोली नेतामार्फत धारणा राख्ने अवसर दिनुहोस् ।

२. टोली नेताले राखेका धारणा शिक्षकले शैक्षणिक पाटीमा टिप्नुहोस् । सुनाइ पाठका आधारमा अभ्यास गर्ने तरिका स्पष्ट पार्नुहोस् । जस्तै :

- सुनाइ  र बोलाइ खण्डमा दिइएका प्रश्नहरू ध्यानपूर्वक पढ्नुहोस् ।
- सुनाइ पाठका विषयवस्तु ध्यानपूर्वक सुन्नुहोस् ।
- सुनाइ पाठमा आधारित भएर प्रश्नको संरचनाअनुसार उत्तर भन्नुहोस् ।

३. सुनाइ पाठ १५ शिक्षक स्वयम्ले वाचन गरी वा मोबाइलमा रेकर्डिङ गरी वा पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट डाउनलोड गरी आवश्यकताका आधारमा (दुई वा दुईभन्दा बढी) सुनाउनुहोस् ।

४. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको अभ्यास १ को अभ्यास मौखिक रूपमा गराउनुहोस् । एउटा समूहले भन्न नसके अर्को समूहलाई भन्ने अवसर दिनुहोस् । यस क्रममा सिकाइ सहजीकरणसहित पृष्ठपोषण दिनुहोस् ।

५. सुनाइका आधारमा सुनाइ र बोलाइ खण्डको अभ्यास २ समूहमा छलफल गराउनुहोस् । टोली नेतालाई पालैपालो कवितामा नेपाल र नेपालीको पहिचानबारे भन्न उत्प्रेरित गर्नुहोस् ।

६. विद्यार्थीको प्रस्तुति सुनिसकेपछि सुनाइ र बोलाइ सिपको विकास गर्न थप अभ्यास गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

## भाषिक संरचना/वाच्यको पहिचान र प्रयोग

१. विद्यार्थीलाई अनुच्छेदबाट कर्तृवाच्य, भाववाच्य, कर्मवाच्य बुझाउने क्रियापदहरू टिप्न लगाउनुहोस् । ती क्रियापदले बुझाउने वाच्य कुन हो छुट्याई ती क्रियापद प्रयोग गरी कर्तृवाच्य, कर्मवाच्य, भाववाच्य बुझाउने वाक्य निर्माण गर्न लगाउनुहोस् । आवश्यक सहजीकरण गर्नुहोस् र पृष्ठपोषण गर्नुहोस् ।

**आमाद्वारा भाइलाई पढाइयो । म बजार जान्छु । आफू त सुतिन्छ । भाइलाई सुताइयो । विद्यार्थी खेल खेल्छन् । गोपालद्वारा गृह कार्य गरियो ।**

२. शिक्षकले कर्तृवाच्य र भाववाच्यमा सकर्मक क्रिया र अकर्मक क्रियापद प्रयोग गरेर वाच्य परिवर्तन गर्ने तरिका स्पष्ट बनाइदिनुहोस् ।

३. विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् र भाषिक संरचना र वर्णविन्यासको २, ३, ४, ५ अभ्यास एउटा एउटा समूहलाई गोला प्रथाद्वारा विभाजन गर्नुहोस् । अभ्यास गरिसकेपछि टोली नेतालाई प्रस्तुत गर्न लगाउनुहोस् । धन्यवाद र पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## वर्णविन्यासको पहिचान

१. शिक्षकले ऋ/रि प्रयोग भएका शब्द तालिका /शैक्षणिक पाटी/स्लाइडका माध्यमबाट प्रदर्शन गरी छलफल गराउनुहोस् ।

२. संस्कृत भाषाका शब्दमा ‘ऋ’ को प्रयोग हुन्छ जसलाई तत्सम शब्द भनिन्छ र नेपालीका आफ्ना शब्द तद्भव हुन् । यस्ता शब्दमा ‘रि’ को प्रयोग हुन्छ भन्ने धारणा विद्यार्थीमा स्पष्ट पारिदिनुहोस्

३. विद्यार्थीलाई भाषिक संरचना र वर्णविन्यासको अभ्यास ६ र ७ लाई निश्चित समय दिई अभ्यास गर्न लगाउनुहोस् शिक्षकले सहजीकरण गरिदिनुहेस् ।

४. शैक्षणिक पाटीमा अभ्यास ६ र ७ को उत्तर लेख्न लगाउनुहोस् र त्यसलाई सामूहिक परीक्षण गर्न लगाउनुहोस् ।

## सिर्जना र परियोजना कार्य

१. सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा छलफल चलाउनुहोस् ।

२. विद्यार्थीलाई आफूसँग रहेका वा पत्रपत्रिकामा रहेका कविताहरू सङ्कलन गरी भोलिको कक्षामा प्रस्तुति गर्नका लागि लिएर आउन लगाउनुहोस् ।

## (ग) मूल्याङ्कन

१. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाच्य परिवर्तन गर्न लगाउनुहोस् :

(क) म बजार डुल्छु । (भाववाच्य)

(ख) घर गइन्छ । (कतृवाच्य)
२. दिइएका शब्द शुद्ध गर्न लगाउनुहोस् :
रितु, पत्रृश्रमी, रिषि, रिचा, ऋतिरिवाज

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| कविता सङ्कलन र प्रस्तुति | सामाजिक भाव व्यक्त गर्ने कविता सङ्कलन गरी गति, यति र लय मिलाएर वाचन गर्न | • अडियो/भिडियो<br>• कविता तालिका |
| कविता रचना | कविता रचना गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) सुरुआती क्रियाकलाप**

१. शिक्षकले कविता वा मुक्तक सुनाएर ध्यान आकर्षित गर्नुहोस् ।

२. अगिल्लो कक्षाका सिकाइका विषयवस्तुको सारबारे छोटो छलफल गर्नुहोस् ।

३. आजको पाठ्यवस्तुबारे स्पष्ट पार्नुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

**कविता सङ्कलन र प्रस्तुति**

१. कविता लयबद्ध वाचन गर्ने तरिकाका विषयमा जानकारी गराउनुहोस् । शिक्षकले ल्याएको तालिकाको सहयोगमा कविता वाचन गर्दा ध्यान दिनुपर्ने विषयमा विद्यार्थीका बिच छलफल गराउनुहोस् ।

२. हिजोको कक्षामा दिइएको कार्यअनुसार सङ्कलन गरिएका कविताहरू शैक्षणिक पाटीमा टिपोट गरिदिनुहोस् । टिपोट गरिएका कविताबाट सामाजिक विषय तथा भाव बुझाउने कविता छान्न लगाउनुहोस् । छानिएका कवितालाई पालैपालो प्रस्तुतीकरण गर्ने अवसर प्रदान गर्नुहोस् ।

३. कविता वाचनपछि कक्षामा छलफल गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् । वाचनमा उत्कृष्ट भएका कवितालाई पुनःवाचन गर्न लगाउनुहोस् ।

**कविता रचना**

१. कविता रचना गर्ने विभिन्न तरिकाका बारेमा छलफल गर्न लगाउनुहोस् । छलफलको निष्कर्षलाई भन्न उत्प्रेरित गर्नुहोस् । आवश्यक सहजीकरणसहित कविता रचना गर्ने तरिका सिकाउनुहोस् ।

२. विद्यार्थीलाई निश्चित समयभित्रमा आफूलाई मन परेको शीर्षकमा कविता लेख्न लगाउनुहोस् । विद्यार्थीले कविता लेखेको समयमा निरीक्षण गर्नुहोस् ।

३. विद्यार्थीले लेखेका कविता लेखक स्वयम्लाई वाचन गर्न लगाउनुहोस् । कविताको श्लोक अनुसारको गति, यति र लय मिलाएर वाचन गर्न समस्या भएका स्थानमा सहयोग गरिदिनुहोस् ।

४. राम्रो कविता र राम्रो वाचकलाई हौसला दिनुहोस् । कविता रचनामा समस्या भएका विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(ग) मूल्याङ्कन**

आफूलाई मन परेको विषयमा एउटा कविता तयार पार्न लगाउनुहोस् ।

## पाठ : १६ भविष्य निर्माण

**विधा : कथा** **कार्यघण्टा : ११**

### परिचय

**'भविष्य निर्माण'** बाल मनोवैज्ञानिक कथा हो । बाल कथाकार देवकुमारी थापा (वि.सं. १९८५-२०६८) को यस कथामा एउटा बालकको मनको सूक्ष्म विश्लेषण तथा उसको संवेगावस्था र त्यसको प्रभावको अध्ययन गर्ने काम भएको छ । पाठ्य कथाको सहजीकरणका क्रममा मनोवैज्ञानिक कथात्मक अभिव्यक्ति सिपको विकास गराउने जमर्को गरिएको छ ।

यस पाठमा सुनाइ, बोलाइ, पढाइ र लेखाइका माध्यमबाट भाषिक सिपको विकासमा जोड दिँदै बाल मनोविज्ञानको विषय बोध गराई, सस्वर र मौन पठन, शब्द उच्चारण र अर्थबोध, संरचना, संवाद, परिवेश र पात्र पहिचान, पाठसँग सम्बन्धित ज्ञान र स्मरण, प्रश्न निर्माण र उत्तर पहिचान गर्न तथा कल्पनामा आधारित अनुमान र निष्कर्ष प्रस्तुत गर्न विभिन्न क्रियाकलाप राखिएका छन् । सहजीकरणका क्रममा कथाको सन्देश, पात्रको संवेग बोध, पाठमा प्रयुक्त टुक्का र चरित्र वर्णन र तुलना, घटनाक्रम टिपोट र मिलान, संवेगात्मक प्रस्तुतिसहित मौखिक अन्तरक्रियासमेत गराइने छ । प्रश्नोत्तर अभ्यास र व्याख्या, सार लेखन, तार्किक र समीक्षात्मक लेखन, श्रुतिबोध तथा भाषिक प्रकार्यअन्तर्गत सोधपुछको सिप विकासमा पनि जोड दिइने छ । यस्तै अनुकरणात्मक कथालेखन, सम्बन्धित विधा वा विषयमा आधारित स्वतन्त्र रचनाका क्रियाकलाप समावेश गरिएका छन् ।

भाषिक संरचनाअन्तर्गत कर्मवाच्यको पहिचान र प्रयोग, वाच्यान्तरण, कृदन्त र तद्धितान्त शब्द तथा यसको निर्माण प्रक्रियाको पुनरावृत्ति, वर्णविन्यासको पहिचान र प्रयोगमा 'र' का विभिन्न रूपको प्रयोग, सिर्जना र परियोजना कार्य आदि विषयलाई पाठ्यक्रमको उद्देश्यलाई समेत ख्याल गरी तोकिएको कार्यघण्टाभित्र गर्ने गरी विभिन्न क्रियाकलाप समावेश गरिएका छन् । यीबाहेक सान्दर्भिक अभ्यासहरू पनि गराउनुहुने नै छ भन्ने अपेक्षा गरिएको छ । उत्प्रेरणामूलक क्रियाकलापबाट कक्षाको सुरुआत गर्दै ज्ञानार्जन गराएर सबलीकरण, मूल्याङ्कन तथा पृष्ठपोषण प्रदान गर्दै सिकाइ प्रक्रिया अगाडि बढाउनुहुने नै छ भन्ने विश्वास लिइएको छ ।

### पहिलो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| मानवीय संवेगका विषयवस्तुमा आधारित छलफल | चित्र र सन्दर्भका आधारमा मनोवैज्ञानिक विषय वस्तुको अनुमान र छलफल गर्न | घटनाबोधक चित्रहरू<br>अनुच्छेदपत्ती<br>शब्दपत्ती<br>अर्थपत्ती<br>वाक्यपत्ती<br>शब्दकोश |
| सस्वर पठन र शब्दोच्चारण | सस्वर पठन र शब्दोच्चारण गर्न | |
| पाठगत शब्दार्थ र वाक्यमा प्रयोग | पाठगत शब्दार्थ र वाक्यमा प्रयोग गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. कक्षाका विद्यार्थीलाई मानवीय संवेगावस्था र त्यसले परेको प्रभावको वा बाह्य वातावरणले मनमा उब्जिएको वा सिर्जिएको विषयमा जिज्ञासा राख्नुहोस् ।

२ बालबालिकाको मनमा खेल्ने कुरासम्बन्धी विभिन्न विषयमा अनुभूतिका साथ क्रियाकलापमा प्रवेश गर्न उत्साहित बनाउनुहोस् ।

**(ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप**

## मानवीय संवेगका विषयवस्तुमा आधारित छलफल

१. परिवारका कुनै सदस्यले लहैलहैमा वा जिस्किएर वा अन्जानमा बालबालिकाको मनमा असर पर्ने कुनै कुरा देखाउन वा त्यस्ता विषय प्रस्तुत गर्नाले उनीहरूको स्वभावमा परेको प्रभावलाई देखाउने खालका चित्र वा घटना प्रस्तुत गरी छलफल चलाउनुहोस् ।

२ बालमस्तिष्क कोमल हुने हुँदा तिनीहरूको मनका अवस्था छिटो छिटो परिवर्तन हुने र स्वभावैले जिज्ञासु हुने हुँदा त्यसतर्फ सजग हुनुपर्छ । यिनै विषयमा छलफल गर्न विद्यार्थीलाई ध्यानाकर्षित गर्नुहोस् ।

३. बालमैत्री वातावरण भनको के हो, बालबालिकको रुचिअनुसारका काम गर्न नसक्ता कस्तो स्वभाव देखाउँछन्, उनीहरू किन रिसाउने वा खुसी हुने हुन्छन्, बालबालिकामा उत्पन्न नकारात्मक भावना हटाउन के के उपाय अवलम्बन गर्न सकिन्छ आदि बाल मनोविज्ञानसँग सम्बन्धित प्रश्नहरू सोधी सामूहिक छलफल चलाउनुहोस् र निचोडमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४ घर परिवारमा घटेका बालमनोविज्ञानसँग सम्बन्धित विषयको अन्तरक्रिया गरी शिक्षकले बालमनोवैज्ञानिक विषयका बारेमा आधारित छलफललाई प्रभावकारी बनाउनुहोस् ।

५ पालैपालो बालबालिकाको विकासमा परिवारको भूमिका बारेमा चर्चा गरी विषयवस्तु प्रस्ट पार्नुहोस् र छलफलको अवलोकन गर्दै आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## सस्वर पठन तथा शब्दोच्चारण

१ विद्यार्थीलाई पालैपालो कथा (अनुच्छेद १ देखि १० सम्म) सस्वर पठन गर्ने अवसर दिनुहोस् ।

२ कथामा भएका संवादका लागि कथाकै पात्रले बोलेझैँ अभिनयमूलक तरिकाले पठन गर्न सहजीकरण गर्नुहोस् ।

३ पाठ्य कथालाई स्लाइड वा चार्टमा प्रदर्शन गरेर समूह बनाई विद्यार्थीको समूह नेतालाई आदि भाग, मध्य भाग र अन्त्य भागका अनुच्छेद क्रमैसँग पालैपालो सस्वरवाचन गर्न लगाउनुहोस् ।

४ अर्को समूह प्रतिनिधिलाई कथा वाचन गर्न सके नसकेको, उच्चारणगत त्रुटि, वाक्यमा प्रयुक्त लेख्य चिह्नअनुरूप अडान भए नभएको आदि कुराको प्रतिक्रिया दिन लगाउनुहोस् । आफूले पनि सहजीकरण गरिदिनुहोस् ।

५ शिक्षक स्वयम्ले वाचन गरी सुनाउनुहोस् । वाचन गर्दा त्रुटि भए नभएको अन्य विद्यार्थीलाई सोध्नुहोस् र शब्दोच्चारणमा असहज महसुस गरेका सहजीकरण गरिदिनुहोस् ।

६ शब्दपत्तीका सहायताले पाठ्य कथामा प्रयुक्त सङ्घार, श्रेष्ठ, स्त्रीसुलभ, गृहिणी, स्वप्न, हठात्, दाम्पत्यभार, युद्धवीर, अखबार, पालनपोषण, कर्णेल, अभिनय, कोसिस आदि शब्दको उच्चारण गराउनुहोस् र पृष्ठपोषण दिनुहोस् ।

| शब्द | उच्चारण |
|---|---|
| सङ्घार | /सङ्.घार्/ |
| पालनपोषण | /पा.लन्.पो.सन्/ |
| भावुक | /भा.बुक्/ |
| हठात् | /ह.ठात्/ |
| जिज्ञासा | /जिग्.ग्याँ.सा/ |

७ विद्यार्थीलाई आवश्यक हौसलाका साथ शब्दोच्चारणका लागि प्रतिस्पर्धा गराउनुहोस् । सक्रियताका लागि प्रशंसा गर्नुहोस् ।

## पाठगत शब्दार्थ र वाक्यमा प्रयोग

१. पाठ्यकथा मौन वाचन गर्न लगाउनुहोस् । यसै क्रममा अर्थ बोध तथा वाक्य निर्माणमा असहज लागेका शब्द पहिचान गर्न तथा टिपोट गर्न लगाउनुहोस् र एकापसमा आवश्यक छलफल गराउनुहोस् ।

२. शैक्षणिक सामग्रीको सहायताले पाठ्य कथामा रहेका स्त्रीसुलभ, गृहिणी, स्वप्न, हठात्, दाम्पत्यभार, युद्धवीर, अखबार, पालनपोषण, कर्णेल, अभिनय, आदि शब्द उच्चारण गर्न सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीलाई पठन गर्दा टिपिएका शब्दको अर्थ छलफल गर्न लगाउनुहोस् । एक आपसको छलफलपश्चात् शब्दपत्ती, अर्थपत्ती र वाक्यपत्तीको सहायताले आवश्यक परेमा सहजीकरण गर्नुहोस् ।

४ शब्दको अर्थ पत्ता लगाउन शब्दकोशको प्रयोगाभ्यासमा अभ्यस्त पार्नुहोस् । उत्कृष्ट विद्यार्थीलाई उपयुक्त अक्षराङ्क वा स्याबासी कार्ड प्रदान गर्नुहोस् ।

५. शब्दकोशमा शब्दार्थ पत्ता लगाउन उत्साहित गरी दिइएका कुनै पाँच वा दश शब्दका अर्थ सबैभन्दा पहिले पत्ता लगाउने विद्यार्थीलाई उपयुक्त अक्षराङ्क वा स्याबासी कार्ड प्रदान गर्नुहोस् ।

## (ग) मूल्याङ्कन

१. दिइएका शब्दको अर्थ भन्न लगाउनुहोस् :

स्वप्न, हठात्, दाम्पत्यभार, युद्धवीर, अखबार, पालनपोषण

२ विद्यार्थीलाई पाठ्य कथाको निर्दिष्टांश सस्वरवाचन गर्न लगाउनुहोस् ।

# दोस्रो दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सस्वर पठन तथा शब्दोच्चारण | सस्वर पठन तथा शब्दोच्चारण गर्न | • अनुच्छेदपत्ती<br>• अडियो वा भिडियो<br>• शब्दपत्ती<br>• शब्दकोश<br>• अर्थपत्ती<br>• वाक्यपत्ती<br>• कथा संरचना तालिका |
| पाठगत शब्दार्थ र वाक्यमा प्रयोग | पाठगत शब्दार्थ र प्रयोग गर्न | |
| कथा संरचना | कथा संरचनाको पहिचान गर्न | |
| बोध प्रश्नोत्तर | पाठगत बोध प्रश्नोत्तर गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. अभिवादनपश्चात् शिक्षकले अगिल्लो कक्षामा सहजीकरण गरिएका विषयको पुन: स्मरण गर्न लगाई नयाँ लागेका शब्दको उच्चारण, अर्थ तथा तिनको प्रयोगबारेमा आवश्यक पर्ने भए सहजीकरण गरिदिनुहोस् ।

२. पाठ्य कथालाई कसले द्रुत पठन गर्न सक्छ, समय हेरी प्रतिस्पर्धा गरौँ न त भनी पठन गर्न उत्प्रेरित गर्नुहोस् । कथांशको पठनपश्चात् आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## सस्वर पठन तथा शब्दोच्चारण

१. कथाको अनुच्छेद ११ देखि २१ सम्म प्रत्येक विद्यार्थीलाई कम्तीमा चार चार वाक्य वा विद्यार्थी सङ्ख्याको अनुपात मिलाएर सबैले अवसर पाउने गरी गति, यति र हाउभाउ मिलाएर वाचन गर्न लगाउनुहोस् ।

२ विद्यार्थीले पठन गर्दा उच्चारणमा छलफल गर्न आवश्यक ठानेका नयाँ लागेका शब्द टिपोट गर्न लगाउनुहोस् ।

३ सबै विद्यार्थीलाई शब्दोच्चारणाभ्यास गराउनुहोस् र आफूले अवलोकन गर्दै छलफलपश्चात् पृष्ठपोषण पनि दिनुहोस् ।

४ कथा गति, यति, हाउभाउ तथा शुद्धोच्चारणसहित वाचन गर्नेलाई प्रोत्साहनस्वरूप मौखिक उत्प्रेरणा वा स्याबासी दिनुहोस् ।

## पाठगत शब्दार्थ र वाक्यमा प्रयोग

१. पाठ्य कथांशको विद्यार्थीलाई मौन पठन गर्न र कथामा प्रयुक्त अर्थ बोध नभएका तथा वाक्य निर्माण गर्न नसकिने भन्ने लागेका शब्द पहिचान गरी रेखाङ्कन गर्न वा टिपोट गर्न लगाउनुहोस् ।

२. शैक्षणिक सामग्रीको सहायताले पाठ्य कथामा रहेका स्त्रीसुलभ, गृहिणी, स्वप्न, हठात्, दाम्पत्यभार, युद्धवीर, अखबार, पालनपोषण, कर्णेल, अभिनय, प्रतिहिंसा, शिक्षित, द्विविधा आदि शब्द शुद्ध उच्चारण गर्न सहजीकरण गर्नुहोस् ।

३. विद्यार्थीलाई पठन गर्दा टिपिएका शब्दको अर्थ छलफल गराउनुहोस् र शब्दपत्ती, अर्थपत्ती र वाक्यपत्तीको सहायताले सहजीकरण गर्नुहोस् ।

४ शब्दको अर्थादि पत्ता लगाउन शब्दकोशको प्रयोगाभ्यासमा अभ्यस्त पार्नुहोस् । सक्रिय विद्यार्थीलाई स्याबासी कार्ड दिनुहोस् ।

५. शिक्षकले शब्दार्थका लागि शब्दकोशको प्रयोगाभ्यास पनि गराउनुहोस् । शब्दकोशमा शब्दार्थ पत्ता लगाउन उत्साहित गरी सबैभन्दा पहिले दिइएका निर्दिष्ट शब्दको अर्थ पत्ता लगाउने विद्यार्थीलाई स्याबासी दिई अन्यलाई थप हौसला प्रदान गर्नुहोस् ।

६ अजिब, जर्मन, औषधी, दुष्ट, बेसुद्धी, चेष्टा, प्रतिहिंसा, भान्सा, कण्ठ, हर्षाश्रु, भविष्य, स्वप्न आदि शब्दको अर्थ पहिचान गर्न लगाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र आवश्यक सहजीकरणपश्चात् पृष्ठपोषण दिनुहोस् ।

## कथा संरचना

१. पाठ्यपुस्तकको कथा र त्यसबाहेक बाह्य कथाहरू प्रस्तुत गरी एउटा कथा र अर्को कथाका बिच तुलना गर्न लगाई कुन कथाको कस्तो ढाँचा रहेछ, आदि, मध्य र अन्त्यको संरचना कसरी बुनिएको रहेछ भनी जिज्ञासा उत्पन्न गराइदिनुहोस् ।

२. पाठ्य कथामा रहेका अनुच्छेद सङ्ख्या पहिचान गर्न लगाउनुहोस् । आदि भाग, विकास वा मध्य भाग र उपसंहार वा निष्कर्षको सङ्केतसम्बन्धी छलफल गराई कथा ढाँचाबारे जानकारी दिनुहोस् ।

३. कथावस्तु, पात्र, संवाद, परिवेश, कथा लेख्नाको उद्देश्य, लेखकीय सम्बन्धबारे दृष्टिविन्दु तथा भाषाशैली र कथाको संरचना स्पष्ट पार्नका लागि सङ्क्षिप्तकृत रूपमा विभिन्न जिज्ञासा राखी संरचना पहिचान गर्न लगाउनुहोस् ।

४. पाठ्य कथाको प्रारम्भ, सन्दर्भ, उपस्थित पात्र, घटना, परिवेश आदिबारे छलफल गर्न लगाउनुहोस् ।

५. कथा संरचनाबारेमा विद्यार्थीको धारणा बुझ्नुहोस् र पृष्ठपोषण दिनुहोस् ।

## बोध प्रश्नोत्तर

१. निर्दिष्ट अनुच्छेद पठन गरी प्रश्नको उत्तरको खोजी गर्ने सिपबारे छलफल गराउनुहोस् । आफूले दिएको अनुच्छेदबाट विद्यार्थीले के कस्ता उत्तर मनन गरे भन्ने अवलोकन गरी सान्दर्भिक छलफल चलाउनुहोस् ।

२ विद्यार्थीबाट प्राप्त उत्तर सन्तोषजनक नभएमा सबलीकरण गरिदिनुहोस् । बोध प्रश्नको उत्तर छोटो र स्पष्ट हुनुपर्छ भनी नमुना उत्तर प्रस्तुत गर्नुहोस् ।

**नमुना प्रश्न र उत्तर**

प्रश्न : पार्वतीको हृदय किन भारी थियो ?

उत्तर : पार्वतीको हृदय दाम्पत्यभारका कारणले भारी थियो ।

**केही प्रश्न :**

(ख) युद्धका घटनाले बाल मस्तिष्कमा कस्तो प्रभाव पार्न सक्छ ?

(घ) नरेशका आमाबुबाले छोरालाई कुन कुराबाट अलग राख्न खोजेका थिए ?

(ङ) पार्वतीले छोरालाई शान्तिवीर बनाउन कस्तो प्रयास गरिन् ?

२. पाठ्य कथामा रहेको बोध र अभिव्यक्ति खण्डको प्रश्न ४ को बोध प्रश्नको अनुच्छेद र त्यसमा दिइएका प्रश्नलाई मौन पठन गर्न लगाई प्रश्न निर्माण र उत्तर पहिचान गर्न लगाउनुहोस् ।

**संरचना बोधका लागि केही प्रश्न**

(क) कथाको प्रारम्भमा के घटना घटेको छ ?

(ख) कथाको बिचमा के के घटना छन् ?

(ग) कथाको अन्त्य कसरी भएको छ ?

(घ) कथा घटना कुन समयतिर घटेको होला ?

(ङ) कथामा उपस्थित भएका मुख्य र गौँण पात्रहरूको नाम भन्नुहोस् ।

(च) कथा कति अनुच्छेदमा संरचित छ ?

३ बोध उत्तर लेखिसकेपछि पढ्न लगाएर पृष्ठपोषणपश्चात् बोध र अभिव्यक्ति खण्डकै प्रश्न ८ छलफल गर्न लगाई उत्तर लेख्न दिनुहोस् र उत्तरसम्बन्धी पृष्ठपोषण दिनुहोस् ।

४. विद्यार्थीलाई अन्य पुस्तक वा पत्रपत्रांशबाट उपयुक्त गद्यांश दिई समूहगत रूपमा बोध प्रश्न सोध्नुहोस् ।

५ फरक फरक समूहबाट आएका उत्तरलाई तुलना गरेर उत्कृष्ट उत्तर लेख्ने समूहलाई स्याबासी दिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. नरेशका आमाबुबाले छोरालाई कुन कुराबाट अलग राख्न खोजेका थिए, भन्न लगाउनुहोस् ।

२. दिइएका शब्द उच्चारण गर्न लगाउनुहोस् :

कर्णेल, अभिनय, प्रतिहिंसा, शिक्षित, द्विविधा

३. गृहिणी, स्वप्न, हठात्, दाम्पत्यभार शब्दको अर्थ भन्न र वाक्यमा सन्दर्भपरक प्रयोग गर्न लगाउनुहोस् ।

## २. तेस्रो दिन

## १. सिकाइ क्षेत्र

### (क) सुरुआती क्रियाकलाप

१. अभिवादनपश्चात् कथाको टुक्का र अनुकरणात्मक शब्द प्रयोग भएको कुनै सान्दर्भिक रोचक प्रसङ्ग उठान गरी कक्षारम्भ गर्नुहोस् ।

२ आफ्नो घरमा झसङ्ग हुनु, खिन्न हुनु, गला रुद्ध हुनु आदि टुक्का प्रयोग भए नभएको छलफल चलाई विषयवस्तुप्रति उत्प्रेरणा जगाउनुहोस् ।

## (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### टुक्काको पहिचान र प्रयोग

१ विद्यार्थीलाई पाठ्य कथाबाट मौन पठन गर्दा टिपिएका र अभ्यास खण्डमा दिइएका टुक्काको अर्थ छलफल गर्न लगाउनुहोस् ।

२ विद्यार्थीलाई टुक्काको अर्थ बोधका लागि छलफल गराई सार्थक वाक्य निर्माण गर्न लगाउनुहोस् ।

३ शब्दपत्तीको सहायताले पाठ्य कथामा रहेका, शब्दभण्डारको अभ्यासमा भएका र अन्य टुक्काको अर्थ पहिचान गराई तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

४ घुमाउरो अर्थ दिने वाक्यांश नै टुक्का हो । जस्तै; 'झसङ्ग हुनु' भन्नाले तर्सनु वा डराउनु भन्ने बुझिन्छ भन्ने कुरा प्रस्तुत गर्दै यस्तै अन्य केही टुक्काका दृष्टान्त पेस गर्नुहोस् र पाठ्य कथामा प्रयुक्त र अन्य केही टुक्काको चार्ट वा स्लाइड प्रस्तुत गरी अर्थ बोध गर्न र वाक्य निर्माण गर्न सहज गरिदिनुहोस् ।

५. शिक्षकले आफूले तयार पारेको टुक्काको स्लाइड, चार्ट वा अडियो वा भिडियो सामग्री प्रस्तुत गरी प्रस्ट पारिदिनुहोस् । आवश्यक सहजीकरण गरी पृष्ठपोषण दिनुहोस् ।

### अनुकरणात्मक शब्दको पहिचान र तिनको प्रयोग

१. पाठ्य कथाबाट अनुकरणात्मक शब्दप्रयुक्त शैक्षणिक सामग्री प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई अनुकरणात्मक शब्द पहिचान गर्न लगाउनुहोस् ।

२ विद्यार्थीलाई अनुकरणात्मक शब्द सूची निर्माण गर्न, तिनले जनाउने कार्यबिचको सम्बन्ध प्रस्ट्याउन र वाक्य निर्माण गर्न लगाउनुहोस् र आवश्यक परे सहजीकरण गरिदिनुहोस् ।

३. अनुकरणात्मक शब्दप्रयुक्त सामग्री वा अनुच्छेदको स्लाइड वा रेकर्ड गरेको भिडियोबाट कसरी अनुकरणात्मक शब्दको

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| टुक्काको पहिचान र प्रयोग | टुक्काको पहिचान र प्रयोग गर्न | टुक्कापत्ती<br>अनुकरणात्मक शब्दपत्ती<br>प्रश्नोत्तरको नमुना चार्ट<br>प्रश्नको सूची<br>नमुना उत्तर चार्ट |
| अनुकरणात्मक शब्दको पहिचान र प्रयोग | अनुकरणात्मक शब्दको पहिचान र प्रयोग गर्न | |
| प्रश्न निर्माण र उत्तर पहिचान | प्रश्न निर्माण र उत्तर पहिचान गर्न | |

सान्दर्भिक प्रयोग गर्न सकिने रहेछ भन्ने कुरा बताइदिनुहोस् ।

| **जस्तै :** अनुकरणात्मक शब्द : झलक्क | कार्य बुझाउने क्रिया – देख्नु, रिसाउनु |
|---|---|

| |
|---|
| वाक्य : मैले मोटरबाट बाटामा हिँड्दै गरेको साथीलाई झलक्क देखेकी थिएँ । |
| अन्य केही अनुकरणात्मक शब्द र तिनको कार्य बुझाउने क्रिया – |
| किटिक्क : टोक्नु     खुत्रुक्क : मर्नु |
| गुनगुन : कुरा गर्नु     घुटुघुटु : पिउनु |
| चिटिक्क : सुहाउनु     फतक्क : गल्नु |

४. शिक्षकले केही अनुकरणात्मक शब्द सुनाउनुहोस् र पालैपालो विद्यार्थीबाट तिनको अर्थ बोध गराई वाक्य निर्माण गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

उदाहरण : बिजुली कसरी मिल्किन्छ ?     उत्तर : मिलिक्क

५. कुनै स्थान वा विषयको वा आवाज, दृश्य वा क्रियाको अनुकरण गर्न लगाएर अनुकरणात्मक शब्दको पहिचान गर्न लगाउनुहोस् र अर्थ बोध तथा सान्दर्भिक प्रयोगमा अभ्यस्त बनाउनुहोस् ।

६ शिक्षकले सङ्कलन गरेर ल्याएका अनुकरणात्मक शब्दको अर्थ पहिचान गर्न लगाई सबै विद्यार्थीलाई सान्दर्भिक प्रयोगाभ्यास गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## प्रश्न निर्माण र उत्तर पहिचान

१. क्रियाकलाप तीनमा प्रवेश गर्दै प्रश्न निर्माण कसरी गर्न सकिन्छ र उत्तरको खोजी कसरी गर्ने भन्ने सिपबारे छलफल गर्नुहोस् ।

२. पाठ्य कथाबाट कुनै एक कथांश उद्धृत गरेर दिनुहोस् । यसमा भएका मुख्य मुख्य विषय के के छन्, पहिचान गर्न लगाउनुहोस् ।

३ प्रश्न निर्माण गर्दा विषयवस्तुसँग, अनुमान गर्ने, निष्कर्ष दिने, तर्क दिने, विश्लेषण गर्ने, विवरण दिने खालका प्रश्नसम्बन्धी धारणा निर्माण गर्न लगाउनुहोस् र अवश्यकतानुसार पृष्ठपोषण दिनुहोस् ।

४ के विषयको मापन गर्ने हो सोसम्बन्धी प्रश्न निर्माण गर्न लगाउनुहोस् । के, कुन, कसलाई, कसरी आदि प्रश्न सोध्ने र तिनको उत्तर पहिचान गर्ने कार्य कसरी भएको छ भनी अवलोकन गर्नुहोस् ।

५ बोध प्रश्नको उत्तर पहिचान गरेकै तरिकाबाट उत्तर खोजी गर्ने सिपको प्रयोग गरी विद्यार्थीलाई उत्तर पहिचान गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

१. तलका अनुकरणात्मक शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

टपक्क, धुरुधुरु, प्वाक्क, मिलिक्क, फतक्क

२. पाठ्यकथाबाट कुनै चारओटा अनुकरणात्मक शब्द पहिचान गर्नुहोस् ।

२. विद्यार्थीलाई पालैपालो पाठ्य कथा, अनुच्छेद वा अन्य सामग्रीबाट टुक्का र अनुकरणात्मक शब्द पहिचान गर्न, अर्थ बोध गर्न तथा वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

## चौथो दिन

१. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| घटना टिपोट तथा मिलान | मुख्य मुख्य घटनाको टिपोट गर्न | • अनुच्छेदपत्ती<br>• घटना सूची |
| कथासार | कथासार तयार गर्न | |

| | | |
|---|---|---|
| कथा सन्देश | कथाको सन्देश दिन | • बुँदाहरूको चार्ट |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१ विद्यार्थीलाई पाठ्य कथामा के के मुख्य घटना घटेका छन् भनी छलफल गर्न उत्प्रेरित गर्नुहोस् ।

२ पाठ्यकथा पठन गरेपछि पाइने सन्देशबारे जिज्ञासा राखी आजको पठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### घटना टिपोट तथा मिलान

१. विद्यार्थी सङ्ख्याका आधारमा समूह बनाएर पाठ्य कथाका अनुच्छेद बाँडिदिनुहोस् र मौन वाचन गर्दै विद्यार्थीले छलफलपश्चात् तयार गरेका मुख्य मुख्य घटनाहरू के के रहेछन्, अवलोकन गर्नुहोस् ।

२ उत्कृष्ट घटनाको बुँदा टिपोट गर्नका लागि उत्प्रेरित गर्नुहोस् ।

३ सबै केटोकेटीले युद्धको खेल खेल्नु, पार्वतीले छोराको भविष्य निर्माण गर्नु, तुङसुङ बस्तीतिर जाने मानिस घरतर्फ आकर्षित हुनु, कृष्णबहादुर पनि आफ्नो बेसुद्धीमा खिन्न हुनु, पार्वतिले पतितिर जिज्ञासु दृष्टिले हेर्नु, पाँच वर्षको एउटा छोरो हुनु, नरेशलाई शान्तिवीर बनाउन चाहनु, नरेश एउटा लामो काठ बोकेर अजिब चालले कोठामा प्रवेश गर्नु आदि बुँदाहरू विद्यार्थीबाट पनि सङ्कलन गर्नुहोस् ।

४ पाठ्य कथाबाट टिपेका घटनालाई पालैपालो पढेर सुनाउन लगाउनुहोस् । कुनै बुँदा दोहोरियो वा मिलेन भने काँटछाँट गर्न आवश्यक सहजीकरण गरिदिनुहोस् ।

५. शिक्षकले आफूले तयार पारेको पाठ्य कथाको घटना बुँदाहरूलाई छ्यासमिस पारेर विद्यार्थीलाई बाँड्नुहोस् । उनीहरूसँग भएका बुँदाहरू मनन गर्न लगाउनुहोस् । आफूले ल्याएको स्लाइड, चार्ट वा अडियो सामग्री पनि प्रस्तुत गर्नुहोस् ।

६. विद्यार्थीलाई बुँदा दिई तीमध्ये कुन घटना पहिले भएको हो, पहिलो घटना भन्न लगाउनुहोस् । त्यसपछि दोस्रो अनि तेस्रो क्रमशः सबैले पालैपालो आफ्नो घटना बुँदा भन्दै टिप्दै घटनाक्रम धारणा निर्माण गर्न लगाउनुहोस् ।

**घटना टिपोटका केही नमुना बुँदा**

- तुङसुङ बस्तीतिर जाने मानिस घरतर्फ आकर्षित हुनु
- पाँच वर्षको एउटा छोरो हुनु
- सबै केटोकेटीले युद्धको खेल खेल्नु
- नरेशलाई शान्तिवीर बनाउन चाहनु
- नरेश एउटा लामो काठ बोकेर अजिब चालले कोठामा प्रवेश गर्नु
- पार्वतीले पतितिर जिज्ञासु दृष्टिले हेर्नु
- कृष्णबहादुर पनि आफ्नो बेसुद्धीमा खिन्न हुनु
- पार्वतीले छोराको भविष्य निर्माण गर्नु

७. विद्यार्थीले टिपेका घटनालाई सिलसिला मिलाएर लेख्न दिनुहोस् । भाषिक त्रुटि पहिचान गरी आवश्यक पृष्ठपोषण दिनुहोस् । यसैगरी विद्यार्थीले सुनेका कथाको पनि घटना टिपोट गरी भन्न लगाउनुहोस् ।

### कथासार

१. शिक्षकले कथासारका बारेमा छलफल गराउनुहोस् । कथाको सार खिच्न लगाउनुहोस् र आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

२. पाठ्य कथाको सार खिच्नका लागि विद्यार्थीलाई मौन पठन गर्न लगाउँदै आदि, मध्य र अन्त्यबाट प्रश्न निर्माण गर्न लगाउनुहोस् उत्तरका आधारमा मुख्य मुख्य बुँदा टिपोट गर्न दिनुहोस् ।

| केही प्रश्न |
| --- |
| (क) तुङसुङ बस्ती कस्तो थियो ?<br>(ख) पार्वतीले घरको वातावरण कस्तो राखेकी थिइन् ?<br>(ग) कप्तान कृष्णबहादुरका कारण बालक नरेशमा कस्तो प्रभाव परेको थियो ?<br>(घ) नरेशको मनबाट जर्मनप्रतिको नकारात्मक धारणा हटाउन आमाले कस्तो भूमिका खेलिन् ?<br>(ङ) कथाको शीर्षक किन उपयुक्त छ ? |

३. माथि दिइएका प्रश्नहरूका बारेमा छलफल गरी कथा सार भन्न लगाउनुहोस् र छोटकरीमा लेख्न दिनुहोस् ।

४ विद्यार्थीबाट कथासार लेखिसकेपछि हेरेर आवश्यक थपघट गरी कथासारलाई अन्तिम रूप दिन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## सन्देश

१. 'भविष्य निर्माण' कथाले के भन्न खोजेको हो ? हामीले कथा पठन गरेपछि कथाले के सन्देश दिएको रहेछ त भन्ने प्रश्न सोधी मस्तिष्क मन्थन गर्न लगाउनुहोस् ।

२ कथाको सन्देशका लागि केही बुँदाहरू भन्न लगाई ती सन्देश के रहेछ, बोध गर्न लगाउनुहोस् अनि बुँदा टिपोट गर्न लगाउनुहोस् ।

**सन्देशका लागि केही बुँदा**

- बाल मनोविज्ञानमा आधारित रहेको
- अभिभावकीय भूमिकामा केन्द्रित भई रचना गरिएको
- बालक नरेशको मनको सूक्ष्म विश्लेण गरी घरायसी, पारिवारिक एवम् सामाजिक वातावरण वा आन्तरिक एवम् बाहय वातावरणको प्रभाव बालबालिकामा कस्तो पर्दो रहेछ भन्ने सन्देश प्रस्तुत गरिएको
- बालबालिकामा सकारात्मक सोच भर्न आफूले पनि त्यस्तै व्यवहार गर्नुपर्ने सत्यता प्रस्तुत गरिएको
- बालबालिकको भविष्य निर्माणमा अभिभावकको विशेष भूमिका रहने विषयलाई मनोवैज्ञानिक कथामार्फत प्रस्तुत गरिएको
- असल गृहिणीले सन्ततिप्रतिको कर्तव्य कसरी निभाउन सक्छिन् भन्ने ज्वलन्त नमुना प्रस्तुत गरिएको

३ विद्यार्थीले टिपेका बुँदालाई मिलाएर कथाको सन्देश लेख्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## (ग) मूल्याङ्कन

१. भविष्य निर्माण कथाले के सन्देश दिएको छ, बुँदामा उत्तर दिन लगाउनुहोस् ।

२. आफूले अध्ययन गरेको सामाजिक विषयवस्तुमा आधारित कुनै एउटा कथाको सन्देश सुनाउन लगाउनुहोस् ।

# पाँचौँ दिन

## १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
| --- | --- | --- |

| | | |
|---|---|---|
| संवेगात्मक प्रस्तुतिसहित को अन्तरक्रिया | संवेगात्मक प्रस्तुतिसहितको मौखिक अन्तरक्रिया गर्न | पात्रहरूको सूचीपत्ती<br>बुँदाहरूको चार्ट<br>कथा परिवेशका बुँदाहरू<br>प्रश्नोत्तरको नमुना चार्ट |
| चरित्र चित्रण, तुलना र परिवेश वर्णन | चरित्र चित्रण, तुलना र परिवेश वर्णन | |
| सङ्क्षिप्त उत्तर | पाठगत बोध प्रश्नको सङ्क्षिप्त उत्तर दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले कक्षाका विद्यार्थीलाई कुनै पात्रको राम्रा नराम्रा गुणको चर्चा गर्दै विषयवस्तुमा प्रवेश गर्ने वातावरण सिर्जना गर्नुहोस् ।

२. विद्यार्थीलाई मानिसका संवेगको अवस्था, चरित्रको चर्चा गर्दै उत्तर लेखनका बारेमा छलफल गर्न उत्प्रेरित गर्नुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### संवेगात्मक प्रस्तुतिसहितको अन्तरक्रिया

१ विद्यार्थीलाई रिस उठ्ने, खुसी हुने आदि अवस्था कुन कुन वेला हुन्छ भनी संवेगका अवस्थाप्रति ध्यानाकृष्ट गर्नुहोस् ।

२ विद्यार्थीलाई कोही कोही कसैलाई मन नपर्नाको कारण के हुन सक्ला भनी अनुमान गर्न लगाउनुहोस् ।

३ मानवीय संवेगका विभिन्न रूप हुने अवस्थाको चर्चा शिक्षकले प्रस्तुत गरी मान्छेको मनोविज्ञानबारेमा छलफल गराउनुहोस् ।

४ विद्यार्थीलाई समूह बनाउन लगाई कुनै साथी वा घरमा आमा बुबा वा दाजु दिदीसँग कुनै विषयमा रिसाउँदा वा खुसी हुँदा गर्ने व्यवहारलाई अभिनय गरी देखाउन लगाउनुहोस् ।

५ अभिनयलाई निरन्तरता दिँदै विद्यार्थीलाई रिसाएका व्यक्तिको मन परिवर्तन गराउन के गर्न सकिएला प्रस्तुत गर्न लगाउनुहोस् ।

६ विद्यार्थीसँग मानिसको मन एउटा अवस्थाबाट अर्को अवस्थामा परिवर्तन गर्न नरेशको जर्मनप्रतिको प्रतिहिंसाको भावना आमा पार्वतीले गरेजस्तै हामी पनि गर्न सक्छौँ भन्ने विषयमा अन्तरक्रिया गराउनुहोस् र आवश्यक सहजीकरण तथा पृष्ठपोषण दिनुहोस् ।

#### चरित्र चित्रण, तुलना र परिवेश वर्णन

१. बोध र अभिव्यक्ति खण्डको प्रश्न सोधी पात्रहरूसम्बन्धी जिज्ञासा जगाउनुहोस् । नरेश, पार्वती आदि पात्रको स्वभाव कस्तो लाग्यो भन्ने विषयमा चर्चा गर्न लगाउनुहोस् ।

२. पाठ्य कथाको पात्रको परिचय, कथामा पात्रको भूमिका, उनीहरूको बसाइ, स्वभाव तथा अन्य पात्रबिचको सम्बन्ध आदि बारेमा प्रश्न सोधी पात्रले झैँ संवाद गर्न लगाउनुहोस् ।

३ कथामा प्रयुक्त चरित्रका विशेषताको चर्चा गर्न तथा पाठ्य कथामा प्रयुक्त पात्रहरूबिच भिन्नता देखाई तुलना गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

४. एउटा विद्यार्थीलाई पार्वती, अर्कोलाई नरेश र अर्कोलाई कृष्णबहादुर बन्न लगाई अभिनय गर्न लगाउनुहोस् र नाटकमा ती पात्रले जस्तै बोल्ने अभिनय गराउनुहोस् ।

५ कथालाई नाटकीकरण गरी पात्रको भूमिका खेल्न लगाई चारित्रिक भूमिका निर्वाह गर्न लगाउनुहोस्, कुन चरित्र कस्तो रहेछ भन्ने जानकारी दिन लगाउनुहोस् ।

६ थप जानकारीका लागि आफूले स्लाइड वा चार्टमा तयार पारेको पाठ्य कथाका पात्रहरू पार्वती, नरेश तथा कृष्णबहादुरको परिचयसम्बन्धी विषय सामग्री प्रदर्शन तथा छलफल गरी स्पष्ट पारिदिनुहोस् ।

७ कुन ठाउँ, कस्तो वातावरण, कुन समयमा कथा बुनिएको छ आदि प्रश्न सोधेर कथाको परिवेशबारेमा विद्यार्थीको ध्यानाकृष्ट गरी छलफल गर्नुहोस् ।

८. विद्यार्थीबाट दार्जिलिङको तुङसुङ बस्ती, चिटिक्क परेको घर, फूलबारी, आकर्षक घर, सानो परिवार, शान्त एवम् सुखी परिवार, कोरिया र तिब्बतको युद्धको जस्ता युद्धग्रस्त विश्व परिवेशका समाचार, नेपालको जनक्रान्तिलगायतका अशान्ति तथा घरमा नरेशलाई त्यसबाट बचाउन गरिएका प्रयासका लागि गरिएका उपाय तथा पुतली, रातिको समय आदिको चर्चा परिचर्चा सुनेपछि कथा परिवेशबारे आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

९ कप्तान कृष्णबहादुरको दोस्रो विश्वयुद्धमा सहभागिता, तुङसुङ बस्तीको सुन्दरता तथा पार्वतीले व्यवस्था गरेको घरायसी वातावरणको दृश्य तथा घटना घटेका स्थान, समय, आर्थिक परिवेश तथा वातावरणको खुलेर छलफल गराई कथा परिवेशको जानकारी दिनुहोस् ।

### सङ्क्षिप्त उत्तर

१. पार्वतीले कृष्णबहादुरबाट कस्तो आशा राखेकी थिइन् ? कथामा नरेशले कस्तो भूमिका खेलेको छ ? नरेशको मन परिवर्तन गर्न कसरी सम्भव भयो ? आदि प्रश्न सोधी उत्सुकता जगाउनुहोस् ।

२ पाठ्य कथांशको कुनै सन्दर्भ उद्धृत गरी सङ्क्षिप्त उत्तरका लागि मुख्य मुख्य कुरा स्मरण गर्न लगाउनुहोस् ।

३ 'भविष्य निर्माण' कथाले के सन्देश दिएको छ ? सङ्क्षिप्त उत्तरमा स्पष्ट पार्नुहोस् भनी प्रश्न दिनुहोस् र अगिल्लो कक्षामा पढेको कथाको सन्देशको स्मरण गर्न लगाई यसको उत्तर पनि प्रस्ट पारिदिनुहोस् ।

४ नेपाली समाजमा अभिभावकले आफ्ना बाल बालिकाप्रति गर्ने व्यवहार र तिनहरूको स्वभावमा पर्ने असरबारेमा सामूहिक छलफल चलाई छोटा उत्तराभ्यास गराउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५ पाठ्य कथाको निर्दिष्ट अनुच्छेदबाट प्रश्न टिपोट गरी आवश्यक उत्तरका बुँदा मनन गराउनुहोस् र बुँदा टिपोट गराई उत्तर छलफल गराउनुहोस् ।

६ विद्यार्थीलाई मुख्य मुख्य बुँदाका सहायताले आवश्यक उत्तर भन्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

### (ग) मूल्याङ्कन

१ दिइएका प्रश्नको उत्तर दिन लगाउनुहोस् :

(क) पार्वतीको हृदय किन भारी थियो ?

(ख) नरेशको जर्मनप्रतिको सोच कसरी परिवर्तन भयो ?

२ कृष्णबहादुर र पार्वतीको स्वभावमा के भिन्नता पाउनुहुन्छ भनी तुलना गर्न लगाउनुहोस् ।

## छैटौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| बोध प्रश्नोत्तर | बोध प्रश्नोत्तर गर्न | अनुच्छेदपत्ती<br>नमुना प्रश्नोत्तरको चार्ट<br>बुँदापत्ती<br>नमुना व्याख्याको चार्ट |
| व्याख्या | व्याख्येय पङ्क्तिको व्याख्या गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. विद्यार्थीलाई रोचक सान्दर्भिक घटनादि सुनाउन लगाउनुहोस् र आफूले पनि केही थप गरेर व्याख्येय पङ्क्तिहरूको मूल भाव बोध गर्नका लागि उत्प्रेरित गर्नुहोस् ।

२ कथाको व्याख्येय उद्धृतांशबाट के के प्रश्न बनाउन सकिन्छ होला भनी छलफल गर्न लगाउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### बोध प्रश्नोत्तर

१. विद्यार्थीलाई बोधात्मक प्रश्नका उत्तर छोटो तर पूर्ण हुने गरी कसरी दिन सकिन्छ भन्ने बारेमा छलफल गराउनुहोस् ।

२. सर्वप्रथम निर्दिष्ट अनुच्छेद पठन गर्न लगाउनुहोस् ।

३ पालैपालो विद्यार्थीलाई प्रश्न सोधी सही उत्तर पहिचान गर्न लगाउनुहोस् । कथाका संवादांश झिकी कसले कसलाई भनेको हो भनी प्रश्न सोध्नुहोस् ।

४ शिक्षकले आफूले तयार गरेको उदाहरण वा सङ्कलित सामग्री प्रदर्शन गरी छलफल गराउनुहोस् र बोध प्रश्नको उत्तरका लागि विद्यार्थीलाई पृष्ठपोषण दिनुहोस् ।

५. निर्दिष्ट अनुच्छेदबाट आशययुक्त प्रश्न, के भनिएको, कुन कुरामा जोड दिइएको, कारणबोधक, तर्कपरक, विषयवस्तुसँग सम्बन्धित प्रश्नहरू सोधी बोधात्मक प्रश्नोत्तर गर्न उत्प्रेरित गर्नुहोस् ।

६. विद्यार्थीलाई निर्दिष्ट अनुच्छेदबाट प्रश्नहरू बनाउन लगाउनुहोस् । जस्तै : तुङसुङ बस्ती कस्तो थियो, तुङसुङ बस्तीतिर जाने मानिस किन पार्वतीको घर हेर्न गर्थे ? यस्तै प्रश्नहरू शैक्षणिक पाटीमा टिप्नुहोस् । अनि शिक्षक स्वयम्ले बनाएका प्रश्नको स्लाइड वा चार्टमा प्रदर्शन गरी ती प्रश्नहरूका पनि उत्तर के हुन सक्छन् भनी अनुमान गर्न लगाउनुहोस् ।

७ पाठ्य कथांशबाट विभिन्न प्रश्नहरू तथा उत्तर लेखनबारे घनीभूत छलफल गराउनुहोस् र बोध र अभिव्यक्ति खण्डका प्रश्नोत्तराभ्यास गराई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

८. शिक्षकले बोधात्मक प्रश्नकै ढाँचामा छोटो तर पूर्ण उत्तर आउने गरी प्रश्नोत्तर गर्नुपर्छ भन्ने कुरा पुनः स्मरण गराई पाठ्यपुस्तकका तथा त्यसबाहेकका स्तरअनुकूलको पाठ्य सामग्रीको निर्दिष्ट अनुच्छेद पठन गर्न लगाउनुहोस् र बोधका लागि प्रश्न निर्माण गरी उत्तर तयार गर्न लगाउनुहोस् ।

९. पालैपालो विद्यार्थीलाई प्रश्न सोधी उत्कृष्ट उत्तर पहिचान गर्न लगाउनुहोस् । शिक्षक आफूले तयार गरेको उदाहरण वा सङ्कलित सामग्री प्रदर्शन गरी छलफल गराउनुहोस् र विद्यार्थीलाई पृष्ठपोषण दिनुहोस् ।

१०. भाषिक संरचना तथा वर्णविन्याससँग सम्बन्धित विभिन्न प्रश्नहरू जस्तै अर्थ पहिचान तथा वाक्यमा प्रयोग, कर्मवाच्यमा परिवर्तन, कृत् र तद्धित् प्रत्यय लागेर बनेका शब्दको पहिचान गर्न तथा अनुच्छेदमा प्रयुक्त 'र' वर्णको फरक फरक रूप र प्रयोगका बारेमा छलफल चलाउनुहोस् विद्यार्थीको पूर्वज्ञान पहिचान गर्नुहोस् र आवश्यकताअनुसार सबलीकरण गराउनुहोस् ।

११. बोध तथा अभिव्यक्ति खण्डको बोध प्रश्नहरूको छलफल चलाई आवश्यकताअनुसार उत्तर प्रस्ट पारिदिनुहोस् ।

#### व्याख्या

१. पाठ्य कथाको उद्धृतांश 'जो अरूलाई दुःख दिन्छ, आफू मात्र खान्छ, ठुलाको अर्ती मान्दैन, त्यो नै दुष्ट हो' जस्ता व्याख्येय पङ्क्तिका बारेमा छलफल गर्न लगाउनुहोस् ।

जो अरूलाई दुःख दिन्छ, आफू मात्र खान्छ, ठुलाको अर्ती मान्दैन, त्यो नै दुष्ट हो पङ्क्तिलाई मनन गराउँदा निम्न बुँदा पनि स्मरण गराउन सकिन्छ :

मानिसका स्वभाव र प्रकृति फरक फरक हुनु, कोही कष्टप्रदायक हुनु, कोही सहयोगी हुनु, खराब मानिसको मानसिकता नै नकारात्मक एवम् खराब हुने भएकाले स्वार्थी हुनु, अरूलाई प्रताडना दिँदा आनन्द मान्नेहरू अरूको अर्ती अनुशरण नगरी दुष्ट बन्नु, असत् व्यवहारले दुष्टहरू न्यायी बन्न नसक्नु ........ आदि ।

२ सम्बद्ध उद्धृतांशमा केन्द्रित रही आशय बढाउनका लागि उक्त अंशले भन्न खोजेको कुरा, पुष्टि गर्ने आधारलगायत त्यससम्बन्धी बुँदाहरू बनाउन लगाउनुहोस् ।

३ शिक्षकले व्याख्या गर्दा आदि, मध्य र अन्त्य भागमा लेख्नुपर्ने विषयका बारेमा छलफल गरी लेख्न लगाउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

४. एकल वा समूहगत रूपमा उत्तरका लागि मुख्य बुँदा पहिचान गर्न लगाउनुहोस् ।

५ सबैका फरक फरक बुँदाहरूलाई एकीकृत गरी आवश्यक बुँदाहरू राखी दोहोरिएका र अनावश्यक बुँदा हटाई व्याख्येय पङ्क्तिको व्याख्या गर्न दिनुहोस् र आवश्यक सहजीकरणका साथ स्पष्ट पारिदिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. पाठ्य कथांशबाट निम्न बोध प्रश्नको उत्तर भन्न लगाउनुहोस् :

(क) नरेशले किन युद्धवीर बन्ने लक्षण देखाएको थियो ?

(ख) पार्वतीले छोराको भविष्य कसरी निर्माण गरिन् ?

## सातौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| तार्किक लेखन | तार्किक उत्तर दिन | • बुँदाहरूको चार्ट<br>• नमुना उत्तर चार्ट<br>• समीक्षात्मक उत्तरको नमुना चार्ट |
| समीक्षात्मक उत्तर लेखन | समीक्षात्मक प्रतिक्रिया दिन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. फरक फरक पात्रले खेलेको भूमिकाको केही तर्कयुक्त प्रश्नहरू सोधी तिनका उत्तर अनुमान गर्न लगाउनुहोस् ।

२. पाठ्य कथांशको कुनै सन्दर्भ उद्धृत गरी समीक्षात्मक उत्तरका लागि मुख्य मुख्य कुरा के हुन सक्ला भनी उत्सुकता जगाउनहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### तार्किक लेखन

१. पाठ्य कथाको अभ्यासमा रहेको बोध र अभिव्यक्ति खण्डको प्रश्न ११ को 'क' को तार्किक उत्तरका लागि दिइएको प्रश्न टिपोट गरी छलफल गरी आवश्यक उत्तरका बुँदाहरू टिपोट गराउनुहोस् ।

२ कुनै पनि विषयमा धारणा निर्माण गर्न, आफ्ना विचारलाई तर्कयुक्त ढङ्गले प्रस्तुत गर्न र सहमति वा असहमतिमा कारणसहित भिन्न मत राख्न सक्ने क्षमता अभिवृद्धि गराउन छलफल गराउनुहोस् र आवश्यक सहजीकरण गरिदिनुहोस् ।

३ विद्यार्थीलाई एउटै विषयप्रति फरक परक तर्क प्रस्तुत गर्न लगाउनुहोस् । बुँदा टिपोट गरी तार्किक प्रश्नको तर्कयुक्त उत्तर लेख्ने तरिकाबारे छलफल गर्न लगाउनुहोस् ।

४ शिक्षकले आफूले ल्याएको नमुना तार्किक उत्तरको नमुना प्रस्तुत गरेर संरचनाबारे छलफल गर्दै उत्तर लेख्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५ विद्यार्थीलाई समूहगत रूपमा अन्य तार्किक प्रश्नको उत्तर पहिचान गर्न लगाउनुहोस् र लेखनपछि ध्यान दिनुपर्ने कुरा स्पष्ट पारिदिनुहोस् ।

### समीक्षात्मक उत्तर लेखन

१. विद्यार्थीलाई समीक्षात्मक प्रतिक्रियाका लागि विभिन्न प्रश्नहरू दिई उत्तर के हुन सक्छ भनी अनुमान गर्न लगाई मस्तिष्क मन्थन गराउनुहोस् ।

**प्रश्नहरू**

पाठ्य कथाको विषयवस्तु के छ ? यसको शीर्षकले मूल विषयवस्तुलाई समेटेको छ कि छैन ? पाठको मूल भाव के हो ? पाठले कस्तो सन्देश दिएको छ ? कथामा कति पात्र छन्, तिनको स्वभाव कस्तो छ, संवाद कस्तो छ र परिवेश कहाँको छ ? पाठको कथानक के हो ? पाठको भाषा शैली कस्तो छ, बालक नरेशको मन कसरी परिवर्तन भयो ? आमा पार्वतीले कसरी असल गृहिणीको भूमिका निर्वाह गरिन् ?

२. पाठ्यांशको कुनै सन्दर्भ उद्धृत गरी समीक्षात्मक उत्तरका लागि मुख्य कुरा मनन गर्न लगाउनुहोस् । विद्यार्थीले बोध गरेका कुरालाई बुँदा टिपोट गर्न लगाई उत्तर लेख्न लगाउनुहोस् । लेखिएका उत्तर सुनेर पृष्ठपोषण दिनुहोस् र आवश्यक थप कुरा भनिदिएर पूर्ण उत्तर तयारीका लागि समय दिनुहोस् ।

३. पाठ्य कथाभ्यासमा रहेको समीक्षात्मक उत्तरका लागि प्रश्न टिपोट गरी आवश्यक उत्तरका बुँदाहरू टिपोट गराउनुहोस् र बुँदा टिपोट गराई उत्तर छलफल गराउनुहोस् ।

४. समीक्षात्मक प्रतिक्रियाका लागि कथाकारको नाम तथा विधागत विशेषताको एक वा दुई वाक्यमा उठान गर्न लगाउनुहोस् । सम्बन्धित प्रश्नले के आशयको खोजी गरेको छ त्यो प्रस्तुत गर्न र विभिन्न तर्क र उदाहरण प्रस्तुत गर्दै विषयको राम्रा नराम्रा पक्षको विश्लेषण गर्नुपर्ने कुरामा जोड दिन लगाउनुहोस् ।

५ विद्यार्थीलाई समीक्षाात्मक उत्तर लेखन गर्दा ध्यान दिनुपर्ने कुराका लागि शिक्षक निर्मित चार्ट वा स्लाइड प्रस्तुत गरी सहजीकरण गरिदिनुहोस् ।

६ विद्यार्थीलाई मुख्य मुख्य बुँदाका आधारमा आवश्यक उत्तर भन्न लगाउनुहोस् र पृष्ठपोषणपश्चात् लेख्न लगाउनुहोस् । आवश्यकताअनुसार सहजीकरण गरिदिनुहोस् ।

७. विद्यार्थीलाई समूहगत रूपमा प्रश्नले मागेको उत्तर पहिचान गर्न लगाउनुहोस् । समूह नेतालाई उत्तर भन्न लगाउनहोस् । आफूले स्लाइड वा चार्ट प्रस्तुत गरी आवश्यक कुरा स्पष्ट पारिदिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. विद्यार्थीलाई नरेशको मन परिवर्तन हुनाको कारण के हो, भनी सोधेर उत्तर दिन लगाउनुहोस् ।

२. 'भविष्य निर्माण' कथाले चर्चा गरेजस्तै हाम्रो समाजमा अभिभावकबाट के कस्तो भूमिका निर्वाह गरिएको हुन्छ ? पालैपालो तार्किक बुँदा दिन लगाउनुहोस् ।

## आठौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| भाषिक प्रकार्य | सान्त्वना र प्रोत्साहनमा आधारित भाषिक प्रकार्य गर्न | • अडियो<br>• नमुना प्रश्नोत्तर चार्ट<br>• धातुपत्ती<br>• शब्दपत्ती |
| श्रुतिबोध | श्रुतिबोध (सुनाइ पाठ १६) का आधारमा प्रश्नोत्तर गर्न | |

| | | |
|---|---|---|
| कर्तृवाच्यको पहिचान र प्रयोग | कर्तृवाच्यको पहिचान र प्रयोग गर्न | ● वाक्यपत्ती |
| कर्मवाच्यको पहिचान र प्रयोग | कर्मवाच्यको पहिचान र प्रयोग गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### सुरुआती क्रियाकलाप

१. कुनै एक विषयमा सोधपुछ गर्दा के कस्ता भाषिक व्यवहार गरिन्छ भन्नेबारेमा छलफल गर्न उत्साह जगाउनुहोस् ।

२ श्रुतिबोध तथा वाच्यका बारेमा आज छलफल हुन लागेको जानकारी गराउनुहोस् ।

### भाषिक प्रकार्य

१. कुनै सान्दर्भिक विषयको उठान गरी सोधपुछमा आधारित विषयको छलफल गराउनुहोस् र आवश्यक सहजीकरण पनि गर्नुहोस् ।

२. विद्यार्थीलाई के तपाइँ कतै जानुभयो र केही बुझ्नुभएन भने वा कुनै जिज्ञासा उठेमा त्यसको निराकरण गर्नका लागि केही सोधपुछ गर्नुहुन्छ भनी जिज्ञासा उत्पन्न गराउनुहोस् ।

३ प्रश्न गराइ वा सोधाइ वा केरकार नै सोधपुछ भएकाले घर परिवार वा समाज, कक्षा वा कार्यालयमा केही सोधपुछ गर्नुपरेमा कसरी गर्नुहुन्छ भनी विभिन्नि परिस्थिति सिर्जना गरिदिनुहोस् र छलफल गराउनुहोस् ।

४ विद्यार्थीबाट सोधपुछसम्बन्धी संवाद गराई आएका उत्तरलाई भाषिक प्रकार्यका दृष्टिले ठिक भए नभएको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

५ भाषाको व्यावहारिक प्रयोग गर्दा भाषा शैली, सन्दर्भ, परिवेश आदिका बारेमा प्रश्नको सन्दर्भ बुझेर धारणा निर्माण गरी सोधपुछ गर्न के कस्ता शब्दको प्रयोग आवश्यक छ आदिका लागि सबलीकरण गरिदिनुहोस् ।

६. बोध तथा अभिव्यक्ति खण्डको प्रश्न १६ को सन्दर्भलाई वाचन गर्न लगाई कुनै एक विषयको सोधपुछ कसरी गर्ने भन्ने भाषिक शिल्पको प्रयोगले सुन्दर शैलीमा प्रस्तुत गर्न सकिन्छ भन्ने दृष्टान्त पेस गरी थप विषयमा छलफल गराउनुहोस् र प्रस्ट पारिदिनुहोस् ।

७. भाषिक प्रकार्यअन्तर्गत कुनै विषयमा सोधपुछ गर्दा कसरी गर्न सकिन्छ भन्नेबारे अन्तरक्रिया गरी विद्यार्थीलाई पनि अभिनयका साथ अभ्यस्त बनाउनुहोस् ।

**सोधपुछसम्बन्धी भाषिक प्रकार्यको नमुना**

कपिलले दाइसँग सोधपुछ गरेको विषय यहाँ प्रस्तुत गरिएको छ :

कपिल : म अस्पताल त आइपुगेँ तर टिकट कता पाइने हो कुन्नि ! (मनमनै सोच्दै) यतै आउँदै हुनुहुन्छ एक जना दाइ, तिनलाई नै सोध्छु ।

कपिल : दाइ, नमस्कार ! म घाँटीमा केही पीडा भएर जँचाउन आएको तर टिकट काट्ने कता, जाँच्ने कहाँ हो, अलमलमा पो परेँ भन्या । कृपया सहयोग गरिदिनुहुन्छ कि ? हजुरलाई केही थाहा भए सहयोग पाऊँ न दाइ ।

दाइ : ए, भाइ उः त्यहाँ टिकेट दिने कक्ष छ । त्यहाँ टिकेट लिएपछि यति नम्बर कोठामा जानुहोला भनेर टिकेट बेच्नेले भनिदिन्छन् । अनि त्यहाँ गएर जँचाउनुहोला है ।

कपिल : दाइ, टिकेट कति बजेबाट वितरण हुन्छ त, त्यहाँ त कोही पनि देखिँदैनन् त ?

दाइ : भाइ, यो अस्पतालको मूल ढोकैनेर नागरिक बडापत्र पनि राखिएको छ । त्यहाँ कति बजे बहिरङ्ग विभाग खुल्छ, कति बजेदेखि बिरामी जाँचिन्छ, टिकेट कति बजे खुल्छ, यसको मूल्य कति हो, कुन रोगका लागि कुन विभागमा जाने सबै लेखिएको छ त ।

कपिल : हजुरलाई हतार थियो होला, मैले समय लिइदिएँ, माफ पाऊँ है दाइ । मैले त्यो बडापत्र नदेखेर हजुरलाई सोधेको हुँ ।

दाइ : केही छैन भाइ, अब आधा घण्टा बस्नुहोस् । टिकेट काउन्टर खुलिहाल्छ ।

कपिल : दाइ, यता यसो चिया खाजा खाने ठाउँ छैन र ?

दाइ : किन नहुनु भाइ, यत्रो अस्पतालमा खाजा खाने ठाउँ भइहाल्छ नि । ल, चमेनागृह दायाँपट्टिबाट त्यहाँ पछाडि जानुहोला ।

कपिल : हजुर पनि चिया पिउन जाऊँ न दाइ ।

दाइ : धन्यवाद भाइ । मैले चिया पिइसकेँ । मलाई अलि हतार पनि छ, म गएँ है त ।

कपिल : हवस् त दाइ । नमस्कार । (दाइ आफ्नो बाटो लाग्छन् । कपिल चाहिँ चमेनागृहतिर जान्छ ।)

## श्रुतिबोध

१. विद्यार्थीले हेर्ने गरेका टिभी, रेडियो आदिका बारेमा जिज्ञासापरक प्रश्नहरू सोधी उनीहरूले सुनेका कुराको जानकारी दिन उत्प्रेरित गर्नुहोस् ।

२ आफूले पनि रेकर्ड गरेको सामग्री वा लिखित सामग्री सुनाउन लागेका विषयमा कौतूहलता जगाउनुहोस् । आजको छलफलको विषयको जानकारी दिनुहोस् ।

३ सुनाइ पाठ १६ वा अन्य स्तरअनुकूल विषयको सामग्री गति, यति र हाउभाउसहित शिक्षकले वाचन गर्नुहोस् वा अडियो वा भिडियो रेकर्ड सुनाउनुहोस् । सुनाइ र बोलाइ खण्डमा दिइएका प्रश्नहरू ध्यानपूर्वक पढ्न, विषयवस्तु सुन्न तथा सुनाइ निर्दिष्ट प्रश्नको संरचनाअनुसार उत्तर मनन गर्न लगाउनुहोस् ।

४. सुनाइ पाठ श्रवण गराएपछि प्रश्नहरूको उत्तर लेख्न लगाउनुहोस् र पुनः सुनाएर त्यसका आधारमा प्रश्नोत्तर, शब्दबोध, अर्थबोध, बहुवैकल्पिक र सन्दर्भबोधक मौखिक प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् ।

५ ध्यानपूर्वक प्रश्नहरू पढ्न, विषयवस्तु सुन्न तथा प्रश्नको ढाँचाअनुसार उत्तर भन्न लगाउनुहोस् ।

६. शिक्षकले सबै विद्यार्थीलाई द्रुत र सामान्य गतिमा अनुच्छेद वा संवाद वाचन गरी वा रेकर्ड सुनाई श्रवण अभ्यास गराउनुहोस् र समूहगत, बेन्चगत तथा युगल रूपमा पालैपालो मौखिक प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् । आवश्यक छलफल गराई थप उत्प्रेरणा तथा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## कर्तृवाच्यको पहिचान र प्रयोग

१ विद्यार्थीलाई भाषिक संरचनाअन्तर्गत कर्ता परिवर्तन गर्दा क्रियामा हुने परिवर्तनका केही उदाहरण प्रस्तुत गरी कर्तृवाच्य वाक्यप्रतिको धारणा बनाउन लगाउनुहोस् ।

२. विद्यार्थीलाई कर्ताकै लिङ्ग, वचन, पुरुष र आदरअनुसारको क्रियापदको रूपलाई कर्तृवाच्य भनिन्छ । क्रियापद सकर्मक वा अकर्मक दुवै हुने कर्तृवाच्य वाक्यलाई विभिन्न उदाहरणबाट प्रस्ट पार्नुहोस् ।

३ शिक्षकले चार्ट वा स्लाइड प्रयोग गरी कर्तृवाच्य वाक्यका उदाहरण धातुमा प्रत्यय योग भएपछि क्रियापद कसरी बन्छ भनी स्पष्ट पार्नुहोस् । कुनै कार्य वा घटना वा अवस्था बुझाउने क्रियाको मूल रूप वा मूल आधार नै धातु हो भन्ने पहिचानका लागि छलफल गराउनुहोस् ।

४. पाठ्य कथाबाट क्रियापदको पहिचान गर्न लगाई कर्तृवाच्य हो वा होइन भनी छलफल गराउनुहोस् । पढ्छ, खायो, लेख्तैनन्, पढुन् आदि क्रियापद कर्तृवाच्य हुन् । कर्तृवाच्य वाक्यका उदाहरण : ऊ किताब पढ्छ । भाइले रोटी खाओस् । बहिनी धुरुधुरु रोई । सबैले कर्म गरुन् । मैले काम गरेँ ।

## कर्मवाच्यको पहिचान र प्रयोग

१. विद्यार्थीलाई कुनै एक कथांश वाचन गर्न लगाएर त्यहाँबाट क्रियापद पहिचान गर्न लगाई कर्मवाच्य वाक्य छ वा छैन, कर्तृवाच्य वाक्य छ वा छैन भनी प्रश्न सोध्नुहोस् र आवश्यक सहजीकरण गर्न उत्प्रेरित गर्नुहोस् ।

२ कर्म मुख्य भई कर्मकै आधारमा रहने लिङ्ग, वचन, पुरुष र आदरअनुसारको क्रियापदको रूपलाई कर्मवाच्य भनिन्छ । कर्मवाच्यको क्रियापद सकर्मक क्रियापद मात्र हुने भएकाले कर्मवाच्य हो वा होइन भनी पहिचान गर्न सकर्मक क्रिया हो वा होइन भनी पहिल्याएर कर्तामा 'बाट' वा 'द्वारा' लागेको र क्रियामा 'इ' प्रत्यय लागेको हुनुपर्छ भन्ने जानकारी विद्यार्थीलाई छलफलका माध्यमबाट प्रस्तुत गर्नुपर्छ । कर्मवाच्य वाक्यमा कर्म प्रधान हुन्छ वा कर्म नै उद्देश्य हुन्छ भन्ने जानकारी दिनुहोस् ।

**कर्मवाच्य वाक्यका उदाहरण**

(क) भाइबाट किताबहरू पढिए ।

(ख) तँद्वारा नाच देखाइन्छ ।

(ग) मद्वारा बहिनी कुटिएली ।

(घ) सीताबाट आमा ढोगिनुभयो ।

(ङ) ऊबाट कविता लेखिएला ।

माथिका वाक्यमा कर्मअनुसार क्रियापद आएका छन् । क्रियापदमा 'इ' प्रत्यय लागेको छ । कर्मअनुसार क्रियाको प्रयोग भएको छ ।

३ विद्यार्थीलाई कर्तृप्रधान वाक्य र कर्मप्रधान वाक्य पहिचान गराउन छलफल चलाउनुहोस् र आवश्यक सबलीकरण गर्नुहोस् ।

४. कर्तृवाच्यबाट कर्मवाच्यमा वा कर्मवाच्यबाट कर्तृवाच्यमा कसरी लैजान सकिन्छ थप अध्ययन गरेर आउन गृहकार्य दिनुहोस् ।

## (ग) मूल्याङ्कन

१. कुन कुन क्रियापद कर्तृवाच्य र कर्मवाच्य हुन्, पहिचान गर्न लगाउनुहोस् :

पढ्छ, गरेको थियो, सुतिन्छ, खाइएला, रोयो, खाइने छ, लेखिन्छन्, गरिँदै थियो

२. निम्न अनुच्छेद पढी कर्मवाच्य र कर्तृवाच्य वाक्य कुन हो पहिचान गर्न लगाउनुहोस् :

हिजो कथा पढियो । उसले चाहिँ बुझ्नेन रे । पढ्न अल्छी लागेर मोबाइल चलाइयो । तँ हिजो पनि भेटिइस् ।

उसले कुरा बुझ्नेन ।

## नवौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| वाच्य परिवर्तन | कर्तृवाच्य, कर्मवाच्य र भाववाच्यमा परिवर्तन गर्न | • वाच्य परिवर्तनको स्लाइड वा चार्ट<br>• कृदन्त शब्दपत्ती<br>• तद्धितान्त शब्दपत्ती |
| कृदन्त शब्द पहिचान र निर्माण प्रक्रिया | कृदन्त शब्द पहिचान र निर्माण प्रक्रिया देखाउन | |
| तद्धितान्त शब्द पहिचान र निर्माण प्रक्रिया | तद्धितान्त शब्द पहिचान र निर्माण प्रक्रिया देखाउन | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले कक्षाका विद्यार्थीलाई अगिल्लो कक्षामा गरेका वाच्यान्तरणसम्बन्धी क्रियाकलापको पुनः स्मरण गर्न लगाई यसबारेमा थप अध्ययन गर्न रुचि जगाउँदै विषयवस्तुका बारेमा जानकारी दिन लगाउनुहोस् ।

२ शिक्षकले वाच्यान्तरण तथा कृदन्त र तद्धितान्त शब्दको पहिचान तथा प्रयोगबारेमा जिज्ञासा जगाउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

### वाच्य परिवर्तन

१. वाच्य भनेको कर्ता, कर्म र भावलाई प्रमुख बनाएर क्रियापदको रूप परिवर्तन गर्नु हो भन्ने विषयको पूर्वपठनबारे छलफल गर्दै आजको पहिलो क्रियाकलाप प्रारम्भ गर्नुहोस् । वाच्यलाई फेर्नु वा वाच्यका आधारमा वाक्य परिवर्तन गर्नु नै वाच्यान्तरण भएकाले विद्यार्थीलाई कर्मवाच्यलाई कर्तृवाच्यमा र कर्तृवाच्यलाई कर्मवाच्य वा भाववाच्यमा परिवर्तन गर्नु नै वाच्यान्तरण हो भन्ने जानकारी दिनुहोस् ।

२. कर्तृ र कर्मका वाक्यलाई रूपान्तरण गर्ने विषयमा छलफल चलाउनुहोस् । कर्तृ र कर्म वाच्य बनाएर एक एक विद्यार्थीबिच संवाद प्रस्तुत गरी परिवर्तनका नियमबारे जानकारी दिन लगाउनहोस् ।

३ कर्तृवाच्य सकर्मक क्रियापद छ भने कर्मवाच्यमा लैजान लगाउनुहोस् र अकर्मक छ भने भाववाच्यमा परिवर्तन गर्न लगाउनुहोस् ।

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| तिमी काम गर्छौ । | तिमीबाट काम गरिन्छ । |
| देवकोटाले कविताहरू लेखे । | देवकोटाद्वारा कविताहरू लेखिए । |
| भाइले मलाई कुट्यो । | भाइबाट म कुटिएँ । |
| उसले कथा लेखोस् । | कथा लेखियोस् । |

**कर्तृवाच्यबाट कर्मवाच्यमा रूपान्तरण गर्ने तरिका**

(क) कर्तामा **बाट** वा **द्वारा** लगाउनुपर्छ ।

(ख) क्रियापदको धातुमा **इ** प्रत्यय जोड्नुपर्छ ।

(ग) कर्म जुन लिङ्ग, वचन, पुरुष र आदरमा छ, क्रियापद त्यहीअनुसार हुनुपर्छ ।

(घ) कर्मको **लाई** हटाउनुपर्छ ।

(ङ) इच्छार्थक क्रियापद भएमा **इ + योस्** वा **युन्** गर्नुपर्छ ।

**कर्मवाच्यबाट कर्तृवाच्यमा रूपान्तरण गर्ने तरिका**

(क) कर्तामा भएको **बाट** वा **द्वारा** हटाउनुपर्छ ।

(ख) क्रियापदको धातुमा भएको **इ** प्रत्यय हटाउनुपर्छ ।

(ग) कर्ता जुन लिङ्ग, वचन, पुरुष र आदरमा छ, क्रियापद त्यहीअनुसार हुनुपर्छ ।

(घ) कर्ममा आवश्यक भए **लाई** राख्नुपर्छ ।

यसरी विभिन्न उदाहरण प्रस्तुत गरी स्लाइड वा चार्टको प्रयोग गरी छलफल तथा वाच्यपरिवर्तनका अभ्यास गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## कृदन्त शब्द पहिचान र निर्माण प्रक्रिया

१. विद्यार्थीलाई प्रत्यय, कृदन्त र तद्धितान्त शब्दका बारेमा छलफल गराउनुहोस् ।

२. कृत् प्रत्यय र तद्धित् प्रत्यय लागेका कृदन्त र तद्धितान्त शब्दको चार्ट वा स्लाइड देखाई ती शब्दको निर्माण प्रक्रिया देखाउन लगाउनुहोस् । अनि धातुयुक्त शब्द कृदन्त हुन् । नाम, अव्यय र विशेषण शब्दमा लाग्ने प्रत्ययलाई तद्धित् प्रत्यय र त्यसरी बनेका शब्दलाई तद्धितान्त शब्द भनिन्छ भनी प्रस्ट पारिदिनुहोस् ।

३. आफ्नो अर्थ नभएको र आधार तत्त्वका पछाडि जोडिने भाषिक एकाइ नै प्रत्यय हो । प्रत्ययलाई परसर्ग पनि भनिन्छ । आधार तत्त्वका आधारमा कृत् प्रक्रिया र तद्धित् प्रक्रियाबाट शब्द निर्माण हुन्छ । सुन् धातुमा आइ प्रत्यय जोडेर सुनाइ, लेख् धातुमा ओट प्रत्यय जोडेर लेखोट, चल् धातुमा आनी प्रत्यय जोडेर चलानी शब्द बन्छन् यी सुन्, लेख्, चल् आदि सबै धातुमा आइ, ओट, आनी प्रत्यय लाग्दा बनेको सुनाइ, लेखोट, चलानी शब्द कृदन्त शब्द हुन् भन्दै गहन छलफल चलाउनुहोस् ।

४. यसरी विद्यार्थीलाई धातुमा लाग्ने प्रत्ययलाई कृत् प्रत्यय र कृत् प्रत्यय लागेर बनेको शब्द कृदन्त शब्द हुन् भनी छलफल गरेर प्रस्ट पारिदिनुहोस् ।

५. कृत प्रक्रियाबाट शब्द निर्माण वा व्युत्पादन हुँदा नाम, विशेषण वा क्रियाविशेषण शुन्छ । जस्तै सिक् +आइ = सिकाइ ( (नाम) सिक् +आरु = सिकारु (विशेषण) तथा सिक् + एर = सिकेर (क्रियाविशेषण) बन्छ । यस्ता उदाहरण प्रस्तुत गरी छलफल गराउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् । यसरी धातुमा प्रत्यय लगाई नाम, विशेषण आदि विभिन्न शब्द वर्गका शब्द निर्माण गर्न सकिन्छ । यी सबै कृदन्त शब्द हुन् ।

## तद्धितान्त शब्द र निर्माण प्रक्रिया

१ केही शब्द दिई कुन तद्धित् र कुन कृत् प्रत्यय हुन् भनी पहिचान गर्न लगाउनुहोस् र आधार शब्दमा प्रत्यय लाग्दा नाम, विशेषण, अव्यय बन्छ । नेपाली र संस्कृतका तद्धित प्रत्यय र तद्धितान्त शब्दका केही उदाहरण प्रस्तुत गर्नुहोस् र अन्य शब्द विद्यार्थीबाट सङ्कलन गरी निर्माण प्रक्रिया देखाउनुहोस् ।

| | |
|---|---|
| अग्लो + आइ = अग्लाइ | रस + इलो = रसिलो |

| | |
|---|---|
| दुध + आलु = दुधालु | पूर्व + एली = पुर्बेली |
| दिन + इक = दैनिक | नीति + इक = नैतिक |
| नवीन + ता = नवीनता | धीर + य = धैर्य |

२ आधार शब्दमा प्रत्यय जोडिँदा प्रत्यय व्युत्पन्न शब्द निर्माण हुन्छ । विद्यार्थीलाई प्रत्यय भनेको के हो, कृदन्त शब्द भनेको के हो, तद्धितान्त शब्द भनेको के हो आदि प्रश्न सोध्नुहोस् । यस्तै विद्यार्थीलाई कृत् र तद्धित् प्रत्ययमा पाइने फरक उदाहरणसहित दिन लगाई आवश्यकतानुसार सबलीकरण गरिदिनुहोस् ।

३. पाठ्य कथामा रहेका प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी निर्माण प्रकिया देखाउन लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### (ग) मूल्याङ्कन

१. कुनै चारओटा कृदन्त शब्द भन्नुहोस् र निर्माण प्रक्रिया देखाउन लगाउनुहोस् ।

२ विद्यार्थीलाई कथांशबाट कुनै चारओटा तद्धितान्त शब्द पहिचान गर्न र निर्माण प्रक्रिया भन्न लगाउनुहोस् ।

## दसौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| वाच्य परिवर्तन पुनरावृत्ति | वाच्यान्तरण गर्न | • वाक्यपत्ती<br>• वर्णपत्ती<br>• नमुना कथा<br>• बुँदाहरूको चार्ट |
| कथाको अनुकरणात्मक लेखन | कथाको अनुकरणात्मक लेखन गर्न | |
| र वर्णको पहिचान र प्रयोग | वर्णविन्यासको पहिचान र प्रयोग : र का विभिन्न रूपको प्रयोग गर्न | |
| सिर्जना र परियोजना कार्य | निर्दिष्ट विषयवस्तुको खोज तथा मौलिक प्रस्तुति गर्न | |

## २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. शिक्षकले कक्षाका विद्यार्थीलाई रोचक घटना सुनाउँदै आजको विषयवस्तुको अनुमान गर्न लगाउनुहोस् ।

२. कथाको अनुकरणात्मक लेखन, वाच्यपरिवर्तन, वर्णविन्यासको पहिचान र प्रयोग : र का विभिन्न रूपको प्रयोग र प्रस्तुति तथा सिर्जना परियोजनाअन्तर्गत कथा रचनातर्फ उत्प्रेरित गर्दै आजको कक्षामा गरिने क्रियाकलापबारे छलफल गर्दै कक्षाको ध्यानाकर्षण गराई विषय प्रवेश गराउनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

#### वाच्य परिवर्तन पुनरावृत्ति

१ वाच्यका बारेमा छलफल गरेर वाच्य भनेको कर्ता, कर्म र भावलाई प्रमुख बनाएर क्रियापदको रूप परिवर्तन गर्नु हो भन्दै अगिल्लो कक्षामा दिइएको कार्यको पुनरावृत्ति गर्दै आजको पहिलो क्रियाकलाप प्रारम्भ गर्नुहोस् ।

२ वाच्यान्तरणबारे अभ्यास गराई विशेषत: कर्तृवाच्यबाट कर्मवाच्य र कर्मवाच्यबाट कर्तृवाच्यमा परिवर्तन गर्न कसरी सकिन्छ भन्ने विषयमा छलफल गराउनुहोस् र परिवर्तनको अभ्यास गराउनुहोस् ।

३. कर्तृवाच्य सकर्मक क्रियापद छ भने कर्मवाच्यमा र अकर्मक छ भने भाववाच्यमा परिवर्तन गरिन्छ ।

| कर्तृवाच्य | कर्मवाच्य |
|---|---|
| तिमी भात खान्छौ । | तिमीबाट भात खाइन्छ । |
| तिमी खाना खाऊ । | तिमीबाट खाना खाइयोस् । |
| भाइले मलाई कुट्यो । | भाइबाट म कुटिएँ । |
| ऊ कथाहरू लेखोस् । | उसद्वारा कथाहरू लेखियुन् । |

४ कर्तृवाच्यबाट कर्मवाच्यमा रूपान्तरण गर्दा कर्तामा **बाट** वा **द्वारा** लगाउने, क्रियापदको धातुमा **इ** प्रत्यय जोड्ने, कर्म जुन लिङ्ग, वचन, पुरुष र आदरमा छ, क्रियापद त्यहीअनुसार राख्ने, कर्मलाई हटाउने तथा इच्छार्थक क्रियापद भएमा **इ + योस्** वा **युन्** गर्नुपर्छ भन्ने कुरा पुनः स्मरण गराई सोहीमुताविक वाच्यान्तरण अभ्यास गराउनुहोस् ।

५ कर्मवाच्यबाट कर्तृवाच्यमा परिवर्तन गर्दा कर्तामा भएको **बाट** वा **द्वारा** हटाउने, क्रियापदको धातुमा भएको **इ** प्रत्यय हटाउने, कर्ता जुन लिङ्ग, वचन, पुरुष र आदरमा छ, क्रियापद त्यहीअनुसार राख्ने, कर्ममा आवश्यक भए **लाई** राख्ने गर्नुपर्छ ।

६ यसरी विभिन्न उदाहरण प्रस्तुत गरी वा स्लाइड वा चार्टको प्रयोग गरी छलफल तथा वाच्य परिवर्तनका अभ्यासको पुनरावृत्ति गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

## कथाको अनुकरणात्मक लेखन

१. विद्यार्थीले सुनेको कथा प्रस्तुत गर्ने अवसर दिई पाठ्यकथा अनुकरण गर्न उत्प्रेरित गर्नुहोस् ।

२ पाठ्य कथाको अनुकरण गरी कथा लेखनतिर आकृष्ट गराउनुहोस् । आफ्नो छनोटअनुसारको कुनै घटनासँग सम्बन्धित भई मनोवैज्ञानिक विषय समेटेर कथा लेखनका लागि प्रोत्साहन दिनुहोस् ।

३ कथा रचना गर्दा अनुच्छेदको सम्बद्धतामा ध्यान दिन सके नसकेको पहिचान गर्नुहोस् र कथा लेखन गर्न सक्ने अवस्था बताइदिनुहोस् ।

४. कथा जस्ताको तस्तै सार्न लगाउनुहोस् । पाठ्य कथाभित्रका पात्रलाई बदलेर कथा अनुकरण गर्न लगाउनुहोस् ।

५. विद्यार्थीलाई कथा रचना अनुकरण अभ्यास गराउनुहोस् र समूहगत प्रतिस्पर्धा गराई थप उत्प्रेरणा प्रदान गर्नुहोस् ।

## वर्णविन्यासको पहिचान र प्रयोग

१. **‘र’** का विभिन्न रूप प्रस्तुत गरी छलफल गराउनुहोस् ।

**‘र’ का रूप**

| | | |
|---|---|---|
| (क) | **र** | : रस, रहर, कर, रमाइलो आदि । |
| (ख) | ्र | : व्रत, क्रस, त्रास, व्रत, वज्र, प्रेम आदि । |
| (ग) | र्‍ | : कर्म, सर्जक, हर्कत, तर्क, सर्वत, तिर्खा आदि । |
| (घ) | ्र | : राष्ट्र, उष्ट्र, राष्ट्रिय, ड्रम, ट्रम्प आदि । |
| (ङ) | र्‍ | : पर्‍यो, गर्‍या, र्‍याप, झर्‍यो, आदि । |

२. यसरी ‘र’ का विभिन्न रूप हुन्छन् भन्दै ‘र’ को सही प्रयोग प्रयोगबारे छलफल गर्नुहोस् र आवश्यक सबलीकरण गर्नुहोस् ।

३. पाठ्य कथाबाट ‘र’ प्रयोग भएका शब्द टिपोट गर्न लगाउनुहोस् र कस्तो अवस्थामा यिनको प्रयोग भएको देखिएको छ भन्ने छलफल गरी जानकारी लिनुहोस् र मनन गर्नुहोस् ।

४. ‘र’ का विविध रूप प्रयोग गरिएका कथांश हेरी कुन कुन शब्दमा ‘र’ को प्रयोग छ, टिपोट गरी भाषिक संरचना र वर्णविन्यास खण्डको अभ्यास ८ र ९ गर्न दिनुहोस् र आवश्यक छलफल गरी पृष्ठपोषण दिनुहोस् । पाठ्य कथाबाट ‘र’ को प्रयोगाभ्यास गराई शब्दकोशको प्रयोग गराउनुहोस् ।

### सिर्जना र परियोजना कार्य

१. मौलिक कथा लेखनको आरम्भ, मध्य र अन्त्यका लागि भनिने विषयका बारे छलफलका लागि उत्प्रेरणा जगाउनुहोस् ।

२. समूहगत रूपमा धारणा निर्माण गर्न लगाउनुहोस् वा कुनै एक वाक्य एउटा विद्यार्थीलाई अर्को वाक्य अर्कोलाई गर्दै कथा भन्न लगाउनुहोस् ।

३ आफ्नो धारणा निर्माण गरेअनुसार कथा भन्न लगाउनुहोस् र समूहबाट तयार भएका कथालाई समूह नेतालाई वाचन गर्न लगाउनुहोस् । आवश्यकताअनुसार कथा रचनामा सहजीकरण गर्नुहोस् ।

४. सिर्जनात्मक कार्य र परियोजना कार्यका बारेमा कक्षामा थप छलफल चलाउनुहोस् । छलफलको निष्कर्ष कुनै समूहको प्रतिनिधिलाई भन्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गर्नुहोस् ।

५. मनोवैज्ञानिक विषयवस्तुमा लेखिएको कुनै एक कथा खोजी त्यसको विषयवस्तु र सन्देश टिपोट गरेर ल्याउन दिनुहोस् अथवा आफैँले देखेसुनेका वा भोगेका वा छरछिमेकमा गई कुनै बाल मनोवैज्ञानिक कथा सुनेर वा ती विषयलाई कथात्मक प्रयोग गरी एउटा कथा लेखेर आउन वा कथा सङ्कलन गरेर ल्याउन लगाउनुहोस् ।

### (ग) मूल्याङ्कन

१. फरक फरक स्थानमा **र** वर्ण प्रयोग भएका कुनै चार शब्द भन्न लगाउनुहोस् ।

२. विद्यार्थीले सुनेका कुनै एक कथाको बुँदा भन्न लगाउनुहोस् ।

## एघारौँ दिन

### १. सिकाइ क्षेत्र

| पाठ्यवस्तु | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री |
|---|---|---|
| सिर्जना र परियोजना कार्य : कथा लेखन | निर्दिष्ट विषयवस्तुमा छलफल (पुनरावृत्ति) गरी मौलिक प्रस्तुति दिन | बुँदाहरूको चार्ट<br>कथाको नमुना चार्ट |
| निर्दिष्ट बुँदामा आधारित कथा लेखन | निर्दिष्ट बुँदामा आधारित कथा लेखन गर्न | |
| सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र लेखन | सामाजिक वा सांस्कृतिक विषयवस्तुमा आधारित स्वतन्त्र लेखन गर्न | |

### २. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) सुरुआती क्रियाकलाप

१. कक्षामा दिइएको गृहकार्यअन्तर्गत मनोवैज्ञानिक विषयमा आधारित कथा सङ्कलन गरी ल्याएका कथा सुनी छलफल गरेर विद्यार्थीलाई कथा भन्न उत्साहित पार्नुहोस् ।

२ शिक्षकले स्लाइड वा चार्ट प्रदर्शन गरी आजको विषयवस्तुबारे अनुमान गर्न लगाउनुहोस् । आजको पाठ्यवस्तुबारे जानकारी दिनुहोस् ।

### (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप

## सिर्जना र परियोजना कार्य

१. पूर्वकक्षामा दिइएको सिर्जना र परियोजना कार्यको विद्यार्थीलाई पालैपालो भन्न लगाई आवश्यक पृष्ठपोषण दिनुहोस् । कथाको आरम्भ, मध्य र अन्त्यका लागि आवश्यकीय विषयबारे छलफल गरी शिक्षकले स्पष्ट पारिदिनुहोस् ।

२ विद्यार्थीले आफ्नो धारणा निर्माण गरेअनुसार चित्रका आधारमा वा कल्पनाका आधारमा कथा भन्न लगाई समूहबाट तयार भएका कथालाई समूह नेताबाट वाचन गर्न लगाउनुहोस् । आवश्यकतानुसार कथा रचनामा सबलीकरण गर्नुहोस् ।

३. परियोजना कार्यको मनोवैज्ञानिक विषयका बारेमा कक्षामा थप छलफल चलाउनुहोस् ।

४ कथा रचना गर्दा कुनै झिनो कथानकलाई लिएर पनि कथा रचना गर्न सकिन्छ भन्ने विषयमा छलफल गराई कुनै समूहका प्रतिनिधिलाई कथा भन्न लगाउनुहोस् र शिक्षकले सहजीकरण गर्नुहोस् ।

## निर्दिष्ट बुँदामा आधारित कथा लेखन

१. विद्यार्थीको लिङ्ग, भाषा, जातजाति, क्षेत्रमा विविधता हुने गरी विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् ।

२. कथा लेखन गर्दा ध्यान दिनुपर्ने कुराहरूबारेमा विद्यार्थीलाई छलफल गराउनुहोस् । छलफलपश्चात् प्राप्त निचोड जस्तै कथाको शीर्षक, आदि भाग, मध्य भाग, अन्त्य भाग, कथामा संवाद, भाषा शैली, कथा घट्ने समयको परिवेश आदिबारेमा समूह नेतालाई भन्ने अवसर प्रदान गर्नुहोस् ।

३. कथा लेख्ता निर्दिष्ट बुँदालाई विस्तार कसरी गर्ने तथा कथा रचना गर्ने तरिका आदि बारेमा छलफल गराई शिक्षकले आवश्यक परेमा थप सबलीकरण गरिदिनुहोस् ।

४. विद्यार्थीको तीनओटा समूह बनाई पहिलो समूहलाई कथाको आदि भाग, दोस्रो समूहलाई मध्य भाग र तेस्रो समूहलाई निष्कर्ष भाग दिई सिर्जना र परियोजना कार्यको अभ्यास १ का निर्दिष्ट बुँदामा आधारित भई कथा रचना गर्न लगाउनुहोस् । यसका लागि आवश्यक समय दिनुहोस् ।

५. कथाको रचना गरिसकेपछि प्रत्येक समूहको कुनै एकलाई कथा वाचन गर्ने अवसर प्रदान गर्नुहोस् र शिक्षकले आफूले ल्याएको नमुना कथा प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई आवश्यक छलफल गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र लेखन

१. मौलिक कथा रचनाका लागि के के कुरामा ध्यान दिनुपर्ला भन्ने प्रश्न राखी मनोवैज्ञानिक विषयवस्तुमा आधारित कथा लेखन कसरी गर्न सकिन्छ भन्ने विषयमा उत्प्रेरणा प्रदान गर्नुहोस् ।

२. विद्यार्थीबाट उनीहरूले देखेभोगेका बाल मनोविज्ञानसँग सम्बन्धित विषयवस्तुका घटनाबारेमा अनुकरण गरी कथा भन्न रुचि जगाई अवधारणा बनाउन लगाउनुहोस् ।

३ पाठ्य कथाको विषयानुसार मनोवैज्ञानिक विषयवस्तुका कुनै घटनामा आधारित भएर वा अनुमान वा कल्पना गर्न लगाएर त्यस्ता विषयको मस्तिष्क मन्थन गर्न लगाउनुहोस् ।

४. मनोविज्ञानको विषयवस्तु र सन्देशलाई कथात्मक प्रयोगका लागि छलफल चलाउनुहोस् र मौलिक कथा लेखन गर्न सक्ने अवस्था सिर्जनाका लागि सबलीकरण गरिदिनुहोस् ।

५. समाजमा घट्ने समस्याको पहिचान वा अनुमान गर्न लगाई त्यसले मानिसको मनमा पार्न सक्ने प्रभावको अनुमान, पात्र चयन, संवादात्मक अभिव्यक्ति कौशल सिप, कथालेखनको उद्देश्य, कथा घटनाको वातावरण, कुन समयलाई सङ्केत गर्ने हो, कथाको शीर्षक के राख्ने हो आदि प्रश्न गर्दै तिनको उत्तरको खोजी गरेर मौलिक कथा रचना गर्न उत्प्रेरित गर्नुहोस् ।

६. विद्यार्थीलाई कथा लेखनसिपको अन्तरक्रिया गराई कथा लेखनाभ्यास गराउनुहोस् र पालैपालो कथा वाचन गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् । समूहगत प्रतिस्पर्धा गराई थप उत्प्रेरणा प्रदान गर्नुहोस् ।

७ पालैपालो भिन्न भिन्न चित्र दिई समाजमा घट्न सक्ने घटनाले मनोविज्ञानमा पर्ने प्रभावको परिकल्पना गरी वा एकपछि अर्को चित्र वर्णन गर्न लगाई कथा रचना गर्न लगाउनुहोस् ।

८ सान्दर्भिक फरक फरक चित्रको संयोजन गर्न र चित्र चित्रबिच सम्बद्धता गराई पालैपालो कथात्मक वर्णन गर्न लगाउनुहोस् र आवश्यकतानुसार सहजीकरण गर्नुहोस् ।

९. मनोवैज्ञानिक कथा रचना गर्ने विद्यार्थीलाई मौखिक उत्प्रेरणा वा स्याबासी कार्ड प्रदान गर्नुहोस् ।

### (ग) मूल्याङ्कन

आफूले सुनेको कुनै एक कथा बुँदागत रूपमा भन्न लगाउनुहोस् ।